
# महालेखापरीक्षकको पचपन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

# स्थानीय तह लेखापरीक्षण प्रतिवेदन, २०७४

## प्रदेश नं.२




**महालेखा परीक्षकको कार्यालय**
**बबरमहल, काठमाडौं**
**नेपाल**

# प्राक्कथन

नेपालको संविधान, २०७२ को धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । साविकमा स्थानीय निकायको लेखापरीक्षण स्थानीय निकायबाटै नियुक्त दर्तावाल लेखापरीक्षकबाट हुँदै आएको थियो । स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएपश्चात उक्त तहको आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट सम्पन्न गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षणको मुख्य आधार नेपालको संविधान, लेखापरीक्षण ऐन, लेखापरीक्षण नीति, मानदण्ड, लेखापरीक्षण निर्देशिका तथा लेखापरीक्षण मार्ग निर्देशन आदि रहेका छन् । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको प्रभावकारीता मूल्याङ्कन गर्नु रहेको छ । लेखापरीक्षणबाट मुख्यतः स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको मूल उद्देश्य हो ।

स्थानीय निकाय लामो समयसम्म जनप्रतिनिधि बिहिन रहेकोमा हाल जनप्रतिनिधिहरुबाट स्थानीय तह सञ्चालन भएपश्चात स्थानीय तहबाटै सबै अधिकार उपयोग गर्न पाउने अवसर सिर्जना भएको छ । स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकास निर्माणको क्षेत्रमा रहेका असिमित आवश्यकताहरु सीमित स्रोत र साधनको मितव्ययी एवं कुशलतापूर्वक उपयोग गरी पुरा गर्नुपर्ने चुनौति रहेको छ । लेखापरीक्षणबाट जिम्मेवारी, जवाफदेहिता र पारदर्शीता कायम गर्न सहयोग गर्ने छ भन्ने विश्वास लिइएको छ ।

आर्थिक कारोबारको स्वतन्त्र लेखापरीक्षणले स्रोत प्राप्ती र उपयोगको सम्बन्धमा भएका कमी कमजोरी आफ्नो प्रतिवेदन मार्फत उजागर गर्दछ । उक्त प्रतिवेदन सबै सरोकारवालाहरु समक्ष सहज पहुँचलाई ध्यानमा राखी यो प्रकाशन गरिएको छ । महालेखा परीक्षकबाट स्थानीय तहको लेखापरीक्षण पहिलो पटक शुरु गरिंदा स्रोत साधनको सीमितता, सूचना एवं तथ्याङ्कको न्यून उपलब्धता, समयको सीमितता आदिको बावजुद २०७४ आषाढ मसान्तमा कायम १२७ मध्ये १२१ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ । हाम्रो अथक प्रयास हुँदाहुँदै पनि ६ स्थानीय तहबाट लेखापरीक्षण नगराउनु वा लेखापरीक्षण गराउन तत्परता नदेखाउनाले वित्तीय अनुशासन कमजोर भएको देखिएको छ । आगामी दिनमा ती स्थानीय तह समेत लेखापरीक्षणको दायरामा आउने विश्वास लिइएको छ ।

स्थानीय तहको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका पदाधिकारीहरुसँग पटक पटक छलफल गरिएको, स्थानीय तह लेखापरीक्षण निर्देशिका स्वीकृत गरी लागू गरिएको, थप जनशक्तिको रुपमा चाटर्डएकाउण्टेण्ट र दर्तावाल लेखापरीक्षक नियुक्त गरिएको, कर्मचारीहरुलाई प्रशिक्षण समेत दिइएको थियो । सीमित समय र जनशक्तिबाट सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न जोखिममा आधारित लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको थियो । प्रारम्भिक प्रतिवेदन सबै स्थानीय तहलाई उपलब्ध गराइएकोमा सो उपर ३५ दिनभित्र जवाफ, प्रतिक्रिया प्राप्त भएकोमा सो आधारमा मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी हरेक स्थानीय तहलाई राय सहितको प्रतिवेदन समेत उपलब्ध गराइएको छ ।

स्थानीय तहको लेखापरीक्षण सम्पन्न गर्न सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु पनि धन्यवादका पात्र रहेका छन् । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गरिएको छ ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

# स्थानीय तहको लेखापरीक्षण

# प्रदेश नं.२

१. **स्थानीय तह** - यस प्रदेशमा महानगरपालिका १, उप-महानगरपालिका ३, नगरपालिका ५१, गाउँपालिका ७२ रहेका छन् । उक्त स्थानीय तहमध्ये नगरपालिका १ गाउँपालिका ५ बाहेक सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

२. **लेखापरीक्षण** - प्राप्त आर्थिक विवरण अनुसार यस प्रदेशमा रहेका १२७ मध्ये १२१ स्थानीय तहको रु.२६ अर्ब ५८ करोड ६२ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

३. **बेरुजू** - प्रदेश स्थित १२१ स्थानीय तहको लेखापरीक्षणबाट रु.३ अर्ब ५६ करोड ६५ लाख ८ हजार बेरुजू देखिएकोमध्ये ३५ दिनभित्र प्राप्त जवाफ तथा प्रमाणको आधारमा रु.३ करोड ७६ लाख ९१ हजार फछ्र्यौट भई रु.३ अर्ब ५२ करोड ८८ लाख १७ हजार बाँकी रहेको छ। उक्त बाँकी बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रु.१५ करोड ६६ लाख ७७ हजार, अनियमित/प्रमाण पेश गर्नुपर्ने रु.१ अर्ब ६१ करोड १६ लाख ४९ हजार र पेश्की रु.१ अर्ब ७६ करोड ४ लाख ९१ हजार रहेको छ । उक्त बेरुजू लेखापरीक्षण अङ्कको १३.२७ प्रतिशत रहेको छ । विस्तृत विवरण अनुसूची-२ मा छ ।

४. **जिम्मेवारी र जवाफदेहिता** - वित्तीय विवरण उपरको जिम्मेवारी र जवाफदेहिता सम्बन्धित स्थानीय तहको हो भने सो वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्ने जिम्मेवारी लेखापरीक्षकको हो ।

५. **लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु** - लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरुमा जिम्मेवारी नसारेको, सम्पत्ति हस्तान्तरण नगरेको, अभिलेख नराखेको, पेश्की फछ्र्यौट नगरेको, बढी भुक्तानी गरेको, बिल भरपाई संलग्न नगरेको, परिषद्को स्वीकृत बेगर योजना सञ्चालन गरेको, अग्रिम कर कट्टा नगरेको, प्रतिवेदन पेश नगरेको, उपभोक्ता समितिबाट कार्य गराउँदा नियमको पालना नगरेको, अनुगमन मूल्याङ्कन कमजोर रहेको, सेवा प्रवाह प्रभावकारी नरहेको, योजना अधुरो रहेको, प्राथमिकता निर्धारण नगरेको, लक्षित समूह कार्यक्रम सञ्चालन नगरेको, फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरेको आदि रहेका छन् ।

६. **बेरुजू फछ्र्यौट विधि** - लेखापरीक्षण प्रतिवेदन प्राप्त हुनासाथ स्थानीय तहका कार्यालयले बेरुजूको व्यहोराको लगत खडा गर्नुपर्दछ । यस्तो लगतमा परेका बेरुजूमध्ये असुल उपर गर्नुपर्ने रकम असुल गरी स्थानीय सञ्चित कोष वा बेरुजू खातामा दाखिला गर्नुपर्ने, नियमित गर्नुपर्ने बेरुजूहरु नियमित गर्ने अधिकार प्राप्त अधिकारी वा स्थानीय तहको परिषद्बाट नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने बेरुजू आवश्यक प्रमाण राखी फछ्र्यौट गर्नुपर्ने र पेश्की बाँकी बेरुजूको फाँटवारी लिई बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी स्थानीय तहको कार्यपालिकाको हुनेछ । बेरुजूको लगत अद्यावधिक गरी बेरुजू फछ्र्यौट पश्चात कानूनबमोजिम सम्परीक्षण गराउनु पर्नेछ ।

७. **सुझाव** - स्रोत प्राप्ती तथा उपयोग सम्बन्धमा प्रचलित ऐन, कानूनको पालना गरी बेरुजू नै आउन नदिनु कार्यालयले पहिलो कर्तव्य हो । लेखापरीक्षणको समयमा कुनै कागजात प्रस्तुत गर्न नसकेको कारणबाट बेरुजू देखिएमा ३५ दिनभित्र जवाफ/प्रमाण पेश गरी बेरुजू फछ्र्यौट गराउनु पर्दछ । उक्त अवधिमा समेत फछ्र्यौट हुन नसकेको बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ अनुसार एक वर्षभित्र असुल उपर वा नियमित वा प्रमाण पेश गरी वा पेश्की फछ्र्यौट गरी बेरुजू राफसाफ गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नुपर्ने देखिन्छ ।

# विषय-सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **सप्तरी** | |
| १ | राजविराज नगरपालिका | १ |
| २ | बोदेबर्साइन नगरपालिका | ६ |
| ३ | डाक्नेश्वरी नगरपालिका | ८ |
| ४ | कञ्चनरुप नगरपालिका | १० |
| ५ | खडक नगरपालिका | १४ |
| ६ | शम्भुनाथ नगरपालिका | १६ |
| ७ | सुरुङ्गा नगरपालिका | २० |
| ८ | हनुमाननगर कङ्कालिनी नगरपालिका | २२ |
| ९ | सप्तकोशी नगरपालिका | २९ |
| १० | छिन्नमस्ता गाउँपालिका | ३२ |
| ११ | महादेवा गाउँपालिका | ३४ |
| १२ | रुपनी गाउँपालिका | ३६ |
| १३ | तिलाठी कोइलाडी गाउँपालिका | ३८ |
| १४ | तिरहुत गाउँपालिका | ४० |
| १५ | अग्निसाईर कृष्णसवरन गाउँपालिका | ४२ |
| १६ | बेल्ही चपेना गाउँपालिका | ४५ |
| १७ | विष्णुपुर गाउँपालिका | ४८ |
| | **सिरहा** | |
| १८ | लहान नगरपालिका | ५२ |
| १९ | धनगढीमाई नगरपालिका | ५६ |
| २० | सिरहा नगरपालिका | ५९ |
| २१ | गोलबजार नगरपालिका | ६४ |
| २२ | रामनगरमिर्चैया नगरपालिका | ६७ |
| २३ | कल्याणपुर नगरपालिका | ७१ |
| २४ | सुखिपुर नगरपालिका | ७३ |
| २५ | कर्जन्हा नगरपालिका | ७५ |
| २६ | भगवानपुर गाउँपालिका | ७७ |
| २७ | औरही गाँउपालिका | ७९ |
| २८ | विष्णुपुर गाउँपालिका | ८३ |
| २९ | वरियारपट्टी गाउँपालिका | ८७ |
| ३० | लक्ष्मीपुर पतारी गाउँपालिका | ९१ |
| ३१ | नरहा गाउँपालिका | ९५ |
| ३२ | सखुवानन्कारकट्टी गाँउपालिका | ९८ |
| ३३ | अर्नामा गाउँपालिका | १०० |
| ३४ | नवराजपुर गाउँपालिका | १०२ |

| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **धनुषा** | |
| ३५ | जनकपुर उपमहानगरपालिका | १०४ |
| ३६ | क्षिरेश्वरनाथ नगरपालिका | ११० |
| ३७ | धनुषाधाम नगरपालिका | ११२ |
| ३८ | मिथिला नगरपालिका | ११५ |
| ३९ | गणेशमान चारनाथ नगरपालिका | ११८ |
| ४० | सवैला नगरपालिका | १२१ |
| ४१ | नगराइन नगरपालिका | १२३ |
| ४२ | विदेह नगरपालिका | १२७ |
| ४३ | हंशपुर नगरपालिका | १३२ |
| ४४ | कमला नगरपालिका | १३७ |
| ४५ | मिथिला विहारी नगरपालिका | १४० |
| ४६ | शहीदनगर नगरपालिका | १४५ |
| ४७ | वटेश्वर गाँउपालिका | १५० |
| ४८ | मुखियापट्टी मुसहरनिया गाँउपालिका | १५२ |
| ४९ | औरही गाउँपालिका | १५७ |
| ५० | जनकनन्दिनी गाउँपालिका | १६१ |
| ५१ | लक्ष्मीनिया गाउपालिका | १६५ |
| | **महोत्तरी** | |
| ५२ | जलेश्वर नगरपालिका | १६८ |
| ५३ | बर्दिवास नगरपालिका | १७० |
| ५४ | एकडारा गाउँपालिका | १७३ |
| ५५ | मटिहानी गाउँपालिका | १७५ |
| ५६ | राम गोपालपुर गाउँपालिका | १७७ |
| ५७ | सोनामा गाउँ पालिका | १७९ |
| ५८ | बलवा गाऊँपालिका | १८० |
| ५९ | भंगहा गाउँपालिका | १८४ |
| ६० | औरही गाउँपालिका | १८७ |
| | **सर्लाही** | |
| ६१ | ईश्वरपुर नगरपालिका | १८९ |
| ६२ | मलंगवा नगरपालिका | १९१ |
| ६३ | हरिवन नगरपालिका | १९६ |
| ६४ | हरिपुर नगरपालिका | १९९ |
| ६५ | लालवन्दी नगरपालिका | २०३ |
| ६६ | हरिपूर्वा नगरपालिका | २०७ |
| ६७ | बरहथवा नगरपालिका | २१२ |

| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| ६८ | बलरा नगरपालिका | २१८ |
| ६९ | बाग्मती नगरपालिका | २२४ |
| ७० | गोडैता नगरपालिका | २२८ |
| ७१ | चन्द्रनगर गाउँपालिका | २३१ |
| ७२ | धनकौल गाउँपालिका | २३५ |
| ७३ | चक्रघट्टा गाउँपालिका | २३९ |
| ७४ | विष्णु गाउँपालिका | २४४ |
| ७५ | ब्रहम्पुरी गाउँपालिका | २४७ |
| ७६ | रामनगर गाउँपालिका | २५० |
| ७७ | कविलासी गाउँपालिका | २५३ |
| | **रौतहट** | |
| ७८ | गौर नगरपालिका | २५५ |
| ७९ | गरुडा नगरपालिका | २६० |
| ८० | चन्द्रपुर नगरपालिका | २६३ |
| ८१ | माधब नारायण नगरपालिका | २६६ |
| ८२ | कटहरिया गाउँपालिका | २६९ |
| ८३ | इंशनाथ गाउँपालिका | २७३ |
| ८४ | गुजरा गाउँपालिका | २७६ |
| ८५ | गढीमाई गाउँपालिका | २८० |
| ८६ | दुर्गा भगवति गाउँपालिका | २८४ |
| ८७ | देबाही गोनाही गाउँपालिका | २८७ |
| ८८ | परोहा गाउँपालिका | २९० |
| ८९ | फतुवा बिजयपुर गाउँपालिका | २९३ |
| ९० | बृन्दावन नगरपालिका | २९५ |
| ९१ | बौधीमाई गाउँपालिका,रौतहट | २९७ |
| ९२ | मौलापुर गाउँपालिका | ३०० |
| ९३ | राजापुर गाउँपालिका | ३०२ |
| | **बारा** | |
| ९४ | कलैया उपमहानगरपालिका | ३०४ |
| ९५ | जितपुर सिमरा उपमहानगरपालिका,वारा | ३०९ |
| ९६ | निजगढ नगरपालिका,वारा | ३१६ |
| ९७ | सिम्रौनगौढ नगरपालिका | ३१८ |
| ९८ | कोहल्वि नगरपालिका | ३२४ |
| ९९ | महागडीमाई नगरपालिका | ३२७ |
| १०० | आदर्श कोतवालगाउँपालिका,वारा | ३३१ |
| १०१ | करैयामाई गाउँपालिका | ३३३ |

| क.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| १०२ | देवताल गाउँपालिका | ३३६ |
| १०३ | पचरौता गाउँपालिका | ३३९ |
| १०४ | परवानीपुर गाउँपालिका | ३४५ |
| १०५ | प्रसौनी गाउँपालिका | ३४७ |
| १०६ | फेटा गाउँपालिका | ३४९ |
| १०७ | बारागडी गाउँपालिका | ३५१ |
| १०८ | सुवर्ण गाउँपालिका | ३५४ |


## पर्सा


| | | |
|---|---|---|
| १०९ | विरगंज महानगरपालिका | ३५७ |
| ११० | पर्सागढि नगरपालिका | ३६६ |
| १११ | पोखरिया नगरपालिका | ३६७ |
| ११२ | बहुदरमाई नगरपालिका | ३७१ |
| ११३ | ठोरी गाउपालिका | ३७३ |
| ११४ | छिपरमाई गाउपालिका | ३७४ |
| ११५ | धोविनि गाँउपालिका | ३७५ |
| ११६ | जगरनाथपुर गाँउपालिका | ३७६ |
| ११७ | पकहामैनपुर गाउपालिका | ३७७ |
| ११८ | पटेंवा सुगौली गाउपालिका | ३७८ |
| ११९ | विन्दवासीनी गाउपालिका | ३७९ |
| १२० | बेल्वा गाउपालिका | ३८० |
| १२१ | सखुवा प्रसौनी गाउपालिका | ३८१ |

**अनुसुचीहरु**

# राजविराज नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.६५ लाख १ हजार र यो वर्षको आय रु.२४ करोड ७६ लाख ४ हजार समेत रु.२५ करोड ४१ लाख ५ हजार आम्दानी भएकोमा रु.२४ करोड ३२ लाख ९७ हजार खर्च भई रु.१ करोड ८ लाख ८ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । यस कार्यालयले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म नगरपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएका गा.वि.स.हरुले पनि सोबाट औंल्याइएका व्यहोरा फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षणका व्यहोरा समयमै फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ र साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, बमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

४. **लेखा व्यवस्था –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ मा उपमहानगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट नगरपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

५. **आम्दानी तथा दाखिला –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०(२) मा आम्दानी रकमको गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी त्यस्तो नगद प्राप्त भएको भोलिपल्ट सम्म बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा प्राप्त भएको नगद आम्दानी रकमको दैनिक रुपमा आम्दानीको गोश्वारा भौचर नउठाई पटक पटक बैंक दाखिला भएको भौचर तथा नगद आम्दानीको एकमुष्ट गोश्वरा भौचर उठाई आम्दानी गरेको देखियो । जसले गर्दा कुन दिनको के कति नगद आम्दानी भएको र कुन मितिमा दाखिला भयो भनी यकिन गर्न सक्ने अवस्था छैन ।

६. **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको दफा १२६ को उपदफा ६ को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधि भित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा, दस्तुर भाडाबाट उठाएको कूल रकमको १ करोड भन्दा वढी आम्दानी हुनेले २५ प्रतिशत

भन्दावढी रकम प्रशासनिक कार्यको लागि खर्च गर्न नपाइने उल्लेख छ र सो यस नगरपालिकाको यस वर्षको आन्तरिक आम्दानी रु.१,६०,१७,६५०।- को २५ प्रतिशतले हुने रु.४०,०४,४१२।- मात्र प्रशासनिक खर्च गर्न सकिनेमा रु.१,८४,४२,६४९।- खर्च गरको पाइयो र तोकिएको सीमाभन्दा रु.१,४४,३८,२३६।- बढी खर्च लेखेको नियमसम्मत देखिँदैन । प्रशासनिक खर्च बढी हुनु खर्चमा मितव्ययिता नअपनाउनु प्रमुख कारण देखिन्छ । नियमले तोके भन्दा बढी प्रशासनिक खर्च गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

७. **वक्यौता –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६५(२) मा नगरपालिकाले ठेक्का लगाएको कर, दस्तुर, शुल्क तथा असुल गर्न बांकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा नगरपालिकाले त्यस्तो व्यक्तिको चल अचल सम्पत्ति स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाई लेख्न, व्यापार व्यवसायमा सिलबन्दी वा तालाबन्दी गर्न र निकासी पैठारी लगायतका कारोवार रोक्का गर्न सक्ने र सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जेथा रोक्का गर्दा पनि उठ्न नसकेमा निजको घर जग्गा वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरी असुल गर्न सक्ने साथै यस सिलसिलामा राखेको धरौटी जफत वा जमानत लिलाम बिक्री गरी असुल गर्न सक्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले हटिया, सवारी कर, बालुवा गिट्टी, ढुंगा, इँटा, माटो आदिको कर, दस्तुर संकलन कार्यका लागि विभिन्न व्यक्ति/फर्मसँग रु.६८,८८,५०१/– को ठेक्का सम्झौता भएको छ । सम्झौता हुंदा आवश्यक जमानत लिएर मात्र चलान पूर्जी दिनु पर्नेमा जमानत बेगर चलन पूर्जी दिएको देखियो । साथै निजहरुले उक्त ठेक्का रकममध्ये रु.५३,०६,१६०/– मात्र बुझाएको रु.१५,८२,३४२।- असुल गर्न बाँकी देखिएकोले आवश्यक कारवाही गरी बाँकी रकम असुल गर्नु पर्दछ ।

८. **अधुरो निर्माण कार्य –** नगरपालिका र नगर विकास कोषको संयुक्त लगानीमा जमुनी मधेपुरा ७ मा पसल कबल निर्माण कार्य गर्न हिमांसु निर्माण सेवासंग मिति २०७२।१०।१२ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी रु.३६,६१,१४०।- को सम्झौता भएको र म्याद भित्र काम सम्पन्न नभएबाट ६/६ महिना गरी २ पटक म्याद थप भएको छ र म्याद थप समयसम्म दोश्रो रनिङ् बिल वापत रु.१५,०७,७५४।- (दोश्रो रनिङ् बिलसम्म रु.३१,९१,५२४।-) भुक्तानी भएको छ । २ पटकको म्याद थपबाट कायम अवधि सम्म पनि कार्य सम्पन्न भएको नदेखिएकोमा कुनै कारवाही भएको देखिएन र अतः सार्वजनिक खरिद ऐन, नियमानुसार आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

९. **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८९ मा वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत ५० हजार रुपैंया भन्दा वढी रकम भुक्तानी दिंदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखियो :

९.१ नगरपालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराई पेश भएका विभिन्न निर्माण सामग्री आपूर्तिकर्ता फर्महरुका सो सीमाभन्दा बढीका बिल अनुसार उपभोक्ता समितिलाई भुक्तानी गर्दा सो अनुसार कर कट्टी गरेको छैन । सो अनुसार विभिन्न २० उपभोक्ता समिति मार्फत् ५१ आपूर्तिकर्ता फर्महरुबाट अग्रिम कर कट्टी नभएको रु.२,६२,३३४।- असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

९.२ नगरपालिकाले विभिन्न मितिमा ८ फर्मलाई विभिन्न रकम भुक्तानी गर्दा ऐनमा व्यवस्था भए अनुसार कर कट्टी गरेको नपाइएकोले सो वापतको रु.२४,३५७।- असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

९.३ सुधारिएको चुलो तथा वितरण कार्यक्रम वापत महिला, बालबालिका तथा युवा सशक्तीकरण संस्थालाई भुक्तानी गर्दा प्रशिक्षक भत्तामा कट्टी भएको कर रु.३,६००।- दाखिला भएको नदेखिएकोले यथाशीघ्र असुल गरी दाखिला हुनुपर्दछ ।

९.४ फोहर मैला व्यवस्थापन कार्यक्रम संचालन खर्च वापत नेपाल विकासवादी समूहलाई भुक्तानी गर्दा विभिन्न प्रशिक्षकबाट रु.२९,१११।- कर कट्टी भएको मध्ये रु.२०,६५२।- मात्र दाखिला भएकोले बांकी रु.८४५९।- दाखिला हुनुपर्दछ ।

९.५ दलित तर्फ सुरक्षित जनचेतना तालिम संचालन गरे वापत हाम्रो नेपाल समाज सहयोगी संस्थालाई भुक्तानी गर्दा प्रशिक्षक भत्ता रु.१३,५००।- मा अग्रिम कर कट्टी नगरेकोले कर वापतको रु.२,०२५।- असुल गरी दाखिला हुनुपर्दछ ।

९.६ विद्यालय सरसफाइ सम्बन्धी कार्यक्रम संचालनको रकम बाल अधिकार तथा वातावरण समाजलाई भुक्तानी गरेकोमा अभिमुखीकरण कर्ताको पारिश्रमिक रु.२५,०००।- मा १५ प्रतिशतले कर कट्टी गर्नु पर्नेमा १ प्रतिशतले कट्टा गरेकोले नपुग रु.३,५००।- असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

९.७ हाल वडा नं. ७ मा पूल निर्माण कार्यको पूल निर्माण उपभोक्ता समितिलाई रु.३,७४,९८३।- भुक्तानी गर्दा विभिन्न निर्माण सामग्री खरिद वापत प्रदिप हार्डवेयरलाई रु.१,८८,०००।- भुक्तानी खर्च लेखेको छ र उक्त फर्मले बिलमा स्थायी लेखा नम्बर उल्लेख भएको कर वीजक जारी नभएकोले १५ प्रतिशतले लाग्ने कर असुल नगरेकोले रु.२८,२००।- कर असुल गरी कर दाखिला हुनुपर्दछ ।

९.८ घरधनी कान्ति कुमारी झालाई २०७३।१०।१ देखि २०७४।१।१९ सम्मको घर भाडा वापत रु.२५,४००।- भुक्तानीमा घर बहाल कर १० प्रतिशत र सम्पत्ति कर २ प्रतिशत समेत रु.५५८८।- असुल भएको नदेखिएकाले असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

९.९ मालपोत रसिद छपाई वापत प्रिण्ट टेक, मैतिदेवी, काठमाडौँको बि.नं. ७२ मिति २०७३।९।२७ को बिल भुक्तानी खर्चमा बिल, दाखिला रिपोर्ट खरिद आदेश सबैको फोटोकपी मात्र पेश भएको र रसिद १०००० प्रति छपाएकोमा क्रमसंख्या समेत खुलाएको छैन ।

९.१० विभिन्न मितिको बैठक भत्ता लगायतमा रु.४८,३६१।- खर्च लेखेको छ र वैठक भत्तामा कर कट्टी रु.६,५७०।- समेत खर्च जनाई कर दाखिला गर्नु पर्नेमा खर्च नै नलेखेको कारण कर रकम छुट हुन गएकोले कर वापतको उक्त रकम दाखिला हुनपर्दछ ।

९.११ घर धनी श्री मिखो प्रसाद यादवलाई २०७३/१०/१ देखि २०७४/१/१९ सम्मको घर भाडा वापत रु.२६,४००।- भुक्तानीमा घर बहाल कर १० प्रतिशत र सम्पत्ति कर २ प्रतिशत कर रु.३,१६८।- असुल भएको नदेखिएकाले असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१०. **वक्यौताः** गत विगत विभिन्न ११ आय ठेक्काको रु.३४,७९,६८५।- बेरुजू बांकी रहेको देखिएकोले उक्त रकम यथाशीघ्र असुल फछ्र्यौट गर्नेतर्फ पहल हुनुपर्दछ ।

११. **दोहोरो खर्चः** नगरपालिकामा विभिन्न आयोजना तथा निर्माण कार्यको बिलको रकम खर्च लेख्दा कन्टिन्जेन्सी वापत समावेश गरेको रकम समेत थप गरी वजेट खर्च जनाई बैंक खर्च मात्र कम गरी विविधको क्रेडिट महलमा राखेको छ । नगरपालिकाबाट प्राप्त आय व्यय विवरणमा कन्टिन्जेन्सी समेतको कूल खर्च खर्च विवरणमा समावेश भै सकेको आधारमा पुनः कन्टीन्जेन्सी दायित्व खर्च भनी रु.७,४०,६८७।- खर्च देखाएको पाइयो । उक्त खर्च दोहोरो खर्च हुने गरी आय व्ययमा मात्र समावेश गरेको देखिएकोले यस सम्बन्धमा आवश्यक छानबिन गरी हुनुपर्दछ ।

१२. **सार्वजनिक परीक्षण** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५ (२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी कार्यविधिको दफा ५० अनुसूची २८ बमोजिमको ढाँचामा सार्वजनिक परीक्षण पेश नभएसम्म अन्तिम भुक्तानी दिन नमिल्ने व्यवस्था छ र कार्यालयले पुरै रकम विवरण खुलेको सार्वजनिक परीक्षण प्रतिवेदन पेश नगरी समितिका सदस्यले कार्य सम्पन्न भएको व्यहोरामा कूल खर्च खुलाएको प्रतिवेदन मात्र पेश गरेको देखियो। यसरी नियमावलीले तोके बमोजिमको सम्पूर्ण विवरण खुलाई तोकिएको ठाउँको सार्वजनिक परीक्षण पेश नहुँदा सरकारी रकम हिनामिना हुनसक्ने तथा तोकिएको गुणस्तरको कार्य हुन नसक्ने हुँदा नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

१३. **उपभोक्ता समिति**– स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा उपभोक्ता समितिको दर्ता, नवीकरण र वर्गीकरण सम्बन्धी व्यवस्था गरेको छ। कार्यालयले यो वर्ष विभिन्न निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गराएकोमा त्यस्ता उपभोक्ता समितिहरुको नियमानुसार दर्ता, नवीकरण तथा विषयगत वर्गीकरण गरेको पाइएन र अतः नियममा उल्लेख भए बमोजिम उपभोक्ताहरुको दर्ता, नवीकरण तथा वर्गीकरण हुनुपर्दछ ।

१४. **पेश्की फछ्र्यौट**– स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाटगत विगत वर्षमा विभिन्न ९४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.९,३४१,४८१/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् र त्यस्तै यस वर्ष ७६ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.२५,०१६,८१७./– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१५. **बिल भरपाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । जस अनुसार खर्च प्रमाणीत हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक मलेठ गा.वि.स. लेकर्मचारीहरुको गत

वर्ष को क.सं. कोष दाखिला उल्लेख गरी रु.६१,६८२।- खर्च लेखेकोमा भुक्तानी बाँकीको विवरण संलग्न नगरी भुक्तानी दिएको नियमसम्मत देखिएन ।

१६. **नगद कारोबार** – आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै वैक दाखिला गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिका अर्न्तगतका साविक गा.वि.स.हरुले आन्तरिक श्रोत वापत प्राप्त भएको आम्दानी बैंक दाखिला नगरी नगदबाट समेत कारोबार गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१७. **अग्रिम कर तथा धरौटी** – आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा यस नगरपालिका अर्न्तगत साविक मलेठ, देउरीभरुवा, बिहरिया, फर्सेट र दिघवा गा.वि.स. र हालको नगरपालिकाका वडाहरु समेतले बैठक भत्ता, लेखापरीक्षण शुल्क, लगायतका रकम भुक्तानी गर्दा अग्रिम कर तथा निर्माण कार्यको भुक्तानी गर्दा धरौटी समेत गरी रु.७९,९३५।- कट्टी गरेको नपाइएकोले उक्त रकम सम्बन्धितबाट असूल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१८. **निर्माण कार्य** –२०७३ मंसिर ३० गतेको परिषद्को वैठकको प्रस्ताव नं. ६ को निर्णयमा २०७३।७४ मा संचालन हुने योजना तथा कार्यक्रम उपभोक्ता समिति र विभिन्न गैह्र सरकारी संस्थाबाट गराउने उल्लेख भएकोमा गा.वि.स. भवनको कम्पाउण्ड वाल निर्माण र माटो भर्ने समेतको रु.२०३,०००।- को कार्य गा.वि.स. आफैँले गरेको पाइयो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१८.१ ३ साविक विषहरिया गा.वि.स.को ह्यूम पाईप जडान सडक निर्माण उपभोक्ता समितिकाबाट साविक वडा नं. ९ र ३ हाल नगरपालिकाको वडा नं. १२ मा क्रमशः रु.२,५०,०००।- र ३२४,०००।- समेत रु.५७४,०००।- को निर्माण कार्य भएकोमा उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन र अतः निर्माण कार्यको आश्वस्तताको लागि उक्त प्रतिवेदन पेश हुनुपर्दछ ।

१८.२ साविक विषहरिया गा.वि.स.को खाडो नदी नियन्त्रण उपभोक्ता समितिलाई रु.१,७०,०००।- भएकोमा उपभोक्ता समितिको निर्णय पेश भएको छैन ।

१८.३ साविक दिघवा गा.वि.स.का एक प्रा.स.को क.सं.कोष वापतको रु.१८,३२८।- दाखिला नगरी नगदै बुझिलिएको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१८.४ साविक दिघवा गा.वि.स.को वडा नं. १, २ र ३ को बाटो निर्माण कार्य उपभोक्ता समितिलाई रु.२,५०,०००।- भुक्तानी भएकोमा उक्त कार्यको उपभोक्ता समितिबाट फरफारकको निर्णय पेश भएको छैन ।

१९. **अनुपातिक कट्टीः** देउरी भरुवा सामुदायिक भवन तथा शाखा सडक मर्मत गर्न रु.६,९९,४३७।- को लागत अनुमान स्वीकृत भई उपभोक्ताले रु.४८,४३६।- योगदान गर्ने गरी रु.३,००,०००।- पेश्की गएको देखिन्छ प्रथम रनिङ्ग बिल पेश हुंदा रु.४,२२,२३०।- को कार्य सम्पन्न हुँदा उपभोक्ताको योगदान वापत कटाउनुपर्ने रु.२९,२६१।- नकटाई पुरै रकम भुक्तानी भएको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२०. सामूदायिक भवन तथा शाखा सडक मर्मत उपभोक्ता समिति, देउरी भरुवा १, २ र ३ भएको सम्झौतामा उपभोक्ता समितिको योगदान वापत रु.७०,०३५।- कटाई रु.३,२५,५००।- कार्यालयबाट भुक्तानी हुने उल्लेख छ र मिति २०७४।२।२९ मा भुक्तानीको लागि माग भएको प्रथम रनिङ्ग बिलको रु.२,२४,८४०।३१ खर्च लेखेकोमा उपभोक्ताको योगदान वापत कट्टी गर्नुपर्ने रु.३९,८१९।- कट्टी नगरी पुरै भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२१. **विशेष कोष** – स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४६ मा नगरपालिकाले आर्थिक प्रशासन नियमावालीको नियम ३३ मा व्यवस्था भए बमोजिम सम्बन्धित परिषद्बाट कोष संचालन सम्बन्धी विनियम स्वीकृत गराई विशेष कोष स्थापना गर्न सक्ने उल्लेख छ र सोही दफाको उपदफा २ मा कोषमा रकम जम्मा गर्ने व्यवस्था छ भने उपदफा ३ मा कोषको उद्देश्यसंग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने र उपदफा ४ मा कोषको उद्देश्य प्राप्ति बाहेक अन्य प्रयोजन वा आर्थिक सहायता, अनुदान वा चन्दा पुरस्कार जस्ता वितरणमुखी कार्यमा खर्च गर्न नपाइने उल्लेख छ। प्राप्त विवरण अनुसार यस नगरपालिकाले यो वर्ष विशेष कोष संचालन सम्बन्धी विनियमावली बेगर कर्मचारी कल्याण कोष, मानव संसाधन कोष, सडक मर्मत कोष, वातावरण कोष कोष लगायतका ७ कोषबाट रु.१४,६७,९७,०९५।- आम्दानी तथा खर्च गरेको पाइयो । कार्यविधिमा उल्लेख भए बमोजिम विनियम बनाई सोही बमोजिम खर्च गर्नुपर्दछ।

२२. **आन्तरिक आय वक्यौता** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम कुनै व्यक्ति वा फर्मले सम्झौता अनुसार तिर्नु बुझाउनु पर्ने रकम नबुझाएमा सरकारी बांकी सरह असुल हुनु पर्ने उल्लेख छ । लेखापरीक्षणको सिलसिलामा नगरपालिकाको आन्तरिक आय वक्यौताको अद्यावधिक अभिलेख माग

भएकोमा प्राप्त हुन आएन । हालसम्म असुल हुन बाँकी आय वक्यौता रकम यकिन गर्न सकिएन र आय वक्यौता विवरण अद्यावधिक गरी वक्यौता रकम अबिलम्ब असुल गर्नु पर्दछ ।

२३. **कण्टिन्जेन्सी खर्च** – स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४(१) मा जिल्ला विकास समितिको आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमबाट तोकिए बमोजिमको रकम छुट्याई सो खर्च सम्बन्धी कार्ययोजना परिषद्‌बाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष रु.१०,२८,१३२।- कन्टिन्जेन्सी खर्च गरेकोमा सो खर्चको शीर्षकगत विवरण पेश नभएकोले शीर्षकगत कूल खर्च यकिन गर्न सकिएन । कार्यविधिको व्यवस्था अनुरुप पूँजीगत खर्चको आयोजनागत कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्ययोजना परिषद्‌बाट स्वीकृत गराई खर्च गरेको समेत देखिएन । कन्टिन्जेन्सी खर्चको आयोजनागत र शीर्षकगत अभिलेख राखी कार्यविधिमा उल्लेख भए बमोजिम प्रतिस्पर्धी र मितव्ययी रुपमा खर्च गर्ने तथा खर्चको अभिलेख र अनुमोदन हुनु पर्दछ ।

२४. **धरौटी लेखा** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नगर क्षेत्रभित्र घर नक्शा पास गर्ने प्रयोजनको लागि नगरवासीले राखेका धरौटी र निर्माण व्यवसायीहरुबाट रिटेन्सन मनि वापत कट्टा गरेको धरौटीको व्यहोरा खुल्ने गरी अलग अलग नाम नामेसी समेतको विवरण राख्नु पर्नेमा राखेको पाइएन र व्यक्तिगत धरौटी खातामा प्रयोजन खुलाई विवरण अद्यावधिक नराख्नाले घर नक्शा पास गरी तोकिएको मितिमा निर्माण सम्पन्न लिए नलिएको यकिन गर्न सकिने देखिंदैन । सेवाग्राहीले म्याद थप माग गरेको अवस्थामा बाहेक उक्त धरौटी सदरस्याहा गरी आम्दानी बाँध्नु पर्नेमा स्पष्ट अभिलेखको अभावमा निर्माण सम्पन्न नगर्नेको धरौटीलाई आयमा ट्रान्सफर नगर्दा नगरपालिकाको आयमा असर पर्ने देखिन्छ र यसैगरी निर्माण व्यवसायीको व्यक्तिगत अभिलेख राखी धरौटीको विवरण तयार नहुँदा धरौटी दायित्व यकिन गर्न नसकिने, प्रयोजन समाप्त नहुँदै धरौटी फिर्ता हुने जस्ता जोखिम रहेकोले धरौटीको प्रयोजन खुल्ने गरी धरौटीको लेखा व्यवस्थामा सुधार हुनुपर्दछ ।

२५. **स्रेस्ता पेश नभएको** – आर्थिक कार्यविधि ऐन, २०५५ तथा आर्थिक कार्यविधि नियमावली, २०६४, स्थानीय निकाय आथिृक प्रशासन नियमावली, २०६४ बमोजिम खर्च गरेको रकम लेखापरीक्षण समक्ष पेश गरी लेखापरीक्षण गराउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ । यस नगरपालिका अर्न्तगत साविक दिघवा गा.वि.स. हाल राजविराज नगरपालिका वडा नं. १० बाट २०७३ फागुन २८ देखि २०७४ आषाढ मसान्तसम्म निकासा भएको संचालनतर्फ रु.२,४९,५५१।-, पूंजीगत तर्फ रु.१४,०१,९२१।- र सामाजिक सुरक्षा तर्फ रु.२८,७५,२००।- समेत जम्मा रु.४५,२६,६७२।- को स्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन । सो बाहेक उक्त वडामा अन्य निकायबाट प्राप्त आय तथा वडाबाट असुली भएको आय समेतको विवरण पेश नभएकोले सो सम्बन्धी आय व्यय यकिन गर्न सकिने अवस्था छैन । सम्बन्धित जिम्मेवार व्यक्तिबाट लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेको कारण लेखापरीक्षण हुन नसकेको हुँदा वित्तीय जवाफदेहीता र पारदर्शितामा असर पर्ने हुंदा सम्पूर्ण आय व्ययको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्ने र यस सम्बन्धमा नगरपालिकाबाट निकासा देखिएको उल्लेखित बमोजिम रु.४५,२६,६७२।-को स्रेस्ता लेखापरीक्षणको लागि पेश हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस यस नगरपालिकाको लेखापरीक्षणबाट रु ४ करोड २८ लाख ९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.२० लाख ७७ हजार नियमित गर्नुपर्ने रु.१ करोड ५७ लाख १५ हजार र पेश्की बाँकी रु.२ करोड ५० लाख १७ हजार रहेको छ ।

# बोदेबर्साइन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.२७ लाख १६ हजार र यो वर्षको आय रु.९ करोड ९४ लाख ४ हजार समेत जम्मा रु.१० करोड २१ लाख २० हजार आम्दानी भएकोमा रु.९ करोड ५३ लाख ३० हजार खर्च भई रु.६७ लाख ९० हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **स्रेस्ता पेश नभएको –** यस नगरपालिका अर्न्तगतका साविक धनगढी, काचन, रामनगर गा.वि.स.बाट २०७३।७४ र बोदेबर्साइन गा.वि.स. को २०७३ फागुन २८ देखि २०७४ आषाढ मसान्तसम्मको आम्दानी तथा खर्चका स्रेस्ता लेखापरीक्षणका लागि पेश भएको छैन। जस मध्ये जि.वि.स.बाट गएको अनुदान रकम रु.१,५५,३६,०६५।- देखिएको छ। उक्त निकायहरुको आन्तरिक स्रोतबाट प्राप्त गरेको आम्दानी स्रेस्ता पेश नगरेका कारण यकिन गर्न सकिएको छैन। उक्त आम्दानी तथा खर्च समेतको स्रेस्ता लेखापरीक्षणको लागि पेश हुनुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ। गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ। नगरपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ। आन्तरिक लेखापरीक्षणबाट भएकोमा सोबाट औंल्याइएका व्यहोरा पनि फछ्र्यौट गरेका छैनन्। आन्तरिक लेखापरीक्षण गराई सोका व्यहोरा समयमै फछ्र्यौट गर्नुपर्दछ।

३. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ र साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन। गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन्। अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

५. **बिल, भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ। जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

५.१ साविक खडकपुर गा.वि.स.को गाउँ परिषदको निर्णय बमोजिम बाल बालिकाहरुको खेल मैदान व्यवस्थापनको लागि नि.मा.वि. खडकपुरलाई मिति २०७३।११।२६ मा रु.३५०,०००।- भूक्तानी दिएकोमा सो को लागत अनुमान, कामको मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन तथा विद्यालय व्यवस्थापन समितिको निर्माण सम्पन्न भएको निर्णय पेश नभएकोले उक्त प्रमाण, कागजात पेश हुनुपर्दछ।

५.२ साविक रैतहट गा.वि.स.का प्रा.स. विष्णुदेव मधैयाका नाममा गत वर्षको सामाजिक सुरक्षा भत्ता नगद बाँकी, यस वर्षको सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम र गत वर्षको आन्तरिक स्रोत तर्फको नगद बाँकी रकम समेत गरी रु.८०,८५०।- जिम्मा रहेको पाइएकोले नियमानुसार असुल गरी दाखिला हुनुपर्दछ।

५.३ साविक सारस्वर गा.वि.स.को मिति २०७३।२।११ को निर्णयबाट अधुरो गा.वि.स भवन निर्माण कार्य गत वर्षको मौज्दात रकमबाट खर्च गरी निर्माण गर्न गा.वि.स.लाई जिम्मेवारी दिएकोमा गा.वि.स.ले उपभोक्ता समिति गठन आफैंले पटक पटक

गरी रु.८,११,२००।- खर्च गरेको देखियो र प्राविधिक मुल्यांकन अनुसार रु.५,४४,०२६।- मात्रको कार्य सम्पन्न भएको देखिन्छ। मूल्यांकन भन्दा बढी खर्च लेखेको रु.२,६७,१७४।- प्रमाणितत हुने बिल भरपाई, मूल्यांकन संलग्न गरी पेश हुनुपर्दछ।

६. **पेश्की** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाबाट गत विगत वर्षमा विभिन्न १०० पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.१,०१,६४,०३१/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। त्यस्तै यस वर्ष १८ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.३२,४१,२००/–फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ।

७. **बिल भरपाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ। जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक देउरी, रैतहट र सारस्वर गा.वि.स. बाट विभिन्न मितिमा रु.९०,२२७।- खर्च पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

८. साविकका देउरी, रैतहट, सारस्वर र मलहनियाँ गा.वि.स.बाट उपभोक्ता समितिबाट भएका विभिन्न निर्माण कार्य, मोटर साइकल खरिद लगायतका ९ कार्य उल्लेख गरी रु.२२,६०,३२४।- खर्च लेखेकोमा बिल, भरपाई, उपभोक्ता समितिको माइन्यूट, कार्य सम्पन्न प्रतिवेदन, जिन्सी दाखिला अभिलेख पेश नभएकोले खर्च पुष्ट्याइँ हुने आधार, प्रमाण पेश हुनुपर्दछ।

९. **नगद कारोबार** – आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकामा समाहित भएका गा.वि.स.हरुले आन्तरिक श्रोतको रकम नगद आम्दानी गरी नगद बाटै खर्च गरेको पाइयो। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

९.१ बेल्ही गा.वि.स.को आन्तरिक स्रोतको नगद बांकी रु.४४,३८०।- बैंक दाखिला गरेको नदेखिएकोले दाखिला हुनुपर्दछ।

९.२ साविक बोदेवर्साइन गा.वि.स.का मुखिया जुड शितल यादवले मालपोत रकम रु.१३,७९१।- दाखिला गरेको नदेखिएकोले असुल गरी दाखिला हुनुपर्दछ।

९.३ साविक मौवा गा.वि.स.बाट सामाजिक सुरक्षा भत्ता वितरण गरी बांकी रहेको रु.३२,०००।- दाखिला भएको नदेखिएकोले असुल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

९.४ मौवा गा.वि.स.ले जिल्ला विकास समितिमा दाखिला गर्नुपर्ने मालपोत रकम रु.७,६८०।- दाखिला भएको भनी खर्च लेखेकोमा दाखिला प्रमाण पेश नभएकोले असुल गरी दाखिला हुनुपर्दछ।

९.५ मौवा गा.वि.स.का का.स. शुभ नारायण मण्डलको क.सं. कोष रकममा १० प्रतिशत थप गरी जम्मा रु.२४,७९७- क.सं.कोषमा दाखिला नगरी मिति २०७३।८।७ मा निजलाई नै भुक्तानी भएको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा साविकका खडकपुर, बेल्ही, देउरी, रैतहट, सारस्वर, मलहनियाँ, फूलकाही, नेगडा, बोदेबसाइन र मौवाहा गा.वि.स. ले विभिन्न २२ व्यक्ति तथा संस्थालाई विभिन्न भत्ता, लेखापरीक्षण पारिश्रमिक, मालसामान आपूर्ति लगायतको रकम भुक्तानी गर्दा रु.१,५७,५८८।- अग्रिम कर कट्टी गरेको नपाइएकाले सम्बन्धितबाट असुल हुनु पर्दछ।

११. **बरबुझारथ** – बोदेवसाईन गा.वि.स. का साविक गा.वि.स सचिव इन्द्र प्रसाद देवबाट बर बुझारथ नभएकोले आर्थिक वर्ष २०७१।७२ (गत विगतको) जिन्सी विवरण र पेश्की विवरण पेश नभएकोले आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित विवरणहरु उल्लेख गर्न नसकिएको भन्ने व्यहोरा लेखापरीक्षकबाट औंल्याइएको हुँदा विवरणहरु प्राप्त गरी कारवाही हुनुपर्ने देखियो।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.९७ लाख १८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपर्ने रु.४ लाख १८ हजार नियमित गर्नुपर्ने रु.६० लाख ६९ हजार र पेश्की बाँकी रु.३२ लाख ४१ हजार रहेको छ।

## डाक्नेश्वरी नगरपालिका

### लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.६३ हजार र यो वर्षको आय रु.१२ करोड ८१ हजार समेत जम्मा रु.१२ करोड १ लाख ४४ हजार आम्दानी भएकोमा रु.११ करोड ९ लाख ८० हजार खर्च भई रु.९१ लाख ६४ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । कार्यालयले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षणबाट भएकोमा सोबाट औंल्याइएका व्यहोरा पनि फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षण गराई सोका व्यहोरा समयमै फछ्र्यौट गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ र साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

४. **निर्माण कार्य** : साविक पत्थरगाडा गा.वि.स.ले पूर्वाधार विकास कार्यक्रम अर्न्तगतका विभिन्न १० कार्यक्रम/निर्माण कार्य उपभोक्ता समिति गठन नगरी कार्यालय आफैंले संचालन गरी रु.२१,५७,५४३।- खर्च लेखेको पाइयो । यस किसिमका कार्यक्रम संचालन गर्न उपभोक्तालाई सहभागी गराई उपभोक्ता समिति गठन गरी निजहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।

५. **मालपोतः** साविक तरही गाविसको मालपोत असुली रसिद र अन्य नगद रसिद वर्षाको पानीले भिजी धमीरा लागी कुनै पनि रसिद सग्लो पेश नभएकाले रसिद बूक परीक्षण हुन सकेन । टिपोटका आधारमा उल्लेख गरेको असुली आयलाई आधार लिइएको छ ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ र यस नगरपालिकाबाटगत विगत वर्षमा विभिन्न ८३ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.६०,५८,१२१/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष

२३ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु .२७,३४,४७२/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५. **बिल भरपाई–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक गमरिया प्रवाहा, पातो, कबिलासा, ब्रम्हपुर, औरही गा.वि.स.बाट विभिन्न मितिमा रु.५,००,१५४।- खर्च पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

५.१ साविकका पत्थरगाडा, गमरिया प्रवाहा, तरही, अर्नाहा, भुतही, वनौली र औरही गा.वि.स.बाट उपभोक्ता समितिबाट भएका विभिन्न निर्माण कार्य, निर्माण सामग्री खरिद, औषधी खरिद लगायतका १५ कार्य उल्लेख गरी रु.२७,१२,४८७।- खर्च लेखेकोमा बिल, भरपाई, उपभोक्ता समितिको माइन्यूट, कार्य सम्पन्न प्रतिवेदन, जिन्सी दाखिला अभिलेख पेश नभएकोले खर्च पुष्ट्याइँ हुने आधार, प्रमाण पेश हुनुपर्दछ ।

६. **नगद कारोबार** – आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ र यस नगरपालिकामा समाहित भएका गा.वि.स.हरुले आन्तरिक श्रोतको रकम नगद आम्दानी गरी नगद बाटै खर्च गरेको पाइयो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६.१ वनौला गा.वि.स.का एक कर्मचारीसँग नगद मौज्दात रहेको रु.४,९२०।- अबिलम्ब सञ्चिकोष दाखिला हुनुपर्दछ ।

७. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा साविकका तरही, ब्रम्हपुर, पातो, कबिलासा, गमरिया प्रवाहा, तरही, अर्नाहा, र औरही गा.वि.स. ले विभिन्न २२ व्यक्ति तथा संस्थालाई विभिन्न भत्ता, लेखापरीक्षण पारिश्रमिक, मालसामान आपूर्ति लगायतको रकम भुक्तानी गर्दा रु.१,३०,४७०।- अग्रिम कर कट्टी गरेको नपाइएकाले सम्बन्धितबाट असुल हुनु पर्दछ ।

८. **प्रमाण** - अटोमोबाइल्स एण्ड इलेक्ट्रोनिक्स, सप्तरीबाट १ थान मोटरसाईकल खरिद गरेको उल्लेख गरी मिति ०७४।३।१९ मा २,३८,९००।- भुक्तानी दिएकोमा उक्त मोटरसाईकल कार्यालयको स्वामित्वमा आएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.८४ लाख ७८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.६ लाख ३५ हजार नियमित गर्नुपर्ने रु.५१ लाख ९ हजार र पेश्की बाँकी रु.२७ लाख ३४ हजार रहेको छ ।

# कञ्चनरुप नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.३९ लाख १० हजार र यो वर्षको आय रु.१६ करोड ४८ लाख ५० हजार समेत जम्मा रु.१६ करोड ८७ लाख ६० हजार आम्दानी भएकोमा रु.१५ करोड ९८ लाख ७० हजार खर्च भई रु.८८ लाख ९० हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **बैंक हिसाव:** आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण प्रतिवेदनमा विभिन्न १० खातामा रु.६०,७४,३७५/– मौज्दात रहेकोमा यो वर्ष रु.३९,०५,८६०/– मात्र मौज्दात जिम्मेवारी सारेको देखिएकोले फरक रकम रु.२१,६८,६१४।- सम्बन्धमा छानविन गरी हिसाब यकिन हुनुपर्दछ ।

२. **मौज्दात–** नगरपालिकाले आम्दानी र वास्तविक खर्चको आय व्यय उल्लेख गरी बैंक मौज्दात देखिने गरी आय व्यय विवरण तयार गर्नु पर्नेमा फ्रिज नहुने निकासा रकममा निकासा भए जतिनै खर्च जनाई आय र व्यय तयार गरेको छ । जसबाट फ्रिज नहुने निकासामा वास्तविक के, कति खर्च भई कति मौज्दात रहेको छ भनी यकिन गर्न सक्ने अवस्था रहेन । उदाहरणका लागि संघीय संरचना पूर्वाधारमा रु.१ करोड विनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता भएको रु.५,१२,२८७।- फिर्ता कटाई खुद निकासा रु.९४,८७,७१३।- मध्ये रु.५०,२७,७२६।- खर्च कटाई रु.४४,५९,९८४।- बांकी देखिएको छ । सोही अनुसार आय व्यय विवरणमा बांकी देखाउनु पर्नेमा निकासा अनुसारकै रकम खर्च देखाएको पाइयो । यसबाट नगरपालिकाको यथार्थ मौज्दात यकिन गर्न सक्ने अवस्था नहुने हुंदा यथार्थ मोज्दात यकिन हुने गरी आय व्यय विवरण तयार हुनुपर्दछ ।

२.१ कृषि विकास बैंक शाखा कार्यालय, कञ्चनपुर, सप्तरीको बैंक स्टेटमेन्ट अनुसार संचित कोषमा मिति ०७४।३।३० सम्म रु.१,१३,८८,४९६।- मौज्दात रहेको देखिन्छ र आय व्यय विवरणमा रु.२१,६६,९३९।- मात्र अर्थात् रु.९२,२१,५५८।- घटी मौज्दात देखाएको छ । फरक रकम सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको समेत नदेखिएकोले यस सम्बन्धमा छानविन गरी मौज्दात यकिन गर्नुपर्दछ ।

३. **बढी खर्च** – प्राप्त आय व्यय विवरण अनुसार शटर निर्माण तर्फ यो वर्ष रु.५८,८२,७३८।- मात्र आम्दानी भएकोमा रु.६०,३६,६८२।- खर्च भएको देखाएको छ र आय भन्दा रु.१,५३,९४४।- बढी खर्च गरेको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण** – स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । नगरपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षणबाट भएकोमा सोबाट औंल्याइएका व्यहोरा पनि फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षण गराई सोका व्यहोरा समयमै फछ्र्यौट गर्नुपर्दछ ।

४. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम नगरपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ ।

४.१ सोही आदेशको दफा ८१ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायबाट संचालन भई आएका स्थानीय स्तरका कृषि, पशु सेवा सेवा केन्द्र, उप-केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकी आयुर्वेद औषधालय, सरकारी संरचना, विभिन्न निकायबाट सम्पन्न खानेपानी, सिंचाइ जस्ता विकास निर्माण आयोजना कार्यालयहरु, संरचना तथा चल अचल सम्पत्ति गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने

व्यवस्था रहेकोमा गाउँपालिकाले सो अनुसार लगत तयार गरी सार्वजनिक गरेको छैन र गठन आदेश बमोजिम यस्ता सम्पत्तिको लगत अद्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

६. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाट गत विगत वर्षमा विभिन्न ७२ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.२७,३३,३२०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । अतः नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

६.१ २०७१ वैशाख २५ को मन्त्रिपरिषद्को निर्णयबाट २०७१ जेष्ठ ९ गते यस नगरपालिका स्थापना भएको देखिन्छ । नगरपालिका स्थापना पूर्व साविक गा.वि.स.हरुको २०७०।७१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन । यस नगरपालिकाको आर्थिक वर्ष २०७१।७२ र २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा साविक गा.वि.स.हरुको आर्थिक वर्ष २०७०।७१ सम्मको पेश्की जिम्मेवारी समेत सारेको देखिएन । जसको कारण नगरपालिकाको पेश्की बाँकी विवरणले देखाएको पेश्की मात्र उल्लेख गरेको छ । जसमा ठेलिया, बदगामा, बरमझिया र जगतपुर गा.वि.स को पेश्की बाँकी देखाएको छैन ।

७. **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा साविकको वैरवा गा.वि.स. हाल वडा नं. १ ले लेखापरीक्षण शुल्क, प्रशिक्षण भत्ता लगायत भुक्तानी गर्दा रु.१५,९३७।५० अग्रिम कर कट्टी गरेको नपाइएकाले असुल गरी सम्बन्धित खातामा दाखिला हुनु पर्दछ ।

८. **बिल, भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा नगरपालिको रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । पी.सी क्लिनिक र आशिष इन्टरप्राईजेज राजविराजबाट प्रिन्टर, टेलिफोन सेट, मोबाइल फोन, पंखा आदि सामान खरिद वापत रु.१,३५,५९३।- खर्च लेखेकोमा बिल, भरपाई तथा जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

८.१ विभिन्न ३ आपूर्तकबाट विभिन्न सामग्री खरिद गरेको उल्लेख गरी रु.५४,४७०।- खर्च लेखेकोमा बिल, भरपाई तथा जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेकोले उक्त प्रमाण पेश हुनुपर्दछ र

९. **बढी भुक्तानी** - राजमार्ग देखि भुवन मा.वि.सम्म सडक कालोपत्रे गर्ने कार्यको अन्तिम मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४६,८१,३७५।- मा जनसहभागिता रु.७,५०,०००।- कटाई रु.३९,३१,३७५।- मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने देखिन्छ । तर यस शीर्षकबाट रु.३७,२५,६९६।- र नगरयोजना शीर्षकबाट रु.३,४६,११७।- समेत रु.४०,७१,८१६।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.१,४०,४४१।- असुल हुनुपर्दछ ।

१०. **ठेक्का फाइल –** उमेश रौनियारको घरदेखि कटहरबारीहुँदै हटिया जाने बाटोमा नाला तथा स्लाब निर्माण कार्यका निर्माण व्यवसायी श्री गायत्री निर्माण सेवालाई रु.१२,५८,०९७/– र बालुवा चोक देखि सैनिचोकसम्म जाने बाटोमा नाला तथा स्ल्याब निर्माण कार्यका निर्माण व्यवसायी श्री गणेश निर्माण सेवालाई

रु.११,९१,७४१/- गरी जम्मा रु.२४,४९,८३८।- खर्च लेखेकोमा उक्त कार्यको लागत अनुमान, सम्झौता लगायतका ठेक्का फाइल लेखापरीक्षमा पेश नभएकोले खर्च रकमको यथार्थता यकिन हुन सकेन । उक्त निर्माण कार्यको ठेक्का फाइल पेश हुनुपर्दछ ।

११. **थप ओभरहेड** - नगरपालिकाको वडा नं. ९ मा सबमरसिबल बोरिङ्ग जडान कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौतामा १५ प्रतिशत ओभरहेड दिने उल्लेख नभएकोमा निर्माण व्यवसायी अमित निर्माण सेवालाई मिति २०७४।३।३१ रु.४,९५,०८६।- भुक्तानी गर्दा ओभरहेड उल्लेख गरी रु.५७,१४७।- समेत थप गरी भुक्तानी भएको देखिएकोले यसरी थप भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

११.१ नगरपालिकाको वडा नं. ३, ८ र १३ मा शौचालय निर्माण र घेराबार जडान कार्यका निर्माण व्यवसायीसँग भएको सम्झौतामा १५ प्रतिशत ओभरहेड दिने उल्लेख नभएकोमा निर्माण व्यवसायी विपल कन्स्ट्रक्सनलाई रु.१,५५,०८०।- मा ओभरहेड उल्लेख गरी रु.२३,२६२।- समेत थप गरी भुक्तानी भएको देखिएकोले यसरी थप भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

१२. **मू.अ.कर दर्ता** - नगरपालिकाको वडा नं. ३ को तत्माटोल जाने बाटोमा ग्राभेल कार्यको लागि सेभ द लाइफलाई रु.१,९८,२८४।- भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.करमा दर्ता भएको नदेखिएको र कर वीजक समेत जारी भएको नदेखिएकोले मू.अ.कर वापत भुक्तानी गरेको रु.२२,८११।- असुल हुनुपर्दछ ।

१३. **पेश्की** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८३, १८५ र १९० मा समयमा पेश्की फछ्र्यौट नगर्ने कर्मचारी, पदाधिकारी तथा अन्य फर्म संस्थासंग सरकारी बांकी सरह व्याज समेत असुल हुनुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा साविक बैरवा गा.वि.स. बाट प्रदान भएकोमध्ये ४ व्यक्ति तथा संस्थालाई गत विगतको पेश्की रु.१८९,८८०/– र यस आ.व. को पेश्कीमध्ये २ कर्मचारीको नाममा रहेको रु.१९५,०००।- पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ।

१४. **पूर्व निर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ र यस सम्बन्धमा निम्न व्यहोरा देखियो :

१४.१ बलुवा चोकदेखि सैनिचोकसम्मको बाटोमा नाला सहित कालोपत्रे गर्ने कार्यका निर्माण व्यवसायी गणेश निर्माण सेवालाई दोश्रो तथा अन्तिम बिलसम्म रु.२४,८९,५११।- भुक्तानी खर्च लेखेको छ । निर्माण व्यवसायीसँग मिति २०७३।१०।२७ मा भएको सम्झौता अनुसार सम्झौता मितिले ७५ दिन भित्र अर्थात् २०७४।१।१२ सम्ममा सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त कार्य कहिले सम्पन्न भएको खुल्ने कागजात पेश भएको छैन र नापी किताब अनुसार २०७४र३र२८ मा मात्र उक्त कार्यको नापी भएको देखिन्छ र उक्त अवधि पछिको समयको म्याद थप भएको समेत देखिएन । म्याद समाप्त पछिको दिन ७६ को सम्झौता अंक रु.२२,८६,६५०।- को दैनिक ०.०५ प्रतिशतले हुने रु.८६,८९३।- पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

१४.२ उमेश रौनियारको घरदेखि कटहरबारीहुँदै हटिया जाने बाटो नाला सहित कालोपत्रे कार्यका निर्माण व्यवसायी गायत्री निर्माण सेवालाई दोश्रो तथा अन्तिम बिलसम्म रु.२५,६६,११७।- भुक्तानी खर्च लेखेको छ । निर्माण व्यवसायीसँग मिति २०७३।१०।२७ मा भएको सम्झौता अनुसार सम्झौता मितिले ७५ दिनभित्र अर्थात् २०७४।१।१२ सम्ममा सम्पन्न गर्नुपर्ने देखिन्छ र सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त कार्य कहिले सम्पन्न भएको हो नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेत पेश भएको छैन । भुक्तानी मिति २०७४।३।३० लाई आधार लिँदा ७६ दिन ढिला गरी कार्य सम्पन्न भएको देखिएकोले सम्झौता अंक रु.२२,८६,६५०।- को दैनिक ०.०५ प्रतिशतले हुने रु.८६,८९३।- पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

१५. **निर्माण कार्यको अभिलेख** – नगरपालिकाबाट संचालन भएका विभिन्न आयोजनाहरुको बिल भुक्तानी हुंदा पेश भएका ठेक्का बिल तथा कार्य सम्पन्न प्रतिवेदनहरुमा बिल क्रम संख्या, आयोजनाको नाम ठेकेदारको नाम, कार्यादेश, मिति, लागत अनुमान, काम शुरु मिति, सम्पन्न मिति आदि उल्लेख गर्नुपर्नेमा बिलमा उल्लेख नभएबाट काम सम्पन्न मिति यकिन गर्न सक्ने अवस्था छैन । अतः यसमा सुधार हुनुपर्दछ ।

१५.१ रसिद नियन्त्रण खाता अद्यावधिक राखी वडा कार्यालयहरुलाई नगदी रसिद दिंदा रसिदको ठेली नं. उल्लेख गरी राख्नु पर्ने देखिन्छ र साथै नगरपालिका कार्यालयमा प्राप्त हुने सवै आम्दानी रकम खातामा प्रविष्ट गरी प्रमाणीत गर्नु पर्दछ ।

१६. **सामाजिक सुरक्षा** – सामाजिक सुरक्षा भत्ताको लागि यस वर्ष रु.६,३३,५९,०००।- निकासा भएको रु.६,२८,८९,०९१।- खर्च भई नगरपालिकाले सृजना फाईनान्सलाई वितरण गर्न दिएको रकमबाट

रु.४,२८,०८३र र साविक बैरवा गा.वि.स. हाल नगरपालिका वडा नं. १ बाट फिर्ता प्राप्त रु.४१,९००।- समेत बाँकी रहेको जम्मा रु.४,६९,९८३।- सञ्चित कोष खातामा दाखिला गर्नुपर्दछ।

१७. **दाखिलाः** विभिन्न ६ वटा गोश्वारा भौचरबाट मिति २०७३/८/१० मा गत आर्थिक वर्षको आषाढ महिनामा सम्पन्न भएका निर्माण कार्यको म.ले.प.फा.नं.१८ प्रमाणीत गरी २०७३।७४ मा भुक्तानी गरेकोमा उक्त भुक्तानीमा कट्टी गरेको अग्रिम कर रु.४८,१०१।- दाखिला भएको नदेखिएकोले सम्बन्धित खातामा दाखिला हुनुपर्दछ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय राजविराजमा मिति २०७३।८।३० दाखिला भएको राजस्व रु.१३,९७४।- भएको प्रमाण पेश भएकोले उक्त रकम कटाई दाखिला गर्न बांकी रु.४८,१०१।- देखिएको छ।

१८. **भुक्तानी**ः नगरपालिका वडा नं. २ अर्न्तगत फोहर मैला व्यवस्थापन उपभोक्ता समिति र नगरपालिका बीच मिति २०७३।११।१५ मा सरसफाई तथा फोहर व्यवस्थापन कार्यक्रम संचालन गर्न रु.२२,००,०००।- को सम्झौता भएको पाइयो र उपभोक्ता समितिबाट सञ्चालन गरिएको उक्त कार्यक्रममा उपभोक्ताको योगदान रकम तथा श्रमदान नभई पुरै रकम रु.२०,५१,३२२।- नगरपालिकाबाट भुक्तानी भएको छ।

१९. **अग्रिम कर** – गन्जा रामवृक्ष स्मृती प्रतिष्ठान र इनार मर्मत कार्यको भुक्तानी दिंदा रु.१३,६४१।- अग्रिम कर कट्टी गरेको नदेखिएकोले उत्त कर वापतको रकम असूल हुनुपर्दछ।

२०. **रोलर खरिद** – नगरपालिकाको यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगर पूर्वाधार विकास आयोजनाको लागि अनुदान रकम रु.२९,४०,०००।- र नगरपालिकाको रु.१२,६०,०००।- गरी रु.४२,००,०००।- वजेट व्यवस्था भएको छ। सिलबन्दी बोलपत्रद्वारा श्री फोर्स कन्स्ट्क्सन एण्ड एसोसिएट्स प्रा.लि., नक्साल काठमाडौंबाट रु.३८,५०,०००।- मा खरिद भएको एक भाइब्रेटर रोलर कार्यालयमा प्राप्त भएपछि भौतिक परीक्षण गराई सोको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि मात्र सम्बन्धित आपूर्तिकर्ताबाट प्रस्तावित रोलर मेशिन स्वीकार गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा त्यस्तो प्राविधिक प्रतिवेदन नलिई भुक्तानी गरेको मनासिब देखिएन।

२१. **यूनिसेफः** यनिसेफ र यस नगरपालिका बीच भएको सम्झौता अनुसार नागरिक सचेतना केन्द्रका समूहहरुलाई बाल संरक्षण तथा बालश्रमसँग सम्बन्धित अनुशिक्षण कार्यक्रम सञ्चालन गरे वापत श्री राजेश कुमार यादवको पेश्की रु.२,३६,३५०।- मिति २०७४।३।३० मा फछ्र्यौट गरेकोमा प्रशिक्षक भत्तामा अग्रिम कर कट्टी गरेको रु.७,६००।- दाखिला गरेको नदेखिएकोले सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ।

२१.१ नगरपालिकाले विभिन्न पार्टीलाई भुक्तानी गर्दा कट्टी गरिएको अग्रिम कर, धरौटी, मर्मत सम्भारकोष आदि रकम चेकबाट जम्मा नगरी नगद झिकी दाखिला गरेको देखियो र यसरी कारोवार गर्दा रकम हिनामिना हुन सक्ने हुंदा चेकबाटै दाखिला गर्ने व्यवस्था हुनुपर्दछ। गोश्वारा भौचरमा कट्टी रकम विविध क्रेडिट महलमा जनाई बैंक नगदी किताबमा प्रविष्ट गरी दाखिला गर्ने बेलामा विविध डेबिट गरी कट्टी रकम बैंक क्रेडिट जनाई कारोबार गर्नु पर्नेमा सो नगरी विवरणमा मात्र उल्लेख गरी कारोबार गरेको देखिएकोले कट्टी रकम सबै दाखिला भए नभएको यकिन गर्न सक्ने अवस्था छैन। दोहोरो स्रेस्ता प्रणाली अनुसार डेबिट/क्रेडिट देखिने गरी आर्थिक कारोबारको गोश्वरा भौचर तयार गरी कारोबार हुनुपर्दछ।

२२. **धरौटी तर्फ** – यस वर्षसम्म धरौटी बांकी रु.५४,१४,४१८।- देखिएकोमा सोको व्यक्तिगत धरौटी खाता राखेको पाइएन। व्यक्तिगत खाता राखी धरौटी हिसाब दुरुस्त राख्ने व्यवस्था हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १२ लाख ८४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असूल गर्नुपेर्ने रु.३१ लाख ६५ हजार नियमित गर्नुपर्ने रु.१ करोड ७९ लाख २४ हजार र पेश्की बाँकी रु.१ लाख ९५ हजार रहेको छ।

## खडक नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ७० हजार र यो वर्षको आय रु.११ करोड २६ लाख ७५ जार समेत जम्मा रु.११ करोड २९ लाख ४५ हजार आम्दानी भएकोमा रु.१० करोड ५३ लाख ८३ हजार खर्च भई रु.७५ लाख ६२ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम नगरपालिकाले साविक गाउं विकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ ।

२. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । नगरपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ। आन्तरिक लेखापरीक्षणबाट भएकोमा सोबाट औंल्याइएका व्यहोरा पनि फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षण गराई सोका व्यहोरा समयमै फछ्र्यौट गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ र कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् र अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

४. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाबाटगत विगत वर्षमा विभिन्न ७४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.५२,०४,६६४/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष ३२ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.३९,६९,११०/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५. **बिल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ मा नगरपालिको रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ। साविक सिस्वा बेल्ही गा.वि.स. बाट एक तालिम कार्यक्रममा खर्च भनी रु.१७००।- बिल, भरपाई बेगर खर्च लेखेकोले उक्त रकम असूल हुनुपर्दछ ।

५.१ साविकका वनर झुला, इनर्वा फूलबडिया, सिस्वा बेलही र वनौली गा.वि.स.बाट सडक मर्मत तथा निर्माण, विद्युतीकरण, पुस्तक तथा खेलकुद सामग्री खरिद, भिलेज प्रोफाइल, बाल प्रोफाइल निर्माण, शैक्षिक भ्रमण, किशोरी शिक्षा लगायतका १६ कार्य उल्लेख गरी रु.१४,०२,१२८।- खर्च लेखेकोमा कतिपयको बिल, भरपाई, तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च पुष्ट्याइँ हुने आधार, प्रमाण पेश हुनुपर्दछ ।

६. **नगद कारोबार** – आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै वैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा समाहित भएका गा.वि.स.हरुले आन्तरिक श्रोतको रकम नगद आम्दानी गरी नगद बाटै खर्च गरेको पाइयो र नगदबाट कारोबार गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा साविकका पसेरा, इनर्वा फूलबडिया, सिस्वा बेलही, कल्याणपुर, खोजपुर, मैन्हा सहश्रबाहु र वनौली गा.वि.स. ले विभिन्न २३ व्यक्ति तथा संस्थालाई घर भाडा, प्रशिक्षक भत्ता, लेखापरीक्षण पारिश्रमिक, परामर्श शुल्क लगायतका रकम भुक्तानी गर्दा रु.७७,५६४।- अग्रिम कर कट्टी गरेको नपाइएकाले सम्बन्धितबाट असुल हुनु पर्दछ ।

८. **कार्य सम्पन्न प्रतिवेदन** – साविक खोजपुर गा.वि.स.बाट भएको सार्वजनिक योग भवन, पोखरी निर्माण र विद्युतीकरण समेत ३ निर्माण कार्य र मैन्हा सहश्रबाहु गा.वि.स.बाट विभिन्न वडामा भएका ४ सडक ग्राभेल कार्यको लागि क्रमशः रु.४७५,०००।, रु.८६७,७५०। समेत रु.१३,४२,७५०।- भुक्तानी भएकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन पेश हुनुपर्दछ ।

९. **बढी भुक्तानी–** नगरपालिका वडा नं. ८ साविक खोजपुर ५ मा ग्रामीण विद्युतीकरण वापतको कूल बिल रकम रु.२,४९,१७९।- मा जनसहभागिता वापत १० प्रतिशतले हुने रु.२४,९१७।- कट्टी गर्नु पर्नेमा रु.१७९।- मात्र कट्टी गरेको पाइको जसको कारणबाट नगरपालिकाको तर्फबाट रु.२४,७३९।- बढी भुक्तानी भएको हुँदा उक्त रकम असुल गर्नुपर्दछ ।

१०. **स्वामित्व प्रमाण** – एक थान मोटरसाईकल आपूर्ति वापत शिव ट्रेडिङ्ग एण्ड सप्लायर्स, लाहानलाई रु.२,४५,९००।- भुक्तानी दिएकोमा उक्त मोटरसाईकल कार्यालयको नाममा दर्ता भएको प्रमाण संलग्न नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.७० लाख ६४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.१ लाख ४ हजार नियमित गर्नुपर्ने रु २९ लाख ९१ हजार र पेश्की बाँकी रु.३९ लाख ६९ हजार रहेको छ ।

## शम्भुनाथ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.३६ लाख ८ हजार र यो वर्षको आय रु.१३ करोड ८ लाख ५० हजार समेत जम्मा रु.१३ करोड ४४ लाख ५८ हजार आम्दानी भएकोमा रु.१२ करोड ७६ लाख ८४ हजार खर्च भई रु.६७ लाख ७४ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **मौज्दातः** नगरपालिकाबाट पेश भएको आय व्यय विवरणमा विभिन्न ३ बजेट उप शीर्षकमा कोष तथा लेखा नियन्त्रक कार्यालयले देखाएकोभन्दा रु.१८,४४,९०८।- बढी आय तथा व्यय देखाएको पाइयो र यस सम्बन्धमा यकिन हुनुपर्दछ।

२. **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा ऐनको दफा १२६ को उपदफा ६ को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधि भित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा, दस्तुर भाडाबाट उठाएको कूल रकमको २५ लाखसम्म आन्तरिक आम्दानी हुनेले अधिकतम ६० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यको लागि खर्च गर्न नपाइने उल्लेख छ। सो अनुसार यस नगरपालिकाको यस वर्षको आन्तरिक आम्दानी रु.रु.२०,८९,६९१।- को ६० प्रतिशतले हुने रु.१२,५३,८१४।- र अनुदान रु.४५,९०,०००।- समेत रु.५८,४३,८१४।- मात्र प्रशासनिक खर्च गर्न पाउनेमा रु.१,३४,३८,७८४। खर्च लेखेको देखियो। तोकिएको सीमाभन्दा रु.१,४४,३८,२३६।- बढी खर्च लेखेको नियमसम्मत देखिएन। प्रशासनिक खर्च बढी हुनु खर्चमा मितव्ययिता नअपनाउनु प्रमुख कारण देखिन्छ र नियमले तोके भन्दा बढी प्रशासनिक खर्च गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

३. **धरौटी –** यो आर्थिक वर्षको अन्त्यमा रु.५,७७,०३८ र धरौटी बाँकी देखिएकोमा कसको के वापतको कति धरौटी हो सोको विवरण (व्यक्तिगत धरौटी विवरण) पेश हुन आएन। त्यस्तो विवरण अद्यावधिक गर्नुपर्दछ।

४. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ। यस कार्यालयले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म यस नगरपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ। आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका व्यहोरा पनि फछ्र्यौट गरेका छैनन्। आन्तरिक लेखापरीक्षण औंल्याइएका बेरुजू समयमै फछ्र्यौट हुनुपर्दछ।

५. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन। सम्पत्ति हस्तान्तरण नहुँदा हराउने एवम दुरुपयोग हुनसक्ने देखिएको छ र गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्ति समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन्। अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

७. **खर्चको अभिलेख** – नगरपालिकाबाट भएका विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्यांकन रकमको ३ प्रतिशतले हुने रकम अग्रिम खर्च लेखी बैंक खर्च लेख्न बांकी राखी उक्त रकम पटक पटक विभिन्न सामान खरिद तथा भैपरी आउने शिर्षकको विल भरपाई राखी खर्च लेख्ने गरेको पाइयो । खर्चमा समावेश भएको कन्टिन्जेन्सी रकमको अभिलेख राखेको नपाइएकोले रकम वास्तविक खर्च यकिन गर्न सक्ने अवस्था देखिएन । अत: कण्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च यकिन हुने अभिलेख राख्नु पर्दछ।

८. **जिन्सी दाखिला** – विद्युतीय हाजिरी सफ्टवेयर जडान कार्यको लागि सफ्ट टेक इनफोसिस प्रा.लि., काठमाडौँलाई रु.१,४९,१६०।- भुक्तानी गरेकोमा खर्चमा सो मेशिन जिन्सी दाखिला गरेको नपाइएको साथै उक्त मेशिन हालसम्म प्रयोगमा ल्याएको समेत देखिएन ।

९. **दाखिला तथा वितरण–** महिला लक्षित कार्यक्रम अन्तर्गत सुत्केरी खाट, टेबुल, ईपि.आई.बत्ति, वच्चाको बेड, कुर्ची आदि खरिद गरी बायो मेडिकल सोलुसन, विराटनगरलाई रु.२२२,५०६।- र रोज इण्टरनेशनल, विराटनगरलाई रु.८१,५०१।- समेत जम्मा रु.३,०४,००७।- मिति २०७३।८।१२ मा भुक्तानी खर्च लेखेकोमा उक्त मालसामान जिन्सी दाखिला भएको नदेखिएको साथै खरिद भएका त्यस्ता सामग्री वितरण गरेको भर्पाई समेत पेश नभएकोले उल्लेखित प्रमाण कागजात पेश हुनुपर्दछ ।

१०. **जिन्सी स्रेस्ता** – नगरपालिकाबाट खरिद भएका विभिन्न मालसामान तथा मेशिनरी औजारहरुको अद्यावधिक स्थिति देखिने गरी जिन्सी खाता प्रयोगमा ल्याएको पाइएन । जिन्सी सामान आम्दानी तथा खर्च कम्प्युटरमा मात्र प्रविष्ट गरी त्यसको लूज शीटमा राखेको पाइयो । तसर्थ नियमानुसार जिन्सी अभिलेख खाताहरु राखी प्रमाणित समेत गरी जिन्सी स्रेस्ता खडा गरी राख्नु पर्दछ ।

११. **बैंक दाखिला** – निर्माण व्यवसायी कर, रोलर भाडा र धरौटी दाखिला खर्च लेखेकोमा सम्बन्धित खाताहरुमा जम्मा भएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

१२. **अनुपातिक कट्टीः** नगरपालिकाको वडा नं.६ अर्न्तगत लतयाही सडक निर्माण कार्यको लागत अनुमान रु.१,७८,८५८ ।- मध्ये जनश्रमदान वापत २० प्रतिशतले हुने रु.३५,७७२ कटाई रु.१,४३,०८७ ।- नगरपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिसंग संम्झौता भएको देखिन्छ। उक्त कार्यको प्राविधिक मूल्यांकन रु.१,७९,३६३ ।- भएको आधारमा श्रमदान वापत २० प्रतिशतले हुने रु.३५,८७३।- कटाई रु.१,४३,४९० ।- मात्र भुक्तानी गर्नु पर्नेमा रु.१,७०,३९५।- भुक्तानी गरेको देखिएकोले बढी भूक्तानी भएको रु.३०,४९१।- असुल हुनुपर्दछ ।

१३. **कार्य अभिलेख** – राजमार्ग देखि शम्भुनाथ बाबा मन्दिरसम्मको बाटो कालोपत्रे गर्ने कार्यको अन्तिम बिल वापत रु.५५५३१७ र अन्तिम बिलसम्म रु ३०,६४,२२४। खर्च लेखेकोमा नापी किताब राखेको नपाइएको साथै कार्यालयको रोलर प्रयोग गरे वापत प्रति घण्टा रु.२ हजार भाडा तिर्नु पर्ने उल्लेख भएकोमा उक्त कार्यमा रोलर प्रयोगको अभिलेख राखेको देखिएन र भाडा वापत रु.५५,०००।- कट्टा गरेको छ। लगबूक पेश नभएबाट उक्त खर्च यकिन गर्न सकिएन ।

१४. पार्किङ्ग स्थल र ग्यारेज निर्माण कार्यको लागि रु.१५,३६,३५३।- को लागत अनुमान स्वीकृत भएकोमा उक्त कार्य सार्वजनिक खरिद नियमावली अनुसार सिलबन्दी दरभाउपत्रद्धारा नगरी नगरपालिका आफैंले कार्य गरी रु.१५,०५,५७०।- खर्च लेखेको देखियो । यसरी प्रतिस्पर्धा तथा मितव्ययिता बेगर कार्य गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

१५. **पेश्की–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने व्यवस्था छ। यस नगरपालिकाबाट गत विगत वर्षमा विभिन्न ११० पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.५०,९१,७९९/- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष ८ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.२३,२३,५००/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१६. **अग्रिम कर** – विभिन्न मालसामान खरिद वापत ओम शान्ति देव ट्रेडर्सलाई रु.१,१६,१०७।- भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ अनुसार १.५ प्रतिशतले हुने अग्रिम कर रु.१,५४१।- कट्टी गरेको नपाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१६.१ आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम ठेक्का वा करारको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्नेमा जय शिव इँटा उद्योग र रोशन हार्डवेयरलाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नभएको रु.१,९२३।-

कभर्ड हल निर्माण कार्यको लागि विभिन्न सामग्री आपूर्तिका लागि ३ फर्महरुलाई भुक्तानी गर्दा अग्रिम कर कट्टी नभएको रु.१२,३२०।- असूल हुनुपर्दछ ।

१७. **सोधभर्ना –** सम्झौता अनुसार यस आयोजनामा भएको कूल खर्चमध्ये नगरपालिका अनुदानबाट ३५ प्रतिशत, उपभोक्ता समितिबाट १५ प्रतिशत र नगर क्षेत्र पूर्वाधार कार्यक्रमबाट ५० प्रतिशत खर्च लेख्नु पर्ने देखिन्छ र कूल खर्च रु.४१,५५,३२०।- मध्ये नगरपालिका अनुदानबाट ३५ प्रतिशतले हुने रु.१४,५४,३६२।- खर्च लेख्नु पर्नेमा रु.१०,०९,१८०।- मात्र खर्च लेखी बाँकी रु.४,४५,१८२।- नगर क्षेत्र पूर्वाधार कार्यक्रममा थप गरी खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रकम नगरपालिका अनुदानबाट सोधभर्ना हुनुपर्दछ ।

१८. **सार्वजनिक लेखापरिक्षण** – यस नगरपालिकाबाट रु.४२,५०,०००।- र उपभोक्ता समितिबाट रु.७,५०,०००।- गरी जम्मा रु.५०,००,०००।- मा सडक निर्माण कालोपत्रे गर्ने गरी मिति २०७४।१।१५ मा उपभोक्ता समिति र कार्यालय बीच सम्झौता भएको देखिन्छ । मिति २०७४।३।२५ को कार्य सम्पन्न प्रतिवेदन अनुसार उक्त सडक निर्माण कार्यमा रु.४२,५३,१११।- खर्च भएको देखिन्छ । संशोधिन लागत अनुमान अनुसार काम सम्पन्न भएको उक्त योजनाको उपभोक्ता भेलाबाट निर्माण कार्य पुरा भएको निर्णय गराई अनुमोदन भएको देखिएन।

१९. **शम्भुनाथ ट्राफिक हटिया :** नगरपालिकाको बजेटबाट रु.४२,५०,०००।- र उपभोक्ता समितिको योगदान रु.७,५०,०००।- गरी जम्मा रु.५०,००,०००।- को योजना सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उपभोक्ता समितिबाट रु.६,००,०००।- मात्र जम्मा भएको देखियो । उपभोक्ता समितिको योगदानमा नपुग रकम रु.१,५०,०००।- असूल गरी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्दछ ।

२०. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम ठेक्का वा करारको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । रेलिङ्ग र एंगल सेटिङ्ग समेतको निर्माण कार्य गरे वापत माँ लक्ष्मी मर्मत केन्द्र, साहनपुर २, सप्तरीलाई रु.१,६०,०००।- भुक्तानी दिएकोमा वीजक पेश नभएकोमा भुक्तानी दिंदा आयकर ऐन, अग्रिम कर कट्टी गरेको नदेखिएकोले अग्रिम कर वापतको रु.२,४००।- तथा २ सप्लायर्सबाट रु.४१,९७७।- समेत रु.४४३७७।- असूल हुनुपर्दछ ।

२१. **इन्धन खर्च** – इन्धन वापत खर्च भुक्तानी गर्दा सवारी साधन प्रयोग देखिने लगबूक राखी मितव्ययी तवरले इन्धन खर्च लेख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस्तो अभिलेख बेगर मितिमा रु.७१२,८४०।- इन्धन खर्च लेखेको देखियो र यसरी खर्च लेख्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२२. **तालिम संचालनः** सीपमूलक तालिम र बालश्रम, वालविवाह, बाल हिंसा विरोधी जनचेतना कार्यक्रम संचालनको लागि अध्यक्ष बौवालाल यादवलाई २०७४।१।१२ मा रु.३,००,०००।- भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम प्रशिक्षक भत्तामा कट्टी भएको अग्रिम कर रु.९,१५०।- दाखिला भएको नदेखिएकोले उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

२३. **सम्झौताः** फोहर व्यवस्थापन अर्न्तगत स्थान निर्माण कार्यको लागि सेभ द नेपाल, सप्तरीलाई गएको पेश्की रु.८,८०,०००।- फछ्यौंट गरेकोमा उक्त कार्यको सम्झौता पेश नभएको साथै उक्त खर्चमा अग्रिम कर कट्टी समेत भएको नपाइएकोले अग्रिम कर वापतको रु.१३,२००।- असूल हुनुपर्दछ ।

२४. **अनुपातिक कट्टी :** राजमार्ग देखि मदन नि.मा.वि सम्मको सडक निर्माणको लागि रु.३,००,२८८।- खर्च भएको प्राविधिक मूल्यांकनबाट देखिन्छ । उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार जे.सी.बी ३१ घण्टाको रु.६२,०००।- र रोलर २ घण्टाको रु.१,२००।- समेत रु.६३,२००।- कट्टा गरी उपभोक्ता समिति गर्नुपर्नेमा रु.२९,०००।- मात्र कट्टा गरेको पाइएकोले नपुग रु.३४,२००।- उपभोक्ता समितिबाट असुल हुनुपर्दछ ।

२५. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत वनेको नियम वमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । कार्यालयले नगरपालिकाको वडा नं.६ मा आर.सि.सि. सडक निर्माण कार्य विभिन्न ३ निर्माण व्यवसायीबाट खुला दरभाउपत्रको माध्यमबाट गराई रु.१३,२२,१५५।- खर्च लेखेको पाइयो र यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२६. **मेशिन भाडा अभिलेख** – नगरपालिकाको ब्याक हो लोडर रोलर मेशिन प्रयोग गरी विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा रकम कट्टा गरेको देखिन्छ । नगरपालिकाको निर्णयानुसार नगरपालिकाबाट संचालन भएको योजनामा प्रतिघण्टा रु.१,०००।- र नगरपालिका योजना बाहेकमा प्रतिघण्टा रु.२,५००।- भाडा लिने उल्लेख छ । यस निर्णय पूर्व के कति भाडा असुल गर्ने भन्ने निर्णय भएको देखिएन र कार्यालयको ठुला मेशिन भाडामा दिंदा सो मेशिन बहिर्गमन, आगमन र प्रयोग भएको अभिलेख तथा लग शीट राख्नुपर्नेमा राखेको पाइएन । जसले गर्दा उक्त कट्टी रकम यथार्थ छ भनी यकिन गर्न सकिने आधार भएन ।

२७. **मेशिनको गुणस्तर–** एक भाइब्रेटरी कम्प्याक्टर आपूर्ति वापत फोर्स कन्स्ट्रक्सन एण्ड एशोसिएट्स प्रा.लि., ललितपुरलाई मिति २०७३।६।४ रु.३५,१०,०००।- भुक्तानी गरेको छ । उक्त खरिद कार्य बोलपत्रको माध्यमबाट गरेको भनिएकोमा ठेक्का स्वीकृति फाइल पेश नभएको साथै उक्त मेशिन निर्धारित स्पेसिफिकेशन अनुसार

भए, नभएको प्राविधिक जाँच प्रमाण समेत पेश भएको छैन र मिति २०७३।३।२९ मा भएको सम्झौता अनुसार ३० दिन भित्र कार्य सम्पन्न हुनु पर्नेमा उक्त मेशिन २०७३।९।१९ मा मात्र कार्यालयको स्वामित्वमा आएको देखिन्छ, म्याद थप भएको प्रमाण पनि पेश नभएकोले उल्लेखित प्रमाण कागजात पेश हुनुपर्दछ ।

२८. **बीमा प्रमाण** – नगरपालिका वडा नं. ६ मा आर.सि.सि. सडक निर्माण कार्यको अन्तिम बिल वापत निर्माण व्यवसायी श्री तिरुपति निर्माण सेवालाई रु.१,७३,१६३।- भुक्तानी गर्दा बीमा वापत रु.१,१३,५९६।- भुक्तानी गरेकोमा बीमा गरेको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा बीमा वापत भुक्तानी गरेको रु.१,१३,५९६।- असुल हुनुपर्दछ ।

२९. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम ठेक्का वा करारको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ र विभिन्न ७ सप्लायर्सलाई भुक्तानी गर्दा अग्रिम कर कट्टा नभएको रु.२४६६३।- रकम असुल हुनुपर्दछ ।

३०. **भौचर पेश नभएको:** मिति २०७४।१।१९ मा अग्रिम कर दाखिला भनी रु.४९७६४।- खर्च लेखेकोमा उक्त कर दाखिला भौचर संलग्न नभएकोले दाखिला भौचर पेश हुनुपर्दछ ।

३१. **बिल, भर्पाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम नियम २५ मा नगरपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्नगरी खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले ट्राफिक चोकदेखि पश्चिमबारी टोलसम्म ग्राभेल सडक निर्माण कार्यको लागिरु.१,६१,९८२।-, ट्राफिकचोक देखि कठौना बजार पश्चिमपट्टी लाईनमा मुख्य राजमार्ग देखि दक्षिणतर्फ जाने सडकको स्तरोन्नती र नाला निर्माण कार्यको लागिरु.२५,४९,१३५।-, वडा नं.८ को सडक निर्माण कार्यको लागिरु.४,९८,०४६।- समेत रु ३१०९१६३।- भुक्तानी गरेकोमा निर्माण कार्यको बिल, भरपाई पेश हुन नआएकोले खर्च पुष्ट्याइँ गर्ने बिल, भर्पाई पेश हुनुपर्दछ ।

३१.१ नगरपालिका वडा नं. ७ र ८ को वडा कार्यालय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री लक्ष्मण निर्माण सेवालाई रु.४,०१,६६३।- भुक्तानी गरेकोमा निर्माण कार्यको बिल, भरपाई पेश हुन नआएकोले खर्च पुष्ट्याइँ गर्ने बिल, भर्पाई पेश हुनुपर्दछ ।

३२. **कर:** नगरपालिका ११ मा अधुरो सडक निर्माण खर्चमा उपभोक्ता समितिबाट रु.५,०००।- रोलर भाडा कटाई भुक्तानी गर्ने सिफारिश भएकोमा कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

३३. **बढी भुक्तानी :** नगरपालिका वडा नं. ८ पोखरियामा वडा कार्यालय भवन निर्माणको प्रथम चरणको मूल्यांकित रकम रु.२२,०२,११९। मा लागत अनुमानको २ प्रतिशतले रु.४४,०४२। मात्र कन्टिन्जेन्सी कटाई खर्च लेख्न मिल्नेमा रु.५६,१५४। खर्च लेखेकोले बढी खर्च लेखेको रु.१२,११२।- असूल हुनुर्पछ ।

३४. **लागत अनुमान :** नगरपालिका वडा नं. ८ पोखरियामा वडा कार्यालय भवन निर्माणको प्रथम चरणको मूल्यांकित रकम रु.२७,३२,७९८।- मा १५ प्रतिशत श्रमदान रु.४,०९,९२०।- कटाई रु.२३,२२,८७९।- उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । सो कार्यको लागत अनुमान पेश नभएकोले उक्त डकुमेण्ट पेश हुनुपर्दछ ।

३५. **कार्य सम्पन्न प्रतिवेदन:** आर.सि.सि. सडक निर्माणको लागि मिति २०७४।३।२८ मा निर्माण व्यवसायी श्री अन्नपूर्ण कन्स्ट्रक्सन, मलेठलाई रु.४,९०,४५५।- भुक्तानी गरेकोमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएकोले उक्त प्रतिवेदन पेश हुनुपर्दछ ।

३६. **प्रगति प्रतिवेदन** – वार्षिक कार्यक्रम अनुसार भए गरेको कार्यको वार्षिक प्रगति प्रतिवेदन तयार भएको पाइएन र जसबाट खर्च तथा कार्य प्रगति सम्बन्धमा आश्वस्त हुने स्थिति नहुने हुँदा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ करोड २३ लाख ३३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.१ लाख ७७ हजार नियमित गर्नुपर्ने रु.२ करोड ९८ लाख ३२ हजार पेश्की बाँकी रु.२३ लाख २४ हजार रहेको छ ।

## सुरुङ्गा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.१७ लाख ५० हजार र यो वर्षको आय रु.१० करोड १० लाख ४६ हजार समेत जम्मा रु.१० करोड २७ लाख ९६ हजार आम्दानी भएकोमा रु.१० करोड ७ लाख ११ हजार खर्च भई रु.२० लाख ८५ हजार मौज्दात रहेको देखिन्छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्

१. **लेखापरीक्षण –** साविक हरिपुर गा.वि.स.को २०७०।७१ देखि लेखापरीक्षण नभएको गा.वि.स सचिवबाट जानकारी प्राप्त भएको छ र २०७३।७४ को आ.ले.प. प्रतिवेदन र बैंक स्टेटमेण्टलाई आधार लिई गत वर्षको मौज्दात यकीन गरी आ.व.२०७३।७४ को लेखापरीक्षण सम्पन्न गरिएकोछ । साविक कुशाहा गा.वि.स.को २०७२।७३ को लेखापरीक्षण र २०७३।७४ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश हुन नआएकोले बैंक स्टेटमेण्टको आधारमा २०७३।७४ को शुरु मौज्दात रु.५१७,८७३।- यकिन गरी चालु वर्षको कारोबारको लेखापरीक्षण गरिएको छ । गत वर्षको ले.प. प्रतिवेदन पेश नभएको कारण गत विगत वर्षको पेश्की यकिन हुन सकेको छैन ।

१.१ साविक पिप्रा पश्चिम गा.वि.स.को बाल मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन वापत विभिन्न ३ कर्मचारीलाई रु.४६०,०००।- भुक्तानी खर्च लेखेकोमा सो खर्चका सक्कल श्रेस्ता जि.वि.स.मा पठाइएको उल्लेख गरी सेस्ता पेश नभएको हुँदा सो खर्चको लेखापरीक्षण भएको छैन ।

२. **नगद मौज्दातः** साविक पटेर्वा गा.वि.स.का प्रा.स. रमाकान्त चौधरीसँग आन्तरिक श्रोत तर्फको रु.३४११।- नगद जिम्मा रहेको देखिएकोले उक्त रकम अविलम्ब असुल गरी नगरपालिकाको खातामा दाखिला हुनुपर्दछ।

२.१ सुनौला हजार दिन कार्यक्रम संचालनको लागि जि.वि.स.बाट गा.वि.स. हरुलाई उपलव्ध गराउने गरी प्राप्त भएको रकम मध्ये रु.१,४४,०००।- नगरपालिका आफैंले खर्च गरेको छ ।

३. **बैंक मौज्दातः** संघीय संरचना कार्यक्रममा निकासा भएको रु.१,००,००,०००।- मध्ये रु.४६,९६,२६८।- खर्च भएको र रु.१५,७२५।- को.ले.नि.का. फिर्ता भएको समेत रु.४७,११,९९३।- घटाउँदा बाँकी हुने रु.५२,८८,००६।- को बैंक मौज्दात प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

४. **राजस्व स्रेस्ता –** नगरपालिकाबाट पेश भएको राजश्वको आर्थिक विवरण अनुसार रु.९७,५०८।- राजश्व आम्दानी भएको देखाएको छ । उक्त राजश्वको शीर्षकगत आम्दानी खुल्ने गरी स्रेस्ता खडा गरेको देखिएन।

५. **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम ठेक्का वा करारको भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । सोफासेट खरिद वापत मिति २०७४।३।२८ मा कालिका कम्प्यूटर एण्ड सप्लायर्सलाई रु.७०,६२५।- र विभिन्न कार्यालय सामान वापत सफ्ट जेमलाई रु.७३,३७५।- भुक्तानी गरेकोमा सो भुक्तानीमा १.५ प्रतिशतले हुने रु.२,०३८।- अग्रिम कर कट्टी गरेको नदेखिएकोले अग्रिम कर वापतको उक्त रकम असुल हुनुपर्दछ ।

६. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । नगरपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएकोमा सोबाट औंल्याइएका बेरुजू समेत गा.वि.स.हरुले फछ्र्यौट गरेका छैनन् । अतः आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु फछ्र्यौट हुनुपर्दछ ।

७. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ र साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म नगरपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु । सो विवरण उल्लेख नभएका सम्पत्ती यकिन गरी स्वामित्वमा लिनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

९. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाटगत विगत वर्षमा विभिन्न ४७ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.३९,४८,३८९/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष १४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.३६,४६,३५०/–फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१०. **बिल, भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक पिप्रा पश्चिम, मधुपट्टी र दौलतपुर गा.वि.स. बाट विभिन्न मितिमा रु.१,३६,२९३।- खर्च पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च तथा बढी भुक्तानी समेत गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

१०.१ साविकका हर्दिया, पिप्रा पश्चिम, हरिपुर, पटेर्वा, कुशाहा, मलहनमा र टिकुलिया गा.वि.स. का वडा समेतबाट सडक मर्मत तथा निर्माण, विद्युतीय सामान खरिद, औषधी खरिद, क.सं. कोष दाखिला लगायतका १७ कार्य उल्लेख गरी रु.३४,४०,७१६।- खर्च लेखेकोमा कतिपयको बिल, भरपाई, लगबूक तथा कतिपयको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च पुष्ट्याइँ हुने आधार प्रमाण पेश हुनुपर्दछ ।

११. **अधुरो कार्य** -सुरुङ्गा नगरपालिका वडा नं. ९ को नयाँ कल्भर्टदेखि ट्रान्सफर्मरसम्म सडक ग्राभेलको मिति २०७४।३।१८ मा उपभोक्ता समितिलाई कूल रु.२,८६,१७८।, उपभोक्ताको १० प्रतिशत अनुदान वापत रु.४३,७७८।- ३ प्रतिशत कन्टीन्जेन्सी रु.७,५००।- कटाई रु.२,५०,०००।- मा कार्य गर्ने सम्झौता भएकोमा रु.१,७८,८००।- भुक्तानी दिएको देखियो । यसरी सम्झौता अनुसार कार्य नगरी बीचैमा काम छाड्ने उपभोक्ता समतिलाई कालो सूचीमा राख्नुपर्दछ ।

१२. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै बैक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा समाहित भएका गा.वि.स.हरुले आन्तरिक श्रोतको रकम नगद आम्दानी गरी नगद बाटै खर्च गरेको पाइयो । नगदबाट कारोबार गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१३. **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम सेवा शुल्क, भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा साविकका हर्दिया, पिप्रा पश्चिम, मधुपट्टी, कुशाहा, हरिपुर, मलहनवा, दौलतपुर र टिकुलिया गा.वि.स. ले विभिन्न १४ व्यक्ति तथा संस्थालाई घर भाडा, प्रशिक्षक भत्ता, लेखापरीक्षण पारिश्रमिक, परामर्श शुल्क, मालसामान आपूर्ति लगायतका रकम भुक्तानी गर्दा रु.७,५०७।- अग्रिम कर कट्टी गरेको नपाइएकाले सम्बन्धितबाट असुल हुनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड २७ लाख ६६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.१ लाख ४९ हजार नियमित गर्नुपर्ने रु ८९ लाख ७१ हजार र पेश्की बाँकी रु.३६ लाख ४६ हजार रहेको छ ।

# हनुमाननगर कङ्कालिनी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.१७ लाख ९५ हजार र यो वर्षको आय रु.१६ करोड २१ लाख २१ हजार समेत जम्मा रु.१६ करोड ३९ लाख १६ हजार आम्दानी भएकोमा रु.१४करोड ७५ लाख ६७ हजार खर्च भई रु.१ करोड ६३ लाख ४९ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिम्मेवारी** – साविकका गाउँ विकास समितिमा २०७३ फागुन २७ मा मौज्दात रहेको रकम जिम्मेवारी सार्नुपर्नेमा उक्त मितिमा मौज्दात रहेको रकम भारदह गाउँ विकास समितिले रु.१,१८,७७२।-, पर्ताहा गाउँ विकास समितिले रु.४,६०,६८६।-, राम्पुरा मल्हनियाँ गाउँ विकास समितिले रु.११०। र मधवापुर गाउँ विकास समितिले रु.१,१०,६७६।- समेत रु.६,९०,१३४।- जिम्मेवारी सारेको नपाइएकोले नियमानुसार जिम्मेवारी सारी आम्दानी बाँध्नुपर्दछ ।

२. **लेखापरीक्षण** – यस आर्थिक वर्षको लेखापरिक्षण हुँदा सुनौलो हजार दिन कार्यक्रम र सिमा विकास कार्यक्रमको लेखापरिक्षण हुन सकेको छैन ।

३. **धरौटी:** गत वर्षको जिम्मेवारी रु.९१५,९७२।- र आम्दानी रु.१३४,५००।- समेतबाट रु ८०३,७२१।- खर्च खर्च भई बाँकी रु १७९,९७२।- देखाएकोमा सो कारोबारको स्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन।

४. **आर्थिक विवरण :** तत्कालीन गा.वि.स.हरु र हालका वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल श्रेस्ता जिल्ला समन्वय समितिमा पठाईएकोले सो को लेखा परिक्षण गरिएको छैन ।

४.१ हनुमाननगर योगिनीमाई नगरपालिकाबाट तयार गरी पेश भएको १०,४३,६९,५७१।- को खर्च रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित भै नआएकोले खर्च यकिन गर्न सकिएन।

५. **लेखापरीक्षण प्रतिवेदन–** २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनमा उल्लेखित योजनागत पेश्की, बेरुजू लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरु अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पद्धतिको विकास गरेको देखिएन । साथै जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीको आ.व. २०७३।०७४ को आन्तरिक लेखापरीक्षणमा औंल्याइएका कैफियत एवं बेरुजूहरुको लगत राखेको छैन भने साविक गाउँ विकास समिति र हालका वडाहरुले आन्तरिक लेखापरीक्षण समेत गराएका छैनन् ।

६. **फरक मौज्दात** – चालु खर्चतर्फ ३ वटा बजेट उप शीर्षकमा श्रेस्ता अनुसार रु.६२१,३५७- बाँकी देखाएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.२३,६९,२०२।- देखाएकोले फरक रकम रु.१७,४७,८४४।- तथा पूँजीगततर्फ श्रेस्ता अनुसार ४४,२७,४२८।- देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.२,५३,४९,२०३।- देखिएकोले फरक रु.२,०९,२१,७७५।- समेत जम्मा फरक रकम रु.२,२६,६९,६२०।- का सम्बन्धमा बैंक हिसाब मिलान गराएको प्रमाण पेश हुनुपर्दछ ।

७. **लेखाप्रणाली** – स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम नगरपालिकाको स्रेस्ता दोहोरो लेखा प्रणाली अनुसार राख्नुपर्नेमा सो अनुसार राखेको पाइएन ।

८. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अत: प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

९. **राजश्व असुली एवं दाखिला** – गरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको

छैन । यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन । वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ । विभिन्न मितिमा विभिन्न शिर्षकबाट कति रकम कुन भौचरबाट भुक्तानी भयो सोको यकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाइएन ।

१०. **श्रोत नक्सांकन** – स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिका र नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

११. **बरबुझारथ** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । साथै लेखापरीक्षणको क्रममा गत २०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित जिन्सी मौज्दात विवरण र पेश्की योजनागत विवरण प्राप्त भएको देखिए पनि नगरपालिकामा अभिलेखीकरण गरेको छैन ।

१२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिण्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान् समानहरु जिम्मेवारी सारेको छैन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरी गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

१३. **स्थानीय संचित कोष** – स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ मा गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

१४. **बेरुजू अभिलेख र फछ्र्यौट** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । नगरपालिकाले बेरुजू अभिलेख, पेश्की बांकीको विवरण तथा सो को फछ्र्यौट्को अद्यावधिक अभिलेख राखेको पाइएन ।

१५. **बढी खर्च** - गत वर्षको जिम्मेवारी समेत कूल आम्दानी रु.२५,१४,७७७- भएकोमा यस वर्ष कूल खर्च रु.२९,३३,८७७- गरेकोले बढी खर्च गरेको रु.४१९,१००- वडाहरुबाट प्राप्त रकमबाट खर्च गरेको देखाएको छ र वडाको बजेट खर्च गर्दा परिषद्को निर्णय संलग्न नभएकोले उक्त बढी खर्च नियमसम्मत देखिएन ।

१५.१ विभिन्न मितिमा रु.७,४१,२८०- फर्निचर तथा मेशिनरी औजारहरु जिन्सी दाखिला भएको नदेखिएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम स्थायी लेखा, मूल्य अभिवृद्धि कर दर्ता भएका फर्महरुसँग मात्र खरिद गर्नु पर्नेमा दर्ता नभएका फर्महरुबाट त्यस्ता माल सामान खरिद गरेको नियमसम्मत देखिएन ।

१६. **प्रतिवेदन** - सामाजिक परिचालकहरुले नागरिक वडा मञ्च गठन गर्न प्रति ब्यक्ति रु.१६,०००।- का दरले ४ जनालाई रु.६४,०००।- भुक्तानी दिएकोमा एक जनाबाट मात्र प्रतिबेदन प्राप्त भएको अन्यको प्राप्त नभएकोले रु.४८,०००।- को प्रतिबेदन पेश हुनु पर्दछ ।

१७. **बढी खर्च** - बाट बालमैत्री घोषणको लागि रु १००,०००।- विनियोजन भएकोमा मिति २०७४/३/२८ मा रु.१५००००।- खर्च लेखेको पाइयो र लक्षित विद्यार्थीलाई कुन कुन ठाउामा लगिएको सो उल्लेख नभएको र प्रतिबेदन समेत सम्लग्न छैन र प्रतिवेदन बेगर तथा विनियोजन भन्दा रु.५०,०००।- बढी खर्च लेखेको नियमित देखिएन ।

१८. **खर्चका प्रमाण** – कार्यक्रम सि.डि. निर्माण खर्च वापत मिति २०७४/३/२८ मा २००,०००।- खर्च लेखेकोमा सो रकम कस्ले बुझको हो, नखुलेको र कार्यक्रम रेडियो टि.भि.बाट प्रसारण गर्ने भनिएकोमा सो समेत भएको नदेखिएकोले सो को प्रमाण पेश हुनु पर्दछ ।

१९. विभिन्न ३ भौचरबाट मिति २०७४/१/२१ र १/२२ मा रु.२२१,०८८।- मूल्यको स्टेशनरी सामग्री खरिद गरी खर्च लेखेकोमा उक्त सामग्री जिन्सी दाखिलाको प्रमाण पेश हुनु पर्दछ ।

२०. **बिल भर्पाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ र नगरपालिको विभिन्न ३ भौचबाट इन्धन वापत १६३,५५३ ।- खर्च लेखेकोमा सो को बिल, भर्पाई तथा लगबूक संलग्न नरहेकोले पेश हुनुपर्दछ ।

२१. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न मेशिनरी सामान तथा कार्यालय सामान विभिन्न मितिमा ६ वटा गोश्वारा भौचरबाट पटक पटक गरी रु.२३,४४,६७९।- को खरिद गरी खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२२. **सम्झौता बेगर खर्च** - कार्यालयले राम जानकी मन्दिर उपभोक्ता समिति वडा नं. ६ को अधुरो भवन निर्माण उपभोक्ता समितिलाई रु.४,४५,५०१।- भुक्तानी भएकोमा उपभोक्ता समितिसँग भएको सम्झौता पेश नभएकोले पेश हुनु पर्दछ ।

२३. **खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम स्थायी लेखा र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएका फर्महरु संग मात्र खरिद गर्नु पर्ने प्रावधान रहेकोमा सो अनुसार दर्ता नदेखिएका विभिन्न ३ फर्मबाट रु.४१८,०८२। को मेशिनरी सामान तथा ल्यापटप खरिद गरेको नियमसम्मत देखिएन।

२४. **बिल भपाई** - बिल, भर्पाई संलग्न नगरी मिति २०७३/८/११ मा खर्च लेखेको रु.४५,०८७।- असूल हुनुपर्दछ।

२४.१ नगरपालिकाका वडा नं. १ देखि १० सम्मका खेलकुद सामग्री वितरण गरेको उल्लेख गरी मिति २०७४/२/२५ मा रु.१००,०००।- खर्च लेखेकोमा सामग्री वितरण गरेको विवरण तथा भर्पाई संलग्न नभएकोले उक्त प्रमाणहरु पेश हुनुपर्दछ ।

२५. **अग्रिम कर** - हिरा इँटा उद्योग र नूर हार्ड वेयरलाई भुक्तानी दिँदा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.३,६३०। असूल हुनुपर्दछ ।

२६. **सार्वजनिक सुनुवाइ** - विभिन्न ३ सडक निर्माण, एक शौचालय निर्माण र एक चौतारा निर्माण उपभोक्ता समितिलाई रु.९६४,२५१।- भुक्तानी गरेकोमा कार्य सम्पन्न पश्चात् स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार सार्वजनिक सुनुवाइ गरेको नपाइकोले सार्वजनिक सुनुवाइ गरिएको प्रमाण पेश हुनुपर्दछ ।

२७. **कार्य सम्पादन जमानत** - हनुमान मन्दिर देखि पश्चिम गोरिया टोलसम्म आर.सि.सि. सडक र पक्की नाली निर्माण गर्न बोलपत्र आव्हान भई २०७४/१/१२ मा आशुतोष निर्माण कम्पनीसँग सम्झौता भई अन्तिम बिल सम्म रु.५६,८६,४५८/– भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमवली, २०६४ को नियम ११०(४) अनुसार कार्य सम्पादन जमानतको मान्य अवधि त्रुटि सच्याउने समय पछिको मिति भन्दा एक महिना बढीको हुनु पर्ने उल्लेख छ । कार्यसम्पन्न गर्नुपर्ने म्याद २०७४/२/२५ रहेको आधारमा निर्माण व्यवसायीले २०७५।३।२५ सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा २०७५।१।१० सम्मको अर्थात् २.५ महिना घटी अवधिको पेश गरेको देखियो । निर्माण व्यवसायीको अन्तिम कार्य सम्पन्न गर्नु पर्ने मिति २०७४/२/२५ भएकोमा निजले म्याद थपको लागि म्याद समाप्त हुनुभन्दा एक हप्ता अगाडि निबेदन दिनुपर्नेमा २ दिन

अगाडि मात्र म्याद थपको निवेदन दिएको देखियो । सोही आधारमा कार्यालयले खरिद सम्झौताको म्याद थप गरेकोमा कार्य सम्पादन जमानतको म्याद थप गरेको समेत देखिएन ।

२८. **टुक्रा पारी निर्माण –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले ग्यारेज र गेट निर्माण कार्यलाई ५ लाखसम्मको ५ वटा प्याकेज बनाई उक्त विभिन्न ५ निर्माण व्यवसायी मार्फत् खुला दरभाउपत्रको माध्यमबाट गराई रु.२३,२१,९३७- खर्च लेखेको पाइयो र यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२९. **बढी खर्च** - महुली नदी बाँध मर्मतका लागि रु.२१८,०००.–विनियोजन भएकोमा विभिन्न मितिमा ३ पटक गरी उपभोक्ता समितिलाई २,६१,७८५।- भुक्तानी गरेको पाइएकोले विनियोजित बजेट भन्दा बढी खर्च रु.४३,७५०।-नियम सम्मत नभएको साथै उपभोक्ता समितिबाट कार्य सम्पन्न भएको निर्णय र सार्वजनिक सुनुवाइ समेत भएको नदेखिएकोले उक्त प्रमाणहरु समेत पेश हुनुपर्दछ ।

३०. **कार्यक्रम बेगर खर्च** - कल्भर्ट निर्माण र माटो पुर्ने कार्यको लागि मिति २०७४/३/२८ मा उपभोक्ता समितिलाई रु.९५७,७९६।- भुक्तानी गरेकोमा उक्त निर्माण कार्य स्वीकृत कार्यक्रममा समावेश भएको देखिएन । साथै उक्त कार्यलाई टुक्रा टुक्रा गरी विभिन्न मितिमा काम गराई एकमुष्ट रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले उक्त कार्य नियमसम्मत देएिन ।

३१. **खर्चको यथार्थता** - भ्यापर लाइट जडानको लागि श्री नुरानी कन्स्ट्रक्सन कम्पनिलाई रु.४८४,२५४।- भुक्तानी खर्च लेखेको छ र उक्त कार्यको लागत अनुमानमा मर्मत लागत रु.५,०००।-राखेकोमा नयाँ खरिदमा उक्त लागत आवश्यक नपर्ने देखिन्छ र उक्त कार्य मालसमान आपूर्ति मात्र हो वा जडान समेत हो, सो खुलाएको छैन र उक्त लाइट कुन कुन ठाउँमा जडान भएको सो नखुलाएको साथै जडान भएको भए सार्वजनिक सुनुवाई समेत भएको देखिएन ।

३२. **बिल, भरपाई** - चौधरी टोलमा पि.सि.सि. कार्य गरेको उल्लेख गरी रु.२६६,८८६।-खर्च लेखेकोमा उक्त कार्यको लागत अनुमान स्विकृत नभएको, उपभोक्ता समिति गठन भएको नदेखिएको, कार्य सम्पन्न प्रतिवेदन प्रमाणित नभएको, डोर हाजिरी प्रमाणित नभएको, कार्यक्रममा उक्त रकम स्विकृत भएको नदेखिएको, थप कार्य गराउने स्विकृति नदेखिएको, सम्झौता समेत भएको नदेखिएकोले निर्माण कार्यको यथार्थता यकिन हुन सकेन र अतः उल्लेखित प्रमाण कागजात पेश हुनुपर्दछ ।

३३. **बढी खर्च** - बाल प्रोफाईल तयार गर्न सनराईज नेपाल सोशल सर्भिससंग सम्झौता गरी मिति २०७४/३/३० मा रु.१६०,०००।- भुक्तानी भएकोमा उक्त प्रोफाईल पेश नभएको र सोको लागि स्वीकृत कार्यक्रम अनुसार रु.१०४,३६३।- बिनियोजन भएकोमा बढी खर्च समेत भएको रु ५५,६३७- नियमसम्मत् देखिएन ।

३३.१ नगर क्षेत्रको खर्च भनी मिति २०७४/३/३० मा रु.६०,७२,७३८।- खर्च लेखेकोमा कार्यालयको मिति २०७४/११/६ को पत्रानुसार जम्मा ३ आयोजनाको नगरपालिका अनुदान रु.६०,७२,७३८।- मध्ये वडा नं.९ को पि.सि.सि. ढलान खर्च ४८,७६,०३२।- मध्ये नगरपालिका अनुदानबाट २४,३८,०१०।- खर्च देखाइएको छ । दोश्रो नगर परिषद्को बैठकबाट सो आयोजनाको लागि विनियोजित रु.५० लाखमध्ये नगरपालिका अनुदानमा रु.१७,५०,०००।- मात्र बजेट पारित भएको देखिएकोले पारित बजेटभन्दा बढी खर्च लेखेको रु.६,८८,०१०।- नियमसम्मत् नदेखिएकोले सम्बन्धित कार्यक्रमा नै सोधभर्ना गर्नु पर्दछ ।

३४. **कन्टिन्जेन्सी खर्च** - बाँकी रहेको रकम कन्टिन्जेन्सी खर्च भनी मिति २०७४/३/३० मा रु ११,९४,२७६/– खर्च लेखेकोमा कुनै पनि निर्माण कार्यको कार्यक्रममा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी खर्चको व्यवस्था गरेको नदेखिएकोले यसरी खर्च लेख्न मिल्ने आधार पेश हुनुपर्दछ ।

३५. **कार्यक्रम संशोधन** - स्वीकृत कार्यक्रम अनुसार हृदय लालको घर देखि राष्ट्रिय प्रा.वि. सम्म पक्की नाला निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्य नगरी एकल बोर्डको निर्णयले वडा नं. ८ मा पि.सि.सि. ढलान निर्माण गराएको पाइयो । उपभोक्ता समतिबाट विभिन्न मितिमा पेश भएको ३ वटा रनिङ्ग बिल वापत रु.४९,५०,६२९।-भुक्तानी दिएकोमा उपभोक्ता समितिबाट कार्य सम्पन्न भएको र खर्च सार्वजनिक गरेको प्रमाण पेश पेश नभएको र उक्त आयोजना हस्तान्तरण समेत भएको देखिएन ।

३६. **कार्यक्रम बेगर खर्च** - हनुमान मन्दिर पि.सि.सि. कार्य र मर्मत उल्लेख गरी यस कार्यक्रमबाट रु.१२,८५,८०२।- नगरपालिका अनुदानबाट रु.१२३,५००।- समेत जम्मा रु.१४,०९,३०२/– उपभोक्ता

समितिका अध्यक्षलाई भुक्तानी भएकामा उक्त कार्य स्वीकृत कार्यक्रममा समावेश भएको नपाइएको साथै कार्य सम्पन्न भएको भनी खर्च सार्वजनिक गरेको समेत देखिएन ।

३७. **बढी खर्च** - नगरपालिकाले मिति २०७४/३/३० मा रु.१८६,८८०।- कन्टिन्जेन्सि खर्च खर्च लेखेकोमा रु.५०,०००।- मात्र मात्र ब्यबस्था भएको पाइयो र अतः बढी खर्च लेखेको रकम रु.१,३६,८८०।- नियमित हुनुपर्दछ ।

३८. **भर्पाई** - मिति २०७४/३/३० मा भत्ता वापत रु.१८,०००।- र भारदहको तलब वापत रु.२०५५३३।- एक कर्मचारीको तलब वापत रु.८५,१७१।- समेत जम्मा रु.३,०८,७०४।- खर्च लेखेकोमा सम्बन्धित व्यक्तिहरुले बुझिलिएको भर्पाई पेश नभएकोकोले भर्पाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

३९. **दाखिला प्रमाण** - विभिन्न मितिमा स्टेशनरी तथा अन्य कार्यालय सामान खरिद वापत रु.४३५,२५६।- खर्च लेखेकोमा उक्त मालसामान जिन्सी आम्दानी बाँधेको देखिएन । जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ ।

४०. **बढी भुक्तानी** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमणबाट फर्किएको दिनको दैनिक भत्ता एक चौथाइ मात्र भुक्तानी गर्नुपर्नेमा मिति २०७३/६/३० मा विभिन्न ४ जना कर्मचारीलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा फर्किएको दिनको समेत पुरै भुक्तानी दिई रु.४०००।- र बढी खर्च लेखेको पाइएको उक्त रकम असूल हुनुपर्दछ ।

४१. **बिल, भरपाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न ९ गोश्वारा भौचरबाट मेशिनरी औजार, साइकल, विभिन्न कार्यालय सामान लगायतमा रु.११,५५,६५४।-खर्च लेखेकोमा कोटेशन, माग फाराम र खरिद आदेश संलग्न नभएको, मू.अ.कर बेदर्तावालसँग खरिद गरेको, जिन्सी दाखिला तथा बुझिलिनेको भर्पाई समेत नदेखिएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

४२. **कन्टिन्जेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा लागत अनुमान गर्दा २.५ प्रतिशत वर्कचार्ज स्टाफ र २.५ प्रतिशत सानातिना अन्य खर्च समावेश गर्ने व्यबस्था छ । कन्टिन्जेन्सी खर्चका सम्बन्धमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७०/१/२४ को कन्टिन्जेन्सी रकम खर्च गर्ने बारेको परिपत्र अनुसार कार्यालयको लागि सार्वजनिक निर्माण शिर्षकमा विनियोजित बजेट खर्च गर्ने सिलसिलामा निर्माण कार्यको लागत तयार गर्दा समाबेश गरिने ५ प्रतिशत कन्टिन्जेन्सी रकममध्ये २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारीसाधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खरीद तथा निर्माण शिर्षकमा अर्थ मन्त्रालयको सहमती लिई खर्च गर्नुपर्ने व्यवस्था भएकोमा रु.२२,४०,२१६/— खर्च गरेको विवरण कार्यालयले पेश गरेको छ । उक्त खर्चमा चालु प्रकृतिको खर्चहरु जस्तै इन्धन, ज्याला, मर्मत, गाडी भाडा, दैनिक भ्रमण भत्ता आदि समावेश गरेको देखियो । यस प्रकारको चालु खर्च सम्बन्धित खर्च शिर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण (कन्टिन्जेन्सी) बाट गरेकोले यस सम्बन्धमा स्पष्ट कार्यविधि बनाई खर्च गर्नुपर्ने देखिन्छ ।

४३. **बिल, भर्पाई** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मिति २०७४/३/२९ र ३/३० मा २ थान गोश्वारा भौचरबाट इन्धनमा रु.९०३५९।- र सडक ग्राभेलमा रु.५०६०९१।- खर्च लेखेकोमा खर्च पुष्ट्याइँ गर्ने बिल, भपाई संलग्न रहेको देखिएन ।

४४. **सामाजिक सुरक्षा भत्ता** - जेष्ठ नागरिक, एकल महिला, अशक्त लगायतको सामाजिक सुरक्षा भत्ता रकम एक फाईनान्स कम्पनी मार्फत् वितरण गर्न खाता खोली उक्त फाईनान्स मार्फत् विभिन्न मितिमा ४ थान गोश्वारा भौचरबाट रु.२,०८,३३,६००।- भुक्तानी खर्च लेखेको पाइयो । भुक्तानी पाउनेको लगत तयार गरी फाईनान्स कम्पनीमा पठाएको नदेखिएको, नयाँ थप भएका ब्यक्तिको खाता खोली रकम पठाएकोमा मृत्यु र बसाइँ सराइँको वडागत विवरण तयार गरेको र लगत कट्टा गरेको समेत नदेखिएको, अनलाईन तथ्यांक भरपर्दो नभएको जस्ता कारणले सामाजिक सुरक्षा वापत खर्च लेखेको रकमको यथार्थता सम्बन्धमा यकिन हुन सकेन ।

४४.१ मन्त्रालयले सामाजिक सुरक्षा भत्ताको अनलाइन विवरण तयार गर्न एल.जि.सि.डि.पी. कार्यक्रममा रु.१३,७४३ ।- बजेट व्यवस्था भई मिति २०७४/१/९ कर्मचारीहरुको खाना खर्च समेत लेखेकोमा अनलाईन डाटा भने प्राप्त हुन सकेन ।

४५. **खर्चको यथार्थता :** विभिन्न मितिमा ३ थान गोश्वार भौचरबाट ३ सडक योजनामा ग्राभेल कार्य गरेको उल्लेख गरी रु.८,१४,५९४।- खर्च लेखेकोमा अमानतबाट कार्य गराएको, सादा कागजको बिलबाट खर्च लेखेको, मष्टरोल प्रमाणित नभएको, रकम बुझाएको भर्पाई समेत नभएकोले खर्चको यथार्थता यकिन हुन सकेन ।

## भारदह गाउँ विकास समिति

४६. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न २१ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.६,४३,६६१।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

४७. **अग्रिम कर** - कार्यालयले लेखापरिक्षण शुल्क लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.६,१६५।- असूल हुनुपर्दछ ।

## पर्ताहा गाउँ विकास समिति

४८. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाटगत विगत वर्षदेखि विभिन्न ९ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.४,४८,६००।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

## मधुवापुर गाउँ विकास समिति

४९. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न २८ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.३०,५२,२४५०।- तथा यस वर्षको पेश्कीमध्ये ३ व्यक्ति तथा संस्थाको नाममा रु.५,८५,०२२।- समेत जम्मा रु.३६,३७,२७२।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५०. **अग्रिम कर** - विभिन्न मितिमा ३ थान भौचरबाट ले.प. शुल्क, मालसामान खरिद लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.३८४०।- असूल हुनुपर्दछ ।

५१. **निर्णय बेगर खर्च** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार कुनै योजना तथा अन्य कार्यमा खर्च गर्दा परिषदको निर्णय अनुसार खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण खर्च मिति २०७३/११/२८ मा रु.४०,८५०।- खर्च लेखेकोमा परिषदको निर्णय भएको नदेखिएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

५१.१ इलाका प्रहरी कार्यालयको मिति २०७४/२/६ को पत्र संलग्न गरी रु.१५,०००।- खर्च लेखेको पाइयो र खर्च लेखेको मितिभन्दा पछाडिको पत्र पहिले नै खर्च लेखेको मनासिब नदेखिएको र परिषद्बाट उक्त कार्यको लागि रु.११,००० ।- मात्र विनियोजन भएकोमा बढी भुक्तानी दिएको रु.४०००।- असूल गर्नु पर्दछ ।

५२. **लागत अनुमान** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ गोश्वारा भौचरबाट रोडा

खरिद रु.१०६००० ।- एक व्यक्तिलाई भुक्तानी गरेकोमा उक्त सामग्रीको जिन्सी दाखिला, लागत अनुमान नभएको साथै कुन कुन स्थानमा प्रयोग भएको समेत नखुलाएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

५३. **बढी खर्च** – गा.वि.स. मा विद्युतीकरणको लागि लिएको पेश्की रु.२५०,०००।- फछ्र्यौट गरेकोमा अनुमान पेश नभएको र कोटेशन नलिएको साथै रु.१९४,५०१।- को मात्र बिल, भर्पाई पेश भएकोले बढी खर्च लेखेको रु.५५,४९९।- असुल गर्नु पर्दछ ।

## राम्पुरा मल्हनिया गाउँ विकास समिति

५४. **घटी दाखिला** – वडा कार्यालयले मालपोत तथा नगदी रसिदबाट उठाएको नगद रु.३९,५१४।- मध्ये रु.३६,५९०।- मात्र दाखिला गरेको पाइएकोले बाँकी रु.३१६४।– नगर पालिकाको खातामा दाखिला हुनु पर्दछ ।

५५. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १५ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.७३०,८७५।- तथा यस वर्षको पेश्कीमध्ये ६ व्यक्ति तथा संस्थाको नाममा रु.१४,३५,०००।- समेत जम्मा रु.१५,६५,८७५।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५६. **कार्यक्रम बेगर खर्च** - विभिन्न मितिमा ५ थान भौचरबाट भएको खर्चमध्ये मिति २०७४/२/८ मा अ.न.मी. प्रोत्साहन भत्तामा विनियोजनभन्दा रु.१६,०००।- तथा मिति २०७४/३/३१ मा कबर घेराबन्दी, मल्हनियाँ कार्यक्रममा रु.१००,०००।-समेत जम्मा रु.११६,०००।- बढी खर्च लेखेको तथा पशु औषधी खरिद तथा ढुंगा खरिदमा कार्यक्रममा नभएको खर्च रु.८२,०००।-समेत जम्मा खर्च रु.२,४८,०००।- नियमसम्मत देखिएन।

५७. **अग्रिम कर** - मिति २०७४/३/३१ मा ४ थान भौचरबाट ले.प. शुल्क, कार्यालयमा सामान खरिद लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु १२,६३४।- असूल हुनुपर्दछ ।

५८. **सम्झौता–** विभिन्न मितिमा ४ थान भौचरबाट रु.६५०,०००।- खर्च लेखेकोमध्ये ३ थान भौचरबाट मल्हनियाँ पुल, मल्हनियाँ वडा नं. ५ र ७ समेतमा माटो भर्ने कार्यकाला लागि रु.५००,०००।- भुक्तानी खर्च लेखेको र आदिवासी जनजाति कार्यक्रममा रु.१५०,०००।- समेत रु.६५०,०००।- खर्च लेखेकोमा सो सम्बन्धी सम्झौता पेश नभएकोले पेश हुनुपर्दछ ।

५९. **बिल, भरपाईः** गा.वि.स. भवन मर्मत भनी रु.१५०,०००।- खर्च लेखेकोमा लागत अनुमान तयार नगरेको र रकम बुझिलिनेको भर्पाई समेत नभएकोले उक्त खर्च नियमसम्मत् देखिएन ।

६०. **बढी भुक्तानीः** २ कर्मचारीलाई भ्रमण खर्च भुक्तानी गरेकोमा नियमले पाउनेभन्दा रु.५५,१००।- बढी भुक्तानी गरेको पाइएकोले उक्त रकम असूल हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस नगर पालिकाको लेखापरीक्षणबाट रु.३ करोड ४७ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियावाट रु १३ लाख ६३ हजार फछ्र्यौट गरेकोले रु ३ करोड ३४ लाख २४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपर्ने रु.१ लाख ३८ हजार नियमित गर्नुपर्ने रु.३ करोड १२ लाख ६६ हजार र पेश्की बाँकी रु.२० लाख २० हजार रहेको छ ।

# सप्तकोशी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.१८ लाख ३७ हजार र यो वर्षको आय रु.११ करोड ८४ लाख १२ हजार समेत जम्मा रु.१२ करोड २ लाख ४९ हजार आम्दानी भएकोमा रु.८ करोड ७४ लाख ८५ हजार खर्च भई रु.३ करोड २७ लाख ६४ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखाप्रणाली –** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम नगरपालिकाको स्रेस्ता दोहोरो लेखा प्रणाली अनुसार राख्नुपर्नेमा सो अनुसार राखेको पाइएन ।

२. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, बमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

३. **राजश्व असुली एवं दाखिला –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन ।वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ । विभिन्न मितिमा विभिन्न शिर्षकबाट कति रकम कुन भौचरबाट भुक्तानी भयो सो को यकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाइएन ।

४. **श्रोत नक्सांकन –** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

५. **बरबुझारथ -** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । साथै लेखापरीक्षणको क्रममा गत वर्ष २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित जिन्सी मौज्दात विवरण र पेश्की योजनागत विवरण प्राप्त भएको देखिए पनि नगरपालिकामा अभिलेखीकरण गरेको छैन ।

६. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिव परिवर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिण्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान् समानहरु जिम्मेवारी सारेको छैन । यसरी जिन्सी मालसामानको

आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । नगरपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरी गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

७. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेको कामको सम्पूर्ण विवरण जस्तै लागत मूल्य, काम गरेको स्थान, उपभोक्ता समितिको नामावली, कार्य सुरुगर्ने र सम्पन्न गर्ने मिति जस्ता कुराहरु खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ र अधिकांश योजनाहरुमा सार्वजनिक परिक्षण नगरी भुक्तानी दिएको पाइयो । अतः नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिबा भएका कार्यको सार्वजनिक परिक्षण गराउनुपर्दछ ।

८. **स्थानीय सञ्चित कोष –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ मा गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्दछ ।

९. **बेरुजू अभिलेख र फछ्र्यौट -** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । नगरपालिकाले बेरुजू अभिलेख, पेश्की बांकीको विवरण तथा सो को फछ्र्यौट्को अद्यावधिक अभिलेख राखेको पाइएन ।

१०. **आंशिक कार्य –** मिति २०७४/१/२६ मा सामाजिक कार्य गर्न भनी ३ वटा फर्म सँग काटेशन माग गरिएकोमा छनौटका आधार समेत उल्लेख नगरी सो कार्य गर्न दिने निर्णय नभई युथ नेटवर्क फर सोसियल एण्ड ईन्भारोमेण्ट लाईनिजको ४,९८,५००/– को प्रस्ताव स्वीकृत गरी १ बर्षको समय दिई मिति २०७४/१/१५ मा रु.५००,०००/– को सम्झौता भएको छ । उक्त कार्य गर्न रु २००,०००/– पेश्की दिईएकोमा भौचर नम्बर ६६ बाट उक्त पेश्की फछ्र्यौट गरिएको छ र सम्झौता बमोजिम पुरै कार्य नगरेको अवस्थामा आंशिक कार्यको मात्र भूक्तानी गरेको रु.२,००,०००/– का सम्बन्धमा छलफल हुँदा स्थानीयले जग्गा उपलब्ध नगराएको कारण कार्य हुन नसकेको जनाएको छ ।

११. **कार्य सम्पन्न प्रतिवेदन -** विभिन्न मितिमा ४ थान भौचरबाट मंगल हटिया, भगिनी हटिया, त्रियुगा नदी नियन्त्रण लगायतका कार्य गरेको उल्लेख गरी रु.४,७१,२६०। खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन पेश हुनुपर्दछ ।

१२. **टुक्रा पारी निर्माण –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न मितिमा ४ थान भौचरबाट खुला दरभाउपत्रको माध्यमबाट विभिन्न मेशिनरी सामान तथा फर्निचर सामग्रीहरु खरिद गरी रु.२८,२६,०६५/– खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गरी उक्त खर्च नियमित गराउनुपर्दछ ।

१३. **फरक खर्चः** कार्यालय सामान खरिदको भुक्तानी चालु खर्च खाताबाट गर्नु पर्नेमा पूँजीगत खाताबाट खर्च लेखेको पाइकोले उक्त रु.४५,५१२।- नियमसम्मत देखिएन । यस्तो खर्च नियमित गराउनुपर्दछ ।

१४. **जिन्सी आम्दानी–** विभिन्न मितिमा ९ थान भौचरबाट रु.५९४,२५६।- मूल्यका स्टेशनरी सामग्री खरिद गरेको उल्लेख गरी खर्च लेखेकोमा उक्त मालसामान जिन्सी आम्दानी बाँधेको नदेखिएको जिन्सी दाखिला प्रमाण पेश हुनु पर्दछ ।

१५. **भुक्तानी बाँकी –** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार गत आर्थिक बर्षको भुक्तानी दिन बाँकी रकम को.ले.नि.का.बाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराएर मात्र खर्च लेख्नुपर्नेमा सो विवरण बेगरै मिति २०७३।६।१३ मा रु.७,००,०००।- र २०७३।७।१९ मा रु.३१०,८५९।- समेत जम्मा रु.१०,१०,८५९।- खर्च लेखेको नियमसम्मत देखिएन ।

१६. **सोभै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न मितिमा ४ थान भौचरबाट खुला दरभाउपत्रको माध्यमबाट सडक तथा नाला निर्माण गरेको उल्लेख गरी रु.१९,८२,९७३।– खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गरी उक्त खर्च नियमित गराउनुपर्दछ ।

१७. **कर कटट्ी -** आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा १ मा वासिन्दा व्यक्तिले ठेक्का वा करार वापत रु ५०,०००।- भन्दा बढीको रकम भुक्तानी दिंदा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न निर्माण कार्यको लागि मालसामान आपूर्ति वापत विभिन्न मितिमा ९ थान भौचरबाट विभिन्न आपूर्तकलाई भुक्तानी गर्दा अग्रीम कर रु.१६,४७४।- कट्टा गरेको नपाइएकोले उक्त रकम असूल गरी राजश्व दाखिला गर्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस नगर पालिकाको लेखापरीक्षणबाट रु.६९ लाख ४७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु १६ हजार नियमित गर्नुपर्ने रु.६९ लाख ३१ हजार रहेको छ ।

# छिन्नमस्ता गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.३५ हजार र यो वर्षको आय रु.८ करोड ३० लाख ९८ हजार समेत जम्मा रु.८ करोड ३१ लाख ३३ हजार आम्दानी भएकोमा रु.७ करोड २० लाख २२ हजार खर्च भई रु.१ करोड ११ लाख ११ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ र छिन्नमस्ता गाउँपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएकोमा सोबाट औंल्याइएका बेरुजू समेत गा.वि.स.हरुले फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु फछ्र्यौट हुनुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ ।

३. **टुक्रा पारी खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा रु.१ लाखभन्दा बढीको मालसामान खरिद गर्नुपर्दा लागत अनुमान तयार गर्नुपर्ने साथै दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले विभिन्न सामानहरु खरिद गर्दा सो अनुसार लागत अनुमान तयार गर्ने गरेको छैन भने मालसामान खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । यस्तो परिपाटीमा नियन्त्रण गरी सीमाभन्दा बढीको मालसामान खरिद गर्दा लागत अनुमान तयार गरी सिलबन्दी दरभाउ वा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदां खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

५. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ र यस गाउँपालिकाबाटगत विगत वर्षमा विभिन्न १०४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.३९,४०,०५४/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष १९ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.१०,१७,२७५/– फछ्र्यौट गर्न बाँकी पेश्की

रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५.१ छिन्नमस्ता गाउँपालिका वडा नं.२, ३ मुतनी मा.वि.मा ११ मिटर लम्बाइको एक स्पान फलामो कल्भर्ट बृजको फेब्रिकेशन तथा जडान कार्यको लागी सिप्रदी फेव्रिकेशन उद्योग, दुहबीसंग २०७३/२/१५ मा २०७४/२/३० भित्र कार्य सम्पन्न गर्ने गरी संम्झौता भएकोमा हालसम्म कुनै काम नभएको र म्याद थप बेगर २०७४/३/२७ मा रु.२५०,०००/– पेश्की दिएको देखिएको छ ।

६. **कार्य सम्पन्न प्रतिवेदन –** साविक वरही वीरपुर गा.वि.स.को मिति २०७३/९/२९ को गाउँ परिषद् भेलाले पूँजीगत अनुदान रकम प्रत्येक वडालाई रु.२,११,८१२।- का दरले दिने र तार, पोल वापत वडा नं.९ लाई रु.६८,६७६।- दिने निर्णय भए अनुसार विभिन्न ५ उपभोक्ता समिति मार्फत् भुक्तानी दिई जम्मा रु.१०,९०,०००।- खर्च लेखेकोमा कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन तथा उपभोक्ता समितिको माइन्युट समेत पेश नभएकोले उक्त प्रमाण, कागजातहरु पेश हुनुपर्दछ ।

**७.** **बिल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ र साविक कोचा बखारी र छिन्नमस्ता गा.वि.स. का वडा समेतबाट विभिन्न मितिमा रु.१,१५,९५३/ खर्च पुष्ट्याई हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

७.१ साविकका कोचाबखारी, छिन्नमस्ता र लालापट्टी गा.वि.स. का वडा समेतबाट सडक मर्मत तथा निर्माण, भिलेज प्रोफाइल निर्माण, शैक्षिक भ्रमण, किशोरी शिक्षा लगायतका ३१ कार्य उल्लेख गरी रु.३७,५५,१८३/– खर्च लेखेकोमा कतिपयको बिल, भरपाई, लगबूक तथा कतिपयको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्चपुष्ट्याइँ हुने आधार, प्रमाण पेश हुनुपर्दछ ।

८. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलि पल्टै वैंक दाखिला गर्नुपर्ने व्यवस्था छ र छिन्नमस्ता गाउँपालिकामा समाहित भएका गा.वि.स.हरुले आन्तरिक श्रोतको रकम नगद आम्दानी गरी नगद बाटै खर्च गरेको पाइयो र साविक कोचा बखारी गा.वि.स. का २ कर्मचारीको नाममा आ.व.को अन्त्यमा रु.२०,९१७- बाँकी रहेको देखिएकोले उक्त रकम अबिलम्ब स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

**९.** **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा, लेखापरीक्षण परिश्रमिक जस्ता भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा छिन्नमस्ता गाउँपालिका र साविकका फकिरा र वरही वीरपुर गा.वि.स. ले विभिन्न ५ व्यक्ति तथा संस्थालाई गाडी भाडा, लेखापरीक्षण पारिश्रमिक लगायतका रकम भुक्तानी गर्दा रु.३३,२३०।- अग्रिम कर कट्टी गरेको नपाइएकाले सम्बन्धितबाट असुल हुनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.६२ लाख ८२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.१ लाख ४९ हजार नियमित गर्नुपर्ने रु.५१ लाख १६ हजार र पेश्की बाँकी रु.१० लाख १७ हजार रहेको छ ।

# महादेवा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख ५४ हजार र यो वर्षको आय रु.६ करोड ३९ लाख ९० हजार समेत रु.६ करोड ४१ लाख ४४ हजार आम्दानी भएकोमा रु.५ करोड ५५ लाख ३९ हजार खर्च भई रु.८६ लाख ५ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्

१. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ र गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । गाउँपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स. हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएकोमा बाट औंल्याइएका बेरुजू पनि गा.वि.स.हरुले फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु फछ्र्यौट हुनुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सोभित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ र साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन र सम्पत्ति हस्तान्तरण नहुँदा हराउने एवम दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ ।

३. **टुक्रा पारी खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा रु.१ लाखभन्दा बढीको मालसामान खरिद गर्नुपर्दा लागत अनुमान तयार गर्नुपर्ने साथै दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु खरिद गर्दा सो अनुसार लागत अनुमान तयार गर्ने गरेको छैन भने मालसामा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । यस्तो परिपाटीमा नियन्त्रण गरी सीमाभन्दा बढीको मालसामान खरिद गर्दा लागत अनुमान तयार गरी सिलबन्दी दरभाउ वा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, वमोजिम योजना हस्तान्तरण नगरेको,कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, खर्च भएका सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखाका प्रमुखले भुक्तानी भएको जनाउने छाप समेत लगाई राख्ने नगरेको, योजनाको जाँचपास तथा फरफारक गर्ने नगरेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

५. **पेश्की -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाट गत विगत वर्षमा विभिन्न १५१ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.८७,१७,८३९/- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् र त्यस्तै यस वर्ष १४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.१२,९८,०४९/- फछ्र्यौट गर्न बाँकी पेश्की रहेको

देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

६. **बिल, भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक डाढा, बथनाह र पकरी गा.वि.स. का वडा समेतबाट विभिन्न मितिमा रु.४,४३४/– खर्च पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

६.१ साविकका महादेवा, डाढा र पकरी गा.वि.स. का वडा समेतबाट सडक मर्मत तथा निर्माण, तलब भत्ता वतरण लगायतका ४ कार्य उल्लेख गरी रु.४,७२,०४५/– खर्च लेखेकोमा बिल, भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च पुष्ट्याइँ हुने आधार, प्रमाण पेश हुनुपर्दछ ।

**डाढा गाउँ विकास समिति**

७. **पेश्की** – गाउँ विकास समितिले एक प्रा.स.लाई विपत व्यवस्थापन तालीम, खेलकुद सामग्री खरिद र सार्वजनिक निर्माण कार्य समेतका लागि रु.४,८९,०००।- पेश्की दिएको पाइयो र उल्लेखित कार्यक्रममा के कस्ता क्रियाकलापहरु सम्पादन गरिने हो, सार्वजनिक निर्माण अन्तर्गत के निर्माण गर्ने हो सो को लागत अनुमान तथा स्वीकृत कार्यक्रम बेगर उपभोक्ता समिति गठन समेत नगरी कर्मचारीलाई एकमुष्ट पेश्की रु.४,८९,०००।- खर्च लेखेकोले उक्त रकम नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

७.१ सुनौलो हजार दिन कार्यक्रमको गत वर्षको पेश्की फछ्र्यौट रु.१०,३५,९६३।- को बिल भरपाईहरु जिल्ला समन्वय समितिमा पेश भएको छ ।

७.२ सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्न पेश्की लिएको रकममध्ये एक प्रा.स. ले वितरण गरी नगद बाँकी रहेको रकम रु.१२९,८००।- फिर्ता दाखिला भएको नदेखिएकोले असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

**भगवतपुर गाउँ विकास समिति**

८. **अग्रिम कर –** भगवतपुर ६ मा निर्माण भएको स्वास्थ्य चौकी भवनका निर्माण समिति अध्यक्ष सनद मण्डलको पेश्की फछ्र्यौट भएकोमा लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन र साथै शान्ति निर्माण सेवालाई चिरान काठ खरिद वापत रु.२,०४,०००।- भुक्तानी गर्दा अग्रिम कर कट्टी भएको नपाइएकोले अग्रिम कर वापतको रु.३,०६०।- असूल हुनुपर्दछ ।

**पकरी गाउँ विकास समिति**

९. **खरिद –** यो वर्ष गाउँ परिषद्को मिति २०७३/९/३ को निर्णय अनुसार गा.वि.स. भवनको तला थप र पुरानो गा.वि.स. भवन मर्मतको लागि रु १४,७३,३१८।- बजेट स्वीकृत भएकोमा पुरानो भवन मर्मत कार्य भएको देखिएन । तलाथप कार्यमा टुक्रा लागत अनुमान तयार गरी खुल्ला दरभाउ पत्रको आधारमा विभिन्न ३ निर्माण व्यवसायीलाई रु.१४,११,९४३ ।- भुक्तानी भएको देखिन्छ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) विपरित हुने गरी टुक्रा पारी निर्माण कार्य गरेको नियमसम्मत देखिएन ।

१०. **मालपोत राजस्व** - गाउँ विकास समितिको मालपोत असुली रु.७८,६९४।- भएकोमा सोको २५% ले हुने रु.१९,६७४।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा रु.७४,८९।- मात्र पठाएकोले नपुग रु.१२,१८५।- पठाउनु पर्दछ ।

११. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । तर यस गाउँपालिका अर्न्तगतका साविक गा.वि.स.हरुले आन्तरिक श्रोतबाट प्राप्त भएको आम्दानी बैंक दाखिला नगरी नगदबाट कारोबार गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१२. **अग्रिम कर –** आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा गाउँपालिका अर्न्तगत साविक डाढा, भवतपुर र पकरी गा.वि.स. र हाल वडाहरु समेतले पारिश्रमिक, बैठक भत्ता, भाडा लगायका रकम भुक्तानी गर्दा रु.२४,३२४।- अग्रिम कर कट्टी गरेको नपाइएकोले उक्त रकम सम्बन्धितबाट असूल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.३८ लाख ४३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असूल गर्नुपेर्ने रु.४३ हजार नियमित गर्नुपर्ने रु.२० लाख १३ हजार र पेश्की बाँकी रु.१७ लाख ८७ हजार रहेको छ ।

# रुपनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.७४ हजार र यो वर्षको आय रु.६ करोड ३७ लाख ७६ हजार समेत जम्मा रु.६ करोड ३८ लाख ५० हजार आम्दानी भएकोमा रु.५ करोड ७१ लाख ५६ हजार खर्च भई रु.६६ लाख ९४ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षणः** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ। गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । गाउँपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स. हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएकोमा सोबाट औंल्याइएका बेरुजू पनि गा.वि.स.हरुले फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु फछ्र्यौट हुनुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरणः स्था**नीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सोभित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्ती समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

४. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाटगत विगत वर्षमा विभिन्न १५१ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.७७,८३,२१६ /– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष ९ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.१९,४५,०००/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

५. **विल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक बसबिट्टी, तेरहौता, नकटी रायपुर र कटैया गा.वि.स. र हालको गाउँपालिकाका वडा समेतबाट वडा समेतबाट विभिन्न मितिमा रु.१२,३५,२७५।- खर्च पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

६. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अर्न्तगतका साविक गा.वि.स.हरुले आन्तरिक श्रोतबाट प्राप्त भएको आम्दानी बैंक दाखिला नगरी नगदबाट कारोबार गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७. **अग्रिम कर –** आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा गाउँपालिका अर्न्तगत साविक बसबिट्टी, तेरहौता, नकटी रायपुर र कटैया गा.वि.स. र हालको गाउँपालिकाका वडाहरु समेतले पारिश्रमिक, बैठक भत्ता, भाडा लगायका रकम भुक्तानी गर्दा रु.९०,९९६।- अग्रिम कर कट्टी गरेको नपाइएकोले उक्त रकम सम्बन्धितबाट असूल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.३२ लाख ७१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असूल गर्नुपेर्ने रु.९१ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ३५ हजार र पेश्की बाँकी रु.१९ लाख ४५ हजार रहेको छ ।

# तिलाठी कोइलाडी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१३ लाख ७६ हजार र यो वर्षको आय रु.१२ करोड ४ लाख २७ हजार समेत जम्मा रु.१२ करोड १८ लाख ३ हजार आम्दानी भएकोमा रु.११ करोड ७५ लाख  हजार खर्च भई रु.४२ लाख ४६ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ। यस गाउँपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स. हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ। आन्तरिक लेखापरीक्षणबाट गाउँपालिकामा गाभिएका केही साविकका गा.वि.स. (हाल वडाहरु समेत) ले बेरुजू फछ्र्यौट गरेका छैनन्। आन्तरिक लेखापरीक्षण ढिला भएको र आ.ले.प. बेरुजू फछ्र्यौट गर्न सम्बन्धित पक्षबाट ध्यान नदिएको कारण अन्तिम लेखापरीक्षण पूर्व आ.ले.प ले औंल्याएका व्यहोराहरु कार्यान्वयन भएको छैन। यस गाउँपालिकाले स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जिल्ला समन्वय समिति, सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविक सबै गा.वि.स.हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ। आन्तरिक लेखापरीक्षणबाट गाउँपालिकामा गाभिएका केही साविकका गा.वि.स. (हाल वडाहरु समेत) ले बेरुजू फछ्र्यौट गरेको छैन। आन्तरिक लेखापरीक्षण ढिला भएको र आ.ले.प. बेरुजू फछ्र्यौट गर्न सम्बन्धित पक्षबाट ध्यान नदिएको कारण अन्तिम लेखापरीक्षण पूर्व आ.ले.प बाट औंल्याइएका व्यहोराहरु कार्यान्वयन भएको छैन। अतः यस तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

२. **सम्पत्ति हस्तान्तरण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन। गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउं विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्रस्वामित्वमा लिनुपर्दछ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन्। अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ।

४. **पेश्की–** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाबाट गत विगत वर्षमा विभिन्न ५५ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.५३,३७,१५५/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष ४६ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.४६,७४,४८४/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

५. **बिल, भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ र जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक कोइलाडी गा.वि.स.बाट पूँजीगत शीर्षकमा रु.७५,०००।- खर्च लेखेकोमा सो पुष्ट्याइँ हुने बिल, भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

५.१ साविक तिलाठी गा.वि.स.बाट विभिन्न मितिमा विभिन्न ३ पूँजीगत कार्यक्रममा रु.११८,०००।- खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

६. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। तर यस गाउँपालिका अर्न्तगतका साविक गा.वि.स.हरुले आन्तरिक श्रोतबाट प्राप्त भएको आम्दानी बैंक दाखिला नगरी नगदबाट काराबार गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

**कोइलाडी गाउँ विकास समिति**

७. **मालपोत –** मालपोत असुली रु.८३,५९०।- को २५ प्रतिशतले हुने रु.२०,८९८।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको नदेखिएकोले यथाशीघ्र उक्त रकम समितिको खातामा दाखिला हुनुपर्दछ।

८. **आय –** बैंक स्टेटमेण्ट अनुसार २०७३ श्रावण महिनामा रु.२१,८००। आम्दानी तथा खर्च भएको देखिन्छ उक्त रकम के वापत आम्दानी तथा खर्च भएको हो आय व्ययमा समावेश गरेको नपाइएकोले यस सम्वन्धमा यकिन हुनुपर्दछ।

**लौनिया गाउँ विकास समिति**

९. कार्यालयले लेखापरीक्षण शुल्क भनी एक लेखापरीक्षण कम्पनीलाई रु.३५,०००।- भूक्तानी दिएकोमा लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको नपाइएकोले उक्त रकम असुल हुनुपर्दछ।

**सकरपुरा गाउँ विकास समिति**

१०. **बढी भुक्तानी:** विभिन्न २ उपभोक्ता समितिसँग सडक मर्मत कार्यको लागि भएको सम्झौता तथा लागत अनुमानमा उपभोक्ताले व्यहोर्ने अंश र कार्यालयले व्यहोर्ने अंश उल्लेख भएकोमा कार्य सम्पन्न भै बिल भुक्तानी दिँदा उपभोक्ताको अंश कम गरी कार्यालयबाट रु.३८,७१५।- बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असूल हुनुपर्दछ।

**कोइलाडी बर्साइन गाउँ विकास समिति**

११. **प्रतिवेदन –** कार्यालयले लेखापरीक्षण शुल्क भनी एक लेखापरीक्षण कम्पनीलाई रु.३५,०००।- भूक्तानी दिएकोमा लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको नपाइएकोले उक्त रकम असुल हुनुपर्दछ।

**वमनगामा कट्टी गाउँ विकास समिति**

१२. **ठेक्का –** गाउँ विकास समितिबाट पेश भएको आर्थिक विवरण अनुसार कोष तर्फ गत वर्षको जिम्मेवारी रु.३८,५०,८४९।- उल्लेख गरेको छ। उक्त रकम तोपा मवेशी हटियाको ठेक्काबाट प्राप्त भएको रकम मध्ये गत वर्षको बाँकी रु.७३,९८४८।- र यस आ.व.को ठेक्का २०७३ आषाढमा सम्पन्न भै ठेक्का रकम रकम ३१,११,००१।- गत वर्ष ०७३ आषाढमा दाखिला भएको जवाफ प्राप्त भएकोमा ठेक्का सम्वन्धी फाइल र दाखिला भौचर पेश हुन आएन र यस आ. व.मा कुनै ठेक्का लागेको रकम आर्थिक विवरणमा समावेश गरेको देखिएन र उक्त जिम्मेवारी सारेको रकमबाट जनता मा.वि.ले ५० प्रतिशत पाउनेमा रु २०,००,०००।-, हटिया समितिले २० प्रतिशत पाउनेमा रु ७५१,०००।- भूक्तानी दिएको देखियो र ठेकेदार अनिलकुमार मण्डलले म्याद भित्र ठेक्का रकम दाखिला गरेकोले १० प्रतिशतले हुने रु ३११,१००।- ठेकेदारलाइ फिर्ता गरेको छ।

१३. **अमानत –** साविक वमनगामा कट्टी गा.वि.स. हाल वडा नं. ८ बाट साविक वडा नं. १, २, ३, र ४ मा माटो भर्ने काम उपभोक्ता समिति मार्फत नगराई सचिव आफैंले गराई रु.२,५५,१६६।- खर्च लेखेको देखियो। यस प्रकार खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१४. **बिल, भरपाई –** साविक वमनगामा कट्टी गा.वि.स. हाल वडा नं. ८ मा नाला, कुलो निर्माण, पोल, तार जडान लगायतका कार्य गर्न उपभोक्ताहरुसँग भएको संम्हौतामा कार्य सम्पन्न प्रतिवेदन, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण लगायतका प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा सो बेगरै रु.८६५,२९९।- खर्च लेखेको पाइएकोले उल्लेखित प्रमाणहरु पेश हुनुपर्दछ।

**१५.** **अग्रिम कर –** आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा गाउँपालिका अर्न्तगत साविक कोइलाडी मधेपुरा, वमनगामा कट्टी, कोइलाडी बर्साइन, लौनिया, सकरपुरा, तिलाठी र कोइलाडी गा.वि.स. र हालको गाउँपालिकाका वडाहरु समेतले प्रशिक्षण भत्ता, बैठक भत्ता, लेखापरीक्षण शुल्क, भाडा लगायतका रकम भुक्तानी गर्दा रु.८२,१६६।- अग्रिम कर कट्टी गरेको नपाइएकोले उक्त रकम सम्बन्धितबाट असूल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.५९ लाख ४४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपर्ने रु.२ लाख ६६ हजार नियमित गर्नुपर्ने रु.१० लाख ४ हजार र पेश्की बाँकी रु.४६ लाख ७४ हजार रहेको छ।

# तिरहुत गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ लाख ६१ हजार र यो वर्षको आय रु.६ करोड ५० लाख ५८ हजार समेत जम्मा रु.६ करोड ५२ लाख १९ हजार आम्दानी भएकोमा रु.६ करोड ३ लाख ४८ हजार खर्च भई रु.४८ लाख ७१ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण–** साविक मैना कडरी गा.वि.स.को २०७२।७३ को लेखापरीक्षण भएको छैन । जसले गर्दा गत वितग वर्षहरुको पेश्की वाकी को विवरण अन्य दायित्वको हिसाव यकिन गर्न सकिएन । चालु वर्षको पनि आ.ले.प. हुन नसकेको हुंदा गत वर्षको मौज्दात यकिन गर्न बैंक स्टेटमेण्टलाई आधार लिई मौज्दात कायम गरिएको छ ।

२. **आन्तरिक लेखापरीक्षण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । गाउँपालिका, नगरपालिकाले आफ्नो लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने उल्लेख छ । यस गाउँपालिकाले सो आदेशको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण जि.स.स., सप्तरीबाट गराएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म गाउँपालिकामा गाभिएका साविकका सबै गा.वि.स. हरुको आन्तरिक लेखापरीक्षण आंशिक मात्र भएको छ । आन्तरिक लेखापरीक्षण भएकोमा सोबाट औंल्याइएका व्यहोराहरु पनि गा.वि.स. हरुले फछ्र्यौट गरेका छैनन् । आन्तरिक लेखापरीक्षण भएकोमा सोबाट औंल्याइएका व्यहोराहरु फछ्र्यौट गर्नुपर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण –** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सोभित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। साविक गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु। सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गदा खरिद योजना तथा गुरु योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

५. **पेश्की –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाबाट गत विगत वर्षमा विभिन्न ३४ पदाधिकारी, कर्मचारी तथा संघ संस्थाको नाममा रु.२६,५१,२३०/– पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । त्यस्तै यस वर्ष एक संस्थाको नाममा रु.१९७,०००/– फछ्र्यौट गर्न बाँकी पेश्की रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

६. **विल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।जस अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्नेमा साविक मैनाकडरी गा.वि.स.बाट

विभिन्न २ कार्यक्रममा रु.१३,००३।- खर्च लेखेकोमा सो पुष्ट्याइँ हुने बिल भरपाई बेगर खर्च गरेको पाइएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

६.१ साविक मैनाकडरी र लोहजरा गा.वि.स.बाट विभिन्न मितिमा विभिन्न ६ पूँजीगत कार्यक्रममा रु.३,०३,४५०।- खर्च लेखेकोमा विभिन्न भत्ता वितरणको भरपाई, जिन्सी दाखिला प्रतिवेदन, औषधी वितरण भरपाई आदि पेश भएको छैन ।

७. २ आर्थिकवर्षको लेखापरीक्षण शुल्क गा.वि.स. सचिव कृष्णकान्त झाले लेखापरीक्षकलाई आफैँले बुझाएको भन्ने निवेदनका आधारमा निज सचिवलाई रु.३५,०००।- भुक्तानी दिएकोमा सम्बन्धितलाई बुझाएको भरपाई तथा अग्रिम कर वापत रु.५,२५०।- दाखिला गरेको प्रमाण समेत पेश भएको छैन ।

८. **नगद कारोबार –** आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा कार्यालयमा प्राप्त भएको नगद आम्दानी सोही दिन वा भोलिपल्टै बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ र तर यस गाउँपालिका अर्न्तगतका साविक गा.वि.स.हरुले आन्तरिक श्रोतबाट प्राप्त भएको आम्दानी बैंक दाखिला नगरी नगदबाट कारोबार गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९. **अग्रिम कर तथा धरौटी –** आयकर ऐन, २०५८ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा गाउँपालिका अर्न्तगत साविक मैनाकडरी, त्रिकोल, गोइठी, गा.वि.स. र हालको गाउँपालिकाका वडाहरु समेतले बैठक भत्ता, लेखापरीक्षण शुल्क, लगायतका रकम भुक्तानी गर्दा अग्रिम कर तथा निर्माण कार्यको भुक्तानी गर्दा धरौटी समेत गरी रु.१,४१,५७०।- कट्टी गरेको नपाइएकोले उक्त रकम सम्बन्धितबाट असूल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

**साविक डिमन गाउँ विकास समिति**

१०. **नगद मौज्दात –** तत्कालीन गा. वि.स. सचिव श्री दशरथ मण्डलसँग गत वर्षदेखि नै रु.६२२००।- नगद बाँकी रहँदै आएकोमा उक्त रकम हालसम्म असूल भएको नपाइएकोले असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

११. **कार्यक्रम –** गाउँ परिषद्को मिति ०७३।८।२६ गतेको बैठक (भेला) बाट उच्च मा.वि. डिमनको विद्यालय भवन सुधार गर्ने निर्णय भएकोमा स्वीकृत कार्यक्रम भन्दा फरक हुने गरी पर्खाल निर्माण कार्य गराई मिति २०७४।३।३० मा रु.२००,०००।- खर्च लेखेको नियमसम्मत देखिएन ।

१२. **अमानत –** साविक वडा नं १ देखि ९ सम्म सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत् नगरी वडा कार्यालय आफैँले गरी मिति २०७४।३।३० मा रु.१,९९,५००।- खर्च लेखेको नियमसम्मत देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.११ लाख २१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपर्ने रु.२ लाख १७ हजार नियमित गर्नुपर्ने रु.७ लाख ७ हजार पेश्की बाँकी रु.१ लाख ९७ हजार रहेको छ ।

# अग्निसाईर कृष्णसवरन गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँ पालिकाको गत वर्षको मौज्दात रु.२ लाख १९ हजार र यो वर्षको आय रु.१० करोड ४९ लाख ७२ हजार समेत जम्मा रु.१० करोड ५१ लाख ९१ हजार आम्दानी भएकोमा रु.९ करोड ७५ लाख खर्च भई रु.७६ लाख ९१ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण –** तत्कालीन गा.वि.स.हरु र हालका वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल श्रेस्ता जिल्ला समन्वय समितिमा पठाएको जनाई सो को स्रेस्ता पेश नभएकोले यस डोरबाट लेखा परिक्षण गरिएको छैन ।

२. ले**खापरीक्षण प्रतिवेदन कार्यान्वयन –** आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनमा उल्लेखित योजनागत पेश्की, बेरुजू लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरु अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पद्धतिको विकास गरेको देखिएन । जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीको २०७३।०७४ को आन्तरिक लेखापरीक्षणमा औंल्याइएका कैफियत एवं बेरुजूहरुको लगत राखेको छैन भने साविक गाउँ विकास समिति र हालका वडाहरुले आन्तरिक लेखापरीक्षण समेत गराएका छैनन् ।

३. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ मा कार्यालयले लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट उप महानगरपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

५. **राजश्व असुली एवं दाखिला** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन । वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ । विभिन्न मितिमा विभिन्न शिर्षकबाट कति रकम कुन भौचरबाट भुक्तानी भयो सो को यकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाइएन ।

६. **श्रोत नक्सांकन –** स्थानीय स्वायत्त शासन ऐन, २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

**७.** **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (

म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिण्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान् समानहरु जिम्मेवारी सारेको छैन । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरी गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

८. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेको कामको सम्पूर्ण विवरण जस्तै लागत मूल्य, काम गरेको स्थान, उपभोक्ता समितिको नामावली, कार्य सुरुगर्ने र सम्पन्न गर्ने मिति जस्ता कुराहरु खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । अधिकांश योजनाहरुमा सार्वजनिक परिक्षण नगरी भुक्तानी दिएको पाइयो । अतः नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिबा भएका कार्यको सार्वजनिक परिक्षण गराउनुपर्दछ ।

९. **स्थानीय संचित कोष –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ मा गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

१०. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुका टुका पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले ४ भौचरबाट रु.१४,६८,५६१/– मूल्यका विभिन्न मेशिनरी औजार खुला दरभाउपत्रको माध्यमबाट खरिद गरी खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गरी उक्त खर्च नियमित गराउनुपर्दछ ।

**जण्डौल गाउँ विकास समिति**

११. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न ७ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.४३६,७००।- तथा यस वर्षको पेश्कीमध्ये ३ व्यक्ति तथा संस्थाको नाममा रु.४७०,०००।- समेत जम्मा रु.९०६,७००।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१२. **अग्रिम कर** - विभिन्न मितिमा ५ थान भौचरबाट लेखापरीक्षण शुल्क, प्राविधिक परामर्श शुल्क, पोल खरिद लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.१२,३७०।- असूल हुनुपर्दछ ।

**सीतापुर गाउँ विकास समिति**

१३. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न २३ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.१४,५०,८१५।५० पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१४. **अग्रिम कर** - विभिन्न मितिमा २ थान भौचरबाट लेखापरीक्षण शुल्क तथा पोल खरिदको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.३६३०।- असूल हुनुपर्दछ ।

**हरिहरपुर गाउँ विकास समिति**

१५. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १२ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.४४८,७००।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१६. **अग्रिम कर** - विभिन्न मितिमा ३ थान भौचरबाट लेखापरीक्षण शुल्क, निर्माण कार्य लगायतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.९०९४।- असूल हुनुपर्दछ । त्यस्तै विद्यार्थी भर्ना सम्बन्धि क्षमता विकास कार्यक्रमा सहभागी विभिन्न १२ प्रशिक्षकलाई मिति २०७४र३र१६ मा भत्ता वितरण गर्दा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएकोले अग्रिम कर वापतको रु १२,५००।- असुल हुनुपर्दछ ।

**पसरवनी गाउँ विकास समिति**

१७. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ ।यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न ३१ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.२५,४९,९९०/– तथा यस वर्षको पेश्कीमध्ये ३ व्यक्ति तथा संस्थाको नाममा रु.४५३,२५०/– समेत जम्मा रु.३०,०३,२४०/– बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१८. **अग्रिम कर** - बिहारी एण्ड एसोसियट्सलाई मिति २०७३/११/२० मा लेखापरीक्षण शुल्क वापत रु.३०,०००र भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.४५००।- असूल हुनुपर्दछ ।

**बकधुवा गाउँ विकास समिति**

१९. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १० पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.५३६,०००/– पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

२०. **अग्रिम कर** - विभिन्न मितिमा ५ थान भौचरबाट लेखापरीक्षण शुल्क, घर भाडा, निर्माण कार्य लगायतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.६४३६।- असूल हुनुपर्दछ ।

२१. **कोष व्यवस्थापन** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६ अनुसार गाउँ विकास समितिको नाममा प्राप्त हुने सवै प्रकारको आम्दानी ऐनको दफा ६० मा उल्लेख गरिएको गाउँ विकास समिति कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । तर साविक गाउँ विकास समितिहरुले देखाएको आर्थिक विवरणको आन्तरिक आयमा कोषमा जम्मा नगरी दफा ६ को २ उपनियम (१) को कोषवाट सिधै कार्यसञ्चालन स्तरको कारोवार गरेकाले नियमसंगत देखिएन ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.२४ लाख ३२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असूल गर्नुपेर्ने रु.४० हजार नियमित गर्नुपर्ने रु.१४ लाख ६९ हजार र पेश्की बाँकी रु.९ लाख ३२ हजार रहेको छ ।

## बेल्ही चपेना गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँ पालिकाको गत वर्षको मौज्दात रु.२४ लाख १२ हजार र यो वर्षको आय रु.९ करोड ६० लाख ४० हजार समेत जम्मा रु.९करोड ८४ लाख ५२ हजार आम्दानी भएकोमा रु.९ करोड १लाख ६८ हजार खर्च भई रु.८२ लाख ८४ हजार मौज्दात रहेको देखिन्छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण–** तत्कालीन गा.वि.स.हरु र हालका वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल श्रेस्ता जिल्ला समन्वय समितिमा पठाएको जनाई सोको स्रेस्ता पेश नभएकोले यस डोरबाट लेखा परिक्षण गरिएको छैन ।

२. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन –** २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनमा उल्लेखित योजनागत पेश्की, बेरुजू लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरु अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पद्धतिको विकास गरेको देखिएन । साथै जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीको २०७३।०७४। को आन्तरिक लेखापरीक्षणमा औंल्याइएका कैफियत एवं बेरुजूहरुको लगत राखेको छैन भने साविक गाउँ विकास समिति र हालका वडाहरुले आन्तरिक लेखापरीक्षण समेत गराएका छैनन् ।

३. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ मा कार्यालयले लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट उप महानगरपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

५. **राजश्व असुली एवं दाखिला** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णयदेखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन। यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन । वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनुपर्दछ । विभिन्न मितिमा विभिन्न शिर्षकबाट कति रकम कुन भौचरबाट भुक्तानी भयो सोको यकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाइएन ।

६. **श्रोत नक्सांकन –** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

७. **बरबुझारथ** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ। साथै लेखापरीक्षणको क्रममा गत आ.व.२०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा

उल्लेखित जिन्सी मौज्दात विवरण र पेश्की योजनागत विवरण प्राप्त भएको देखिए पनि नगरपालिकामा अभिलेखीकरण गरिएको छैन ।

८. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिण्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान् समानहरु जिम्मेवारी सारेको छैन । गाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरी गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

९. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेको कामको सम्पूर्ण विवरण जस्तै लागत मूल्य, काम गरेको स्थान, उपभोक्ता समितिको नामावली, कार्य सुरुगर्ने र सम्पन्न गर्ने मिति जस्ता कुराहरु खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ र अधिकांश योजनाहरुमा सार्वजनिक परिक्षण नगरी भुक्तानी दिएको पाइयो । अत: नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिबा भएका कार्यको सार्वजनिक परिक्षण गराउनुपर्दछ ।

१०. **स्थानीय संचित कोष –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ मा गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

११. **हिसाब मिलान** - कर्मचारीहरु सरुवा, बढुवा भै एक कार्यालयबाट अर्को कार्यालयमा जाँदा आफ्नो जिम्मामा रहेको आर्थिक तथा सम्बन्धित श्रेस्ताहरु आफ्नै जिम्मामा राखेकाले लेखापरिक्षणको समयमा उक्त श्रेस्ताहरु उपलब्ध नहुनु, परिषद्को निर्णय उपलब्ध नहुनुले आर्थिक बिबरण तयार नहुने हुँदा हिसाब यकिन गर्न समेत सकिएन र आर्थिक कारोबारको अंक भिडान गर्न नसकिएकोले आर्थिक बिबरणको यथार्थता समेत यकिन हुन सकेन र अत: त्यसतर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

१२. **कोष व्यवस्थापन** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६ अनुसार गाउँ विकास समितिको नाममा प्राप्त हुने सबै प्रकारको आम्दानी ऐनको दफा ६० मा उल्लेख गरिएको गाउँ विकास समिति कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । तर माथि उल्लेखित साविक गाउँ विकास समितिहरुले देखाएको आर्थिक विवरणको आन्तरिक आयमा कोषमा जम्मा नगरी दफा ६ को २ उपनियम (१) को कोषवाट सिधै कार्यसञ्चालन स्तरको कारोवार गरेकाले नियमसंगत देखिएन ।

१३. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुका टुका पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न मितिमा ६ थान भौचरबाट रु.२४,९७,६७४।- मूल्यका विभिन्न मेशिनरी औजार तथा फर्निचर खुला दरभाउपत्रको माध्यमबाट खरिद गरी खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गरी उक्त खर्च नियमित गराउनुपर्दछ ।

### झुडकी गाउँ विकास समिति

१४. **अग्रिम कर** - विभिन्न मितिमा ३ थान भौचरबाट लेखापरीक्षण शुल्क, निर्माण कार्य लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.४,००७।- असूल हुनुपर्दछ ।

### बनैनिया गाउँ विकास समिति

१५. **जिन्सी दाखिला–** ओपो मोवाईल खरिद गरि रु.१९,५००।- खर्च लेखेकोमा जिन्सी आम्दानी बाँधेको नदेखिएकोले जिन्सी दाखिला प्रतिबेदन पेश हुनु पर्दछ ।

१६. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई

लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न ७ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.९५९,०६९।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१७. **अग्रिम कर** - विभिन्न मितिमा २ थान भौचरबाट लेखापरीक्षण शुल्क र फर्निचर खदिर गर्दा गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.४,९५४।- असूल हुनुपर्दछ ।

१८. **मौज्दात रकम** - साविक गाउँ बिकास समिति जिम्मा रहेको नगद मौजात रु.११२९।- हालसम्म गाउँपालिका खातामा जम्मा भएको नदेखिएकोले उक्त रकम गाउँ कार्यपालिकाको खातामा दाखिला हुनुपर्दछ ।

१९. **प्रोत्साहन भत्ता** - गा.वि.स. सचिव श्री राम कुमार यादवले श्रावण देखि मंसिर महिनासम्म तलवको ५० प्रतिशतले हुने प्रोत्साहन भत्ता भनी रु.५८,७५०।- भुक्तानी लिएकोमा सो सम्बन्धी निर्णय पेश हुन नआएकोले निर्णय पेश हुनु पर्ने अन्यथा अशुल हुनुपर्दछ ।

**नर्घो गाउँ विकास समिति**

२०. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न ५५ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.२३,७९,४८९/– तथा यस वर्षको पेश्कीमध्ये १ व्यक्तिको नाममा रु.२१,०००/– समेत जम्मा रु.२४,००,४८९/- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

२१. **अग्रिम कर** - विभिन्न मितिमा २ थान भौचरबाट लेखापरीक्षण शुल्क तथा निर्माण कार्यको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.९,६३७।- असूल हुनुपर्दछ।

२२.१ विभिन्न ५ व्यक्तिलाई प्रशिक्षक भत्ता वितरण गर्दा अग्रिम कर कट्टा गरेको नपाइएकोले सो वापत को रु.४७२५/- असूल हुनुपर्दछ ।

**बेल्ही चपेना गाउँ विकास समिति**

२२. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १६ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.१३,७८,४८३।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की असूल, फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

२३. **अग्रिम कर** - विभिन्न मितिमा २ थान भौचरबाट लेखापरीक्षण शुल्क तथा निर्माण कार्यको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.६९३५।- असूल हुनुपर्दछ ।

२४. **बढी भुक्तानी –** एक कार्यालय सहयोगीलाई प्रति महिना रु.११,०००।- का दरले भुक्तानी दिनु पर्नेमा ५ महिनाको रु.१५०००।- का दरले भुक्तानी दिएको पाइयो र यसरी रु.२०,०००।- बढी भुक्तानी दिन मिल्ने आधार तथा प्रमाण पेश हुनुपर्दछ ।

२५. **आम्दानी स्रेस्ता –** माथि उल्लेख गरिएका गाउँ विकास समिति र गाउँ पालिका वडाहरुले आम्दानी स्रेस्ताको लागि प्रयोग गर्नुपर्ने म.ले.प.फा नं. १०८क, १०८ख, २३, नगदी रसिद नियन्त्रण खाता जस्ता खाताहरु राखेको छैन र जसले गर्दा यथार्थ आम्दानी यकिन गर्न सकिएन र अतः आम्दानी उक्त खाता तथा विवरण राखी आम्दानी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.५० लाख २८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपेर्ने रु.३१ हजार नियमित गर्नुपर्ने रु.२५ लाख ९७ हजार र पेश्की बाँकी रु.२४ लाख रहेको छ।

# विष्णुपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँ पालिकाको गत वर्षको मौज्दात रु.३१ हजार र यो वर्षको आय रु.४ करोड ७२ हजार समेत जम्मा रु.४ करोड १ लाख ३ हजार आम्दानी भएकोमा रु.३ करोड २७ लाख ८० हजार खर्च भई रु.७३ लाख २३ हजार मौज्दात रहेको देखिन्छ र सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण–** यस डोरबाट साविक मलेकपुर गा.वि.स.को लेखापरीक्षण गरिएको छैन ।

२. जमुनी मधेपुरा वार्ड नं १ को जिल्ला विकास समितिको विवरण अनुसार निकासा चालु खर्चमा रु.५४५,०००।- पुँजीगतमा रु.४२८,५४६५।- निकासा भएको देखिन्छ र यसमा सामाजिक सुरक्षा र आन्तरिक आय समावेश छैन ।

३. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन –** २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनमा उल्लेखित योजनागत पेश्की, बेरुजू लगतको अभिलेख, जिन्सी लगत एवं सो का कैफियत व्यहोराहरु अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पद्धतिको विकास गरेको देखिएन । साथै जिल्ला समन्वय समितिको कार्यालय, सप्तरीको २०७३।७४ को आन्तरिक लेखापरीक्षणमा औंल्याइएका कैफियत एवं बेरुजूहरुको लगत राखेको छैन भने साविक गाउँ विकास समिति र हालका वडाहरुले आन्तरिक लेखापरीक्षण समेत गराएका छैनन् ।

४. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९ मा कार्यालयले लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस उपमहानगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट उप महानगरपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

५. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तथा गुरु योजना तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदनमा उल्लेखित मर्मत तथा लिलाम बिक्री सम्बन्धी व्यहोरा कार्यान्वयन नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, आवधिक गुरु योजना तयार नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेकाकर्मचारीहरुको कार्य विवरण तयार नगरेको, सुशासन नियमावली अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अतः प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्दछ ।

६. **राजश्व असुली एवं दाखिला** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहहरुबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी स्रेस्ता पेश गरेको छैन । यसबाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला यकिन हुन सकेन र वर्तमान स्थानीय तहबाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ । विभिन्न मितिमा विभिन्न शिर्षकबाट कति रकम कुन भौचरबाट भुक्तानी भयो सो को यकिन अंक खुलाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाइएन ।

७. **श्रोत नक्सांकन –** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक गाउं पालिकारनगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

८. **बरबुझारथ** - संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका गाँउ

विकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । साथै लेखापरीक्षणको क्रममा गत वर्ष २०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित जिन्सी मौज्दात विवरण र पेश्की योजनागत विवरण प्राप्त भएको देखिए पनि नगरपालिकामा अभिलेखीकरण गरिएको छैन ।

९. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्येक साबिक गा.बि.स.का सचिब परिबर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिण्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान् समानहरु जिम्मेवारी सारेको छैन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ रगाउँपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरी गाउँपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ ।

१०. **सार्वजनिक परीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली, २०६४ को नियम १५६ (प) मा उपभोक्ता समितिले गरेको कामको सम्पूर्ण विवरण जस्तै लागत मूल्य, काम गरेको स्थान, उपभोक्ता समितिको नामावली, कार्य सुरुगर्ने र सम्पन्न गर्ने मिति जस्ता कुराहरु खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । अधिकांश योजनाहरुमा सार्वजनिक परिक्षण नगरी भुक्तानी दिएको पाइयो । अतः नियमावलीको व्यवस्था अनुसार उपभोक्ता समितिबा भएका कार्यको सार्वजनिक परिक्षण गराउनुपर्दछ ।

११. **स्थानीय संचित कोष –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ मा गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सबै बाँकी रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

१२. **बेरुजू अभिलेख र फछ्र्यौट -** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । नगरपालिकाले बेरुजू अभिलेख, पेश्की बांकीको विवरण तथा सो को फछर्यौट्को अद्यावधिक अभिलेख राखेको पाइएन।

१३. **हिसाब मिलान** – कर्मचारीहरु सरुवा, बढुवा भै एक कार्यालयबाट अर्को कार्यालयमा जाँदा आफ्नो जिम्मामा रहेको आर्थिक तथा सम्बन्धित श्रेस्ताहरु आफ्नै जिम्मामा राखेकाले लेखापरिक्षणको समयमा उक्त श्रेस्ताहरु उपलब्ध नहुनु, परिषद्को निर्णय उपलब्ध नहुनुले आर्थिक बिबरण तयार नहुने हुँदा हिसाब यकिन गर्न समेत सकिएन र आर्थिक कारोबारको अंक भिडान गर्न नसकिएकोले आर्थिक बिबरणको यथार्थता समेत यकिन हुन सकेन र अतः त्यसतर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ ।

१४. **कोष व्यवस्थापन** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६ अनुसार गाउँ विकास समितिको नाममा प्राप्त हुने सवै प्रकारको आम्दानी ऐनको दफा ६० मा उल्लेख गरिएको गाउँ विकास समिति कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । तर साविक गाउँ विकास समितिहरुले देखाएको आर्थिक विवरणको आन्तरिक आयमा कोषमा जम्मा नगरी दफा ६ को २ उपनियम (१) को कोषवाट सिधै कार्यसञ्चालन स्तरको कारोवार गरेकाले नियमसंगत देखिएन ।

१५. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुका टुका पारी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८४ मा रु.५ लाखभन्दा बढीको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न मितिमा ७ थान भौचरबाट रु.१७,१२,८३२।- मूल्यका विभिन्न मेशिनरी औजार तथा

फर्निचर खुला दरभाउपत्रको माध्यमबाट खरिद गरी खर्च लेखेको पाइयो । यसरी विना प्रतिस्पर्धा निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गरी उक्त खर्च नियमित गराउनुपर्दछ ।

१६. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाट गत विगत वर्षदेखि विभिन्न ५ कर्मचारीको नाममा सामाजिक सुरक्षा भत्ता वापतको रु.९८,४५,६००।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की असूल, फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

### सिम्रहा सिगियौन गाउँ विकास समिति

**१७.** **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ ।यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १० पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.५९,३५,४८।- पेश्की बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की असूल, फछ्र्यौट गर्ने गराउने तर्फ गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१८. **अग्रिम कर** - विभिन्न मितिमा ४ थान भौचरबाट लेखापरीक्षण शुल्क, निर्माण कार्य लगायतका रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.६,११९।- असूल हुनुपर्दछ ।

१९. **बिल, भर्पाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा गाउँपालिकाले रकम खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतको स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२०.१ गा.वि.स.ले विभिन्न मितिका ६ भौचरबाट सडक, भवन निर्माण/मर्मत, खेलकुद सामग्री खरिद आदिमा रु.४४०,२६६।- खर्च लेखेकोमा सो पुष्ट्याइँ हुने बिल भरपाई, सम्झौता पेश नभएकोले उक्त प्रमाणहरु पेश हुनुपर्दछ ।

२०.२ पक्की नाला निर्माण कार्यको लागि उपभोक्ता समतिलाई बिभिन्न मितिमा दिएको पेश्की मिति मिति २०७४/३/३१ मा फछ्र्यौट गरी रु ३८१,४०७।- खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिबेदन, बिल र्भपाई तथा रकम बुझिलिएको प्रमाण समेत संलग्न नभएकोले उक्त प्रमाणहरु पेश हुनु पर्ने अन्यथा खर्च लेखेको रकम असूल हुनुपर्दछ ।

२०.३ तार, पोल, कृषि सडक, चौतारा निर्माण लगायतका कार्यका लागि उपभोक्ता समतिलाई बिभिन्न मितिमा दिएको पेश्की मिति मिति २०७४/३/३१ मा फछ्र्यौट गरी रु २११,४०२।- खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिबेदन, बिल र्भपाई तथा रकम बुझिलिएको प्रमाण समेत संलग्न नभएकोले उक्त प्रमाणहरु पेश हुनुपर्ने अन्यथा खर्च लेखेको रकम असूल हुनुपर्दछ ।

२०.४ पक्की नाला निर्माण कार्यको लागि उपभोक्ता समतिलाई बिभिन्न मितिमा दिएको पेश्की मिति मिति २०७४/३/३१ मा फछ्र्यौट गरी रु ३५,२७८।- खर्च लेखेकोमा कार्य सम्पन्न प्रतिबेदन, बिल र्भपाई तथा रकम बुझिलिएको प्रमाण समेत संलग्न नभएकोले उक्त प्रमाणहरु पेश हुनु हुनुपर्दछ ।

### जमुनी मधेपुरा गाउँ विकास समिति

२०. **नगद मौज्दात** - यस गाउँ विकास समितिमा रहेको नगद मौज्दात रु.१०,४९३।- हालसम्म गाउँपालिकाको खातामा जम्मा गरेको नदेखिएकोले सो रकम दाखिला गर्नु पर्दछ ।

२१. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र

पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाटगत विगत वर्षदेखि विभिन्न २१ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.११,१६,२७२।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

२२. **अग्रिम कर** - कार्यालयले एक फर्मलाई लेखापरीक्षण शुल्क भुक्तानी दिँदा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.९०५।- असूल हुनुपर्दछ ।

### बोरिया गाउँ विकास समिति

२३. **दाखिला –** लेखापरीक्षणबाट आन्तरिक आय रु.१८,०९८ ।- देखिएकोमा आय व्यय विवरणमा सो रकम समाबेश गरेको नपाइएकोले गाउँपालिकाको खातामा जम्मा गर्नु पर्दछ ।

२४. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १३ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.१३,००,५४२।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

### इटहरी विष्णुपुर गाउँ विकास समिति

२५. **पेश्की बाँकी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गा.वि.स.बाट गत विगत वर्षदेखि विभिन्न १६ पदाधिकारी, कर्मचारी तथा संघ, संस्थाको नाममा रु.४,९४,४१७।- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ ।

२६. **अग्रिम कर** - विभिन्न मितिमा ३ थान भौचरबाट लेखापरीक्षण शुल्क तथा पोल खरिदको भुक्तानी दिँदा आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम अग्रिम कर कट्टी नभएको रु.८,३४६।- असूल हुनुपर्दछ ।

### बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.२८ लाख २३ हजार बेरुजूफछ्र्यौट गर्न बाँकी रहेको छ र सोमध्ये असूल गर्नुपर्ने रु.१५ हजार नियमित गर्नुपर्ने रु.२८ लाख ८ हजार रहेको छ ।

# लहान नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८ लाख २८ हजार र यो वर्ष आय रु.२२ करोड १२ लाख ३९ हजार समेत रु.२२ करोड २० लाख ६७ हजार आम्दानी भएकोमा रु.१५ करोड ९५ लाख ७५ हजार खर्च भई रु.६ करोड २४ लाख ९२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ । म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने उल्लेख छ । तत्कालिन राजश्व शाखा प्रमुख ज्ञान कुमार महासेठसंग विगत वर्षदेखि जिम्मा रहेको रु.१३७५४१।- हालसम्म नगरपालिकाको कोषमा दाखिला गरेको पाइएन। निज कर्मचारी हाल सेवा निवृत भइसकेको र सेवानिवृत वापत सुविधा दिइनसकेको अवस्थामा निजले उक्त रकम कानूनको व्यवस्था अनुसार फिर्ता नगरेमा निजको सुविधाबाट कट्टा गरी रु.१,३७,५४१।- अशुल गर्नुपर्दछ ।

२. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि२०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस नगरपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैकमा भएको मौज्दात मात्र पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविस र नगरपालिकाका नाममा निकासा भएको रकम रु.४,९६८,४३६।-फिर्ता भएको छ । आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियम संगत देखिएन ।

३. **आन्तरिक नियन्त्रण:** लहान नगरपालिकामा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ अन्तरगत आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभएको, नियमित आन्तरिक लेखापरीक्षण भएको, कार्यक्रम भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नभएको, आर्पुतिकर्ता मूल्य अभिवृद्धि करमा दर्ता भएपनि कर विजक बेगर भुक्तानी गरेको, खरिद आदेशमा खर्च बजेट शिर्षक, अन्तिम दाखिला मिति आदि विवरण तयार नगरेको र योजनाहरु.सम्पन्न भएपछि सामाजिक र सार्वजनिक लेखापरीक्षण गराई उपभोक्तालाई हस्तान्तरण नगरेका जस्ता आन्तरिक नियन्त्रण कार्यहरु.हुन सकेको देखिएन ।

४. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्ति नगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ति हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम नगरपालिकाले साविक २ गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका भवन २ साइकल ३ सहित अन्य ३१ जिन्सी मौज्दात सम्पत्तिहरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

५. **हाट बजार सेवा शुल्क :** गुदरी हाट वजार वोल कवोलवाट मिति २०७३।४।१ देखि २०७४।३।३१ सम्मको लागि आर.के. निर्माण सेवासंग रु.२२,२२,७४०।- मा सम्झौता भएको पाइयो । संझौता अनुसार प्रथम किस्ता रु.७,८४,०७३।-, चलान पुर्जी जारी हुन अगावै २०७३।३।३१ मा वुझाई बाँकि दुई किस्ता क्रमस कार्तिक १ र तेश्रो किस्ता माघ १ मा क्रमस रु.७१९३३३।-, र रु.२१९३३३।-, दाखिला गर्नुपर्ने र नबुझाएको खण्डमा सो रकम बराबरको यस नगरपालिकामा राखिएको नेपाल बैक लि. लहान शाखाको जमानी पत्रवाट लिने उल्लेख छ । ठेकेदारले संझौता अंक मध्ये मिति २०७४।४।३ सम्म रु.१९,१९,३४३।- मात्र वुझाई रु.३०३६६६।- वांकी राखेको

र लेखापरीक्षण अवधि सम्म वुझाएको पाइएन । निजले राखेको बैंक जमानतको म्याद पनि समाप्त भइ सकेकोले रु.३०३६६६।- असुल गर्नुपर्दछ ।

५.१ वैलहाट (पशुहाट) बजारको ठेक्का जगनाथ प्रसाद गुप्तासंग २०७३।११।०१ देखि २०७४।१०।०१ सम्मको लागि रु.४३२१३८।- लिने गरी सम्झौता भएकोमा नगरपालिकाले सवै रकम दाखिला भइसकेको जनाए तापनि निजले २०७४।०१।११ मा रु.२१२८७६।- मात्र वुझाएको पाइयो । वांकी रु.२१२८७६।- लेखापरीक्षण अवधिसम्म पनि वुझाउन वांकी देखिएकोले रु.२१२८७६।- असुल गर्नुपर्दछ ।

५.२ मिति २०७३।४।१ देखि २०७४।३।३१ सम्मका लागि खसी वाखा हाट बजार ठेक्का ठेकेदार लहान निर्माण सेवासंग गरेको छ ।ठेक्का संझौता अनुसार प्रथम किस्ता रु.७,८४,०७३।-, चलान पुर्जी जारी हुन अगावै २०७३।३।३१ मा दाखिल भएको र बाँकि रकम दुई किस्ता मध्ये दोश्रो किस्ता कात्तिक १ मा भित्र रु.५,७०,५९२।- र तेश्रो किस्ता माघ १, २०७३ भित्र रु.५,७०,५९२।-, दाखिल गर्नुपर्ने व्यवस्था मध्ये प्रथम किस्ता दाखिला भइ चलनपुजी जारी गरेको पाइयो । बाँकी रकम बराबरको यस न. पा. को नाउँमा मान्यता प्राप्त बाणिज्य बैकबाट जमानी पत्र बमोजिम जम्मा दाखिल गराई लिने सम्झौतामा उल्लेख थियो । ठेकेदारले संझौता मध्ये रु.२७०५९२।- लेखापरीक्षण अबधि सम्म पनि वुझाएको छैन भने बैंक जमानत को म्याद पनि रहेको पाइएन । यसरी बक्यौता रहेको रकम रु.२७०५९२।- असुल गर्नुपर्दछ ।

६. **पोखरी ठेक्का :** ३ बर्षको (२०७३।७४ देखि २०७५।७५) को लागि पोखरी ठेक्का सम्वन्धी सूचनामा एकमुस्ठ चलान पुर्जी जारी हुन अगावै दाखिला हुनु पर्ने भनि उल्लेख छ । सो ठेक्का एस. एच. ए निर्माणले रु.रु.९०१००।- मा सकार गरेको पाइयो । सूचना अनुसार नगरी चलान पुर्जी जारी हुनु अगावै प्रथम किस्ता रु.४७७५३।- र दोश्रो किस्ता रु.४७७५३।- माघ मसान्तसम्ममा बुझाइसक्नु पर्ने संझौताम व्यवस्था गरेको छ । सूचना तथा संझौता फरक गर्नु उपयुक्त देखिएन । साथै ठेकेदारले कुनै पनि किस्ता नवुझाएको र सोवापतको जमानत पनि लिएको पइएन । यसरी संझौता गरी चलनपुर्जी दिने तर ठेक्का वापतको रकम नदिने कार्यलाई निरुत्साहीत गरी रु.९०१००।- असुल गर्नुपर्दछ ।

७. **प्रशासनिक खर्चः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिघिभित्र रही एन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक आम्दानीवाट सिमा भन्दा बढी खर्च गरेको रु.४,४४,००,६०३।-नियमसम्मत् देखिएन ।

८. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा तोकिएको दरमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेकोछ । नगरपालिकाले विभिन्न फर्मको भूक्तानी गर्दा कानून वमोजिम लाग्ने कर कट्टा गरेको पाइएन । भूक्तानीमा कट्टा नभएको अग्रिम आयकर रु.१६६४४।२९ सम्वधितवाट अशुल गर्नुपर्दछ।

८.१ नगरपालिकाले पिस नेपालको कूल भूक्तानी रु.३३९०००।- मध्ये मूअक वाहेको रकम रु.३०००००।- मा नियमानुसार अग्रिम कर कट्टा गरेको पाइएन । कानूनको व्यवस्था अनुसार भूक्तानीमा कट्टा नभएको अग्रिम आयकर रु.४५००।- सम्वधितवाट अशुल गर्नुपर्दछ ।

९. **वीजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ९ मा १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा ढाँचामा कर विजक दिनु पर्ने व्यवस्थाछ । कार्यालयले सामुदायिक परिचालक पिस नेपालसंग रु.३३९००००।- मा संझैता गरी भूक्तानी गर्दा कर विजक पेश नगरेकोले कार्यलयले सो फर्मलाई रु.३००००।- मात्र भूक्तानी दिई रु.३९०००।- आन्तरिक राजश्व कार्यालयमा जम्मा गरिदिएको पाइयो । दर्ता भएको फर्मले विजक जारी नगरी भूक्तानी लिनु मनासिव देखिएन ।

९.१ नगरपालिकाले मुअक दर्ता भएको आपुर्तिकर्ता पुर्व क्षितिज प्रकाशन प्रा. लि (३०२८७५३२२) लाई विजक नै नलिई नलिइ रु.१८,०००।- भुक्तानी गरेको पाइयो । कर दर्ता फर्मवाट विजक नलिई भुक्तानी गरेको खर्च नियसंगत देखिएन ।

१०. **कन्टीजेन्सीः** सडक मर्मत कार्य को भुक्तनी ३ प्रतिशत कन्टिन्जेन्सी रकम रु. ८८७५।- कट्टि गरि रु. १५०९७१।- भुक्तनी दिइएकोमा कन्टिन्जेन्सी रकमको चेक भौचर मै संलग्न गरिएको भएकोले कन्टिन्जेन्सी खातामा रु.८८७५।- को चेक रिभर्स देखाई आम्दानी बाँधनु पर्दछ ।

११. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ र कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले

खर्चको प्रयोजन पुष्टी, प्रमाणीत हुने कागजात संलग्न नगरी योजना सुपरभिजनका लागी सामानहरु.खरिदका भुक्तानी दिएको पाइयो । खर्च पुष्टि हुने आधार वेगर लेखेको खर्च रु. ४९४००।- नियमसम्मत देखिएन ।

१२. **पेश्की जिम्मेवारी :** २०७१ मंसिर १७ बाट थप ९ र २०७२ साल आश्विन मा २ वटा गाउँ विकास समिति गाभिई नगरपालिका कायम भएकोमा हालसम्म साविकका गाउँ विकास समितिहरुको पेश्की जिम्मेवारि नगरपालिकाको खातामा सारी साविक जिम्मेवारी सारेको पाइएन । नगरपालिकाले ति गाविसको पेश्की छानविन गरी कायम गर्नुपर्ने देखियो ।

१३. **भ्रमण भत्ता :** दैनिक खर्च नियमावली, २०६४ को नियम ७ मा चतुर्थ तहको कर्मचारीले प्रतिदिन रु.१०००।- को दरले दैनिक भत्ता पाउने व्यवस्था छ । नगरपालिकाले सवारी चालक जोगेन्द्र महतोलाई २०७३।०४।२७ देखि २०७३।०५।०२ सम्म ८ दिन र २०७३।०४।१४ देखि २०७३।०४।२३ सम्म १० दिन प्रति दिन रु.१२००।- का दरले रु. १८६००।- भूक्तानी दिएको पाइयो । तोकिएको दर भन्दा वढी दरवाट बढि भुक्तानी भएको रु.४१००।- असुल गर्नुपर्दछ ।

१४. **बैठक भत्ता :** श्री मायानाथ आचार्यले बैठक सन्चालन गर्न लिएको पेश्की फछ्र्योटको गर्दा संलग्न गरेको भत्ता वितरण फाटवारीमा उपस्थित मध्ये २ जनाले रु.१७००।- बुझेको देखिएन । खर्च नभएको वाकी रकम संचितकोष दाखिला गर्नुपर्दछ ।

१५. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विद्यूतिय सामान खरिद गर्दा रु.४२६५१५५।-दरभाउपत्र वा प्रस्ताव माग नगरेकोले यस प्रकार सिधै खरिद कार्य नियमित देखिएन ।

१६. **धरौटी सोधभर्ना :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १८० मा धरौटि रकम छुट्टै खाता खोलि राख्नु पर्ने र सो रकम अन्य प्रयोजनमा खर्च गर्न नपाइने ब्यबस्था छ । नगरपालिकाले गत विगतमा धरौटी खाताको रकम रु.२०७१४५०।- नगरपालिका कोष खातामा रकमान्तर गरि खर्च गरेको उल्लेख छ । उक्त रकम २०७४ आषाढ मसान्त सम्म पनि सोधभर्ना नगरिएकोले अरुलाई तिर्नु वुझाउनु पर्ने रकम अन्य प्रयोजनमा प्रयोग गरिरहन नमिल्ने हुदा सोधभर्ना गरी हिसाव मिलान गर्नुपर्ने देखीन्छ ।

१७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न व्यक्तिलाई दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नगरी रु.६२४८१४७।- वांकी रहेको देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१८. **बक्यौता :** नगरपालिकाले देहायमा उल्लेख गरेको विभिन्न ठेक्कावापतको रकम उठाउन नसकी वक्यौता रहको पाइयो । नगरपलिकाको प्रमुख आम्दानीको स्रोत वक्यौता राखी राख्न नमिल्ने हुदा प्रचलित कानून वमोजिम कारवाही गरी रु.१०,३३०,६५६।- अशुल फछ्र्योट गर्नुपर्दछ ।

१९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताबाट पारिश्रमिक भुक्तानीमा कर कट्टी सम्बन्धमा ब्यबस्था गरिएको छ । ऐनको दफा ८ अनुसार समाबेस गरिने पारिश्रमिक आयमा छुट तथा सुबिधा घटाई हुन आउने कर योग्य आयमा ऐनको अनुसूची १ मा उल्लेख गरिएको करको दर अनुसार हुन आउने कर दायित्वमा रोजगारदाताले भुक्तान गरेको औषधी उपचार वापतको कर मिलान गरी सकेपछिको खुद कर रकमलाई दामासाहीले मासिक रुपमा निजको पारिश्रमिकबाट कट्टा गरी सम्बन्धित राजस्व कार्यालयमा प्रत्येक महिना समाप्त भएको १५ गतेभित्र बुझाउनु पर्दछ । यसरी पारिश्रमिक कर दायित्व यकिन गरी कर कट्टा गर्ने दायित्व यस ऐनले रोजगारदातालाई तोकेको छ । नगरपालिकाले ३ कर्मचारीहरुको वार्षिक पारिश्रमिक रु.३,५०,०००।- भन्दा बढि भएपनि १% सा.सु. कर मात्र कट्टा गरी भुक्तानी गरेको देखिएकोले लाग्ने पारिश्रमिक कर रु.२०५७५।- अशुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

२०. **वीमाः** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धी नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाखरूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमागराउनु पर्ने व्यवस्था छ । कार्यलयले खरिद संझौता गर्दा वील अफ क्वाण्टिटीमा वीमाको व्यवस्था गरेको भएता पनि निर्माण व्यवसायीवाट काम शुरु.गर्नुपूर्व रु. १०३४४९८३।- को वीमा नगरी निर्माण शुरु.गर्ने कार्य नियमित भएन ।

### गाढा गाउँ विकास समिति

२१. **संचितकोष :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाविसले आन्तरिक आय वाट संकलन गरेको रु.४८७०।- संचित कोषमा दाखिला गरेको पाइएन । कानून वमोजिम संचित कोषमा दाखिला गर्नुपर्ने रकम प्रा.स.अशोक कुमार मण्डलसंग रहेको नगद रु.४८७०।- अशुल गरी नगरपालिकाको संचित कोष दाखिला हुनुपर्दछ ।

२२. **खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । यस गाविसले शिव ट्रेडिङ्ग एण्ड सप्लायर्स बाट होन्डा होर्नेट १६० सि. सि. मोटरसाईकल रु.२६५९००।- मा खरिद गर्दा उक्त नियमको पालना गरेको पाइएन ।

२३. **अग्रिम आयकरः** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।गाबिसले शिव ट्रेडिङ्ग एण्ड सप्लायर्सलाई मोटरसाईकल खरिद गरी रु.२६५९००।- भुक्तानी गर्दा अग्रिम आयकर रु.३५२९।- कट्टि नगरेकोले नियमानुसार लाग्ने कर सम्वधितवाट अशुल गर्नुपर्दछ ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रु. २२०९१०६।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

### गोविन्दपुर प्र. ध. गाउँ विकास समिति

२५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रू.१६०८५७३।- वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७ करोड ७५ लाख ५४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ६६ लाख ९३ हजार र पेश्की रु.१ करोड ६६ हजार रहेको छ ।

# धनगढीमाई नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२७ लाख १८ हजार र यो वर्ष आय रु.२८ करोड ४२ लाख समेत रु. २८ करोड ६९ लाख १८ हजार आम्दानी भएकोमा रु.२४ करोड ९९ लाख ५२ हजार खर्च भई रु.३ करोड ६९ लाख ६६ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६२ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनुपर्ने छ । नगरपालिकाले आफ्नो आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्नेछ भन्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षसमाप्त भएपछि आन्तरिक लेखापरीक्षण गर्न अनुरोध गरेको जानकारी दिएको भएतापनि अन्तिम लेखापरीक्षण अवधिसम्म जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकले आलेप गरी प्रतिवेदन दिएको छैन । स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ ले गरेको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण नहुनाले लेखापरीक्षण पूर्व लेखा तथा स्रेस्तामा देखिएका कम्जोरीहरु.सुधार हुनसकेको पाइएन ।

२. **शीर्षकगत लेखा :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० मा सबै प्रकारका कारोबारहरूको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखा परीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको अभिलेख नराखेकोले शिर्षकगत आम्दानी खर्च एकिन गर्न सकिएन । नेपाल सरकारवाट प्राप्त भएको अनुदान रकम मध्ये खर्च नभई फ्रिज गर्नुपर्ने रकम समेत एकिन हुन सकेन । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको लेखा राख्नु पर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले गत विगत वर्षमा यस नगरपालिकामा गाभिएका साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिआफ्नो नाममा हस्तान्तरण गरी ल्याएको पाइएन । गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

४. **जिन्सीको लगत :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेतखुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरीराख्नु पर्नेछ । नगरपालिकाले गत वर्षको जिन्सी मौज्दात तथा यो वर्ष खरिद समेत समावेश गरी जिन्सीको लगत खडा गरेको पाइएन ।

५. **जिन्सी निरीक्षण प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ मा प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालू आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रूपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल जिन्सी मालसामानको परिमाण र मूल्य, चालू आर्थिक वर्षमा हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य बाँकी जिन्सी मालसामान मध्ये साबूत, मर्मत सम्भार, लिलाम, मिन्हा गर्नु पर्ने मालसामानको परिमाण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय, विभाग र कोष तथा लेखा नियन्त्रक कार्यालयमा एक एकप्रति पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको छैन । नियमको व्यवस्था अनुसार जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्नुपर्दछ ।

६. **जिन्सी आम्दानी :** आर्थिक कार्यविधी ऐन २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधी नियमावली, २०६४ अनुसार कार्यलयले खरिद गरी वा जुनसुकै प्रकारले प्राप्त गरेको जिन्सी मालसामानको मूल्य समेत खुलाई ७ दिन भित्र आम्दानी वाधी लगत राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न रु.३७४६८९२।- मूल्य वरावरका जिन्सी सामानहरु.खरिद गरेकोमा जिन्सी खातामा आम्दानी वाधी लगत राखेको पाइएन ।

७. **विल भरपाई :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) अनुसार विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु खर्च खातावाट विभिन्न कार्यमा रु.८१५६४०।- खर्च लेखेकोमा खर्च भएको पुष्टि हुने विल भरपाई संलग्न नगरेकोले सम्वन्धितवाट अशुल गरी दाखिला हुनुपर्दछ ।

८. **वढी भूक्तानी :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनैपनि रकम भूक्तानी गर्नुपूर्व रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यलयले नेपाल दलित शान्ती समाज धनगढीलाई मोवाइल मर्मत तालिम संचालन गर्न रु.२५००००।- मा संम्झौता गरेकोमा उक्त काम सम्पन्न गरी पेश गरेको रु.१८९५३०।- को मात्र फाँटवारी पेश गरेकोमा कार्यालयले उक्त फर्मलाई रु.२,५०,०००।- भूक्तानी गरेको छ। संम्झौता वमोजिमको काममा लागेको विलभन्दा वढी भूक्तानी भएको रु.६०४७०।- रकम अशुल गर्नुपर्दछ ।

८.१ वालपोषण भत्ता वितरण गर्दा रकम नवुझेको तथा फाटवारी भन्दा वढी पेश्की फछ्र्योट गरेको पाइएकोले वढी भूक्तानी भएको रु.६००।-असुल गर्नुपर्दछ ।

९. **जनश्रमदानको भूक्तानी :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनैपनि रकम भूक्तानी गर्नुपूर्व रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यलयले तार जडान उपभोक्ता समितिसंग सम्झौता गर्दा श्रमदान वापत रु.९९८०।- कट्टा गरि रु.४०,०००।- भूक्तानी दिने उल्लेख गरेकोमा सो काम सम्पन्न गरी उपभोक्ता समितिलाई रु.५०,०००।- भूक्तानी दिएको पाइयो । उपभोक्ताले व्यवहोर्नुपर्ने श्रमदान वापतको रु.१०,०००।- भुक्तानी दिन नमिल्ने हुदा सम्वन्धितवाट अशुल गर्नुपर्दछ ।

१०. **दाखिला प्रमाण :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले गो.भौ.नं.१७२ मिति २०७४।३।२५ वाट कट्टा भएको अग्रिम आयकर वापतको रकम खर्च लेखेकोमा सम्वन्धित राजश्व खातामा दाखिला गरेको छैन । प्रमाण वेगर खर्च लेखेको रु.७०,२२४।-जिम्मेवार व्यक्तिवाट अशुल गर्नुपर्दछ ।

११. **कार्यसम्पादन जमानतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न कबुल अंकको ५ प्रतिशत कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यसम्पादन जमानत पेश गर्दा सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभुतिको अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । नगरपालिकाले सडकमा सौर्यवत्ती जडान कार्य गर्न रु.४५१०४६३।- को लागतमा सम्पन्न गर्नेगरी खरिद काइनेटिक इनर्जीसँग सम्झौता गर्दा कार्यसम्पादन जमानत लिएको प्रमाण पेश भएन । जडान कार्य सम्पन्न गरेको ३६५ दिन पिरियोड अफ नोटिफाइड डिफेक्ट रहेको यो कार्यमा कानून तथा सम्झौताको व्यवस्था अनुसार रु.२२५५२३।– जमानत नलिई सम्झौता गरेको सम्मत देखिएन ।

१२. **खर्चको यर्थाथता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनैपनि रकम भूक्तानी गर्नुपूर्व रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यलयले विभिन्न मितिमा चालु खर्च खाता कार्यालय कामकाजको लागि भनि विरेन्द्र कुमार यादवले गाडि भाडामा लिइ रु.१०४७००।- भूक्तानी गरेकोमा सोको विस्तृत प्रयोजन, व्यवसायीसंग गरेको संम्झौता पेश नहुनाका साथै खर्च लेखेको रकम व्यवसायीले वुझेको समेत नदेखिएकोले सो खर्च नियमसंगत देखिएन ।

१३. **अग्रिम आय कर :** आयकर ऐन २०५८ को दफा ८(ड) अनुसार भाडा भूक्तानी गर्दा १० प्रतिशतले आयकर कट्टा गरी भूक्तानी गर्नुपने व्यवस्था छ। कार्यलयले गाडी धनी विरेन्द्र कुमार यादवलाई गाडि भाडा वापत रु.४९,०००।- भूक्तानी गरेकोमा सोको १० प्रतिशत रु.४९००।- कर कट्टा गरेको नदेखिएकोले सम्वन्धितवाट अशुल गरी दाखिला गर्नुपर्दछ ।

१४. **दोहोरो तलव :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(८) अनुसार खर्च लेख्दा रित पुगे नपुगेको जांच गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। २०७४ असार महिनाको तलव मिति २०७४।३।१९ वाट रु.८९५५०।- लेखि सकेको अवस्थामा पुन तलवमा रु.३८८४२।- र सेवा अन्यवाट रु.९०००।- समेत रु.४७८४२।- खर्च लेखेको र सोको विभरपाई समेत संलग्न नगरेकोले दोहोरो भूक्तानी भएको रु.४७८४२।- अशुल गर्नुपर्दछ ।

१५. **रकम फिर्ता :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३३ अनुसार महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनि तोकेको शीर्षक वाहेकको विनियोजित शीर्षकको रकम वचत भएमा फ्रिज गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.५,९५,६१,०००।- निकासा लिएको मध्ये वर्षान्तसम्म रु.५०४६६२००।- वितरण भई रु.९०,९४,८००।- वचत रहेको रकम नगरपालिकाको कोषमा रहेको देखिन्छ। नियमको व्यवस्था अनुसार वचत रकम रु.९०,९४,८००।- संचितकोष दाखिला गर्नुपर्दछ।

१६. **पेश्की फछ्र्यौट :** ख.वविन डोटेलले सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई रु.४०९२४००।- र नगद दाखिला रु.८,७२,०००।- समेत रु.४९६४४००।- पेश्की फछ्र्यौट हुनुपर्नेमा रु.४९,६६,४००।- फछ्र्यौटगरेको पाइयो। फाटवारी भन्दा वढी पेश्की फछ्र्योट भएको रकम रु.२०००।- निजवाट अशुल गर्नुपर्दछ।

१७. **घटी कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार आपूर्तिवापतको भूक्तानीमा १.५ प्रतिशत अग्रिम आयकर कट्टा गरी भूक्तानी दिनुपर्ने व्यवस्था छ। वोलपत्रको माध्यमवाट टिपर थान १ सिप्रदी ट्रेडिङ प्रा.लि.वाट मुअक समेत रु.१०,२८,०००।- मा खरिद गरेकोमा १.५ प्रतिशतले अग्रिम कर रु.३७,३००।- कट्टा गर्नुपर्नेमा रु.३७३७।- मा कट्टा गरेकोले घटी कट्टा गरेको अग्रिम कर.रु.३३,५६३।- अशुल गर्नुपर्दछ।

१८. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आधार लिई अनुसुची-१क को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ। नगरपलिकाले उक्त व्यवस्था अनुसार लागत अनुमान तयार र परामर्शदातको क्षेत्रगत शर्त पनि तयार गरेको पाइएन। लागत अनुमान तथा क्षेत्रगत शर्त तयार (TOR) नगर्दा सेवा लिने काममा कति खर्चलाग्ने हो सोएकिन नभई परामर्शदाताले प्रस्ताव गरे वमेजिम नै वढी खर्च हुन सक्ने, र क्षेत्रगत शर्त तयार नगर्दा परामर्शदातावाट आवश्यक सेवा प्राप्त भए नभएको शर्त संग तुलना गर्न नसकिने भएकोले यस प्रकारको सेवा खरिद मा खर्च भएको रु.२४,७७,४४७।- नियमसम्मत् देखिएन।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई रु.१५,७०,०००।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

१९.१ आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम अनुसार पेश्की रकम तोकिएको समय भित्र फछ्र्यौट गर्नुपर्ने र म्यादभित्र फछ्र्योट नगरेमा व्याज समेत लाग्ने व्यवस्था छ। का.स.अर्पन कुमार भुजेलको रु.४०,०००।- वाँकी देखिएकोले नियमानुसार अशुल फछ्र्योट गर्नुपर्दछ।

१९.२ आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम अनुसार पेश्की रकम तोकिएको समय भित्र फछ्र्यौट गर्नुपर्ने र म्यादभित्र फछ्र्योट नगरेमा व्याज समेत लाग्ने व्यवस्था छ। गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखीत पेश्की रु.७,२८,४००।- यो वर्षसम्म फर्छ्योट गरेको देखिएन। तोकिएको म्यादभित्र पेश्की लिनेवाट फछ्र्योट नगरी वाकी राख्ने उपर नियमका व्यवस्था अनुसार कारवाही गरी अशुल फछ्र्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिका को लेखापरीक्षणबाट रु.१ करोड ८ लाख ४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५६ लाख ४९ हजार र पेश्की रु.१६ लाख १० हजार रहेको छ।

# सिरहा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३ करोड ६५ हजार र यो वर्ष आय रु.२९ करोड ५९ लाख ३२ हजार समेत रु.३२ करोड ५९ लाख ९७ हजार आम्दानी भएकोमा रु.२७ करोड २४ लाख २ हजार खर्च भई रु.५ करोड ३५ लाख ९५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **अन्तिम लेखापरीक्षण :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १३५ मा नगरपालिकाको आय र व्ययको अन्तिम लेखापरीक्षण लेखा समितिको सिफारिशमा नगर परिषद्‌बाट छनौट भएका दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्ने उल्लेख छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण गराएको पाइएन । कानूनी व्यवस्था अनुसार लेखापरीक्षण नगराउनाले हिसाब पारदर्शी नहुने, आर्थिक अनुशासन पालना भए नभएको जानकारी नहुने, पेश्की, मौज्दात तथा बेरुजु भएको स्थिति एकिन नहुने भएकोले आर्थिक मौजुदा कानून अनुसार लेखापरीक्षण गराई हिसाव पारदर्शी वनाई आर्थिक अनुशासनको पालना गर्नुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६१ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखावाट गराउनु पर्ने उल्लेख छ । गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउन सक्ने व्यवस्था छ। विगत १५ वर्ष भन्दा अगाडी स्थापना भएको नगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरेको पाइएन । आफ्नो आन्तरिक लेखापरीक्षक नभएको अवस्थामा नगरपालिकाले जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट पनि लेखापरीक्षण गराएको पाइएन । आन्तरिक लेखापरीक्षण नगराई गरेका आर्थिक कारोवार पारदर्शी नहुने, भए गरेका कारोवारहरुमा आन्तरिक नियन्त्रण नहुने देखियो ।

३. **आन्तरिक नियन्त्रण:** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस उप महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा आन्तरिक लेखापरीक्षण नगरेको, कारोवारको आन्तरिक रुपमा सहि भए नभएको मूल्याङ्कन नभएको, आन्तरिक रुपमा देखिएका कम्जोरीहरु.समयममै समाधान नगरेको, इन्धन खर्चका सवारी लगसिट नराखेको, खरिद गरेको सामानहरु.कानूनले तोकेको समयमा स्टोर दाखिला नगरेको, जिन्सी अभिलेखमा मूल्य अभिवृद्धि कर रहित मूल्यमा दाखिला गरेको, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको सुचि अध्यावधिक नराखेको, खरिद आदेशमा खर्च बजेट शिर्षक, आपुर्तिकर्ताको नाम, अन्तिम दाखिला मिति आदि विवरण तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ।

४. **शीर्षकगत लेखा :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १० मा सबै प्रकारका कारोबारहरूको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखा परीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको अभिलेख नराखेकोले शिर्षकगत आम्दानी खर्च एकिन गर्न सकिएन । नेपाल सरकारवाट प्राप्त भएको अनुदान रकम मध्ये खर्च नभई फ्रिज गर्नुपर्ने रकम समेत एकिन हुन सकेन । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको लेखा राख्नु पर्दछ।

५. **जिम्मेवारी** : नगरपालिकाले आर्थिक वर्ष २०७२।७३ का १५ वटा वैकखाताको वैकस्टेट अनुसार मिति २०७३।४।१ को जिम्मेवारी रु.४,५७,४१,१६३।- रहेको छ । मिति २०७३।४।४ देखि २०७३।११।२७ सम्म अवधीको आर्थिक विवरणमा गतवर्षको जिम्मेवारी रु.२,६५,०३,७००।- देखाएको छ । वैक तथा स्रेस्ताको फरक परेको सम्वन्धमा कुनै कारण खुलाइको छैन । गत वर्ष अन्तिम लेखापरीक्षण नगराएकोले मौज्दात एकिन हुने स्थीति देखिएन । नगरपालिकाले स्पष्ट पारदर्शि हिसाव राखी कानूनको व्यवस्था अनुसार रु.४,५७,४१,१६३।- लेखापरीक्षण समेत गराई जिम्मेवारी एकिन गर्नु गराउनुपर्दछ।

६. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिनगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ति हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउँविकास समितिले जिन्सी सामानहरु र सोको विवरण पेश गरिएको पाइएन । नगरपालिकाले ती साविकको गा.वि.स.को नाममा रहेको सम्पूर्ण नगदी जिन्सी सबै सम्पत्तिहरु.नगरपालिकाले छानविन गरी स्वामित्व ल्याउनुपर्ने देखिन्छ।

७. **आन्तरिक आम्दानी :** आर्थिक कार्यविधी ऐन २०५५को दफा ११ मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी गराई राख्नु पर्नेछ। आर्थिक प्रशासन संचालन गर्दा कार्यालयले प्रचलित

कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र एकिकृत हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने उत्तरदायित्व र रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही वहन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक आम्दानीको लागि व्यवस्था भएका म.ले.प.फारमहरु.राखी स्रेस्ता खडा गरेको पाइएन। यसरी हिसाव नराख्ने र राख्न नलगाउँने लाई जिम्मेवार वनाई तोकिएका लेखा तथा स्रेस्ता खडा गरी पाररदशी हिसाव तयार गर्नुपर्दछ।

८.१ यो वर्षको आन्तरिक आय रु.१६२०७२४४।– देखिएको छ। उक्त आयलाई प्रमाणित गर्ने स्रेस्ता तथा लेखा खडा गरेको छैन। नगरपालिकाको नगद काउण्टरमा कार्यरत कर्मचारीको डायरी टिपोट अनुसार २०७३।४।१ देखि २०७४।३ मसान्त सम्म (मालपोत तथा वैक तथा धरौटी सदरस्याहावाट प्राप्त आय वाहेक) रु.१२७९७०१४।- संकलन भई लेखा शाखामा कोषमा जम्मा गर्न पठाएको पाइयो। लेखा नराख्ने कार्यले नगरपालिकाको आम्दानी यकिन गर्न सकिएन। आय लेखा स्रेस्ता खडा गरी पारदर्शी हिसाव तयार गर्नुपर्दछ।

८. **वीमा :** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धी नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाख रूपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न खरिद संझौता गर्दा वील अफ क्वाण्टिीमा वीमाको व्यवस्था नगरेको र निर्माण व्यवसायीसँगरु.१८४५४८२५।- खरिद संझौता गर्दा पनि काम शुरु.गर्नुपूर्व वीमा गराएको पाइएन। सम्भावित जोखिमलाई कम गर्न नियमानुसार विमा गराउनु पर्दछ।

९. **दमकल खरिद :** स्थानीय विकास मन्त्रालय जगेडा कोष कार्यक्रम अन्तरगत ९०:१० अनुपातमा लागत सहभागितामा दमकल खरिद गर्नको लागि सिचाई विभाग यान्त्रिक डिभिजन वीरगंजवाट ४५०० लि.क्षमता देखि ५००० लि क्षमता सम्मको कम्तीमा ४ जना वस्न मिल्ने क्याविन भएको १ वर्ष भित्र उत्पादन भएको हालैको मोडल जस्ता स्पेसीफिकेशन राखी तथा अनुमान ७० लाख हुने उल्लेख स्पेसिफिकेशन तथा लागत अनुमान तयार गरी पठाएको छ।

आर्पूतकले उपलव्ध गराएको TATA FIRFIGHTER LPT 1613 को गुगल सर्च गर्दा यो दमकल सन २०१३ को उत्पादन रहेको र भारतीय वजारमा सोको १३,४०,०००।- देखि १७,७१,०००।- सम्म विक्री मूल्य रहेको उल्लेख छ। सिचाई विभाग यान्त्रिक डिभिजन वीरगंजले दमकलको मूल्य के कून आधारम तय गरेको थियो उल्लेख गरेको छैन। सार्वजनिक खरिद ऐन नियमावली, २०५४ को नियम ११ अनुसारको आधार लिएको छैन। साथै नगरपालिकाले दमकल स्पेसिफिकेन अनुसार भएको परिक्षण समेत सोही कार्यालयवाट गराई स्पेसिफिकेशन वमोजिम भएको प्रमाण लिई आपूर्तकवाट सामान स्वीकार गरी भूक्तानी दिएको छ। स्पेसिफिकेशनको सि.नं. २९ मा The Tender Offered shall be a current model under standard production of the manufactor. उल्लेख छ। तर सन २०१३ को उत्पादनलाई सन २०१६ मा सोही वर्षका मोडल कम्पनीले उत्पादन गरिसकेको पाईकोले आपूर्ति भएको मोडललाई current मोडल भन्न मिल्ने देखिएन। साथै आपुर्तकनगरपालिका विच मिति २०७३।३।२१ मा संझौता गर्दा सो सामान आपूर्ति गर्ने अवधी मिति २०७३।३।२५ तोकिएको र आपुर्तकले पनि उक्त दमकल मिति २०७३।३।२५ मा सामान आर्पुति गरी भूक्तानीको लागि करविजक जारी गरेको छ। भारतमा उत्पादित नयाँ तथा current मोडलको दमकल ३ दिन भित्र उपलव्ध हुने सम्भावना नदेखिएकोमा नगरपालिकाले सो दमकल Current Model भएको प्रमाणित गर्ने आधारको रुपमा आयात गर्दाको प्रज्ञापन पत्र लिएको छैन। यसरी स्पेसीफिकेशन अनुसारको सामान भएको प्रमाणित हुने कुनै आधार नै नराखी आर्पूकले सप्लाई गरेको पुरानो सामान स्वीकार गरी रु.६३,८४,०००।- भूक्तानी दिएको सम्वन्धमा छानविन हुनुपर्दछ।

१०. **फलामे छडको प्रयोग** : सार्वजनिक निर्माणमा फलामे डण्डीको विस्तृत ड्रइङ डिजाइन तथा बार सेड्यूल तयार गरी स्ल्याव, पिलर, विम, लिन्टल बिम लगायतको आर.सि.सि.कार्यमा प्रयोग हुने डण्डीको परिमाण हिसाव गरी लागत अनुमान तयार गर्नुपर्दछ। तर कार्यालयले फलामे डण्डि आर.सि.सि. कार्यको कूल परिमाणको (प्रति घ.मि.मा ७८५० के.जी.हुने) १. प्रतिशत देखि २ प्रतिशतसम्म डण्डी लाग्नसक्ने गरी लागत अनुमानमा तयार गरेको छ। विस्तृत ड्रइङ, डिजाइन र वार वेण्डिङ सेडुअल वेगर डण्डिको लागत अनुमान तयार गर्न मिल्दैन। यसरी अनुमानको आधारमा निकालिएको परिमाण वास्तविक परिमाणसंग मेल खाँदैन। निर्माण कार्य शुरु.हुनु भन्दा अगाडि फलामे डण्डीको विस्तृत ड्रइङ, डिजाइन तयार गरी निर्माण व्यवशायी तथा उपभोक्तालाई दिएको पनि देखिएन। नगरपालिका सभाहल निर्माणको लागत अनुमान तयार गर्दा कोलम प्याडमा ०.५ प्रतिशत स्लावमा १.५ प्रतिशत कोलममा २ प्रतिशत र वीममा २.५ प्रतिशत राखेको छ। यसरी लागत अनुमान गर्न मिल्ने इन्जीनियरिङ आधार पाइएन। लागत अनुमान गर्दा गर्दा डण्डीको प्रयोगको लचकता बढी हुने देखिन्छ। यो भवनमा मात्र कूल १५०७८.८७ केजी लाग्ने गरी प्रतिकेजी रु.११८।०५ का दरले रु.१७,८०,०६०।- लागत अनुमान गरेको छ। लागत अनुमान स्वीकृत नगरी निर्माण कार्य गराउने कार्य उचित देखिएन।

११. **कलर मार्वल :** नगरपालिका सभाहल निर्माणको पहिलो तलाका सवै फ्लोरमा कलर मार्वल राख्ने गरी लागत अनुमान तयार गरेको छ। भऱ्याङ प्यासेज जस्ता स्थान वाहेक फ्लोरिङ फर्निसिङ गर्नुपर्ने स्थानमा मार्वल राख्न आवश्यक हुने देखिएन। भऱ्याङ प्यासेज वाहेकको पहिलो तलाको फ्लोरमा मात्र २३६।७३ वर्गमिटर मार्वल राख्ने डिजाइन अनुसार निर्माण व्यवसायीवाट कार्य गराई रु.१०,१९,२७६।- भूक्तानी दिएको छ। पहिलो तल्लाको पुरै भुईमा मार्वल राख्नुको प्राविधिक कारण उल्लेख गरेको छैन।

यस प्रकार आवश्यकता वेगर वढी खर्च पार्ने गरी लागत अनुमान स्वीकृत गर्ने र बोलपत्रको माध्यमबाट खर्च गर्ने कार्य मनासिव देखिएन ।

१२. **ग्यारेज निर्माण:** नगरपालिकाका सवारी साधन भारी मेशेनरी उपकरणको लागि ग्यारेज निर्माण कार्यको रु.५४००५२२।- लागत अनुमान अनुसारको कार्य वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी वालाजी निर्माण सेवासंग रु.३४०५९९६।- मा संझौता गरी सम्पन्न गरेको छ । उक्त कार्यको विल अफ क्वाण्टिटिमा प्रोभिजनल सममा रु.१०००००।- र रिलोकेशन वापत रु.११०००।- समावेश गरेकोमा उक्त रकम निर्माण व्यवसायीलाई भूक्तानी दिएको पाइयो । प्रोभिजन समवाट काम गर्न कार्यालयले निर्माण व्यवसायीलाई आदेश दिएको छैन । रिलोकेशन गरेको स्थानको प्रमाण संलग्न नगरी खर्चलेख्ने आधार वेगर निर्माण व्यवसायीलाई भूक्तानी दिएको रकम रु.१,११,०००।- अशुल गर्नुपर्दछ ।

१३. **घटी लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३० मा जनसहभागिताको मापदण्ड तयार गर्दा जिल्ला विकास समितिको हकमा १० प्रतिशतमा कम नहुने गरी जनसहभागिता एवं लागत सहभागिता निर्धारण गर्नुपर्ने व्यवस्था छ । सिमा क्षेत्र विकास कार्यक्रम निर्देशिकाको वुंदा नं.९ मा कार्यक्रम कार्यान्वयनको लागि खर्च गर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमवली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ एवं मन्त्रालयले जारी गरेको निर्देशन वमोजिम गर्नुपर्ने उल्लेख छ । उल्लेख गरिएका नियम तथा निर्देशिकामा नगरपालिकाले उपभोक्ता समूहवाट घटीमा १५ प्रतिशत श्रमदान लिनुपर्ने व्यवस्था छ । यस कार्यक्रममा उपभोक्ता समुहले जनश्रमदान १० प्रतिशत व्यहोर्नु पर्ने गरी लागत अनुमान तयार गरेको र उपभोक्तासंग सोही वमोजिम श्रमदान लिने गरी संझौता गरेको पाइयो । कार्यविधिको व्यवस्था व्यवस्था अनुसारको लागत सहभागिता नराखी कार्यक्रम कार्यन्वयन गर्दा व्ययभार बढी पर्न गएको छ । न्यूनतम लागत सहभागिता नलिई भूक्तानी गरेको कारण वढी लागत लाग्न गएकोले कार्यविधीको व्यवस्था अनुसारको उपभोक्तावाट गरेको काममा जनश्रमदान थप रु.९८७३८१।- नलिएका कारण वढी व्ययभार पारेको खर्च नियमसंगत देखिएन ।

१४. **रकम फिर्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा महालेख नियन्त्रक कार्यालयले फ्रिज नहुने भनि तोकेका वाहेकका वजेट उपशीर्षकमा निकासा प्राप्त रकम आर्थिक वर्ष भित्र खर्च नभई वाकी रहेमा फिज हुने व्यवस्था छ । नगरपालिकाले जिल्ला समन्वय समिति सिरहावाट प्राप्त गरेको सीमा क्षेत्र विकास कार्यक्रमको लागि प्राप्त गरेको रकम रु.१,९८,०९,२००।- मध्ये आर्थिक वर्षभित्र रु.१,७६,८८,८२९।- मात्र खर्च भई रु.२१,२०,३७१।- बाँकी रहेकोमा नगरपालिकाले रु.२१,२०,३७१।- रकम फिर्ता नगरी मौज्दातमा राखेको पाइयो । उक्त रकम नेपाल सरकारको संचित कोष दाखिला गर्नुपर्दछ ।

१५. **कर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । आफ्नो जिम्मामा आएको सरकारी नगदी पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। आर्थिक वर्ष २०७३।७४ को मसान्तसम्म कट्टी गरेको कर रु.२२९९१०१।- दाखिला नगरेकोले कानूनको व्यवस्था अनुसार सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **वील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले नियममा भएको व्यवस्थाा अनुसार विल भरपाई पेश नगरेको अवस्थामा पनि कार्यालय सम्बन्धि खर्च लगायत रु.२५००९६।- भुक्तानी दिएकोले नियमसम्मत् देखिएन ।

१७. **असम्बन्धित खर्च:** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने व्यवस्था छ । तोकिएको काम वाहेकमा खर्च गरेमा जिम्मेवार व्यक्तिबाट असुल गरी विभागिय कारवाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले जिल्लाका विभिन्न कार्यालय प्रमुखको विदाईमा उपहार प्रदान गर्न ४ थान सुट सेट खरिद गरी रु. ३४०१३।– खर्च लेखेको पाइयो । यसरी यस कार्यालयको बजेट बाट कार्यालयको कामसँग असम्बन्धित कार्यमा खर्च लेख्ने आधार नभएकाले उक्त रकम असुल गर्नुपर्दछ ।

१८. **गतवर्षको भुक्तानी:** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ३९(१) अनुसार चालु वर्षको बजेटले नखाम्ने गरी बढी दायित्व सिर्जना गर्न नहुने, नखामेको खर्च व्यहोर्नुपर्ने भए विल भरपाई बमोजिमको रकम आगामी वर्ष भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको गत वर्षको भुक्तानी दिँदा नियमानुसार भुक्तानि दिँन बाँकीको विवरण प्रमाणित गराएको देखिएन । यसरी नियमा भएको व्यवस्था अनुसार भुक्तानि दिँन बाँकीको विवरण वेगर दिएको रु. १०२१९०।- भुक्तानी दिएको नियमसम्मत् देखिएन ।

१९. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले नियममा भएको व्यवस्था अनुसार विल भरपाई पेश नगरेको अवस्थामा पनि विभिन्न आपुर्तकलाई भुक्तानी दिएको रु.५२५८७३।- नियमसम्मत् देखिएन।

२०. **अनुदानको अनुगमनः** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अनुदान गएको रकमबाट सम्झौताका सर्तहरु.बमोजिमको कार्य सम्पन्न भए नभएको कार्यालयले अनुगमन गर्नुपर्ने र सम्झौताका सर्तहरु.अनुसार कार्यक्रम संचालन भए नभएको अनुगमन गरी संचालित कार्यक्रम सामुदायिक पशु प्रजनन केन्द्र, सारस्वर लगायतको रु.८६१८८१।- प्रगति विवरण समेत पेश भएन।

२१. **वेबसाइट :** कार्यालयले वेबसाइट तयारी तथा संचालनको लागि सिटिजन इन्फोटेक प्रा.ली., कोटेश्वर सगँ भएको सम्झौता बमोजिम सप्लायर्सले तोकेको डोमेन नेम को वेब साइट सम्बन्धित निकायमा दर्ता गरी संचालन गर्ने र संचालन तथा अपडेटगर्ने कार्य सम्बन्धमा कार्यालयका कर्मचारीलाई तालिम दिने उल्लेख छ। तर लेखापरीक्षणको क्रममा सो वेबसाइट दर्ता भई संचालन भई सकेको र कर्मचारीहरुलाई तालिम दिएको प्रमाणित हुने कागजात पेश हुन नआएकोले रु.१५००००।–खर्च लेख्ने आधार देखिएन।

२२. **लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कायविधि २०६९ को वुदा ३० मा कार्यक्रम वा आयोजना संचालन गर्दा गाउँ विकास समिति र जिल्ला विकास समितिले १० प्रतिशत मा कम नहुने गरी जनश्रमदान निर्धारण गरी कार्य गराउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले काममा १० प्रतिशत भन्दा घटी जनश्रमदान हुने गरी उपभोक्तावाट रु.४७०३९६।- को कार्य गराएको पाइयो। कार्यविधिको व्यवस्था अनुसार घटी जनश्रमदान जुटेको रकम रु.९७०२६।- नियमसंगत देखिएन।

२३. **पेश्की :** आन्तरिक लेखापरीक्षणवाट यो आर्थिक वर्षसम्म अन्त सम्म बाँकी पेश्की रु.२,२८,५७,८००।- देखाएको छ। स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त फर्छ्यौट गर्न वांकीको पेश्की विवरण अनुसार यो वर्ष र गत विगत वर्षमा दिएको पेश्की रु.६,२५,०४,२००।-पेश्की फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

**लक्ष्मिनिया गाउँ विकास समिति**

२४. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुर वापतको रकम रु.२०४८८।- वुझि लिएकोमा हालसम्म गाउँपालिकाको खातामा जम्मा नगरेकाले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ।

२५. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु.९५०९।- को वेरुजु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नु पर्दछ।

**लगडी गोठ गाउँ विकास समिति**

२६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. ८२२२५९।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

**हकपारा गाउँ विकास समिति**

२७. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार

मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.२३४२५२।- वुभि लिएकोमा हाल सम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ।

२८. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु. २५८२।- को वेरुजु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नु पर्दछ।

**लगडी गदियानी गाउँ विकास समिति**

२९. **गाविसको मौज्दात :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा गाउँपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा गाउँपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। साविकको खरुक्याही गाविसले नगद मौज्दात रकम रु.१३०५।- लेखापरीक्षण अवधी सम्म पनि फिर्ता गरी गाउँपालिकाको संचित कोष खातामा दाखिला गरेको पाइएन। निर्देशिकाको व्यवस्था अनुसार साविक गाउँपालिकाको नाममा रहेको सम्पत्ति तथा दायित्व गाउँपालिकाको हुने भएकोले मौज्दात गाविसको नाममा रहेको वैक खाताको सवै रकम रु. १३०५।- गाउँपालिका संचित कोष खातामा दाखिला गर्नुपर्दछ।

३०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की रु. १३९९७००।-फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

३१. **पोखरी ठेक्का:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १७२ मा स्थानीय निकायले विभिन्न कारणबाट असुल गर्न बाँकी रहेको वक्यौता रकम असुल गर्न वक्यौता असुली कार्ययोजना वनाई असुल गर्नुपर्ने व्यवस्था छ। कार्यालयको वक्यौता विवरण अनुसार आ.व. २०६२।६३ देखिउठ्न बाँकी देखिएकोमा सो रकम असुल गर्ने सम्बन्धमा कार्ययोजना बनाएको छैन। यसरी साविक गाविसको पोखरीको बक्यौता रकम २०६२। ६३ देखि बाँकी रहेको रु.१०२९००।-असुल गर्नुपर्दछ।

३२. **नगद मौज्दात:** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। गा.वि.स.को आन्तरिक आम्दानीतर्फको नगद मौज्दात रु.२६२२।- बैंक दाखिला नभएको देखिएकोले नियमानुसार असुल गरी दाखिला गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिका को लेखापरीक्षणबाट रु.१२ करोड ६१ लाख ५९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३७ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ९० लाख ६७ हजार र पेश्की रु.६ करोड ३३ लाख २६ हजार रहेको छ।

# गोलबजार नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३ करोड ६५ हजार र यो वर्ष आय रु.२९ करोड ५९ लाख ३२ हजार समेत रु.३२ करोड ५९ लाख ९७ हजार आम्दानी भएकोमा रु.२७ करोड २४ लाख २ हजार खर्च भई रु.५ करोड ३५ लाख ९५ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस साविक गोलबजार नगरपालिकामा साविक दुर्गापुर गाउँ विकास समिति समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैकमा भएको मौज्दात मात्र पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविस र नगरपालिकाका नाममा निकासा भएको रकम फिर्ता भएको छ । आर्थिक विवरण वेगर दुर्गापुर गाविसको मौज्दात रु. ७४६२१५३।- को विवरण मात्र पठाउने कार्य नियम संगत देखिएन ।

२. **आन्तरिक नियन्त्रण:** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस उप महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभएको र आन्तरिक लेखापरीक्षण जिल्ला समन्वय समितिका आन्तरिक लेखापरीक्षण शाखावाट गराएको पाइयो । नियमित आन्तरिक लेखापरीक्षण नहुँदा, सवारी लगसिट पुर्ण व्यबस्थित नभएको, स्टोर दाखिला गर्दा भ्याट रहित परल मूल्यमा दाखिला गरेको, सुचिकृत भएका आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको सुचि अध्यावधिक नराखेको खरिद आदेशमा खर्च बजेट शिर्षक, आपुर्तिकर्ताको सहिछाप, अन्तिम दाखिला मिति आदि विवरण नभरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

३. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही एन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक आम्दानीवाट सिमा भन्दा रु. ९१,८५,१८७- बढी खर्च गरेको देखिएकोले नियमावली, प्रतिकूल गरेको खर्च नियम सँगत देखीएन ।

४. **दरभाउपत्र:** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेमा गोलबजार नगरपालिकाले रु. ५१७०००।- का मोटरसाईकल खरिद गर्दा उक्त नियमको पालना गरेको पाइएन ।

५. **गाविसको मौज्दात :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । साविकको दुर्गापुर गाविसले सुखिपुर बैंक खातामा रहेको रु.१,६१७- र अघिल्ला गाविस सचिव शशीभुषण सिंहसंग रहेको रु.३२,०९६।- नगद मौज्दात रकम लेखापरीक्षण अवधी सम्म पनि फिर्ता गरी नगरपालिकाको संचित कोष खातामा दाखिला गरेको पाइएन । निर्देशिकाको व्यवस्था अनुसार साविक गाउँपालिकाको नाममा रहेको सम्पत्तितथा दायित्व नगरपालिकाको हुने भएकोले साविक गाविस सचिव सशिभुषन सिंहसंग रहेको रु.३२,०९६।- निजवाट अशुल गर्ने र गाविसको नाममा रहेको वैक खाताका सवै रकम रु. ३३,७१४।- नगरपालिका संचित कोष खातामा दाखिला गर्नुपर्दछ ।

६. **पेश्की जिम्मेवारी :** २०७३ फाल्गुण २८ बाट दुर्गापुर गाउँ विकास समिति मिसिएर नगरपालिको वडा नं. १३ बनेकोमा हालसम्म साविकका गाउँ विकास समितिको पेश्की जिम्मेवारि नगरपालिकाको खातामा सारी साविक जिम्मेवारी सारेको पाइएन ।

७. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा

जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिनगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका भवन २, जग्गा ०.४.२ दो, ल्यापटप १ लगायत अन्य जिन्सी सामानलगायतका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएकासम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ।

८. **वीमा :** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धी नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक दशलाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्यको वीमागराउनु पर्ने व्यवस्था छ। कार्यलयल रु. ६५७४१४०।- खरिद संझौता गर्दा वील अफ क्वाण्टिमा वीमाको व्यवस्था नगरेको र निर्माण व्यवसायीवाट पनि काम शुरु.गर्नुपूर्व वीमा गराएको पाइएन। सम्भावित जोखिमलाई न्युनीकरण गर्न नियमानुसार विमा गराउनु पर्दछ।

९. **आयकर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्थाछ। नगरपालिकाले भुक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.१२८९।- वर्षान्त सम्म पनि दाखिला गरेको पाइएन। कानून को परिधी भित्र रही कट्टी गरेको अग्रिम आयकर सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ।

१०. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाले विभिन्न भुक्तानी गर्दा तोकिएको दरमा अग्रिम आयकर रु.१०३७०।- कट्टि नगरेकोले सम्वधितवाट अशुल गर्नुपर्दछ।

११. **होटलवास खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को दैनिक भ्रमण भत्ता सम्वन्धी व्यवस्थाको पछिल्लो संशोधनले होटेल वासको व्यवस्था नगरी दैनिक भत्ता मात्र पाइने व्यवस्था गरेको छ। राजकुमार दाशलाई भ्रमण अवधीको दैनिक भत्ताको अलावा होटलको विल पेश गरेर अलग्गै रु.८९४६।- भूक्तनी दिएको पाइयो। नियमको व्यवस्था विपरीत भूक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१२. **पेश्की :** आन्तरिक लेखापरीक्षणवाट यो आर्थिक वर्षसम्म अन्त सम्म बाँकी पेश्की रु.२,२८,५७,८००।- देखाएको छ। उक्त पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**दुर्गापुर गाउँ विकास समिति**

१३. **संचितकोषः** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस गाविसले आन्तरिक आय (मालपोत) वाट संकलन गरेको रु. ११,७४४।- संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो। कानून वमोजिम संचित कोषवाट खर्च गर्न नमिल्ने रकम खर्च गरेकोमा रु.११,७४४।- अशुल गरी नगरपालिकाको संचित कोष दाखिला हुनुपर्दछ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रु.२८०७३।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

१५. **बजेट खर्च :**स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को प्रकरण १३ मा राजनैतिक दल तथा तिनका भातृ वा भगिनी संगठन, संघ संस्था वा व्यक्ति आदीलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलव्ध गराउन निषेध गरेको छ। यस गाविसले रु.३०,०००।- धनगढि न. पा. मा गाभिएकोमा विरोध स्वरुप जिविस जान समिति अध्यक्ष जुगुतलाल मोची लाई खर्च दिइएको पाइएकोले कार्यविधि प्रतिकूल लेखिएको खर्चरु.३०,०००।- नियमसम्मत् देखिएन।

१६. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ९(७) मा रीत पुगे वा नपुगेको जाँच गर्ने र हिसाब किताब रीतपूर्वक राखी पेश गर्नुपर्ने व्यवस्था छ। गाविसका प्राविधिक

सहायक कर्मचारी आर्जिलाल महतोलाई कन्टिन्जेन्सिबाट रु. १२,३८४।- भूक्तानी गर्दा कुनै कागजात संलग्न गरेको पाइएन । प्रमाण वेगर दिएको रु.१२,३८४।- भुक्तानी नियमसंगत देखिएन ।

१७. **संचयकोष कट्टी:** कार्यालयका कार्यालय सहायकको बर्ष भरि कट्टीगरिएको संचयकोष दायित्व हाल सम्म दाखिला नगरेकोले रु.५७,४५६।- दाखिला हुनुपर्दछ ।

१८. **कट्टी दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७३।७४ को मसान्त सम्म निम्नानुसार कट्टी गरेको रु.५६,७२०।– कर दाखिला नगरेकोले कानूनको व्यवस्था अनुसार सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड २८ लाख १० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६६ लाख, नियमित गर्नुपर्ने रु.९८ लाख ५८ हजार र पेश्की रु.२ करोड २८ लाख ८६ हजार रहेको छ ।

# रामनगरमिर्चैया नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २ लाख ४९ हजार र यो वर्ष आय रु.२२ करोड ३२ लाख ७ हजार समेत रु.२३ करोड ३४लाख ५६ हजार आम्दानी भएकोमा रु.२१ करोड २५ लाख ८८ हजार खर्च भई रु.२ करोड ८ लाख ६८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **शीर्षकगत लेखा :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १० मा सबै प्रकारका कारोबारहरूको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखा परीक्षक समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको अभिलेख नराखेकोले शिर्षकगत आम्दानी खर्च एकिन गर्न सकिएन । नेपाल सरकारवाट प्राप्त भएको अनुदान रकम मध्ये खर्च नभई फ्रिज गर्नुपर्ने रकम समेत एकिन हुन सकेन । नगरपालिकाले शिर्षकगत आम्दानी खर्चको लेखा राख्नु पर्दछ ।

२. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि२०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकामा साविकका गाउँ विकास समिति सिक्रौन समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैकमा भएको मौज्दात मात्र पठाएको आधारमा नगरपालिकाले सो गाविसका नाममा राष्ट्रिय वाणिज्य वैक सिरहामा रहेको ग २ तथा ग ४ समूहको खाताको मौज्दात रु.९९८५६५।- मिति २०७४।०१।१५ को पत्रवाट फिर्ता लिएको छ । आर्थिक विवरण वेगर मौज्दात विवरण मात्र पठाउने कार्य नियम संगत देखिएन ।

३. **मौज्दात फिर्ता :** साविक सिक्रोल गाउँविकास समितिको २०७३ फागुन २७ सम्मको आर्थिक विवरणमा अन्तिम मौज्दात रु.१०१५८३६।- देखिएकोमा नगरपालिकाले राष्ट्रिय वाणिज्य वैक सिरहालाई मिति २०७४।१।१५ मा लेखेको पत्रवाट गाविसको मौज्दात रु.९,९८,५६५।- मिर्चैया नगरपालिकाको खातामा ट्रान्फर गरिदिन अनुरोध गरेको पाइयो । विवरणमा देखाएको भन्दा घटी रकम मात्र नगरपालिकाको खातामा ट्रान्फर भएकोले उक्त रकम रु.१७,२५१।- फिर्ता प्राप्त गरी नगरपलिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस उप महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभएको र आन्तरिक लेखापरीक्षण जिल्ला समन्वय समितिका आन्तरिक लेखापरीक्षण शाखावाट गराएको पाइयो । नियमित आन्तरिक लेखापरीक्षण नहुँदा, सवारी लगसिट पुर्ण व्यबस्थित नभएको, कार्यक्रम भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न नरहेको, सुचिकृत भएका आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको सुचि अध्यावधिक नराखेको, आर्पुतिकर्ता मूल्य अभिवृद्धि करममा दर्ता भएपनि कर विजक बेगर भुक्तानी गरेको, खरिद आदेशमा खर्च बजेट शिर्षक, आपुर्तिकर्ताको सहिछाप, अन्तिम दाखिला मिति आदि विवरण तयार नगरेको र योजनाहरु सम्पन्न भएपछि सामाजिक र सार्वजनिक लेखापरीक्षण गराई उपभोक्तालाई हस्तान्तरण नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

५. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस नगरपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिनगरपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम नगरपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका दराज कुर्सी सिलाई मेशीन मोटरसाइकल कम्प्युटर प्रिन्टर आदि जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ ।

६. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ३४ मा नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही एन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि

खर्च गर्न पाइने छैन भन्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक आम्दानीवाट सिमा भन्दा बढी खर्च गरेको देखिएकोले नियमावली, प्रतिकूल गरेको खर्च रु. ९६६८८३२।- नियमसम्मत् देखिएन ।

७. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न भुक्तानी गर्दा अग्रिम आयकर रु.२२७६।- कट्टि नगरेकोले कानून वमोजिम कट्टा गर्नुपर्ने कर सम्वधितवाट अशुल गर्नुपर्दछ ।

८. **चालु प्रकृतिको खर्च :** स्थानीय निकाय स्रोत परिचलन तथा व्यवस्थापन कार्यविधी २०६९ को वुदा १३ मा स्थानीय निकायको कोषको पुजीगत वजेटवाट कुनै पनि प्रकारको तलव भत्ता दैनिक भ्रमण भत्ता कार्यलय संचालन जस्ता क्षेत्र वा विषयमा खर्च गर्न नपाइने उल्लेख छ। नगरपालिकाल यो वर्ष रु.२७८१२०१६ ।- खर्च चालु प्रकिृतिका कार्यालय संचालन, स्टेस्नरी, भ्रमण भत्ता आदिमा पुँजिगत खर्च खातावाट लेखेको पाइयो । कार्यविधीले खर्च गर्न निषेध गरेका विषयमा गरेको खर्च रु.२७८१२०१६ ।- नियमसंगत देखिएन ।

९. **बजेट खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३ मा राजनैतिक दल तथा तिनका भातृ वा भगिनी संगठन संघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि किससिमको आर्थिक सहायता चन्दा पुरस्कार प्रदान गर्न वा संस्थागत सहयोग गर्न निषेध गरेको छ । नगरपालिको राजनैतिक दलसंग आवद्ध व्यक्तिहरुलाई देहाय बमोजिम दिएको भुक्तानी दिएको पाइयो। कार्यविधीले निषेध गरेको कार्यमा भूक्तानी दिएको रु.३,५९,३७५ ।- नियमसंगत देखिएन ।

१०. **सोझै खरिद :** सार्वजनिक खरिद एन २०६३ को दफा ८(२) मा खरिद विधी अपनाउदा प्रतिस्पर्धा सिमित हुने गरी कामलाई टुक्रा टुक्रा गरी खरिद गर्न नपाइने उल्लेख छ । नगरपालिकाले लागत अनुमान टुक्रा गरेको पाइयो । सिधै खरिद कार्य गर्नाले प्रतिपर्धा नभई मितव्ययी तथा पारदर्शी खरिद नहुने भएकोले यसरी गरेको रु१५४४८१३।- खरिद नियमसंगत देखिएन ।

११. **मोवाइल खरिद :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले रकम खर्च गर्दा नियमितता, मितव्ययिता,कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले रकम खर्च गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले मेशिनरी औजार खर्च शीर्षक अन्तर्गतको वजेटवाट रु.१३७५००।- मूल्यको iphone 7, 128 GB १ थानस्मार्ट मेडिया जनकपुरधामबाट खरिद गरेको पाइयो । नगरपालिकामा उक्त मूल्यको मोवाइल सुविधा पाउने व्यवस्था भएको देखिएन । मोवाइल सुविधा पाउने व्यवस्था नभएकोमा यसरी गरिएको खरिद मितव्ययिता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट समेत उचित देखिएन ।

१२. **पार्श्वचित्र निर्माणः** कार्यकम खर्च अन्तर्गत सेन्टर फर ऐकेडेमिक रिसर्च एण्ड सर्भिसेज प्रा.ली. वनेपावाट नगर पार्श्वचित्र तयार गर्ने कामको भुक्तानी रु.४८७८४९।- दिएको थियो । सोहि काम पुनः मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमीसंग २०७३।१०।११ मा सम्झौता गरि, सोको प्रतिवेदन पेश गरी भुक्तानी रु. ७,००,०००।- दिएको देखिन्छ। नगरपालिकाले खासै भिन्नता नभएका दुबै प्रतिवेदनहरु.दुई फर्मवाट तयार गरी अनावश्यक रुपमा एकै प्रयोजनको दोहोरो खर्च गरेको पाइएकोले एकै प्रयोजनमा दोहोरो प्रतिवेदन तयार गरी भूक्तानी दिएको खर्च रु. ७,००,०००।- नियमसंगत देखिएन ।

१३. **परामर्श सेवा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आधार लिई अनुसुची-१क को ढाँचामा तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उक्त व्यवस्था अनुसार लागत अनुमान तयार र परामर्शदाताको क्षेत्रगत शर्त पनि तयार गरेको पाइएन । लागत अनुमान तथा क्षेत्रगत शर्त तयार (TOR) नगर्दा सेवा लिने काममा लाग्ने खर्च एकिन हुन सकेन। क्षेत्रगत शर्त तयार नगर्दा परामर्शदातावाट आवश्यक सेवा प्राप्त भए नभएको शर्त संग तुलना गर्न नसकिने भएकोले यस प्रकारको सेवा खरिद नियमसंगत देखिएन ।

१४. **लागत अनुमान :** मटीअर्वा खानेपानी रोड मिर्चैयाको विस्तृत सर्भेको कार्य गर्न परामर्शदाता रियल स्टेट कन्सल्टेन्सीसंग मिति २०७३।११।१७ मा संझौता भएको थियो । उक्त कार्यको TOR अनुसार ड्रइङ डिजाइन सहित नाप तथा लागत अनुमान तयार गर्नु पर्नेमा परामर्शदाताले परिमाण सम्मको इष्टिमेट तयार गरेको तर विस्तृत अनुमानित मिजरमेण्ट राखी लागत अनुमान तयार गरेको पाइएन। संझौता अनुसारको लागत अनुमान समावेश नगरी प्रतिवेदन वुझाई रु.४९२६८०।- अन्तिम भूक्तानी गर्ने कार्य संझौता अनुकूल नदेखिएको नियमसंगत देखिएन ।

१५. **ठेक्का फाइल :** भगवतीपुर मझौवा सडक निर्माणको अन्तिम विल उल्लेख गरी केवि निर्माण सेवालाई रु.४९,५८,१२४।- भूक्तानी दिएको पाइयो । यो ठेक्काको लागत अनुमान वोलपत्र सम्वन्धी फाइल तथा खरिद संझौता लेखापरीक्षणमा पेश हुन आएन । भौचर साथ संलग्न कार्यसम्पन्न प्रतिवेदन अनुसार लागत अनमान

रु.४१८१८१८।- रहेको कार्य रु.४३८७७२०।- मा सम्पन्न भएको देखिएको छ। यो सडकको ढलान ३० मिटर थप भएको जनाई भेरिएशन स्वीकृत गरेको उल्लेख गरेको छ। निर्माण सम्वन्धी आवश्यक प्रमाण पेश नगर्दा संझौता तथा नियमअनुसार कार्य भएको एकिन नभएकोले उक्त कार्यको भूक्तानी रु.४९,५८,१२४।- लागत अनुमान ठेक्का फाइल तथा खरिद संझौता पेश गर्नुपर्दछ।

१५.१ स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ वमोजिम कार्यालयले सम्पादन गरेका कार्यहरु.लेखापरीक्षणमा पेश गर्नु पर्दछ ।सार्वजनिक निमार्ण कार्यको भूक्तानी गर्दा स्वीकृत लागत अनुमान, वोलपत्र तथा दरभाउ पत्र सम्वन्धी कागजात खरिद प्रक्रिया तथा संझौता फाइल लेखापरीक्षणमा पेश भएन। उल्लेख गरिएका कागजात पेश नगर्दा खर्चको विश्वासनियता नरहने हुदा थानाचोकमिनपा सडक लगायतको रु.२०९२०९४।- को आवश्यक कागजात लेखा परिक्षणमा पेश भएन।

१६. **वील भरपाई :** आर्थिक कायविधी नियमावली, २०६४ को नियम ४५ माअधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले आर्थिक कारोवार प्रचलित कानून बमोजिम छ र आम्दानी खर्चका कलमहरूको प्रमाण पुगेको छ भन्ने कुराहरूमा ध्यान दिई सरकारी रकम खर्च गर्नु पर्ने उल्लेखछ। नगरपालिकाले नगर परिषद खच प्रमाण वेगर रु.४५१५९९।- भुक्तानी दिएकोमा विल भरपाई वेगर खर्च लेखेको नियमसम्मत् देखिएन।

१६.१ नगरपालिकाको विभिन्न वैठकमा सहभागी भध्ये कर्मचारीको नाममा भत्ता खर्च लेखेको पाइयो। उक्त भत्ता खर्च लेखापरीक्षण अवधी सम्म पनि सम्वन्धितले वुझेको पाइएन। वैठकमा सहभागीले नवुझेको रकम रु.३१७००।- जिम्मा लिनेवाट अशुल गरी दाखिला गर्नुपर्दछ।

१७. **करविजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ मा सेवा प्रदायकले भूक्तानीको प्रापकलाई तोकिएको ढाचाको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। नगरक्षेत्रभित्र लोकमार्गमा पोल सहितको सैर्य वत्ती जडान गर्नेकार्यमा टपसन इनर्जी प्रा.लि.लाई ४३ वटा सौर्य वत्ती जडान गरेको कूल रु.२३,४३,०००।- भूक्तानी दिएकोमा सो फर्मले नगरपालिकाको नाममा विजक जारी गरेको पाइएन। विजक वेगर भूक्तानी गर्नाले नगरपालिकावाट भूक्तानी भएका कर दाखिला नहुने सम्भावना भएकोले विजक भूक्तानी रु.२३,४३,०००।- मा प्राप्त गरेको मूल्य अभिवृद्धि कर सम्वन्धित राजश्व कार्यालयमा समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ।

१८. **सफ्टवेयर जडान :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले खचए गर्न उपयुक्त भए नभएको कुराहरूमा ध्यान दिईसरकारी रकम खर्च गर्नु पर्नेछ। कार्यालयले यो वर्ष सफ्टवेयर जडान गर्न २ फर्म संग संझौता गर्दा डिजाइन गरी जडान गर्ने सो सफ्टवेयर चलाउने कर्मचारीलाई तालिम दिने र समय समयमा प्राविधिक सहयोग दिने व्यवस्था गरेकोमा ति सफ्टवेयर लेखापरीक्षण अवधी सम्म पनि संचालनमा आइ ति सफ्टवेयरको सहयोगवाट कार्य भएको देखिएन। हालसम्म पनि संचालनमा नै नआएका सफ्टवेयर वापतको भूक्तानी रु.४४९४४५।- नियमसम्मत् देखिएन। सम्झौताका शर्त अनुसारसफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ।

१९. **फ्रिज** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्नेउल्लेख छ। आर्थिक वर्ष २०७२।७३ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि ग्लोवल आइएमइ वैकलाई उपलव्ध गराएको रकम रु.२,६२,६७,८००।- मध्ये सो वैकले मिति २०७४।१।२३ मा लेखेको पत्रमा आर्थिक वर्ष २०७२।७३ सामाजिक सुरक्षा भत्ता रु.२,१६,७९,६३०।- वितरण गरी रु.४५,८८,१७०।- वांकी रहेको जानकारी दिएको छ। सामाजिक सुरक्षा वापतको निकासा भएको रकम आर्थिक वर्षको अन्त सम्म खर्च नभएमा फ्रिज हुनुपर्ने व्यवस्था अनुसार नगरपलिकाले वैकवाट सोरकम रु. ४५,८८,१७०।- फिर्ता लिई संचितकोष दाखिला गर्नुपर्दछ।

२०. **बजेट खर्च :** नगरपालिकाले योवर्ष कोष तथा लेखा नियन्त्रक कार्यालयवाट रु.५,८५,३६,०००।- निकासा लिएको मध्ये अन्य जेष्ठ, दलित जेष्ठ, विधवा एकल महिला पूर्ण तथा आंशिक अपाङ्ग भत्ता वितरणको लागि ग्लोवल आइएम ई वैकमा रु.५,७५,८२,४००।- पठाएको छ। नगरपालिकाले सो रकममध्ये रु.९०,००,०००।- मात्र पेश्की पेश्की जनाएकोपाइयो।वैकलेभत्ता वितरण गरेको भरपाई सहितको फाटवारीको आधारमा पेश्की फछ्र्योट गर्नु पर्नेमा पेश्की नै नजनाई रकम उपलव्ध गराउनु मनासिव भएन। नियमको व्यवस्था अनुसार नगरपालिकाले यस प्रकार खर्च लेखेको रु.४,८५,८२,४००।- पेश्की जनाई फछ्र्योट गर्नुपर्दछ।

२१. **वचत फ्रिज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाममा बाँकी रकम फिर्ता दाखिला गर्नुपर्ने उल्लेख छ। यो वर्ष सामाजिक सुरक्षा वापत निकासा भएको रकम रु.५,८५,३६,०००।- मध्ये रु.५,७५,८२,४००।- भत्ता वितरणको लागि ग्लोवल आइएम ई वैकमा जम्मा भई रु.९,५३,६००।- नगरपालिकाको खातामा जम्मा रहेको पाइयो। आर्थिक वर्षको अन्तसम्म खर्च नभइ वचत रहेको रु.९,५३,६००।- संचितकोष दाखिला गर्नुपर्दछ।

२२. **रकम दाखिला :** खरिदार रामेश्वर ठाकुरले महेशपुर प्र.ध.वडा नं. १० र ११ मा वाल पोषण भत्ता वितरणको लागि लिएको वालपोषण पेश्की रु.३,५०,०००।- फछ्र्योट गर्दा रु.२,७३,८००,०० को वितरण भरपाई पेश गरेको र रु.६८,८००।- नगरपालिकाको खातामा जम्म गरेको छ । खरिदार रामेश्वर ठाकुरको कूल रु.३,५०,०००।- पेश्की फछ्र्योट मध्ये फाटवारी तथा दाखिला भौचर समेत कूल ३४२६००।- मात्र फछ्र्योट भई निजको नाममा नगद वाकी रु.७४००।- रहेको देखिन्छ । अतः यसरी नगरपालिकाको वैक खातामा जम्मा भएको रु.६८,८००।- र खरिदार रामेश्वर ठाकुरसंग रहेको रु.७४००।- निजवाट अशुल गरी कूल रु.७६,२००।- संचितकोष दाखिला गर्नुपर्दछ ।

२३. **कर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ । म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ । नगरपालिकाले मिति २०७३।११।१ देखि २०७३।१२।१८ सम्म वातावरण कोष खातावाट कट्टा गरेको अग्रिम कर,सामाजिम सुरक्षा कर र वहाल कर रु.२११४९।- हालसम्म सम्वन्धित राजश्व खातामा दाखिला गरेको पाइएन उक्त रकम कानूनको व्यवस्था अनुसार सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

२४. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त फर्छ्यौट गर्न वांकीको पेश्की विवरण अनुसार यो वर्ष र गत विगत वर्षमा दिएको पेश्की पेश्की फछ्र्यौट नभई रु. २,४१,५४,०९०।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

२५. **मालपोतः** गाउँ विकास समितिले उठाएको रकमको तोकिएको प्रतिशत जिल्ला समन्वय समितिमा पठाउनुपर्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्म गाउँ विकास समितिले उठाएको मालपोत रकम मध्ये रु.३०५८।- जिल्ला समन्वय समितिमा लेखापरीक्षण अवधीसम्म पनि पठाएको पाइएन । नियमको व्यवस्था अनुसार अन्य कार्यालयमा पठाउनु पर्ने रकम कार्यालयको खातामा राखी राख्न उपयुक्त नहुने भएकोले सम्वन्धित कार्यालयमा पठाउनुपर्दछ ।

२६. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(७) माआन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको प्रमाण जुटाई अन्तिमलेखापरीक्षण हुनु अघि विशेष कारण परी फछ्र्यौट हुन नसकेमा सो कुरा समेत उल्लेखगरी अन्तिम लेखापरीक्षक समक्ष लिखित स्पष्टीकरण दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले रु.१८८८९८२।- को आन्तरिक लेखापरीक्षणवाट देखिएका वेरुजहरु.अन्तिम लेखापरीक्षण पूर्व फछ्र्योट गराएको पाइएन । नियमको व्यवस्था अनुसार आन्तरिक लेखापरिक्षणवाट देखिएको वेरुजु असुल फछ्र्यौट गर्नुपर्दछ ।

२७. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणबाट यो आर्थिक वर्ष अन्तसम्म पेश्की रु.२,२८,५७,८००।- देखाएको छ । कार्यालयबाट प्राप्त फछ्र्यौट गर्न बांकीको पेश्की विवरण अनुसार यो वर्ष र गत विगत वर्षमा दिएको पेश्की रु.११,१२,९५६।- पेश्की नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.८ करोड २७ लाख ४५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ८४ लाख ५७ हजार र पेश्की रु.२ करोड ४१ लाख ५४ हजार रहेको छ ।

# कल्याणपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.६१ लाख ८० हजार र यो वर्ष आय रु.१३ करोड ९७ लाख ७४ हजार समेत रु.१४ करोड ५९ लाख ५४ हजार आम्दानी भएकोमा रु.१२ करोड ७८ लाख १२ हजार खर्च भई रु.१ करोड ८१ लाख ४२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२६ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाँउपालिकाको खातामा जम्मा गरेको छ। मिति २०७३ फागुन २६ सम्म आन्तरिक आय र धरौटी मौज्दात बाहेक खर्च भई मौज्दात रहेको रकम रु. १९४३४५७८।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा नपठाउने कार्य नियम संगत देखिएन ।

२. **सम्पत्तिहस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाँउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समितिको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजानिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधि २०७४ आषाढ भित्र यस गाँउपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाँउपालिकाको नाममा हस्तान्तरण भएको पाईएन । सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश बमोजिम गाँउपालिकाले साविक ११ गाँउविकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु.तपसिल बमोजिम गत आ.ले.प.तथा ले.प. प्रतिवेदनबाट देखिएको हुदा रु.६७५९८८०।- वरावरका सम्पत्तिहरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

३. **चालु प्रकृतिका खर्च :** अर्थ मन्त्रालय बजेट कार्यान्यन निर्देशिका अनुसार पुँजीगत बजेटबाट चालु खर्च ( उपभोग) खर्च लेख्न नमिल्ने व्यवस्था छ। मझौलीया गा.वि.स.ले अनुदान पूँजीगतबाट महिला स्वयंसेविकालाई झोला खरिद गरी रु.१०८३५।- भुक्तानी दिएको पाइयो । चालु बजेट उपशीर्षकबाट खर्च नलेखि पुँजीगत बजेटबाट लेखेको रु. १०८३५।- नियमसम्मत् देखिएन ।

४. **पेश्की : स्**थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्नपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वाँकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष दिएको पेश्की फर्छ्यौट भई ११ गा.वि.स.को रु.२६०३३१७।- पेश्की वाँकी देखिएकोले नियमनुसार फर्छ्यौट गर्नुपर्ने देखिन्छ ।

५. **नगद मौज्दात** : आर्थिक कार्यबिधि ऐन २०५५ को दफा १३ मा जिम्मेबार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्ससको भोली पल्ट र जिन्सी माल समान भए सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेतथा सो नगरे विभागिय प्रमुखले २५ प्रतिशत सम्म जरिवाना गरी नगद दाखिाला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमौजिम बिभागिय कारबाही समेत गर्न गराउन सक्ने ब्यबस्था छ । मिति २०७३।११।२७ सम्मका कारोबारको आर्थिक बिबरणमा नगद बाँकी देखिएको रकम हाल सम्म नगरपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन ।कानूनको ब्यबस्था अनुसार कारबाही गरी सम्बन्धितबाट रु.९९५४४।- असुल गर्नु पर्ने देखिन्छ ।

६. **लेखाप्रणाली** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमाबली,२०६४ बमोजिम गाउँबिकास समितिको हकमा नगदमा अधारित दोहोरो लेखा प्रणाली नगरपालिकाको हकमा प्रोदभाबी लेखाप्रणाली राख्नु पर्ने ब्यबस्था भएतापनी दोहोरो लेखाप्रणली प्रोभाबी लेखा प्रणाली राखेको पाइएन ।

७. **योजना छनौट :** स्थानिय शासन ऐन २०५५तथा नियमावली, २०५६बमोजिम स्थानिय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यन्वयनमा समाबेसी पारदर्शीता र गाउँ/नगर परिसदबाट पारित हुनुपर्नेमा योजना छनौट तथा कार्यन्बयन सम्वन्धमा योजनामा सहभागिताको अंश खुल्नेगरी अभिलेख राखेको देखिएन। सम्पन्न योजनाको सार्बजनिक सुनवाई भएको देखिएन तथा योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन।

८. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस उप महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी समान खरिद गर्दा खरिद आदेश दाखिला रिपोर्ट तयार गरी समान खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्ट जिन्सी खातामा दर्ता गरी अभिलेख नराखेको, जिन्सी खातामा समानको मूल्य सहीत अभिलेख नराखेको, मालसमान खरिद गर्दा लागत अनुमान तयार नगरेको, प्रत्येक गा.बि.स./न.पा. ले आफनो स्रोत भित्रको शैक्षिक भौगोलिक अबस्था प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल, अन्य स्रोत, भोतिक पुर्बधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोतको प्रोफाईल तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

८.१ २०७३ फाल्गुन २६ गते सम्मको साबिक गाउँबिकास समितिको श्रेस्ताहरु.गाउँपालिका अर्नमालाई जिम्मेबारी सारी बरबुझारथ गरेको देखिएन । जिम्मेवारी सारी वरवुझारथ गर्नुपर्दछ ।

९. **जिम्मेवारी :**साबिक गाउँबिकास समिति भेरियामा रु.१,८४,७५०।- रहेको तथा कल्याणपुर जव्दीमा रु.१०००००।-मौज्दात रहेकोमा नगरपालिकामा जिम्मेवारी सारेको छैन । नियमानुसार जिम्मेवारी सार्नु पर्दछ।

१०. **दायित्वः** साविकका गाउँ विकास समितिहरुले आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार आय व्यय विवरणमा देखाएका दायित्व रकमहरु.सम्बन्धित निकायमा पेश गरेको देखिएन । उक्त दायित्व एकिन गरि सम्वन्धित निकायमा पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिका को लेखापरीक्षणबाट रु.१ करोड ९६ लाख ४४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.९९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९५ लाख ४५ हजार रहेको छ ।

# सुखिपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.७८ लाख ७ हजार र यो वर्ष आय रु.१४ करोड ६६ लाख १९ हजार समेत रु.१५ करोड ४४ लाख २६ हजार आम्दानी भएकोमा रु.१३ करोड २७ लाख १२ हजार खर्च भई रु.२ करोड १७ लाख १४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक लेखापरीक्षण** : सुखिपुर नगरपालिकामा स्थानीय निकाय आर्थिक प्रशासन नियमवाली २०६४ को नियम ३६ अन्तर्गत आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था नभएको र आन्तरिक लेखापरीक्षण जिल्ला समन्वय समितिको आन्तरिक लेखा परीक्षण शाखाबाट गराएको पाईयो । नियमित आन्तरिक लेखापरीक्षण नहुँदा, सवारी लगसीट पुर्ण व्यवस्थित नहुनु, स्टोर दाखिला समयमा नहुनु, खरिद आदेशमा खर्च बजेट शीर्षक, आपुर्तिकर्ताको सहिछाप, अन्तिम दाखिला मिति आदि विवरण तयार नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रर्णाली सुदृढ वनाउनु पर्दछ ।

२. **पेश्की : स्**थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो, सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न बाँकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष दिएको पेश्की फर्छ्यौट नभई ४ गा.वि.स.को बाँकी देखिएकोरु.३,१९,९६,२२१।- नियमनुसार फर्छ्यौट गर्नु पर्दछ ।

३. **नगद मौज्दात** : आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७४/०३/३१ सम्मको कारोबारको आर्थिक बिबरणमा नगद बाँकी देखिएको रकम हालसम्म नगरपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन । कानूनको ब्यबस्था अनुसार सम्बन्धितबाट रु. २,०२,९६४।- असुल गरि दाखिला गर्नुपर्दछ ।

४. **पोखरीको लगत** : नगरपालिका सुखिपुर अन्तर्गत रहेको वडा नं. १ देखि १० सम्मका सार्वजनिक, ऐलानी मिन्है पोखरीको लगत किताब कायम गरी ठेक्का पट्टा लगाउँनु पर्नेमा सबै वडाहरुमा रहेको पोखरीको लागत कायम गरी ठेक्का पट्टा लगाउँको देखिन्छ । साविक गाउँ विकास समितिले ठेक्का लगाउँको पोखरीहरुको ठेक्का रकम हालसम्म असुल भएको देखिएन । उपलब्ध गराएका पोखरी ठेक्का विवरण अनुसार विभिन्न पोखरी ठेकेदारहरुबाट असुल गर्न बाँकी रहेको रु.१,१४,८०,०३८।- असुल गर्नुपर्दछ ।

५. **वक्यौता :** नगरपालिका सुखिपुर अन्तर्गत रहेका नगरपालिकाका दर्ता जग्गा तथा सार्वजनिक ठाउँको सटर, कठघारा तथा घर पसलको लागत किताब राखी बहाल निर्धारण गरी सालबसाली रेकर्ड अध्यावधि गर्नु पर्नेमा २०७१/०७२ पछि को रेर्कड साविक गा.वि.स.मा कार्यरत कर्मचारीको बरबुझारथ नगरेको कारणले रेकर्ड अध्यावधि भएको देखिएन । नियमानुसार कारवाही गरी रेकर्ड उपलब्ध गराई ठेक्का बन्दोबस्त गरी साविक बक्यौता रकम रु. १४,३७,००८।- असुल उपर गर्नु पर्दछ ।

६. **जग्गाबाली :** साविक गा.वि.स. मा कार्यरत रहेका कर्मचारीहरुको लापरवाहीले श्रेस्ता बरबुझारथ हुन नसकी जग्गाको ठेक्का बन्दोबस्त हुन सकेको देखिएन । जग्गाको रेकर्ड बरबुझारथ गर्न लगाई जगाको ठेक्का बन्दोबस्त गरी पुरानो बक्यौता रहेको ९२९ मन २८ किलो ७५० ग्राम धानबाली असुल गर्नु पर्दछ ।

७. **चालु प्रकृतिको खर्च :** अर्थ मन्त्रालय बजेट कार्यान्वयन निर्देशिका अनुसार पुँजीगत बजेटबाट चालु खर्च ( उपभोग) खर्च लेख्न नमिल्ने व्यवस्था छ । नगरपालिकाले पूँजीगत अनुदानबाट विभिन्न वडाका महिला स्वयंसेविकालाई फिल्डमा काम गरेवापत खाजा खर्च वापत रु.५,४०,०००।- भुक्तानी दिएको पाइयो । चालु बजेट उपशीर्षकबाट खर्च लेख्नुपर्नेमा पुँजीगत बजेटबाट लेखेको रु.५,४०,०००।-नियमसंगत देखिएन ।

८. **लेखाप्रणाली :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमाबली २०६४बमोजिम गाउँबिकास समितिको हकमा नगदमा अधारित दोहोरो लेखा प्रणाली नगरपालिकाको हकमा प्रोदभाबी लेखाप्रणाली राख्नु पर्ने ब्यबस्था भएतापनि दोहोरो लेखाप्रणाली प्रोदभाबी लेखा प्रणाली राखेको पाइएन ।

९. **योजना छनौटः** स्थानिय शासन ऐन २०५५तथा नियमावली, २०५६बमोजिम स्थानिय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यन्वयनमा समाबेसी पारदर्शीता र गाउँ/नगर परिसदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्बयन सम्वन्धमा योजनामा सहभागिताको अंश खुल्नेगरी अभिलेख राखेको देखिएन । सम्पन्न योजनाको सार्बजनिक सुनवाई भएको देखिएन तथा योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

१०. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयले जिन्सी समान खरिद गर्दा खरिद आदेश दाखिला रिपोर्ट तयार गरी समान खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्ट जिन्सी खातामा दर्ता गरी अभिलेख नराखेको, जिन्सी खातामा समानको मूल्य सहीत अभिलेख नराखेको, मालसमान खरिद गर्दा लागत अनुमान तयार नगरेको, नगरपालिकाले आफनो स्रोत भित्रको शैक्षिक भौगोलिक अबस्था प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल, अन्य स्रोत, भोतिक पुर्बधार अर्न्तगत सडक ,पुल ,खानेपानी लगायतको अभिलेख तथा स्रोत नमसाईन वा गा.बि.स तथा न.पा को प्रोफाईल तयार गर्नुपर्नेमा गरेको देखीएन । साबिक गाउँबिकास समितिको श्रेस्ताहरु.गाउँपालिका अर्नमालाई जिम्मेबारी सारी बरबुझारथ गरेको देखीएन । प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ३६ लाख ६० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३४ लाख ५७ हजार  रहेको छ ।

# कर्जन्हा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२२ लाख ५४ हजार र यो वर्ष आय रु.७ करोड ५५ लाख ७३ हजार समेत रु.७ करोड ७८ लाख २७ हजार आम्दानी भएकोमा रु.७ करोड १९ लाख ७८ हजार खर्च भई रु.५८ लाख ४९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२६ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस नगरपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाँउपालिकाको खातामा जम्मा गरेको छ। मिति २०७३ फागुन २६ सम्म आन्तरिक आय र धरौटी मौज्दात बाहेक खर्च भई मौज्दात रहेको रकम रु.४३५६२३५।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा पठाएको देखिएन।

२. **आर्थिक विवरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० बमोजिम मिति २०७३।११।२६ सम्मको साविक गाउँ विकास समितिको प्रचलित ढाचा बमोजिम तयार गरेका आर्थिक विवरणमा उल्लेख गरेको मौज्दात रकम र वैकमा रहेको मौज्दात फरक रहेको पाइयो। यसरी विवरणमा समावेश भएको अंक फरक रहदा आर्थिक विवरणले सही तथा यर्थाथपरक चित्रण गरेको छैन। वैक तथा आर्थिक विवरणमा देखिएको फरक रु.४०१९।-को समायोजन हिसाब तयार गरी फरक हिसाब मिलान गर्नु पर्दछ।

३. **कार्यालय प्रमुख आवास :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ मा गाउँ पालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीको लागि आवाश सुविधा व्यवस्था गरेको छैन। यस गाँउपालिकाले कार्यरत पदाधिकारी तथा कर्मचारीका लागि क्याटर मिर्चैया नगरपालिकामा घर भाडामा लिई रु.६३८९०।- भुक्तानी गरेको पाइयो। सम्वद्ध कानूनद्धारा व्यवस्था नगरिएको प्रयोजनमा लेखेको खर्च रु. ६३८९०।- नियमसम्मत् देखिएन।

४. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाँउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजानिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधि २०७४ आषाढ भित्र यस नगरपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाँउपालिकाको नाममा हस्तान्तरण भएको पाईएन। सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश बमोजिम गाँउपालिकाले साविक गाँउविकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु.गत आ.ले.प.तथा ले.प. प्रतिवेदनबाट देखिएको हुर्दा रु.२२९५६२४।- वरावरका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ।

५. **चालु प्रकृतिको खर्च :** अर्थ मन्त्रालय बजेट कार्यान्यन निर्देशिका अनुसार पुँजीगत बजेटबाट चालु खर्च (उपभोग) खर्च लेख्न नमिल्ने व्यवस्था छ। गाँउपालिकाले गा.वि.स. अनुदान पूँजीगतबाट साविक ४ गा.वि.स.का महिला स्वयंसेविकालाई फिल्डमा काम गरेवापत खाजा खर्च वापत रु.२१६०००।- भुक्तानी दिएको पाइयो। चालु बजेट उपशीर्षकबाट खर्च लेख्नुपर्नेमा पुँजीगत बजेटबाट लेखेको रु. २१६०००।- नियमसम्मत् देखिएन।

६. **पेश्की : स्**थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वाँकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष दिएको पेश्की फर्छ्यौट नभई ४ गाउँविकास समितिको रु.५९५८३१५।- पेश्की वाँकी देखिएकोले नियमनुसार फर्छ्यौट गर्नु पर्दछ।

७. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोबारको आर्थिक बिबरणमा रु.२,३७,२९०।- नगद बाँकी देखिएको रकम हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको ब्यबस्था अनुसार कारबाही गरी सम्बन्धितबाट असुल गर्नुपर्दछ।

८. **लेखाप्रणाली :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमाबली २०६४बमोजिम गाउँबिकास समितिको हकमा नगदमा अधारित दोहोरो लेखा प्रणाली नगरपालिकाको हकमा प्रोदभाबी लेखाप्रणाली राख्नु पर्ने ब्यबस्था भएतापनी दोहोरो लेखाप्रणली प्रोभाबी लेखा प्रणाली राखेको पाइएन ।

९. **योजना छनौटः** स्थानिय शासन ऐन २०५५तथा नियमावली, २०५६बमोजिम स्थानिय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यन्वयनमा समाबेसी पारदर्शीता र गाउँ/नगर परिसदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यन्बयन सम्वन्धमा योजनामा सहभागिताको अंश खुल्नेगरी अभिलेख राखेको देखिएन। सम्पन्न योजनाको सार्बजनिक सुनवाई भएको देखिएन तथा योजना उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन।

१०. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयले जिन्सी समान खरिद गर्दा खरिद आदेश दाखिला रिपोर्ट तयार गरी समान खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्ट जिन्सी खातामा दर्ता गरी अभिलेख राखेको देखिएन । जिन्सी खातामा समानको मूल्य सहीत अभिलेख राखेको देखिएन। मालसमान खरिद गर्दा लागत अनुमान तयार नगरेको नगरपालिकाले आफनो स्रोत भित्रको शैक्षिक भौगोलिक अबस्था प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल, अन्य स्रोत, भौतिक पुर्बधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नमसाईन वा गा.बि.स तथा .न.पा को प्रोफाईल तयार गर्नुपर्नेमा गरेको देखिएन । साबिक गाउँबिकास समितिको श्रेस्ताहरु.गाउँपालिका अर्नमालाई जिम्मेबारी सारी बरबुझारथ गरेको देखीएन। प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

११. **पेश्कीः** आर्थिक बर्ष २०७३।०७४को फाल्गुन सम्मको कल्याणपुर का.ब.को आ.ले.पको संयुक्त आर्थिक बिबरण अनुसार एकमुस्ट पेश्की रु.१४,२६,८००।- खर्च लेखेकोमा उक्त पेश्की रकम कसले कुन योजनामा लिएको हो सो को बिबरण पेश नभएको हुदा रु.१४,२६,८००।- अशुल फछ्यौट गर्नुपर्दछ।

१२. **हिसाव मिलानः** आर्थिक बर्ष २०७३।०७४ को फाल्गुन सम्मको कल्याणपुर गाउँ विकास समितिको संयुक्त आर्थिक बिबरण अनुसार आय भन्दा ब्यय रु.१,६६,९३९।- बढी देखिएकोले छानविन गरी रकम यकिन गर्नुपर्दछ।

१३. **वरवुझारथः** २०७३ फाल्गुन २६ गते सम्मको साबिक गाउँबिकास समितिको श्रेस्ताहरु.नगरपालिका लाई जिम्मेबारी सारी बर बुझारथ गरेको देखीएन। साबिक गा.बि.स.हरुको श्रेस्तालेखा परीक्षण गराउदा लेखा परीक्षण प्रतिबेदनमा देखाएका अनियमित बेरुजुहरुको सुरुदेखिहाल सम्मको बेरुजु पेश नभएकोले बेरुजु लगत किताब पेश गर्नु पर्दछ।

१४. **नगद मौज्दातः** साबिक गाउँबिकास समिति गोतारीमा मौज्दात रु.४२५८।- रहेको तथा २०७३।०७४ मा रु.२५,०००।- थप जम्मा गरी रु.२९,२५०।- मौज्दात नगरपालिकामा जिम्मेवारी सार्नुपर्दछ। त्यस्तै गा.पा.कर्जन्हाले ईन्धन खर्च रु.१,३१,२५०।- लेखेकोमा ईन्धन खर्चको लग बुक पेश गरेको देखिएन

१५. **पोखरी ठेक्काः** गाउँ विकास समिति गौतारीको पोखरी ठेक्का बिबरण अनुसार २०७१।०७२ देखि२०७३।०७४ सम्मको लागि पोखरी ठेक्का रु.२०,३१,७८४।- मध्ये रु.२०,०८,०००।- अशुल भएको बाँकी रु.२३,७८४।- अशुल फछ्यौट गर्नुपर्दछ

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.६६ लाख २६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२४ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख ७५ हजार र पेश्की रु.१४ लाख २७ हजार रहेको छ।

# भगवानपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख २९ हजार र यो वर्ष आय रु.५ करोड ५५ लाख १३ हजार समेत रु.५ करोड ५८ लाख ४२ हजार आम्दानी भएकोमा रु.४करोड ४२ लाख ३ हजार खर्च भई रु.१ करोड १६ लाख ३९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाउँपालिकाको खातामा जम्मा गरेको छ। मिति २०७३ फागुन २७ सम्म आन्तरिक आय र धरौटी भौज्दात वाहेक खर्च भई मौज्दात रहेको रकम रु.४३४३०३६।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा पठाएको देखिएन।

२. **सम्पत्ति हस्तानतरण:** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ माघ भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। सम्पत्ति हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.१,००,८४,४००।- फछ्र्यौट नभइ वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ

### नहरा रिगौल गाउँ विकास समिति

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार विभिन्न १५जनाको साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. २०३९५५४।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

५. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा विभागिय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा श्री चन्देश्वर ठाकुरको नगद रु.२३०८५।- वांकी देखिएको रकम हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गर्नुपर्दछ

### ईनर्वा गाउँ विकास समिति

६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.८०२०२६।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ

७. **आर्थिक साहायता:** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको बुँदा नम्बर १३(च) मा राजनैतिक दल वा संघ संस्थाका व्यक्तिलाई आर्थिक सहायता चन्दा पुरस्कार वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन निषेध गरेको छ। यसरी कार्यविधि विपरीत दुर्गा पूजा महोत्सव, ठाडी लगायत ३ सँस्थालाई दिएको रु. ५३०००।- सहयोग नियम संमत देखिएन।

**भगवानपुर गाउँ विकास समिति**

८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. ८४४३५३।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

९. **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम आयकर कट्टा गरी तोकेको समयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आयोजनाले खरिद गर्दा ऐनको व्यवस्था अनुसार सप्लायर्सलाई रु.३२२८।- अग्रिम कर कट्टा तथा दाखिला गरेको नदेखिएकोले असुल गरि दाखिला हुनुपर्दछ

१०. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा विभागिय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रकम रु. १२५५१।- हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गनुपदछ।

११. **आन्तरिक लेखापरीक्षण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। साविक ईनर्वा गा.वि.स.तर्फ आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु.२७६१४।- को वेरुजु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नु पर्दछ

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८१ लाख ४८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१५ हजार, नियमित गर्नुपर्ने रु.४४ लाख ४७ हजार र पेश्की रु.३६ लाख ८६ हजार रहेको छ।

# औरही गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख २९ हजार र यो वर्ष आय रु.५ करोड ५५ लाख १३ हजार समेत
रु.५ करोड ५८ लाख ४२ हजार आम्दानी भएकोमा रु.४ करोड ४२ लाख ३ हजार खर्च भई रु.१ करोड १६ लाख ३९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाउँपालिकाको खातामा जम्मा गरेको छ। मिति २०७३ फागुन २७ सम्म आन्तरिक आय र धरौटी भौज्दात वाहेक खर्च भई मौज्दात रहेको रकम रु.७४४८२३४।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा नपठाउने कार्य कार्य नियम संगत नदेखिएकोले नियमित गनुपने् देखीन्छ

२. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलब्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

३. **सरुवा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरुवा भई आउने कर्मचारी सरुवा भई आएको रमाना पत्र र यात्रा गरेको प्रमाण समेत संलग्न गरी दैनिक भ्रमण भत्ता खर्च दावी गर्नुपर्दछ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री भागवत रेग्मी सरुवा भई आएको व्यहोरा जनाई वागलुङ काडमाण्डौ वस भाडा रु.१५००।-, काठमाण्डौ झापा रु.४८००।- झापा-सिरहा रु.५००।- समेत रु.६८००।- भ्रमण भत्ता र रु.१२७००।- दैनिक भत्ता सहित प्रति व्यक्ति रु.१९५००।- ले दावि गरी निजका परिवारको समेतरु.१९५००।- भूक्तानी दिएको पाइयो। निजले भ्रमण वील साथ रमाना पत्र नराखेको अतिरिक्त झापा जानुपर्ने प्रमाण नराखेको साथै निजले आमा ल्याएको प्रमाणित हुने मलेपफानं १८९ पनि प्रमाणित गरी राखेको पाइएन। नियमको व्यवस्था अनुसार आवश्यक प्रमाण वेगर खर्चिलो हुने गरी भूक्तानी लिएको रु.३९,०००।-भ्रमण भत्ता भुक्तानी दिएको नियमसम्मत् देखिएन।

४. **प्रोत्साहन भत्ता :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ मा गाउँपलिकामा काम गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता दिने व्यवस्था छैन। साथै अन्य गाउँपालिका सम्वन्धीमा निर्णयमा पनि प्रोत्साहन भत्ताको व्यवस्था छैन। कार्यलयले गाउँपालिकमा कार्यरत ४ कर्मचारीलाई प्रोत्साहन भत्ता भूक्तानी दिएको पाइयो। नियम कानूनद्धारा व्यवस्था नगरी रु.१५९३९०।- भुक्तानी दिएको नियमसम्मत् देखिएन।

५. **सेवा खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा आवश्यकताको पहिचान नगरी खरिद गर्न नपाइने, र नियम २० (३) वमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको नमुना बोलपत्र सम्बन्धी कागजातमा रहेको खरिद सम्झौता अनुरूप छनौट गर्नुपर्ने र नियम २४ वमोजिम परामर्श सेवा खरिद गर्दा परामर्शदाताले गर्नुपर्ने कामको कार्य विवरण तयार गरी सो वमोजिम संझौता गरी कार्य गराउनु पर्दछ। गाउँ पालिकाले वस्तुस्थिती विवरण तयार गर्न सिधै नेपाल क्यारियर ट्रडिङ फायण्डेशनलाई रु.४,९५,५०५।- भूक्तानी गरेकोमा नियमावलीका प्रावधान पुरा नगरेको अतिरिक्त उक्त कार्य गर्न कार्यक्रम समेत नरहेकोले यस प्रकार भूक्तानी गरेको रु.४,९५,५०५।- खर्च नियमसंगत देखिएन ।

६. **विजक :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा करविजक दिनु पर्ने व्यवस्था छ । परामर्श दाताको भूक्तानी गर्दा कर विजक लिएको पाइएन । विजक पेश नगरी २ सँस्थालाई भुक्तानी भएको रकम सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट रु.२३९२१।- कर समायोजन भएको प्रमाण पेश गर्नु पर्दछ ।

७. **चालु प्रकृतिको खर्च :** अर्थ मन्त्रालय वजेट कार्यान्यन निर्देशिका अनुसार पूजीगत वजेटवाट चालु खर्च ( उपभोग) खर्च लेख्न नमिल्ने व्यवस्था छ । गाउँपालिकाले गाविस अनुदान पूँजीगत बजेटवाट चालु प्रकृतिका कार्यमा वजेट खर्च गरि भूक्तानी दिएको पाइयो । चालु वजेट उपशीर्षकवाट खर्च लेख्नुपर्ने रकम पूँजीगत वजेटवाट लेखेको रु.२४३३००।- नियमसम्मत् देखिएन ।

८. **वितरण मुखी खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी भुक्तानी गरेको देखियो । अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.८६५८४५।- वरावरको जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।साथै पशु औषधी खरिद तथा वितरण गर्न अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.२७०१०।- वरावरका जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई रु.७७५६९०।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

१०. **नगद मौज्दात** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा विभागिय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.४७७।- वुझि लिएकोमा हाल सम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ ।

११. **पेश्की वाकी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई वांकी रु. ८१०३२७।- देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्ने देखीन्छ

### तुल्सीपुर गाउँ विकास समिति

१२. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ । आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा विभागिय प्रमुखले पच्चीस प्रतिशतसम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.६५६१।- वुझि लिएकोमा हालसम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितबाट अशुल गर्नुपर्दछ ।

१३. **वितरणमुखी कार्यक्रमः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने व्यवस्था छ। कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी निम्नानुसार जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको

बिल संलग्न गरी भुक्तानी गरेको देखियो। अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.३००००।-वरावरको भाडाकुडा खरिद गर्न जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई रु. १३७९११२।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नु पर्दछ।

१५. **पोखरीको ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवास्था र सोही नियमावली, को नियम १७२(१)मा स्थानीय निकायले विभिन्न कारणबाट असुलहुन नसकी बाँकी रहेको बक्यौता रकम असुल गर्न वक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ। यस गाविसले २०७१।७२ मा पोखरीहरु.बोलकबोलको माध्यमबाट ३ वर्षको लागि ठेक्का लगाउँकोमा हाल सम्म निम्नानुसार उठ्न बाँकीरु. २८३३५०।- रकम विभिन्न ५ कबोलकर्ताबाट असुल गर्नुपर्दछ।

### पिप्रा प्र.पि. गाउँ विकास समिति

१६. **नगद मौज्दात** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्नेछ। आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा विभागिय प्रमुखले पच्चीस प्रतिशतसम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.४२४८७।- वुझि लिएकोमा हालसम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्बन्धितबाट अशुल गर्नुपर्दछ।

१७. **योजना बेगर खर्चः** साविक गाउँ किास समितिहरुले लक्षित कार्यक्रम संचालनगर्दा गाउँ परिषदबाट स्वीकृत भएका योजनाहरुमा मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकोमा कर्मचारी मिलन तथा अभिभावक भेला कार्यक्रम संचालन गरि रु.३००००।- खर्च लेखेको पाइयो। परिषदबाट पास नभएका कार्यक्रममा रु.३००००।– खर्च गरेको नियमसम्मत् देखिएन।

१८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.१५५५९७४।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नु पर्दछ।त्र

### साविक हरकट्टी गांउ विकास समिति

१९. **आन्तरिक लेखापरीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५८ मा गाँउविकास समितिको लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने व्यवस्था छ। जि.वि.स. आन्तरिक लेखापरीक्षण शाखाबाट यस गा.वि.स.को यस वर्षको आन्तरिक लेखापरीक्षण भएको पाइएन। जिम्मेवारी तोकिएको कार्य नगराउनेलाई जिम्मेवार वनाउनु पर्दछ।

२०. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.५००२६।– वझि लिएकोमा हाल सम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ।

२१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष

२०७२।०७३ सम्म दिएको पेश्की रु.१०६७८६९।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नु पर्दछ ।

**औरही गांउ विकास समिति**

२२. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.११६९५१।–वुभि लिएकोमा हाल सम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नु पर्दछ।

२३. **आयकर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । गाविसले चालु खाता तथा पुँजीगत खातावाट विभिन्न खरिदको भूक्तानी गर्दा कट्टा गरिराखेको अग्रिम आयकर सम्वधित राजश्व खातामा जम्मा गरेको पाइएन । कानूनको व्यवस्था अनुसार कट्टा गरेको कर रु.४११२।- सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष २०७२।०७३ सम्म दिएको पेश्की रु.३७९३४०७-फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

२५. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेका वेरुजुहरु.फछ्र्योट गरेको प्रमाण पेश नभएकोले रु.४०२९०।- कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ४६ लाख २८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.८५ लाख ३६ हजार तथा पेश्की रु.५५ लाख ८९ हजार रहेको छ ।

# विष्णुपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३ लाख २९ हजार र यो वर्ष आय रु.५ करोड ५५ लाख १३ हजार समेत रु.५ करोड ५८ लाख ४२ हजार आम्दानी भएकोमा रु.४ करोड ४२ लाख ३ हजार खर्च भई रु.१ करोड १६ लाख ३९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन। मिति २०७३ फागुन २७ सम्म आन्तरिक आय र धरौटी भौज्दात वाहेक खर्च भई मौज्दात रहेको रकम रु.६४३२६९८।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा पठाएको देखिएन।

२. **आर्थिक विवरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० वमोजिम मिति २०७३।११।२७ सम्मको साविक गाउँ विकास समितिले प्रचलित ढाचा वमोजिम तयार गरेका आर्थिक विवरणमा उल्लेख गरेको मौज्दात रकम र वैकमा रहेको मैाज्दात फरक रहेको पाइयो। गाउँ पालिकाले मिति २०७४।१।१५ मा साविक गाउँ विकास समितिको वैक खातामा रहेको रकम गाउँ पलिकाको संचित कोषमा ट्रान्सफर गराएको छ। यसरी विवरण्मा समावेश भएक आंकडाहरु.फरक रहदा आर्थिक विवरणले सही तथा यर्थाथपरक चित्रण गरेको छैन। वैक तथा आर्थिक विवरणमा ३ गा वि स का देखिएको फरक रु. ११९९६६६।-को समायोजन हिसाव तयार गरी फरक हिसाव मिलान हुनु पर्दछ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने तथा सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउँपालिकाले साविक ४ गाउँ विकास समितिमा रहेको भवन मोटरसाइकल लगायत ६६ प्रकारका विभिन्न जिन्सी सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलब्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्तिहरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ।

४. **घटी मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५ अनुसार गाउँ विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। साविक ४ गाउँ विकास समितिले आर्थिक वर्ष २०७२।७३ को लेखाापरीक्षण प्रतिवेदन साथ संलग्न आर्थिक विवरणको मौज्दात भन्दा घटी मौज्दात सारेको पाइयो। प्रतिवेदनमा देखिएको भन्दा घटी मौज्दात सार्दा रकम हिनामिना हुने भएकोले फरक परेको रु.७,७२,६३९।- को हिसाव मिलान गरी घटी मौज्दात सारेको रकम सम्वन्धितवाट अशुल गनुपर्दछ।

५. **अनुपातिक भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ कोदफा १५५ मा स्थानीय निकायले उपभोक्ता समितिसंग कामको सम्झौता गर्दा उपभोक्ता समितिले गर्ने योगदानको रकम खुलाउनु पर्ने र सोही बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भै रनिङ बील र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरूप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने व्यवस्था छ। यस गाउँपालिकाले उपभोक्ता समितिवाट कार्य गराएकोमा नियमको व्यवस्था बमोजिम उपभोक्ताको योगदान रु. ५७,८०१।- कम भइ वढी भूक्तानी हुन गएको रकम असुल गर्नुपर्दछ।

६. **लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कायविधि २०६९ को वुदा ३० मा कार्यक्रम वा आयोजना संचालन गर्दा गाउँ विकास समिति र जिल्ला विकास समितिले १० प्रतिशत मा कम नहुने गरी जनश्रमदान निर्धारण गरी कार्य गराउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले २ उपभोक्ता समीतीको काममा १० प्रतिशत भन्दा घटी जनश्रमदान हुने गरी उपभोक्तावाट कार्य गराएको पाइयो। कार्यविधिको व्यवस्था अनुसार रु. १३६१९।- घटी जनश्रमदान देखिएको नियमसम्मत् देखिएन।

७. **चालु प्रकृतिको खर्च :** अर्थ मन्त्रालय वजेट कार्यान्यन निर्देशिका अनुसार पूजीगत वजेटवाट चालु खर्च (उपभोग) खर्च लेख्न नमिल्ने व्यवस्था छ। गाउँपालिकाले गाविस अनुदान पूजीगतवाट साविक ४ गाविसका महिला स्वयंसेविकालाई

फिल्डमा काम गरेवापत यातायात खर्च रु.२३७६००।- भूक्तानी दिएको पाइयो । चालु वजेट उपशीर्षकवाट खर्च नलेखि पूँजीगत वजेटवाट लेखेको रु.२,३७,६००।- खर्च नियमसंगत देखिएन ।

८. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को नियम ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले कामको लागत अनुमान तयार तथा स्वीकृत नगरी ३ वटा परामर्शदातृ फर्मसंग सिधै आर्थिक प्रस्ताव माग गरी पेश भएका आर्थिक प्रस्ताव मध्ये घटी आर्थिक प्रस्ताव पेश गर्नेसंग संझौता गरेको छ। इनोभेटिव मिडिया प्रा.लि लगायत विभिन्न ३ फर्मसँग रु. ८९९४४५।-यस प्रकारको खरिद कार्य नियमसंगत देखिएन।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की .रु.१,१२,९३,५००।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**विष्णुपुर (प्र.रा.) गाउँ विकास समिति**

१०. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम वुझि लिएकोमा हाल सम्म गाउँपालिकाको खातामा रु.१०३५२।- जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गर्नुपर्दछ ।

११. **मालपोत :** गाउँ विकास समितिले संकलन गरेको मालपोत वापतको रकमको २५ प्रतिशत जिल्ला विकास समितिमा पठाउनु पर्ने व्यवस्था छ । गाविसले मिति २०७३।४।१ लेखि फागुनसम्म संकलन गरेको मालपोत रु.११,६७१।- जिल्ला विकास समितिको कोषमा दाखिला गरेको पाइएन । नियमानुसार रु.२९१८।- जिल्ला समन्वय समिति कोषमा दाखिला गर्नुपर्दछ ।

१२. **आयकर कट्टी :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । गाविसले विभिन्न खरिदको भूक्तानी गर्दा कट्टा गरिराखेको अग्रिम आयकर तथा पारिश्रमिक र कर्मचारीको तलव खर्च कट्टा गरेको पारिश्रमिक कर सम्वधित राजश्व खातामा जम्मा गरेको पाइएन । कानूनको व्यवस्था अनुसार कट्टा गरेको कर रु.१८,२३२।- सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.७५९१४८।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**राजपुर गाउँ विकास समिति**

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार विभिन्न १५जनाको साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. २०३९५५४।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१५. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रु.९८१०८।- हालसम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन । कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गर्नुपर्दछ ।

१६. **पोखरीको ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था अनुसार गाविसले २०७३।४।२६ मा ३ वटा पोखरीको ३ वर्षको लागि ठेक्का वढावडको सूचना टास गरेकोमा १ जनाले मात्र किनं.११० पोखरीको ठेक्का रु.३,३७,५०५।- मा सकार गरेकोमा गाविसले १ मात्र ठेक्कामा सहभागि भएको जनाई सो वोलपत्र रद्द गरी पुन सूचना टास गरेको पाइयो । पुन सूचना टास गर्दा ३ वटै पोखरीको अग्रिम किस्ता वुझाएमा २५ प्रतिशत छुट दिने उल्लेख गरेकोमा पहिले रद्द गरेको वोलपत्र भन्दा घटेर रु.२,६८,०००।- मा कवोल गरेको तथा वांकी २ पोखरी को क्रमस १,२८,०००।- र १,६९,०००।- मा सकार भएको छ।

पहिले परेको १ मात्र वोलपत्र रद्द गर्न पाइने कानूनी आधार वेगर वोलपत्र रद्द गरी गाविसलाई रु.६९,५०५।- नोक्सान पारेको छ। यसरी विना आधार वोलपत्र रद्द गर्ने उपर कारवाही हुनुपर्दछ

१६.१ स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १७० ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था छ। गाउँपालिकाले ठेकेदार संन्जयकुमार यादव सँगको ठेक्कामा एकमुष्ट ३ वर्षको रकम नवुझाएकोमा नियमको व्यवस्था प्रतिकुल हुने गरी २५ प्रतिशत छुट दिई चलनपुर्जी जारी गरेको छ। यस प्रकार ठेक अंक पुरै नवुझाएकोमा गाउँपालिकाको आयमा नोक्सान हुने गरी छुट दिई चलनपुर्जी जारी गर्ने उपर कारवाही हुनुपर्दछ। यस प्रकार को कार्यवाट गाविसको आम्दानी घटी भएको रु.१४१७५०।- असुल गर्नुपर्दछ। साथै एकै व्यक्तिले सकार गरेको ठेक्कावाट यो वर्ष रु.१,४१,०८४।- अशुल भएपछि मात्र चलनपुर्जी दिनुपर्नेमा रु.३५,३८३।- घटी अशुल नहुदै चलनपूजी दिएको छ।

१७. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई करविजक दिनुपर्ने व्यवस्था छ। समितिले साह ट्रेडर्सबट रु.१७३९००।- मा डिस्कभर मोटरसाइकल र हेल्मेट लगायतका अन्य सम्वन्धित सामान खरिद गरेकोमा सो फर्मले कर विजक दिएको पाइएन। विजक वेगर भूक्तानी दिएको रु.१८१२००।- खर्च नियमसंगत देखिएन।

१८. **आयकर :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। गाविसले तलव खर्च लेख्दा कट्टा गरेको सामाजिक सुरक्षा कर रु.४७०१।- र विभिन्न खरिदको भूक्तानी गर्दा कट्टा गरिराखेको अग्रिम आयकर ३२८२।- सम्वधित राजश्व खातामा जम्मा गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कट्टा गरेको कर रकम रु.७,९८३।- राजश्व खातामा दाखिला गर्नुपर्दछ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.११२५९३३।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

२०. **दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। तत्कालिन सचिब जय कुमारको नाममा रु.१२८२००।- र लाल वहादुरको नाममा रहेको नगद मौज्दात रु.६९९०८।- समेत रु.१९८१०८।- हालसम्म पनि दाखिला नभएकोले कानून वमोजिम सम्वन्धितवाट अशुल गरी संचित कोष दाखिला गर्नुपर्दछ।

२१. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयल आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको २०७२।७३ को अग्रिम आयकर, वहाल कर समेत रु.१२५०४०।- लगायतका वेरुजू फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नुपर्दछ।

**लक्ष्मिपुर गाउँ विकास समिति**

२२. **राजश्व दाखिला:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।४।१ देखि २०७३।११।२७ सम्म मलापोतवापत कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रकम रु.२०९९४।- हालसम्म नगदी रसदिवाट आम्दानी भएको रकम लेखापरीक्षण अवधीसम्म पनि गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गनुपर्दछ

२३. **जिन्सी आम्दानी :** आर्थिक कार्यविधी ऐनको दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ। म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पचास रूपैयाँ वा बिगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। गाउँ विकास समितिले खरिद गरेकासामानहरु.जिन्सी आम्दानी वाधेको पाइएन। जिन्सी खातामा आम्दानी नवाधी खरिद गरेको रकम रु.२२३३५।- नियमसंगत देखिएन।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. २,६४,८९७-फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

२५. **आन्तरिक लेखापरीक्षण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु.१९५८।- को फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नुपर्दछ।

**थलाहा कटाहा गाउँ विकास समिति**

२६. **राजश्व दाखिला:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।४।१ देखि २०७३।११।२५ संकलन गरेको मलापोतवापत रकम रु. ३१७३८।- हाल सम्म पनि गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गर्नुपर्दछ।

२७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु. ११८७५२१।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

२८. **अग्रिम आयकर :** आर्थिक कार्यविधि ऐन, २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। वडाले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.१६६४।- वर्षान्त सम्म पनि दाखिला गरेको पाइएन। कानूनको परिधी भित्र रही कट्टी गरेको रु.१६६४।- अग्रिम आयकर रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ७१ लाख १० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.९९ लाख ७४ हजार तथा पेश्की रु.१ करोड ६६ लाख ७० हजार रहेको छ।

# वरियारपट्टी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३४ लाख ४९ हजार र यो वर्ष आय रु.६ करोड ३३ लाख ८५ हजार समेत रु.६ करोड ६८ लाख ३४ हजार आम्दानी भएकोमा रु.६ करोड ४ लाख ३२ हजार खर्च भई रु.६४ लाख २ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाउँ पालिकाको खातामा जम्मा गरेको छ। मिति २०७३ फागुन २७ सम्म आन्तरिक आय र धरौटी भौज्दात वाहेक खर्च भई मौज्दात रहेको ५ गा वि स को रकम रु.८९९६४५१।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा पठाएको देखिएन।

२. **हिसाव मिलान:** स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको एकिकृत आय व्यय विवरण अनुसार रु.१०१०८००।– को हिसाव मिलान नभएकोले नियमानुसार हिसाव मिलान गर्नुपर्दछ।

३. **सम्पत्तिहस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। सम्पत्ति हस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ।

४. **भाडा भुक्तानी :**संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको च.नं १५७ मिति २०७४।३।४ को परिपत्रबाट सबै नगरपलिका,उप महानगरपालिका र महानगरपालिका तथा गाउँपालिकाहरुले महंगो भाडा तिरेर सवारी साधन प्रयोग गर्न रोक लगाएकोमा यस कार्यालयले मिति २०७४।१।१५ देखि २०७४ आषाढ मसान्तसम्मको लागि प्रतिदिन रु.४०००।- का दरले भाडा तिर्ने गरी सवारि साधन भाडामा लिएको देखियो। यसरी मन्त्रालयको निर्देशन विपरीत २०७४।४।५ देखि २०७४ आषाढ मसान्तसम्म २७ दिनको भाडा रु.१,०८,०००।- भुक्तानी दिएको नियमसम्मत देखिएन।

५. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वडा नं.१ देखि ५ सम्मको बाटो मर्मत वापत रु.९८,८८५।- खर्च लेखेकोमा लागत अनुमान, कामको मूल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको पाइएन। यसरी नियममा भएको व्यवस्था बमोजिमको प्रकृया पुरा नगरी भुक्तानी दिएको नियमसम्मत् देखिएन।

६. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६ अनुसार आपूर्तिकर्ताले रित पूर्वकको कर विजक पेश गर्नुपर्ने व्यवस्था छ। तर नमामी सप्लायर्स, लहान–८ ले विजक नं. हातले लेखि कर विजक जारी गरेको देखिएकोले उक्त विलबाट भुक्तानी भएको मू.अ.कर रकम रु.२६६३३५।- सम्बन्धमा मु.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ

७. **वितरण मुखी खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने व्यवस्था छ। कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी विभिन्न जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी भुक्तानी गरेको देखियो।साविक जानकीनगर गा.वि.स. को महिला लक्षित कार्यक्रम अन्तर्गत सिलाई मेशिन खरिद गरी वितरण मा अनुगमन र मूल्याकन बेगर वितरण गरिएका

रु.१२४३००।– बराबरको जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गनुपर्दछ ।

८. **परिषद निर्णय बेगर खर्च:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने, सहभागितामूलक योजना तर्जुमाको चरण र प्रकृया बमोजिम योजना छनौट गर्नुपर्न कायक्रम संचालन गदा कार्यविधिमा उल्लेखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु.पालना गर्नुपर्ने व्यवस्था छ । साविक कचनारी गा.वि.स. हाल गा.पा. वडा नम्बर १ ले १४५ जना जेष्ठ नागरिकलाई सम्मान वापत रु. ३४६९१०।– खर्च गरेकोमा सो सम्बन्धि परिषदमा निर्णय भएको देखिएन साथै कार्यक्रम खर्चलाई प्रमाणित गर्ने फोटो वा प्रतिवेदन समेत तयार नगरेकोले कार्यविधि विपरीत गरेको खर्च नियमसम्मत् देखिएन ।

९. **लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कायविधि ,२०६९ को बुदा ३० मा कार्यक्रम वा आयोजना संचालन गर्दा गाउँ विकास समिति र जिल्ला विकास समितिले १० प्रतिशत मा कम नहुने गरी जनश्रमदान निर्धारण गरी कार्य गराउनु पर्ने व्यवस्था छ । गाउँ पालिकाले वडा नम्बर ३ को सडक मर्मत र ग्राभेल गर्ने उपभोक्ता समिति वडा नं. १–९ सम्म लाई भौ.नं. १३ मिति २०७४।३।३० बाट तेस्रो रनिङ्ग विलबाट भएको खुद कार्य रु. ८४६८६९।- मध्ये १० प्रतिशतले हुने श्रमदान रु. ८४६८६।९६ कट्टा गरी रु. ७६२१८२।- भुक्तानी गर्नुपर्नेमा रु. ८६०४१५।- भुक्तानी गरेको पाइयो । यसरी खुद पाउने भन्दा बढी भएको भुक्तानी रु.९८२३२।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्दछ।

१०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई वांकी रु. १५९३३२८७।-देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

### जानकी नगर गाउँ विकास समिति

११. **आयकर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले मनकामना ट्रेड लिंक, लहान र शिव शम्भु स्टील फर्निचर, लहान बाट कट्टा गरेको रु.३९४३।- अग्रिम कर दाखिला नगरेकोले नियमानुसार असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.३८७९१९।- फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

### बरियारपट्टी गाउँ विकास समिति

१३. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रकम रु.२२२०२।- हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन । कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट अशुल गर्नु पर्दछ ।

१४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ बमोजिम स्थानिय निकायले खर्च गर्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गा.वि.स. बाट बाल विवाह विरुद्ध कार्यक्रम र विविध खर्चरु.१४३४०।- लेखेकोमा विल भरपाई संलग्न गरेको नपाएकोले खर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्दछ ।

१५. **पोखरीको ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था र सोही नियमावलीको नियम १७२(१)मा स्थानीय निकायले विभिन्न कारणबाट असुलहुन नसकी बाँकी रहेको बक्यौता रकम असुल गर्न वक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । यस गाविसले २०७१।७२ मा पोखरीहरु.बोलकबोलको माध्यमबाट ३ वर्षको लागि ठेक्का लगाएकोमा हालसम्म रु.५४५५९०।- उठ्न बाँकी रकम विभीन्न १० कबोलकर्ताबाट असुल गर्नुपर्दछ ।

१६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई रु.१४३९९२२।-वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नु पर्दछ।

### जिफ्तौल गाउँ विकास समिति

१७. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.१०८५७- वुभि लिएकोमा हालसम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नु पर्दछ।

१८. **प्रमाण वेगर खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ बमोजिम स्थानिय निकायले खर्च गर्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले विल समेत नराखी रु. २२०००।- खर्च लेखेकोमो खर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्दछ।

१९. **आयकर दाखिला :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। कार्यालयले मोटर साइकल खरिद गरि संजीव श्रवण अटो सेन्टर, मिर्चैयालाई मु.अ.कर बाहेक रु.२१३९००।- भुक्तानी गरेकोमा नियमानुसार १.५ प्रतिशत अग्रिमकर कट्टा नगरी भुक्तानी गरेकोले रु.३२०८।- असुल गरी दाखिला गर्नुपर्दछ।

२०. **वितरण मुखी खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने व्यवस्था छ। कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी भुक्तानी गरेको देखियो। वितरण गरिएका सामग्री मागबमोजिम उपयोग भए नभएको सम्बन्धमा प्राविधिकबाट मूल्याकन गर्ने, जिन्सी सामान कजरा बाल क्लब अध्यक्ष कृष्णदेव दासलगायत ३ संस्थाले उपयोग गरे नगरेको अनुगमन गर्ने नगरेकोले वितरण गरेका सामाग्री तथा जिन्सी व्यक्तिगत प्रयोजनमा प्रयोग भई दुरुपयोग हुने सम्भावना देखिन्छ। अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.३७२०४०।–वरावरको जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

२१. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६ अनुसार आपूर्तिकर्ताले रितपूर्वकको कर विजक पेश गर्नुपर्ने व्यवस्था छ। तर नमामी सप्लायर्स, लहान–८ ले विजक नं. हातले लेखि कर विजक जारी गरेको देखिएकोल उक्त विलबाट भुक्तानी भएको मू.अ.कर रकम रु. ९१७८।–सम्बन्धमा मु.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ।

२२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.५४१६००।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

### कचनारी गाउँ विकास समिति

२३. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवार अनुसार मालपोत पन्जीकरण तथा सिफारिस दस्तुरवापतको रकम रु.६३१३५।–वभि लिएकोमा हालसम्म गाउँपालिकाको खातामा जम्मा नगरेको पाइएकोले कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ।

२४. **आयकर :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मोटर साइकल खरिद वापत मनकामना ट्रेडलिंक, लहान लाई मु.अ.कर बाहेक

रु.१९९९११।– भुक्तानी गरेकोमा नियमानुसार १.५ प्रतिशत अग्रिमकर रु.२९९८।– कट्टा नगरी भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

२५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की रु.२२५२७१३।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**तेनुवापट्टी गाउँ विकास समिति**

२६. **संचितकोष :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाविसले आन्तरिक आय बाट संकलन गरेको रु.३३२०३।- संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो । कानून वमोजिम संचित कोषवाट खर्च गर्न नमिल्ने रकम रु.३३२०३।- खर्च गरेकोमा अशुल गरी गाउँपालिकाको संचित कोष दाखिला हुनुपर्दछ ।

२७. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने उल्लेख छ । यस गाविसले मोटरसाईकल गुप्ता ब्रदर्श एण्ड अटो ट्रेड बाट खरिद गर्दा उक्त नियमको पालना गरेको पाइएन ।

२८. **कन्टिन्जेन्सी :** योजना अनुसार ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरि खर्च पाइनेमा गाविसले २०७३ फाल्गुन सम्म रु. ५९६०११।– को योजना संचालन गरेकोमा सोको ३ प्रतिशतले हुने रु.१७८८०।– मात्र खर्च हुनु पर्नेमा सोही अवधिको कन्टिन्जेसी वापत रु.९५०००।– खर्च गरेको देखियो । गा.पा. घोषण पछी उक्त गा.वि.स. परिषदबाट स्वीकृत बाँकी योजनाहरु संचालन हुँदा कन्टिन्जेन्सी खर्च पुनः नगरेका भनी रु.७७११९।–को प्रमाण पेश हुनु पर्दछ ।

२९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की रु.१५,५२,७६७– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ४२ लाख २९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख ८३ हजार तथा पेश्की रु.२ करोड २१ लाख ९ हजार रहेको छ ।

# लक्ष्मीपुर पतारी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१२ लाख ५ हजार र यो वर्ष आय रु.७ करोड ३३ लाख ५० हजार समेत
रु.७ करोड ४५ लाख ५५ हजार आम्दानी भएकोमा रु.६ करोड ९७ लाख ५५ हजार खर्च भई रु.४८ लाख मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदन :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस साविक लक्ष्मीपुर पतारिगाउँपालिकामा साविकका ६ गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन पेश नगरी वैकमा भएको मौज्दात मात्र पठाएको आधारमा जिल्ला समन्वय समितिमा गाविस र गाउँपालिकाका नाममा निकासा भएको रकम रु.२१३२०६३।– फिर्ता भएको छ ।साविक महेशपुर गा.वि.स.ले लेखापरीक्षण अवधि सम्म पनि आर्थिक प्रतिवेदन तयार गरी पेश गरेको छैन । लेखापरीक्षणको लागि लेखा पेश नगर्ने उपर नियमानुसार कारवाही हुनुपर्दछ ।

२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा योवर्षको दिएको पेश्की फछ्र्यौट नभई रु.३३६०५४३।– वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

३. **गाविसको मौज्दात :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा गाउँपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा गाउँपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । साविकको खरुक्याही गाविसले नगद मौज्दात रकम रु.४५००।- लेखापरीक्षण अवधी सम्म पनि फिर्ता गरी गाउँपालिकाको संचित कोष खातामा दाखिला गरेको पाइएन । निर्देशिकाको व्यवस्था अनुसार साविक गाउँपालिकाको नाममा रहेको सम्पत्तितथा दायित्व गाउँपालिकाको हुने भएकोले मौज्दात गाविसको नाममा रहेको रकम गाउँपालिका संचित कोष खातामा दाखिला गर्नुपर्दछ ।

४. **पेश्की जिम्मेवारी:** २०७३ फाल्गुण २८ बाट साविकका ६ गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा गाउँपालिका साविकका गाउँ विकास समितिको पेश्की जिम्मेवारी गाउँपालिकाको खातामा सारी साविक जिम्मेवारी सारेको पाइएन ।

५. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ माघ भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ति हस्तान्तरण नहदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.भवन , जग्गा, मोवाइल, पोखरी  सहित अन्य जिन्सी सामान र सो विवरण उल्लेख नभएका सम्पत्ति समेत यकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

६. **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा खरिद गरी वा नगरि वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण  र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अध्यवधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयल पावर बैंक लगायतका सामानहरु.खरिद गरि भुक्तानी खर्च

लेखेकोमा नियमानुसार दाखिला गरेको तथा सम्बन्धितले बुझेको प्रमाण समेत संलग्न राखेको देखिएन । यसरी नियममा भएको व्यवस्था विपरीत गरेको खर्च रु.१५५००।- नियमसम्मत् देखिएन ।

७. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) मा सार्वजनिक निकायले बमोजिम एक लाख रुपैयाँभन्दा वढीको खरिद गर्न लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यलयले विभिन्न भुक्तानी खर्च गरेकोमा कामको परिमाण,ज्यामी तथा सामाग्री खर्चको लागत अनुमान नगरेको र आवश्यकता पहिचान नगरी खर्च लेखेको रु. ३८१९०।- नियमसम्मत् देखिएन ।

८. **भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्तहुने ठाउँमा एकैदिन गई फर्कने गरी काज खटिजाने पदाधिकारी वा कर्मचारीले यस नियमावली, बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको आधा रकमको पच्चिस प्रतिशत खाजा खर्चवापत पाउनेछ भन्ने उल्लेख छ । कार्यालयका कर्मचारीहरु१ दिनको लागि काज खटेकोमा यातायात खर्च बाहेक नियमावलीमा उल्लेखित दर भन्दा बढी दैनिक भत्ता भुक्तानी दिएको रु. १०१००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

**पिप्रा प्र. ध.गाउँ विकास समिति**

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रु.१५५३९५०।– वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१०. **आयकर :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । गाविसले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.२८८७– वर्षान्त सम्म पनि दाखिला गरेको पाइएन । कानून को परिधी भित्र रही कट्टी गरेको अग्रिम आयकर रु.२८८७– रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

**पोखरभिण्डा गाउँ विकास समिति**

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम रहदै २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रु. ९८३४२०।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१२. **पोखरी ठेक्का**: गाविसको देहायका पोखरी देहायका बर्षहरुमा ३ बर्षका लागी ठेक्का लगाउँकोमा बक्यौता रकम रु.२६७५४६।- असुल गर्नुपर्दछ ।

**महेशपुर पतारी गाउँ विकास समिति**

१३. **अग्रिम आयकर**: आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । गाविसले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकररु.२८८७।- वर्षान्तसम्म पनि दाखिला गरेको पाइएन । कानूनको परिधी भित्र रही कट्टी गरेको अग्रिम आयकर रु.२८८७।- सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१४. **अनियमित भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ र कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । गविसले खर्चको बिल भरपाईहरु.मात्र संलग्न गरि खर्चको प्रयोजन पुष्टी, प्रमाणीत हुने कागजात संलग्न नगरी भुक्तानी रु.९५०००।-दिएको नियमसंगत देखिएन ।

१५. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेकोछ । यसरी अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने रकम भुक्तानी गर्दा ऐनमा तोकेको दर अनुसार हुने रकम कट्टा गरी बांकी रकम मात्र सो व्यक्तिलाई भुक्तानी गर्नु पर्ने हुन्छ । गाउँपालिकाले भुक्तानी गर्दा तोकिएको दरमा अग्रिम आयकर रु.४१८३।- कट्टि नगरेकोले सम्वधितवाट अशुल गर्नुपर्दछ ।

१६. **कर विजक :** गाविसले सगरमाथा आर्ट एण्ड स्टाम्प सेन्टरको बिजक नम्बर हातले लेखिएको भ्याट बिल संलग्न गरी रु.१६२७२।- भुक्तानी दिइएको छ । उक्त बिलमा क्रेताको प्यान नम्बर ३०५१११३९३ आन्तरिक राजस्व विभागको वेव साइटमा प्यान सर्च गर्दा फेला नपरेकोले खर्चको आधिकारिकता यकिन गर्न सकिएन

१६.१ गाविसले राम नारायण मण्डललाई डोकानिया ट्रेडर्सको बिजक नं.७५ को रु.२४३५१।- मूल्यको स्टेस्नरीको बिल संलग्न गरी भुक्तानी दिइएको छ। उक्त बिलमा क्रेताको प्यान नम्बर ३००१३३९४९ आन्तरिक राजस्व विभागको वेव साइटमा प्यान सर्च गर्दा २०६७ महिना ७ देखि भ्याट रिटर्न नबुझाएको र उक्त बिल बाहेक योजना भएको पुष्टी हुने अरु.कागजात संलग्न नभएकोले खर्चको आधिकारिकता यकिन गर्न सकिएन ।

१७. **संचितकोषमा :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाविसले आन्तरिक आय वाट संकलन गरेको रु.१६३६५।- संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो । कानून वमोजिम संचित कोषवाट खर्च गर्न नमिल्ने रकम खर्च गरेको रकम अशुल गरी नगरपालिकाको संचित कोष दाखिला हुनुपर्दछ ।

१८. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट श्रेष्ता प्राप्त नभएकोले २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समितिको २०७३।७४ भन्दा अगाडी दिएको पेश्की फछ्र्यौट नभई रु.१९८२०६।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**खरुक्याही गाउँ विकास समिति**

१९. **नगद मौज्दात :** २०७२।७३ को मौज्दात यो बर्ष जिम्मेवारी सार्दा सचिव सत्यनारायण यादबसंग रहेको नगद मौज्दात रु.२००।- र सिताराम चौधरीसंग रहेको नगद मौज्दात रु.३४७७।- गरी जम्मा रु.३६७७।- जिम्मेवारी नसारेको उक्त रकम असुल गर्नुपर्दछ ।

२०. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ र कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गविसले खर्चको बिल भरपाईहरु.मात्र संलग्न गरि खर्चको प्रयोजन पुष्टी, प्रमाणीत हुने कागजात संलग्न नगरी भुक्तानी दिएको रु.५०४९५।- नियमसंगत देखिएन ।

२१. **आर्थिक साहायता:** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ९ मा वर्ष शुरु.भएपछि गाउँ परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । गाविसको परिषद्बाट स्वीकृत नभएको अनुदान र आर्थिक सहयोग रु. ३००००।- भुत्तानी दिइएको नियमसंगत देखिएन ।

२२. **अग्रिम आयकर:** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेकोछ । गाविसले सडक मर्मतका लागि माटो ढुवानी गरे बापतको सत्यनारायण यादवलाई भुक्तानी गर्दा १० प्रतिशत बहाल कर रु.३५००।-कट्टि नगरेकोले सम्वधितवाट अशुल गर्नुपर्दछ ।

२३. **नगद मौज्दात :** आन्तरिक आम्दानी नगद मौज्दात बैंक दाखिला नभएको रु.४५००।- बैंक दाखिला गरी भौचर पेश गर्नुपर्दछ ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समितिको फछ्र्यौट नभई रु.२०६९६६१।- वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**सितापुर प्र. ध.  गाउँ विकास समिति**

२५. **नगद मौज्दात:** गत वर्षको मौज्दात जिम्मेवारी सार्दा सचिव रामउदागर यादब संग रहेको नगद मौज्दात रु. ७८९८।-  र नगद मौज्दात रु. ११२८७।- गरी जम्मा रु. १९१८६।- जिम्मेवारी नसारेकोले निजवाट असुल गर्नुपर्दछ ।

२६. **अग्रिम आयकर:** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेकोछ । गाउँपालिकाले भुक्तानी गर्दा तोकिएको दरमा अग्रिम आयकर कट्टि नगरेकोले सम्वधितवाट रु.४१००।-अशुल गर्नुपर्दछ ।

२७. **दाखिला** : आर्थिक कार्यविधि ऐन २०५५को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशतसम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। गाविसले भूक्तानीमा कट्टी गरेको अग्रिम आयकर रु.५४४५।- वर्षान्तसम्म पनि दाखिला गरेको पाइएन। कानूनको परिधिभित्र रही कट्टी गरेको अग्रिम आयकर रकम रु.५४४५।- सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ।

२८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समितिको फछ्र्यौट नभई रु.४६६४८१।- वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

२९. **पोखरी ठेक्का**: गाविसको विभिन्न पोखरी ३ बर्षका लागी ठेक्का लागोकोमा बक्यौता रकम रु.५१३६६।- असुल गर्नुपर्दछ।

**लक्ष्मिपुर पतारी गाउँ विकास समिति**

३०. **पेश्की :** गा.वि.स.ले आर्थिक वर्ष २०७३।७४ को पेश्की बाँकीको नाम नामेसी विवरण तयार गरेको छैन। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको २०७२।७३ सम्मको पेश्की बाँकी रु.१३४९६५४।– र २०७३।७४ को पेश्की बाँकी रु.१८९३८४।– समेत पेश्की रु.१५३९०३८।-असुल फछ्र्यौट गर्नुपर्दछ।

३१. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रकम हालसम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन। कानूनको व्यवस्था अनुसार कारवाही गरी सम्वन्धितवाट रु.१०५०४७।- अशुल गर्नुपर्दछ।

३२. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु.११०६८।- को वेरुजु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.६८ लाख ३१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ७३ हजार तथा पेश्की रु.६० लाख ८६ हजार रहेको छ।

# नरहा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ६ हजार र यो वर्ष आय रु.५ करोड ४३ लाख ४९ हजार समेत रु.५ करोड ४७ लाख ५५ हजार आम्दानी भएकोमा रु.३ करोड ५९ लाख ६७ हजार खर्च भई रु.१ करोड ८७ लाख ८८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ६० मा गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्याविधी कानून वमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२७ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा वमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाउँ पालिकाको खातामा जम्मा गरेको छ । २०७३ फागुन २७ सम्म आन्तरिक आय र धरौटी भौज्दात वाहेक ५८६६०२९।- खर्च भई मौज्दात रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा पठाउनु पर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन ।गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत यकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

३. **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा खरिद गरी वा नगरि वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अध्यवधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरि भुक्तानी खर्च लेखेकोमा नियमानुसार दाखिला गरेको तथा खर्च भएको प्रमाण समेत संलग्न राखेको देखिएन । यसरी नियममा भएको व्यवस्था बमोजिम रु.३०४६७७।- जिन्सी दाखिला तथा खर्चको भएको प्रमाण पेश गर्नुपर्दछ ।

४. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ बमोजिम स्थानिय निकायले खर्च गर्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गा.वि.स.बाटरु.४२८५२३।– खर्च लेखेकोमा खर्चपुष्टि हुने विल भरपाई संलग्न गरेको नपाएकोले खर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्दछ ।

५. **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा खरिद गरी वा नगरि वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सि किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अध्यवधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.१२७७१५०।– का सामानहरु.खरिद गरि भुक्तानी खर्च लेखेकोमा नियमानुसार दाखिला गरेको तथा खर्च भएको प्रमाण समेत संलग्न राखेको देखिएन । यसरी नियममा भएको व्यवस्था बमोजिम जिन्सी दाखिला तथा खर्चको भएको प्रमाण पेश गर्नुपर्दछ ।

६. **लागत सहभागिता :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कायविधि २०६९ को वुदा ३० मा कार्यक्रम वा आयोजना संचालन गर्दा गाउँ विकास समिति र जिल्ला विकास समितिले १० प्रतिशत मा कम नहुने गरी जनश्रमदान निर्धारण गरी कार्य गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले १० प्रतिशत भन्दा घटी जनश्रमदान हुने गरी उपभोक्तावाट कार्य गराएको पाइयो । कार्यविधिको व्यवस्था अनुसार घटी जनश्रमदान जुटेको रकम रु.४००२०।– नियमसंगत देखिएन ।

७. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ बमोजिम स्थानिय निकायले खर्च गर्दा विलभरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गा.वि.स. बाट दराज, कुर्सी, अफिस टेवल लागायतका फर्निचर खरिद गरी दिएकोमा सम्बन्धित विद्यालयको माँग, बुझाएको हस्ताणतरण फारम, दाखिला लगायतका

रु.१२०४४७८।– खर्च लेखेकोमा खर्चपुष्टि हुने विल भरपाई संलग्न गरेको नपाएकोले खर्च प्रमाणित हुने प्रमाण पेश गर्नु पर्दछ ।

८. **असम्बन्धित खर्च:** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने व्यवस्था छ । तोकिएको काम वाहेकमा खर्च गरेमा जिम्मेवार व्यक्तिबाट असुल गरी विभागिय कारवाही समेत गर्न सकिने व्यवस्था छ । कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहाको ०७४।३।१९ को पत्रबाट कार्यालय प्रयोजनको लागि १ थान ल्यापटप र १ थान प्रिन्टर आवश्यक परेको र बजेटको अभाव भएकोले उपलब्ध गराई दिन अनुरोध गरेको आधारमा रु.१०००००।– खर्च लेखेको पाइयो । यसरी यस कार्यालयको बजेटबाट अन्य कार्यालयकोलागि खर्च लेख्ने आधार नभएको साथै उक्त सामाग्री कोष तथा लेखा नियन्त्रक कार्यालयले बुझि दाखिला गरेको प्रमाण समेत संलग्न नराखी गरेको खर्च नियमसम्मत् देखिएन ।

९. **वितरणमुखी खर्च :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी विभिन्न जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी भुक्तानी गरेको देखियो । अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.५५३५१।– वरावरका जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

१०. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६ अनुसार आपूर्तिकर्ताले रित पूर्वकको कर विजक पेश गर्नुपर्ने व्यवस्था छ । तर नन्दनी इन्टरप्राइजेज, मिर्चैया र नमामी सप्लायर्स लहानको विजकमा कैफियत देखिएकोले उक्त विलबाट भुक्तानी भएको मू.अ.कर रकम रु.७०१७।- सम्बन्धमा मु.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट पेश्की बाँकीको विवरण प्राप्त नभएकोले पेश्की बाँकी सम्बन्धमा यकिन गर्न सकिएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा एकमुष्ठ रुपमा चालु तर्फ रु. १९,१२,३००।– र पुँजीगत तर्फ रु. १२,३४,९९९।– पेश्की बाँकी रहेको उल्लेख गरेकोमा नियमानुसार उक्त पेश्की रु.३१४७२९९।– यकिन गरी फछ्र्यौट गर्नुपर्दछ ।

१२. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको विभिन्न भुक्तानीमा कट्टा गरिएका कर रु.१२२३४०।–दाखिला गर्नुपर्दछ ।

**चन्द्रअयोध्यापुर गाउँ विकास समिति**

१३. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोवारको आर्थिक विवरणमा नगद वांकी देखिएको रकम रु.३७८९७।– हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन । कानूनको व्यवस्था अनुसार सम्वन्धितवाट अशुल गर्नुपर्दछ ।

१४. **विजक वेगर भुक्तानी :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा करविजक दिनु पर्ने व्यवस्था छ । कार्यालयले सिरहाली इन्जिनियरिङ कन्सल्टेन्सी रु.६७१४०।–लगायतको भुक्तानी तथा पेश्की फछ्र्यौट गर्दा विलभर्पाई संलग्न गरेको नपाइएकोले सो खर्च प्रमाणित हुने विलभर्पाई पेश गर्नुपर्दछ ।

१५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट

प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम दिएको पेश्की रु. ३९५२३७१।–फछ्र्यौट नभई वांकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

**नरहा बल्कवा गाउँ विकास समिति**

१६. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन आदेश २०७४ को दफा ६२ मा स्थानीय तहको आन्तरिक लेखापरीक्षण आफ्नो आन्तरिक लेखापरीक्षक नभए जिल्ला समन्वय समितिको लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । यस गा.वि.स.ले गठन आदेशको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गराएको पाइएन । आदेशमा तोकिएको कार्यविधि पुरा नगर्दा आर्थिक अनुशासन पालना नहुने भएकोले आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

१७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति कायम यो वर्ष दिएको पेश्की फछ्र्यौट नभई रु. ७२९५८९।– वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**बर्छ्रावा विकास समिति**

१८. **आयकर :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ मा जिम्मेवार व्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु र्ने व्यवस्था छ । कार्यालयले भुक्तनीमा नियमानुसार अग्रिम कर कट्टा नगरी भुक्तानी दिएकोले नियमानुसार १.५ प्रतिशत अग्रिमकर रु.३६९१।– असुल गरी दाखिला गर्नुपर्दछ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समिति यो वर्ष दिएको पेश्की रु. २५७५२६८।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**देवीपुर गाउँ विकास समिति**

२०. **श्रेस्ता पेश नभएको :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा दफा १६ मा तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । साविक देवीपुर गा.वि.स.ले लेखा तथा श्रेस्ता लेखापरीक्षणमा पेश गरेको छैन । लेखा तथा श्रेस्ताको लेखापरीक्षण नगराउने उपर ऐन तथा नियम बमोजिम कारवाही हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ९९ लाख ८१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८२ हजार, नियमित गर्नुपर्ने रु.९५ लाख ३५ हजार तथा पेश्की रु.१ करोड ४ लाख ४ हजार रहेको छ ।

# सखुवानन्कारकट्टी गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१० लाख १८ हजार र यो वर्ष आय रु.६ करोड १७ लाख ३५ हजार समेत रु.६ करोड २७ लाख ५३ हजार आम्दानी भएकोमा रु.५ करोड ६८ लाख ८० हजार खर्च भई रु.५८ लाख ७३ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सम्पत्ति हस्तान्तरण :**स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा गाउँपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा गाउँपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण अवधी २०७४ कार्तिक भित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँविकास समितिले उपलव्ध गराएका विवरणवाट देखिएका जिन्सी सामानहरु.र सो विवरण उल्लेख नभएका सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ।

### सोठिआईन गाउँ विकास समिति

२. **जिन्सी:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायको परिषदबाट आयोजनागत रुपमा बजेट बांडफांड नगरी परिषदबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाउने, सहभागितामूलक योजना तर्जुमाको चरण र प्रकृया बमोजिम योजना छनौट गर्नु पर्ने कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लेखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु.पालना गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्यविधि अनुसारका कार्यक्रम छनौट नगरी निम्नानुसार जिन्सी सामान खरिद गरी व्यक्ति संस्थाले माग गरेको आधारमा वितरण गरेको तथा संस्थाले खरिद गरेको बिल संलग्न गरी भुक्तानी गरेको देखियो। वितरण गरिएका सामग्री मागबमोजिम उपयोग भए नभएको सम्बन्धमा प्राविधिकबाट मूल्याकन गर्ने, जिन्सी सामान सम्बन्धित संस्थाले उपयोग गरे नगरेको अनुगमन गरेको पाइएन। अनुगमन र मूल्याकन बेगर वितरण गरिएका रु.९१८९९९।– जिन्सी सामानको सम्बन्धित संस्था, समूहको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

३. **कर विजक:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६ अनुसार आपूर्तिकर्ताले रित पूर्वकको कर विजक पेश गर्नुपर्ने व्यवस्था छ। तर नन्दनी इन्टरप्राइजेज,मिर्चैयाले ट्रान्सफर्मर वापत विजक नम्बर २५ मिति ०७४।३।२१ हातले लेखि मु.अ.कर वापत रु.४४९८०।– भुक्तानी लिएको देखियो। उक्त विलबाट भुक्तानी भएको मू.अ.कर रु.४४९८०।– समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ।

### मौवाही गाउँ विकास समिति

४. **आन्तरिक लेखापरीक्षण :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५८ मा गाँउविकास समितिको लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट हुने व्यवस्था छ। जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट यस गाउँ विकास समितिको यस वर्षको आन्तरिक लेखापरीक्षण भएको पाइएन। जिम्मेवारी तोकिएको कार्य नगर्ने नगराउने लाई जिम्मेवार वनाउनु पर्दछ।

५. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले भुक्तानी गर्दा तोकिएको दरमा रु.४१८३।– अग्रिम आयकर कट्टि नगरेकोले सम्वधितवाट अशुल गर्नुपर्दछ।

६. **विल भरपाई:** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ र कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गविसले कन्टिन्जेन्सी खर्चको बिलहरु.मात्र संलग्न गरि रु.९००००।– को खर्चको प्रयोजन पुष्टी, प्रमाणीत हुने कागजात संलग्न नगरी दिइएको भुक्तानी नियमसंगत देखिएन।

७. **करमा दर्ता:** गाविसले पोखरी वाउन्ड्री वाल योजनाको भुक्तानी उपभोक्ता समितिले पेश गरेको आधारमा गर्दा कृष्ण ट्रेडर्स एण्ड जेनेरेटर अर्डर सप्लायर्सको २०७४।०२।०३ गतेको बिल संलग्न गरी रु.२९३८०।– भुक्तानी दिइएको छ। उक्त बिलमा क्रेताको प्यान नम्बर ६०६२०३४४५ आन्तरिक राजस्व विभागको वेव साइटमा प्यान सर्च गर्दा २०७४।०३।०५ मा मात्र भ्याट र प्यान दर्ता भएको फेलापरेकोले खर्चको आधिकारिकता यकिन गर्न सकिएन। साथै न्यू जय बाबा ईट्टा उधोगको २०७४।०२।०३ गतेको संलग्न गरी रु.८१३६०।– भुक्तानी दिइएको छ। उक्त बिलमा क्रेताको प्यान नम्बर ३०४८०९१७६ आन्तरिक राजस्व विभागको वेब साइटमा प्यान सर्च गर्दा भगत कन्सट्रक्सनको नाममा दर्ता भएको फेलापरेकोले खर्चको आधिकारिकता यकिन गर्न सकिएन। दर्ता भएको आधार प्रमाण पेश हुन नसके सम्बन्धित फर्मलाई कारवाही गरी मु.अ.कर वापतको रकम रु.१००७४०।–असुल गर्नुपर्दछ।

**सखुवा नन्कारकट्टी गाउँ विकास समिति**

८. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्नेछ र कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गविसले कार्यलय संचालन खर्चको भुक्तानी गरेकोमा बिल भरपाई र खर्चको प्रयोजन पुष्टी, प्रमाणीत हुने कागजात संलग्न नगरी दिइएको रु. १८६००।–भुक्तानी दिएको नियमसम्मत् देखिएन।

९. **संचितकोष :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ४५ वमोजिम गाउँ विकास समितिले आन्तरिक आयवाट प्राप्त गरेका जुनसुकै रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस गाविसले आन्तरिक आयबाट संकलन गरेको रु.३८०३०।– संचित कोषमा दाखिला नगरी विविध खर्च गरेको पाइयो। कानून वमोजिम संचित कोषबाट खर्च गर्न नमिल्ने रकम रु.३८०३०।– खर्च गरेकोमा अशुल गरी नगरपालिकाको संचित कोष दाखिला हुनुपर्दछ।

१०. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था भएकोमा ३ वटा फर्मको दरभाउ पत्र माँग नगरी सिधै मनकामना ट्रेढ लिङ्क बाट रु.२३६९००।–खरिद गरी भुक्तानी दिएको छ। नियमको व्यवस्था विपरीत गरेको खरिद कार्य नियमसम्मत् देखिएन।

११. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीहरुमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ। गा.वि.स.ले मनकामना ट्रेढ लिङ्कबाट मोटरसाईकल खरिद गर्दा तोकिएको दरमा रु.३०१२।–अग्रिम आयकर कट्टि नगरेकोले सम्वधितवाट अशुल गर्नुपर्दछ।

१२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट श्रेष्ता प्राप्त नभएकोले २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समितिको पेश्की रु.३८७५३०।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

**ईटहर्वागाउँ विकास समिति**

१३. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ। गाविसले मोटरसाईकल सिटी ट्रेडर्स, लाहान बाट रु.१८००००।– वरावरको सामान खरिद गर्दा उक्त नियमको व्यवस्था अनुसार दरभाउपत्र न लिई सिधै खरिद गरेको देखिएकोले यस प्रकारको खरिद प्रक्रिया नियमित नदेखिएकाले नियमित गरी पेश हुनुपर्दछ।

**महदेवा पोर्ताहा गाउँ विकास समिति**

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्नगरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयवाट श्रेष्ता प्राप्त नभएकोले २०७२।७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वांकीको विवरण अनुसार साविक गाउँ विकास समितिको पेश्की रु.३८३७२३।– फछ्र्यौट नभई वांकी देखिएकोले नियमनुसार फछ्र्यौट गर्नुपर्दछ।

१५. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३)मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको रु.४१५७– वेरुजु फछ्र्योट गरेको प्रमाण पेश नभएकोले कानूनको व्यवस्था अनुसार अशुल फछ्र्योट गर्नु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिका को लेखापरीक्षणबाट रु.२४ लाख ११ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.४५ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ९५ हजार तथा पेश्की रु.७ लाख ७१ हजार रहेको छ।

# अर्नामा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३७ लाख १२ हजार र यो वर्ष आय रु.६ करोड ३२ लाख ८९ हजार समेत रु.६ करोड ७० लाख १ हजार आम्दानी भएकोमा रु.६ करोड १४ लाख ३ हजार खर्च भई रु.५५ लाख ९८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्ः

१. **आर्थिक प्रतिवेदन :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२६ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन । वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाँउपालिकाको खातामा जम्मा गरेको छ । मिति २०७३ फागुन २६ सम्म आन्तरिक आय र धरौटी मौज्दात बाहेक खर्च भई मौज्दात रहेको रकम रु.८८५०७३६।– कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा नपठाउने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाँउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधि २०७४ आषाढ भित्र यस गाँउपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाँउपालिकाको नाममा हस्तान्तरण भएको पाईएन । सम्पत्तिहस्तान्तरण नहुदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश बमोजिम गाँउपालिकाले साविक ४ वटा गाँउविकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका रु.१९९५३७५।– वरावरका जिन्सी सामानहरु.गत आ.ले.प.तथा ले.प. प्रतिवेदनबाट देखिएको हुर्दा सम्पत्ति हरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

३. **पेश्की : स्**थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वाँकीको विवरण अनुसार साविक ४ वटा गाउँ विकास समिति कायम रहदै गत वर्ष तथा यो वर्षको दिएको पेश्की फर्छ्यौट नभई वाँकी देखिएको रु.३३२९३०८।– नियमनुसार फर्छ्यौट गर्नु पर्दछ।

४. **लेखाप्रणालीः** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमाबली २०६४बमोजिम गाउँबिकास समितिको हकमा नगदमा अधारित दोहोरो लेखा प्रणाली नगरपालिकाको हकमा प्रोदभाबी लेखाप्रणाली राख्नु पर्ने ब्यबस्था भएतापनी दोहोरो लेखाप्रणली प्रोभाबी लेखा प्रणाली राखेको पाइएन ।

५. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी समान खरिद गर्दा खरिद आदेश दाखिला रिपोर्ट तयार गरी समान खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्ट जिन्सी खातामा दर्ता गरी अभिलेख नराखेको, जिन्सी खातामा समानको मूल्य सहीत अभिलेख नराखेको, खरिद गर्दा लागत अनुमान तयार नगरेको, प्रत्येक गा.बि.स./न.पा. ले आफनो स्रोत भित्रको शैक्षिक भौगोलिक अबस्था प्राकृतिक स्रोत अर्न्तगत खानी ,जंगल, अन्य स्रोत ,भोतिक पुर्बधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नमसाईन वा गा.बि.स तथा .न.पा को प्रोफाईल तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

६. **नगद मौज्दातः** आर्थिक कार्यविधि ऐन २०५५को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा विभागीय प्रमुखले पच्चीस प्रतिशत सम्म जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मिति २०७३।११।२७ सम्मका कारोबारको आर्थिक बिबरणमा

नगद बाँकी देखिएको रकम हाल सम्म गाउँपालिकाको संचित कोषमा दाखिला गरेको पाइएन । कानूनको व्यबस्था अनुसार कारबाही गरी सम्बन्धितबाट रु.२१३६७७।– असुल गर्नु पर्दछ ।

७. **मौज्दात :** साविक ४ गाउँविकास समितिहरुको श्रेस्ताअनुसार आय व्यय विवरणमा देखिएका दायित्व रकम सम्बन्धित निकायमा दाखिला गर्नुपर्ने तथा भुक्तानी दिनुपर्ने देखिएको रु.३५,३८,६०४।– दाखिला तथा भुक्तानी गर्नुपर्दछ ।

८. **थप पेश्की :** पुँजीगत खाताबाट साविक गा.वि.स.मनहौरको सचिव जिवन कुमार धितालले तपसिल बमोजिमको रकम उपभोक्ता समिति गठन नगरी आफनो नाउमा पेश्की पटक पटक लिई आवश्यक प्रक्रिया नअपनाई उपभोक्ता समिति गठन नगरी सम्झौताको आधारमा प्रक्रिया अपनाई कार्य नगरेको तथा उपभोक्ता समितिको खातामा रकम पठाउनु पर्नेमा पठाईएको देखिएन । एउटा पेश्की लिई फछ्र्यौट नगरी अर्को पेश्की लिन नपाउने प्रावधान हुँदाहुँदै पेश्की लिएको रकम रु. ६,३०,०००।- फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

९. **वक्यौताः** साविक गा.वि.स. कृष्णपुरले २०७३ सालदेखि २०७६ सालसम्म पोखरी ठेक्का लगाउँदा ठेकेदार कलर साहबाट बक्यौता रकम रु.९,१७७।– असुल गर्नुपर्दछ

१०. **विल भरपाईः** संयुक्त आर्थिक विवरण अनुसार साविक गा.वि.स. कुष्णपुरले गत विगतको दायित्व रु. ६,०९,२११।- भुक्तानी गर्दा सो को स्वीकृत विनियोजित बजेट, लागत अनुमान, मूल्याङ्कन तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन,बील भरपाई तथा उपभोक्ता समितिको निर्णय पेश भएको छैन ।

११. **धरौटी :** साविक गा.वि.स. कृण्णपुरको धरौटी खातामा रु. ३४,९४२।- रकम मौज्दात रहेको तर भुक्तानी गर्न रु. ५४,८९४।- देखिएकोले फरक रकमको हिसाव मिलान गर्नुपर्दछ ।साविक गा.वि.स. कृष्णपुरको मौज्दात रु. ३०००।- गाउँपालिकामा जिम्मेवारी सार्नु पर्दछ ।

१२. **लेखापरिक्षणः** साविक गा.वि.स. गौरीपुरले २०७३ श्रावणदेखि २०७३/११/२९ सम्मको आर्थिक कारोवारको श्रेस्ता लेखापरीक्षण डोरमा पेश नगरेको हुँदा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार उक्त अवधिको आर्थिक कारोवारको रकम रु. ८२,४८,५६३।- भएको देखिएको हुँदा सो को बैंक स्टेटमेण्ट, बील भरपाई तथा आवश्यक कागजात पेश गर्नु पर्दछ ।

१३. **दाखिलाः** साविक गाउँ विकास समिति अर्नमाको गत वर्षको राजस्व दाखिला गर्नुपर्ने दायित्व रकम रु.९३,००६।- आ.ले.प.प्रतिवेदनबाट देखिएकोले सम्वन्धित निकायमा दाखिला गर्नु पर्दछ ।

१४. **पेश्की :** गाउँपालिका अर्नमाको आ.ले.प. प्रतिवेदन अनुसार चालु तर्फ १३३५३३३३।- तथा पूजीगततर्फ १५८४०३९६।- विभिन्न वडामा पेश्की गएको तर फछ्र्यौट नभएको रु.२९१९३७२९।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५ करोड ४७ लाख १७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १३ लाख ४२ हजार र पेश्की ३ करोड ३१ लाख ५२ हजार रहेको छ ।

# नवराजपुर गाउँपालिका

## लेखापरिक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४१ लाख १ हजार र यो वर्ष आय रु.५ करोड ६८ लाख ८ हजार समेत रु.६ करोड ९ लाख ९ हजार आम्दानी भएकोमा रु.५ करोड ४८ लाख ७८ हजार खर्च भई रु.६० लाख ३१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आर्थिक प्रतिवेदनः** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ६० मा गाँउपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिले प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम स्थानीय तह गठन हुनु अघि २०७३।११।२६ सम्मको छुट्टै रुपमा प्रचलित ढाचा बमोजिम आर्थिक प्रतिवेदन तयार गरी संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा साविकका गाउँ विकास समितिहरु.समावेश भई स्थानीय तह कायम भएकोमा सोको आर्थिक प्रतिवेदन तयार गरेको छैन भने वैकमा भएको मौज्दात रकम गाउँ विकास समितिले साविक गाउँ विकास समितिको वैक खाताको मौज्दात रकम गाउँ पालिकाको खातामा जम्मा गरेको छ । मिति २०७३ फागुन २६ सम्म आन्तरिक आय र धरौटी मौज्दात बाहेक  खर्च भई मौज्दात रहेको रु.४३५६२३५।- कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्ने र आर्थिक विवरण तयार गरी तोकिएको निकायमा नपठाउने कार्य नियम संगत देखिएन ।

२. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ को दफा ७९ मा गाँउपालिका वा नगरपालिका गठन हुदा सो भित्र समाहित भएका गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्ति को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधि २०७४ आषाढ भित्र यस गाँउपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्तिगाँउपालिकाको नाममा हस्तान्तरण भएको पाईएन । सम्पत्तिहस्तान्तरण नहुँदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश बमोजिम गाँउपालिकाले साविक गाँउविकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका २२१४७२।- वरावरका जिन्सी सामानहरु.गत आ.ले.प.तथा ले.प. प्रतिवेदनबाट देखिएको हुदाँ सम्पत्तिहरु.समेत एकिन गरी स्वामित्वमा लिनु पर्दछ ।

३. **जिन्सी निरीक्षण :-** गाँउपालिका नवराजपुरमा २०७३।११।२७ दखि २०७४।०३। ३१ सम्ममा जिन्सी विवरण अनुसार रु.४९८४४६७।- को सम्पत्ति खरिद गरेको अभिलेख बाट देखिन्छ । तर जिन्सी निरीक्षण प्रतिवेदन गाँउपालिका बाट उपलब्ध नगराएकोले सम्पत्तिएकिन गर्न सकिएन

४. **पेश्की : स्**थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १२१ मा जुन प्रयोजनको लागि दिएको पेश्की हो सो प्रयोजन अनुसार कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त पेश्की फर्छ्यौट गर्न वाँकीको विवरण अनुसार साविक ३ गाउँ विकास समितिको योवर्ष दिएको पेश्की रु.२,७०,०४,८१७ ।- फर्छ्यौट नभई वाँकी देखिएकोले नियमनुसार फर्छ्यौट गर्नुपर्ने  देखिन्छ ।

५. **लेखाप्रणालीः** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमाबली, २०६४ बमोजिम गाउँ बिकास समितिको हकमा नगदमा अधारित दोहोरो लेखा प्रणाली नगरपालिकाको हकमा प्रोदभाबी लेखाप्रणाली राख्नु पर्ने ब्यबस्था भएतापनी दोहोरो लेखाप्रणली प्रोभाबी लेखा प्रणाली राखेको पाइएन ।

६. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी समान खरिद गर्दा खरिद आदेश दाखिला रिपोर्ट तयार गरी समान खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्ट जिन्सी खातामा दर्ता गरी अभिलेख नराखेको, जिन्सी खातामा समानको मूल्य सहीत अभिलेख नराखेको, खरिद गर्दा लागत अनुमान तयार नगरेको, प्रत्येक गा.बि.स./न.पा. ले आफनो स्रोत भित्रको शैक्षिक भौगोलिक अबस्था प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल, अन्य स्रोत, भोतिक पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नमसाईन वा गा.बि.स तथा न.पा को प्रोफाईल तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

७. **श्रेस्ता पेश नभएको** साविक गा.वि.स. भगवतीपुर तमसियाको ०७३ श्रावण देखि ०७३ फाल्गुन २६ सम्मको श्रेस्ता उपलब्ध नगराएकोले वैक स्टेटमेन्ट परीक्षण गर्दा चालु, पुँजीगत तथा कोष खाताको बैक मौज्दात अल्या

रु.२२६४४६१।-, चालु वर्षको कुल अनुदान आय रु.४४६४९९० ।- गरी कुल आय रु.६७२९४५२ ।- भएको सो मध्ये वैंक स्टेटमेन्ट अनुसार खर्च रु.५१२१५२२ ।- भई बाँकी बैंक मौज्दात ३ वटा खाताको रु.१६०७९२९।- रहेको देखिन्छ । बाँकी मौज्दात रकम रु.१६०७९२९।- गा.पा.नवराजपुर खातामा ट्रान्सफर भएको पाईयो । सो विवरण बमोजिमको साविक गा.वि.स. भगवतीपुर तमसियाको ०७३ श्रावणदेखि ०७३ फाल्गुन २६ सम्मको रु.६७२९४५२ ।- को श्रेस्ता पेश भएन । श्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

८. **विल भरपाई :** कृषि सडक मर्मत निर्माण मा उपभोक्ता समिति अध्यक्ष बद्री नारायण यादवलाई रु.६२५०००।- रकम भुक्तानी गर्दा उपभोक्ता समिति गठन भएको प्रमाण सम्झौता लागत अनुमान कार्य सम्पन्न प्रतिवेदन तथा विल भपाई बेगर भुक्तानी गरेकोले तथा साविक गा.वि.स. नवराजपुरको सचिव रामप्रसाद मंडलले विभिन्न ९ शिर्षक मा रकम खर्च लेखेकोमा उपभोक्ता गठन भएको प्रमाण सम्झौता बिल भरपाई पेश नभएको रु.३२४४००।, भवन निर्माण कार्यको ५१५०००।-, चालु खर्च तर्फ ईन्धन शिर्षकमा रु.१५१२४६ ।- खर्च लेखेकोमा सवारी लगबुक पेश नगरेको समेत रु.१६१५६४६ ।- विल भपाइको प्रमाण पेश गर्नुपर्दछ ।

९. **दाखिला**: गाउँ विकास समिति नवराजपुरको भवन मिस्त्री ज्याला रु.१२५०००।-, अग्रिम कर रु.६००।- तथा सा.सु.कर रु.३२६०।- गरी कुल दायित्व रु.१२८८६०।- तथा गा.पा. नवराजपुरको सा.सु. तथा अग्रिम कर रु.३४०६६५।- गरी  भुक्तानी दिन बाँकी रु.१३२२६६ ।- देखिन्छ । उक्त रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ९८ लाख ३८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये नियमित गर्नुपर्ने रु.१ करोड २८ लाख ३३ हजार र पेश्की २ करोड ७० लाख ५ हजार रहेको छ ।

# जनकपुर उपमहानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

उप महानगरपालिकाको गत वर्षको मौज्दात रु.५ करोड ५० लाख ४६ हजार र यो वर्ष आय रु.८३ करोड ७९ लाख ५७ हजार समेत रु.८९ करोड ३० लाख ३ हजार आम्दानी भएकोमा रु.८२ करोड ७ लाख ८५ हजार खर्च भई रु.७ करोड २२ लाख १८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य तथा प्रगति :** कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ। लेखापरीक्षणमा उपलव्ध विवरण अनुसार कुल ७०३२।५० मिटर सडक निर्माण गर्ने लक्ष्यमा ६८५८।६० मिटर प्रगती हासिल गरेको छ। मालपोत रजिष्ट्रेशनतर्फका योजनामा ६० प्रतिशत, नगरपालिका अनुदानतर्फ समग्रमा ८६ प्रतिशत मात्र प्रगती हासिल गरेको छ। स्वीकृत सम्पूर्ण योजनाहरु समयमै सम्पन्न गरी लाभग्राहीलाई दिइने सेवालाई प्रभावकारी वनाउनेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

२. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा उपमहानगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख भएतापनि प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो। यसबाट चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन। प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ।

३. **विद्युतिय लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९(२)मा स्थानीय तहको स्रेस्ता विद्युतीय प्रणालीमा समेत राख्न सकिने उल्लेख छ। उपमहानगरपालिकाले सांग्रिला माइक्रो सिस्टमको सफ्टवेयर प्रयोग गरी लेखा राखेको छ। सफ्टवेयरले आम्दानीको भौचरहरुमा नगद वाकी वैक दाखिला गर्दा फरक रकम इन्टी गर्ने, खर्च लेखिएको रकमको चेक म्याद नाघेकोमा पुन जारी गर्दा पुन खर्च लेख्ने, भौचरहरु परीवर्तत तथा हटाउन सकिने र आवश्यतानुसारको मितिमा पुष्टिङ्ग गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणलिमा राखिएको लेखा भरपर्दो देखिएन। सफ्टवेयरको विस्वासनियता परीक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन।

४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३६ मा बार्षिक १ करोड रुपैया भन्दा बढि आम्दानी हुने नगरपालिकाले अधिकृत स्तरको कर्मचारी सहित र सो भन्दा कम आम्दानी हुने नगरपालिकाले सहायक स्तरको कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा खडा गरि मासिक रुपमा लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। यस उप महानगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरेको देखिएन। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षणले बार्षिक रुपमा आन्तरिक लेखा परीक्षण गरि प्रतिवेदन दिएता पनि नियमको उक्त व्यवस्था पालना भएको देखिएन। नियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गरि मासिक रुपमा आन्तरिक लेखा परीक्षण गराउनु पर्दछ।

५. **वैंक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयको स्रेस्ताअनुसार रु.७,२२,१८,१०१।- मौज्दात देखिएकोमा बैक विवरण अनुसार रु. ६,५१,४५,०४५।- मौज्दात देखिएको छ। स्रेस्ता भन्दा वैक मौज्दात रु.७०,७३,०५५।- घटि देखिएको सम्वन्धमा छानविन गरि हिसाव मिलान गर्नुपर्दछ।

६. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। उपमहानगरपालिका को नाममा एन आइ सि वैकमा रहेको मर्मत संभार कोष लागि खाता संचालन गरेकोमा हाल राष्टिय वाणिज्य वैक मार्फत खाता संचालन गरि कारोवार भएकोले उक्त खातामा रु.३७१२१६।- मौज्दात रहको रकम नगरपालिकाको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ।

७. **फ्रिजः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। यस उपमहानगरपालिका को कार्यालयले दुईवजेट उपशिर्षकमा आर्थिक वर्षको अन्त्यमा रु.३८,५३,६०६।-

मौज्दात रहेको देखियो । फ्रिज गर्नुपर्ने रकम मुलकोषमा जम्मा गरेकोले उक्त रकम संचितकोष दाखिला गर्नुपर्दछ ।

८. **पोखरी भाडा :** यस उप महानगरपालिका अन्तर्गतका पोखरीहरु बोलपत्रको माध्यमद्वारा ५ वर्षको लागि सञ्चालन गर्न दिएकोमा बोलपत्र दाताले कवोल गरेको रकममध्ये ५० प्रतिशतले हुने पहिलो किस्ता सम्झौता हुनुभन्दा पूर्व र ५० प्रतिशत रकम सम्झौता भएको मितिले तेश्रो वर्षको छैठौं महिनामा बुझाइ सक्नुपर्ने गरि ठेक्का सम्झौता गरेको देखियो । तर विभिन्न १४ बोलपत्रदाताले सम्झौता वमोजिम पहिलो किस्ता रकम बुझाए तापनि दोश्रो किस्ता वुझाउनुपर्ने समय अवधी समाप्त भैसक्दासमेत किस्ता रकम असुल गरेको देखिएन । यसरी बुझाउन बाँकी रकमको नियमानुसार १० प्रतिशत व्याजसहित रकम रु.७४,७१,९५०।- असुल गर्नुपर्दछ ।

९. **मेलाहाट ठेक्का** : जानकी मन्दिर परिषरमा लाग्ने हाटमेला ठेक्कामा दिन बोलपत्रको माध्यमबाट सवै भन्दा वढी कवोल गर्ने कवोलदाता शम्भु कुमार राउतको रु.७७,३१,१११।- को वोलपत्र स्वीकृत गरेको देखियो । सम्झौता बमोजिम वोलपत्रदाताले पहिलो किस्ता वापत ५० प्रतिशत रकम सम्झौता हुंदाका वखत र दोश्रो किस्ता ५० प्रतिशतले हुने रकम २०७३ पौष मसान्तसम्म वुझाइ सक्नुपर्नेमा २०७४।१।१७ सम्ममा जम्मा रु.४८,५०,०००।- वुझाइ रु.२८,८१,१११।- वुझाउन बांकी रहेको देखियो । उप महानगरपालिकाले जग्गा वहाल वापत कट्टा गर्नुपर्ने रु.३,९६,०००।- कट्टा गरी बांकी हुन आउने रु.२४,८५,१११।- मा निम्नानुसार १० प्रतिशत व्याज सहित असुल गर्नु पर्दछ ।

१०. **धरौटी जफत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७६ मा कुनै काम गर्न धरौटी राख्नुपर्ने भई राखिएको धरौटी त्यस्तो काम पुरा नगरेको कारणले जफत गर्नुपर्ने भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो धरौटी रकम जफत गर्नुपर्ने उल्लेख छ । यस कार्यालय अन्तर्गतका विभिन्न ११ आय ठेक्कामा ठेकेदारले तोकिएको समयमा किस्ता रकम नवुझाइ निजले राखेको धरौटीबाट हिसाव मिलान गर्न अनुरोध गरेतापनि कार्यालयले उक्त धरौटी रकम रु.७४२१००।- मूल कोषमा जम्मा गरेको देखिएन ।

११. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकममा भाडा कर असुल गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले पोखरी भाडामा दिए वापत पोखरी भाडाबाट यो वर्ष रु.२४,४०,५००।- भाडा रकम असुल गरेकोमा भाडा कर वापत १० प्रतिशतका दरले हुने रु.२,४४,०५०।- संचित कोष दाखिला गरेको देखिएन । ऐनमा व्यवस्था भए बमोजिम भाडाबाट प्राप्त भएको आम्दानीमा भाडा कर वापतको रकम संचितकोष दाखिला गर्नु पर्दछ ।

१२. **कर्मचारी कल्याण कोष :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव बराबरको रकम जम्मा गर्नुपर्ने र सोही रकमबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिइने उल्लेख छ । यस कार्यालयबाट आर्थिक वर्ष २०७०।७१ देखि अवकाश भएका १७ जना कर्मचारीलाई उपदान वापत रु.२,६८,८९,३९३।- भुक्तानी दिन बांकीको विवरण तयार गरेको छ। नियममा व्यवस्था भए बमोजिम उप महानगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट कल्याणकारी कोषमा पर्याप्त रकम जम्मा नगरेको कारण यस्तो दायित्व रकममा वृद्धि हुदै गएको देखियो । आन्तरिक श्रोतको आयबाट कर्मचारीलाई कार्यरत रहदाकै वखत थप सुविधा भुक्तानीमा नियन्त्रण गरी अवकाश पछि व्यहोर्नु पर्ने दायित्वलाई मध्यनजर गरी दायित्व रकम कम गर्दै जानुपर्ने देखिएको छ ।

१३. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा उप महानगरपालिकाले स्वीकृत वजेटको सिमाभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको १ करोड रुपयाँ भन्दा बढी आम्दानी हुने नगरपालिका को २५ प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागी खर्च गर्न नपाउने उल्लेख छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतवाट कुल रु.६,३२,५९,६२०।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.१,५८,१४,९०५।- मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.५२,७६६,९९८।- प्रशासनिक खर्च गरेकोले नियमावलीले तोकेभन्दा रु.३,६९,५२,०९२।- बढी खर्च गरेको नियमसम्मत् देखिएन । नियमावलीले तोकेको सिमाभित्र रहि प्रशासनिक कार्यमा खर्च गर्नुपर्दछ ।

**एकिकृत सहरी विकास आयोजना**

१४. **ठेक्का स्वीकृती:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा २६ मा न्युनतम मूल्याङ्कीत वोलपत्रको वोलअंक लागत अनुमान भन्दा सारभुत रुपमा वढी भएमा सार्वजनिक निकायले त्यस्ता वोलपत्र अस्वीकृत गर्न सक्ने उल्लेख छ । एशियाली विकास वैंकको सहयोगमा संचालीत ठेक्का नं. IUDP/DR/JNK/ICB- 01 को

Improvement And Development Of Strom Water Drainage And Urban Road Sub Project को लागत अनुमान मूल्य अभिवृद्धि कर वाहेक रु.८१,८५,८५,३८७- रहेकोमा सवैभन्दा घटी कवोलगर्ने निर्माण व्यवसायीको कवोल अंक रु.८७,४४,७४,९०१।- लागत अनुमान भन्दा ६.८३ प्रतिशत अर्थात रु.५,५८,८९,५१३।- ले वढि रहेकोमा सारभुत रुपमा बढि नभएको पुस्ट्याई नगरिकन उक्त वोलपत्र स्वीकृत गरेको देखियो । यसरी लागत अनुमान भन्दा वढी रकमको वोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

**१४.१** उक्त ठेक्कामा प्रोभिजनलसम अर्न्तगत आइटम नं. A1 मा विमा र वैंक सुरक्षण र कार्यसम्पादन जमानतको कमिशन समावेश भई रु.१५,९०,०००।- ठेक्का अंक कायम भएकोमा यो वर्ष सम्म नवौं रनिङ्ग विल सम्म भुक्तानी हुदा रु.५६,६८,६९५।- भुक्तानी भएको छ । यसरी ठेक्का अंकमा उल्लेखित रकम भन्दा रु.४०,७८,६९५।- वढी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाई उक्त रकम अशुल गर्नुपर्दछ ।

**१४.२** बोलपत्रदाताको BOQ मा प्रोभिजनलसम अर्न्तगत वैंक कमिसन रु.१९,७६,३२०।- ल्यावटेस्ट वापत रु.१,१९,९०३।- टेलीफोन तथा विधुत खर्च रु.१९,५५,०००।-, पानी आपुर्ती वापत रु.१०२८३६।- समेत रु.४१५४०५९।- मूल्य अभिवृद्धि कर विजक वेगर भुक्तानी दिएकोमा वोलपत्रदातालाई उक्त रकममा मूल्य अभिवृद्धि कर रु.५४००२७।- समेत थप भुक्तानी दिएको देखियो । मूल्य अभिवृद्धि कर विजक पेश नभएको अवस्थामा मूल्य अभिवृद्धि कर भुक्तानी दिन नमिल्ने भएकोले मूल्य अभिवृद्धि कर वापतको रकम असुल गर्नुपर्दछ ।

**१४.३** वोलपत्रदाताको BOQ मा प्रोभिजनलसम अर्न्तगत विमाको मूल्य अभिवृद्धि कर समेतको रु.३६,९२,३७५।- विजक पेश भएकोमा सो रकममा वोलपत्रदातालाई रु.४,८०,००८।- मूल्य अभिवृद्धि कर थप समेत भुक्तानी दिएकोले दोहोरो मूल्य अभिवृद्धि कर भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

**१४.४** सम्झौताको वुँदा नं.१३.८ मा नेपाल राष्ट्र वैंकको प्राइस इन्डेक्सको आधारमा मूल्य समायोजन गर्नुपर्ने उल्लेख छ । वोलपत्र दातालाई मोविलाइजेशन पेश्की वापत रु. १२,८१,९३,३९०।- भुक्तानी दिएकोमा मूल्य समायोजन गर्दा उक्त मोविलाइजेशन पेश्की रकम कट्टा गरि सम्झौतामा उल्लेख भए वमोजिम मूल्य समायोजन गर्नुपर्नेमा उक्त पेश्की कट्टा नगरी मूल्य समायोजनको हिसाव गरी हाल सम्म मूल्य अभिवृद्धि कर वाहेक रु.१,०९,७३,०००।- भुक्तानी दिएको देखियो । मोवीलाइजेशन पेश्की कट्टा नगरी भुक्तानी दिँदा पाँचौ रनिङ्ग विल सम्मको मूल्य अभिवृद्धि कर वाहेक भुक्तानी दिन नमिल्ने रु.२९,३३,३५५।- समेत मूल्यवृद्धि भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

१५. **Extra material disposal खर्चः** जनकपुर उपपमहानगरपालिका अर्न्तगत IUDP/DR/JNK/ICB-1 अर्न्तगत एक निर्माण व्यवसायी सँग भएको ठेक्कामा आइटम नं.८.१ को लागि १,५७,२०२ घनमीटरको लागि रु.४,२६,८८,३४५।- रकम व्यबस्था गरी रु.२,२२,५७,९६८।- भुक्तानी समेत दिएको छ । यसै गरी आइटम नं. ८.२ मा ८४२७१ घनमीटरको लागि रु.१,५२,५३,१३९।- भुक्तानी हुने व्यबस्था गरेको छ । साथै आइटम नं.८.७ मा ५५३१९.०१ घनमीटरको रु.२,५०,३१,८५२।- व्यबस्था गरी हालसम्म रु.१,४१,१०,०७६।- भुक्तानी दिएको छ । आइटम न. ८.०१ ले खनेको सबै म्याटेरियल Proper Disposal गर्ने गरी स्पेशीफिकेशनले तोकेपछि पुनआईटम ८.०७ मा समेत Excess material transport गरी Disposal गर्ने आईटमको व्यबस्था गरी भुक्तानी दिएको देखियो । कामगर्दाको अबस्था निरीक्षण गर्दा कहिकतै extra material लगेर Disposal नगरिएको सबैजसो Excavated Material Trenches र Road को Backfilling माप्रयोग भएको र सो प्रयोजनको लागि समेत बेग्लै आईटमको व्यबस्था गरी भुक्तानी समेत दिएकोले Extra Material Disposal गरेको भनि नगरेको काम गरेको आधारमा भुक्तानी दिएको रु.१,५२,५३,१३९।- असुल गर्नुपर्ने तथा भुक्तानीको लागि BOQ मा राखिएको रु.२,५०,३१,८५२।- भुक्तानी नहुने व्यबस्था गर्नु पर्दछ ।

१६. **मूल्य समायोजनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । एकिकृत शहरी विकास आयोजनाको एक परामर्शदातासंग २५ जुलाई २०१३ मा ४६.५ महिनाको लागि मूल्य अभिवृद्धि कर वाहेक रु.६,६८,८१,५१३।- ठेक्का सम्झौता भएको देखियो । निजसंग भएको सम्झौताको वुदा नं. ४२.३ मा सम्झौता भएको १३ औ महिना देखि प्रत्येक वर्ष १२ महिनामा मूल्य समायोजन गर्नुपर्ने उल्लेख छ । यसरी मूल्य समायोजन गर्दा प्रत्येक वर्ष वृद्धि भएको मूल्यलाई आधार मूल्य मानी मूल्य समायोजन गर्न पर्नेमा यो वर्ष मूल्य समायोजन वापत रु.१६,१३,७०६।- भुक्तानी दिदा गत वर्ष भुक्तानी भएको मूल्यलाई आधार

मूल्य मान्नु पर्नेमा सम्झौता हुँदाको अवधीलाई नै आधार मूल्य मानी भुक्तानी दिएकोले सम्झौता अवधी देखि नै मूल्य समायोजनको हिसाव एकिन गरि बढी भुक्तानी भएको रकम असूल गर्नुपर्दछ

१७. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २५(३) (३) बमोजिम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ। एकिकृत शहरी विकास परियोजना अर्न्तगत सामाजिक विकास कार्यक्रम संचालन गर्न परामर्शदाता Integrated Rural Development Center सँग मूल्य अभिवृद्धि कर समेत रु.४,३३,८७,१२१।- मा २१ अक्टोवर,२०१३ मा सम्झौता भएको देखियो। सम्झौता वमोजिम यो वर्ष सामुदायिक विकास कार्यक्रम अर्न्तगत जनचेतामुलक कार्यक्रम, सामाजिक परिचालन र क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरि रु.१,१८,८२,५२१।- वजेट खर्च लेखेकोमा सो खर्चको पुस्ट्याँई हुने विल भरपाई र हालसम्मको खर्च खुल्ने अभिलेख लेखापरीक्षणमा पेश भएन। सो संस्था सँग भएको सम्झौता वमोजिमका सम्पुर्ण कार्यहरु समेत सम्पन्न नगरि म्याद समाप्त भएको देखिएकोले सम्झौता वमोजिमको कार्य नगर्ने संस्थालाई जिम्मेवार वनाई खर्च भएका विल भरपाई तथा वजेट खर्चको अधावधिक अभिलेखको आधारमा मात्र बजेट खर्च लेख्नु पर्दछ।

१८. **कन्टीन्जेन्सी:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १० मा स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट उपमहानगरपालिकाले १.५ पाँच प्रतिशत प्रतिशतमात्र रकम छुट्याई खर्च गर्न सक्ने व्यवस्था रहेको छ। उपमहानगरपालिका ले यो वर्ष संचालीत विभिन्न आयोजनाहरुको रु.३,३९,४४,९६१।- भुक्तानीमा रु.२५,८८,११८।- कन्टिन्जेन्सी कट्टा गरेको देखियो। जुन भुक्तानी भएको रकमको ७.६२ प्रतिशत हुन आउछ। निर्देशिकामा भएको व्यवस्था भए वमोजिम भुक्तानी रकमको १.५ प्रतिशतले हुने रु.५,०९,१७४।- मात्र कट्टा गरि भुक्तानी गर्नुपर्नेमा कार्यविधिमा भएको व्यवस्था विपरित बढि कट्टा गरी खर्च लेखेको रु.२०,७८,९४३।- नियमसम्मत् देखिएन। कन्टीनजेन्सीको रकम खर्च गर्दा कार्यविधिमा भएको व्यवस्थाको पुर्ण पालना गर्नुपर्दछ।

१९. **बढि भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ (६) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। उप महानगरपालिका को कार्यालयले यो वर्ष ३ निर्माण कार्य गर्दा सम्झौता भन्दा रु.९२,३४०।- वढि भुक्तानी दिएको नियम संगत देखिएन। वढि भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२०. **अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न २३ वटा खरिद तथा सेवामा अग्रिम आयकर कट्टा गर्न छुट भएको रु.१,२८,०२२।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ।

२१. **विलभरपाई: स्थानीय** निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २५(३) बमोजिम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले यसवर्ष रु.२०,४९,८९२।- भुक्तानीमा विल भरपाई प्रमाण कागजात विना भुक्तानी गरेको पाइयो। कार्यालयले वजेट खर्च लेख्दा विलभरपाईको आधारमा मात्र बजेट खर्च लेख्नु पर्दछ। विल भरपाई वेगर खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ।

२२. **पारिश्रमिक कर :** आय कर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब, भत्ता, दशै खर्च तिहार खर्च, लुगा भत्ता, संचित विदा बापतको रकम लगायतका आयमा नियमानुसार कट्टी गर्न पाउने रकम कट्टी गरि बाकी रकममा दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ। यस नगरपालिकाका ५ कर्मचारीलाई तलब भत्ता लगायतका विभिन्न भुक्तानी गरेकोमा आयमा समावेश गरि कर कट्टी गरेका देखिएन। प्रचलित ऐनमा व्यवस्था भए बमोजिम रु.४२,२९४।- पारिश्रमिक कर असुल गरि संचित कोष दाखिला गर्नु पर्दछ।

२३. **वैठक भत्ता:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ (६) कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। कार्यालयले माइन्युट समेत नराखी गत आर्थिक वर्षको भरपाईका आधारमा कार्यालयका कर्मचारी मात्र सहभागि भएको विभिन्न मितिमा ७ पटक वैठक वसेको भनि रु.४५,०००।- वजेट खर्च गरेको नियमसम्मत् देखिएन। उक्त रकम असुल गरि दाखिला गर्नुपर्दछ।

२४. **छिपली नाला:** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(११) तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई बढी

रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्ने उल्लेख छ । उपमहानगरपालिकाको कार्यालयले छिपली नाला निर्माणको लागि लागत अनुमान रु.५१,९९,०१७– गरि उपभोक्ता समितिवाट निर्माणकार्य गराई प्रथम किस्ता वापतको रु.१७,१५०००।- रनिङ्ग विल प्राप्त भै फछ्र्यौट गरि दोस्रो किस्ता वापत रु.२४१५०००।- पेश्की भुक्तानी गरेकोमा गो.भौ.नं.२०,२०७४।३।२३ वाट उक्त पेश्की फछ्यौट गरि रु.१७,६६,८४०।- गरि कुल खर्च लेखेकोमा उक्त चेक उपभोक्ता समितिलाई भुक्तानी रोकी राखेको देखियो। नापी किताव, कार्य सम्पन्न समेत पेश नभएकोमा वजेट खर्च गरि रु.४१,८१,८४०।- भुक्तानी भएकोमा वास्तविक काम एकिन कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

२५. उपमहानगरपालिका ले गिरिजाहल जाने मुख्य सडक देखी जिवछ शाहको घर हुदै जाने सडकमा पिसिसि र टेवा पर्खाल सडक मर्मत ग्राभेल कार्यको लागि रु.१०,५६,१९७।- मा उपभोक्ता समितिसंग सम्झौता गरि उक्त कार्यको कार्यसम्पन्न रु.११,५८,५९२।- भएकोमा उपभोक्ता समितिलाई जनसहभागितको अंस कटाई सम्झौता रकम भन्दा रु.७१,६७६।- वढि भुक्तानी गरेको नियम संगत देखिएन । उक्त रकम उपभोक्ता समितिवाट असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

२६. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका वाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२०,०२,८८,३२५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष विभिन्न ६१ पदाधिकारी, कर्मचारी तथा अन्य व्यक्तिसँग फछ्र्यौट गर्न रु.२,६८,७६,९५५।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा उपमहानगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२७. **विगतको भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९(न) मा भुक्तानी दिन वाँकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । उप महानगरपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर खर्च लेखेको पाइयो । यसरी भुक्तानी दिन वाँकीको विवरण तयार नगरी विगत वर्षको दायित्व वहन गरि भुक्तानी गरेको रु.४६,१४,२५५।- नियम संगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नु पर्दछ ।

२८. **पुर्वनिर्धारित क्षतिपूर्ति :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । यस कर्यालयले दुई निर्माण कार्यको लागि भुक्तानी दिएकोमा निजहरुसँग भएको सम्झौता बमोजमि तोकिएको समायअवधि भित्र निर्माण कार्य सम्पन्न नभई म्याद थप सम्बन्धी कार्यवाही समेत नभएको अवधिको नियममा भएको व्यवस्था बमोजीम पुर्वनिर्धारित क्षतिपुर्ति रु.२८,५७७।- असुल गरेको देखिएन । पुर्वनिर्धारित क्षतिपुर्ती वापतको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

२९. **वढि भुक्तानी: स्**थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । उपमहानगरपालिका ले पदपुर्ती समितिको वैठक भत्ता भुक्तानी गर्दा वढि वजेट खर्चलेखेको रु.६१००।- असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

३०. **कर विजक:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यात्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसुची ५ र ५ (क) बमोजिमको ढाँचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विजक नम्वर हातले लेखेको, केरेको समेतको कर विजक जारी गरी २ निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर बापत रु.७,७६,४९८।- भुक्तानी भएको नियम संगत देखिएन । उक्त फर्मवाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

३१. **भुक्तानी प्रमाण:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । यो

वर्ष उप महानगरपालिका अनुदान तर्फ कल्भर्ट तथा पिसिसिको कार्य गर्नका लागि न्यु आषुतोश निर्माण सेवालाई मूल्य अभिवृद्धि कर समेत रु.४,९९,१०४।- भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक मूल्याकंन, कार्य सम्पन्न प्रतिवेदन तथा निर्माण व्यवसायीले भुक्तानी लिँदा जारी गरेको विल समेत संलग्न नगरी उक्त रकम भुक्तानी गरेको देखियो । वजेट खर्च लेख्दा आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्दछ।

३२. **धरौटी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम धरौटी फिता गर्दा करदाताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश भएपछि धरौटी फिर्ता दिनुपर्ने उल्लेख छ । उपमहानगरपालिका को कार्यालयले १५ निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन पत्र वेगर रु.३,७०,४५५।- धरौटी फिर्ता गरेको देखियो । मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्दछ ।

३३. **आन्तरिक नियन्त्रण :** उप महानगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस उप महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, जिन्सी सामानको उचित भण्डारको व्यवस्था गर्न नसकेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, व्याक्तिगत धरौटी खाता नराखेको, गोश्वरा धरौटी खाता नराखेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष उपमहानगरपालिकाको लेखापरीक्षणबाट रु.१९ करोड ३७ लाख २६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ करोड ५५ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.१३ करोड १३ लाख ३५ हजार र पेश्की रु.२ करोड ६८ लाख ७७ हजार रहेको छ ।

# क्षिरेश्वरनाथ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ हजार र यो वर्ष आय रु.१६ करोड १४ लाख ८८ हजार समेत रु.१६ करोड १४ लाख ८९ हजार आम्दानी भएकोमा रु.११ करोड ५३ लाख ५७ हजार खर्च भई रु.४ करोड ६१ लाख ३२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

२. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा नगरपालिकाले स्वीकृत वजेटको सिमाभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको ५० लाखदेखि १ करोडसम्म आम्दानी हुने नगरपालिका को ३० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागी खर्च गर्न नपाउने उल्लेख छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतवाट कुल रु.५६,२५,९७०।- आम्दानी गरेकोमा सोको ३० प्रतिशतले हुने रु.१६,८७,७९१।- मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.४३,४६,६३१।- प्रशासनिक खर्च गरेकोले नियमावलीले तोकेभन्दा रु.२६,५८,८३९।- बढी खर्च गरेको नियमसम्मत् देखिएन । नियमावलीले तोकेको सिमाभित्र रहि प्रशासनिक कार्यमा खर्च गर्नुपर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । साविकको शान्तिपुर गाविसको गतवर्ष सम्मको पेश्की बाँकी रु.६,४३,५००।- जिम्मेवारी सारी असुल फछ्र्यौट गरेको छैन । नगरपालिकाको यो आर्थिक वर्षको अन्त्य सम्म विभिन्न २ निर्माण व्यावसयी ४ उपभोक्ता समिति समेतको रु.३४,०५,०००।- र शान्तिपुर गाउं विकाससमितिले उपभोक्ता समितिलाई दिएको पेश्की रु.१२,००,०००।– समेत रु. ४६,०५,०००।– पेश्की बांकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **तलव भत्ताः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संघीय संरचना पुर्वाधार विकास कार्यक्रमको अख्तियारीमा यस कार्यक्रमवाट कर्मचारीको तलवभत्ता वापत वजेट खर्च लेख्न नपाइने उल्लेख गरेकोछ । यस नगरपालिकाले उक्त कार्यक्रमवाट कर्मचारीको तलव भत्तामा रु.४,७९,७६५।- वजेट खर्च लेखेको नियमसंगत देखिएन । अख्तियारीको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

५. **पारिश्रमिक कर :** आय कर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब ,भत्ता, दशै खर्च ,लुगा भत्ता, संचित विदा बापतको रकम लगायतका आयमा नियमानुसार कट्टी गर्न पाउने रकम कट्टी गरि बाकी रकममा दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा कार्यरत ले.अ कृष्णदेव शाहको तलब भत्ता लगायतका विभिन्न भुक्तानी गरेकोमा आयमा समाबेश गरि कर कट्टी गरेका देखिएन । प्रचलित ऐनमा व्यवस्था भए बमोजिम रु.५६०४।- पारिश्रमिक कर असुल गरि संचित कोष दाखिला गर्नु पर्दछ ।

६. **अग्रिम आयकरः** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद तथा सेवामा विभिन्न ३ सेवा प्रदायकबाट कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.१२,४३३।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

७. **दैनिक भ्रमण भत्ताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम १८८ मा स्थानीय निकायका पदाधिकारीले जिल्ला वाहिर भ्रमण गर्नुपर्दा दैनिक तथा भ्रमण भत्ता पाउने व्यवस्था छ । कार्यकारी अधिकृत विनोदचन्द्र न्यौपाने संघीय मामिला तथा स्थानीय विकास मन्त्रायलवाट काज सरुवा भै कार्यालयमा हाजिर भएकोमा परिवार सहितको दैनिक तथा भ्रमण भत्ता रु.१९,२००।- भुक्तानी दिएको देखियो । काजमा खटिएको कर्मचारीलाई परिवारको समेत दैनिक तथा भ्रमण भत्ता भुक्तानी भएकोले उक्त रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

८. **राजश्व बाँडफाँड :** स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ को वुँदा ५२(१)मा राजश्व बाँडफाँड अन्तर्गत उपलब्ध हुने रकमबाट कुनै पनि प्रकारको चालु खर्च शिर्षकमा रकम विनियोजन गरी खर्च गर्न नपाइने उल्लेख छ । यस कार्यालयले यस वर्ष राजश्व बाँडफाँड बाट प्राप्त रकम मध्ये रू.१,२९,६००।- महिला स्वँयमसेविकाको तलवभत्तामा खर्च गरेको छ । यसरी पूँजीगत कोषमा मात्र विनियोजन गर्नुपर्ने रकम अन्य चालु प्रकृतिका कार्यमा बजेट खर्च लेखेको नियमसम्मत् देखिएन । राजश्व वाँडफाँड वाट प्राप्त रकम पुँजिगत प्रकृतिका कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

९. **कर्मचारी कल्याणकारी कोष :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ को नियम ३३ मा नगरपरिषद्ले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट कर्मचारी कल्याण कोष लगायतका कोषमा रकम विनियोजन गर्नुपर्ने उल्लेख छ तापनि आन्तरिक आयबाट रकम बाँडफाँड नगरी संघीय संरचना पुर्वाधार विकास कार्यक्रमवाट कर्मचारी कल्याणकोषमा रू.१,५०,०००।- खर्च गरेको छ । तोकिएको कार्यक्रम गर्नका लागि विनियोजित वजेट कर्मचारी कल्याणकोषमा जम्मा गरेको नियमसम्मत् देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको असुल फछ्र्यौट नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, ररिद नियन्त्रण खाता नराखेको, तोकिएको समयावधि भित्र राजश्व दाखिला हुने नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ।

**शान्तिपुर गाउ विकास समिति**

११. **मौज्दातः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्तानुसार मौज्दात रहेको रु.३,९०,५८१।- हाल साविक क्षिरेश्वर नगरपालिकाबाट अलग भै वटेश्वर गाउपालिकामा समाहित भएकोले उक्त मौज्दात रकम सोही गाउपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

१२. **मालपोतः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.८,७९४।०३ आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.२,१९८।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१३. **दाखिला**: यस वर्ष विभिन्न फर्म तथा व्यक्तिबाट कट्टा भएको धरौटी रु.६६,५४८।- तथा अग्रिम आयकर रु.३२,९६०।- र सामाजिक सुरक्षा कर रु.२,६९५।- समेत कुल रु.१,०२,२०३।- सम्वन्धित खातामा जम्मा गरेको देखिएन । नियममा व्यवस्था भए वमोजिम उक्त रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिका को लेखापरीक्षणबाट रु.८५ लाख ५६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३७ हजार, नियमित गर्नुपर्ने रु.३९ लाख १४ हजार र पेश्की रु.४६ लाख ५ हजार रहेको छ ।

# धनुषाधाम नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.६० लाख ३१ हजार र यो वर्ष आय रु.१६ करोड ६३ लाख १९ हजार समेत रु.१७ करोड २३ लाख ५० हजार आम्दानी भएकोमा रु.१५ करोड २१ लाख ६२ हजार खर्च भई रु.२ करोड १ लाख ८८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

२. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा नगरपालिकाले स्वीकृत वजेटको सिमाभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको २५ देखी ५० लाख आम्दानी हुने नगरपालिका को ४० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागी खर्च गर्न नपाउने उल्लेख छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतवाट कुल रु.३८,९१,३३०।- आम्दानी गरेकोमा सोको ४० प्रतिशतले हुने रु.१५,५६,५३२।- मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.३०,६१,९१३।- प्रशासनिक खर्च गरेकोले नियमावलीले तोकेभन्दा रु.१५,०५,३८१।- बढी खर्च गरेको नियमसम्मत् देखिएन । नियमावलीले तोकेको सिमाभित्र रहि प्रशासनिक कार्यमा खर्च गर्नुपर्दछ ।

३. **भवन निर्माण** : नगरपालिकाको कार्यालय भवन निर्माण गर्न निर्माण व्यवसायी वाई.पी. कन्स्ट्रक्सनसंग मूल्य अभिवृद्धि कर समेत रु.१,८०,४६,४६९।- मा २०७४।६।२ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७२।१२।२ मा ठेक्का सम्झौता भएको देखियो । दुई तल्ले कार्यालय भवन निर्माण गर्न ठेक्का सम्झौता भएतापनि एक तल्ला पनि ढलानको कार्य नहुदै सम्झौता रकमको ५६.५६ प्रतिशत अर्थात रु.१,०२,०७,७९८।- भुक्तानी भैसकेको छ। भवनको डि.पि.सि कम उचाईको रहेकोमा वढी उचाइको काम गर्नुपरेको कारण डि.पि.सि. सम्मको काममा लागतभन्दा बढी खर्च भएको तर भेरिएशन आदेश स्वीकृत नभएको कारण विगत ९ महिना देखि निर्माणको कार्य स्थगित भएको देखियो । हालसम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधी समाप्त भइ सकेतापनि म्याद थपको कारवाही गरेको देखिएन । यसरी त्रुटीपूर्ण डिजाइन गर्ने, भेरिएशन आदेश विना थप कामको भुक्तानी दिने र निर्माण कार्यको म्याद थपको कारवाही नगरी निर्माण कार्य अधुरो छाड्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

३.१ निर्माणाधिन कार्यालय भवनको वरिपरि माटो ल्याई पुर्ने कार्यको लागि निर्माण व्यवसायीको BOQ को आइटम नं. ११ मा Earth Backfilling (Ordinary Soil) lead up to 1 Km. भनी ६५६.११८ $m^3$ माटो ल्याइ पुर्ने कार्यको लागि प्रति घन मिटर रु.२५०।– का दरले रु.१८५,३७०।– भुक्तानी दिईसकेपछि सोहि स्थानमा सोहि कार्यको लागि ८९३.७४$m^3$ को प्रतिघनमिटर ४८५।( का दरले रु.४३३,४६३।- को कार्य कोटेशनको माध्यमवाट श्रेया कन्स्ट्रक्शनबाट गराई रु.४८९,८१३।- भुक्तानी दिएको देखियो । ठेक्का सम्झौता वमोजिम निर्माणाधिन कार्यमा ठेक्का सम्झौता भित्रको कार्यमा कार्यालयले अन्य निर्माण व्यवसायीबाट ठेक्का सम्झौतामा उल्लेखित दरभन्दा बढी दररेटमा थप काम गरेको देखाइ भुक्तानी दिएको नियमसम्मत् नदेखिएकोले यस्तो कार्यमा खर्च गर्न स्विकृति दिने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४. **वजेट खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २५(३) बमोजिम उपनियम (२) बमोजिम सचिवबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । वडा सचिव आनन्द कुमार अधिकारीलाई सरसफाइ कार्यक्रम संचालन गर्न रु.२०,०००।- पेश्की दिएकोमा उक्त रकम पेश्कीसमेत नजनाई विल भरपाई वेगर वजेट खर्च लेखेकोले उक्त खर्च असुल गर्नुपर्दछ ।

५. **भत्ता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । लेखापाल दिपनारायण राउतले आर्थिक प्रशासन शाखामा कार्य गरेको वापत भनि मासिक रु.७,५००।- का दरले श्रावण देखि फाल्गुनसम्मको भत्ता रु.६०,०००।- भुक्तानी दिएको देखियो । यसरी आर्थिक प्रशासन शाखामा कार्य गरेको आधारमा थप भत्ता खर्च लेख्न मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नु पर्दछ ।

६. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ८ संस्थाहरुमार्फत कार्याक्रम संचालन गदां प्रशिक्षकको पारिश्रमिक कर तथा घरभाडामा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा नभएको रु.६१९४६।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

७. **अन्य प्रयोजनको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ। कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित विभिन्न ४ कार्यालयको विभिन्न कार्यमा रु.३,६८,८४१।- भुक्तानी गरेको पाइयो । यसरी खर्च गर्दा कार्यालयले आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने हुदा यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

८. **करमा दर्ता :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको व्याक्तिले कर असुल गरेको देखिने कुनै विजक वा कागजात जारी गर्न र कर उठाउन नहुने उल्लेख छ । कार्यालयले ७ संस्थालाई विभिन्नकार्यक्रम संचालन गर्न मूल्य अभिवृद्धि कर समेत रु.७,४९,४९९।- भुक्तानी दिएकोमा मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । मूल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थालाई मूल्य अभिवृद्धि कर वापतको रु.८६,२२५।- भुक्तानी दिएको रकम असुल गरि संचित कोष दाखिला गर्नु पर्दछ ।

९. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको भुक्तानी गर्दा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस वर्ष २ उपभोक्ता समितिलाई खरिदमा मूल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिएको मूल्य अभिवृद्धि कर तिरेको विलभरपाई भन्दा वढि भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.२५,८२२।- असुल गरी संचित कोष दाखिला गर्नु पर्दछ

१०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा एक निर्माण व्यवसायीको आर्थिक वर्षको अन्त्य सम्म मोविलाइजेशन पेश्की रु.६,९५,०००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ ।

११. **वढि भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, नियमावली,२०६४ को नियम ३६(८)मा रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले २ उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी भन्दा वढि भुक्तानी दिएको रकम रु.३६४५५।- असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

१२. **तलव भत्ता :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संघीय संरचना पूर्वाधार विकास कार्यक्रमको अख्तियारीमा यस कार्यक्रमवाट कर्मचारीको तलव भत्ता वापत वजेट खर्च लेख्न नपाइने उल्लेख गरेको छ। यस नगरपालिकाले उक्त कार्यक्रमवाट २०७४ जेष्ठ र असारमा कर्मचारीको तलव भत्तामा रु.५३२२६०।- वजेट खर्च लेखेको नियम संगत देखिएन ।

१३. **गतवर्षको भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९ मा भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर रु.१३९९१७- भुक्तानी गरेको नियम संगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।

१४. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस वर्ष सिटीजन ईन्फोटेक प्रा.लि.लाई मूल्य अभिवृद्धि कर सहित रु.२,००,०००।- भुक्तानी भएकोमा रु.२६५।- मात्र कर कट्टी भएकोले नपुग रकम रु.२३८९।- असुल संचितकोष दाखिला गनुपर्दछ ।

१५. **अवलोकन भ्रमण** : आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम २५ मा वजेट खर्च गर्दा नगर परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने उल्लेख छ । नगरपालिका ले यो वर्ष संघीय संरचना पुर्वाधार विकास कार्यक्रम अर्न्तगत क्षमता अभिवृद्धि तालीम संचालन गर्नुपर्नेमा अवलोकन भ्रमण गरि रु.३,८२,४८५।- वजेट खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रम विपरित

कर्मचारीलाई क्षमता अभिवृद्धि तालीम प्रदान गर्नुपर्नेमा अवलोकन भ्रमण गराई खर्च लेखेको नियम संगत देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

उक्त अवलोकन भ्रमण कार्यक्रमका लागि मनोज कुमार यादवले पेश्की फछ्र्यौट गर्दा अवलोकन भ्रमणका लागि व्यक्तिगत प्रयोजनका लागि खर्च गरेको रु.१८,०००।- असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, रसिद नियन्त्रण खाता नराखेको, मूल्य अभिवृद्धि करको जानकारी दिने नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड २३ लाख २ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७८ लाख ७९ हजार फछ्र्यौट गरेकोले रु.४४ लाख २३ हजार गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख १० हजार, नियमित गर्नुपर्ने रु.३४ लाख १८ हजार हजार र पेश्की रु.६ लाख ९५ हजार रहेको छ ।

# मिथिला नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२७ लाख ३५ हजार र यो वर्ष आय रु.१३ करोड ७३ लाख ७५ हजार समेत रु.१४ करोड १ लाख १० हजार आम्दानी भएकोमा रु.११ करोड ५ लाख ५४ हजार खर्च भई रु.२ करोड ९५ लाख ५६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन। प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ।

२. **वैंक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यालयको स्रेस्ताअनुसार रु.२,९५,५६,२५०।- मौज्दात देखिएकोमा बैक विवरण अनुसार रु. २,९७,६७,०६८।- मौज्दात देखिएको छ। कार्यालयले वैंक हिसाव मिलान विवरण तयार नगरेकोले साट्न वाकी चेक तथा दाखिला गर्न वाकी दायित्व एकिन गर्न सकिएन। कार्यालयको स्रेस्ता अनुसार भन्दा वैकमा वढि देखिएको रु.२,१०,८१८।- सम्वन्धमा नियममा व्यवस्था भए वमोजिम वैंक हिसाव मिलान विवरण तयार गरि वैंक हिसाव मिलान गर्नु पर्दछ।

३. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा नगरपालिकाले स्वीकृत वजेटको सिमाभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको २५ देखी ५० लाखसम्म आम्दानी हुने नगरपालिका को ४० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागी खर्च गर्न नपाउने उल्लेख छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतवाट कुल रु.४०,१९,५४४।- आम्दानी गरेकोमा सोको ४० प्रतिशतले हुने रु.१६,०७,८१७।- मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.२८,५२,९७५।- प्रशासनिक खर्च गरेकोले नियमावलीले तोकेभन्दा रु.१२,४५,१५७।- बढी खर्च गरेको नियमसम्मत् देखिएन। नियमावलीले तोकेको सिमाभित्र रहि प्रशासनिक कार्यमा खर्च गर्नुपर्दछ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ। नगरपालिकातर्फ आर्थिक वर्षको अन्त्य सम्म ३ कर्मचारी तथा १ संस्थाको नाममा रु.३,१२,०००।- र साविक पुष्वलपुर गाउं विकास समितितर्फ ४ उपभोक्ता समितिको बांकी पेश्की रु.७,८२,४६३।– समेत रु.१० लाख ९४ हजार पेश्की वांकी रहेको देखियो। नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ।

५. **तलव भत्ता :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संघीय संरचना पुर्वाधार विकास कार्यक्रमको अख्तियारीमा यस कार्यक्रमवाट कर्मचारीको तलवभत्ता वापत वजेट खर्च लेख्न नपाइने उल्लेख गरेको छ। यस नगरपालिकाले उक्त कार्यक्रमवाट कर्मचारीको तलव भत्तामा रु.३,०८,६६१।- वजेट खर्च लेखेको नियम संगत देखिएन। अख्तियारीको पालना नगर्ने पदाधिकारीलाई जिम्मेजार वनाउनु पर्दछ।

६. **सामाजिक सुरक्षा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(६)मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। वमोजिम सामाजिक सुरक्षा भत्ता बापत प्रथम चौमासिक वितरण गर्दा रु.१७,३६,०००।- खर्च लेखेकोमा वितरण भरपाई रु.१७,२८,०००।- प्राप्त भएकोमा वढि वजेट खर्च लेखेको रु.८०००।- संचितकोष दाखिला गर्नुपर्दछ।

७. **भत्ता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले वोलपत्र मूल्याकंन समितिको वैठकमा रु.१४,४५०।- वजेट खर्च लेखेकोमा वास्तविक खर्च रु.१२,७५०।- मात्र देखिएकोले वढि वजेट खर्च लेखेको रु.१,७००।- असुल गर्नुपर्दछ।

८. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ बमोजिम मूल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। यस वर्ष भुक्तानी भएका

१७ आपुर्तकलाई मूल्य अभिवृदि कर रकमको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाएको देखिएन। अत: कार्यालयले नियमानुसार मूल्य अभिवृद्धि कर रु.९२३१७४।- भुक्तानीको जानकारी दिनुपर्दछ।

९. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ५९ आपूर्तकवाट वस्तु तथा सेवामा खरिद गरी अग्रिम आयकर कट्टी गरेको पाइएन। अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.२४३०५८।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ।

१०. **धरौटी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ वमोजिम करारका सर्त वमोजिम अन्तीम भुक्तानी गर्दा धरौटी रकम कट्टा गरि बाँकी रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। कार्यालयले २ निर्माण व्ययवसायीलाई निर्माण व्यवसायीलाई रु.२९४८२२०।- निर्माण कार्य गरि भुक्तानी गर्दा धरौटी वापत कट्टा गर्नुपर्ने रु.१,४९,९११।- कट्टा गरेको पाइएन। नियमावलीमा भएको व्यवस्था वमोजिम धरौटी रकम कट्टा गरी भुक्तानी गर्नु पर्दछ।

११. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणवाट निश्किएको वेरुजु अन्तिम लेखापरीक्षण भन्दा अगाडिनै नियमित वा असुल फछ्र्यौट गरी वा प्रमाण पेश गरी अधावधिक गराई राख्नुपर्ने व्यवस्था छ। यस कार्यालयको आन्तरिक लेखापरीक्षण वाट कायम भएको वेरुजु रु.८९२८।- अन्तिम लेखापरीक्षण हुदा समेत फछ्र्यौट भए गरेको देखिएन। नियममा व्यवस्था भए वमोजिम निम्नानुसारको आन्तरिक लेखापरीक्षण वेरुजु असुल फछ्र्यौट गर्नु पर्दछ।

१२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अधावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, ररिद नियन्त्रण खाता नराखेको, तोकिएको समयावधि भित्र राजश्व दाखिला हुने नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ।

**पुष्वलपुर गाउँ विकास समिति**

१३. **मौज्दात:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यो वर्ष साविक गाउ विकास समितिको कार्यालयले फाल्गुन मसान्तमा मौज्दात रहेको रकम नगरपालिकामा फिर्ता गर्नुपर्नेमा उक्त रकम फिर्ता नगरी वजेट खर्च लेखेको देखियो। आर्थिक वर्षको अन्त्यसम्म साविक गाउ विकास समितिको खातामा रु.५९,९९,८५६।- मौज्दात वाकी रहेको देखिएकोले रकम नगरपालिकाको खातामा जम्मा गर्नुपर्दछ।

१४. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। यस ९ नं.वडा कार्यालय, (साविक पुष्वलपुर गाविस) मा सामाजिक सुरक्षा कार्यक्रममा रु.३१,६०,८००।- निकासा भएकोमा रु२९,६०,८००।- खर्च भई रु.२,००,०००।- बाँकी रहेकोमा फ्रिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी नगरपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो। उक्त रकम सञ्चित कोष दाखीला गर्नुपर्दछ।

१५. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.१९२८७।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.४८२१।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

१६. **सामाजिक सुरक्षा कर** : यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा गरेको सामाजिक सुरक्षा कर वापतको रु.१२८८।( दाखिला गरेको देखिएन। उक्त कर रकम दाखिला गर्नुपर्दछ।

१७. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम मूल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। यस वर्ष जे वि इन्टरप्राइजेज, जनकपुरको जम्मा रु.४१,२०२।- भएकोमा भुक्तानी भएको मूल्य अभिवृदि कर रु.७,४४०।- जानकारी

आन्तरिक राजश्व कार्यालयमा पठाएको देखिएन । अत: कार्यालयले नियमानुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिनुपर्दछ ।

१८. **कर्मचारी संचयकोष :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६८(क) मा स्थानीय निकायको स्थायी कर्मचारीले पाउने प्रत्येक महिनाको तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा स्थानीय निकायले सतप्रतिशत रकम थप गरी हुन आउने रकम संचयकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । कार्यालय सहायक प्रदिप खड्काको २०७३ श्रावण देखी २०७४ असार सम्मको कर्मचारी संचयकोष रु.५६,७२६।- निजलाई नगदै भुक्तानी गरेको देखियो । कर्मचारी संचयकोष वापतको रकम संचयकोषमा पठाउनुपर्ने नगदै भुक्तानी गरेको नियमसम्मत् देखिएन ।

**तुल्सी गाउँ विकास समिति**

१९. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष साविक गाउ विकास समितिको कार्यालयले फाल्गुन मसान्तमा मौज्दात रहेको रकम नगरपालिका मा फिर्ता गर्नु पर्नेमा उक्त रकम फिर्ता नगरी वजेट खर्च लेखेको देखियो । आर्थिक वर्षको अन्त्य सम्म साविक गाउँ विकास समितिको खातामा रु.३१,५०,३८०।- मौज्दात रहेको देखिएकोले रकम नगरपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

२०. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। यस १ नं. वडा कार्यालय (साविक तुल्सी गाविस) मा सामाजिक सुरक्षा कार्यक्रममा रु.६६७२०००।- निकासा भएकोमा रु.६६,००,४००।- खर्च भई रु.७१६००।- बाँकी रहेकोमा फ्रिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी नगरपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो । उक्त रकम सञ्चित कोष दाखीला गर्नुपर्दछ ।

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.१५०९२।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.३,७७३।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२२. **सामाजिक सुरक्षा कर** : यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा गरेको सामाजिक सुरक्षा कर वापतको रु.२५१७।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

२३. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम मूल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस वर्ष ओम वि इन्टरप्राइजेज, बर्दिवासको जम्मा रु.३५३९१।- भएकोमा भुक्तानी भएको मूल्य अभिवृदि कर रु.४०७१।- जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाएको देखिएन । अत: कार्यालयले नियमानुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिनुपर्दछ ।

२४. **कर्मचारी संचयकोष:** स्थानीय स्वायत्त शासन नियमावली, २०५६को नियम २६८(क)मा स्थानीय निकायको स्थायी कर्मचारीले पाउने प्रत्येक महिनाको तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा स्थानीय निकायले सतप्रतिशत रकम थप गरी हुन आउने रकम संचयकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। प्राविधिक साहायक सत्यमान थिङको २०७३ श्रावणदेखि २०७४ असारसम्मको कर्मचारी संचयकोष रु.५४९७७।- निजलाई नगदै भुक्तानी गरेको देखियो । कर्मचारी संचयकोष वापतको रकम संचयकोषमा पठाउनुपर्ने नगदै भुक्तानी गरेको नियमसम्मत् देखिएन।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालिका को लेखापरीक्षणबाट रु.१ करोड ३७ लाख ५२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २४ लाख १ हजार र पेश्की रु.१० लाख ९४ हजार रहेको छ ।

# गणेशमान चारनाथ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २ लाख २१ हजार र यो वर्ष आय रु.१३ करोड ३४ लाख ६५ हजार समेत रु.१४ करोड ३६ लाख ८६ हजार आम्दानी भएकोमा रु.९ करोड १३ लाख ६६ हजार खर्च भई रु.५ करोड २३ लाख २० हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

२. **विद्युतिय लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९(२)मा नगरपालिकाले साग्रिला माइक्रो सिस्टमको सफ्टवेयर प्रयोग गरी लेखा राखेको छ। नगरपालिका ले यो वर्ष सफ्टवेयरको माध्यमवाट रसिद काट्ने शुरुवात गरेकोमा भौचरहरु संशोधन, हटाउने तथा विभिन्न मितिमा प्रविष्टि गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको आयको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वासनियता परीक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले नगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन यसमा छानविन हुनुपर्दछ ।

३. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस वर्ष सामाजिक सुरक्षा कार्यक्रममा प्रथम किस्ता पेश्की फछ्र्यौट गर्दा नगरपालिकाको मुलकोष खातामाजम्मा गरेको रु.४२,३८,६००।- हालसम्म नगरपालिका को मुलकोषमा जम्मा रहेको देखियो । फ्रिज गर्नुपर्ने रकम मुलकोषमा जम्मा गरेकोले उक्त रकम संचितकोष दाखिला गर्नुपर्दछ ।

४. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम धरौटी फिता गर्दा करदाताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश भएपछि धरौटी फिर्ता दिनुपर्ने उल्लेख छ । यस नगरपालिका को कार्यालयले ठेक्का मार्फत लोडर खरिद गर्दा दुगड ब्रदर्श प्रा.लि. धरौटी रु.१,११,१५०।- फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन पत्र वेगर धरौटी फिर्ता गरेको देखियो । मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्दछ ।

५. **भत्ता भुक्तानी :** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ को दफा ३ मा कार्यविधि वमोजिम भत्ता पाउन योग्य लक्षीत समुहका लाभग्राहीले मात्र सामाजिक सुरक्षा पाउने उल्लेख छ । नगरपालिकाको कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गरेको भनि विभिन्न ८ जना कर्मचारीलाई १५ दिन दैनिक १०००।- का दरले कुल रु.१,१७,०००।- वजेट खर्च लेखेको नियमसम्मत् देखिएन । निर्देशिकामा भएको व्यवस्था वमोजिम सम्वन्धित लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ ।

६. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३२ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सम्बन्धित निकायले स्वीकार गरेपछि त्यस्तो निकायले आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयवाट यो वर्ष सञ्चालीत ३ आयोजनामा कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी गरेको देखियो । कार्य सम्पन्न प्रतिवेदन वेगर रु.३२,२६,६५६।- भुक्तानी भएकोले उक्त कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।

७. **वढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ वमोजिम खरिद सम्झौता अनुसार स्थानीय निकायले रनिङ बील वा अन्य कुनै बील विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले माटो कटिग तथा खण्डमा जग खन्ने काममा निर्माण कार्यको भुक्तानी गर्दा नापी नभएको कार्यको भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३९,४४२।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

८. **प्रोभिजनल सम :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३(२) मा निर्माण कार्यको रनिङ विलको भुक्तानी लिनको लागि निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ । ठुला पुर्वाधार विकास कार्यक्रम अन्र्तगत गोलघर वहुरिया सडक कालोपत्रे गर्ने कार्यको लागि निर्माण व्यवसायी एक्सिस एसिया कन्सट्रक्सन कम्पनीले कार्यमूल्य परीमाणमा प्रोभिजनल

सम अन्तर्गत निर्माण कार्यमा समावेश भएको निर्माणकार्यको विमा तथा वैक कमिसन वापत वास्तविक खर्चको आधारमा भुक्तानी भएको बिल समावेश गरी भुक्तानी दिनुपर्नेमा वास्तविक खर्चको बिल बेगर नै निर्माण व्यवसायीले BOQ मा उल्लेखित रकम रु.२,२६,०००।- भुक्तानी दिएको नियमसम्मत् देखिएन । यसरी वास्तविक खर्चको बिल बेगर निर्माण व्यवसायीको रनिङ बिलमा उल्लेख गरी भुक्तानी दिएको रु. २,२६,०००।- असुल गर्नुपर्दछ ।

९. **देवस्थान मोहागाछी सडकः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम १२१(४) बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको बैंक जमानत लिनुपर्ने व्यवस्था छ। नगरक्षेत्र पुर्वाधार कार्यक्रम अर्न्तगत ठे.नं. R02-2073/074 देवस्थान मोहागाछी सडकको चेनेज 0+000 देखी चेनेज 0+900 सम्म सडक कालोपत्रे गर्ने कार्यको लागि विभिन्न १६वटा निर्माण व्यवसायीले वोलपत्र कागजात पेश गरेकोमा Letter of Bid निर्माण व्यवसायीको औपचारीक लेटरप्याडमा नराखेको कारण जनाई मूल्याकंन समितिले वित्तिय मूल्याकंनमा समावेश नगरी निर्माण व्यवसायी एक्सिस एसियन कन्सट्रक्सन कम्पनीलाई रु.९४,६३,१८५।- मा उक्त निर्माण कार्य २०७४।३।२५ मा सम्पन्न गर्ने गरि सम्झौता भै मोविलाइजेशन पेश्की रु.१६,७४,०००।- भुक्तानी गरेकोमा कार्य सम्पन्न गर्ने अवधि सम्ममा पनि काम शुरु.भएको देखिएन। स्थानीयको विवादका कारण जनाई कार्यालयवाट २०७४।९।२५ सम्म म्याद थप गरेकोमा हाल सम्म पनि उक्त कार्य सुरु.भएको छैन । कार्यालयमा अग्रिम भुक्तानी जमानत वापत नेपाल वंगलादेश वैकमा रहेको AP:००२१५।१७ को म्याद समाप्त भैसकेकोले उक्त पेश्की रकम जोखीममा परेको छ । यसमा निर्माण कार्य तोकिएको समयमा गराउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१०. **पुर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । गोलघर वहुरिया सडक कालोपत्रे गर्ने कार्यको लागि निर्माण व्यवसायी एक्सिस एसिया कन्सट्रक्सन कम्पनीसंग उक्त निर्माण कार्य मूल्य अभिवृद्धि करसमेत रु९२,१५,२५८।- मा २०७४।३।१० मा निर्माणकार्य सम्पन्न गर्नेगरी भएकोमा सम्क्षौता बमोजमि तोकिएको समायअवधिमा निर्माण कार्य सम्पन्न नगरी म्याद थप सम्बन्धी कार्यवाही समेत नगरी २०७४।३।२१ मा नापी तथा कार्यसम्पन्न गरि भुक्तानी भएको देखियो । नियममा भएको व्यवस्था वमोजिम ११ दिनको पुर्वनिर्धारित क्षतिपूर्ति रु.५६,५९४।- असुल गरेको देखिएन । पुर्वनिर्धारित क्षतिपुर्ती वापतको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

११. **भेरिएसन :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्यको ड्रइङ्ग, डिजाइन बदल्नु नपर्ने तर भएमा राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ । कार्यालयले गोलघर वहुरिया सडक कालोपत्रे गर्ने कार्यको लागि निर्माण व्यवसायी एक्सिस एसिया कन्सट्रक्सन कम्पनीसंग उक्त निर्माण कार्य मूल्य अभिवृद्धि करसमेत रु.९२,१५,२५८।- सम्झौता गरेकोमा भेरिएसन आदेश वेगर अन्तिम विलसम्म रु.१,०२,८९,८६०।- भुक्तानी गरि सम्झौता रकमभन्दा रु.१२,७३,६८७।- वढि भुक्तानी गरेको नियमसम्मत् देखिएन। लागत अनुमान भन्दा वढिको निर्माण कार्य गराँउदा भेरिएसन आदेश स्वीकृत गराएरमात्रै भुक्तानी दिनुपर्दछ ।

१२. **प्रतिसपर्धा वेगर खरिदः** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि १० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीको उक्त व्यवस्थाअनुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा रू.२६,९५,७७२।- कम्प्युटरसम्बन्धी सामग्री खरीद गर्दा सोझै खरीद गरेको पाइयो । खरीद कार्यमा नियमको पालना हुनु पर्दछ ।

१३. **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिका को कार्यालयले यस वर्ष ४ सर्भेक्षण कार्यमा ४ परामर्शदातावाट कार्य गराएकोमा परामर्शसेवाको लागत अनुमान तयार नगरि प्रस्तावका आधारमा कार्य गराई भुक्तानी गरेको रु.१३,९१,०८६।- नियम संगत देखिएन । नियमावलीमा भएको व्यवस्था बमोजिम सेवाको लागत अनुमान गरि वास्तविक लागतका आधारमा प्रतिपर्धात्मक तवरवाट परामर्शसेवा खरिद गर्नुपर्दछ ।

१४. **आयकर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न १३ सामाग्री तथा सेवा खरिदमा अग्रिम आयकर कट्टी गरेको पाइएन।

अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.५८,२७४।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

१५. **बढी भुक्तानी :** :स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न ४ वटा भुक्तानीमा लेखेको खर्चमा बिल भरपाई वेगर बढि भुत्तानी भएको देखियो । बढि भुक्तानी रकम रु.४७,१५९।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **विलभरपाई वेगरको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २५(३) बमोजिम उपनियम (२) बमोजिम सचिवबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यसवर्ष ४ भुक्तानीमा विल भरपाई प्रमाण कागजात विना रु.१५२०००।- भुक्तानी गरेको पाइयो । कार्यालयले वजेट खर्च लेख्दा विलभरपाईको आधारमा मात्र बजेट खर्च लेख्नु पर्दछ ।

१७. **पारिश्रमिक कर :** आय कर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब ,भत्ता, दशै खर्च,लुगा भत्ता लगायतका आयमा नियमानुसार कट्टी गर्न पाउने रकम कट्टी गरि बाकी रकममा दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिकामा कार्यरत कार्यकारी अधिकृत श्री लक्ष्मेश्वर यादवको तलब भत्ता लगायतका विभिन्न भुक्तानी गरेकोमा आयमा समाबेश गरि कर कट्टी गरेका देखिएन । प्रचलित ऐनमा व्यवस्था भए बमोजिम रु.१४,९५८।- पारिश्रमिक कर असुल गरि संचित कोष दाखिला गर्नु पर्दछ।

१८. **गत वर्षको भुक्तानी:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९(न) मा भुक्तानी दिन बाँकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर खर्च लेखेको पाइयो । यसरी भुक्तानी दिन वाँकीको विवरण तयार नगरी विगत वर्षको दायित्व वहन गरि आर्थिक वर्ष २०७२।७३ मा नगरप्रतिनिधिहरुको १३ पटक बसेको बैठकको भुक्तानी भनि रु.९१,०००।- वजेट खर्च लेखेको नियम संगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना  गर्नु पर्दछ ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म १ निर्माण व्यवसायी २ कर्मचारी तथा ४ उपभोक्ता समिति समेत ७ जना सँग कुल रु.१,६४,७४,०००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

२०. **आन्तरिक लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणवाट निश्किएको वेरुजु अन्तिम लेखापरीक्षणभन्दा अगाडिनै नियमित वा असुल फछ्र्यौट गरी वा प्रमाण पेश गरी अधावधिक गराई राख्नुपर्ने व्यवस्था छ । यस कार्यालयको आन्तरिक लेखापरीक्षण वाट कायम भएको वेरुजु अन्तिम लेखापरीक्षण हुदा समेत फछ्र्यौट भए गरेको देखिएन । नियममा व्यवस्था भए वमोजिम आन्तरिक लेखापरीक्षण वेरुजु रु.४२,२०६।- असुल फछ्र्यौट गर्नु पर्दछ ।

२१. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, तालुक निकायवाट निरिक्षण नभएको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, धरौटी गोश्वरा खाता तथा व्याक्तिगत धरौटी खाता नराखेको, गोश्वरा धरौटी खाता नराखेको, उद्देश्य प्राप्तीमा आइपर्ने संभावित जोखिमहरु पहिचान नगरेको, प्रगती प्रतिवेदन तयार नगरेको, कारोवारको सांक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, खरिद इकाई तथा खरिद योजना तयार नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड १ लाख ५६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख २ हजार, नियमित गर्नुपर्ने रु.९० लाख ९३ हजार र पेश्की रु.१ करोड ६४ लाख ७४  हजार रहेको छ ।

# सबैला नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९६ लाख १६ हजार र यो वर्ष आय रु.१६ करोड २२ लाख ३३ हजार समेत रु१७ करोड १८ लाख ४९ हजार आम्दानी भएकोमा रु.१४ करोड ६७ लाख ७५ हजार खर्च भई रु. २ करोड ५० लाख ७४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन। प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ।

२. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ। यस नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रममा निकासा भएको रकम खर्च नभई रु.२,६९,४००।- बाँकी रहेकोमा फ्रिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी नगरपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो। फ्रिज गर्नुपर्ने उक्त मौज्दात रकम सञ्चित कोष दाखीला गर्नुपर्दछ।

३. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा नगरपालिकाले स्वीकृत वजेटको सिमाभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको २५ देखी ५० लाखसम्म आम्दानी हुने नगरपालिकाको ४० प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागी खर्च गर्न नपाउने उल्लेख छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक श्रोतवाट कुल रु.३०,७७,७१६।- आम्दानी गरेकोमा सोको ४० प्रतिशतले हुने रु.१२,३१,०८७।- मात्र प्रशासनिक कार्यमा खर्च गर्न पाउनेमा रु.३५,४५,४३७।- प्रशासनिक खर्च गरेकोले नियमावलीले तोकेभन्दा रु.२३,१४,३५०।- बढी खर्च गरेको नियमसम्मत् देखिएन। नियमावलीले तोकेको सिमाभित्र रहि प्रशासनिक कार्यमा खर्च गर्नुपर्दछ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालयले आर्थिक वर्षको अन्त्य सम्म ५ कर्मचारी १ निर्माण व्यवसायी तथा ७ उपभोक्ता समिति समेतसँग रु.६,२०,३०,८३८।- पेश्की वाकी रहेको देखियो। नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ।

५. सामाजिक सुरक्षा पेश्की मध्ये सामाजिक सुरक्षा कार्यक्रममा गत आर्थिक वर्षको अन्त्यमा मौज्दात रकेको रकमवाट यस आर्थिक वर्षको शुरुमा गत आर्थिक वर्षको सामाजिक सुरक्षा वितरण गर्न भनि ४ वडा सचिवले रु.५५,७४,०००।- पेश्की लिएको पेश्की फछ्र्यौट नगरी सोही वडा सचिव समेत ५ जनाले यस वर्षको सामाजिक सुरक्षा भत्ता वितरण गर्न भनि रु.५,३७,३३,२००।- समेत कुल रु.५,९३,०७,२००।- हाल सम्म फछ्र्यौट गरेको देखिएन। यसरी विगत वर्षदेखिको पेश्की रकम फछ्र्यौट नगरी पेश्की वाकीनै रहेको देखिएकोले सामाजिक सुरक्षा भत्ता वितरण भए नभएको एकिन गर्न सकिएन। यसमा छानविन हुनुपर्दछ।

६. **सापटी खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा सापटी लिने दिने सम्बन्धी व्यवस्था भएको देखिदैन। यो वर्ष संघीय संरचना पुर्वाधार विकास कार्यक्रम तथा गाउ विकास समिति अनुदान शिर्षकवाट अन्य खातालाई सापटी दिएको रू.१४,४९,५०३।- आर्थिक वर्षको अन्त्य सम्ममा पनि फिर्ता लिई हिसाब मिलान गरेको देखिएन। यसरी एक खाताबाट अर्को खातालाई दिएको सापटी रकम फिर्ता लिई हिसाब मिलान हुनुपर्दछ।

७. **विपद व्यवस्थापन कोष :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ३३ मा नगर परिषद्ले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाटमात्र कोषहरूमा आवश्यक रकम विनियोजन गर्न सक्ने उल्लेख छ। नगरपालिकाले नगरपालिका अनुदानको रकमवाट रु.१,५०,०००।- विपद् व्यवस्थापन कोषमा जम्मा गरेको देखियो। यसरी आन्तरिक आयवाट मात्र कोष खातामा रकम जम्मा गर्नुपर्नेमा नगरपालिका अनुदानवाट खर्च लेखेको नियमसम्मत् देखिएन। नगरपालिका ले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

८. **अग्रिम आयकरः** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ६ खरिदमा अग्रिम आयकर कट्टी गरेको पाइएन । कट्टा नभएको अग्रिम आयकर रु.३६११५।- असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

९. **विलभरपाई :** आर्थिक कार्यविधि नियमावली, नियमावली, २०६४ को नियम ३६(३) मा सम्बन्धित बजेट शिर्षकमा खर्चको रकमको विल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ। यो वर्ष नगरपालिका ले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ विभिन्न ६ भुक्तानीमा विल भरपाई विना भुक्तानी भएको देखियो । ४ नागरिक सचेतना केन्द्रलाई भुक्तानी भएको रु.१९८११९।- को विल भरपाई पेश गर्नुपर्दछ ।

१०. **पोखरी भाडा :** यस नगरपालिका अन्तर्गतका देहाय वमोजिम वजार तथा पोखरीहरु बोलपत्रको माध्यमद्वारा वार्षिक किस्ता भुक्तानी गर्ने गरि सम्झौता बमोजिमको अवधिमा किस्ता रकम बुझाइ सक्नुपर्ने गरि ठेक्का सम्झौता गरेको देखियो । यो वर्ष ४ बोलपत्रदाताले सम्झौता वमोजिम किस्ता रकम वुझाउनुपर्ने समय अवधी समाप्त भैसक्दासमेत किस्ता रकम असुल गरेको देखिएन । यसरी बुझाउन वाँकी रकमको नियमानुसार १० प्रतिशत व्याजसहित रकम रु.३१,६३,६००।- असुल गर्नुपर्दछ ।

११. **गाउँ विकास समिति तर्फको लेखापरीक्षणः** नेपालको संविधानको धारा २४१ मा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ । यस नगरपालिका अर्न्तगत रहेका निम्नअनुसारका गाउ विकास समितिहरुले आर्थिक वर्ष २०७३।७४ को अन्तिम लेखापरीक्षण लागि स्रेस्ता पेश गरेको छैनन । निम्न अनुसारका गाउँ विकास समितिहरुलाई यस वर्ष निकाशा तथा खर्च सम्वन्धमा तालुक निकायवाट छानविन गरि निकासा भएको रकम तथा अन्य कारोवारको स्रेस्ता पेश गरि लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

| सिं. नं. | साविक गाविसको नाम | चालु निकासा | पुँजीगत निकासा |
|---|---|---|---|
| १ | पर्टेवा गाविस | १८१०००.०० | नखुलेको |
| २ | खरिहानी गाविस | १८१०००.०० | नखुलेको |
| ३ | कजरामोल | १८१०००.०० | १४५२७००.०० |
| ४ | रघुनाथपुर | नखुलेको | नखुलेको |

१२. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, उद्देश्य प्राप्तीमा आइपर्ने संभावित जोखिमहरु पहिचान नगरेको, प्रगती प्रतिवेदन तयार नगरेको, कारोवारको सांक्षीप्त वार्षिक प्रतिवेदन तयार नगरेको, खरिद इकाई तथा खरिद योजना तयार नगरेको, मूल्य अभिवृद्धि करको जानकारी नदिएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७ करोड १६ लाख ८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३२ लाख, नियमित गर्नुपर्ने रु.६३ लाख ७७ हजार र पेश्की रु.६ करोड २० लाख ३१ हजार रहेको छ ।

# नगराइन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९० लाख ११ हजार र यो वर्ष आय रु.९ करोड ६० लाख ५९ हजार समेत रु.१० करोड ५० लाख ७० हजार आम्दानी भएकोमा रु.८ करोड ९७ लाख ४१ हजार खर्च भई रु.१ करोड ५३ लाख २९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **वैंक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार रु.१,५३,२९,०७८।- मौज्दात देखिएकोमा बैक विवरण अनुसार रु.१,५२,२७,२५२।- मौज्दात देखिएको छ । स्रेस्ता भन्दा बैक मौज्दात घटि देखिएको रु.१,०१,८२६।- का सम्वन्धमा छानविन गरि हिसाव मिलान हुनुपर्दछ ।

२. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्म नगरपालिकातर्फ ६ कर्मचारी तथा ४ उपभोक्ता समितिसँग रु.२५६३१८४६।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **आयकर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न ८ खरिद तथा भाडा भुक्तानीमा गर्दा अग्रिम आयकर कट्टी गरेको पाइएन। अग्रिम आयकर कट्टा नभएको रु.३७९५६।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

५. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । नगरपालिका को कार्यालयको आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

६. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अधावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, ररिद नियन्त्रण खाता नराखेको, तोकिएको समयावधि भित्र राजश्व दाकिला हुने नगरेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

### फुलगामा गाउँ विकास समिति

७. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैंकमा रु.४८४७९८।७९ मौज्दात रहेको देखाएको छ। उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ।

८. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.७६७६।- देखिएकोले उक्त रकम नगरपालिकाको मूल कोष खातामा जम्मा गर्नुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था

छ। गाविसबाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.९,४३,७४६।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष सहलेस मन्दीर निर्माण उपभोक्ता समिति अध्यक्ष राम शरण साहको नाममा रु.१०००००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**नगराईन गाउँ विकास समिति**

१०. **नगद मौज्दात:-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.५,०००।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ।

११. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट १३७६९।- असुल भएको विवरण पेश भएको छ। सो रकम मध्ये रु.३४४२।२५ सो रकमको २५ प्रतिशत रु.३४४२।२५जि.वि.स. पठाउनु पर्नेमा २४८५।-मात्र बुझाएकोले बांकी रु.९५७।२५ जिल्ला समन्वय समितिमा बुझाउनु पर्दछ।

१२. **आयकर:** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा खरिद तथा सेवामा अग्रिम आयकर कट्टी गरेको पाइएन। अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.११२३।१० असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ।

१३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.९६४४२५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष ७ कर्मचारी तथा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की रु.११८००००।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**घोडघास गाउँ विकास समिति**

१४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट रु.१६,४९२।- असुल भएको विवरण पेश भएको छ। सो रकममध्ये रु.४१२३।- जिल्ला समन्वय समितिमा बुझाउनु पर्दछ।

१५. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार गाउँ विकास समितिमा नगद मौज्दात रु.५१२३।७० देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ।

१६. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैंकमा रु.३६२९७५।- मौज्दात रहेको देखाएको छ। उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ।

१७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१०,१९,४७८।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष कार्यालय सहयोगी उत्तीम पासवानलाई भुक्तानी भएको पेश्की रु.७०००।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**लग्मा गाढागुठी गाउँ विकास समिति**

१८. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.७६६१।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ।

१९. **सामाजिक सुरक्षा कर :-** यस आर्थिक वर्षमा कर्मचारीको तलबबाट कट्टी रु.२९५१।- सम्वन्धित खातामा जम्मो जम्मा नभएकोले कट्टी रकम सम्वन्धित राजश्व खातामा दाखीला हुनु पर्दछ।

२०. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैंकमा रहेको रु.११९।- नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

२१. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.४९६०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**देबडीहा गाउँ विकास समिति**

२२. **वैक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैंकमा रु.२४९५।- मौज्दात रहेको देखाएको छ। उक्त खातामा रहेको मौज्दात नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ।

२३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट १८०२५।- असुल भएको विवरण पेश भएको छ। सो रकमको २५ प्रतिशतले हुने रु.४५०६।- साथै गत बर्षको रु.२४५९४।- समेत कुल रु.२९१००।- जिल्ला समन्वय समितिमा बुझाउनु पर्दछ।

२४. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.४६१८४५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यो वर्ष शिव नारायण यादवको नाममा सामाजिक सुरक्षा पेश्की रु.१२१४८००।- हाल सम्म फछ्र्यौट नभएकोल नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा कार्यालयले सक्रियता देखाउनुपर्दछ।

२५. **पोखरी ठेक्काः** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धि नियमावली, २०६४ को नियम ४ (१) वमोजिम गाउँ विकास समितिले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त हुने रकम आम्दानी गर्नुपर्ने उल्लेख छ। गाउँ विकास समितिल विभिन्न ३ वटा पोखरी ठेक्का लगाएकोमा यो वर्ष प्राप्त हुन वाकी रु.४७३७००।- हाल सम्म प्राप्त भएको देखिएन। प्राप्त हुन वाँकी पोखरी ठेक्का वापतको रकम असुल गरि नगरपालिका को मुलकोष खातामा दाखिला गर्नुपर्दछ।

**बहुअर्वा गाउँ विकास समिति**

२६. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैंकमा रु.३,३३८।- मौज्दात रहेको देखाएको छ। उक्त खाताको रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी वैंक खाता वन्द गर्नु पर्दछ।

२७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट ७०३०।- असुल भएको विवरण पेश भएको छ। सो रकमको २५ प्रतिशत रु.१७५७- जिल्ला समन्वय समितिमा बुझाउनु पर्दछ।

२८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.११७२९९५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा कार्यालयले सक्रियता देखाउनुपर्दछ।

२९. **सामाजिक सुरक्षा कर :** यस आर्थिक वर्षमा कर्मचारीको तलबबाट कट्टी भएको रु.२००८।- हाल सम्म सम्वन्धित खातामा जम्मा भएको देखिएन। उक्त रकम सम्वन्धित राजश्व खातामा दाखीला हुनु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ९६ लाख ६९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.१० लाख १७ हजार र पेश्की रु.२ करोड ८१ लाख ३४ हजार रहेको छ।

# विदेह नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १३ लाख ७९ हजार र यो वर्ष आय रु.१० करोड ४ लाख ६३ हजार समेत रु.११ करोड १८ लाख ४२ हजार आम्दानी भएकोमा रु.८ करोड ७० लाख ३९ हजार खर्च भई रु.२ करोड ४८ लाख ३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट यस नगरपालिका गठन भै साविकका ७ वटा गाउँ विकास समितिहरु यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै नगरपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेको जिन्सी सामानको विवरण सहित गाउँ विकास समितिले बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतका जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवश्यकता अनुसार छुट्टै सहायक खातामा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट यसको वुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक आय :** स्थानीय सरकारसंचालन ऐन, २०७४, अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा नगरपालिकको क्षेत्र भित्रका आय आर्जन हुने आयका श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर  लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ। विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ। यसमा नगरपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ।

३. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेकोले चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन। प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म सामाजिक सुरक्षा वापत ७ कर्मचारीका नाममा रु.२,५८,८०,०००।- पेश्की वाकी रहेको देखियो। नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ।

५. **गतवर्षको भुक्तानी :** स्थानीय निकाय आथिंक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९ मा भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ प्रमाणीत वेगर उपभोक्ता समिति तथा खरिद विल संलग्न गरि भुक्तानी गरेको रु.२,२५,८८०।- नियम संगत देखिएन। नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

६. **आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न २२ भुक्तानी अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको रू.५४,९२७- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

७. **भाडाकर :** आयकर ऐन २०५८ को दफा ८८(५) अनुसार भाडा भुक्तानी रकममा १० प्रतिशत भाडा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ७ स्काभेटर तथा डोजर भाडामा लिई रू.१७३९१००।- भाडा भुक्तानी गरेकोमा ऐनमा व्यवस्था भए अनुसार १० प्रतिशत भाडाकर कट्टी नगरेकोले रू. १७३९१०।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

**बर्फै गाउं विकास समिति**

८. **विल भर्पाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले

विभिन्न ४ कार्यक्रम तथा मर्मतको भुक्तानीमा विल भरपाई वेगर रु.१०,०५,०००।- भुक्तानी गरेको नियमसम्मत् देखिएन। कार्यालयले विलभरपाई संलग्न गरेर मात्र वजेट खर्च लेख्नु पर्दछ।

९. **चेक रकम:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। सचिव युवराज भुषालले एन.आइ.सी. बैकबाट मधेश समाज कल्याणका नाममा रु.१,००,०००।- तथा राम कृपाल साहका नाममा रु.२,५०,०००।- तथा कार्यालय संचालन खर्च रु.६०,०००।- गरि कुल रु.४,१०,०००।- खर्च लेखेकोमा खर्चको विल भरपाई तथा सम्वन्धितले वुझेको समेत नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१०. **वैंक खाता:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको नाममा एन.आई.सी.बैकमा, जनकपुरमा रहेको खातामा रु.४६६१३१।- र माछापुच्छे बैंकमा रु.१०२३,४०७।- समेत रु.१४८९५३८।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२०४९९९५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष विभिन्न ५ व्यक्ति तथा संस्था सँग फछ्र्यौट गर्न रु.१२७३४०७।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम पेश्की फछ्र्यौट देखाउनुपर्दछ।

१२. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ। गाविसको कार्यालयको आन्तरिक आय देखाएको छैन। आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय र नगरपालिकाको मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ।

**ठाडीझिंजा गाउं विकास समिति**

१३. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा रु.१७,३२२।- बाँकी रहको देखाएको छ। उक्त खातामा मौज्दात नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला उक्त खाता वन्द गर्नु पर्दछ।

१४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष गाउँ विकास समितिको कार्यालयले मालपोत असुलीबाट रु.११,४३६।- असुल भएको रकम मध्ये रु.२,८५९।- र गत बर्षको रु.२,७९६।- समेत जम्मा रु.५६५५।- जिल्ला समन्वय समितिमा नपठाएकोले उक्त रकम पठाउनु पर्दछ।

१५. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.५३,२८,६९५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष विभिन्न ६ कर्मचारी तथा अन्य व्यक्तिसँग फछ्र्यौट गर्न रु.१४,२४,०००।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

१६. **कर्मचारी संचयकोष :** कार्यालयले विभिन्न कर्मचारीको कर्मचारी संचयकोष रकम रु.१२,७३०।- जम्मा गर्नु पर्नेमा कर्मचारी संचयकोषमा दाखिला गरेको देखिएन । उक्त संचयकोष वापतको रकम दाखिला गर्नुपर्दछ ।

१७. **सामाजिक सुरक्षा कर** : यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा नगरेको सामाजिक सुरक्षा कर वापतको रु.१,४८९।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

१८. **पोखरी ठेक्का :** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धि नियमावली, २०६४ को नियम ४ (१) वमोजिम गाउँ विकास समितिले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त हुने रकम आम्दानी गर्नुपर्ने उल्लेख छ । गाउ विकास समितिले विभिन्न ६ वटा पोखरी २०७१।४।१ देखि ५ वर्षको लागि रु.९०,९०,८५५।- मा ठेक्का लगाएको देखियो । किस्ता वापत यो वर्ष रु.१८,१८,१७७।- प्राप्त हुनुपर्नेमा रु.११,६२,०००।- मात्र प्राप्त भएको देखिएकोले प्राप्त हुन वाँकी रु.६,५६,१७७।- असुल गरि नगरपालिकाको मुलकोष खातामा दाखिला गर्नुपर्दछ ।

१९. **पूँजीगत खर्च :** नेपालको संविधानको धारा २४१ मा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ । यस गाउ विकास समितिको आर्थिक वर्ष २०७३/०७४को पुजिगत खर्च तर्फको रु.६७,६७,३४४।- को स्रेस्ता अन्तिम लेखापरीक्षण लागि पेश गरेको छैन । लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेको सम्वन्धमा तालुक निकायवाट छानविन गरि कारोवारको स्रेस्ता पेश गरि लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

**ईटहर्वा गाउँ विकास समिति**

२०. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.३६९६।- असुल भएको विवरण पेश भएको छ । सो रकममध्ये २५ प्रतिशत रु.९२५।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ । साथै बांकी रकम ३६९६।– प्रा.स.हिरा वहादुर यादबका नाममा रहेकोले नगरपालिका को मुलकोष खातामा दाखीला गर्नु पर्दछ ।

२१. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण नगद मौज्दात रु.८०१८।- देखिएकोले उक्त रकम नगरपालिकाको मूल कोष खातामा जम्मा गर्नुपर्दछ ।

२२. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२३,८५,३६४।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष उमेशराम चमारको नाममा रु.१०,०००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२३. **कर्मचारी संचयकोष :** कार्यालयले प्रा.स हिरावहादुर यादवको २०७१ कार्तिकदेखि २०७३ मंसिरसम्मको रु.१,०२,५४९।- तथा कार्यालय सहयोगी अमर कुमार पासवानको २०६८ श्रावण देखी २०७३ कार्तीक सम्मको रु.१,५७,८८८।- गरि कुल रु.२,६०,४३७।- कर्मचारी संचयकोषमा दाखिला गर्न वाँकी रहेको आन्तरिक लेखापरीक्षणवाट समेत औल्याएको वेरुजु असुल फछ्र्यौट गरेको छैन । कर्मचारीको संचयकोष तोकिएको समयमानै दाखिला गर्नुपर्दछ ।

२४. **वैंक खाता :**स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आई.सी. बैकमा रु.१,४६९।- तथा नेपाल वैक लिमिटेडमा रु.८,०२३।- गरि कुल रु.९,४९२।- बाँकी रहको देखाएको छ । उक्त मौज्दात नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरि उक्त खाता वन्द गर्नुपर्दछ ।

**दुहवी गाउँ विकास समिति**

२५. **वैंक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आई.सी बैकमा रहेको रु.१७,१७३।- तथा नेपाल वैक लिमिटेड मा मौज्दात रहेको रु.५,०६५।- समेत कुल रु.२२,२३९।- बाँकी रहको देखाएको छ । उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रहेको रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ ।

२६. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.६,६३९।- असुल भएकोमा सो रकममध्ये २५ प्रतिशत रु.१,६५९।- जिल्ला समवय समितिमा पठाउनु पर्दछ ।

२७. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१६,८३०।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

२८. **सा.सु.कर :** यस आर्थिक वर्षमा कर्मचारीको तलबबाट सामाजिक सुरक्षा कट्टी रकम रु.१,१६३।- सम्बन्धीत खातामा जम्मा नभएकोले उक्त रकम सम्वन्धित खातामा जम्मा गर्नुपर्दछ ।

२९. **कर्मचारी संचयकोषः** कर्मचारीहरुको तलब खर्च लेख्दा कट्टी गरेको कर्मचारी संचयकोष रकम रु.१९,२०९।- सम्वन्धित खातमा जम्मा गर्नु पर्नेमा नगरेकोले उक्त रकम कर्मचारी संचयकोषमा जम्मा गर्नु पर्दछ ।

३०. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२४४११७५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष भुल्ला यादवले शैक्षिक भ्रमण कार्यक्रमको लागि रु.८५०००।- पेश्की लिएकोमा सो कार्यक्रम संचालन नभएकोले उक्त रकम असुल गरि दाखिला गर्नुपर्ने तथा नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

**एकराही गाउं विकास समिति**

३१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.३,४६०।- असुल भएकोमा सो रकम मध्ये २५ प्रतिशत रु.८६५।- जिल्ला समवय समितिमा पठाउनु पर्दछ ।

३२. **सामाजिक सुरक्षा करः** यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा नगरेको सामाजिक सुरक्षा कर वापतको रु.५०८०।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

३३. **गतवर्ष सम्मको पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.८२०७८२।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिकाले सक्रियता देखाउनुपर्दछ ।

**गिद्धा गाउं विकास समिति**

३४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख

छ । यो वर्ष मालपोत असुलीबाट रु.५,५१७।- असुल भएकोमा सो रकम मध्ये २५ प्रतिशत रु.१,३८०।- जिल्ला समवय समितिमा पठाउनुपर्दछ ।

३५. **सामाजिक सुरक्षा कर :** यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा गर्न छुट भएको सामाजिक सुरक्षा कर वापतको रु.२०१।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

३६. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा रहेको रु.१,२१७।- उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रहेको रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ ।

३७. **गतवर्ष सम्मको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.३२७८६५३।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

### चक्कर गाउँ विकास समिति

३८. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१९,३९६।- देखिएकोले उक्त रकम नगरपालिकाको मूल कोष खातामा  जम्मा गर्नु पर्दछ ।

३९. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा  गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट रु.१५,३०७।- असुल भएकोमा रकम मध्ये २५ प्रतिशत रु.३,८२७।- जिल्ला समन्वय समिति पठाउनु पर्दछ ।

४०. **दाखिला :** जिन्सी प्रकृयाको खरीद आदेश दाखीला रिपोर्ट बेगर उफरको रकम श्री स्टोरलाई भुक्तानी रु.१३०००।- नियमित देखिएन ।

४१. **गतवर्ष सम्मको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२२,२३,३९७।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ९८ लाख ८० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.९९ लाख ५ हजार र पेश्की रु.२ करोड ८६ लाख ७२ हजार रहेको छ ।

# हंशपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५० लाख ६८ हजार र यो वर्ष आय रु.११ करोड १४ लाख ९५ हजार समेत रु.११ करोड ६५ लाख ६३ हजार आम्दानी भएकोमा रु.८ करोड ४८ लाख ६३ हजार खर्च भई रु.३ करोड १७ लाख मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट यस गाउँपालिका गठन भै साविकका ८ वटा गाउँ विकास समितिहरु यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै गाउँपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेको चलअचलन सम्पत्तिको विवरण सहित गाउँ विकास समितिको त्यसको विवरण वनाई बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतको जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवस्यकता अनुसार छुट्टै रजिष्टरमा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट वुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक आय :** स्थानीय सरकारसंचालन ऐन, २०७४, अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा गाउँपालिकको क्षेत्र भित्रका आया आर्जन हुने आयका श्रोतहरु ढुङा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ । विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका र त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ । यसमा गाउँपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ ।

३. **जिम्मेवारी/वरबुझारथ :** गत विगत वर्षहरुमा साविकका गाउँ विकास समितिहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुंदा देखिएका वेरुजु तथा पेश्की रकमको लगत अध्यावधिक गरी फछ्र्यौट बाँकी वेरुज तथा पेश्की गाउँपालिकाले आफ्नो जिम्मा लिई लगत कायम गरी फछ्र्यौट गर्ने गराउने तर्फ तदारुकता देखाउनु पर्दछ ।

४. **पेश्की :** स्थाानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । गाउपालिका ले यो वर्ष दोश्रो र तेश्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्न तथा अन्य कार्यका लागि ८ कर्मचारीका नाममा रु.२,७५,२४,०००।- पेश्की दिएकोमा फछ्र्यौट भएको देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४.१ सामाजिक सुरक्षातर्फ नगरपालिकाको कूल निकासा रु.२,७५,०९,०००।- रहेकोमा भत्ता वितरणको लागि पेश्की दिंदा रु.२,७५,२४,०००।- दिएकोले निकासा भन्दा वढी पेश्की रु.१५,०००।- कुन श्रोतबाट पेश्की दिएको हो, यकिन गरी हिसाव मिलान गर्नु पर्दछ ।

५. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ६ आपुर्तकवाट खरिद तथा भाडा भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको पाइएन। अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.१२,०९४।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

६. **गतवर्षको भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९नं मा भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । हंसपुर गाउंपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर ३ उपभोक्ता समितिका अध्यक्षका नाममा रु.२,१९,०००।- भुक्तानी दिएको पाईयो । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अधावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, रसिद नियन्त्रण खाता नराखेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ।

### मानसिह पट्टी गाउँ विकास समिति

८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.१५२३५।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.३८०८।७५ जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१६,०३,५९२।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो वर्ष शिव मन्दिर निर्माण समितिको नाममा दिएको रु.२,००,०००।- पेश्की फछ्र्यौट भएको छैन नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

१०. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार रु.६,६४५।- नगद बाँकी देखिएको छ। उक्त रकम कसको जिम्मा रहेको छ। यथाशिध्र गाउँपालिकाको मूल कोषमा जम्मा गर्नु पर्दछ।

११. **वैक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.६,३३,२०४।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ।

१२. **ठेक्का :** यस गाविस अन्तर्गत पूर्णि पोखरी तेत्तरियाको विन्देश्वर सहनीलाई २०७१ कार्तिकदेखि २०७५ मंसिरसम्म ४ वर्षको लागि रु.१२,०४,४००।- मा ठेक्का लगाएको देखियो। उक्त ठेक्का वापत प्रतिवर्ष रु.३,०१,१००।- प्राप्त हुनुपर्ने र उक्त रकममध्ये ६० प्रतिशत विद्यालयलाई र ४० प्रतिशत गाउँपालिकामा वुझाउनु पर्नेमा २०७३।११।२७ मा रु.१,८०,६६०।- विद्यालयको नाममा वुझाएको छ। गाउँपालिकामा वुझाउनु पर्ने रु.१,२०,४४०।- वुझाउनु बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ। साथै यस गाविसको वडा नं.३ मा चन्द्रदेव ठाकुरले सार्वजनिक पोखरीमा माछा मारेकोले विगो वापत रु.४१०००।- असुल गर्न गाउँ विकास समितिबाट २०७३।१०।१० मा निर्णय गरेकोमा उक्त रकम असुल भएको देखिएन। सो रकम असुल गरी दाखिला गर्नुपर्दछ।

**बघचौडा गाउँ विकास समिति**

१३. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार गाउविकास समितिमा गत विगत वर्षदेखिको रु.१९७।- नगद बाँकी देखिएकोमा नगद जिम्मा लिनेवाट असुल गरि गाउँपालिकाको मूल कोषमा जम्मा गर्नु पर्दछ।

१४. **वैंक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आई.सी. वैक, जनकपुरमा रहेको खातामा रु.१०,८१५।- मौज्दात रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ।

१५. **मालपोतः** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.९,७१२।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.२,४२८।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन।

१६. **गतवर्षको पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१,३९,०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**हंसपुर कठपुल्ला गाउविकास समिति**

१७. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.२,०३७।- बाँकी रहको देखाएको छ। उक्त खाताको

स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ ।

१८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.१०,००५।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.२,५०२।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन । उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.५,८९,७९२।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । वर्ष निम्न अनुसार १ कर्मचारी तथा २ संथाको नाउँमा दिएको पेश्की रु.५,२०,०००।- समेत फछ्र्यौट गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२०. **सामाजिक सुरक्षा कर :** यस गाउँ विकास समितिवाट यो वर्ष कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा नगरेकोले सामाजिक सुरक्षा कर रु.११०५।- असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

**सुगा निकास गाउँ विकास समिति**

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.१८,८८१।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.४,७२०।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन । उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२२. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१७,६०,३९९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२३. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.५,२६२।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ ।

**सोनिगामा गाउँ विकास समिति**

२४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.४,८०६।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.१,२०१।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन । उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.४,३०,०५१।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट

गरेका छैनन्। यो वर्ष ७ उपभोक्ता समितिका नाममा दिएको पेश्की रु.२०,८०,०००।- समेत फछ्र्यौट गरेको देखिएन नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

२६. **सामाजिक सुरक्षा कर :** यस गाविसबाट गत वर्ष कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा कट्टी भएको १ प्रतिशत सामाजिक सुरक्षा कर रु.१,४००।- दाखिला भएको देखिएन । उक्त रकम सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ।

२७. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.४२,७४४।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नेपाल राष्ट्र वैंकमा नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

**सुगा मधुकरही गाउँ विकास समिति**

२८. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार रु.२८,८७८।-नगद बाँकी देखिएको रकम जिम्मेवार व्याक्तिवाट असुल गरि गाउँपालिकाको मूल कोषमा जम्मा गर्नु पर्दछ।

२९. **वैक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.५,७६४।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ।

३०. **मालपोतः** स्थानीय स्वायत्त शासन ऐन, २०५५मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.८४२४।- आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.२,१०६।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन। उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

३१. **गतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु. १९,३४,९००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

३२. **सामाजिक सुरक्षा कर :** यस गाविसबाट गत वर्ष कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा कट्टी भएको १ प्रतिशत सामाजिक सुरक्षा कर रु.४,१७१।- दाखिला गर्नु पर्ने देखिएकोले उक्त रकम सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ।

**नौवाखोरपर्साही गाउँ विकास समिति**

३३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.१७,८३०।-आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.४,४५७।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन। उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

३४. **गतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२८५,९८०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

**भटियाही गाउँ विकास समिति**

३५. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गाउँ विकास समितिले यो वर्ष मालपोतवाट रु.५,८८८।-आम्दानी गरेकोमा सोको २५ प्रतिशतले हुने रु.१,४७२।- जिल्ला समन्वय समितिमा पठाउनु पर्नेमा पठाएको देखिएन। उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

३६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१३,९९,६४८।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यो वर्षको राजराम यादवको नाममा महिला कार्यक्रम संचालनको लागि लिएको पेश्की रु.२,००,०००।- फछ्र्यौट गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमानै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

३७. **सामाजिक सुरक्षा कर :** यस गाविसबाट कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा कट्टी गरेको १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२,२४०।- दाखिला गरेको नदेखिएकोले सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ।

३८. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.१३,६३,८९७- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

३९. **कर्मचारी संचय कोष :** कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा कट्टा गरेको कर्मचारी संचय कोष गत वर्षको रु.१,११,८७६।- र यो वर्षको रु.१०,३८६।- समेत रु.१,२२,२६२।- संचय कोष खातामा दाखिला गर्नु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ३१ लाख ८४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ७८ हजार र पेश्की रु.३ करोड ५ लाख २४ हजार रहेको छ।

# कमला नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ७१ हजार र यो वर्ष आय रु.९ करोड ६८ लाख २६ हजार समेत रु.९ करोड ७२ लाख ९७ हजार आम्दानी भएकोमा रु.७ करोड ७८ लाख २० हजार खर्च भई रु.१ करोड ९४ लाख ७७ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको मिति २०७३।११।३१ को निर्णयबाट यस नगरपालिका गठन भै साविकका ७ वटा गाउँ विकास समितिहरु यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै नगरपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेका चलअचलन सम्पत्तिको विवरण सहित गाउँ विकास समितिको त्यसको विवरण वनाई बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतका जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवश्यकता अनुसार छुट्टै रजिष्टरमा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट वुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक आय :** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा नगरपालिकको क्षेत्र भित्रका आया आर्जन हुने आयका श्रोतहरु ढुङा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ। विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ। यसमा नगरपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ ।

३. **जिम्मेवारी/वरबुझारथ :** गत विगत वर्षहरुमा साविकका गाउँ विकास समितिहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुंदा देखिएका वेरुजु तथा पेश्की रकमको लगत अध्यावधिक गरी फछ्र्यौट बाँकी वेरुजु तथा पेश्की नगरपालिकाले आफ्नो जिम्मा लिई लगत कायम गरी फछ्र्यौट गर्ने गराउने तर्फ तदारुकता देखाउनु पर्दछ ।

४. **वैक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार रु.१,९४,७६,७००।- मौज्दात देखिएकोमा बैक विवरण अनुसार रु. २,९३,६६,०२३।- मौज्दात देखिएको छ । कार्यालयले वैक हिसाव मिलान विवरण पेश नभएकोले साट्न वाकी चेक तथा दाखिला गर्न वाकी दायित्व समेत एकिन गर्न सकिएन । अत:बैक मौज्दात बढी भएको रु. ९८,८९,३२३।- एकिन गरि हिसाव मिलान विवरण पेश गर्नुपर्दछ।

५. **अस्वभाविक खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । लेखापाल देव कुमार यादवको भ्रमण खर्च ३८,०००।- पिउने पानी खर्च १३,५००।- र विविध खर्च रु.३७,२००।- समेत रु.८८,७००।- खर्च लेखेको मध्ये पिउने पानी खर्चका विल भर्पाई संलग्न नभएको र विविध खर्च मध्ये राजु होटल एण्ड फेमिली रेष्टुरेण्ट जनकपुरको २०७४।२।३० को रु.२०,०००।- को विल संलग्न गरी नास्ता खर्चका साथै २०७४।२।३१ को रुफटप रेष्टुरेण्टको रु.२०,०००।- नास्ताको विल संलग्न गरि भुक्तानी गरेको देखियो । कार्यक्रम तथा नर्म्स वेगर खर्च लेखेको उक्त रकम रु.५०,७००।- असुल गर्नु पर्दछ ।

५.१ कार्यालयले संचालन खर्च रु.१,२८,५५०।-, इन्धनखर्च रु.६९,३६२।-, अनुगमन खर्च रु.५१,५०५।- र विविध खर्च रु.१,३५,०००।- समेत रु.३,८४,४१७।- खर्च लेखेको छ । उक्त खर्चमध्ये कार्यालय सामान खर्च लेख्दा माग फाराम, खरीद आदेश र दाखिला रिपोर्ट संलग्न नगरेको, विविध खर्चको रु.३१,६८०।- को मात्र विल संलग्न देखिएको, अनुगमन खर्चको कुनै कागजात संलग्न नगरेको हुंदा उक्त खर्च वास्तविक नदेखिएकोले कार्यालय सामानको रु.१,२८,५५०।-, अनुगमन खर्च रु.५१,५०५।- र विल वेगरको विविध खर्च रु.१,०३,३२०।- समेत रु.२,८३,३७५।- सम्वन्धितवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

६. **विलभरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिका ले यो वर्ष हावा महल निर्माण, समाग्री खरिद तथा फ्रोफाइल निर्माणका लागि आवश्यक प्रमाण कागजात वेगर रु.४,२९,५००।- वजेट खर्च लेखेको नियम संगत देखिएन । उक्त खर्च नियमित भान्ने आधार प्रमाण पेश गर्नु पर्दछ ।

७. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ध) वमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ । यस नगरपालिकाले यो वर्ष सञ्चालित २ योजनाको कार्यसम्पन्न प्रतिवेदन तयार नगरी रु.२६००८५१।- भुक्तानी गरेको देदियो । उक्त निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर भुक्तानी रकमको १.५ प्रतिशत र भाडा कर १० प्रतिशतले कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिका ले विभिन्न १६ आपुर्तकलाई विभिन्न समान खरीद तथा सेवामा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम कर कट्टा गर्न छुट भएको अग्रिम कर कट्टा गर्न छुट भएको रु.१,१०,१०२।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ। साथै नगरपालिका को पूंजीगततर्फको स्रेस्ता लेखापरीक्षण गर्दा रु.३,३२०।- कर कट्टी रकम वैंक नगदी किताबमा क्रेडिट महलमा जनाएकोमा दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम वैंक दाखिला गर्नु पर्दछ।

९. **वढी भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । नगरपालिका ले यो वर्ष नगर विकास कम्पाउण्ड वाल तथा अधुरो समुदायिक भवन निर्माण कार्यको भुक्तानी गर्दा सम्पन्न कार्यको कुल प्राविधिक मूल्यांकन रु.८,६९,५६२।- भन्दा रु.३०,४३८।- वढी भुक्तानी खर्च लेखेको नियमसम्मत् देखिएन । प्राविधकि मूल्याङ्कनभन्दा वढी वजेट खर्च लेखेको उक्त रकम असुल गर्नुपर्दछ ।

१०. **कर विजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कार्यालयले विभिन्न निर्माण कार्यको भुक्तानी खर्च लेख्दा मू.अ.कर वापत भुक्तानी दिएको रकमको जानकारी आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयबाट विभिन्न १४ आपुर्तक लाई रु.४,०२,२५६/- भुक्तानी दिएकोमा निर्माण व्यवसायीको मू.अ.कर दर्ता नं., विजक नं., मू.अ.कर भुक्तानी रकम समेत उल्लेख गरी आन्तरिक राजस्व कार्यालयमा जानकारी दिएको पाईएन । कार्यालयवाट भुक्तानी दिएको मू.अ.कर रकम जानकारी दिएको प्रमाण पेश हुनु पर्दछ ।

११. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फिज गर्नुपर्ने भए फिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस नगरपालिकालाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि निकासा भएको रु.४,०४,२८,३००।- रकममध्ये रु.४,०४,१३,२००।- खर्च जनाई बाँकी रहेको रु.१५,१००।- फिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी नगरपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो । फ्रिज गर्नुपर्ने बजेट खर्च नभई मौज्दात रहेको रकम सर्वसञ्चित कोष दाखीला गर्नुपर्दछ ।

१२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेस्कि बाकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्म ४ कर्मचारीका नाममा सामाजिक सुरक्षा तथा तलवभत्ता वापत रु. ४,०९,५८,२००।- पेश्की बांकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१३. **गाँउ विकास समितिको लेखापरीक्षण :** नेपालको संविधानको धारा २४१ मा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ । यस नगरपालिका अर्न्तगत रहेका निम्नअनुसारका गाउँ विकास समितिहरुले २०७३।७४ को अन्तिम लेखापरीक्षण लागि स्रेस्ता पेश गरेको छैनन । देहायका गाउँ विकास समितिहरुलाई यस वर्ष निकाशा तथा खर्च सम्वन्धमा तालुक निकायवाट छानविन गरि निकासा भएको रकम तथा अन्य कारोवारको स्रेस्ता पेश गरि लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

| सिं. नं. | गाविसको नाम | चालु निकासा | पुजिगत निकासा |
|---|---|---|---|
| १ | दुवरकोट | १८१०००.०० | नखुल्ने |
| २ | वलहा सघारा | १८१०००.०० | नखुल्ने |
| ३ | लक्कर | नखुल्ने | नखुल्ने |
| ४ | हरिने | १८१०००.०० | नखुल्ने |

१४. **आन्तरिक नियन्त्रण:** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, रसिद नियन्त्रण खाता नराखेको, मूल्य

अभिवृद्धि करको जानकारी दिने नगरेको, आन्तरिक आयको हिसाव नदेखाएको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

**माचिभिटकैया गाउँ विकास समिति**

१५. **मालपोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्षको असुली रु.२०,५५०।- को २५ प्रतिशतले हुने रु.५१३७- जिल्ला समन्वय समितिमा वुझाउनु पर्नेमा नपाठाएकोले उक्त रकम सम्वन्धित निकायमा पठाउनु पर्दछ ।

१६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु. २८,६१,४८२।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो वर्षको ८ जना व्यक्ति वा संस्थाको नाममा गएको पेश्की रु.१३,३०,०००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१७. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आई.सी.वैक, जनकपुरमा रहेको खातामा रु.१५३।- बाँकी रहकोमा मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ ।

१८. **मुद्दा खर्च :** प्राप्त आय व्यय विवरणमा मुद्दा खर्च भनि रु.१,५५,०००।- खर्च लेखेकोमा उक्त खर्च के कति प्रयोजनको लागि खर्च भएको हो सोको स्रेस्ता पेश हुनु पर्दछ ।

१९. **भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर भुक्तानी रकमको १.५ प्रतिशत र भाडा कर १० प्रतिशतले कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त आय व्यय विवरण अनुसार सार्वजनिक निर्माण वापत रु.२२,८१,३५४।- खर्च भएको मध्ये पोल ढुवानी भाडा रु.१,४०,०००।-र जे.सी.भि भाडा रु.१,१०,०००।- भुक्तानी खर्चमा नियम अनुसार १० प्रतिशतले हुने भाडा कर रु.२५,०००।- कट्टी गर्नु पर्नेमा नगरेकोले उक्त रकम असुल हुनु पर्दछ ।

**सिग्याही मडान गाउँ विकास समिति**

२०. **मालपोत** : स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यो वर्षको असुली रु.७,९८९।- को २५ प्रतिशतले हुने रु.१,९९७- जिल्ला समन्वय समिति मा वुझाउनु पर्नेमा नपाठाएकोले उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२१. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.११,५८,४०३।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.५ करोड ६८ लाख ३३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु. ५ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४० लाख ४२ हजार र पेश्की रु.४ करोड २२ लाख ८८ हजार रहेको छ ।

# मिथिला विहारी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २१ लाख ५ हजार र यो वर्ष आय रु.१० करोड ३० लाख २९ हजार समेत रु.११ करोड ५१ लाख ३४ हजार आम्दानी भएकोमा रु.७ करोड ५५ लाख ५८ हजार खर्च भई रु.३ करोड ९५ लाख ७६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट यस नगरपालिका गठन भै साविकका ७ वटा गाउँ विकास समितिहरु यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन्। साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै नगरपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेका चलअचलन सम्पत्तिको विवरण सहित गाउँ विकास समितिले बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतका जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवश्यकता अनुसार छुट्टै रजिष्टरमा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट वुझाएको देखिएन। यसमा सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

२. **आन्तरिक आय :** स्थानीय सरकारसंचालन ऐन, २०७४, अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा नगरपालिकको क्षेत्र भित्रका आया आर्जन हुने आयका श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ। विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ। यसमा नगरपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ।

३. **जिम्मेवारी/वरबुझारथ :** गत विगत वर्षहरुमा साविकका गाउँ विकास समितिहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुंदा देखिएका वेरुजु तथा पेश्की रकमको लगत अध्यावधिक गरी फछ्र्यौट बाँकी वेरुज तथा पेश्की नगरपालिकाले आफ्नो जिम्मा लिई लगत कायम गरी फछ्र्यौट गर्ने गराउने तर्फ तदारुकता देखाउनु पर्दछ।

४. **रसिद नियन्त्रण :** यस नगरपालिका अन्तर्गतका गाउँ विकास समितिहरुमा आ.व. ०७३।७४ सम्मको छपाई भएर प्रयोग भै बाँकी रहेका विविध तथा मालपोत असुलीका लागि प्रयोग हुने नगदी रसिदहरु के कति बांकी रहेका छन्। तिनको रसिद नियन्त्रण खाता राखिएको छ छैन। सो को अध्यावधिक गरे नगरेको एकिन गरी नगरपालिकाको नियन्त्रण रहने गरी नगदी रसिदको दुरुपयोग हुन नपाउने गरी व्यवस्थापन गर्न जरुरी देखिएको छ। यसमा कार्यालय प्रमुखले विशेष ध्यान दिनु पर्दछ।

५. **विल भर्पाई वेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। नगरपालिकाले ३ कारोवारको रकम भुक्तानी गर्दा विल भरपाई वेगर रु.१६३५९७।- भुक्तानी गरेको नियमसम्मत् देखिएन। वजेट खर्च लेख्दा विल भरपाई सहित पेश गर्नुपर्दछ।

६. **वढी भुक्तानी :** २०७४।३।२१, प्रा.स. राज कुमार मण्डल समेतको २०७३ कार्तिक देखि जेष्ठसम्मको तलव भत्ता वापत रु.३,११,३०६।- खर्च लेखेको छ। उक्त खर्च लेख्दा राज कुमार मण्डलको नाममा रु.९०,०००।- कट्टा गरेर मात्र भुक्तानी दिन उल्लेख गरेको देखियो। खर्च लेख्दा उक्त रकम कट्टा नगरी पुरै खर्च लेखेको हुंदा उक्त रकम असुल गरी सर्व संचित कोषमा दाखिला हुनु पर्दछ।

७. **कर छुट :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ। दुर्गा मन्दिर निर्माण उपभोक्ता समितिबाट मन्दिर निर्माण वापत ३ लाख खर्च लेखेको मध्ये राजु हार्डवयेरबाट सिमेन्ट टायल खरीद गरेको ७ थान विलको रु.१,९०,६९६।- मा १.५ प्रतिशत अग्रिम कर कट्टा नगरेकोले रु.२,८६०।- असुल गर्नु पर्दछ।

८. **वितरण :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। अम्वे कंक्रिट उद्योगबाट खुल्ला दिशा मुक्त कार्यक्रमको लागि चर्पि निर्माण गर्न रिङ ३०० थान र ढकना ९१ थान खरीद गरी रु.१,८५,००।- खर्च लेखेको छ। वितरण भर्पाई अनुसार ढकना पुरै वितरण गरेको र रिङ प्रति व्यक्ति ३ वटाका दरले ९३ जनालाई २७९ थान मात्र वितरण गरेको भर्पाई पेश भएकोले २१ थान घटि वितरण भएको रिङको प्रति थान रु.४७५।- ले रु.९,९७५।- असुल गर्नु पर्दछ।

९. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ। यस नगरपालिका अन्तर्गत वडा कार्यालयबाट मालपात असुली रकम रु.८५,८३७।- प्राप्त भएको छ भने वडा

नं.१ भुतही पर्टेवाबाट माछापालन पोखरी ठेक्का बापत रु.१,००,००।- प्राप्त भै आम्दानी जनाएको देखियो। माछापालन पोखरी ठेक्काको फाइल लेखापरीक्षणमा माग गरिएकोमा प्राप्त नभएकोले प्राप्त हुनु पर्ने रकम पुरै आय नआएको एकिन गर्न सकिएन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

**भुतही पटेर्वा गाउँ विकास समिति**

१०. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.६,१७,२७१।-पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

११. **मालपोत** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । गत वर्षसम्मको मालपोत असुली मध्ये जिल्ला समन्वय समिति पठाउनु पर्ने रु.१२,९३४।६४ र यो वर्षको असुली रु.९,७६०।- को २५ प्रतिशतले हुने रु.२,४४०।- समेत रु.१५,२७२।- जिल्ला समन्वय समितिमा बुझाउनु पर्नेमा रु.९,२१५।- मात्र बुझाएकोले बाँकी रकम रु.६,१५७।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१२. **पोखरी ठेक्का :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्बन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ। यस गाउ विकास समिति अन्तर्गत ठेक्कामा लगाएको पोखरी संख्या र आय रकमको विवरण पेश भएको छैन। गाउ विकास समितिले झम्मर मरर पोखरीको ठेक्का वापत रु.३,७१,५००।- प्राप्त हुनु पर्नेमा फाल्गुणसम्ममा रु.२,४१,०००।- प्राप्त भएइको देखियो बाँकी रकम रु.१,३०,५००।- असुल गर्नु पर्दछ ।

१३. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.२२,५१८।- बाँकी रहको देखाएको छ । उक्त खाताको माग गरी मौज्दात नगरपालिकाको नाममा रहेको मूल खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नुपर्दछ ।

**मिथिलेश्वर निकास गाउँ विकास समिति**

१४. **भत्ता** : गाउँ विकास समितिले अध्यक्षको समेत कार्यभार सम्हाली कार्य गर्दा मासिक रु.१,५००।- भत्ता पाउने व्यवस्था छ । यस अनुसार २०७३ श्रावण देखि फाल्गुणसम्ममा रु.१२,०००।- मात्र पत्ता पाउने देखिन्छ तर खर्च विवरणमा अध्यक्ष भत्ता वापत रु.५६,६६०।- खर्च लेखेको देखिएकोले वढी खर्च रु.४४,६६०।- का सम्वन्धमा खर्च सम्वन्धितबाट असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

१५. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२५,८३,४८०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१६. **नगद मौज्दात :** गाउविकास समिति सचिव गोपाल यादवको जिम्मामा रहेको गत वर्ष देखिको नगद मौज्दात रु.३२,३३३।- रहेको देखियो । विगत वर्षदेखि कर्मचारीले लिएको नगद मा १० प्रतिशत व्याज सहित असुल गरि वेरुजु खातामा दाखिला गर्नु पर्दछ ।

१७. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउ विकास

समितिको नाममा एन.आइ.सी. वैंक, जनकपुरमा रहेको खातामा रु.३,२०९।८४ मौज्दात देखाएको छ। उक्त खाता वन्द गरी मौज्दात रकम नेपाल राष्ट्र वैंकमा नगरपालिकाको नाममा रहेको कोष खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

**मिथिलेश्वर मौबाही गाउँ विकास समिति**

१८. **मालपोत असुली :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुली रु.८,२३२।- मात्र रहेको पाईयो। उक्त रकम मध्ये २५ प्रतिशत जिल्ला समन्वय समितिको खातामा दाखिला गर्नुपर्ने २,०५८।- दाखिला गरेको देखिएन। गत वर्षको मालपोत असुली मध्ये जिल्ला समन्वय समितिमा पठाउनु बांकी देखिएको रु.२,१७०।- समेत जम्मा रु.४,२१८।- दाखिला गर्नु पर्दछ।

१९. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१३,५७,५७२।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

२०. **रसिद नियन्त्रण:** यस वर्ष गाउँ विकास समितिबाट मालपोत असुलीमा रसिद नम्वर १३९१० देखि १४००० सम्म र ९६५१-९८०४ सम्मका रसिद प्रयोग भएको मालपोत असुली विवरणबाट देखिएको छ। यो वर्ष मालपोत असुली तथा अन्य आम्दानीको लागि के कति रसिद छपाई के कति प्रयोग भै बाँकी रहेको छन्। सो को नियन्त्रण खाता अध्यावधिक गरी रसिदको दुरुपयोग हुन नसक्ने गरी नगरपालिकाले नियन्त्रण गर्नु पर्दछ।

२१. **नगद :** प्राप्त आय व्यय विवरण अनुसार रु.९,०२६।- नगद मौज्दात देखिएको हुंदा उक्त रकम नगरपालिका को मुलकोष खातामा वैंक दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ।

२२. **वैंक खाता:** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन आई वैक, जनकपुरमा रहेको खातामा रु.३,५९१।-, नेपाल वैंक लिमिटेड जनकपुरमा रु.२८,३६९।- (मुद्दती समेत) र रा.बा.वैंकमा र.१,०७,०६८।- समेत कुल रु.१३९०२९।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेमेन्ट माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल खातामा दाखिला गरी अन्य वैंकको खाता वन्द गर्नु पर्दछ।

**कजरा रमौल गाउ विकास समिति**

२३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट रु.११,८५५।- असुल भएको विवरण पेश भएको छ। सो रकम मध्ये रु.२,९६३।- र गत वर्षको बांकी रु.४,४२८।- समेत रु.७,३९१।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

२४. **रसिद नियन्त्रण :** यो वर्ष मालपोत असुलीमा रसिद नम्वर ६७०१ देखि ६७५०, रसिद नम्वर १६४०१ देखि १६५००, ७००१ देखि ७०५० र ७१०१ देखि ७१५० नम्वरसम्मका रसिद प्रयोग गरेको विवरण पेश गरेको छ। मालपोत असुली तथा अन्य विविध आम्दानीको लागि के कति रसिदि छपाई भै प्रयोग भए र बाँकी रसिदको दुरुपयोग हुन नपाउने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ।

२५. **गतवर्षको पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.७,५८,७६४।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

२६. **नगद मौज्दात :** यस गाउँ विकास समितिबाट प्राप्त आय-व्यय विवरण अनुसार रु.१०,८५५।- नगद मौज्दात रहेको देखिन्छ। उक्त रकम यथाशिघ्र नगरपालिकाको मूल कोषमा दाखिला गर्नु पर्दछ।

२७. **वैक खाता :**स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउविकास समितिको नाममा एन.आइ.सी. वैंक, जनकपुरमा रहेको खातामा रु.६६१।- मौज्दात देखाएको छ। उक्त खाता वन्द गरी मौज्दात रकम नेपाल राष्ट्र वैंकमा नगरपालिकाको नाममा रहेको कोष खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

**तारापट्टी सिर्सिया  गाउ विकास समिति**

२८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुली रु.६,२८२।- भएको मध्ये जिल्ला विकास समितिमा पठाउनु पर्ने रु.१,६७१।- जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्दछ।

२९. **रसिद नियन्त्रण :** मालपोत असुली तथा अन्य विविध आम्दानीका प्रयोग हुने के कति रसिद छपाई के कति प्रयोग भै बाँकी रहेको छन् सो रेकर्ड अध्यावधिक गरी रसिद नियन्त्रण खाता राख्नु पर्नेमा सो  को विवरण पेश नभएकोले यस सम्वन्धमा नगरपालिकाले छानविन  गर्नु पर्दछ।

३०. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.६,०२७- बाँकी रहको देखाएको छ। उक्त खाताको माग गरी मौज्दात रकम नगरपालिकाको नाममा रहेको मूल खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

३१. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.३,७१,०५५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

३२. **नगद मौज्दात :** यस गाउँ विकास समितिबाट प्राप्त आय-व्यय विवरण अनुसार रु.१२,९७७- नगद मौज्दात रहेको देखिन्छ। उक्त रकम यथाशिघ्र नगरपालिकाको मूल कोषमा दाखिला गर्नु पर्दछ।

**ठेरा कचुरी गाउ विकास समिति**

३३. **मालपोत :**स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस वर्ष ३०७३ फाल्गुण २७ सम्ममा मालपोत वापत रु.३६,१२९।- असुली गरेको देखिन्छ। उक्त रकम मध्ये २५ प्रतिशतले हुने ९,०३२।- र गत वर्षको दाखिला गर्न बाँकी रु.५,१२७- समेत रु.१४,१६०।- जिल्ला समन्वय समितिमा दाखिला गर्नु पर्नेमा दाखिला गरेको देखिएन उक्त रकम शिघ्र दाखिला गर्नु पर्दछ।

३४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१७,४३,९६०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यो वर्ष हरि नारायण यादवको नाममा फर्निचर  खरिद वापतको पेश्की रु.९८,०००।- फछ्र्यौट हुन बाँकी देखाएको छ। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

३५. **नगद मौज्दात:** प्राप्त आय व्यय विवरणमा कोष खातातर्फ रु.५६,६४०।- र चालु खातामा रु.१,००५।- समेत रु.५७,६४५।– नगद मौज्दात देखाएकोले उक्त रकम नगरपालिकामा दाखिला प्रमाण पेश हुनु पर्दछ।

३६. **सामाजिक सुरक्षा कर :** विभिन्न भुक्तानीमा कट्टी गरेको सामाजिक सुरक्षा कर वापतको रु.२,०६८।-कर्मचारीका नाममा रहेको प्रतिवेदनबाट देखिएको छ। उक्त रकम राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

३७. **रसिद नियन्त्रण :** यस गा.वि.स. मालपोत असुली तथा विविध रकम असुलीका लागि के कति रसिद छपाई भै प्रयोग भए र बाँकी रहेका छन्। सो को विवरण पेश गरी रसिद नियन्त्रण खाता राखी रसिद दुरुपयोग नहुने व्यवस्था गर्नु पर्दछ।

**अन्दुपट्टी गाविसः**

३८. **सामाजिक सुरक्षा कर :** विभिन्न भुक्तानीमा कट्टी गरेको सामाजिक सुरक्षा कर रु.१,११९।- गत वर्षसम्म कट्टी भै बाँकी रु.३,९२४।- समेत रु.५,०४३।- कर दाखिला भएको देखिएन। सामाजिक सुरक्षा वापत दाखिला गर्न बाँकी रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ।

३९. **मालपोत :**स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत वापत रु. ११,९२४।- असुल गरेकोमा सो को २५ प्रतिशत जिल्ला समन्वय समितिमा पठाउनु पर्ने रु.२,९८१।- हालसम्म पठाएको नदेखिएकोले उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

४०. **पेश्कीः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु. १३,३८,५६९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यो वर्ष ३ उपभोक्ता समितिका नाममा रहेको रु. २,९०,०००।- पेश्की बाँकी रहेको देखियो। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

४१. **वैक खाताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.२,६३६।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात नगरपालिकाको नाममा रहेको मूल खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.११ लाख ७० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ९७ हजार र पेश्की रु.३ लाख ८८ हजार रहेको छ।

# शहीदनगर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४७ लाख १४ हजार र यो वर्ष आय रु.१५ करोड २९ लाख ३१ हजार समेत रु.१५ करोड ७६ लाख ४५ हजार आम्दानी भएकोमा रु.१२ करोड ९ लाख ४९ हजार खर्च भई रु.३ करोड ६६ लाख ९६ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयबाट यस नगरपालिका गठन भै साविकका ९ वटा गाउँ विकास समितिहरु यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै नगरपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेका चलअचलन सम्पत्तिको विवरण वनाई बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतका जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवश्यकता अनुसार छुट्टै सहायक खातामा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट यसको वुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ (६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस वर्ष सामाजिक सुरक्षा कार्यक्रममा रु.४०१४१४००।- निकासा भएकोमा रु.३९७१७४००।- खर्च गरि रु.४२४०००।- मौज्दात रहेको देखियो । फ्रिज गर्नुपर्ने रकम मुलकोषमा जम्मा गरेकोले उक्त रकम संचितकोष दाखिला गर्नुपर्दछ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेस्कि बाकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्य ८ वडा सचिव तथा २ संघसंस्थाको नाममा रु.२५४८२१७६।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **अग्रिम कर :** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ७ खरिदमा अग्रिम आयकर कट्टी गरेको पाइएन । कट्टा नभएको अग्रिम आयकर रु.१४९५७.२५ असुल गरी राजश्व दाखिला गर्नुपर्दछ ।

५. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । नगरपालिका को कार्यालयको आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

६. **गाउ विकास समिति तर्फको लेखापरीक्षण :** नेपालको संविधानको धारा २४१ मा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ । यस नगरपालिका अर्न्तगत रहेका निम्नअनुसारका गाउ विकास समितिहरुले आर्थिक वर्ष २०७३/०७४को अन्तिम लेखापरीक्षण लागि स्रेस्ता पेश गरेको छैनन । निम्न अनुसारका गाउ विकास समितिहरुलाई यस वर्ष निकाशा तथा खर्च सम्वन्धमा तालुक निकायवाट छानविन गरि निकासा भएको रकम तथा अन्य कारोवारको स्रेस्ता पेश गरि लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

| सिं. नं. | गाविसको नाम | चालु निकासा | पुजिगत निकासा |
|---|---|---|---|
| १ | चोराकोयलपुर | १८१०००.०० | ११३०३२०.०० |
| २ | गोठकोयलपुर | नखुल्ने | नखुल्ने |
| ३ | धवौली | १८१०००.०० | १८५९६५५.०० |

७. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको असुल फछ्र्यौट नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, ररिद नियन्त्रण खाता नराखेको, तोकिएको समयावधि भित्र राजश्व दाखिला हुने नगरेको जस्ता कमी कमजोरी देखिएका

छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

**बालाबाखर गाउँ विकास समिति**

८. **वैंक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एभरेष्ट बैकमा, जनकपुरमा रहेको खातामा रु.१०००००।- बाँकी रहको देखाएको छ। उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम नगरपालिकाको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ ।

९. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.२०२५१।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१०. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट रु.१३९९०।- असुल भएकोमा सो रकम मध्ये रु.३४९७।- र गत बर्षको रु.८४३६।- समेत जम्मा रु.११९३३।- जिल्ला समन्वय समिति पठाउनु पर्दछ ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.८०८४८५।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष सडक मर्मतका लागि शुरेस प्रसाद यादवका नाममा रु.६००००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१२. **सामाजिक सुरक्षा कर :** यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा नगरेको सामाजिक सुरक्षा कर वापतको रु.२०३५।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

**यदुकोहा गाउँ विकास समिति**

१३. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा, जनकपुरमा रहेको खातामा रु.१,००३।- बाँकी रहको देखाएको छ । उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम ने.रा. वैंकमा नगरपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नु पर्दछ ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। साविक गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२,२०,०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष सडक मर्मतका लागि वसन्त ठाकुर हजार नाममा रु.३५,०००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१५. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.५,२०५।९१ असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये

२५ प्रतिशतले हुने रु.१,३०१।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ। मालपोत असुली आय व्यय विवरणमा रु.६१९।- घटी आम्दानी देखाएकोले सो रकम असुल गर्नु पर्दछ।

१६. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.२३५३।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ।

**ननुपट्टी गाउं विकास समिति**

१७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यो वर्ष मालपोत असुलीबाट रु.९०७२।- असुल भएको विवरण पेश भएको छ। सो रकम मध्ये २५ प्रतिशत ले हुने रु.२२६८।- र गत बर्षको रु.२०३२६।- समेत जम्मा रु.२२५९४।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

१८. **कट्टी कर्मचारी संचयकोष :** कार्यालयले राजदेव यादवको गतवर्षदेखिको रु.९२८५०।- तथा राम सेवक पासवानको गतवर्षदेखिको रु.६७९५६।- गरि कुल रु.१६०८०६।- कर्मचारी संचयकोषमा दाखिला गर्न बाँकी रहेको आन्तरिक लेखापरीक्षणवाट समेत औंल्याएको वेरुजु असुल फछ्र्यौट गरेको छैन। कर्मचारीको संचयकोष तोकिएको समयमानै दाखिला गर्नुपर्दछ।

१९. **सामाजिक सुरक्षा कर :** यस आर्थिक वर्षमा कर्मचारीको तलबबाट सामाजिक सुरक्षा कर वापत कट्टी गरेको रु.१६१५।- सम्वन्धित खातामा जम्मा गर्नुपर्दछ।

२०. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.९८३।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ।

२१. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.८२०७९०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ।

२२. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गनुंपनें व्यवस्था छ। कायांलयल विभिन्न ५ खरिदमा अग्रिम आयकर कट्टी गरेको पाइएन। अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.१००४४।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ।

**पचहर्बा गाउं विकास समिति**

२३. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ। यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा, जनकपुरमा रहेको खातामा रु.२८६९७- बाँकी रहको देखाएको छ। उक्त खाताको रकम नगरपालिकाको मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१९३०५०९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष सडक मर्मतका लागि विकास निर्माण उपभोक्ता समिति,पचहर्वाको रु.१९८०००।- पेश्की बाँकी

रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२५. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउविकास समितिको कार्यालयको आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ।

**हठीपुर हडबरा गाउँ विकास समिति**

२६. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१३,६४०।- देखिएकोले उक्त रकम नगरपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

२७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.६,६६९।- असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये रु.१,६६७।- जिल्ल समन्वय समितिमा पठाउनु पर्दछ ।

२८. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१५,८५,७१९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस विभिन्न ५ उपभोक्ता समितिका नाममा रु.५,२८,७००।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

**विसरभोडा गाउँ विकास समिति**

२९. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ यो वर्ष मालपोत असुलीबाट रु.४,८९५।- असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये २५ प्रतिशत रु.१,२२३।- र गत बर्षको रु.४१५।-समेत जम्मा रु.१,६३९।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३०. **सामाजिक सुरक्षा कर :** यस आर्थिक वर्षमा कर्मचारीको तलबबाट कट्टी रु.३,२५३।- तथा गत आर्थिक वर्षमा कट्टी भएको सामाजिक सुरक्षा कर रकम रु.१०,००१।- समेत जम्मा रु.१३,२५४।- कट्टी गरेकोमा हाल सम्म सम्वन्धित खातामा जम्मा भएको देखिएन । कट्टा भएको कर रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

३१. **कर्मचारी संचयकोष :** यो वर्ष गाउविकास समितिले कर्मचारीको तलबभत्ता भुक्तानीमा गर्दा संचयकोषदाखिला नगरि बांकी रकम रु.१,९७,७७८।- जम्मा गर्नु पर्नेमा हाल सम्म सम्वन्धित खातामा जम्मा भएको देखिएन । कट्टा भएको संचयकोषको रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

३२. **तलब खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(६)मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउ विकास समितिको कार्यालयले यो वर्ष तलब भत्ता रकम चालु खर्चको श्रोतबाट खर्च लेखिनु पर्नेमा पूजिगत खाताबाट रु.१,३९,४७३।-खर्च लेखेको देखियो । विकास निर्माणको लागि विनियोजित वजेटवाट कर्मचारीको तलव भत्ता खर्च लेखेको नियमसम्मत् देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३३. **बढि भुक्तानी :** कार्यालयले कर्मचारीको तलव भुक्तानी गर्दाआफूले रकम दिप कुमार महतोलाई रु.१,४८६।- र राकेश बनरैतलाई रु.३,५००।- समेत कुल रु.४,९८६।- वढि भुक्तानी भएको देखियो । वढि भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

३४. **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१७,७१,५००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष ३ कर्मचारीका नाममा रु.२५,०८,१८६।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ३३ लाख ४० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४८ हजार, नियमित गर्नुपर्ने रु.४४ लाख ८० हजार र पेश्की रु.२ करोड ८८ लाख १२ हजार रहेको छ ।

# वटेश्वर गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउपालिकाको गत वर्षको मौज्दात रु.९ लाख ३८ हजार र यो वर्ष आय रु.४ करोड १८ लाख ५८ हजार समेत रु.४ करोड २७ लाख ९६ हजार आम्दानी भएकोमा रु.३ करोड ३ लाख ८३ हजार खर्च भई रु.१ करोड २४ लाख १३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रममा रु.९३,६८,६००।- निकासा भएकोमा रु.९,३६,४००।- खर्च भई रु.४,६००।- बाँकी रहेकोमा फ्रिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी गाउँपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो । उक्त रकम सञ्चित कोष दाखीला गर्नुपर्दछ ।

२. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय वमोजिमको खरिद तथा सेवामा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको ३ भुक्तानीको अग्रिम आयकर रु.२५६११।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

३. **गाडि भाडा :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।०३।०४ परिपत्र वमोजिम स्थानीय तहमा विनियोजित वजेटवाट निर्वाचित प्रतिनिधि नभएको अवस्थामा गाडि भाडा खर्च गर्न नपाइने उल्लेख छ । यस वर्ष गाउपालिका ले कार्यालय प्रयोजनका निमित्त २०७४ जेष्ठ महिनामा गाडि भाडामा लिई रु.९०,०००।- गरेको छ । यसरी परिपत्रको मनशाय विपरित गाडि भाडामा लिई खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

४. **विलभरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिका को कार्यालयले परिवर्तन खानेपानी संस्थालाई आयोजना संचालन गर्न सम्झौता तथा विल भरपाई वेगर पेश्की समेत नजनाई रु.९,००,०००।- वजेट खर्च लेखेको नियमसम्मत् देखिएन । खर्चको विल भरपाईका आधारमा मात्र बजेट खर्च लेख्नु पर्दछ।

५. **गत वर्षको भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९(न) मा भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर कार्यालय सहयोगी राम आशिष महतोको २०७२ चैत्र देखी २०७३ आषाढ सम्मको तलव भुक्तानी गरेको रु.४०,०००।- नियम संगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नु पर्दछ ।

६. **आन्तरिक आय :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउपालिकाले प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । यस वर्ष गाउपालिकाको कार्यालयको आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकमका सम्वन्धमा छानविन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

७. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम मूल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस वर्ष भुक्तानी भएका विभिन्न ६ आपुर्तकलाई मूल्य अभिवृदि कर रु.३०३१०६।- भुक्तानी गरेकोमा सोको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाएको देखिएन। अत: कार्यालयले नियमानुसार कर भुक्तानीको जानकारी दिनुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अद्यावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, रसिद नियन्त्रण खाता नराखेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

**वटेश्वर गाउँ विकास समिति**

९. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतबाट रु.३४३३५।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.८५८१।- र गत वर्षको बाँकी रु.६,३६७।- समेत जम्मा रु.१४९४८।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१०. **कर्मचारी संचयकोष :** कार्यालयले प्रा. स सुरेश कुमार महतोको २०७३ भाद्र देखीको कर्मचारी संचयकोष रकम रु.४९,६६८।- दाखिला गरेको देखिएन । उक्त संचयकोष वापतको रकम दाखिला गर्नुपर्दछ ।

११. **पारिश्रमिक :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ४४ मा गाउ विकास समितिको अध्यक्षको मासिक पारिश्रमिक रु.१,५००।- भुक्तानी दिनुपर्ने उल्लेख छ । यस गाउ विकास समितिमा कार्यरत सचिव सरोज मिश्रले ६ महिनाको प्रति महिना रु.६,०००।- का दरले रु.३६,०००।- तथा सचिव केशव काफ्लेले २ महिनाको रु.१२,०००।- गरि कुल ४८०००।- वजेट खर्च लेखेको नियमसम्मत् देखिएन। तोकिए भन्दा वढि भुक्तानी दिएको पारिश्रमिक त्रमस रु.२७,०००।- तथा रु.९,०००।- गरि कुल रु.३६०००।- असुल गर्नुपर्दछ ।

१२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्यसम्म ४ उपभोक्ता समितिका नाममा रु.४,२५,०००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**लक्ष्मिनिवास गाउ विकास समिति**

१३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.११,५८२।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.२,८९६।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१४. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार नगद वाकी रहेको रु.२८९५।- तथा एन आइसी वैकको मौज्दात रु.२,००४।- गरि कुल रु.४,९००।- गाउंपालिका को खातामा जम्मा गरेको देखिएन । उक्त रकम गाउपालिका को खातामा जम्मा गर्नुपर्दछ ।

१५. **सामाजिक सुरक्षा कर** : यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा गरेको सामाजिक सुरक्षा कर वापतको रु.१,३०१।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१८ लाख ८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६३ हजार, नियमित गर्नुपर्ने रु.१३ लाख २० हजार र पेश्की रु.४ लाख २५ हजार रहेको छ।

# मुखियापट्टी मुसहरनिया गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२८ लाख ५० हजार र यो वर्ष आय रु.४ करोड ४३ लाख ९३ हजार समेत रु.४ करोड ७२ लाख ४३ हजार आम्दानी भएकोमा रु.३ करोड ९४ लाख ६३ हजार खर्च भई रु.७७ लाख ८० हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा गाउपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस गाउपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट गाउपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

२. **प्रतिसपर्धा वेगर खरिद :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि १० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीको उक्त व्यवस्था अनुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा रु.२०१६३५७- फर्निचरका सामग्री खरीद गर्दा सोझै खरीद गरेको नियमसम्मत् देखिएन । खरीद कार्य गर्दा खरिद नियमको पालना हुनुपर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्यसम्म ३ कर्मचारीको नाममा सामाजिक सुरक्षा भत्ता तथा कार्यक्रम संचालन गर्न रु.८६,७१,२००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ ।

४. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १४ आपुर्तकवाट विभिन्न सामाग्री तथा सेवा खरिद गरि भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.९८६३५।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

५. **आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ढ) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक ढलान उपभोक्ता समितिलाई वाटो निर्माण कार्यको लागि नगरपालिकावाट रु.१३,५०,०००।- तथा उपभोक्ता समितिवाट रु.१,८३,२२७- व्ययभार हुने गरि सम्झौता भएकोमा सो कार्यको मूल्याकंन रु.१३,००,२२७- भएकोमा उपभोक्ताको असं कट्टा गरि रु.११,४४,८४५।- भुक्तानी गर्नुपर्नेमा रु.१३,००,०००।- वजेट खर्च लेखेकोले उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रु.१,५५,१५४।- असुल गरि संचित कोष दाखिला हुनु पर्दछ ।

६. **गाडि भाडा :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७४।३।४ परिपत्र वमोजिम स्थानीय तहमा विनियोजित वजेटवाट निर्वाचित प्रतिनिधि नभएको अवस्थामा गाडि भाडा खर्च गर्न नपाइने उल्लेख छ। यस वर्ष गाउपालिका ले कार्यालय प्रयोजनका निमित्त २०७४ वैशाख तथा जेष्ठ महिनामा गाडि भाडामा लिई रु.२,२०,०००।- खर्च गरेको छ । यसरी परिपत्रको मनशाय विपरित गाडिभाडामा लिई खर्च गर्नेकार्य नियन्त्रण गर्नुपर्दछ ।

७. **बढी भुक्तानी** : भवन निर्माण उपभोक्ता समितिले कार्यालय परिसरमा भवन निर्माण गरी सोको मूल्याकंन रु.२,०३,९१२।३६ भएकोमा उपभोक्ता समितिलाई रु.२,१७,५२२।- भुक्तानी गरेको पाइयो । प्राविधिक मूल्याकंन भन्दा वढि भुक्तानी भएको रु.१३,६१०।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

८. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ध) वमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ । सयुक्त वडा कार्यालय ४,५,६ ले देहाय वमोजिमका ५ आयोजना संचालन गरि भुक्तानी गरेकोमा प्राविधिक

नापजाँच गरि कार्यसम्पन्नको आधारमा भुक्तानी दिनुपर्नेमा कर्यसम्पन्न प्रतिवेदन वेगर रु.१२२४५००।- भुक्तानी गरेको देखियो । कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र वजेट खर्च गर्नुपर्दछ ।

९. **दाखिला :** यस वर्ष विभिन्न फर्म तथा व्यक्तिवाट कट्टा भएको पारिश्रमिक कर रु.५०२।- अग्रिम आयकर रु.१९४०।- नागरिक लगानीकोष रु.८००।- तथा कर्मचारी संचयकोष रु.१०,८००।- समेत कुल रु.१४,०४२।- सम्वन्धित खातामा जम्मा गरेको देखिएन । उक्त रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ।

**तुल्सीहायी निकास गाविस**

१०. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार  गाउ विकास समितिका सचिव निरसन शाह सग वाकी मौज्दात रहेको रु.९२,०१३।- तथा गाउ विकास समितिमा चालु वर्षमा नगद मौज्दात रहेको रु.२,४५८।- गरि कुल रु९४,४७१।- गाउपालिका को खातामा जम्मा भएको देखिएन । उक्त रकम गाउपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

११. **पोखरी ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(१) वमोजिम गाउँ विकास समितिले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त हुने रकम आम्दानी गर्नुपर्ने उल्लेख छ । गाउ विकास समितिको कार्यालयले ५ वर्षको लागि देवान पोखरी रु.५,२०,०००।- तथा वुधनसा पोखरी रु.१०,६०,०००।- गरि कुल रु.१५,८०,०००।- मा ठेक्का लगाएकोमा सो पोखरीको ठेक्कावाट यो वर्ष प्राप्त गर्नुपर्ने रु.३,१६,०००।- मध्ये रु.५०,०००।- मात्र असुल गरेको देखियो । यो वर्ष प्राप्त गर्नुपर्ने रु.२,६६,०००।– तथा गत विगत वर्षको वक्यौता समेत कार्यालयले एकिन गरि उक्त गाउपालिका को मुलकोष खातामा दाखिला गर्नुपर्दछ ।

१२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा  गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.१५,२७४।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.३,८१९।-वुझाउनुपर्नेमा रु.२,०००।- मात्र वुझाएको देखियो । वुझाउन वाँकी रु.१,८१९।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म २ उपभोक्ता समितिका नाममा रु.१,२५,०००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । गाउ विकास समितिको कार्यालयले संतोषीमाता संरक्षण समितिलाई संरक्षण कार्यक्रम संचालन गर्नका लागि रु.४०,०००।- वजेट खर्च लेखेकोमा सोको विल भरपाई तथा खर्च प्रमाणीत गर्ने कागजात पेश भएन । उक्त खर्चको विल भरपाई पेश गर्नुपर्दछ ।

**वहेडावेला गाउँ विकास समिति**

१५. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार गाउ विकास समिति तर्फ एन आइ सि एसिया वैकमा मौज्दात रहेको रु.३,९३०।- तथा नगद मौज्दात रु.४३७।- गरि कुल रु.४३६८।- हाल सम्म गाउपालिका को खातामा जम्मा भएको देखिएन । उक्त रकम गाउपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

१६. **कर दाखिला :** यस वर्ष कार्यालयले कर्मचारीको तलवमा कट्टा पारिश्रमिक कर रु.४,६६५।- तथा अग्रिम आयकर रु.१३३८।- समेत जम्मा रु.६,००३।- सम्वन्धित खातामा जम्मा भएको देखिएन । कट्टी गरि दाखिला नभएको रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

१७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म

१ कर्मचारी तथा १ उपभोक्ता समितिका नाममा रु.४,२५,०००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१८. **आय :** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धि नियमावली, २०६४ को नियम ४ (१) वमोजिम गाउँ विकास समितिले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त हुने रकम आम्दानी गर्नुपर्ने उल्लेख छ। गाउ विकास समितिले देहाय विभिन्न ३ ठेक्का तथा भाडामा लगाई यो वर्ष रु.३,३४,६००।- आम्दानी असुल गरेको देखिएन । असुल गर्न वाँकी रकमका सम्वन्धमा गाउपालिका वाट एकिन गरि उक्त रकम असुल गर्नुपर्दछ ।

१९. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा  गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.११,४३५।- आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.२८५९।- वुझाउनुपर्नेमा उक्त रकम जिल्ला समन्वय समितिमा वुझाएको देखिएन । वुझाउन वाँकी उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२०. **धरौटी जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रसाशन सम्वन्धि नियमावली, २०६४ को नियम १७३(१) वमोजिम प्रचलित कानूनबमोजिम राख्नुपर्ने धरौटी रकम सम्बन्धित स्थानीय निकायले तोकेको बैङ्कमा छुट्टै खाता खोली राख्नुपर्ने व्यवस्था छ । गाउ विकास समितिको कार्यालयले यस वर्षको जम्मा धरौटी आम्दानी रु.१,४७,३८३।७५ मध्ये रु.३६,५००।- फिर्ता भई वाँकी मौज्दात रु.१,१०,८८३।- रहेकोमा सो रकम कार्यालयले मुलकोष खातामा जम्मा भै खर्च भएको जनाएको छ । सो रकम गाउविकास समितिले गाउपालिका ले समेत जिम्मेवारी सारेको छैन । उक्त रकम मुलकोष खातामा मौज्दात हुनुपर्नेमा सो समेत नभएकोले कार्यालयवाट एकिन गरि धरौटी जिम्मेवारी सार्नुपर्दछ ।

२१. **गतवर्षको भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३९(न) मा भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको विवरण अनुसुची २४ अभिलेख प्रमाणीत वेगर यो वर्ष १३ पटक नियमित वैठक वसेको भनि रु.५७,२००।- वजेट खर्च लेखेको नियमसंगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नु पर्दछ ।

२२. **जिन्सी आम्दानी :** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम २१२(१) वमोजिम स्थानीय निकायमा खरिद गरि प्राप्त हुन आएका मालसामानको मूल्य खुलाई ७ दिन भित्रमा जिन्सी खातामा आम्दानी वाँध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले  रु.४९,९००।- मूल्यका २ थान मोवाइल खरिद गरि गाविस सचिव श्री पुष्पलाल ठाकुर र अंगदप्रसाद यादवले वुझेकोमा सो जिन्सी सामान जिन्सी खातामा आम्दानी वाँधेको देखिएन । खरिद भएका  २ थान मोवाइल जिन्सी खातामा आम्दानी वाध्नु पर्दछ ।

**तुल्सीहायी जव्दी  गाउँ विकास समिति**

२३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। कार्यालयले सुवधि समाज नेपाललाई कार्यक्रम संचालन गर्न दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म रु.१५००००।- पेश्की वाकी रहेको देखियो। नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

२४. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार गाउ विकास समिति तर्फ एन आइ सि एसिया वैकमा मौज्दात रहेको रु११४४६।- नगद मौज्दात रु.११३८।- तथा नेपाल वैक लिमिटेडमा रहेको रु.५२८०।- गरि कुल रु. १७८६५।- हाल सम्म गाउपालिका को खातामा जम्मा भएको देखिएन । उक्त रकम गाउपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

२५. **दाखिला :** यस वर्ष कार्यालयले कर्मचारीको तलवमा कट्टा सामाजिक सुरक्षा कर रु.११४६।- तथा संचयकोष कट्टा गरेको रु.२५०१८।- गरि कुल रु.२६१६४।- सम्वन्धित खातामा जम्मा भएको देखिएन । कट्टी गरि दाखिला नभएको रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

२६. **विल भरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । गाउ विकास समितिको कार्यालयले गाउपरिषद संचालन गर्नका लागि रु.५०,०००।- वजेट खर्च लेखेकोमा सोको विल भरपाई तथा खर्च प्रमाणीत गर्ने कागजात पेश भएन । उक्त खर्चको विल भरपाई पेश गर्नुपर्दछ।

२७. **आन्तरिक आय:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिला गर्नुपर्ने उल्लेख छ । गाविसको कार्यालयको आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

**मुखियापट्टी मुसहरनिया गाउँ विकास समिति**

२८. **वैंक मौज्दात :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउ विकास समितिको कार्यालयले २०७२/०७३ मा मौज्दात रहेको चालु तथा पूंजीगत गरि २ खाताको वास्तविक मौज्दात रु.७,१४,८२७- भएकोमा रु.२४३।७२ मात्र मौज्दात जिम्मेवारी सारी रु. ७,१४,५८४।- घटि जिम्मेवारी सारेको छ । यस सम्वन्धमा फरक जिम्मेवारी सारेको रकम उपर कार्यालयवाट छानविन गरि यकिन गर्नुपर्दछ ।

२९. स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयको स्रेस्ताअनुसार गाउ विकास समिति तर्फ एन आइ सि एसिया वैकमा मौज्दात रहेको रु. २५५१।- तथा नेपाल वैक लिमिटेडमा रहेको रु.१२२२२।- गरि कुल रु.१४७७३।- हालसम्म गाउपालिकाको खातामा जम्मा भएको देखिएन । उक्त रकम गाउपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

३०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। गाउ विकास समितिले हनुमान मन्दिर निर्माण उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म रु.१५००००।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

३१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट रु.२०,३१९।-आम्दानी गरेकोमा सोको पच्चिस प्रतिशतले हुने रु.५,०८०।-वुझाउनुपर्नेमा उक्त रकम जिल्ला समन्वय समितिमा वुझाएको देखिएन । वुझाउन वाँकी उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३२. **दाखिला :** यस वर्ष कार्यालयले कर्मचारीको संचयकोष कट्टी गरि दाखिला नभएको रु.२५०१९।-, तलव रु.१,६६,२८५।- भुक्तानीमा सामाजिक सुरक्षा कर रु.१,६०२।- कट्टा गरि कुल रु.२६,६२२।- सम्वन्धित खातामा जम्मा भएको देखिएन। कट्टी गरि दाखिला नभएको रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ।

३३. **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ध) वमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ । विधुतिकरण कार्यका लागि गाउ विकास समितिवाट रु.९२,०००।- वजेट खर्च लेखेकोमा सोको प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्नका आधारमा मात्र वजेट खर्च लेख्नुपर्दछ ।

३४. **आन्तरिक नियन्त्रण :** गाउँपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, जिन्सी सामानको उचित भण्डारको व्यवस्था गर्न नसकेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, समयमा पेश्की फछ्र्यौट नगरेको, वेरुजुको लगत नराखेको, पेश्की फछ्र्यौट तोकिएको समयमा हुने नगरेको, सूचना प्रवाहको लागि

हेल्प डेस्क नरहेको, रसिद नियन्त्रण खाता नराखेको,योजना फरफारक हुने नगरेको, नागरिक वडापत्र नराखेको जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ५२ लाख ४२ हजार बेरुजू कायम देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ८३ हजार फछ्र्यौट गरेकोले रु.१ करोड ४९ लाख ५९ हजार वेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.४५ लाख ७० हजार र पेश्की रु.९५ लाख २१ हजार रहेको छ ।

# औरही गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१२ लाख ९६ हजार र यो वर्ष आय रु.८ करोड ८९ लाख ४ हजार समेत रु.९ करोड २ लाख आम्दानी भएकोमा रु.८ करोड ८७ लाख ३९ हजार खर्च भई रु.२ करोड १४ लाख ६१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको निर्णयबाट यस गाउँपालिका गठन भै साविकका ६ वटा गाउँ विकास समितिहरु यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै गाउँपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा के कति चलअचलन सम्पत्ति रहेका छन् सो को विवरण सहित गाउँ विकास समितिको त्यसको विवरण वनाई बुझाउनु पर्ने र गाउपालिकाले यसरी प्राप्त सामान समेतको जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवस्यकता अनुसार छुट्टै रजिष्टरमा जनाई वुझाउनु पर्नेमा साविक गा.वि.स.बाट वुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२. **आन्तरिक आय :** स्थानीय सरकारसंचालन ऐन, २०७४, अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा गाउँपालिकको क्षेत्र भित्रका आया आर्जन हुने आयका श्रोतहरु ढुङा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ । विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका र त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ । यसमा गाउँपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ ।

३. **जिम्मेवारी/वरबुझारथ:** गत विगत वर्षहरुमा साविकका गाउँ विकास समितिहरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुंदा देखिएका वेरुजु तथा पेश्की रकमको लगत अध्यावधिक गरी फछ्र्यौट बाँकी वेरुजु तथा पेश्की गाउँपालिकाले आफ्नो जिम्मा लिई लगत कायम गरी फछ्र्यौट गर्ने गराउने तर्फ तदारुकता देखाउनु पर्दछ ।

४. **रसिद नियन्त्रण :** यस गाउँपालिका अन्तर्गतका गाउँ विकास समितिहरुमा आ.व. ०७३।७४ सम्मको छपाई भएर प्रयोग भै बाँकी रहेका विविध तथा मालपोत असुलीका लागि प्रयोग हुने नगदी रसिदहरु के कति बांकी रहेका छन्। तिनको रसिद नियन्त्रण खाता राखिएको छ छैन । सोको अध्यावधिक गरे नगरेको एकिन गरी गाउँपालिकाको नियन्त्रण रहने गरी नगदी रसिदको दुरुपयोग हुन नपाउने गरी व्यवस्थापन गर्न जरुरी देखिएको छ । यसमा कार्यालय प्रमुखले विशेष ध्यान दिनु पर्दछ ।

५. **प्रतिवेदन :** सूचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण तयार गर्न खुल्ला दरभाउपत्र माग गरी पेश भएका ३ थान दरभाउपत्र मध्ये घटिवाला इको प्लसको मू.अ.कर समेत रु.४,९८,३३०।- को दरभाउपत्र स्वीकृत गरी कार्य गराएको पाइयो । उक्त कार्यको कार्यसम्पन्न भएको प्रतिवेदन वेगर नै रु.४,९८,३३०।- खर्च लेखेको पाइयो । अतः सम्पन्न कार्यको प्रतिवेदन लिई जिन्सी आम्दानी समेत गर्नु पर्दछ ।

६. **कर छुट :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानीमा १.५ अग्रिम आय कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न ६ भुक्तानीमा उक्त कर कट्टी गरेको नदेखिएकोले निम्नानुसारको आय कर रु.९,४९३।- असुल गर्नु पर्दछ ।

७. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.२,३५,९३,८००।- निकासा दिएकोमा रु.२,३५,९२,८००।- वडा सचिवको नाममा पेश्की स्वरुप निकासा दिएको हुंदा बाँकी रकम रु.१,०००।- फ्रिज हुनु पर्नेमा मौज्दात राखेको हुंदा उक्त रकम वेरुजू खातामा दाखिला भौचर पेश गर्नु पर्दछ ।

८. **पेश्की** :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्नें व्यवस्था छ । गाउपालिका ले यो वर्ष दोश्रो र तेश्रो किस्ता सामाजिक सुरक्षा भत्ता वितरण गर्न तथा अन्य कार्यका लागि ८ कर्मचारीका नाममा रु.२,३६,३२,८००।- पेश्की दिएकोमा फछ्र्यौट भएको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार उक्त पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

**पौडेश्वर गाउँ विकास समिति**

९. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१०,२५०।- देखिएकोले उक्त रकम गाउँपालिकाको मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१०. **सामाजिक सुरक्षा कर :** तलव भत्ता भुक्तानीबाट कट्टी सामाजिक सुरक्षा कर वापतको रु.२,००२।- सम्वन्धित खातामा दाखिला गर्नु पर्नेमा बाँकी रहेकोले उक्त रकम दाखिला गर्नु पर्दछ ।

११. **कर्मचारी संचित कोष :** गाउ विकास समितिको कार्यालयले यो वर्ष कर्मचारीहरुको तलव भत्ता वितरण गर्दा कट्टा गरेको कर्मचारी संचय कोष वापतको रु.३३,७०२।- हालसम्म दाखिला गर्न बांकी देखिएकोले उक्त रकम दाखिला गर्नु पर्दछ ।

१२. **पेश्की बाँकी :** थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२२,४१,७४४।-पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष राज किशोर यादवको नाममा पोखरी मर्मतको लागि दिएको पेश्की रु.२,००,०००।- बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१३. **वैक खाताः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन आई सी वैक, जनकपुरमा रहेको खातामा रु.१५११।- बाँकी रहको देखाएको छ । उक्त खाताको स्टेटमेन्ट माग गरी मौज्दात रकम गाउपालिकाको रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ ।

**देउरी परवाह गाउँ विकास समिति**

१४. **सामाजिक सुरक्षा भत्ताः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यो वर्ष गाउविकास समितिको सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.२८,३०,४००।- निकासा दिएकोमा रु.२७,३०,४००।- वितरण गरि निकासा वाकी रु.१,००,०००।- फ्रिज गर्नु पर्नेमा अन्यत्र खर्च गरेको देखियो । उक्त रकम सम्वन्धित कर्मचारीवाट असुल गरी संचितकोष गर्नु पर्दछ ।

१५. **पूंजीगत खर्चः** नेपालको संविधानको धारा २४१ मा संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ । गाउ विकास समितिले यो वर्ष पूंजीगत शीर्षकमा रु.२८,९६,०००।- निकासा भएको मध्येबाट सडक ग्राभेलमा रु.२६,४६,०००।- सडक मर्मतमा रु.६५९,०००।- अस्पतालको फर्निचारको रु.१,०३,०००।- अन्य विविध कार्यमा खर्च भएको समेत रु.१६,७१,७९७।- खर्च देखाई रु.७,००,०००।- भुक्तानी दिन बाँकी रहको विवरण पेश गरेको छ । उक्त खर्चका स्रेस्ता कागजात पेश हुन नआएकोले खर्च एकिन गर्न सकिएन । अतः पुंजीगत खर्च गर्ने योजना स्वीकृत भएको परिषदको निर्णय सहितको स्रेस्ता पेश गर्नु पर्दछ ।

१६. **चालु खर्चः** यस अवधिमा तलव भत्ता समेतको लागि रु.३,२३,०००।- निकासा भएकोमा तलवमा रु.५,१५,१५९।- र कार्यालय संचालन र विज्ञापन खर्च रु.५५,५००।- समेत रु.५,७०,६५९।- खर्च गरेको देखियो । निकासा भन्दा वढी खर्च गर्न नमिल्ने हुँदा वढी खर्च रु. २,४७,६५९।- कुन श्रोतबाट खर्च आएको हो एकिन गर्न सकिएन । कर्मचारी संचय कोष रु.३९,०२४।- र नागरिक लगानीकोष रु.१,०१,५९८।- दाखिला गर्न बाँकी देखाएको छ । अतः चालु खर्चको सम्पूर्ण स्रेस्ता पेश गर्नु पर्दछ ।

१७. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा

पदाधिकारी तथा कर्मचारीको नाममा रु.७,२८,१०८।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१८. **आन्तरिक आयः** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ। गाविसको कार्यालयको आन्तरिक आय देखाएको छैन। आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय गाउपालिकाको मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ।

**औरही गाउँ विकास समिति**

१९. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत वापत रु.४,३४१।- असुल भएकोमा सो को २५ प्रतिशतले हुने रु.१,०८६।- जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्नेमा नगरेकोले उक्त रकम सम्वन्धित निकयमा दाखिला गर्नुपर्दछ ।

२०. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१३,०९,६६०।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२१. **नगद मौज्दात :** त्यस गा.वि.स.बाट प्राप्त आय व्यय विवरण अनुसार रु.४,३४२।- नगद मौज्दात देखिएको हुंदा उक्त रकम गाउँपालिकाको मूल कोषमा दाखिला गर्नु पर्दछ ।

**लखौरी गाउँ विकास समिति**

२२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिबाट मालपोत वापत रु.१०,०१७।- असुल गरेकोमा सो को २५ प्रतिशतले हुने रु.२,५०४।- जिल्ला समन्वय समितिमा दखिला गरेको देखिएन। उक्त रकम जिल्ला समन्वय समितिमा दाखिला गर्नु पर्दछ

२३. **नगद मौज्दात :** त्यस गा.वि.स.बाट प्राप्त आय व्यय विवरण अनुसार रु.१,९७४।- नगद मौज्दात देखिएको हुंदा उक्त रकम गाउँपालिकाको मूल कोषमा दाखिला गर्नु पर्दछ।

२४. **वैक खाता :**स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन आई सी बैंकमा रहेको खातामा रु.१,८३,२९६।- बाँकी देखिएकोले उक्त वैंकबाट स्टेटमेन्ट माग गरी मौज्दात देखिएको रकम गाउँपालिकाको मूल कोषमा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ।

**धनौजी गाउँ विकास समिति**

२५. **नगद मौज्दात :** त्यस गाउ विकास समितिबाट प्राप्त आय व्यय विवरण अनुसार रु.४०२२।- नगद मौज्दात देखिएको हुंदा उक्त रकम गाउँपालिकाको मूल कोषमा दाखिला गर्नु पर्दछ।

२६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.७,०६,०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो

वर्ष पुलकित शाहको नाममा दिएको पेश्की रु.१७,०००।- समेत फछ्र्यौट भएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२७. **वैक खाता :**स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन आई सी बैंकमा रहेको खातामा रु.१७,९२९।- बाँकी देखिएकोले उक्त वैंकबाट स्टेटमेन्ट माग गरी मौज्दात देखिएको रकम गाउँपालिको मूल कोषमा दाखिला गरी एन आई सी वैंक को खाता वन्द गर्नु पर्दछ।

२८. **कर छुट :** श्रवण पोखरी जिर्णोद्धार उपभोक्ता समितिको नाममा सडकमा माटो पुर्ने, ग्राभेल गर्ने कार्यका रु.११,४१,०००।- को प्राविधिक मूल्यांकनको आधारमा गत वर्षको पेश्की रु.३,४०,०००।- फछ्र्यौट गरी रु.८,०१,०००।- भुक्तानी दिएको देखियो । उक्त भुक्तानी दिंदा संलग्न विल भर्पाई मध्ये एक्साभेटर भाडाको वेनामी विलको रु.२,६४,०००।- को नगदी रसिद समावेश गरेको र सुन्दर एण्ड सन्ध्या कम्पनी प्रा.लि.को माटो खन्ने पर्नु र ग्राभेल मिलाउने कार्यको मेसिन भाडा रु.१,३८,६००।- खर्च लेखकोमा आयकर ऐन, २०५८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरलेभुक्तानीमा नै कट्टा गर्नुपर्ने रु.४०,२६०।- कट्टा गरेको देखिएन । अतः उक्त रकम असुल गर्नु पर्दछ ।

**झोझी कटैया गाउँ विकास समिति**

२९. **नगद मौज्दात :** प्राप्त आय व्यय विवरणमा रु.२१०।- नगद मौज्दात देखिएको हुंदा उक्त रकम गाउपालिका को खातामा दाखिला गर्नु पर्दछ ।

३०. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२४,३७,०५१।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

३१. **आन्तरिक आयः** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ। गाविसको कार्यालयको आन्तरिक आय देखाएको छैन। आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय गाउपालिकाको मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ७० लाख ३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.३० लाख ४ हजार र पेश्की रु.२ करोड ३८ लाख ५० हजार रहेको छ ।

# जनकनन्दिनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउंपालिकाको गत वर्षको मौज्दात रु.२३ लाख १ हजार र यो वर्ष आय रु.७ करोड ५२ लाख ७६ हजार समेत रु.७ करोड ७५ लाख ७७ हजार आम्दानी भएकोमा रु.५ करोड ४० लाख २५ हजार खर्च भई रु.२ करोड ३५ लाख ५२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा गाउँपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो । यस बाट गाँउपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन । प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नु पर्दछ ।

२. **फ्रिज :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६)मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फिज गर्नुपर्ने भए फिज गर्ने प्रयोजनको निमित्त सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रममा रु.२,१४,२२,२००।- निकासा भै रु.२,१४,१५,२००।- खर्च भइ बाँकी रहेको रु.७,०००।- फिज प्रयोजनको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगरी गाँउपालिकाको कोषमा नै जम्मा गरी राखेको देखीयो । खर्च नभई मौज्दात रहेको रकम सञ्चित कोष दाखीला गर्नुपर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म ४ कर्मचारीका नाममा सामाजिक सुरक्षा तर्फको रु.१,५६,७९,२००।-पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्यौंट गर्नुपर्दछ ।

४. **अग्रिम आयकर:** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २ आपुर्तकवाट सामाग्री खरिद गरि रु.१,३३,४७०।- भुक्तानी गरेकोमा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.५,१५२।-असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

५. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न वडामा सडक मर्मत तथा शैक्षीक सामाग्री वितरण गरि भुक्तानी दिएकोमा कार्य सम्पन्न गरी विल भरपाई पेश गरेको देखिएन । विल भरपाई पेश नभएको रु.१,०६,०००।- को विल भरपाई पेश गर्नु पर्दछ ।

६. **आन्तरिक आय:** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । गाउपालिका को कार्यालयको यो वर्ष आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम यकिन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अधावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, रसिद नियन्त्रण खाता नराखेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

### इनर्वा गाउँ विकास समिति

८. **आन्तरिक आय:** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । गाउपालिका को कार्यालयको यो वर्ष आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

९. **गतवर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२६,१३,९०७- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाँउपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१०. **सामाजिक सुरक्षा कर**ः यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा नभएको सामाजिक सुरक्षा कर वापतको रु.२००७- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

**बल्हागोठ गाउ विकास समिति**

११. **आन्तरिक आयः** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । गा.वि.स.को कार्यालयको यो वर्ष आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

१२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.८,१६,०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो वर्ष राजकुमार शाह सुडिको नाममा फर्नीचर खरिद गर्न लिएको रु.३,००,०००।- पेश्की बाँकी देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिकाले सक्रियता देखाउनुपर्दछ ।

१३. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.११,०३५।- देखिएकोले उक्त रकम गाउपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१४. **तालीमः** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । ग्रमीण सामुदायिक विकास केन्द्रसँग वालमैत्री स्थानीय शासन तालीम सञ्चालन गर्न १,५४,०००।- वजेट खर्च लेखेकोमा सहभागि, खर्चको विलभरपाई वेगर खर्च लेखेको वजेट खर्च लेखेको देखियो । विल भरपाईका आधारमा मात्र बजेट खर्च लेख्नुपर्दछ ।

**प्र.खे.महुवा गाउँ विकास समिति**

१५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.३३७९४७- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

१६. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.७६३१।- देखिएकोले उक्त रकम गाउपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१७. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ ।

यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा, जनकपुरमा रहेको खातामा रु.८३०।- बाँकी रहको देखाएको छ । उक्त खाताको रकम गाउपालिका को मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ ।

१८. **आन्तरिक आयः** स्थानीय निकाय आर्थिक प्रसासन सम्वन्धि नियमावली, २०६४ को नियम ४(२) वमोजिम गाउ विकास समितिलाई प्राप्त रकम सम्वन्धित खातामा आम्दानी वाधी त्यसको भोलीपल्ट सम्ममा दाखिलागर्नुपर्ने उल्लेख छ । गा.वि.स.को कार्यालयको यो वर्ष आन्तरिक आय देखाएको छैन । आय व्ययमा नदेखाएको रकम छानविन गरि आन्तरिक आय रकम मुलकोष खातामा आम्दानी वाध्नु पर्दछ ।

**खजुरी चन्हा गाउँ विकास समिति**

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१०१८०००।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो वर्ष हरि शंकर पासवानले सहलेस मन्दिर निर्माणको लागि लिएको रु.३०००००।- पेश्की बाँकी देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२०. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु. ८५८६।- असुल भएको विवरण पेश भएको छ । सो रकममध्ये २५ प्रतिशतले हुने रु.२१४६।- र गत बर्षको रु.७६४३।- समेत जम्मा रु.९७९०।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

**पतनुका गाउँ विकास समिति**

२१. **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.८७।- देखिएकोले उक्त रकम गाउपालिका को मूल कोष खातामा जम्मा गर्नुपर्दछ ।

२२. **गतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१५५८३७८।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.२६३७।- असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये २५ प्रतिशत ले हुने रु.६५९।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२४. **सामाजिक सुरक्षा करः** यो वर्ष कर्मचारीहरुको तलववाट कट्टा नभएको सामाजिक सुरक्षा कर वापतको रु.४०४८।- दाखिला गरेको देखिएन । उक्त कर रकम दाखिला गर्नुपर्दछ ।

२५. **अग्रिम आयकरः** आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मोडल ह्युमपाइप एण्ड कंक्रीट इन्डष्ट्रीज प्राली वाट पोल खरिद गरि ३१६५०००।- भुक्तानी गरेकोमा सोको १.५ प्रतिशत अग्रिम आयकर वापत रु४७४७।- कट्टा गरेको देखिएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको रकम असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

**बल्हा कठाल गाउँ विकास समिति**

२६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.१९५२७२९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यो वर्ष ३ कर्मचारीका नाममा रु.११००००।- पेश्की वाँकी देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२७. **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा, जनकपुरमा रहेको खातामा रु.१०१८१।- बाँकी रहको देखाएको छ । उक्त खाताको रकम गाउपालिका को मूल कोष खातामा दाखिला गरी उक्त वैंक खाता वन्द गर्नु पर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ६७ लाख १२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१६ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ७ हजार र पेश्की रु.१ करोड ६३ लाख ८९ हजार रहेको छ ।

# लक्ष्मीनिया गाउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४३ लाख १२ हजार र यो वर्ष आय रु.४ करोड ५० लाख ४९ हजार समेत रु.४ करोड ९३ लाख ६१ हजार आम्दानी भएकोमा रु.३ करोड ५१ लाख ५४ हजार खर्च भई रु.१ करोड ४२ लाख ७ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१ **जिन्सी व्यवस्थापन :** नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयबाट यस नगरपालिका गठन भै साविकका ९ वटा गाउँ विकास समितिहरु यस नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका रुपमा रहदै आएका छन् । साविकमा गा.वि.स.हरुको घर जग्गा लगायतका चलअचल सम्पत्ति यसै नगरपालिका अन्तर्गत पर्ने हुंदा साविकका गाउँ विकास समितिमा रहेका चलअचलन सम्पत्तिको विवरण सहित गाउँ विकास समितिले बुझाउनु पर्ने र नगरपालिकाले यसरी प्राप्त सामान समेतका जिन्सी रेकर्डमा अध्यावधिक गरि वडा कार्यालयहरुमा आवश्यकता अनुसार छुट्टै सहायक खातामा जनाई बुझाउनु पर्नेमा साविक गा.वि.स.बाट यसको बुझाएको देखिएन । यसमा सम्वन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

२ **आन्तरिक आय :** स्थानीय सरकारसंचालन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो मातहतमा नगरपालिकको क्षेत्र भित्रका आय आर्जन हुने आयका श्रोतहरु ढुडा, गिट्टी, वालुवा, दोपाय चौचाय निकासी तथा माछापालन पोखरीहरु ठेक्का लगाई आय आर्जन गर्ने र हाटवजार, व्यवसाय, घर जग्गा, वहाल कर जस्ता कर  लगाउन सक्ने हुंदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ । विशेष गरी यस धनुषा जिल्लामा धेरै ताल तलाउ, पोखरीहरु रहेका त्यसलाई संरक्षण गरी व्यवस्थित रुपमा ठेक्कामा लगाउन सकेमा प्रचुर मात्रामा नियमित आम्दानी वढाउन सकिने सम्भावना देखिएको छ । यसमा गाउपालिकाले विशेष ध्यान दिन जरुरी देखिन्छ ।

३ **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । कार्यालमा आर्थिक वर्षको अन्त्य सम्म २ कर्मचारीका नाममा योजना संचालन तथा सामाजिक सुरक्षा वापतको रु.१,१७,९२,८५३।- पेश्की वाकी रहेको देखियो । नियमावलीमा भएको व्यवस्था वमोजिम पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४ **अग्रिम आयकर:** आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ७ आर्पुतकवाट विभिन्न खरिद तथा सेवामा अग्रिम आयकर कट्टी गरेको पाइएन । अग्रिम आयकर कट्टा गर्न छुट भएको अग्रिम आयकर रु.२१,४०८।- असुल गरी संचितकोष दाखिला गर्नुपर्दछ ।

५ **गाडि भाडा:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।३।४ परिपत्र वमोजिम स्थानीय तहमा विनियोजित वजेटवाट निर्वाचित प्रतिनिधि नभएको अवस्थामा गाडि भाडा खर्च गर्न नपाइने उल्लेख छ । यस वर्ष गाउपालिका ले कार्यालय प्रयोजनका निमित्त २०७४ जेष्ठ महिनामा गाडि भाडामा लिई भाडा रकम रु.९०,०००।-भुक्तानी गरेको नियमसम्मत् देखिएन । यसरी परिपत्रको मनशाय विपरित गाडिभाडामा लिई खर्च गर्नेकार्य नियन्त्रण गर्नुपर्दछ ।

६ **दोहोरो भत्ता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली,२०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाच गरि भुक्तानी दिनुपर्ने उल्लेख छ । यस गाउंपालिकाबाट वडा सचिब श्री राम लखन यादबले २०७३ मार्गदेखि २०७४ आषाढसम्मको भत्ता मासिक रु.६०००।- का दरले रु.४८,०००।- भुक्तानी लिएको देखियो । गा.वि.स. सचिबहरुलाई समेत तलबको २५% ले हुने रकम प्रोत्साहन भत्ता वापत सजल्ला विकास समितिबाट खर्च लेखिएको देखिएको हुंदा दोहरो हुने गरि भुक्तानी दिएको रु.४८,०००।-असुल गर्नु पर्दछ ।

७ **विलभरपाई:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गाउंपालिका को कार्यालयले विभिन्न ८ गोश्वरा भौचरवाट भुक्तानी गरेकोमा विल भरपाई वेगर रु.६७५५११।- भुक्तानी दिएको नियमसम्मत देखिएन । निम्न खर्चका विल भरपाई पेश गर्नु पर्दछ ।

८ **गतवर्षको भुक्तानी:** स्थानीय निकाय आथिंक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम घढमा भुक्तानी दिन वाकीको विवरण अनुसुची-२४ तयार गरी सो अनुसुचीका आधारमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । गाउंपालिकाले यस आर्थिक बर्षमा गत विगत वर्षहरुको दायित्व भुक्तानी दिन वाकीको अनुसुची २४ अभिलेख प्रमाणीत वेगर कार्यालय सहयोगी राम आशिष महतोको २०७२ चैत्र देखी २०७३

आषाढ सम्मको तलव भुक्तानी गरेको रु.४०,०००।- नियम संगत देखिएन । यस्तो रकम भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्थाको परिपालना गर्नु पर्दछ ।

९ **मूल्य अभिवृद्धि कर:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम मूल्य अभिवृदि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस वर्ष भुक्तानी भएका ७ आपुर्तकको मूल्य अभिवृदि कर रकमको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाएको देखिएन । अत: कार्यालयले नियमानुसार मूल्य अभिवृद्धि कर रु२७४५०२।- भुक्तानीको जानकारी दिनुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस गाउंपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा जिन्सी निरिक्षण प्रतिवेदन माथि कारवाही नगरेको, विगत वर्षका पेश्कीको अभिलेख अधावधिक नगरेको, खरिद योजना तयार नगरेको, विलभरपाई प्रमाणित नगरेको, कर्मचारीको तलवी प्रतिवेदन पारीत नगरेको, रसिद नियन्त्रण खाता नराखेको, जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

**सपहि गाउं विकास समिति**

११ **मालपोत:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस गाउ विकास समितिले यो वर्ष मालपोतवाट आम्दानी ३१४८।- गरेकोमा सोको २५ प्रतिशतले हुने रु.७८८।- जिल्ला समन्वय समितिको खातामा दाखीला गर्नुपर्दछ ।

१२ **कर्मचारी संचयकोष:** कार्यालयले प्रा. स सुरेश कुमार महतोको २०७३ भाद्रदेखीको कर्मचारी संचयकोष रकम रु.१४८८८।- दाखिला गरेको देखिएन । उक्त संचयकोष वापतको रकम दाखिला गर्नुपर्दछ ।

१३ **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा एन.आइ.सी. बैकमा , जनकपुरमा रहेको खातामा रु.५,११६।- बाँकी रहको देखाएको छ । उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम ने.रा. वैंकमा गाउँपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी प्राइभेट वैंकको खाता वन्द गर्नुपर्दछ ।

१४ **नगद मौज्दात:** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.४,४४४।- देखिएकोले उक्त रकम गाउंपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१५ **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.४६,०९,९०४।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष शिवचन्द्र यादवका नाममा रु.३,१४८।- तथा स्वास्थ्य चौकी सपहीका नाममा रु.४०,०००।- गरि कुल रु४३,१४८।- पेश्की बाँकी रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउंपालिकाले सक्रियता देखाउनुपर्दछ ।

**सिनुरजोडा गाउं विकास समिति**

१६ **नगद मौज्दात :** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१,११६।- देखिएकोले उक्त रकम गाउंपालिकाको मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

१७ **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.३,६२६।- असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये २५ प्रतिशत रु.९०६।५० र गत बर्षको रु.५,०७८।५० समेत जम्मा रु.५,९८५।- मध्ये रु.२,४६०।- दाखीला भएकोमा दाखिला गर्न बांकी रु.३,५२५।- जि.वि.स. पठाउनु पर्दछ ।

१८ **वैक खाता :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफनो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको नाममा रा.बा.बैकमा रहेको खातामा रु.१,०५,०००।- बाँकी रहको देखाएको छ । उक्त खाताको स्टेटमेण्ट माग गरी मौज्दात रकम गाउंपालिकाको नाममा रहेको मूल कोष खातामा दाखिला गरी उक्त वैंकको खाता वन्द गर्नु पर्दछ ।

१९ **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.२४,४०,७५९।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष विभिन्न ९ व्याक्तिहरुको नाममा वाँकी रहेको रु.१३,७०,०००।- पेश्की नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउंपालिका ले सक्रियता देखाउनुपर्दछ ।

**बनिनिया गाउं विकास समिति**

२० **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजश्वको २५ प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुलीबाट रु.१४,६००।- असुल भएको विवरण पेश भएको छ । सो रकम मध्ये २५ प्रतिशत रु.३,६००।- र गत बर्षको रु.५,४६७।- समेत जम्मा रु.९,११९।- जिल्ला समन्वय पठाउनु पर्दछ ।

२१ **नगद मौज्दातः-** प्राप्त आय व्यय विवरण अनुसार नगद मौज्दात रु.१३,१९४।- देखिएकोले उक्त रकम गाउंपालिका को मूल कोष खातामा जम्मा गर्नु पर्दछ ।

२२ **पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सूचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाविसवाट गत विगत वर्षमा पदाधिकारी तथा कर्मचारीको नाममा रु.११,२१,४०४।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन् । यस वर्ष २ कर्मचारी तथा १ उपभोक्ता समितिका नाममा वाँकी रहेको रु.२,८२,६०२।-पेश्की नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा नगरपालिका ले सक्रियता देखाउनुपर्दछ ।

२३ **सामाजिक सुरक्षा कर**ः कार्यालयले यो वर्ष कर्मचारीको तलव भुक्तानीमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर वापत रु.१९४४।- कट्टा गरि सम्वन्धित खातामा दाखिला गरेको देखिएन। सामाजिक सुरक्षा कर वापतको रकम सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ४७ लाख ७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७१ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ४७ हजार र पेश्की रु.१ करोड ३४ लाख ८९ हजार रहेको छ ।

# जलेश्वर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको जिम्मेवारी रु.७१ लाख ७२ हजार र यो वर्षको आय रु.१८ करोड ५३ लाख ९० हजार समेत रु.१९ करोड २५ लाख ६२ हजार आम्दानी भएकोमा रु.१६ करोड ५५ लाख ४१ हजार खर्च भई रु.२ करोड ७० लाख २१ मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **मौज्दातः** गत वर्षको लेखापरीक्षण प्रतिवेदनको आधारमा मौज्दात यकिन गरी सोको आधारमा जिम्मेवारी सार्नु पर्दछ । यस नगरपालिकाले गत वर्षको अन्तिम लेखापरीक्षण नगराएकोले गत वर्षको जिम्मेवारी सारेको रु.२,८६,०७,०००।- हजार यकिन गर्न सकिएन ।

२. **सोझै खरिद** – सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९ र ८४ अनुसार ५ लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र तथा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकालाई ८० लाख रुपियाँ पूँजीगत अनुदान रकम निकासा भएकोमध्ये रु.३७२२०००।- हजार कार्यालयको पूर्वाधारको लागि फर्निचर, सवारी साधन, मेशिनरी औजार खरिद गर्दा समय अभाव देखाई सिधै खरिद गरेकोले उक्त खरिद प्रक्रिया नियमित देखिएन । सार्वजनिक खरिद कार्य नियमअनुसार गर्नु पर्दछ ।

३. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं. ४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

४. **अग्रिम कर** : आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न व्यक्ति, संस्था तथा पार्टीलाई भुक्तानी दिँदा सो अनुसार कट्टा गर्नु पर्ने अग्रिम कर रु.११,१३०००।- कट्टा नगरेकोले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्ष विभिन्न ८ कर्मचारीलाई दिएको पेश्की रु. २,६१,०८,०००।- र ३ संस्थालाई गएको रु. ११,४६,००० ।- हजार समेत रु २,७२,५४,०००।- हजार फछ्र्यौट गर्न बाँकी रहेको देखिएकोले उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ। साथै गत विगतको पेश्कीसमेत यकिन गरी फछ्र्यौट हुनु पर्दछ।

६. **बैक हिसाबः** कार्यालयले आर्थिक वर्षको अन्त्यमा अन्तमा श्रेस्ता अनुसार बाँकी रहेको रकम बैंक विवरण लिई भिडान हुनुपर्दछ । नगरपालिकाले वर्षान्तमा रु.२,७०,२१,०००।- हजार वाकी देखाएको छ । कार्यालयले बैंक हिसाब विवरण तयार नगरेकोले बाँकी हिसाव भिडाउन सकिएन । बैंक हिसाब विवरण तयार गरी मौज्दात यकिन गर्नु पर्दछ।

७. **लेखापरीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। नगरपालिका अन्तर्गतका साविकका ४ स्थानीय निकायको यस वर्षको आन्तरिक लेखापरीक्षण र गत वर्षको अन्तिम लेखापरीक्षण गराएको पाइएन । लेखापरीक्षण नगराउने जिम्वेवार पदाधिकारी उपर नियमानुसार कारवाही हुनु पर्दछ।

८. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा अनुसार खरिद योजना तथा गुरु योजना तयार नगरेको, स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, मालसामानको मूल्य नखुलाएको, मर्मत अभिलेख नराखेको, खरिद योजना तथा गुरु योजना तयार

नगरको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने, तिनीहरुको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तर्जुमा हुन नसकेको, कार्यालयका सूचनाहरु वेबसाइटमा प्रवाह गर्ने नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलीत ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणवाट रु.५ करोड ९१ लाख १० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७ लाख ४३ हजार र पेश्की रु.२ करोड ७२ लाख ५४ हजार रहेको छ ।

# बर्दिवास नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस नगरपालिकाको गत वर्षको मौज्दात रु.४५ लाख ७६ हजार र यो वर्षको आय रु.२६ करोड २९ लाख ३८ हजार समेत जम्मा रु.२६ करोड ७५ लाख १४ हजार आम्दानी भएकोमा रु.२० करोड २३ लाख ७५ हजार खर्च भई रु.६ करोड ५१ लाख ३९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **बर बुझारथ** : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को परिपत्रको दफा १७ वमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति स्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं. ४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

३. **लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ल्यापटप, डेस्कटप कम्प्युटर लगायत फर्निचर, रिभोल्भिङ्ग कुर्सी, अफिस दराज, विभिन्न टेबल, लगायतका सामान खरिद गर्दा नियमको उपर्युक्त प्रावधान अनुसार लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३.१ कार्यालयले आन्तरिक आयबाट नगर पार्श्व चित्र तयारीको लागि रु.९५०,०००।- लागत अनुमान उल्लेख गरेकोमा लागत अनुमान निर्धारणको आधार उल्लेख गरेको छैन ।

४. **आम्दानी रसिद** : कार्यालयमा दैनिक प्राप्त रकम आम्दानी रसिद वाट आम्दानी जनाई सोही दिन वा भोलिपल्टै कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । विभिन्न शिर्षकवाट दैनिक आम्दानी भएको, सो मध्ये कोषमा जम्मा भएको रकम मौज्दात रकम स्पष्ट देखिने गरि अभिलेख अद्यावधिक गर्नु पर्नेमा कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखेको देखिएन । जसको कारण कार्यालय र वडा कार्यालयवाट प्राप्त आम्दानी र दाखिलाको स्थिती एकिन गर्न सकिएन ।

४.१ कार्यालयले इको प्लस प्रा.लि.को आय लेखा सफ्टवेयर प्रयोग गरी विभिन्न आय शीर्षकबाट हुने आन्तरिक आयको लेखाँकन गरेको पाइयो । एकीकृत आय बमोजिम यस वर्ष रु.९५,१४,२१२।- आन्तरिक आय आर्जन भएको देखिए तापनि शीर्षगत आवधिक आय संकलन विवरण अनुसार रु.८१,७३,०७३ ।- मात्र आय देखिन्छ । कार्यालयबाट उक्त रकम आम्दानीको दैनिक,मासिक र वार्षिक आम्दानी/दाखिला स्पष्ट देखिने अभिलेख प्राप्त नभएकोले सो सम्बन्धमा विश्वस्त हुने अवस्था रहेन ।

५. **उपभोक्ता समिति** : नगर क्षेत्र पूर्वाधारतर्फ पक्की नाला निर्माण, सडक कालोपत्रे, सडक बत्ती जडान जस्ता कार्यमा स्थानीय लाभग्राही समुदायको समेत लागत सहगिता जुटाई सम्बन्धित उपभोक्ता समिति मार्फत् कार्यक्रम संचालन गरेको पाइयो । कार्यक्रममा नगरपालिकाको तर्फबाट अनुदान स्वरुप रकम उपलब्ध गराउँदा लाभग्राही समूहको तर्फबाट नगद लागत सहभागिता जुटाउने गरेको तथा नगरपालिकाले म्याचिङ फण्डको माध्यमबाट श्रोतको व्यवस्था जुटाई कार्यक्रम संचालन गर्ने गरेको छ । यो वर्ष नगरपालिकाबाट संचालन गरेको कार्यक्रममा देखिएका व्यहोरा निम्नानुसार छन ।

५.१ उपभोक्ता समिति संग सम्झौता गरेको रकम भन्दा कम कार्य सम्पन्न भई सम्झौता वमोजिमको अनुपातमा सहभागीता कम भएकोमा समेत पुरै अनुदान रकम उपलब्ध गराई बढी खर्च लेखेको रु.५५,५८६।- असुल हुनु पर्दछ ।

५.१. नगर पूर्वाधार निर्माणार्थ यस वर्ष रोलर थान १ खरिदमा रु..३३,५७,५००।- बजेट खर्च गरेको छ । उक्त रोलर कार्यालयको क्वार्टर कम्पाउन्ड भित्र ग्यारेज गरी राखेको र हाल सम्म पनि प्रयोगमा ल्याएको देखिएन । अतः अप्रेटरको व्यवस्था मिलाई पूर्वाधार विकासका कार्यमा लगाई स्तरीय सडक निर्माण तथा

सम्पतीको उच्चतम उपयोग गरी नगरपालिकाको आय आर्जनमा वृद्धि गर्ने तर्फ कार्यालयको पहल गर्नुपर्दछ ।

६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा र्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिबाट गा.विस. अनुदान शीर्षकबाट साविकका ४ गाविस /हालका वडा कार्यालयलाई रु.३,१३,३२,८९८।- पेश्की खर्च लेखी वर्षान्तमा एकमुष्ट रुपमा पेश्की फछ्यौट गरेको छ । कार्यक्रम सम्पन्न भएपछि फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्ने गराउने व्यवस्था भएकोमा वर्षान्तमा एकमुष्ट रुपमै पेश्की फछ्र्यौट गरेको पाइयो । यसरी पेश्की फछ्र्यौट गरेको भए तापनि श्रेष्ता परीक्षणबाट २०७३।७४ भन्दा पछि नगद रु.११,१२,५८८।- दाखिला भएको छ । अतः नियमानुसार समयमानै रीतपूर्वकका फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

७. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा कार्यालय सामान, कम्प्युटर, फर्निचर, सवारी साधन लगायतका जिन्सी मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाएको देखिएन ।

८. **सुनौलो हजार दिन कार्यक्रम :** कार्यालयले नगरपालिका क्षेत्रका विभिन्न ९ वटा आर.आर.एन.आई समूहको खातामा रु. २५,०००।- का दरले रु.२,२५,०००।- र ९ वटा आर.आर.एन.आई.समूहको खातामा रु.१,२०,०००।- का दरले रु.१०,८०,०००।- समेत १८ वटा समूहको खातामा कूल रु.१३,०५,०००।- जम्मा गरेको छ । उक्त रकम पेश्की दिई सोको फाँटवारी लिई पेश्की फछ्र्यौट गर्नु पर्नेमा १ कर्मचारीलाई पेश्की दिई बैंक जम्मा गरी दिएको आधारमा निजको नामको पेश्की फछ्र्योट गरेकोले उक्त रकम बजेट खर्च भएको देखियो । कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिमका कार्य प्रगति सहितका फाँटवारी बेगर बजेट खर्च लेख्नु नियमसम्मत् देखिएन ।

९. **बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतका स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले १ थान मोटरसाइकल खरिदको लागि रु.२४९,९००।- खर्च लेखेकोमा माग फारम खरिद आदेश जिन्सीदाखिला, ब्लु बुक, लगायतका प्रमाण कागजात संलग्न गरेको देखिएन । आवश्यक विवरण संलग्न गरी जिन्सी अद्यावधिक हुनु पर्दछ ।

१०. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने,सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक नरहेको, कार्यालयका सूचनाहरु वेबसाइटमा प्रवाह गर्ने नगरेका जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

११. **सडक निर्माण** : उक्त सडक स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्यको लागि रु. १,०७,९५,०००।- लागत अनुमान स्वीकृत भई बोलपत्रको लागि प्रकाशित सूचना अनुसार सबभन्दा कम दररेट कबुल गर्ने निर्माण व्यवसायी सिद्धगढी इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.को रु. १,०४,३१,७२२।- (१.२३ प्रतिशत कम) को बोलपत्र स्वीकृत भएको छ । ९० दिन भित्र सम्पन्न गर्ने गरी २०७३।१२।२८ मा सम्झौता भएकोमा पहिलो र अन्तिम बिल समेत रु. १,०२,७९,६५१।६४ भुक्तानी भई कार्य सम्पन्न गरेकोमा निम्न व्यहोरा देखियो :-

११.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार भुक्तानीको बिल भर्पाई सम्लग्नगरी सोही अनुसार भुक्तानी हुन पर्दछ । निर्माण व्यवसायीले विमा वापत रु.१,००,०००।- उल्लेख गरेकोमा मु.अ.कर समेत रु.१,१३,०००।- भुक्तानी भएको छ । निजले पेश गरेको विमा बिल अनुसार रु.३५,०००।- मात्रको बिल पेश भएकोले रु.७८,०००।- बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

११.२. उपभोक्ता संग भएको सम्झौता अनुसार जन सहभागिताको अंश कट्टा गरेर भुक्तानी हुनुपर्दछ । रु. ८,४६,८५२।- लागतको बहु उद्देश्यीय भवन निर्माणको लागि नगरपालिकाबाट रु. ८ लाख र जनसहभागिताबाट रु. ४६,८५२।- व्यहोर्ने उल्लेख छ । भवन निर्माण कार्य रु. ७,१९, ३०६।- मा सम्पन्न गरेको देखाई उक्त पुरै रकम भुक्तानी भएको छ । सम्झौताको अनुपात अनुसार ६,७९,५१०।- मात्र भुक्तानी हुनु पर्नेमा पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ३९,७९५।- असुल हुनुपर्दछ ।

११.३. सौर्य सडक बत्ती जडान नगर क्षेत्रमा ७० वटा पोल स्थापना गरी सौर्य बत्ति जडान कार्यको लागि कूल रु ९,७९,३००।- लागत अनुमान स्वीकत भई २०७३।११।१८ मा बोल पत्र सूचना प्रकाशन भएको थियो । ३ वटा बोलपत्र दर्ता हुन आएकोमा सबभन्दा कम दर रेट कबुल गर्ने टपसन इनर्जि प्रा.लि. ७६,४५,०५०।- (४.१८ कम) बोल पत्र स्वीकृत भई २०७४।०३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७४।०२।०३ मा सम्झौता भएको छ । निजले सयम भित्रै कार्य सम्पन्न गरी ७६,४५,०५०।- को पेश गरेको बिल अनुसार यस कार्यक्रमबाट रु.१२,००,०००।- र आन्तरिक श्रोतबाट १८,५८,०५०।- समेत ३०,५८,०२०।- भुक्तानी भएको र बाँकी ६० प्रतिशतले हुने रु.४५,८७,०००।- बैकल्पिक उर्जाबाट व्यहोरिएको उल्लेख छ ।

१२. **सडक बोर्ड** : उपभोक्ता समितिले लागत सहभागीता वापत राखेको रकम धरौटी खातामा आम्दानी बाँधिएको र कार्य सम्पन्न भइसकेपछि सम्पूर्ण रकम उपभोक्ता समितिलाई भुक्तानी भइसकेको हुँदा धरौटी खातामा आम्दानी बाँधिएको रु .१८,५७,४५७।- रकम नगरपालिकाको आन्तरिक आय खातामा जम्मा गर्नु पर्दछ ।

१३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा विभिन्न व्यक्ति तथा संस्थाको नाममा गत विगत वर्षको रु.१७,८६,१००।- का अतिरिक्त यस वर्षको रु. २,७०,८८६।- पेश्की बाँकी देखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ४७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ७४ हजार नियमित गर्नुपर्ने रु.२२ लाख २ हजार र पेश्की रु.२ लाख ७१ हजार रहेको छ ।

# एकडारा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँ पालिकाको गत वर्षको मौज्दात रु.२१ लाख १३ हजार र यो वर्षको आय रु.७ करोड ८८ लाख ७ हजार समेत जम्मा रु.८ करोड ९ लाख २० हजार आम्दानी भएकोमा रु.७ करोड ३१ लाख ३२ हजार खर्च भई रु.७७ लाख ८८ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं.४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ। सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन। आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

२. **सोझै खरिद :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९ र ८४ अनुसार ५ लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र तथा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ। यस गाउँ पालिकालाई ८० लाख रुपियाँ पूँजीगत अनुदान रकम निकासा भएकोमध्ये रु.२९,५२,२१०।- कार्यालयको पूर्वाधारको लागि फर्निचर, सवारी साधन, मेशिनरी औजार खरिद गर्दा समय अभाव देखाई सिधै खरिद गरेकोले उक्त खरिद प्रक्रिया नियमित देखिएन। सार्वजनिक खरिद कार्य नियमअनुसार गर्नु पर्दछ।

३. **अग्रिम कर :** आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था छ। गाउँपालिकाले विभिन्न व्यक्ति, संस्था तथा पार्टीलाई भुक्तानी दिँदा सो अनुसार कट्टा गर्नुपर्ने अग्रिम कर रु.५,१५५।- कट्टा नगरेकोले असुल गरी सञ्चित कोष खातामा दाखिला गर्नुपर्दछ।

४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। नगरपालिका अन्तर्गतका साविकका ४ स्थानीय निकायको यस वर्षको आन्तरिक लेखापरीक्षण र गत वर्षको अन्तिम लेखापरीक्षण गराएको पाइएन। लेखापरीक्षण नगराउने जिम्वेवार पदाधिकारी उपर नियमानुसार कारवाही हुनु पर्दछ।

५. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, उपभोक्ता समूहको वर्गीकरण र सूचीकरण नगरेको, सामाजिक लेखापरीक्षण गर्ने नगरेको, योजना हस्तान्तरण नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान गर्ने,सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक नरहेको, कार्यालयका सूचनाहरु वेबसाइटमा प्रवाह गर्ने नगरेका जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्यौंट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्यौंट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

६.१ एकडारा गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ४० व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु. २४,४८,४७७।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्यौंट गर्नु पर्दछ।

६.२ भटोलिया गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि २३ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु. १०,१७,८३०।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्र्यौट गर्नु पर्दछ ।

६.३ हलखोरी गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ३४ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु. १०,१७,८३०।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्र्यौट गर्नु पर्दछ ।

६.४ कोल्हुवा गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ७ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु ७२७०००।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्र्यौट गर्नु पर्दछ ।

## कोल्हुवा गाउँ विकास समिति

७. **अग्रिम कर :** आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था छ । गाउँ पालिकाले विभिन्न व्यक्ति, संस्था तथा पार्टीलाई भुक्तानी दिँदा सो अनुसार कट्टा गर्नु पर्ने अग्रिम कर रु.१४,५२८।- कट्टा नगरेकोले असुल गरी सञ्चित कोष खातामा दाखिला गर्नुपर्दछ ।

८. **सञ्चय कोष दाखिला** : कर्मचारी सञ्चय कोषमा दाखिला वापत रु.१००,८४२।- खर्च लेखेकामा सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउपालिकाको लेखापरीक्षणवाट रु.८२ लाख ८४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२० हजार, अनियमित रु.३० लाख ५३ हजार र पेश्की रु.५२ लाख ११ हजार रहेको छ ।

# मटिहानी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१७ लाख ५१ हजार र यो वर्षको आय रु.४ करोड १५लाख ४१ हजार समेत रु.४ करोड ३२ लाख ९२ हजार आम्दानी भएकोमा रु.२ करोड ४२ लाख ७१ हजार खर्च भई रु.१ करोड ९० लाख २१ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं. ४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने उल्लेख छ । सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन । आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । नगरपालिका अन्तर्गतका साविकका स्थानीय निकायको यस वर्षको आन्तरिक लेखापरीक्षण र गत वर्षको अन्तिम लेखापरीक्षण गराएको पाइएन । लेखापरीक्षण नगराउने जिम्वेवार पदाधिकारी उपर नियमानुसार कारवाही हुनु पर्दछ ।

३. **सोझै खरिद :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९ र ८४ अनुसार रु ५ लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र तथा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । यस गाउँ पालिकालाई रु ८० लाख पूँजीगत अनुदान रकम निकासा भएकोमध्ये रु.२९,७९,११५।- कार्यालयको पूर्वाधारको लागि फर्निचर, सवारी साधन, मेशिनरी औजार खरिद गर्दा समय अभाव देखाई सिधै खरिद गरेकोले उक्त खरिद प्रक्रिया नियमित देखिएन । सार्वजनिक खरिद कार्य नियमअनुसार गर्नु पर्दछ ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

४.१ मटिहानी गाउँ पालिका कार्यालयले २०७३।७४ मा विभिन्न ७ व्यक्ति, संस्थालाई प्रदान गरेको पेश्की रु.७०,३६,८००।- फछ्र्यौट हुन बाँकी देखिएकोले नियमाअनुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

४.२ मटिहानी गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ४० व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु.४४,२४,५६६।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्र्यौट गर्नु पर्दछ ।

४.३ धिरपुरा गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ५२ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु.९,३४,८८५।- बाँकी देखिएकोले उक्त पेश्की⁄ असुल, फछ्र्यौट गर्नु पर्दछ ।

४.४ मझौरा गा.वि.स. कार्यालयले कार्यालयले गत विगत वर्षको २७ व्यक्ति एवं सस्थालाई दिएको रु.६,३७,९००।- र यस आर्थिक वर्ष २ व्यक्तिको रु.९,१०,०००।- पेश्की बाँकी रहेको छ । फछ्र्यौट गर्न बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

४.५ सिमरदही गा.वि.स. कार्यालयले गत विगत वर्षदेखि ३६ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु.४६,४५,८१७।- बाँकी देखिएकोले उक्त पेश्की यथाशीघ्र असुल, फछ्र्यौट गर्नु पर्दछ ।

५. **अग्रिम कर :** आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन :

५.१ मटिहानी गाउँ पालिकाले २ कर्मचारीलाई दिएको तलब भत्तामा सामाजिक सुरक्षा कर र एक फर्मलाई दिएको भुक्तानीमा कट्टा गर्नुपर्ने अग्रिम कर रु.१८,०७३।- कट्टा गरेको नपाइएकोले उक्त कर वापतको रकम असुल गरी दाखिला गर्नु पर्दछ।

५.२ धिरपुरा गाउँ पालिकाले पारिश्रमिक, घर भाडा लगायतमा कट्टी गर्नुपर्ने अग्रिम कर रु.६८,५७४ ।- कट्टा गरेको नपाइएकोले उक्त कर वापतको रकम असुल गरी दाखिला गर्नु पर्दछ।

**बेरुजू स्थिति**

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १० लाख १९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.८७ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ७९ हजार र पेश्की रु.१ करोड ७९ लाख ५३ हजार रहेको छ।

# राम गोपालपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१९ लाख ३३ हजार र यो वर्षको आय रु.६ करोड ९९ लाख ३५ हजार समेत जम्मा रु.७ करोड १८ लाख ६८ हजार आम्दानी भएकोमा रु.६ करोड ६० लाख ६४ हजार खर्च भई रु.५८ लाख ४ हजारमौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं. ४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने उल्लेख छ। सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन। आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

२. **आन्तरिक र अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। नगरपालिका अन्तर्गतका साविकका ४ स्थानीय निकायको यस वर्षको आन्तरिक लेखापरीक्षण र गत वर्षको अन्तिम लेखापरीक्षण गराएको पाइएन। लेखापरीक्षण नगराउने जिम्वेवार पदाधिकारी उपर नियमानुसार कारवाही हुनु पर्दछ।

३. **सोझै खरिद :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९ र ८४ अनुसार ५ लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र तथा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ। यस गाउँ पालिकालाई ८० लाख रुपियाँ पूँजीगत अनुदान रकम निकासा भएकोमध्ये रु.२,९९४,०२१।- कार्यालयको पूर्वाधारको लागि फर्निचर, सवारी साधन, मेशिनरी औजार खरिद गर्दा समय अभाव देखाई सिधै खरिद गरेकोले उक्त खरिद प्रक्रिया नियमित देखिएन। सार्वजनिक खरिद कार्य नियमअनुसार गर्नु पर्दछ।

४. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्वन्धित जोखिमहरु पहिचान नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ

५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

५.१ रामगोपालपुर गा.वि.स. ले गत विगत वर्षको ५३ व्यक्ति एवं सस्थालाई दिएको रु.२७,८७,६००।- र यस आर्थिक वर्ष एक संस्थाको नाममा रु १,६६,०००।- पेश्की बाँकी रहेको छ। फछ्र्यौट गर्न बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

५.२ बसबिट्टी गा.वि.स. ले गत विगत वर्षको ३३ व्यक्ति एवं सस्थालाई दिएको रु. १३,४०,०००।- र यस आर्थिक वर्ष एक व्यक्तिको नाममा रु.१५४,८०५।- पेश्की बाँकी रहेको छ। फछ्र्यौट गर्न बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नु पर्दछ।

५.३ सहसौला गा.वि.स.तर्फ कार्यालयले गत विगत वर्षदेखि १७ व्यक्ति एवं सस्थालाई दिएको पेश्की रु.९३४,८८५।- बाँकी देखिएकोले उक्त पेश्की असुल, फछ्र्यौट गर्नु पर्दछ ।

५.४ आर्थिक वर्ष १ संस्थाको  नाममा रु.१५४,८०५।- पेश्की बाँकी रहेको छ । फछ्र्यौट गर्न बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

६. **अग्रिम कर :** आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा  अग्रिम कर कट्टी गर्ने व्यवस्था छ । खोपी गाउँपालिकाले एक कर्मचारीलाई दिएको तलब भत्तामा कट्टा गर्नुपर्ने सामाजिक सुरक्षा कर वापतको रु. ३,७८५।- असुल गरी दाखिला गर्नु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८२ लाख १६ हजार फछ्र्यौट गर्न वाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ हजार र नियमित गर्नुपर्ने २९ लाख ९४ हजार पेश्की रु.५२ लाख १८ हजार रहेको छ ।

# सोनामा गाउँ पालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.११ लाख ८० हजार र यो वर्षको आय रु.७ करोड १७ हजार समेत जम्मा ७ करोड ११ लाख ९७ हजार आम्दानी भएकोमा रु.५ करोड ८९ लाख ८७ हजार खर्च भई रु.१ करोड २२ लाख १० हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सोझै खरिद :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९ र ८४ अनुसार ५ लाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्र तथा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ। यस गाउँ पालिकालाई ८० लाख रुपियाँ पूँजीगत अनुदान रकम निकासा भएकोमध्ये रु.३२ लाख कार्यालयको पूर्वाधारको लागि फर्निचर, सवारी साधन, मेशिनरी औजार खरिद गर्दा सिधै खरिद गरेकोले उक्त खरिद प्रक्रिया नियमित देखिएन। सार्वजनिक खरिद कार्य नियमअनुसार गर्नु पर्दछ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ को सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशन को बुँदा नं.४५ मा नगरपालिका कायम हुदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समिति वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख छ। सो अनुसार नगरपालिकाले थप भएका साविकका चार गाउँ विकास समितिको सम्पत्ति प्राप्त गरी अभिलेख राखेको देखिएन। आफ्नो कार्यक्षेत्र भित्र आएका सम्पतिको अभिलेख व्यवस्थित गरी संरक्षणको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ।

३. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। नगरपालिका अन्तर्गतका साविकका ४ स्थानीय निकायको यस वर्षको आन्तरिक लेखापरीक्षण र गत वर्षको अन्तिम लेखापरीक्षण गराएको पाइएन। लेखापरीक्षण नगराउने जिम्वेवार पदाधिकारी उपर नियमानुसार कारवाही हुनु पर्दछ।

४. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको साविकको ३ गा.वि.सको गत विगत वर्षको पेश्की रु. ८९,६१,७०८।- र यस वर्षको रु.४२०,०००।- समेत रु.९३,८१,७०८।- नियम अनुसार असुल, फछ्र्यौट हुनुपर्दछ।

६. **अग्रिम कर :** आयकर ऐनको दफा ८८ र ८९ मा सेवा शुल्क, भाडा, ठेक्का तथा करार वापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने व्यवस्था छ। गाउँ पालिकाले विभिन्न व्यक्ति, संस्था तथा पार्टीलाई भूक्तानी दिँदा सो अनुसार कट्टा गर्नुपर्ने अग्रिम कर रु. २२१,७८।- हजार कट्टा गरेको नपाइएकोले असुल गरी दाखिला गर्नुपर्दछ।

७. **बैंक हिसाब :** प्राप्त आयव्यय विवरण अनुसार वर्षान्तमा रु १२२,०९,८८३।- बैंक मौज्दात देखिएकोमा बैंक मौज्दात प्रमाण पेश हुन नआएकोले श्रेस्ता अनुसारको बैंक मौज्दात यकिन गर्न सकिएन। अतः उक्त विवरण प्राप्त गरी बैंक मौज्दात भिडान गर्नु पर्दछ।

### बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ५८ लाख ५२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५४ लाख १० हजार र पेश्की रु.४ लाख २० हजार रहेको छ।

# बलवा गाऊँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.१६ लाख १३ हजार र यो वर्षको आय रु.९ करोड ३ लाख समेत जम्मा रु.९ करोड १९ लाख १३ हजार आम्दानी भएकोमा रु.८ करोड ५९ लाख ६८ हजार खर्च भई रु.५९ लाख ४५ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान नगरेको, भ्रमाण अभिलेख नराखेको, तलवी प्रतिवेदन पारित नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। साविकका बलबा, बनौटा, परौल, धमौरा, बर्दिया बन्चोरी समेत ५ वटा गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन। गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलब्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्ति भए सो समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ।

३. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनु पर्ने व्यवस्था छ। कार्यालयले विभिन्न समयमा कार्यालय सामान, कम्प्युटर, फर्निचर, सवारी साधन लगायतका जिन्सी मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्दछ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाबाट विभिन्न ७ वटा वडा कार्यालको नाममा गत विगतवर्षको समेत पूँजीगत तर्फको रु.५,३६,९२,४८२/- र विभिन्न ५ जना वडा सचिवको नाममा सामाजिक सुरक्षा वापतको पेश्की रु.२,९५,८५,६००/- जम्मा रु. ८३२७८०८२/- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

५. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा १ मा वासिन्दा व्यक्तिले ठेक्का वा करारको भुक्तानी दिंदा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न २ फर्मबाट कम्प्युटर मर्मत आपूर्ति, सवारी साधन मर्मत लगायतको लागि विभिन्न मितिमा २ थान भौचरबाट सेवा प्रदायकलाई भुक्तानी गर्दा अग्रिम कर रु. १६,४७४। कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ।

६. **बेरुजू फछ्र्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की

फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँपालिकाले आफ्नो तथा साविक गाँउ विकास समितिहरु समेतको बेरुजू अभिलेख राखेको पाइएन ।

**बदिया बनचौरी गाउँ विकास समिति**

७. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ श्रावणदेखि माघसम्मको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु. १८०१।- कट्टी गर्न छुट भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

८. **आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ वमोजिम भुक्तानी अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. सचिव लाई प्रोत्साहन भत्ता वापत रु.८२,१७५।- भुक्तानी भएकोमा उक्त भुक्तानीमा अग्रिम कर कट्टी कर कट्टी नगरेको तथा २ संस्थालाई भुक्तानीमा अग्रिम कर वापतको रु २७३/- समेत रु.१२,६००/- असुल हुनुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । यस कार्यालयले जनहित युवा समाज, भ्रमरपुरलाई भिलेज प्रोफाइल तयारी वापत रु.६०,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्त सम्म पनि फछ्र्यौट नभएकाले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१०. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । त्यसैले गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

**बनौटा गाउँ विकास समिति**

११. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ वैशाखदेखि पौषसम्मको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु. ३३७५। कट्टी गर्न छुट भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१२. **आयकर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा प्रतिफलको भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा गा.वि.स. सचिवलाई प्रोत्साहन भत्ता वापत रु.४०,०००।- भुक्तानी भएकोमा उक्त भुक्तानीमा अग्रिम कर कट्टी कर कट्टी गरेको नपाइएकोले कर वापतको रु.६,०००/- असुल हुनुपर्दछ ।

१३. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भाडा, सेवा शुल्क र ठेक्का वा करारको भुक्तानी गर्दा १५ प्रतिशत र १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिका ३ थान भौचरबाट विभिन्न मालसामान आपूर्ति वापत ३ फर्मलाई भुक्तानी गर्दा अग्रिम कर रु.६२५।- कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१३.१ मिति २०७३।११।२७ मा घरभाडा वापत रु.४४,०००।- खर्च लेखेकोमा १० प्रतिशतले हुने घर बहाल कर वापत रु.४४००।- कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स.तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतका स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । मिति २०७३।११।२७ बाट बाँध तथा पैनी निर्माण उल्लेख गरी रु. २७७,०००। खर्च लेखेकोमा सम्झौता पत्र, गाडीको ब्लु बुक, चालकको लाइसेन्स तथा एक्साभेटरबाट काम गरेको समय खुल्ले विवरण र कार्य सम्पन्न प्रतिवेदन समेत नदेखिएकोले उक्त भुक्तानी नियमित देखिएन । अतः खर्च पुष्ट्याइँ हुने उक्त प्रमाण कागजात पेश हुनु पर्दछ ।

१४.१ कार्यालयले मिति २०७३।७।११ मा रु.३५९,०००। खर्च लेखेकोमा उक्त खर्च पुष्टि हुने बिल, भरपाई संलग्न नभएकोले उक्त खर्च नियमसम्मत देखिएन । अतः खर्च पुष्ट्याइँ हुने उक्त प्रमाण कागजात पेश हुनु पर्दछ ।

१५. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करारको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मिति २०७३।११।२७ मा एक फर्निचर उद्योगलाई रु.११,५००।- भुक्तानी गर्दा अग्रिम कर वापत रु.१७३।- कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१६. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन ।

**बलवा गाउँ विकास समिति**

१७. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले विभिन्न २ कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.२७०९।– कट्टी गर्न छुट भएको उक्त रकम असुल हुनुपर्दछ ।

१८. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भाडा, सेवा शुल्क र ठेक्का वा करारको भुक्तानी गर्दा १५ प्रतिशत र १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३।९।२० मा विभिन्न मालसामान आपूर्ति वापत एक फर्मलाई रु.२२४००।- भुक्तानी गर्दा अग्रिम कर रु.३३६।- कट्टा गरेको नपाइएकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्दछ ।

१८.१ मिति २०७३।९।२० मा घरभाडा वापत रु.१८,०००। खर्च लेखेकोमा १० प्रतिशतले हुने घर बहाल कर वापत रु.१८००।- कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले २०७३।१०।३ मा सुनौलो हजार दिन कार्यक्रमको लागि एक संस्थालाई रु.८,९९,८७१।– भुक्तानी गरेकोमा आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

२०. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिमले खापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन ।

**धमौरा गाउँ विकास समिति**

२१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले LGCDP कार्यक्रमका लागि मिति २०७३।६।१२ मा पूजा नागरिक सचेतना केन्द्रलाई रु.१००,०००।- पेश्की दिएकोमा आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकाले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

२२. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ वैशाखदेखि फागुनसम्मको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.५१३४। कट्टी गर्न छुट भएको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

२३. **आयकर** :आयकर ऐन, २०५८ को दफा ८८(१) मा प्रतिफलको भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा गा.वि.स. सचिव लाई प्रोत्साहन भत्ता वापत रु. ५२,८७५।- भुक्तानी भएकोमा उक्त भुक्तानीमा अग्रिम कर कट्टी कर कट्टी नगरेको रु.७०३१/- असुल हुनुपर्दछ ।

२४. **अग्रिम कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भाडा, सेवा शुल्क र ठेक्का वा करारको भुक्तानी गर्दा १५ प्रतिशत र १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिका ४ थान भौचरबाट विभिन्न मालसामान आपूर्ति वापत ३ फर्मलाई भुक्तानी गर्दा अग्रिम कर रु.१२१६।- कट्टा नगरेकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

२५. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स. तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतका स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । मिति २०७३।७।२४ मा रौजा–वीरेन्द्र बजार

सडक उपभोक्ता समितिलाई माटो पुर्ने कामको लागि विना सम्झौता रु.४००,०००।– पेश्की दिई चालु खाताको गो.भौ.नं. ३०-२०७३।८।१७ बाट पुनः रु.२०००००।– खर्च लेखि रु.६००,०००।– पेश्की फछ्र्यौट गरेकोमा सो कार्यको लागि भएको सम्झौता पत्र, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, कागजात समेत संलग्न नरहेकोले उक्त खर्चको पुष्ट्याई पेश गर्नुपर्दछ ।

२५.१ सचिव राम विनय पाण्डेको सडक ग्राभेल सम्बन्धी पेश्की रु.८००,०००।– फछ्र्यौट गरेकोमा सो कार्यको लागत अनुमान, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, कागजात समेत संलग्न नरहेकोले उक्त खर्चको पुष्ट्याइँ हुनुपर्दछ ।

२६. **जिन्सी दाखिला** : सोनाली इन्टरप्राइजेज, जलेश्वरबाट मिति २०७३।११।१६ मा रु.२००,०००।– को मोटरसाइकल खरिद गरेकोमा खरिद आदेश, दाखिला रिपोर्ट तथा जिन्सी खातामा आम्दानी समेत बाँधेको नपाइएकोले उक्त मोटरसाइकल जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्दछ ।

२७. **कर दाखिला** : सोनाली इन्टरप्राइजेज, जलेश्वरलाई मोटरसाइकल आपूर्ति वापतको रु.२००,०००।– भुक्तानी गर्दा १.५ प्रतिशतले हुने अग्रिम आय कर वापत रु.३,०००। कट्टी गरी दाखिला नभएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२८. **पेश्की खर्च :** सचिव राम विनय पाण्डेले रु.११,४२,०००।– आफ्नो नाममा पेश्की लिई मिति २०७४।३।५ सम्म विभिन्न खर्चको कारोबार भएको पाइयो । यसमा गा.वि.स. २०७३ फाल्गुन २८ देखि बलवा गाउँपालिकामा समाहित भैसकेकोले उक्त खर्च नियमित मान्न सकिएन ।

२९. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन ।

**पडौल गाउँ विकास समिति**

३०. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले विभिन्न २ कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.१४७४।- कट्टी गर्न छुट भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

३१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ । २०७३।९।१२ मा एक कर्मचारीलाई दिएको पेश्की रु.१४,०००।- आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएकाले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

३२. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स.तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतका स्रेस्ता संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालय समान वापत रु.८७६३।- भुक्तानी खर्च लेखेकोमा कुनै बिल, भरपाई संलग्न नभएकोले रु.८७६२।- को खर्च पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

३३. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । त्यसैले गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.८ करोड ७८ लाख ८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपेर्ने रु.६९ हजार नियमित गर्नुपर्ने रु.३३ लाख ८७ हजार र पेश्की बाँकी रु.८ करोड ४३ लाख ५२ हजार रहेको छ ।

# भंगहा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ५ हजार र यो वर्षको आय रु.९ करोड ७ लाख ३८ हजार समेत जम्मा रु.९ करोड ११ लाख ४३ हजार आम्दानी भएकोमा रु.६ करोड ५२ लाख ९६ हजार खर्च भई रु.२ करोड ५८ लाख ४७ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान नगरेको, भ्रमाण अभिलेख नराखेको, तलवी प्रतिवेदन पारित नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ। साविकका गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालस गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन । गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी यथाशीघ्र स्वामित्वमा लिनुपर्दछ।

३. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा कार्यालय सामान, कम्प्युटर, फर्निचर, सवारी साधन लगायतका जिन्सी मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिएको नपाइएकोले सोको जानकारी दिनुपर्दछ।

४. **बेरुजू फछ्र्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँपालिकाले आफ्नो तथा साविक गाउँ विकास समितिहरु समेतको बेरुजू अभिलेख राखेको पाइएन।

५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाबाट विभिन्न ६ वटा वडा कार्यालको नाममा सामाजिक सुरक्षा तथा पूँजीगत तर्फको रु.२५,७१,५७८/- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

### भंगाहा गाउँ विकास समिति

६. **मौज्दात :** गा.वि.स.का कार्यालय सहायक लक्ष्मी प्रसाद सिंहसँग रु.३५६९१।- नगद बाँकी रहेको देखिएकोले स्थानीय सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

७. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७२।०७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन। गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

८. **दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा ब्याज, प्राकृतिक श्रोत, रोयल्टी सेवा शुल्क, भाडा कमिशन बोनसको भुक्तानी मा १५ र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु खर्चतर्फ विभिन्न मितिमा ५ थान भौचरबाट विभिन्न रकम भुक्तानी गर्दा रु.१७१३।- र पुँजीगत खर्चतर्फ विभिन्न मितिमा ३ थान भौचरबाट विभिन्न रकम भुक्तानी गर्दा रु.६२८४।- समेत जम्मा रु.७९९७।- कट्टी नगरेकोले असुल गरी दाखिला हुनुपर्दछ।

९. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ श्रावण महिनादेखि चैत्र महिनासम्मकर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु. २५५२।- कट्टी गर्न छुट नभएकोले उक्त रकम असुल हुनुपर्दछ।

१०. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ। वडा नं १ देखि ९ सम्म सुनौला हजार दिन कार्यक्रम सञ्चालन गर्न २०७३।९।१२ मा तर्फ आर.आर.एन. समितिलाई रु.८९९,६४६।- पेश्की दिइएको पाइयो। उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**हरिनमरी गाउँ विकास समिति**

११. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ ज्येष्ठदेखि २०७३ माघ महिनासम्म कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.२५४२।- कट्टी गर्न छुट भएको रकम असुल हुनुपर्दछ।

१२. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७२।७३ को लेखापरीक्षणगराई प्रतिवेदन लिएको देखिएन। गत आर्थिक वर्षको आर्थिक स्थिति र बेरुजू यकिन गर्न सकिएन।

१३. **दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा ब्याज, प्राकृतिक श्रोत, रोयल्टी सेवा शुल्क, भाडा कमिशन बोनसको भुक्तानी मा १५ र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु खर्चतर्फ विभिन्न मितिमा ७ थान भौचरबाट विभिन्न रकम भुक्तानी गर्दा रु.७६६९।- कट्टी नगरेको कर रकम असुल गरी दाखिला हुनुपर्दछ।

**धर्मपुर गाउ विकास समिति**

१४. **मौज्दात :** गा.वि.स. सचिव श्री रामएकवाल यादव सँग नगद रु.७७२७।- नगद बाँकी रहेको देखिएकोले स्थानीय सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

१५. **आयकर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा प्रतिफलको भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा गा.वि.स. सचिवलाई प्रोत्साहन भत्ता वापत रु.१०६,०००।- भुक्तानी भएकोमा उक्त भुक्तानीमा अग्रिम कर कट्टी कर कट्टी नगरेको रु.१५,९००।- असुल हुनुपर्दछ।

१६. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन। गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

१७. **दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा ब्याज, प्राकृतिक श्रोत, रोयल्टी सेवा शुल्क, भाडा कमिशन बोनसको भुक्तानीमा १५ र १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु खर्चतर्फ विभिन्न मितिमा ४ थान भौचरबाट विभिन्न रकम भुक्तानी गर्दा रु.११२४।- कट्टी नगरेको उक्त रकम असुल गरी दाखिला हुनुपर्दछ।

१८. **बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७४।३।३० मा रु.२२५,५०४।- को पेश्की फछ्र्यौट गरेकोमा सोसँग सम्बन्धित बिल, भरपाई तथा प्रमाणहरु पेश नभएकोले उक्त रकम नियमानुसार असुल हुनुपर्दछ।

१९. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन। गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

**मेघनाथ गोरहन्ना गाउँ विकास समिति**

२०. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ श्रावणदेखि २०७४ वैशाख महिनासम्म कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.३४८८।- कट्टी गर्न छुट भएको उक्त रकम असुल हुनुपर्दछ।

२१. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ब्याज, प्राकृतिक श्रोत, रोयल्टी सेवा शुल्क, कमिशन बोनसको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७४।३।३० मा संतोष जनरल स्टोर्स, जलेश्वरबाट सामान खरिद गर्दा बिल रकम रु.२५,०००।- को १.५ प्रतिशत अग्रिम आयकर कट्टी नगरेको रु.३७५।- दाखिला हुनुपर्दछ।

२२. **बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७४।३।३० मा रु.१,३५,०००।- को पेश्की फछ्र्यौट गरेकोमा सोसँग सम्बन्धित बिल, भरपाई तथा प्रमाणहरु पेश नभएकोले उक्त रकम नियमानुसार असुल हुनुपर्दछ।

२३. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

**सिंग्याही गाउँ विकास समिति**

२४. **नगद मौज्दात :** गा.वि.स. सचिव श्री विनोद कुमार सिंहसँग नगद रु.२६५३०।- नगद बाँकी रहेको देखिएकोले स्थानीय सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

२५. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

२६. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ श्रावणदेखि २०७४ वैशाख महिनासम्म कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.३०७५।- कट्टी गर्न छुट भएको उक्त रकम असुल हुनुपर्दछ।

२७. **अग्रिम कर –** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ब्याज, प्राकृतिक श्रोत, रोयल्टी सेवा शुल्क, कमिशन बोनसको भुक्तानी मा १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३।११।२७ मा विभिन्न स्टेशनरी मालसामान खरिद गर्दा बिल रकम रु.५०,००।- को १.५ प्रतिशत अग्रिम आयकर कट्टी नगरेको रु.७५०।- दाखिला हुनुपर्दछ।

**हतिसर्वा गाउँ विकास समिति**

२८. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ को दफा २१ अनुसार कर्मचारीहरुको तलब भुक्तानी गर्दा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा गा.वि.स.ले २०७३ श्रावणदेखि २०७४ वैशाख महिनासम्म कर्मचारीको तलब, भत्ता भुक्तानी गर्दा उक्त कर वापत रु.३,२२३।- कट्टी गर्न छुट भएको उक्त रकम असुल हुनुपर्दछ।

२९. **नगद मौज्दात :** गा.वि.स. सचिव श्री रामएकवाल यादवसँग नगद रु.३८७।- नगद बाँकी रहेको देखिएकोले स्थानीय सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

३०. **बिल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले २०७४।३।३० मा रु.१,३०,०००।- को पेश्की फछ्र्यौट गरेकोमा सोसँग सम्बन्धित बिल, भरपाई तथा प्रमाणहरु पेश नभएकोले उक्त रकम नियमानुसार असुल हुनुपर्दछ।

३१. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ । कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन । गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.४० लाख ८२ हजार बेरुजूफछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५० हजार नियमित गर्नुपर्ने रु.५ लाख ६१ हजार र पेश्की बाँकी रु.३४ लाख ७१ हजार रहेको छ।

# औरही गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

यस गाउँ पालिकाको गत वर्षको मौज्दात रु.२७ लाख ४७ हजार र यो वर्षको आय रु.५ करोड ७२ लाख ३९ हजार समेत रु.५ करोड ९९ लाख ८६ हजार आम्दानी भएकोमा रु.५ करोड ३२ लाख ८८ हजार हजार खर्च भई रु.६६ लाख ९८ हजार मौज्दात रहेको देखिन्छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंन गर्दा खरिद योजना तयार नगरेको,स्वीकृत ढाँचाको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, निरीक्षण प्रतिवेदन माथि कारवाहि नगरेको, जिन्सी खातामा कतिपय मालसामानको मूल्य नखुलाएको,मर्मत अभिलेख नराखेको, मालसामान खरिद गर्दा लागत अनुमान तयार नगरको, नागरिक बडापत्र र हेल्प डेस्कको व्यवस्था नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, कार्यक्रमगत खाता राख्ने नगरेको, सुशासन नियमावली, अनुसार अनुगमन संयन्त्र गठन नगरेको, कार्यालयको कामसँग सम्बन्धित जोखिमहरु पहिचान नगरेको, भ्रमाण अभिलेख नराखेको, तलवी प्रतिवेदन पारित नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलीत ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ।साविकका गाउँ विकास समितिमा रहेका जिन्सी सम्पत्ति हालसम्म गाउँपालिकाको नाममा हस्तान्तरण भएको छैन। सम्पत्ति हस्तान्तरण नहुँदा हराउने एवम दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश बमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएकासम्पत्ती भए सो समेत यकिन गरी स्वामित्वमा लिनुपर्दछ।

३. **मूल्य अभिवृद्धि करको जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का सम्भौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न समयमा कार्यालय सामान, कम्प्युटर, फर्निचर, सवारी साधन लगायतका जिन्सी मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिएको नपाइएकोले सोको जानकारी दिनुपर्दछ।

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायमा पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनकि सूचना जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाबाट विभिन्न ७ वटा वडा कार्यालको नाममा पूँजीगत तर्फको रु.१७६,६२,०१६/- र विभिन्न वडामा सुनौला हजार दिन कार्यक्रम सञ्चालनका लागि आर.आर.एन.आई. संस्थालाई गएको पेश्की रु.१०,८०,०००/- समेत रु.१,८७,४२,०१६/- बाँकी रहेको देखिएकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनुपर्दछ।

५. **बेरुजू फछ्र्यौट :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँपालिकाले आफ्नो तथा साविक गाउँ विकास समितिहरु समेतको बेरुजू अभिलेख राखेको पाइएन।

६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा १ मा वासिन्दा व्यक्तिले ठेक्का वा करारको भुक्तानी दिंदा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न भुक्तानीमा गर्दा अग्रिम कर रु.४२६२।- कट्टा नगरेको उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ।

७. **आन्तरिक आय :** गाउँपालीकाको आन्तरिक आयतर्फ रु.१८७,११४।- आम्दानी गरेको मध्ये पोखरी ठेक्का वापत रु.१,८०,०००।- आम्दानी गरेको देखाइएकोमा सो आम्दानी सम्बन्धी रसिद, दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका स्रेस्ता र अभिलेख पेश गरेको छैन।

### औरही गाउँ विकास समिति

८. **बिल, भर्पाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ९ मा साविक गा.वि.स.तथा नियम २५ मा नगरपालिको खर्च गर्ने सम्बन्धी कार्यविधि अनुसार खर्च प्रमाणित हुने बिल भरपाई लगायतका स्रेस्ता संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ। मिति २०७३।१०।१२ मा रु.५०००।- खर्च लेखेकोमा सो सम्बन्धी बिल, भर्पाई पेश भएको नदेखिएकोले खर्च पुष्ट्याइँ हुने उक्त प्रमाण कागजात पेश हुनुपर्दछ।

९. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा सरुवा वा बढुवा भई हाजिर हुन खटिएको कार्यालयमा पुगेको दिनको र काजबाट कार्यालय फर्केको दिनको २५ प्रतिशत मात्र भुक्तानी पाउने कानूनी व्यवस्था छ। कार्यालयका सचिव तथा एक का.स. समेत २ जनालाई विभिन्न मितिमा भ्रमण खर्च भुक्तानी गर्दा काजबाट फर्केको दिनको पुरै भत्ता भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु.८,१००।- असुल हुनुपर्दछ।

१०. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा १ मा वासिन्दा व्यक्तिले ठेक्का वा करारको भुक्तानी दिंदा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मोटरसाइकल तथा फर्निचरको खरिद गरी विभिन्न मितिमा ३ थान भौचरबाट ३ फर्मलाई भुक्तानी गर्दा अग्रिम कर रु.४१८०।- कट्टा नगरेकोले उक्त रकम असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ।

११. **तालिम खर्च :** कार्यालय सहायक घनश्याम यादवलाई स्थानीय प्रशिक्षण प्रतिष्ठान धनुषामा १५ दिनको तालिम भत्ता भनी मिति २०७३।७।८ मा रु.२५,०००।- भुक्तानी भएको देखिन्छ। उक्त तालिममा सहभागी हुनका लागि तालिममा मनोनयन भएको पत्र समावेश नभएको साथै निजले पाउने सुविधा प्राप्त हुने आधार विना खर्च लेखेको छ। तालिममा सिफारिस गरेको पत्र र पाउने सेवा सुविधाको प्रमाण पेश गर्नुपर्दछ।

१२. **अन्तिम लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अन्तिम लेखापरीक्षण गराउनु पर्ने कानूनी व्यवस्था छ। कार्यालयले २०७२।७३ को लेखापरीक्षण गराई प्रतिवेदन लिएको देखिएन। त्यसैले गत आर्थिक वर्षको आर्थिक स्थिती र बेरुजू यकिन गर्न सकिएन।

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(क) १ मा आकस्मिक लाभ वापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्नुपर्ने कानुनी व्यवस्था छ। यस गा.वि.स.का विभिन्न ४ कर्मचारीहरुलाई गाउँ परिषद्मा सहयोग गरे वापत रु.२०,०००।- भुक्तानी गरेकोमा सो अनुसार कर कट्टी गरेको नपाइएकोले उक्त कर वापतको रु.५०००।- असुल हुनुपर्दछ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने कानूनी व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको पेश्की अभिलेख समेत दुरुस्त राखेको देखिएन। आर्थिक वर्ष २०७१।७२ को लेखापरीक्षणबाट औंल्याइएको पेश्की बाँकी रु.७,७९,९००।- र यस आर्थिक वर्षमा जगाह खोला नदी नियन्त्रण उ.स., औरहीलाई दिएको रु.५०,०००।- समेत रु.८२९९००।- पेश्की बाँकी रहेको देखिन्छ। उक्त पेश्की नियमानुसार असुल, फछ्र्योट गरिनु पर्दछ।

### श्रीपुर गाउँ विकास समिति

१५. **दाखिला :** कार्यालयले मिति २०७३।६।२१ म तलब भुक्तानी गर्दा कट्टा गरेको सामाजिक सुरक्षा कर रु.२३१२।- दाखिला भएको नदेखिएकाले उक्त रकम दाखिला हुनुपर्दछ।

१६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको जिम्मेवारी सारेको पेश्की रु.१६,५२,७३८।- र यस आर्थिक वर्ष विभिन्न ५ विद्यालय र १ धर्मशाला संस्थालाई दिएको पेश्की रु.२५०,०००।- समेत नियमानुसार असुल, फछ्र्यौट गर्नुपर्दछ।

१७. **नगद मौज्दात :** आय-व्यय विवरण अनुसार गत विगतदेखि जिम्मेवारी सार्दै आएको नगद मौज्दात रु.३७००३।- सचिव श्री विनोद सिंहसँग रहेको देखिएकोले उक्त रकम स्थानीय सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १ लाख ५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपेर्ने रु.७३ हजार नियमित गर्नुपर्ने रु.२ लाख १० हजार र पेश्की बाँकी रु.१ करोड ९८ लाख २२ हजार रहेको छ।

# ईश्वरपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १२ लाख ४५ हजार र यो वर्षको आय रु.१७ करोड ४८ लाख १ हजार समेत रु.१८ करोड ६० लाख ४६ हजार आम्दानी भएकोमा रु.१६ करोड ४५ लाख ५१ हजार खर्च भई रु.२ करोड १४ लाख ९५ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आय-व्यय विवरण :** कार्यालयमा गाउँ विकास समितिहरु समाहित हुनुपूर्व २०७३ श्रावणदेखि फाल्गुण २७ गतेसम्मको कार्यालय आफूले गरेको कारोबारको एकीकृत आय-व्यय विवरण तयार नगरेकोले कार्यालयको वास्तविक आय-व्यय रकम यकिन गर्न सकिएको छैन । कार्यालयले आफ्नो र गाउँ विकास समितिहरुको समेत २०७३ श्रावणदेखि फाल्गुण २७ गतेसम्मको एकीकृत आय-व्यय विवरण तयार गरेकोमा सोबाट गाउँ विकास समिति र नगरपालिकाको आय-व्यय रकम शीर्षकगत यकिन हुने गरी तयार गरेको देखिएन । जसले गर्दा एकीकृत आय-व्यय विवरण भिडान हुन सकेको छैन । तसर्थ कार्यालयले आम्दानी र खर्चको शीर्षकगत छुट्टा छुट्टै आय-व्यय विवरण तयार गरी एकीकृत आय-व्यय विवरण तयार गनुपर्दछ ।

२. **मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिका र नगरपालिकामा गाभ्ने निर्णय गरेको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा ईश्बरपुर नगरपालिकामा गाभिएको गाउँ विकास समिति गौरिशँकर गा.बि.सको आन्तरिक स्रोततर्फ बाँकी रहेको रू.३,९१८।- नगरपालिकामा हस्तान्तरण गरेको नदेखिँदा नगरपालिकाको खातामा रू.३,९१८।- दाखिला गनुपर्दछ ।

३. **जिन्सी हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार नगरपालिका एब गाँउपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा यस ईश्बरपुर नगरपालिकामा गाभिएका साबिकका कालिञ्चोर र गौरिशँकर गा.बि.स.ले आफ्नो नाममा भएका घर, जग्गा, मोटर, मोटरसाइकल, कम्प्युटर, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गरेको देखिएन । नगरपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांन गर्दा कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, अषाढ महिनामा भएको खर्च बजेटको तुलनामा २० प्रतिशतभन्दा निकै बढि रहेको, सेबा प्रबाह प्रकृया बृहद तथा अपाँगमैत्रि नभएको, सेबाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट कार्यालयले आफ्नो मूल्याङ्कन गर्ने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको जस्ता कमिकमजोरी देखिएकोले प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जानुपर्दछ ।

५. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो बर्ष कार्यालयले विभिन्न ८ उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्नेभन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले बढि भुक्तानी रकम रु.२२,६८२।- असुल गर्नुपर्दछ ।

६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रू.१,३१,२२,५९६।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन । यो वर्ष विभिन्न कामको लागि दिएको १ जना कर्मचारीलाई

दिएको पेश्की रु.३,००,०००।- फछ्र्यौट गर्न बाँकी देखिएकोले नियममा भएको व्यवस्था वमोजिम पेश्की रकम फछ्र्यौट गर्नुपर्दछ ।

**गौरीशंकर गाउँ विकास समिति**

७. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार स्वीकृत बजेट खर्च गर्दा बिल भरपाई सहितको लेखा स्रेस्ता राख्नुपर्दछ । उप-स्वास्थ्य चौकी गौरीशंकरलाई स्वयम्सेविकाको भत्ता तथा फर्निचर खरिद गर्न दिएको अनुदान रकम रु.१,८३,०००।- र श्री जनता प्रा.वि. गौरीशंकर ८ लाई फर्निचर खरिद गर्न दिएको अनुदान रकम रु.७५,०००।- खर्च लेखेकोमा उक्त खर्चको विल भर्पाई सँलग्न गरेको नदेखिँदा रु.२,५८,०००।- को प्रमाण पेश गर्नुपर्दछ ।

८. **राजस्ब दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ र १३ मा कार्यालयले सँकलन गरेको नगदी राजस्व तोकिएको समयमा बैंकमा जम्मा गरी राजस्बको लेखा राख्नुपर्दछ । कार्यालयले नगदको रुपमा राजस्व सङ्कलन गरी त्यसलाई तोकिएको अबधिभित्र बैंक जम्मा नगरी तहबिलबाटै खर्च लेखेको देखियो। यस प्रकारको आर्थिक कारोबारलाई नियन्त्रण गरी राजस्बको कारोबारलाई व्यबस्थित गर्नुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी,कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकीएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिवाट गत विगत वर्षमा विभिन्न संस्था तथा व्यक्तिलाई दिएको पेश्की रू.१,३१,०००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । नियममा भएको व्यवस्था वमोजिम पेश्की रकम फछ्र्यौट गर्नुपर्दछ ।

१०. **मालपोत रकम :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गा.बि.स.ले यो वर्ष असुल गरेको मालपोतमध्ये २५ प्रतिशतले हुने रकम रु.३२३१।- जिल्ला समन्वय समितिमा पठाउनुपर्दछ।

**कालिञ्जोर गाउँ विकास समिति**

११. **कारोबारको लेखा :** प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिले फाल्गुण २७ गते सम्ममा खर्चको फाँटबारी, पेश्की बाँकीको विवरण, कारोबारको दैनिक आय खाता तथा नगदी रसीद नियन्त्रण खाता, जिन्सी खाता तथा कतिपय खर्चका बिल भरपाईहरु प्रमाणित गरेको देखिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्न ध्यान पुऱ्याउनु पर्दछ।

१२. **मालपोत रकम :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गा.बि.स.ले यो वर्ष असुल गरेको मालपोतमध्ये २५ प्रतिशतले हुने रकम रु.१२९६०।- जिल्ला समन्वय समितिमा पठाउनुपर्दछ।

१३. **बार्षिक तलबी प्रतिबेदन :** गा.बि.स.ले कर्मचारीहरुको बार्षिक तबली प्रतिबेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिबेदनमा पारित नगराई तलब खर्च लेखेकोले यसमा सुधार गरिनुपर्दछ ।

**बेरुजू स्थिति**

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७ लाख ३२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२३ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ७८ हजार र पेश्की रु.४ लाख ३१ हजार रहेको छ ।

# मलंगवा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड २२ लाख ४२ हजार र यो वर्षको आय रु.१७ करोड ३४ लाख २२ हजार समेत रु.१८ करोड ५६ लाख ६४ हजार आम्दानी भएकोमा रु.१७ करोड १ लाख २९ हजार खर्च भई रु.१ करोड ५५ लाख ३५ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आय-व्यय विवरण** : कार्यालयले आय-व्यय विवरण स्रेस्तासंग भिडान हुने गरी तयार गरी पेश हुनुपर्दछ। कार्यालयले तयार गरेको खर्चगत आय-व्यय विवरण स्रेस्ता अनुसार पूर्णरुपमा भिडान हुने गरी तयार गरेको छैन । कार्यालयले मुलकोष तर्फको आय विवरण लगायत अन्य आय-व्यय विवरण तयार नगरेको कारण खर्चको स्रेस्तागत आय-व्यय विवरण र एकीकृत आय-व्यय विवरण एक आपसमा भिडान गर्न सकिएको छैन । कार्यालयको विभिन्न १४ शीर्षक बैंक नगदी किताव अनुसार २०७३ श्रावण १ देखि फाल्गुण २७ सम्म रु.४,१९,४१,२४१।- खर्च लेखेको छ भने सोही अवधिमा एकीकृत आय-व्यय विवरण अनुसार रु.४,९६,५८,२०८।- खर्च देखाई रु.७७,१६,९६६।- वढी खर्च देखाएको छ । त्यस्तै बैंक नगदी किताव अनुसार २०७३ फाल्गुण २८ देखि २०७४ असार मसान्तसम्मको खर्च रु.१०,६०,७१,७५६।- देखिएको छ भने सोही अवधिमा एकीकृत आय-व्यय विवरण अनुसार रु.१०,९१,४५,७७९।- खर्च देखाई रु.३०,७४,०२३।- वढी खर्च देखाएको छ । यस सम्वन्धमा कार्यालयले यथार्थ आर्थिक विवरण तयार गर्नुपर्दछ ।

१.१ एकीकृत आय-व्यय विवरण अनुसार २०७३ फाल्गुण २७ गते केन्द्रतर्फ रु.३१,४२,२८३।- र अन्य तर्फ रु.४५,३२,३९३।- समेत रु.७६,७४,६७६।- मौज्दात देखिएकोमा २०७३ फाल्गुण २८ गते साबिक गा.बि.स हरुबाट फिर्ता प्राप्त रु.६९,८५,९६७।- समेत रु.१,८६,६०,६४३।- जिम्मेबारी सार्नुपर्नेमा रु.१,३४,९७,९२१।- मात्र जिम्मेवारी सारी रु.११,६२,७२१।- घटी जिम्मेवारी सारेको देखिएको कारण सहित प्रमाण पेश हुनुपर्दछ।

१.२ २०७४ असार मसान्तको विभिन्न ५ खाताको बैंक स्टेटमेन्ट अनुसार रु.४,५०,९१,९८८।- मौज्दात रहेको देखिएकोमा एकीकृत आय-व्यय विवरण अनुसार रु.१,५५,३५,४४०।- मात्र मौज्दात देखाएकोले बैंकमाभन्दा आय-व्यय विवरणमा रु.२,९५,५६,५४७।- ले घटी मौज्दात रहेको देखिन्छ । कार्यालयले स्रेस्ता र बैंक भिडान गरी रिकन्साइल विवरण तयार गरी पेश गर्नुपर्दछ ।

२. **गत वर्षको भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्नु नहुने तर विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्रभित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले दलित बालबालिकाहरुको २०७२।७३ को भत्ता रु.१४९,६००।- कर्मचारीहरुको तलब, प्रोत्साहन भत्ता र रासन भत्ता रु.४४,१३,७२७।- भुक्तानी गरी खर्च लेखेकोमा नियममा उल्लेखित व्यवस्था अनुरुपको भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी वेगर खर्च लेखेको रु.४५,६३,३२७।- नियमसम्मत् देखिएन ।

३. **जिन्सी दाखीला :** जिल्ला प्रशासन कार्यालय, सर्लाहीको च.नं.२०१७ मिति २०७३।६।१२ को पत्रअनुसार सो कार्यालयको लागि आवश्यक पर्ने बिभिन्न किसिमका मालसामान रामजानकी इन्टरप्राइजेजबाट खरिद गरी रु.५६,५००।- भुक्तानी गरेकोमा ती सामानहरु कार्यालयको जिन्सी खातामा आम्दानी गरेको प्रमाण पेश नभएकोले कार्यालय प्रयोजनमा खर्च भएको भनी यकिन गर्न सकिएन ।

४. **तलब पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा अन्य प्रचलित ऐन, नियममा कर्मचारीहरुलाई तलब, भत्ताबापतको रकम अग्रिम रुपमा पेश्की दिने व्यवस्था भएको देखिदैंन। कार्यालयले १० जना कर्मचारीहरुलाई विभिन्न मितिमा तलब पेश्की बापत रु.१६,७५,०००।- भुक्तानी दिएको र सो रकम आर्थिक वर्षको अन्तसम्म कतिपय रकम फछ्र्यौट भएतापनि यसप्रकारको पेश्की दिने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

५. **अतिरिक्त दस्तुर :** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३१(१) बमोजिम सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महीनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले आफ्नो स्वामीत्वमा रहेका ज १ च १०४३ को गाडि र ना ३३ प ४८४८ को मोटरसाइकलको दर्ता प्रमाणपत्र नविकरण दस्तुर तोकिएको समयभन्दा ढिला बुझाएकोले रु.२१,२००- थप दस्तुर भुक्तानी गरेको पाइयो । यस्तो थप जरिवानाले नगरपालिकालाई अतिरिक्त व्ययभार पारेको हुँदा यस प्रकारका खर्चहरु नियन्त्रण गर्नुपर्दछ ।

६. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बुँदा नं. ५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ। जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका गमहरीया र भाडसर गाउँ विकास समिति हरुको लेखापरीक्षण गराई रु.७७,९९५।- लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको देखियो। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गर्नुपर्दछ।

७. **भान्से सुविधा** : प्रचलित ऐन तथा नियममा नगरपालिकाका कार्यकारी अधिकृतले भान्छे राखी कार्यालयबाट तलब, भत्ता भुक्तानी गर्ने व्यवस्था भएको देखिदैंन। कार्यकारी अधिकृत मुकेश कुमार चौरसियाको भान्छे रासनारायण राउतलाई २०७३।९।१ देखि माघ मसान्तसम्मको रु.२५,५२०।- र अर्को कार्यकारी अधिकृत हिमलाल भण्डारीको भान्छे उमेश साहलाई रु.७,४८०।- समेत रु.३३,०००।- तलब भुक्तानी गरी खर्च लेखेको नियमसम्मत् देखिएन।

८. **बिल भर्पाइ** : सामाजिक सुरक्षा भत्ताबापत रु.७६,४७,२००।- कृषि विकास बैंकको नामको पेश्की फछ्र्यौट गरी खर्च लेखेकोमा सो सम्बन्धी भर्पाइ तथा प्रमाण कागजातहरु पेश गर्नुपर्दछ।

९. **सामाजिक सुरक्षा कर** : आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसूची-१ को उपदफा १ खण्ड (क) र उपदफा २ खण्ड (क) बमोजिम रोजगारीको आयमा निश्चित रकमसम्मको वार्षिक आयमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले ४३ जना कर्मचारीहरुलाई रु.७,५००।- र १६ जना कर्मचारीहरुलाई रु.५,०००।- का दरले रु.४,०२,५००।- पोशाक भत्ता वितरण गरी खर्च लेखेकोमा उक्त रकममा कट्टा रु.४०२५।- गर्नुपर्ने सामाजिक सुरक्षा कर रु.४०२५।- कट्टा नगरेकोले सो रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

१०. **पारिश्रमीक कर** : आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रोजगारीको आयमा निश्चित रकमसम्मको वार्षिक आयमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर, त्यसपछिको रु.१,००,०००।- सम्मको आयमा १५ प्रतिशत र बाँकी आयमा २५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा २ जना कर्मचारीहरुको आयमा कर कट्टी नगरेकोले करबापतको रकम रु.९१,६४६।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

११. **कर वीजक :** मू.अ कर ऐन २०५२ तथा नियमावली, २०५३ अनुसार मु.अ. करमा दर्ता भएको व्यक्तीले बस्तु वा सेवा आपूर्ति गर्दा रितपूर्बकको वीजक जारी गर्नुपर्दछ। नगरपालिका अन्तर्गत वडा नं.४, ८ र १० मा बाटो मर्मत गरेबापत जे.के. बिल्डर्सलाई मुअक वीजक जारी नगरी रु.४९०,१२८।- (करसहित) भुक्तानी गरेकोमा निजबाट लेखापरीक्षणको अन्त्यतिर (२०७४।०९।२९) अगाडिको मिति राखी जारी गरिएको कर वीजक पेश हुन आएकोले त्यस्तो कर वीजकबाट असुल गरेको मू.अ.क. रकम रु.५६,३८६।- दाखिला वा समायोजन भए नभएको यकिन गर्न नसकिएकोले उक्त निर्माण व्यवसायीको बिक्री खाता तथा मू.अ.क. समायोजन विवरण पेश गर्नुपर्दछ।

११.१ वीजकमा आपनो नाम, ठेगाना, स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बरसहितको बीजक जारी गर्नुपर्ने र दफा १४(२) अनुसार वीजकको ढाँचा तोकिएबमोजिम हुने उल्लेख छ । कार्यालयले देहायका आपूर्तिकर्ताबाट बिभिन्न पूँजीगत सामान खरिद गरेकोमा आपुर्तिकर्ताको कर वीजक केरमेट तथा हातले लेखेको पाइएकोले मू.अ.कर समायोजन भए नभएको यकिन हुन सकेन । तसर्थ ३ आपूर्तिकर्तालाई गरेको रु.९०,३९८।- विल रकम भुक्तानीको मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ।

१२. **तलब भत्ता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) सँग सम्बन्धित अनुसूची-४ मा उल्लेख भएबमोजिम नगरपालिकाको खर्चको वर्गीकरण र व्याख्या अनुसार कानूनबमोजिम तलब खर्च अन्तर्गत नगरपालिकामा भर्ना गरिएका कर्मचारीहरूले सेवा गरे बापत पाउने तलव, तथा अन्य सुविधालाई जनाउदछ । तर सेवा करारमा लिईने सरसफाई तथा दमकल, एम्बुलेन्स, स्वास्थ्य क्लिनिक आदि सञ्चालनको लागि कर्मचारीलाई दिइने पारिश्रमिक सम्बन्धित शीर्षकमा नै खर्च लेख्नुपर्छ भन्ने व्यवस्था रहेकोमा नगरपालिकाले दमकल तथा सरसफाइ सम्बन्धी कर्मचारीहरुलाई तलब भुक्तानी गर्दा सार्वजनिक निर्माण अन्तर्गत पूँजीगत खर्चबाट खर्च लेखिएकाले नियमावलीको पालना भएको पाइएन।

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न ५ लक्षित समूहले कार्यक्रम सञ्चालन गर्दा भएको विभिन्न सामग्री खरिदमा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको भुक्तानीमा रु.११,६८१।- अग्रिम करकट्टी नगरेकोले नियमानुसार असुल गर्नुपर्दछ ।

१४. **लेखापरीक्षण पारिश्रमिक :** मलँगबा नगरपालिकाको च.नं २१२ मिति २०७४।२।५ को पत्रानुसार यस न.पा.को २०७३।७४ को २०७३ फागुन सम्मको स्रेस्ताको आन्तरिक लेखापरीक्षण गर्न उत्तिम लाल महतोलाई नियुक्ती गरी पारिश्रमीक बापत पेश्की स्वरुप रु.३००००।- भुक्तानी दिएको छ । तर उक्त अवधिको आन्तरिक लेखापरीक्षण न.पा.कै एक कर्मचारीबाट भएको देखियो । पारिश्रमिक बापत पेश्की दिएको रकम रु.३००००।– नगरपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

१५. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले भौ.नं.७८ र ७९ मिति २०७३।११।२७ बाट कपडा पेन्टिङ्ग तालिम र ब्युटिसियन तालिमका प्रशिक्षकहरुलाई गैर सरकारी सँस्थामार्फत् रु.२७,०००।- भत्ता भुक्तानी गरेकोमा सोको १५ प्रतिशतका दरले रु.४,०५०।- कर कट्टा गरी दाखिला गर्नुपर्नेमा रु.१,४१०।- मात्र कट्टा एवं दाखिला गरेको भौचर संलग्न गरेको हुनाले नपुग कर रकम रु.२,६४०।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१६. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेकोमा नगरपालिकाले ३ आपूर्तिकर्तासंगको फर्निचर खरिद तथा निर्माण कार्यहरुमा प्रतिस्पर्धा सीमित हुने गरी लागत अनुमानलाई टुक्राटुक्रा पारी एउटै प्रकृतिका काम एउटै समयमा फरक फरक आपूर्तिकर्ता वा निर्माण व्यवसायीबाट रु.१३,९०,०१४।- को खरिद कार्य गरेको देखिँदा उक्त खरिद कार्य नियमित र मितव्ययी छ भन्न सकिएन ।

१७. **दर विश्लेषण** : नगरपालिकाले नगर क्षेत्रभित्र विभिन्न वडामा भएको सडक ढलान कार्यको लागि नगरपालिकाको प्राविधिक शाखाबाट हुने प्राविधिक दर विश्लेषणको आधार र मापदण्ड स्पष्ट गरी लागत इष्टिमेट गरी निर्माण लगायतका कार्यहरु सम्पन्न गर्नुपर्नेमा नगरपालिकाले विभिन्न निर्माण व्यवसायीमार्फत् कार्य गराउँदा एउटै प्रकृतिको कार्यमा समेत आधार स्पष्ट नपारी फरक फरक दररेट निर्धारण गरी लागत इष्टिमेट गरेको पाइयो । नगरपालिकाले विकास अनुदान र सिमा सुरक्षा कार्यक्रम अर्न्तगतका विभिन्न ८ योजनामा यसरी फरक फरक दर राख्दा बढि खर्च हुन गएकोले कार्यालयलाई रु.३,४५,५१८।- थप व्ययभार परेको छ ।

१८. **अवकास भुक्तानी :** आयकर ऐन २०५८ बमोजिम अबकासको रकम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्दछ। ना.सु.ज्ञानबहादुर रंजितकार अनिवार्य अवकाश हुँदा पाउने घरबिदा, बिरामी बिदा, औषधि उपचार खर्च र उपदान समेत गरी रु.२७,२२,३९१।- मध्ये बजेट अभावले हाललाई रु.६ लाख भुक्तानी गरेको देखिन्छ। अवकास भुक्तानीमा प्राप्त हुने सुविधामध्ये आयकर ऐन, २०५८ बमोजिम २०५८ चैत्र १८ भन्दा अघिको रकम र सो पछिको रकम छुट्याई ऐन प्रारम्भ भएपछिको अवधिको लागि प्राप्त हुने रकममा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्दछ । तसर्थ, अब बाँकी रहेको भुक्तानीमा नियमानुसार कर कट्टा गर्न ध्यान पुर्‍याउनु पर्दछ ।

१९. **धरौटी सापटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारबाही अन्तिम रूपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद साथ निवेदन दिनुपर्ने व्यवस्था छ । धरौटी खाताबाट नगरपालिकाले विकास अनुदानमा रु.१६,००,०००।- र नगर सभा कोषको लागि रु.३५,१२,०३१।- समेत कुल रु.५१,१२,०३१।- सापटी दिएको देखियो । अत: म्याद प्रयोजन समाप्त भएको पुराना धरौटी रकम नियमावलीको प्रक्रिया पूरा गरी आम्दानी बाँध्ने व्यवस्था मिलाउनु पर्दछ । धरौटी खाताबाट सापटी दिएको रकम रु.५१,१२,०३१।- सापटी सोधभर्ना गर्नुपर्दछ ।

२०. **मूल्य अभबृद्धि कर :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न करदाता दर्ता नं.३०१३१०६४४ भएको चेतना नामक गैर सरकारी सँस्थासँग चौमासिक रुपमा मुअकबाहेक रु.१,००,०००।- का दरले भुक्तानी दिने गरी सम्झौता भएको छ । सो सँस्थाले वीजक नं. नभएका कर वीजक जारी भुक्तानी भएको सेवा शुल्क रु.३,००,०००।- को १३ प्रतिशतका दरले रु.३९,०००।- मुअक भुक्तानी लिई गएकोमा निज सँस्थाले जारी गरेको बिलको वीजक नं. नभएको कारण मुअक दर्ता प्रमाणपत्र लेखापरीक्षणका क्रममा माग गर्दा निजले पेश गरेको मू.अ. कर

दर्ता प्रमाणपत्रको पेश गरेकोल प्यान नं. बाट आन्तरिक राजस्व विभागको वेबसाइट सर्च गर्दा उक्त सँस्था मु.अ.करमा दर्ता भएको देखिएन। निजले पेश गरेको मू.अ.क. वीजक बास्तबिक देखिन नआएकोले त्यस्तो कार्य गर्ने सँस्थालाई प्रचलित कानूनबमोजिम कारबाही गरी भुक्तानी गरेको मुअक रकम त्यसमा लाग्ने थप दस्तुर समेत आन्तरिक राजस्ब कार्यालय मार्फत सँस्थाबाट रु.३९०००।- असुल गरी राजस्व खातामा दाखिला गर्नूपर्दछ।

२१. **आय ठेक्का :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) बमोजिम स्थानीय निकाय वा नेपालस्थित अन्तर्राष्ट्रिय संघसंस्था वा नियोग वा नेपाल सरकार वा मूल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानहरुले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यवस्था रहेको छ। नगरपालिकाले आन्तरिक आम्दानीतर्फ लगाउँको ५ वटा आय ठेक्कामा मुअक असुल उपर नगरी ठेक्काबापतको रकम मात्र असुलउपर गरेको देखिएकोले मूल्य अभिवृद्धि करबापतको रकम रु.२,९६,८५८।- सम्बन्धित ठेकेदारबाट असुल उपर गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

२२. **बक्यौता राजस्व :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) को खण्ड (ञ) बमोजिम आन्तरिक आयतर्फ असुल उपर गर्न बाँकी रकमको लगत अनुसूची १४ को ढाँचामा अभिलेख गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकामा गत विगत आ.व. देखि ३३ वटा ठेक्का र आय शीर्षकमा अभिलेख अनुसार रु.२३,७२,०८५।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ।

२३. **आम्दानी दाखिला** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। नगरपालिकाको राजस्व शाखामा असुली भएको विभिन्न मितिको नगद रकम रु.९,९५,५७२।- तोकिएको समयभन्दा २९ दिनसम्म ढिला गरी दाखिला गरेको देखिन आएकोले ऐनले तोके बमोजिमको जरिवाना रकम रु.२,१३,५४४।- सम्बन्धित कर्मचारीबाट असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

### खुटौना गाउँ विकास समिति

२४. **हाटबजार ठेक्का :** साबिक खुटौना गा.बि.स.ले हाटबजार ठेक्काबापत यस वर्ष रु.२६०,०००।- आम्दानी देखाएकोमा सो सम्बन्धि ठेक्का फाइल लेखापरीक्षणमा पेश नभएकोले प्राप्त हुनुपर्ने रकम एकिन गर्न सकिएन। साथै सो रकममध्ये राम जानकी मठका महन्त नारायणदास वैरागीलाई ७५ प्रतिशतले हुने रकम रु.१,९५,०००।- भुक्तानी गरी खर्च लेखेकोमा निजलाई भुक्तानी गर्नुपर्ने लिखित आधार प्रमाण कागजात पेश हुन नआएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

२५. **अग्रिमकर :** हाट बजार ठेक्का सम्बन्धि बैठकमा उपस्थित भएका ६ जना सहभागीहरुलाई बैठक भत्ता बापत रु.७,५००।- भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा सो कर कट्टा नगरेकोले करबापतको रकम रु.१,१२५।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

२६. **जिन्सी व्यबस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार कार्यालयले खरिद गरी वा नगरी प्राप्त भएको सबै जिन्सी मालसामानहरु जिन्सी खातामा प्रबिष्ट गरी अद्यावधिक रुपमा राख्नुपर्नेमा जिन्सी खाताको प्रयोगलाई अद्यावधिक नबनाएकोले जिन्सीको व्यबस्थापन पक्ष कमजोर देखिँदा यसमा सुधार गर्नुपर्दछ।

२७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा गाउँ विकास समिति ले गत विगतमा ९ व्यक्तिलाई दिएको पेश्की रु.१,५२,३००।- फछ्र्यौट गरेको देखिएन। अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई बाँकी पेश्की फछ्र्योट गर्नुपर्दछ।

### गम्हरिया गाउँ विकास समिति

२८. **बिल भर्पाइ :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्दछ। गाउँ विकास समितिले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग र बालबालिकाहरुलाई प्रथम किस्ताबापत सामाजिक सुरक्षा भत्ता बापत रु.३४,८४,०००।- पेश्की फछ्र्यौट गरी खर्च लेखेकोमा रु.८८,०००।- सम्बन्धित व्यक्तिहरुले बुझिलिएको भर्पाइ पेश नभएकोले भरपाई बेगर खर्च लेखेको रकम रु.८८०००।- सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

२८.१ विभिन्न ३ जना व्यक्तिहरुका नाममा बाँकी रहेको गत विगत वर्षको रु.१,५३,०००।- पेश्की फछ्र्यौट गरेकामा स्वीकृत लागत अनुमान प्राविधिक मूल्याङ्कन प्रतिवेदन, बिल भर्पाइ वेगर फछ्र्यौट गरेकाले सोको बिल भरपाई पेश गर्नुपर्दछ ।

२९. **मालपोत :** कार्यालयले मालपोत असुलीको लगत अध्याबधिक गरी राख्नुपर्नेमा सो अध्याबधिक गरी राखेको देखिएन । कार्यालयले असुली गरेको मालपोत रु.५१९२।- दाखिला गरी आम्दानी नबाँधेकोले सो रकम दाखिला गरी आम्दानी बाँध्नुपर्दछ ।

३०. **तलबी प्रतिबेदन :** गा.बि.स.मा कार्यरत कर्मचारीहरुको तलबी प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिबेदन पारित नगराई रु.३३१९४३।- तलब खर्च लेखेकोले यसमा सुधार गर्नुपर्दछ ।

३१. **बढी खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । गुम्हरीया गाउँ विकास समितिले शिवशक्ति मेशिनरी जनरल अर्डर सप्लायर्स, लालबन्दीबाट रु.२३५,८९९।- मूल्यको टिभिएस मोटरसाइकल खरिद गरी रु.२४६,२५०।- खर्च लेखेकोले बिलभन्दा बढी खर्च लेखेको रकम रु.१०,३५१।- असुल उपर गरी नगरपालिकामा दाखिला गर्नुपर्दछ ।

३२. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा गाउँ विकास समिति ले गत विगतमा २५ जना कर्मचारी, व्यक्ति तथा पदाधिकारीलाई दिएको पेश्की रु.११,१३,३३०।- फछ्र्यौट गरेको देखिएन । अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**भाडसर गाउँ विकास समिति**

३३. **गत बर्षको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार गत बर्षको रकम यस बर्ष भुक्तानी दिनु परेमा भुक्तानी दिन बाँकीको प्रमाणित विवरण सँलग्न गरेर मात्र भुक्तानी दिनुपर्दछ । कार्यालयले भुक्तानी दिन बाँकीको विवरण बेगर रौनक ईन्टरप्राईजेजलाई मोटरसाईकल खरिद बापतको रु.९९,०१०।- यस बर्ष भुक्तानी दिएकोले उक्त खर्च नियमसम्मत् देखिएन । नियमबमोजिम भुक्तानी दिन बाँकीको प्रमाणित विवरण सँलग्न गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

३४. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा गाउँ विकास समितिले गत विगतमा विभिन्न व्यक्तिहरुलाई दिएको पेश्की रु.२६८४५००।- र चालु वर्षको एक व्यक्तिलाई पेश्की दिएको रु.६५,०००।- समेत रु.२७,४९,५००।- पेश्की असुल फछ्र्यौट गरेको देखिएन । अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड २१ लाख ६९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८९ लाख ७५ हजार र पेश्की ६५ हजार रहेको छ ।

# हरिवन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१ करोड ५ लाख १३ हजार र यो वर्षको आय रु.१८ करोड १८ लाख ९९ हजार समेत रु.१९ करोड २४ लाख १२ हजार आम्दानी भएकोमा रु.१६ करोड ४२ लाख १ हजार खर्च भई बाँकी रु.२ करोड ८२ लाख ११ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदन माथि कारबाही नगरेको, लिलाम बिक्री गर्नुपर्ने मालसामानको मर्मत सम्भार नगरेको, जिन्सी मालसामानको मूल्य नखुलाएको, नगदी रसिद नियन्त्रण खाता नराखेको, वार्षिक खरिद योजना तयार नगरेको कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यालयको गत वगतका सम्पूर्ण वेरूजू फछ्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा नल्याएको, म.ले.प.फा.नं.२ चल्ती मेशीन वा सवारीको किताब (मर्मत अभिलेख खाता) नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, अषाढमा भएको पूँजीगत खर्च बजेटको तुलनमा २० प्रतिशतभन्दा न्यून हुनुपर्नेमा अत्यधिक रहेको र सेवाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट कार्यालयले आफ्नो मूल्याङ्कन गर्ने नगरेको, सवारी लगवुक नराखेको जस्ता कमिकमजोरी देखिएकोले जस्ता कमी कमजोरी देखिएका छन् । प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ ।

२. **सवारी साधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को नियम ९(१) बमोजिम कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ र सोही नियमको उपनियम २ बमोजिम सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने व्यवस्था भएको भए पनि नगरपालिकाको नाममा कायम रहेका २ थान मोटरसाइकलहरुको निजी नम्बर प्लेट र १ थान ट्रिपरको सार्वजनिक नम्बरप्लेट प्रयोगमा आइरहेको देखिएको हुँदा नियमावलीले तोकेबमोजिम नम्बरप्लेट परिवर्तन गर्न जरुरी देखिन्छ ।

३. **आय ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) को खण्ड (ञ) बमोजिम आन्तरिक आयतर्फ असुल उपर गर्न बाँकी रकमको लगत अनुसूची-१४ को ढाँचामा अभिलेख गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकामा गत विगत आ.व. देखि देहायका ठेक्का र आय शीर्षकमा असुल उपर गर्न बाँकीको एकीकृत अभिलेख तयार नगरेकोले कति रकम असुल उपर गर्न बाँकी रहेको छ, यकिन गर्न सकिएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको असुल उपर गर्नुपर्ने भनी औंल्याएका ५ बजार ठेक्काको रकम रु.१७ लाख ४९ हजार सम्बन्धित व्यक्तिबाट यथाशीघ्र असुल उपर गर्नुपर्दछ ।

४. **फोहोरमैला सङ्कलन :** नगरपालिकाले फोहोरमैला सङ्कलन गर्नको लागि ग्रीन एण्ड क्लिन सिटी सर्भिस प्रा.लि., हेटौंडासँग गरिएको सम्झौताबमोजिम उक्त कम्पनीलाई सेवा शुल्क मासिक रुपमा रु.४०,०००।- भुक्तानी गरिएको र सम्झौताकै बूँदा नं. ८ अनुसार पहिलो १ वर्ष वा ६०० सेवाग्राही नभएसम्मको लागि सेवाग्राहीसँग सङ्कलित रकममध्ये ५० प्रतिशत सञ्चालन अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ। उक्त कम्पनीले रसिद काटी सेवाग्राहीसँग शुल्क सङ्कलन गर्ने गरेकोमा नगरपालिकामा २०७३।७४ मा कुनै रकम दाखिला गरेको पाइएन । अतः नगरपालिकाबाट उपलब्ध तथ्याङ्क बमोजिम २०७३।७४ मा ३५५ सेवाग्राही आबद्ध भएको देखिएकोले उक्त संख्याको सेवाग्राहीबाट रु.५०।- प्रतिमहिनाका दरले सङ्कलित रकम रु.२,१३,०००।- को पचास प्रतिशत रकम रु.१,०६,५००।- नगरपालिकामा दाखिला गर्नुपर्नेमा सो रकम हालसम्म दाखिला नगरेकोले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम सोको जरिवानासहितको रकम रु.१,३३,१२५।- असुल उपर गर्नुपर्दछ ।

५. **बढी खर्च :** नगरपालिकाको चौथो नगर परिषद्बाट मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने ४ जना व्यक्तिहरुको तलबबापत रु.१८६,०००।- वार्षिक बजेट विनियोजन गरेको देखिन्छ । नगरपालिकाले यस वर्ष रु.३,४४,५००।- ती व्यक्तिहरुका नाममा तलब खर्च लेखेको हुँदा वार्षिक विनियोजनभन्दा बढी खर्च लेखेको रकम रु.१,५८,५००।- नियमसम्मत् देखिएन ।

६. **पारिश्रमीक कर** : आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रोजगारीको आयमा निश्चित रकमसम्मको वार्षिक आयमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर, त्यसपछिको रु.१ लाख सम्मको आयमा १५

प्रतिशत र बाँकी आयमा २५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा एक कर्मचारीको आयमा कर कट्टी नगरेकोले करबापतको रकम रु.८,१७५।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ।

७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले विकास कुमार ब्लोनबाट रु.१,४१,०००।- को ढुङ्गा गिटी आपूर्ति गर्दा उपरोक्तबमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले करबापतको रकम रु.२,१२५।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

८. **पूर्व निर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले विभिन्न स्थानमा ४१ वटा सौर्य बत्ती जडान गरी २०७४।३।१० गतेभित्र कार्यसम्पन्न गर्ने गरी मनास्लु इनर्जी प्रा.लि.सँग सम्झौता गरेकोमा प्रा.लि.ले २०७४।३।२५ मा मात्र जडान कार्य सम्पन्न गरी बिल पेश गरेको हुँदा तोकिएको समयभन्दा १५ दिन ढिला गरी कार्य सम्पन्न गरेकोले नियमावली, बमोजिम रु.४३,०५,०००।- सम्झौता रकमको क्षतिपूर्ति रकम रु.३२,२८७।- असुल उपर गर्नुपर्दछ ।

९. **आम्दानी दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्न लगाउँने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउँने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। नगरपालिकाको राजस्व शाखामा २०७३।५।५ मा असुल भएको रकम रु.५२४८६८।- मध्ये रु.५२१,८६८।- र २०७३।६।३० को रु.३,४८,८४४।- मध्ये रु.३,०८,८४४।- दाखिला गरी बाँकी रकम रु.४३,०००।- हालसम्म दाखिला गरेको नदेखिएकोले ऐनले तोकेबमोजिमको जरिवाना सहित सम्बन्धित कर्मचारीबाट रु.५३,७५०।– असुल उपर गरी दाखिला गर्नपर्दछ।

१०. **राजस्व ठेक्का :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ को उपनियम (१) बमोजिम स्थानीय निकायको सम्बन्धित परिषद्ले निर्धारण गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असुल गर्न सम्बन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ। नगरपालिकाको पूर्वी लाइनको १७ वटा सटर भएको व्यापारीक भवन १७ जना व्यवसायीहरुलाई मासिक रु.२,५०० को दरले भाडा लिने गरी वार्ता र सम्झौता नगरी उपलब्ध गराएको देखियो। यसरी नियमावलीमा व्यबस्था भए अनुसार नगर परिषद्बाट भाडादर निर्धारण नगरी प्रतिस्पर्धा सीमित हुने गरी सोझै बहालमा लगाउँको नियमसम्मत देखिएन। साथै प्रतिमहिना रु.२,५००।- का दरले यस वर्ष रु.५,१०,०००।- बहाल भाडा प्राप्त हुनुपर्नेमा रु.३,९४,५००।- मात्र प्राप्त भएको नगदी रसिदबाट देखिएकोले रु.११५,५००।- दाखिला नगर्नेको अभिलेख राखी आवश्यक कारबाहीका साथ रु.१,१५,५००।- असुल उपर गर्नुपर्दछ ।

११. **बहाल विटौरी :** नगरपालिकाको उत्तर लाइन बजार क्षेत्रको जग्गाको बहाल बिटौरी बापत यस वर्ष रु.२,९२५।- मात्र बहाल विटौरी प्राप्त भएको देखियो। प्रतिस्क्वायर फुट रु.१।५० का दरले जग्गा भाडामा दिएको जानकारी प्राप्त भए तापनि कति जना व्यवसायीलाई कति स्क्वायर फुट जग्गा के कुन आधारमा दिइएको हो सो सम्बन्धी सम्झौता पनि नगरी भाडामा दिएको जग्गाको बहालको कससँग कहिलेदेखिको असुल उपर गर्न बाँकी छ, कार्यालयले अभिलेख राखेको समेत पाइएन। अतः बहाल रकमको व्यवस्थित रुपमा अभिलेख राखी असुलउपर गर्न बाँकी रकम असुल उपर गर्नुपर्दछ।

१२. **चमेनागृह :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७(१) बमोजिम स्थानीय निकायको सम्बन्धित परिषद्ले निर्धारण गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असुल गर्न सम्बन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ। साथै उपनियम ४ को खण्ड (ग) मा खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचासहजार रूपैयाँभन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख पचासहजार रूपैयाँभन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो परिसरभित्र नि:शुल्क रुपमा चमेना गृह सञ्चालन गर्न दिएको देखिन्छ। तसर्थ नियमावलीको व्यबस्ताको पालना गरी आन्तरिक आय बढोत्तरीमा कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ।

१३. **व्यवसाय कर :** नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस बर्षसम्म कुल दर्ता भएका ३५५ व्यवसायीमध्ये यस वर्ष १०८ जनाको नगरपालिकाको अभिलेख अनुसार व्यबसाय कर रु.२००,४८०।- असुल उपर गर्न बाँकी रहेको छ। अतः असुल उपर गर्नेतर्फ नगरपालिकाले अनुगमन गरी कारबाही गर्नुपर्दछ।

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापनको लागि सम्झौता अनुरुप ग्रीन एण्ड क्लिन सिटी सर्भिस प्रा.लि.लाई रु.४,८०,०००।- भुक्तानी गरी खर्च लेखेकोमा ऐनको व्यवस्थाबमोजिम १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा नगरी भुक्तानी गरेकोले कर बापतको रकम रु.७२००।- साथै कमल बहादुर खड्कालाई रु.५०,०००।- (मू.अ.क.मा दर्ता नभएको) वार्षिक मर्मत सम्भार सम्झौताको रकम भुक्तानी गरिएकोमा अग्रिम कर कट्टा नगरिएकोले कर असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.७,५००।- कार्यालयले एक जना कर्मचारीको कर बापतको रकम रु.११,९१०।- समेत रु.२६,६१०।- राजस्वमा दाखिला गर्नुपर्दछ।

१५. **कर वीजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले निर्माण व्यवसायी गणपति आल्मुनियम एण्ड ग्लासबाट भबन पार्टेशनको निर्माण कार्य गराई सम्झौत बमोजिमको रु.१,३९,३८४।- (कर सहित) को बिल वीजक जारी गर्नुपर्नेमा निज निर्माण व्यवसायीले आफ्नो फर्मको वीजक जारी नगरी अन्य आपूर्तिकर्ताको रु.१,२३,०००।- मुअकर वीजक र बाँकी रु.१६,३८४।- बराबरको प्यान बिलका आधारमा भुक्तानी गरेको देखियो। अतः सम्झौताबमोजिम व्यवसायीबाट वीजक जारी नगरी अन्य आपूर्तिकर्ताको वीजकको आधारमा रु.१,३९,३८४।- भुक्तानी गरी खर्च लेखेको नियमित देखिएन साथै नगरपालिकाले उपभोक्ता समितिमार्फत् सम्पन्न गराइएका ६ योजनाहरुको रकम भुक्तानी गर्दा ऐनको उपरोक्त व्यवस्था बमोजिम मू.अ. कर वीजक लिनुपर्नेमा कर वीजक बेगर भुक्तानी गरी खर्च लेखेकोले नियमित नदेखिएको रु.४६८,९३१।- समेत जम्मा रु.६,०८,३१५।- अनियमित खर्च रहेको छ। नियमावलीले तोकेबमोजिम मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ।

१५.१ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न करदाता दर्ता नं. ३०१६२७४०९ भएको ग्रामिण विकास सँस्था नामक गैर सरकारी सँस्थासँग चौमासिक रुपमा मुअकबाहेक रु.१ लाखका दरले भुक्तानी दिने गरी सम्झौता भएको छ। उक्त सँस्थालाई प्रथम चौमासिकमा मू.अ.करसहित रु. ११३,०००।- कर वीजक वेगर भुक्तानी गरी खर्च लेखेको देखियो। यसरी कर वीजक जारी नगरी कर रकम असुल्न नहुने हुँदा कर बापतको रकम रु.१३,०००।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

१६. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्तिगर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखिबाहेक प्रापकलाई अनुसूची-५ र ५क बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न १० आपूर्तिकर्ताबाट रु.११०,२४९।- को मालसामान खरिद वा निर्माण कार्य गराउँदा जारी भएका मु.अ.कर बीजकमा वीजक नं. हातले लेखेको, वीजक नं. नभएको र वीजक जारी नगरी मू.अ.कर सङ्कलन गरेको देखिन आएको हुँदा त्यस्ता शंकास्पद बिलबाट असुल गरेको मू.अ.कर राजस्व दाखिला गरे नगरेको यकिन गर्न नसकिने भएकोले आन्तरिक राजस्व कार्यालयबाट सो मू.अ.कर रकम राजस्व दाखिला गर्नुपर्दछ बा समायोजन भएको व्यहोरा प्रमाणित भएको गर्नुपर्दछ ।

१७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा नगरपालिकाले गत विगतमा दिएको पेश्की रु.२५,००,०००।- र चालु वर्षमा विभिन्न ६ व्यक्ति, निर्माण व्यवसायी र उपभोक्ता समितिलाई दिएको पेश्की रु.१०,२१,०००।- समेत रु.३५,२१,२००।- असुल फछ्र्यौट गरेको देखिएन। अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई रु.१०,२१,२००।- पेश्की फछ्र्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४० लाख ३२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.८ लाख ७७ हजार र पेश्की रु १० लाख २१ हजार रहेको छ।

# हरिपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९ लाख ५५ हजार र यो वर्षको आय रु.८ करोड ९६ लाख ६१ हजार समेत रु.९ करोड ६ लाख १६ हजार आम्दानी भएकोमा रु.८ करोड २५ लाख ६७ हजार खर्च भई बाँकी रु.८० लाख ४९ हजार मौज्दात रहेको छ।

१. **एकीकृत आय-व्यय :** यस नगरपालिकाले पेश गरेको एकीकृत आ.वि.मा र २ गाउँ विकास समितिको श्रावणदेखि फाल्गुण २७ सम्मको आम्दनीमा गाउँ विकास समितिले देखाएकोभन्दा रु.१०,७८,०७९।- कम आम्दानी देखाएको सम्बन्धमा कारण सहित प्रमाण पेश हुनपर्दछ।

१.१ नगरपालिकाको एकीकृत आर्थिक विवरण अनुसारको बैंक मौज्दात रु.८०,४८,६९३।- देखाएकोमा लेखापरीक्षणमा प्रेसित बैंक स्टेटमेन्ट विवरण अनुसार २०७४ असार महिनाको मसान्तको बैंक मौज्दात, मुल खाता, पूँजीगत खर्च खाता र चालु खर्च खातामा गरी जम्मा रु.१,६७,३१,९०१।- देखिन आएकोले बैंकमा रु ८६,८३,२०७।- बढी देखिन आएको छ। सो सम्बन्धमा कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

२. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु आबस्थाका र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने प्रावधान रहेको छ। तर यस नगरपालिका स्थापना क्रमका गाभिएका हरिपुर, लक्ष्मीपुर, पिडारी, पिपरिया, जानकीनगर र फरहदवा गाउँ विकास समितिहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेका घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत जिन्सी मालसामानहरुको बरबुझारथ गरी नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखिएन।

३. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको पेश्की सम्बन्धी व्यवस्था अनुरुप २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह पुनरसंरचना अन्तर्गत गाउँ विकास समितिहरु गाभिई हरिपुर नगरपालिका स्थापना हुँदा नगरपालिकाले गाउँ विकास समितिहरुमा कायम रहेको फछ्र्यौट गर्न बाँकी पेश्कीको फाँटवारी लिई नगरपालिकाको समेत एकीकृत बाँकी पेश्कीको विवरण तयार गर्नुपर्नेमा एकीकृत पेश्की विवरण तयार गरेको पाइएन। यस नगरपालिका अर्न्तगतका गाउँ विकास समितिबाट गत विगत वर्षमा पदाधिकारी, कर्मचारी तथा संस्थाको नाममा रु.३४,१२,४७६।- पेश्की बाँकी रहेकोमा फछ्र्यौट गरेका छैनन्। यस वर्ष नगरपालिका र नगरपालिका अर्न्तगतका गाउँ विकास समितिबाट विभिन्न ८ पदाधिकारी, कर्मचारी, संस्था तथा अन्य व्यक्तिसँग फछ्र्यौट गर्न रु.६,५०,०००।- बाँकी रहेकोले नगरपालिकाले एकीकृत पेश्की खाता तयार पारी बाँकी रहेको पेश्की रकम फछ्र्योट गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट नभएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार नगरेको, आर्थिक कार्यविधि नियमावली, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, जिन्सी निरीक्षण गरी जिन्सी सामान प्रतिवेदन व्यवस्थित नगरेको, खप्ने जिन्सी आम्दानीको संकेत प्रदान नगरेको, मर्मत अभिलेख खाता नराखेको, जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न नगरेको, सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, मूल्य अभिबृद्धि करको जानकारी नदिएको जस्ता कैफियत देखिएका छन। प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना आन्तरिक नियन्त्रण सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ।

५. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं. ५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा

राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ । जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी नगरपालिका अन्तर्गतका साविकका ६ गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई रु.१,१३,७२६।- लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको देखियो । कार्यालयले जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराएको नेपालको संविधान र मन्त्रालयको परिपत्र विपरीत रहेकोले यसतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६. **बढी भुक्तानी :** कम्प्युटर खरिदको लागि विभिन्न ३ वटा फर्मबाट खुल्ला दरभाऊपत्र लिई सबैभन्दा कम दररेटमा आपूर्ति गर्ने एशिएन कम्प्युटर एण्ड साइबरको मूल्य रु.७५,०००।- प्रतिथानका दरले खरिद गर्ने गरी स्वीकृत गरेकोमा रु.७८,०००।- का दरले खरिद गरी भुक्तानी गरेकोले प्रतिथान रु.३,०००।- ले २ थानको हुने रु.६,०००।- बढी भुक्तानी गरेको हुँदा सो रकम सम्बन्धित बिक्रेताबाट असुल उपर गर्नुपर्दछ।

७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका योजनाहरुको ड्इङ्ग, डिजाइन, लागत अनुमान, प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्न ३ जना प्राविधिकहरुलाई परामर्श सेवामा लिई विभिन्न मितिमा परामर्श शुल्क रु.२,३२,५२७।- भुक्तानी गरी खर्च लेखेको छ। प्राविधिकहरुले स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रसमेत प्राप्त गरेको नदेखिएको र निजहरुलाई भुक्तानी गरेको रकममा ऐनबमोजिम कर कट्टी नगरेकोले करबापतको रकम रु.३४,८७९।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

८. **करमा दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैँयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले वीजकमा स्थायी लेखा नम्बर ६००१६५३१७ उल्लेख गरिएको प्राश्ना ईंटा उद्योगबाट ईंटा खरिद गरी रु.५४,२४०।- मू.अ. करसहित भुक्तानी गरी खर्च लेखेको छ। आन्तरिक राजस्व विभागको वेबसाइटमा सर्च गर्दा निज करदाता आयकर र मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएकोले खरिदमा भुक्तानी गरेको मू.अ.कर रकम रु.६,२४०।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

९. **बिल वेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा खानेपानी तथा सरसफाई कार्यक्रमअन्तर्गत म्याचिङ्ग फण्ड बापत खानेपानी तथा सरसफाइ स्वच्छता तथा समन्वय समितिलाई रु.७०,०००।- भुक्तानी गरेकोमा सोको बिल भर्पाइ संलग्न गरेको पाइएन । अतः खर्च लेखेको रकम रु.७०,०००।- बराबरको बिल भर्पाइ संलग्न गरी नियमित गर्नुपर्दछ।

१०. **बढी खर्च** : स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा बालबालिका शैक्षिक सामग्री वितरण र किशोरी तालिम बापत जोडजम्मा फरक पारी रु.४९,३४५।- खर्च लेख्नुपर्नेमा रु.५८,०००।- खर्च लेखेकोले बिल भर्पाइभन्दा बढी खर्च लेखेको रकम रु.८,६५५।- सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्दछ ।

१०.१ कार्यालयले स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा अवलोकन भ्रमण बापत जोडजम्मा फरक पारी रु.४५,३०५।- खर्च लेख्नुपर्नेमा रु.८०,०००।- पेश्की फछ्र्यौट गरी खर्च लेखेकोले बिल भर्पाइभन्दा बढी खर्च लेखेको रु.३४,६९५।- सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्दछ।

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले गाडी भाडामा लिएबापत गरिएको भाडा भुक्तानी रु.५०,०००।- मा ऐनबमोजिम कर कट्टा नगरेकोले सम्बन्धित व्यक्तिबाट रु.५०००।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२. **कर्मचारी सञ्चयकोष :** कर्मचारीहरुबाट कट्टा गरेको रकम समयमै दाखिला गरी फाँटबारी पठाएपछि मात्र सम्बन्धित कर्मचारीहरुको खातामा जम्मा हुने व्यवस्था छ । नगरपालिकाले फरहदवाबाट कट्टा गरेको कर्मचारी सञ्चयकोष दाखिला गरेको बैङ्क भौचर पेश नगरेको एवं फाँटबारी पठाएको नदेखिएकोले दाखिला भौचर पेश गरी फाँटबारी पठाउनुपर्ने रु.५८,५२८।- र जानकीनगरबाट कट्टा गरेको कर्मचारी सञ्चयकोष रु.२६,०१२।- र सामाजिक सुरक्षा कर रु.२,५८१।- समेत नगरपालिकाले दाखिला नगरेकोले

सो रकम दाखिला गरी फाँटबारी पठाउनुपर्ने देखिएको रु.२८,५९३।- समेत रु.८७,१२१।- दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

**हरिपुर गाउँ विकास समिति**

१३. **नगद दाखिला :** बैङ्क नगदी किताबको अभिलेख अनुसार २०७३ फाल्गुण २७ सम्म बाँकी रहेको नगद मौज्दात रु.६,१६०।- नगरपालिकामा दाखिला गरेको नदेखिएकोले जिम्मेवार व्यक्तिबाट रु.६,१६०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्कमा १५ प्रतिशतका दरले र दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले विभिन्न भौ.नं. र मितिबाट विभिन्न वस्तु आपूर्ति गर्दा उपरोक्त बमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले करबापतको रकम रु.१७,०४७- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१५. **करमा दर्ता :** सार्वजनिक खरिद नियमालवी, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँ विकास समितिले रु.१,४९,६४५।- वटा खरिद गर्दा मू.अ.करमा दर्ता भएका फर्मसँग खरिद गरेको नदेखिएकोले खरिद प्रक्रिया नियमसम्मत् देखिएन ।

**पिडारी गाउँ विकास समिति**

१६. **बढी खर्च : स्**थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको बिलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयल स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा दुर्गा मन्दिर छत ढलान बापत भएको खर्चको जोडजम्मा फरक पारी रु.५५,०००।- खर्च लेख्नुपर्नेमा रु.१,००,०००।- पेश्की फछ्र्यौट गरी खर्च लेखेकोले बिल भर्पाइभन्दा बढी खर्च लेखेको रकम रु.४५,०००।- सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्दछ ।

**लक्ष्मीपुर गाउँ विकास समिति**

१७. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा विभिन्न भौ.नं. र मितिबाट खर्च लेखिएकोमा सो खर्चलाई पुष्ट्याइँ गर्ने बिल भर्पाइ संलग्न नभएकोले रु.३,२५,०००।- को बिल भरपाई पेश गर्नुपर्दछ ।

१८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्कमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिले ओम शंकर साहलाई प्राविधिक परामर्शबापतको रु.९२,०००।- शुल्क भुक्तानी गरेकोमा ऐनको व्यवस्था बमोजिम कर कट्टी नगरेकोले निजबाट असुल उपर गरी रु.१३,८००।- राजस्व दाखिला गर्नुपर्दछ र दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा गाउँ विकास समितिले विभिन्न भौ.नं. र मितिबाट विभिन्न वस्तु आपूर्ति गर्दा कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरेएकोले करबापतको रकम रु.१५,१९३।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**पिपरिया गाउँ विकास समिति**

१९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले मर्मतको लागि ग्राभेल आपूर्ति गर्दा सुधिर कु.साहलाई रु.१५०,०००।- भुक्तानी दिएको रकममा कर कट्टा नगरेकोले करबापतको रकम रु.२,२५०।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२०. **बीमा :** कर्मचारीहरुबाट कट्टा गरेको सावधिक बीमा बापतको रकम समयमै दाखिला गरी नागरिक लगानी कोषमा फाँटबारी पठाउनुपर्नेमा २०७३ श्रावणदेखि फाल्गुणसम्मको रु.३,२००।- दाखिला गरी फाँटबारी नपठाएकोले सो रकम दाखिला गर्नुपर्दछ ।

**फरहदवा गाउँ विकास समिति**

२१. **चाडपर्व खर्च :** निजामति सेवा ऐन २०४९ र नियमावली, २०५० बमोजिम निजामती कर्मचारीले पाउने एक महिनाको तलव बराबरको चाडपर्व खर्च प्रत्येक वर्ष निजले चाडपर्व खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै पाउने व्यवस्था छ। गाउँ विकास समिति सचिव केशव शाहीलाई अध्यक्षको जिम्मेवारी सम्हालेबापतको भत्ता रु.६,०००।- समेत चाडपर्व खर्च लेखेको देखियो । कर्मचारीले तलब बराबरको रकम मात्र चाडपर्व खर्च पाउने हुँदा नियमअनुसार नपाउने सुविधा बापतको रकम रु.६,०००।- कर्मचारीबाट असुल उपर गर्नुपर्दछ ।

२२. **लेखा भत्ता :** प्रचलित ऐन तथा नियमावलीमा कर्मचारीले लेखा भत्ता पाउने व्यवस्था भएको देखिदैंन । गाउँ विकास समितिले कार्यालय सहायक सुरेन्द्र सिंह दनुवारलाई मासिक रु.१,०००।- का दरले २०७३ श्रावणदेखि फाल्गुणसम्म रु.८,०००।- लेखा भत्ता भुक्तानी गरी खर्च लेखेकोले नियमबिपरीत भुक्तानी गरेको लेखा भत्ता रु.८,०००।- असुल उपर गर्नुपर्दछ ।

२३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्कमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले सरयुगनारायण चौधरीलाई प्राविधिक परामर्शबापतको रु.२०,०००।- शुल्क भुक्तानी गरेकोमा ऐनको व्यवस्थाबमोजिम कर कट्टी नगरेकोले निजबाट रु.३,०००।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२४. **कट्टी दाखिला :** कर्मचारीहरुबाट कट्टा गरेको सावधिक बीमा बापतको रकम समयमै दाखिला गरी नागरिक लगानी कोषमा फाँटबारी पठाउनुपर्नेमा २०७३ श्रावणदेखि फाल्गुणसम्मको रु.३,२००।- दाखिला गरी फाँटबारी नपठाएकोले रु.३,२००।- र आयकर ऐन, २०५८ बमोजिम कट्टी भएको सामाजिक सुरक्षा कर रकम रु.२,७५७।- सम्बन्धित राजस्व कार्यालयमा तोकिएको समयभित्र दाखिला नगरेकोले जम्मा रु.५९५७।- दाखिला गर्नुपर्दछ ।

२५. **बिल भर्पाइ :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँ विकास समितिले लालबन्दी ट्रेड लिङ्कबाट एक थान मोटरसाइकल खरिद गरी रु.२,२२,१००।- खर्च लेखेकोमा आपूर्तिकर्ताले पेश गरेको कोटेशनमा रु.२,११,९००।- मा उपलब्ध गराउने व्यहोरा उल्लेख भएको हुँदा कबोल अङ्कभन्दा बढी भुक्तानी गरेको रकम रु.१०,२००।- असुल उपर गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२६ लाख ९० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख १० हजार, नियमित गर्नुपर्ने रु.१८ लाख ३० हजार र पेश्की रु.६ लाख ५० हजार रहेको छ ।

# लालवन्दी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५९ लाख ५० हजार र यो वर्षको आय रु.२० करोड ९६ लाख ५५ हजार समेत रु.२१ करोड ५६ लाख ५ हजार आम्दानी भएकोमा रु.१९ करोड ६१ लाख ५१ हजार खर्च भई रु.१ करोड ९४ लाख ५४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ देखि साविकका चार गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार लालबन्दी नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साविकका २ गाउँ विकास समितिहरुको विभिन्न बैङ्कहरुमा बाँकी रहेको मौज्दात रकम लेखापरीक्षण अवधिसम्म पनि नगरपालिकामा दाखिला नगरेको रकम रु.१२,२४५।- नगरपालिकाको खातामा जम्मा गर्नुपर्दछ ।

१.१ **आय-व्यय विवरण :** कार्यालयमा गाउँ विकास समितिहरु समाहित हुनुपूर्व २०७३ श्रावणदेखि ऐ फाल्गुण २७ सम्मको कार्यालय आफूले गरेको कारोबारको एकीकृत आय-व्यय विवरण तयार नगरेकोले कार्यालयको वास्तविक आय-व्यय रकम यकिन गर्न सकिएको छैन । कार्यालयले आफ्नो र गाउँ विकास समितिहरुको समेत २०७३ श्रावणदेखि फाल्गुण २७ गतेसम्मको एकीकृत आय-व्यय विवरण तयार गरेकोमा सोबाट गाउँ विकास समिति र नगरपालिकाको आय-व्यय रकम शीर्षकगत यकिन हुने गरी तयार गरेको देखिएन । जसले गर्दा एकीकृत आय-व्यय विवरण भिडान हुन सकेको छैन । तसर्थ कार्यालयले आम्दानी र खर्चको शीर्षकगत छुट्टा छुट्टै आय-व्यय विवरण तयार गरी एकीकृत आय-व्यय विवरण तयार गनुपर्दछ ।

२. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु अबस्थाका र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यस नगरपालिकामा गाभिएका रानीगंज, नेत्रगंज, नारायणखोला र परवानीपुर गाउँ विकास समितिहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेका घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत जिन्सी मालसामानहरुको बरबुझारथ गरी नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखिएन । नियमबमोजिम मालसामानहरुको बरबुझारथ गरी जिन्सी खातामा आम्दानी जनाउनुपर्दछ ।

३. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको पेश्की सम्बन्धी व्यवस्था अनुरुप २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह पुनरसंरचनाअन्तर्गत एकीकृत भएका गाउँ विकास समितिहरु रानीगंज, नेत्रगंज, नारायणखोला र परवानीपुर लालबन्दी नगरपालिकामा गाभिएकोले साविकका गाउँ विकास समितिहरुमा कायम रहेको फछ्र्यौट गर्न बाँकी पेश्कीको फाँटवारी लिई लालबन्दी नगरपालिका सहितको एकीकृत बाँकी पेश्कीको विवरण तयार गर्नुपर्नेमा नगरपालिकाले ती गाउँ विकास समितिहरुको बाँकी पेश्की जिम्मेवारी सारी एकीकृत पेश्की विवरण तयार गरेको पाइएन । लेखापरीक्षणमा प्रेसित पेश्की बाँकीको विवरण ( म.ले.प.फा.नं १४) अनुसार पेश्की फछ्र्योट गर्न बाँकी देखिएको गत विगतमा दिएको पेश्की रु.६९,५६,३२१।- असुल वा फछ्र्यौट गरेको देखिएन । अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई पेश्की फछ्र्यौट गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङकन गर्दा कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी त्यसको अभिलेख नराखेको, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० को उपनियम १ बमोजिम आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-१४) तयार गरी तालुक कार्यालयमा नपठाएको, वार्षिक खरिद योजना तयार नगरेको, सँस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम र सार्बजनिक सुनुबाई, सार्बजनिक लेखापरीक्षण सम्बन्धी कार्यक्रम सञ्चालन नगरेको, जिन्सी खाता परीक्षण गर्दा मूल्य नखुलेका गत विगतबाट जिम्मेवारी सरी आएका अत्याधिक मालसामानहरुको नियमावलीको प्रक्रिया पूरा गरी नगरपालिकाले मूल्य कायम नगरेको, सेबाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट कार्यालयले आफ्नो मूल्याङ्कन गर्ने नगरेको, सवारी लगवुक नराखेको जस्ता कैफियत देखिएका छन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना आन्तरिक नियन्त्रण सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

५. **तलब भत्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७(१) बमोजिम स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती

कर्मचारीले पाउने तलब, भत्ता तथा सुविधालाई आधार मानी आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने, व्यवस्था रहेकोमा नगरपालिकाका कर्मचारीलाई तलबको २० प्रतिशत र रु.२,०००।- मासिक भत्ता दिने गरेको र परिषद्‌बाट तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो। अतः नियमित व्यवस्था अवलम्बन गर्न नगरपालिकाको ध्यानाकर्षण गर्नुपर्दछ ।

६. **सवारी साधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को दफा ९ उपदफा २ बमोजिम सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिएबमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने व्यवस्था भएको भए पनि नगरपालिकाले साविकका रानीगंज, नेत्रगंज, परवानीपुर र नारायणखोला गाउँ विकास समितिहरुको नाममा कायम रहेका ४ थान मोटरसाइकल र नगरपालिकाको नाममा दर्ता कायम रहेको ३ थान मोटरसाइकल, १ थान ब्याकहो लोडर र १ थान ट्रिपर निजी नम्बरप्लेटबाट प्रयोगमा आइरहेको देखिएको हुँदा नियमावलीले तोकेबमोजिम नम्बरप्लेट परिवर्तन गर्नुपर्दछ।

७. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको छ। जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका ४ गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई रु.७५,५२०।- लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको देखियो। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना नगरेकोले यसतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

८. **बढी खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। स्रेस्तासँग संलग्न रहेका बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि सो अनुसार हुन आउने रकम मात्र खर्च लेख्नुपर्नेमा जोडजम्मा फरक पारी संलग्न बिल भर्पाइ अनुसार रु.२,२७,७५५।- खर्च लेख्नुपर्नेमा रु.२३४,१४०।- खर्च लेखी रु.६,३६५।- बढी खर्च लेखिएको रकम खर्च लेख्ने कर्मचारीबाट असुल उपर गर्नुपर्दछ ।

९. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन र सोही नियमको प्रतिबन्धात्क वाक्यांश अनुसार लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ। यस वर्ष ३ योजनाहरुमा हेभी मेशिनहरु प्रयोग हुने निर्माण कार्यमा प्राविधिकको सिफारिसमा नगरपालिकाको निर्णय वेगर रु.६५,४५,८४३।- खर्च लेखेको नियमसम्मत् देखिएन। प्रचलित नियममा भएको व्यवस्था बमोजिम कार्य गर्नुपर्दछ।

१०. **कर वीजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। जनज्योति बहुमुखी क्याम्पस पुर्वाधार सुधार कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट फर्निचर निर्माणको लागि सोनामाई स: मिलबाट रु.१,२६,२०४।- मूल्यका काठ खरिद गरी खर्च लेखेकोमा मू.अ.कर वीजक जारी गरेको पाइएन। नियममा भएको व्यवस्था अनुसार कर लाग्ने वस्तु खरिदमा अनिवार्य रुपमा कर वीजक लिनुपर्दछ।

११. **तार जाली खरिद :** कार्यालयले बर्षान्तमा प्रयोग नभई मौज्दातमा रहने गरी निर्माण एब मर्मत सामग्री खरिद गरी राख्नु हुँदैन। यस बर्षका अन्तमा अर्थात २०७४।३।२५ मा रु.५,००,०००।- को तारजाली खरिद गरी प्रयोग नभई स्टकमा राखेको देखियो। यसरी सामान मात्र खरिद गरी स्टकमा राख्दा सामानको गुणस्तरमा समेत ह्रास आउन थाल्दछ। उक्त तार जाली प्रयोगको नापी किताब एवं कार्यसम्पन्न भएको प्रतिबेदन पेश गर्नुपर्दछ।

१२. **कर्मचारी कल्याण कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २६५(१) अनुसार कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षय कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव बराबरको रकम जम्मा गर्नुपर्नेछ र उपनियम २ बमोजिम त्यसरी स्थापना भएको कोषबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिइने व्यवस्था रहेको छ। स्थानीय तह पुनरसंरचनाअन्तर्गत लालबन्दी नगरपालिकामा साविकका चारवटा र २०७१ सालमा नगरपालिका गठन

हुँदा गाभिएका तीनवटा गाउँ विकास समितिहरुले कर्मचारी कल्याण कोषमा गत विगतदेखि के कति रकम कुन बैङ्कमा छ, सोको विवरण तथा रकम नगरपालिकामा प्राप्त नभएकोले कर्मचारी कल्याण कोषको रकम यकिन गर्न सकिएन ।

**नारायणखोला गाउँ विकास समिति**

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी भएको महिना पछिको महिनाको २५ दिनभित्र सम्बन्धित कर कार्यालयको खातामा कट्टी गरिएको कर दाखिला गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा विभिन्न भौचर र मितिमा तलब भत्ता तथा मोटरसाइकल खरिदमा रु.४,८४९।- को कर रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले राजस्व दाखिला गर्नुपर्दछ ।

१४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस गा.बि.स.ले असुल गरेको मालपोतमध्ये २५ प्रतिशतले हुने रकम रु.१३९।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

**रानीगंज गाउँ विकास समिति**

१५. **राजस्व** : आर्थिक कार्यविधि ऐन, २०६४ तथा नियमावली, २०६५अनुसार कुनै पनि कार्यालयमा सङ्कलित राजस्व सोही दिन बा भोलिपल्ट बा कम्तीमा ३ दिन भित्रमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँ विकास समितिले सङ्कलित राजस्वलाई बैङ्क दाखिला नै नगरी सोही रकम कार्यालय सञ्चालनमा खर्च गरेको देखिएकोले कानूनको पालना भएको देखिएन । राजस्वको रकम अनिवार्य रुपमा बैंक जम्मा गरनुपर्दछ । विनियोजित रकमबाट मात्र खर्च गरी आर्थिक कारोबार सञ्चालन गर्न कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।

१६. **कार्यक्रम बेगर खर्च :** स्थानीय स्वास्थ्य चौकीको लागि चाहिने सामग्री खरिद गर्न दिएको पेश्की फछ्यौट गर्दा स्वीकृत कार्यक्रममा नभएको एलइडि टिभी रु.२३,५९४।- मा खरिद गरी खर्च लेखेकाले कार्यक्रम वेगर गरिएको खर्च रु.२३,५९४।- नियमसम्मत् देखिएन ।

१७. **बिल भर्पाइ : स्थानीय** निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २५(३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाउँ विकास समितिले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग र बालबालिकाहरुलाई प्रथम किस्ता सामाजिक सुरक्षा भत्ता बापत रु.३४,८४,०००।- पेश्की फछ्र्यौट गरी खर्च लेखेकोमा रु.८८,०००।- सम्बन्धित व्यक्तिहरुले बुझिलिएको भर्पाइ पेश नभएकोले भरपाई बेगर खर्च लेखेको रकम सम्बन्धित कर्मचारीबाट रु.८८,०००।- असुल गर्नुपर्दछ।

१७.१ गाउँ विकास समितिले फौदसिंह माविलाई विनियोजित रकम शैक्षिक भ्रमणमा खर्च भएको बिल भर्पाइ बेगर खर्च रु.२०,०००।- खर्च लेखेकोले बिल भरपाई बेगरको त्यस्तो रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ। त्यसैगरी गाउँ विकास समितिले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग र बालबालिकाहरुलाई २०७२।७३ को किस्ताबापत सामाजिक सुरक्षा भत्ता बापत रु.२३,४७,२००।- पेश्की फछ्र्यौट गरी खर्च लेखेकोमा रु.४,०००।- सम्बन्धित व्यक्तिहरुले बुझिलिएको भर्पाइ पेश नभएकोले भरपाई बेगर खर्च लेखेको रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने देखिएको रु.४,०००।- समेत जम्मा रु.२४,०००।- असुल गर्नुपर्दछ ।

१८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। गा.बि.स.ले असुल गरेको मालपोत रु.५२,४३३।- मध्ये २५ प्रतिशतले हुने रकम रु.१३,१०८।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

१९. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम आफूले कट्टी गरेको अग्रिम कर रकम अर्को महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँ विकास समितिले विभिन्न मितिमा कट्टी गरेको सामाजिक सुरक्षा कर रु.२०९।- र अन्य अग्रिम कर रु.१,७१०।- लेखापरीक्षण अवधिसम्म पनि जम्मा गरेको नपाइएकोले त्यस्तो कर रकम रु.१,९१९।- राजस्व दाखिला गर्नुपर्दछ ।

**परवानीपुर गाउँ विकास समिति**

२०. **कार्यसम्पन्न प्रतिवेदन :** सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार योजनाको रकम खर्च लेख्दा स्वीकृत लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई आदि सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँ विकास समितिले सञ्चालन गरेका ४ योजनाहरुको लगत इस्टिमेट स्वीकृत नभएको र कार्यसम्पन्न प्रतिवेदन पनि संलग्न नगरेकोले यसरी खर्च लेखिएको रकम रु.५,१०,०००।- नियमित देखिएन। तसर्थ ती योजनाहरुको स्वीकृत लागत अनुमान नापी किताब, कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

२१. **बिल भर्पाइ :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुासर स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्दछ। गाउँ विकास समितिले खर्च लेखेको ५ वटा भौचरहरुमा बिल भर्पाइ बेगर खर्च लेखेको पाइयो। यसरी खर्च लेखिएको रकम रु.१४१,०००।- को बिल भरपाई पेश गर्नुपर्दछ।

२२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। गा.बि.स.ले असुल गरेको मालपोतमध्ये २५ प्रतिशतले हुने रकम रु.४२४२१।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

२३. **दाखिला :** गा.वि.स.मा कार्यरत २ जना कर्मचारीको मासिक तलबबाट नियमानुसार कट्टी गरी दाखिला गर्नुपर्ने सञ्चय कोष र सामाजिक सुरक्षा करको रकम गा.वि.सको बैङ्कबाट झिकी तलबसँगै खर्च लेखिएको तर लेखापरीक्षण अवधिसम्म पनि सम्बन्धित कार्यालयहरुमा दाखिला गरेको नदेखिएकोले सञ्चय कोष बापतको रु.६३,४७२।- र सामाजिक सुरक्षा बापत रु.२,७७५।- समेत रु.६६,२४७- जिम्मेवार कर्मचारीबाट असुल उपर गर्नुपर्दछ।

२४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। गा.बि.स. कार्यालयले विभिन्न भौचर र मितिको भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिमकर कट्टी नगरी भुक्तानी गरेकोले कर बापतको रकम रु.६,५५०।- सम्बन्धित जिम्मेबार कर्मचारीबाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ।

**नेत्रगंज गाउँ विकास समिति**

२५. **बक्यौता** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) को खण्ड (ञ) बमोजिम आन्तरिक आयतर्फ असुल उपर गर्न बाँकी रकमको लगत अनुसूची-१४ को ढाँचामा अभिलेख गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँ विकास समितिबाट प्राप्त असुल उपर गर्न बाँकीको विवरण अनुसार गत विगत आ.व. देखि २३ ठेक्का र आय शीर्षकमा बाँकीको असुल उपर गर्नुपर्ने रकम रु.१२,९०,४०३।- असुल नभएकोले नियमानुसार कारबाही गरी असुल उपर गर्नुपर्दछ।

२६. **कर दाखिला :** आयकर ऐन, २०५८ बमोजम कर्मचारीहरुको तलब बितरण गर्दा कट्टी गरेको सामाजिक सुरक्षा कर २०७२।७३ को रु.४,८२१।३० र यस बर्षको रु.३,६९६।- गरी जम्मा रु.८,५१४।- राजस्वमा दाखिला गर्नुपर्दछ।

२७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। गा.बि.स.ले असुल गरेको मालपोत रु.९२,२२८।- मध्ये २५ प्रतिशतले हुने रकम रु.२३,०५७- जि.बि.स मा पठाउनुपर्नेमा नपठाएकोले उक्त रकम जिल्ला समन्वय समितिमा पठाउनुपर्दछ।

२८. **आर्थिक सहायता :** गाउँ विकास समितिले गाउँ परिषद्बाट राजनैतिक दल, तिनका भातृ संगठन तथा कर्मचारी संगठनलाई आर्थिक सहायता भनी विनियोजन गरेको देखिदैंन। तर विभिन्न ९ मितिबाट आर्थिक सहायताबापत खर्च लेखेको रु.२८,५००।- नियमित देखिएन।

२९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफ ८८ बमोजिम भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँ विकास समिति व्यावसायिक च्याउखेती तालिमका प्रशिक्षकलाई दिएको भत्तामा १५ प्रतिशतले अग्रिम कर कट्टी नगरेकोले करबापतको रकम रु.१,२६०।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

३०. **अनियमित खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(६) मा भुक्तानी गर्दा रित पुगे नपुगेको चेक जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। गाउँ परिषद्को आन्तरिक स्रोतबाट लक्ष्मीनारायण मन्दिरको गेट निर्माण गर्न रु.८०,०००।- रकम विनियोजन भएकोमा रु.१,००,०००।- भुक्तानी गरी खर्च लेखेकोले विनियोजित बजेटभन्दा बढी खर्च लेखेको रकम रु.२०,०००।- नियमित देखिएन।

३१. **बिल भर्पाइ :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार स्वीकृत बजेट खर्च लेख्दा बिल भरपाई सहितको लेखा राख्नुपर्दछ। यस गाउँ विकास समितिले खर्च लेखेको ३ भौचरहरुमा बिल भर्पाइ बेगर खर्च लेखेको पाइयो। यसरी खर्च लेखिएको रु.१७,८६०।- को बिल भरपाई पेश गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.९५ लाख ७८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.८१ लाख ७३ हजार रहेको छ।

# हरिपूर्वा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३ लाख ३२ हजार र यो वर्षको आय रु.९ करोड ८१ लाख ३५ हजार समेत रु.९ करोड ८४ लाख ६७ हजार आम्दानी भएकोमा रु.९ करोड १७ लाख ५ हजार खर्च भई रु.६७ लाख ६२ हजार मौज्दात रहेको छ ।

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ६ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **आन्तरिक आय :** यस वर्ष कार्यालयले प्रस्तुत गरेको स्रेस्ता अनुसार आन्तरिक आया, राजस्व र धरौटीको कारोबार भएको देखिएन । गाउँ विकास समितिहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार मालपोत दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, ठेक्का र अन्य आय शीर्षकमा आन्तरिक आय भई रहेको देखिएकोमा यस नगरपालिकामा समायोजन भए पश्चात कुनै आन्तरिक आय आर्जन गरेको देखाएको छैन । तसर्थ गाउँ विकास समिति हरु यस गाउँपालिकाको वडामा परिवर्तन भएकोले सम्बन्धित वडाहरुवाट सवै प्रकारका आम्दानी रसिद प्राप्त गरी आम्दानी भए नभएको यकिन गरी लेखापरीक्षण गराउनु पर्दछ ।

३. **लेखापरीक्षण :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १६ अनुसार प्रत्येक कार्यलयले सबै प्रकारका आय-व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्दछ । यस नगरपालिका र अन्तर्गतका साबिक गा.बि.स हरुको समेत लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउन महालेखापरीक्षकको कार्यालयको च.नं १३६ मिति २०७४।९।२१ को पत्रबाट अनुरोध गरिएको थियो । तोकिएको समयभित्र साबिकका ४ गा.बि.स हरुको लेखा र स्रेस्ता प्राप्त नभएपछि पुन. डोर मुकामको च.नं ५९ मिति २०७४।११।२ को पत्रबाट लेखा र आर्थिक विवरण पेश गर्न तोकेता गर्दा समेत लेखा र आर्थिक विवरण प्राप्त हुन नआएकोले देहायका साबिक गा.बि.स हरुले गरेका आर्थिक कारोबारको लेखापरीक्षण हुन सकेको छैन । तसर्थ यस विषयमा जिम्मेबार निकाय यसका पदाधिकारी र तालुक मन्त्रालयले समेत गम्भीर भई लेखा स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

४. **मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साबिकका ३ गा.बि.स हरुको नगद मौज्दाततर्फ बाँकी रहेको रु.८,३५४।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सेवाग्राहीसंग अन्तरक्रिया नगरेको, अनुसूची-१४ तयार नगरेको, बजेटको तुलनामा असारको खर्च २० प्रतिशतभन्दा बढी भएको, बेरुजू फछ्र्यौट र बाँकीको अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, गाउँपालिका अन्तर्गत गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभबेसको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, आन्तरिक लेखापरीक्षण नगराएको, तलवी प्रतिवेदन पारित नगराएको, खरिद इकाइ गठन नगरेको, खरिद योजना तयार नगरेको, गोश्वरा भौचरसंग सम्पूर्ण कागजात संलग्न गरी नराखेको, सवारी लगबुक नराखेको, सेवाग्राहीले पाएको सनतुष्टिको दृष्टिकोणवाट कार्यालयले आफ्नो मूल्याङ्कन गर्ने नगरेका जस्ता कैफियत देखिएका छन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना आन्तरिक नियन्त्रण सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

६. **आय-व्यय विवरण :** कार्यालयले मूल कोष खाताको आय-व्ययविवरण तयार गरेको छैन । सो नबनाएको कारणले कार्यालयको आन्तरिक आय, निकासा ट्रान्सफर जस्ता कारोबार देखिएको छैन । त्यस्तै प्रस्तुत

आय-व्यय विवरणमा गाउँ विकास समितिको फाल्गुण २७ गतेको मौज्दात गाउँपालिकामा जिम्मेवारी देखिने गरी तयार गरेको देखिदैन । तसर्थ मूलकोष खाताको आय-व्यय विवरण र एकीकृत आय विवरण तयार गर्नुपर्दछ ।

७. **मौज्दात :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ अनुसार कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको आय-व्यय विवरण अनुसार रु.६७,५१,४०४।- मौज्दात देखिएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.६७,६२,२३८।- देखिएकोले बैंकमा रु.१०,८३३।- मौज्दात वढी देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

८. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने व्यवस्था गरेको छ । यस गाउँ पालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन । यस वर्ष विविध कारणले आन्तरिक लेखापरीक्षण गर्न नसकिएको व्यहोरा कार्यालयले जनाएको छ । आगामी आर्थिक वर्षदेखि नियमानुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

९. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून  बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ । जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका ५ गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई लेखापरीक्षण पारीश्रमिक भुक्तानी रु.९२,८७०।- गरेको देखियो । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराँउदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना नभएकोले नियमसम्मत् देखिएन ।

१०. **अन्य प्रयोजनको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । प्रहरी चौकी गौरी शंकर को च.नं १५६ मिति २०७४।३।२३ को पत्रअनुसार प्लास्टीक कुर्सि, फर्निचर, पानी तान्ने पम्प, मोटरसाईकल मर्मत खर्चका बिलभरपाईहरु संलग्न गरी रु.२२,२८०।- भुक्तानीको लागि अनुरोध भएअनुसार यस नगरपालिकाबाट खर्च लेखेकोमा परिषद्को निर्णय बेगर एक कार्यालयले अर्को कार्यालयको बजेट खर्च व्यहोर्न मिल्ने नदेखिएकोले कार्यालयले तोकिएको काममा मात्र खर्च गर्नुपर्दछ ।

११. **अध्यक्ष भत्ता :** स्थानीय तह पुर्नसँरचना भै २०७३।११।२७ देखि साबिकका गा.बि.स सचिब नगरपालिका / गाउँपालिकाका वडा सचिबको रुपमा समाहित भएकोले निजहरुलाई साबिकमा दिँदै आएको गा.बि.स अध्यक्षको भत्ता बापतको मासिक रु.१,५००।- ले २०७३ चैत्रदेखि अषाढसम्मको भत्ता खर्च लेख्न मिल्ने नदेखिएकोले २ जना सचिवलाई भुक्तानी भएको रकम रु.१२,०००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **सोझै खरिद** : सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम  खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु ५ लाखसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने तर सोभन्दा बढी २० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । साथै एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म वा कम्पनि वा सँस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैयाभन्दा वढिको माल सामान सेवा वा कूनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । कार्यालयले यस बर्ष ८ पटक माल सामान खरिद गर्दा सिलबन्दी प्रकृयाबाट खरिद नगरी सिधै पटक पटक गरी रु.२६,८४,२०२।- को फर्निचर र रु.८,३९,३८५।- को मेसिनरी औजार खरिद गरी रु.३५,२३,५८७।- सोझै खरिद गरेको हुँदा उक्त कार्य नियमसम्मत् देखिएन । ऐनमा व्यवस्था भएबमोजिम प्रतिष्पर्धा मार्फत खरिद गर्नुपर्दछ ।

१३. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा उपभोत्ताबाट सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो बर्ष कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्ने कामको रकम खुलाई सम्झौता गर्ने गरेको पाइएन । उपभोक्ता समितिबाट कम्तीमा १० प्रतिशतभन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले ११ उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम रु.६,६५,६७०।- असुल गर्नुपर्दछ ।

१३.१ गाउँ विकास समिति भवन प्लास्टर र कम्पाउण्ड वाल निर्माण गर्न रु.१६,०९,१५१।- को लागत अनुमान भएकोमा संझौता पत्रमा लागत अनुमान अंक रु.१५,७३,४२३।- उल्लेख गरी सोमध्ये गाउँ विकास समितिवाट रु.१५,००,०००।- व्यहोर्ने र बाँकी रु.७३,४२३।- उ.स.ले व्यहोर्ने गरी उ.स. अध्यक्ष कौशीला कुमारी यादवसंग सम्झौता भएको देखिन्छ । उक्त सम्झौता पत्रमा कार्यसम्पन्न गर्नुपर्ने मिति लगायत विवरण खुलाएको पाइएन । नापी कितावलाई नै दोस्रो रनिंगविल उल्लेख गरी कुल नापी भएको रकम रु.१४,५५,९८२।- मा गत भुक्तानी भनि रु.४,५३,९८६।- कट्टी गरी रु.१०,०१,९९६।- भुक्तानी गरेको पाइयो । गत वर्षको भुक्तानीको अभिलेख नराखेकोले प्रथम भुक्तानी गो.भौ.नं.१४।०७३।३ परीक्षण गर्दा संलग्न नापी किताबमा मूल्याङ्कन भएको रु.४,५३,९८६।- पुरै भुक्तानी गरेको पाइयो । यसरी हाल दास्रो पटक पनि पुरै भुक्तानी भएको पाइएकोमा लागत अनुमानमा उल्लेखित रु.१६,०९,१५१।- को १५,००,०००।- (९३.२१ प्रतिशत) को अनुपातमा भएको कार्य रु.१४,५५,९८२।- को १३,५७,१२१।- मात्र भुक्तानी गर्नुपर्नेमा पुरै भुक्तानी गरेकोले वढी भुक्तानी रु.९८,८६१।- भएको देखिन्छ । तसर्थ विल भरपाईको परीक्षण नगरी भुक्तानी गर्नु जिम्मेवार देखिएन । यस सम्वन्धमा सचेत भई आगामी विलको भुक्तानी गर्दा उक्त रकम असुल गर्ने र आगामी कामको समेत अनुपातिक कट्टी गरी रु.९८,८६१।- असुल गर्नुपर्दछ ।

१४. **लागत अनुमान :** सार्बजनिक खरिद ऐन २०६३ र नियमावली, २०६४ अनुसार योजनाको रकम खर्च लेख्दा स्वीकृत लागत अनुमान नापी किताब, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई आदि सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ। गाउँ विकास समिति मा सञ्चालित योजनाहरुको लगत इस्टिमेट स्वीकृत नभएको, कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएको र उपभोत्ताको लागत सहभागीता तथा सम्झौता मिति र कार्य सम्पन्न गर्नुपर्ने मिति पनि उल्लेख नगरी केबल सम्झौताको फारम मात्र स्रेस्तासाथ संलग्न गरी खर्च लेखेको पाइयो । यसरी आवश्यक प्रमाण संलग्न नगरी खर्च लेखेको रकम रु.६३,२५,८७९।- नियमसम्मत् देखिएन । तसर्थ, नगरपालिकाले १० योजनाहरुको स्वीकृत लागत अनुमान, नापी किताब र कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

१५. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेटबाट खर्च लेख्दा बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्दछ । कार्यालयले निम्नानुसारको खर्च बिल भरपाई संलग्न नगरी तथा मनासिब आधार प्रमाण र प्रयोजन स्रेस्तासाथ संलग्न नगरी खर्च लेखेको छ। कायालयले विभिन्न १० मितिमा रु.१६,८६,५१३।- खर्च लेखेकोमा स्पष्ट आधार प्रमाण बिल भरपाई पेश भएन । कार्यालयले बजेट खर्च लेख्दा विलभरपाईको आधारमा मात्र बजेट खर्च लेख्नुपर्दछ ।

१६. **कार्य सम्पन्न प्रतिवेदन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ ५(१ध) वमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विभिन्न विकास निर्माणका योजनाहरु उपभोक्ता समित मार्फत कार्य गराएको देखिन्छ । कार्यालयले उपभोक्ता समितिलाई विभिन्न ३ योजनाको भुक्तानी दिंदा लागत अनुमान, दर विश्लेसन, निर्माण सामग्री र जनशक्तिको प्राविधिक परिमाण विवरण तयार गरी उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्नेमा उपभोक्ता ठेक्का बिल तयार गर्ने नगरेको र सार्वजनिक लेखपरीक्षण समेत गराएको पाइएन । योजना सञ्चालन गरी भुक्तानी गरेकोमा प्राविधिक नापजाँच गरी कार्यसम्पन्नको आधारमा भुक्तानी दिनुपर्नेमा कर्यसम्पन्न प्रतिवेदन बेगर रु.१२,५६,१२२।- भुक्तानी गरेको देखियो । कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र बजेट खर्च गर्नुपर्दछ ।

१७. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.७७ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समितिहरुको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख, त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पुर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्जजनिक गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । गाउँपालिकामा बिभिन्न ६ गाउँ विकास समिति गाभिएकोमा आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा उक्त गाउँ

विकास समितिको खर्च हुने र नहुने जिन्सी कितावमा उल्लेखित घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा जस्ता पूँजीगत सामान र मसलन्द, फर्निसिंग लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाउँको देखिएन। सम्बन्धित जिम्मेवार कर्मचारीवाट अविलम्ब यस गाउँपालिकामा दाखिला गर्नुपर्दछ।

१८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा रु.१,२६,७०,९५२/- र यस वर्ष विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.१८,९०,०००/- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन। उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ।

१९. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनअनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ। गाउँ विकास समितिहरुको २०७३ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो। उक्त प्रतिवेदनका व्यहोराहरु उल्लेख भएकोमा कुनै कारबाही भएको पाइएन। तसर्थ सो प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ।

२०. **गतविगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ। यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको र फछ्र्यौट गर्न बाँकी बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ।

**नारायणपुर गाउँ विकास समिति**

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१,२८८।- जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ।

**जिंगडवा गाउँ विकास समिति**

२२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१२,२०६।- जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ

**संग्रामपुर गाउँ विकास समिति**

२३. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफामा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले मालपोत असुलीको अभिलेख अध्यावधिक गर्नुपर्ने र असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१९,८४५।– जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ।

२४. **सामाजिक सुरक्षा कर :** सामाजिक सुरक्षा बापत कर्मचारीहरुलाई भुक्तानी भएको तलबबाट १ प्रतिशतका दरले कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा कट्टी गर्ने नगरेकोले यसमा सुधार गर्नुपर्दछ।

२५. **विल भरपाई :** गाउँस्तरीय समन्वय समिति सरसफाई बापत भनी रु.५३,०००।- खर्च लेखेकोमा उक्त सरसफाई कार्यक्रमको योजना, कार्यक्रम, बिल भरपाई आदी केही सँलग्न गरेको देखिँदैन। गोश्वार भौचरसाथ चिया नास्ता खर्च बापत रु.१८,०००।- प्रचार प्रसार जेनेरेटर साउण्ड बापत रु.२०,०००।- भिडियो प्रोग्राम प्रोजेक्टर प्रदर्शन बापत रु.१५।०००।- गरी जम्मा रु.५३,०००।- को सेतो कागजमा हातले लेखेको भरपाई बनाई पेश गरेको देखिन्छ। भिडियो प्रोग्राम बनाई पेश गरेको आधिकारीक बिल भरपाई, जेनेरेटर साउण्ड सिस्टम प्रयोग गरेबापतको भाडा तथा सामग्रीको बिल आदि केही सँलग्न नगरी खर्चको पुष्ट्याई पेश नभएकोले तत् सम्बन्धमा आवश्यक छानबिन गरी सो रकम यकिन गर्नुपर्दछ।

**हरिपूर्वा गाउँ विकास समिति**

२६. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले मालपोत असुलीको अभिलेख अध्यावधिक गर्नुपर्ने र असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१,३१०।– जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ ।

**वसन्तपुर गाउँ विकास समिति**

२७. **मालपोत :** यस कार्यालयले मालपोत असुलीको अभिलेख अध्यावधिक गरेको पाइएन ।

**धनकौल पूवा गाउँ विकास समिति**

२८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१९,३२६।- जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ ।

२९. **कर कट्टी :** आ.ले.प. प्रतिवेदन आनुसार योजनाको कर कट्टी रकम रु.२८७९।- (आ.वि.मा भएको) र आ.व. २०७२।७३ र २०७३।७४ को रु.१६२०।- समेत रु.४,४९९।- आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्न बाँकी भनी उल्लेख गरेकोमा दाखिला गरेको नपाइएकोले सो रकम दाखिला गर्नुपर्दछ ।

३०. **अग्रिम कर :** आयकर ऐन, २०५८ अनुसार बैठक भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टी गरी खर्च लेख्नुपर्नेमा कर कट्टी नगरेकोले ४ जना कर्मचारीको वैठक भत्ता भुक्तानीमा लाग्ने कर रु.१,४४०।- असुल गर्नुपर्दछ ।

३०.१ आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार भुक्तानी दिएको रकममा अग्रिम कर कट्टी गर्नुपर्ने व्यबस्था छ। कार्यालयले निम्नानुसार भत्ता भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी नगरेकोले ४ जनालाई भुक्तानी गरेकोमा कट्टी गर्नुपर्ने रकम रु.९१५।- असुल गरी दाखिला गर्नुपर्दछ ।

३०.२ आयकर ऐन, २०५८ अनुसार सबारी साधनको भाडा भुक्तानी गर्दा भाडाकर कट्टी गर्नुपर्दछ । सिहनाथ बाँधको कुलो निर्माण गर्न एम.टि कन्ट्रक्सन प्रा.लि.को डोजर (जे.सि.बि) १२५ घण्टा भाडामा लिई भाडा बापतको भुक्तानी दिएको रु.५,६२,५००।- मा १० प्रतिशतले भाडा कर बापत रु.५६,२५०।- कट्टी गर्नुपर्नेमा नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

३१. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौता अनुसार उपभोत्ताले गर्नुपर्ने योगदानभन्दा कम काम भएमा कार्यालयले दिने अनुदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । कार्यालयले २ योजनामा समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.५३,१९६।- असुल गर्नुपर्दछ ।

३२. **जिन्सी आम्दानी :** कार्यालयले जयसबाल कम्प्युटरबाट २०७३।११।२७ मा रु.३६,५००।- मा खरिद गरेको १ थान कम्प्युटर सेट जिन्सी आम्दानी नगरेकोले जिन्सीमा दाखिला गरी आम्दानी गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड २२ लाख ६४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.९४ लाख ८२ हजार र पेश्की रु.१८ लाख ९० हजार रहेको छ ।

# बरहथवा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.५३ लाख १९ हजार र यो वर्षको आय रु.२१ करोड १८ लाख १२ हजार समेत रु.२१ करोड ७१ लाख ३१ हजार आम्दानी भएकोमा रु.२० करोड ३२ लाख २५ हजार खर्च भई रु.२ करोड ९ लाख ६ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आर्थिक विवरण :** कार्याललयले बजेट उप शीर्षकगत खर्चको बैंक नगदी किताव अनुसार स्रेस्ता राखी सोही अनुसार इकाई गत आर्थिक विवरण तयार गरी सोअनुसार एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ । लेखापरीक्षणमा प्रेषित बैंक नगदी किताव अनुसार चालु, पूँजीगत र धरौटी शीर्षकको जम्मा खर्च रु.१४,३२,०२,४१४।- देखाएकोमा एकीकृत आय-व्यय विवरणमा कुल खर्च रु.२०,३२,२४,५२७।- देखाएकोले खर्चमा रु.६,००,२२,११३।- फरक देखिएको छ । सो सम्वन्धमा कार्यालयले शीर्षक गत खर्चको आर्थिक विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ ।

२. **मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ देखि साविकका दुई गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार बरहथवा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा श्रीपुर गाउँ विकास समितिले फाल्गुण २७ सम्म कायम रहेको नगद मौज्दात लेखापरीक्षणको अवधिसम्म पनि नगरपालिकामा दाखिला नभएकोले रु.७,३३१।- सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

३. **आय-व्यय विवरण :** कार्यालयमा गाउँ विकास समितिहरु समाहित हुनुपूर्व २०७३ श्रावणदेखि ऐ फाल्गुण २७ गतेसम्मको कार्यालय आफूले गरेको कारोबारको एकीकृत आय-व्यय विवरण तयार नगरेकोले कार्यालयको वास्तविक आय-व्यय रकम यकिन गर्न सकिएको छैन । कार्यालयले आफ्नो र गाउँ विकास समितिहरुको समेत २०७३ श्रावणदेखि फाल्गुण २७ गतेसम्मको एकीकृत आय-व्यय विवरण तयार गरेकोमा सोबाट गाउँ विकास समिति र नगरपालिकाको आय-व्यय रकम शीर्षकगत यकिन हुने गरी तयार गरेको देखिएन । जसले गर्दा एकीकृत आय-व्यय विवरण भिडान हुन सकेको छैन । तसर्थ कार्यालयले आम्दानी र खर्चको शीर्षकगत छुट्टा छुट्टै आय-व्यय विवरण तयार गरी एकीकृत आय-व्यय विवरण तयार गनुपर्दछ।

४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन। यस वर्ष विविध कारणले आन्तरिक लेखापरीक्षण गर्न नसकिएको व्यहोरा कार्यालयले जनाएको छ। आगामी आर्थिक वर्षदेखि नियमानुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

५. **गत वर्षको मौज्दात :** नगरपालिकाको नाममा रहेका ६ वटा बैङ्क खाताहरुबाट यस वर्ष रु.५,१९२,५६०।- जिम्मेवारी सारिएकोमा २०७२।७३ को लेखापरीक्षण भई प्रतिवेदन प्राप्त नभएकोले मौज्दात सारेको रकम यकिन गर्न सकिएन ।

६. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु आबस्थाका र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको छ । तर यस नगरपालिकामा गाभिएका सुन्दरपुर चुहर्वा र श्रीपुर गाउँ विकास समितिहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेका घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत जिन्सी मालसामानहरुको बरबुझारथ गरी नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखिएन । नियम बमोजिम मालसामानहरुको बरबुझारथ गरी नगरपालिकाको जिन्सी खातामा आम्दानी गर्नुपर्दछ ।

७. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको पेश्की सम्बन्धी व्यवस्था अनुरुप २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह पुनरसंरचना अन्तर्गत गाभिएका गाउँ विकास समितिहरु सुन्दरपुर चुहर्वा र श्रीपुर गाउँ विकास समितिमा कायम रहेको फछ्र्यौट गर्न बाँकी पेश्कीको फाँटवारी लिई एकीकृत पेश्की खाता तयार गर्नुपर्नेमा कार्यालयले एकीकृत पेश्की विवरण तयार गरेको देखिएन । लेखापरीक्षणमा प्रेषित गाउँ विकास समिति र न.पा. को विवरण अनुसार बाँकी देखिएको गत बर्षहरुको रु.१,७१,७३,८३५।- र

यस बर्षको विभिन्न १८ संस्था, कर्मचारी, व्यक्ति तथा पदाधिकारीलाई दिएको पेश्की रु.२,७७,५५,९११।- फछ्र्यौट गर्न बाँकी देखियो । यसरी यो वर्ष बाँकी देखिएको पेश्की रु.२,७७,५५,९११।- आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी त्यसको अभिलेख राख्ने नगरेको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षण गरी सोको बेरुजू फछ्र्यौट गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण नगराएका, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० को उपनियम १ बमोजिम आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, खप्ने जिन्सी आम्दानीको संकेत प्रदान गर्ने नगरेको, गोश्बारा भौचरमा सिलसिलेबार रुपमा बिलभरपाई सम्बन्धित स्रेस्तासाथ सँलग्न नगरेको, मर्मत अभिलेख खाता राख्ने नगरेको, तलवी प्रतिवेदन पारित नगरेको, प्राप्त हुन आएको नगद आम्दानी म्यादभित्रै बैंक दाखिला गर्ने नगरेको ,सवारी लगवुक नराखेको, राजस्व बक्यौता असुली सन्तोषप्रद नभएको, जिन्सी निरीक्षण गरी गराई सोको प्रतिबेदन तयार नगरेको, सेवाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट कार्यालयले आफनो मूल्याङ्कन गर्ने नगरेको, खरिद ईकाई गठन नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना आन्तरिक नियन्त्रण सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

९. **आन्तरिक आय :** कार्यालयले राजस्व असुलीको स्पष्ट अभिलेख राखी असुली रकम तोकिएको समयमै बैंक दाखिला गर्नुपर्दछ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ अनुसार कुनै पनि कार्यालयमा संकलित राजस्व सोही दिनमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँ विकास समितिले सङ्कलित राजस्वलाई बैङ्क दाखिला नै नगरी सोही रकम कार्यालय सञ्चालनमा खर्च गर्ने गरेको देखियो । साथै राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरुले दैनिक असुल गरेको राजस्व र बैङ्क दाखिला गरेको मिति खुल्ने गरी अभिलेख नराखेकोले कुन कर्मचारीले सङ्कलन गरेको राजस्व कुन मितिमा बैङ्क दाखिला भयो र कुन कर्मचारीले बैङ्क दाखिला गर्न बाँकी छ भन्ने यकिन गर्न नसकिने हुनाले कर्मचारीगत राजस्व असुली र दाखिलाको दैनिक अभिलेख राख्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन ।

७.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्न लगाउँने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउँने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले कम्प्युटर प्रणालीबाट बिलङ्ग गरी यस वर्ष रु.१९,०८,१११।- आम्दानी अभिलेख गरेकोमध्ये आ.व.को अन्तसम्ममा रु.१५,२२,०६३।- मात्र बैङ्क दाखिला गरेको देखिएकोले दाखिला गर्न बाँकी राजस्व रु.३,८६,०४७।- ऐनबमोजिम दाखिला गर्नुपर्दछ ।

७.२ नगरपालिका स्थापनाको क्रममा एकीकृत भएका र स्थानीय तह पुनरसंरचनाअन्तर्गत गाभिएका गाउँ विकास समिति हरुको पोखरी, हाटबजार, निकासी लगायतका ठेक्काहरुबाट गत विगतदेखि के कति रकम को कससँग असुल उपर गर्न बाँकी छ नगरपालिकाले सोको व्यवस्थित रुपमा अभिलेख राखी असुल उपरको कारबाही गर्नुपर्नेमा त्यस्तो अभिलेख राखेको देखिएन । गाउँ विकास समितिहरुबाट सोको अभिलेख लिई नगरपालिकाको अभिलेख समेत एकीकृत गरी बाँकी रकम असुलीको कारबाही गर्नुपर्दछ । नगरपालिकामा ठेकेदारले एकमुष्ठ रकम नवुझाइ किस्ताबन्दी रुपमा बुझाएको अवस्थामा समेत १० प्रतिशत छुट दिएको देखिदा उक्त कारोबार नियमसंगत देखिएन ।

७.३ नगरपालिकाले यस आ.व.को पटके सवारी कर तथा सडक मर्मत दस्तुर ठेक्का आह्वान गरेकोमा सबैभन्दा बढी अङ्क कबोल गर्ने विशाल कन्सट्रक्सनलाई सो ठेक्का दिने निर्णय गरेको पाइयो । सो ठेकेदारले पेश गरेको २०७१।७२ को कर चुक्ता प्रमाणपत्र शंकास्पद देखिन आएकोले आन्तरिक राजस्व विभागको वेबसाइटमा प्यान सर्च गर्दा निज फर्म मू.अ.करमा दर्ताभएको तर २०६८ श्रावणदेखिको मू.अ.कर विवरण बुझाएको देखिएन र मू.अ.कर विवरण नबुझाइ आन्तरिक राजस्व विभागले कर चुक्ता प्रमाणपत्र जारी गर्ने व्यवस्था नभएकोले निजको करचुक्ता प्रमाणपत्र उपर छानबिन गर्नुपर्दछ ।

७.४ यस वर्ष बोलपत्र आह्वान गरी ठेक्का बन्दोबस्त गरिएका ८ जना ठेकेदारहरुबाट असुल गर्न बाँकी रहेको रु.१६,८४,५०७।- प्रचलित नियमानुसार जरिवानासहित असुल उपर गर्नुपर्दछ ।

१०. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) बमोजिम स्थानीय निकाय वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा नेपाल सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको

कारोबार गर्ने सार्वजनिक संस्थानहरुले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आन्तरिक आम्दानीतर्फ लगाउँको यस वर्षको १ आय ठेक्कामा मू.अ.कर असुल उपर नगरी ठेक्काबापतको रकम मात्र असुलउपर गरेको देखिएकोले मूल्य अभिवृद्धि कर बापतको रु.१,३५,३३०।- सम्बन्धित ठेकेदारबाट असुल उपर गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

११. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(३) मा उपनियम (२) बमोजिमको म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । नगरपालिकामा गत विगत वर्षदेखिको धरौटी फिर्ता गर्न बाँकी देखियो । धरौटी खातामा जम्मा भएको कतिपय रकमहरु आय ठेक्का अन्तर्गत प्राप्त धरौटीलाई आय ठेक्काको रकममा मिलान गर्नको लागि सम्बन्धित ठेकेदारले निवेदन दिएको भए तापनि सो रकम धरौटी खाताबाट आम्दानी खातामा रकमान्तर गरेको पाइएन । जसको कारण धरौटी खाताको मौज्दात २०७३ फाल्गुण २७ सम्म रु.३,८८७,४८७- पुगेको देखिन्छ । तर फाल्गुण पछि मुल खातामा जम्मा भएको मौज्दातमध्ये फिर्ता गर्न बाँकी धरौटीको विवरण बनाई रकम यकिन गरी रकमान्तर गर्नुपर्नेमा एकमुष्ट रु.१०,००,०००।- मात्र रकमान्तर गरेको पाइयो । नगरपालिकाले धरौटीको नामनामेसी विवरण बनाई धरौटी फरफारक गर्नपर्दछ।

१२. **सवारी साधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को दफा ९(१) बमोजिम कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ र सोही दफाको उपदफा २ बमोजिम सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिएबमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा लेखिनु पर्ने व्यवस्था भएको भए पनि नगरपालिकाले साविकका गाउँ विकास समितिहरुको र नगरपालिकाको नाममा कायम रहेका ५ थान मोटरसाइकलहरु र नगरपालिकाको नाममा दर्ता कायम रहेको १ थान व्याकहो लोडर र ३ थान ट्रयाक्टरको निजी नम्बरप्लेट प्रयोगमा आइरहेको देखिएको हुँदा ऐनले तोकेबमोजिम नम्बरप्लेट परिवर्तन गर्नुपर्दछ ।

१३. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको गा.बि.स को स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ । जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी देहायअनुसारका साविकका गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको देखियो । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण गराई बाह्य लेखापरीक्षकबाट पारिश्रमिक बापत सुन्दरपुर चुर्हबाको रु.२०,३५९।- र श्रीपुर गा.बि.स.को रु.१८४५५।- गरी जम्मा रु.३८,८१४।- खर्च लेख्नु नियमसम्मत् देखिएन ।

१४. **बिल भर्पाइ :** नगरपालिकाले खर्च गर्दा खर्चका सक्कल बिल भर्पाइहरु संलग्न राखी खर्च लेख्नुपर्नेमा सक्कल बिल भर्पाइ बेगर विभिन्न २ भुक्तानीमा रु.७४,७९०।- खर्च लेखेको हुँदा सोको सक्कल बिल भर्पाइ लगायतका प्रमाणहरु पेश गरेको देखिएन । सो खर्चको सक्कल विल भर्पाइ पेश गर्नुपर्दछ ।

१४.१ नगरपालिकाले खर्च गर्दा खर्चका सक्कल बिल भर्पाइहरु संलग्न राखी खर्च लेख्नुपर्नेमा सक्कल बिल भर्पाइ वेगर विभिन्न ३ वटा भौ.नं. र मितिबाट रु.१,३८,८७०।- खर्च लेखेको हुँदा सोको सक्कल बिल भर्पाइ लगायतका प्रमाणहरु पेश गर्नुपर्दछ ।

१५. **कर वीजक :** सार्वजनिक खरिद नियमालवी, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैँयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न १३ वटा भौ.नं. र मितिबाट रु.१६,९७,३९३।- भुक्तानी खर्च लेखेकोमा मू.अ.करमा दर्ता भएको व्यक्ति, फर्मबाट खरिद गरी मू.अ.वीजक लिएको पाइएन । अतः नियमित व्यवस्था अनुसार कर लाग्ने वस्तु खरिदमा अनिवार्य रुपमा कर वीजक लिनुपर्दछ ।

१५.१ नगरपालिकाले विभिन्न ४ भौ.नं. र मितिबाट रु.४,०७,८१०।- तथा नगरपालिकाले मू.अ करमा दर्ता नभएको काफ्ले होटललाई रु.७२,०००।- खर्च लेखेको छ । अतः नियमित व्यवस्था अनुसार कर लाग्ने वस्तु खरिदमा अनिवार्य रुपमा कर वीजक लिनुपर्दछ ।

१६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानी गर्दा १५ प्रतिशत र कर वीजक भएको खण्डमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने र दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न भौ.नं. र मितिबाट रु.२,२१,५२५।- खर्च भुक्तानी गर्दा उपरोक्त बमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले करबापतको रु.६,०२३।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१७. **कर्मचारी कल्याण कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २६५(१) अनुसार कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षय कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव बराबरको रकम जम्मा गर्नुपर्ने छ र उपनियम २ बमोजिम त्यसरी स्थापना भएको कोषबाट स्थानीय निकायका कर्मचारीलाई उपदान दिइने व्यवस्था रहेको छ। स्थानीय तह पुनरसंरचनाअन्तर्गत बरहथवा नगरपालिकामा साविकका दुईवटा र २०७१ सालमा नगरपालिका गठन हुँदा गाभिएका चारवटा गाउँ विकास समितिहरुले कर्मचारी कल्याण कोषमा गत विगतदेखि के कति रकम कुन बैङ्कमा जम्मा गरेका छन, सोको विवरण तथा रकम नगरपालिकामा प्राप्त नभएकोले कर्मचारी कल्याण कोषको रकम यकिन गर्न सकिएन ।

१८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशतका दरले र दफा ८९

(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न १२ भौ.नं. र मितिबाट रु.३७,९२,५००।- खर्च भुक्तानी गर्दा उपरोक्त बमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले करबापतको रु.९९,९४०।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क मोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न २ आपूर्तिकर्ताबाट रु.११,६५,३००।- वस्तु तथा सेवा खरिद गर्दा हातले लेखेको वीजक नं. राखी मू.अ.कर सङ्कलन गरेको देखिन आएको हुँदा त्यस्ता शंकास्पद बिलबाट असुल गरेको मू.अ.कर राजस्व दाखिला गरे नगरेको यकिन गर्न नसकिने भएकोले आन्तरिक राजस्व कार्यालयबाट सो मू.अ.कर रकम दाखिला भएको व्यहोरा प्रमाणित भई आउनुपर्ने अन्यथा त्यस्तो बीजकबाट भुक्तानी गरिएको मूल्य अभिवृद्धि कर रु.१,३४,०६०।- असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२०. **असम्बन्धित खर्च :** नगर क्षेत्रभन्दा बाहिरको बागमती युवा क्लब कर्मैयालाई नगर परिषद्‌बाट बजेट विनियोजनसम्म पनि नगरी पूँजीगत कार्यक्रमबाट असम्बन्धित खाना खर्च र हलभाडाबापतको रकम भुक्तानी गरी रु.४६,०००।- खर्च लेखेकोले उक्त खर्च नियमित देखिएन । तसर्थ, नगर परिषद्‌बाट बजेट विनियोजन गरेरमात्र खर्च गर्नुपर्दछ ।

२१. **वितरण अभिलेख :** अपाङ्गता सहयोग कार्यक्रमबाट ह्वीलचेयर ३ थान र ट्राइसाइकल ३ थान राम स्वरुप राय लगायतका ६ जना व्यक्तिलाई वितरण गर्न नगरपालिका बोर्ड बैठकले २०७४।२।२४ मा निर्णय गरेबमोजिम रु.६५,०००।- खर्च लेखी अपाङ्ग सेवा समितिलाई भुक्तानी गरेको छ। उक्त सामानहरु लक्षित समूहले प्राप्त गरेको अभिलेख तथा परिचयपत्रको प्रतिलिपि पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

२२. **भाडा कर :** स्वीकृत दर विश्लेषण, लागत अनुमान, प्राविधिक मूल्याङ्कन, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, दरभाउपत्र र सम्झौता सँलग्न नगरी लेखेको रु.२,२७,९६०।- मध्ये रु.१,९२,०००।- सोनी बिल्डर्स एण्ड इन्जिनियरिङ्ग इमाडोल ललितपुरबाट ९६ घण्टा नाला सरसफाइ गर्न डोजर भाडामा प्रयोग गरेको भनी उक्त फर्मलाई रु.१,९२,०००।- भुक्तानी खर्च लेखेको छ । नाला सरसफाइको लागि ललितपुरबाट डोजर ल्याएको भन्ने कुरा विश्वसनीय नभएको तथा आयकर ऐन, २०५८ बमोजिम डोजरको भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतले रु.२,८८०।- मात्र कट्टा गरेकोले नपुग करबापतको रकम रु.१६,३२०।- सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२३. **जिन्सी आम्दानी :** खरिदको लागत अनुमान तयार गरी बागमती ह्युमपाइप उद्योगबाट १२०० एमएम डाइ को २० थान र ६०० एमएमको ८ थान ह्युमपाइप खरिद गरी रु.८५७,९८६।- खर्च लेखेकोमा खरिद गरेको सामान कहाँ प्रयोग भयो सो सम्बन्धि प्राविधिक प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयले सो कार्य सम्बन्धि प्राविधिक प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ ।

२४. **नमूना सडक निर्माण :** नगर परिषद्‌बाट पूर्वाधार निर्माणमा विनियोजित रकमबाट वडा नं.१० सोती खोला पुलदेखि पूर्वतर्फ १३० मिटर नमुना सडक (कालोपत्रे, नाला, सोलार बत्ती र वृक्षारोपण) निर्माण गर्न

बोलपत्र आह्वान गर्दा दर्ता भएका ८ बोलपत्रमध्ये सबैभन्दा कम दररेटमा काम गर्न कबोल गर्ने सौरभ कन्सट्रक्सन, बरहथवा ८ को करबाहेक रु.४९४०२३६।- को बोलपत्र स्वीकृत गरी कार्यादेश भएको छ । निर्माण व्यवसायीलाई अन्तिम बिलसम्ममा करसहित रु.५४,९६,८५४।- भुक्तानी गरी खर्च लेखेकोमा योजनाको स्थलगत निरीक्षण गर्दा २०७४ आषाढमा निर्माण सम्पन्न गरेको सडकको बीच बीचमा कालोपत्रे उप्किएर भत्किने अवस्था रहेको देखिएकोले निर्माण व्यवसायीबाट भएको कार्य गुणस्तरीय देखिएन । तसर्थ कार्यालयले हुँदा त्रुटी सच्चाउने अवधिभित्रै सो निर्माण व्यवसायीबाट त्रुटि सच्याउनको लागि नगरपालिकाले पहल गर्नुपर्दछ ।

२५. **स्वीकृत कार्यक्रम :** कार्यालयले नगर परिषद्‌बाट स्वीकृत योजना तथा कार्यक्रमहरुमा मात्र खर्च गर्नुपर्दछ। नगर परिषद्‌ले बीऊ बिजन वितरण गर्न बजेट पारित गरेको देखिदैंन । तथापि कार्यालयले गायत्री कृषक समूहसँग सम्झौता गरी धानको बिऊ वितरणमा रु.१,००,०००।- भुक्तानी गरी खर्च लेखेकोले उक्त खर्च नियमसम्मत देखिएन ।

२६. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसार उपभोक्ताले गर्नुपर्ने योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो बर्ष कार्यालयले ३ उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्नेभन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले विभिन्न ३ योजनामा बढी भुक्तानी भएको रु.६५,००९।- असुल गर्नुपर्दछ ।

२७. **कार्यसम्पन्न प्रतिबेदन :** सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सोको कार्यसम्पन्न प्रतिबेदन वा कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले विभिन्न ४ योजनाहरुको कार्यसम्पन्न प्रतिबेदन तयार नगराई रु.१३,६८,८२५।- भुक्तानी दिएको देखिएकोले नियमानुसार कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

२८. **चालु प्रकृतिको खर्च :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा खर्च रकम स्वीकृत बजेटभित्र पर्दछ र खर्च गर्न बजेट बाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यबस्था रहेको छ । कार्यालयले पूँजीगत शीर्षकबाट  चिया नास्ता बापतको खर्च रु.१,५०,०००।- चालु खर्च लेखेकोले नियमसम्मत् देखिएन ।

२९. **सामग्री बितरण :** नगरपालिका क्षेत्रभित्र खुल्ला दिशामुक्त बनाउने उद्देश्यले न.पा.का देहायका बडाहरुमा शौचालय निर्माण सम्बन्धी सामग्रीहरु खरिद गरी बिभिन्न उपभोत्ताहरुलाइ बितरण गरी बितरणको कार्यसम्पन्न गरेको देखियो ।  त्यसरी बितरित सामग्रीहरुबाट सम्बन्धित व्यक्तीहरुले शौचालय निर्माण गरे नगरेको व्यहोरा खुल्न आएन । शौचालय सम्बन्धी निर्माण सामग्रीहरु खरिदको मुख्य उद्देश्य र उपलब्धी शौचालय निर्माण हुनु हो । तसर्थ विभिन्न ३ भौ.न. र मितिमा बितरित रु.२१,९३,०००।- को शौचालय निर्माण सामग्रीबाट शौचालय निर्माण भएको प्राबिधिकको सिफारिस सहितको कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

**सुन्दरपुर चुहर्वा गाउँ विकास समिति**

३०. **आर्थिक सहायता :** गाउँ विकास समितिले गाउँ परिषद्‌बाट राजनैतिक दल, तिनका भातृ संगठन तथा कर्मचारी संगठनलाई आर्थिक सहायता भनी विनियोजन गरेको देखिदैंन । यस वर्ष गा.बि.स.ले स्थानीय निकाय कर्मचारी संघलाई आर्थिक सहायताबापत रु.४,०००।- खर्च लेखेको नियमित देखिएन । कार्यालयले गाउँ परिषद्‌बाट सम्बन्धित कार्य र सहायताको लागि विनियोजन गरी खर्च लेख्नुपर्दछ ।

३१. **कर वीजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले जयहनुमान हार्डवेयरबाट रु.५८,७८०।- को सिमेन्ट र छड खरिद गरेकोमा मू.अ.क. वीजक नभएकाले उक्त खर्च नियमसम्मत देखिएन । नियमबमोजिम मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।

३२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा भुक्तानीमा १० प्रतिशतका दरले, सेवा शुल्कमा १५ प्रतिशतका दरले र दफा ८९(१) बमोजिम बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न ३ भौ.नं. र मितिबाट खर्च भुक्तानी गर्दा उपरोक्त बमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले करबापतको रु.१०,४८६।- असुल गरी राजस्व दाखिला गनुपर्दछ ।

३३. **दाखिला :** गाउँ विकास समितिले विभिन्न मितिमा कट्टा गरी राखेका सामाजिक सुरक्षा कर रु.३,७०८।-, कर्मचारी सञ्चय कोष कट्टी रु.८,४०४।-, बीमा रु.४,०००।- र अन्य कर रु.४,७५६।- समेत रु.२०,८६८।- सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्दछ ।

३४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । मालपोत असुली लगत अध्यावधिक नराखेकोले यस वर्ष के कति मालपोत असुली हुनुपर्ने हो यकिन हुन सकेन भने असुल भएको मालपोत रु.७,६४२।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

**श्रीपुर गाउँ विकास समिति**

३५. **औषधी उपचार :** गाउँ परिषद्को निर्णयअनुसार गाउँ विकास समिति सचिव आस महम्मद अन्सारीलाई औषधीउपचार खर्च बापत रु.२५,०००।- भुक्तानी गरी खर्च लेखेको छ । औषधी उपचार खर्चबापतको रकम निजामती किताबखानामा अभिलेखाँकन गर्नको लागि विवरण भरी पठाउनुपर्नेमा निजामती किताबखानामा अभिलेख नगरी औषधी उपचार खर्च रु.२५,०००।- भुक्तानी गरेकोले विवरण निजामति किताबखानामा पठाई अभिलेख राख्नुपर्दछ ।

३६. **बाल संरक्षण भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ बमोजिम पाँच वर्ष उमेर पुरा नभएका दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ता वृति अनुदान दिने व्यवस्था रहेको छ । गाउँ विकास समितिले भत्ता बितरण अभिलेखको सि.नं.१ देखि १६ सम्मका पाँच वर्षभन्दा माथिका १५ जना बालबालिकाहरुलाई रु.२०० का दरले १ देखि २ महिनासम्म गरी जम्मा २१ महिनाको रकम बढी भुक्तानी गरेको भर्पाइ पेश गरी प्रा.स.गोविन्द रायको पेश्की फछ्र्यौट गरेकोले बढी भुक्तानी गरेको रु.२,१००।- असुल गर्नुपर्दछ ।

३७. **बिल भर्पाइ :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी यकिन भएपछि मात्र खर्च लेख्नुपर्दछ । यस सम्बन्धी थप व्यहोराहरु निम्न अनुसार रहेका छन ।

३७.१ खानेपानी तथा सरसफाइ कार्यक्रमअन्तर्गत म्याचिङ्ग फण्ड बापत खानेपानी तथा सरसफाइ स्वच्छता तथा समन्वय समितिलाई रु.७५,०००।- भुक्तानी गरेकोमा सोको बिल भर्पाइ संलग्न गरेको पाइएन । अतः खर्च लेखेको रु.७५,०००।- बराबरको बिल भर्पाइ संलग्न गर्नुपर्दछ ।

३७.२ लक्षित वर्ग कार्यक्रमअन्तर्गत केन्द्रिय आयुर्वेद चिकित्सालयले आयोजना गरेको उपचरा शिविर सञ्चालनमा संलग्न बिल भर्पाइअनुसार रु.३०,०००।- मात्र खर्च लेख्नुपर्नेमा रु.४५,००।- खर्च लेखी बिल भर्पाइभन्दा बढी खर्च लेखेको रु.१५,०००।- असुल गर्नुपर्दछ ।

३६७.३ गाउँ विकास समिति भवन वायरिङ्ग तथा कम्पाउण्ड वाल व्यवस्थापनमा प्रा.स.गोविन्द रायलाई रु.५०,०००।- भुक्तानी गरी खर्च लेखेकोमा बिल भर्पाइ वेगर भुक्तानी गरी खर्च लेखेकोले बिल भर्पाइ संलग्न गर्नुपर्दछ ।

३८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस वर्ष असुल भएको मालपोत रु.७,३३१।- मध्ये रु.१,८३२।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ९९ लाख ८२ हजार र बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२२ लाख ८१ हजार फछ्र्यौट गरेकोले रु.३ करोड ७७ लाख १ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.७५ लाख १६ हजार र पेश्की रु.२ करोड ७७ लाख ५६ हजार रहेको छ ।

# बलरा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२४ लाख ३२ हजार र यो वर्षको आय रु.११ करोड ७१ लाख ७६ हजार समेत रु.११ करोड ९६ लाख ८ हजार आम्दानी भएकोमा रु.१० करोड १४ लाख ३२ हजार खर्च भई रु.१ करोड ८१ लाख ७६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १६ अनुसार प्रत्येक कार्यलयले सबै प्रकारका आय-व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्दछ। यस नगरपालिका र अन्तर्गतका साबिकका सुदामा गा.बि.स, अर्नाह गा.बि.स, मिर्जापुर गा.बि.स र गढहरीया गा.बि.सहरुको समेत लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउन महालेखापरीक्षकको कार्यालयको मिति २०७४।९।२१ को पत्रबाट अनुरोध गरिएकोमा उल्लेखित गा.बि.स हरुको लेखा र स्रेस्ता प्राप्त नभएपछि पुनः मिति २०७४।११।२ को पत्रबाट लेखा र आर्थिक विवरण पेश गर्न तोकेता गर्दा समेत लेखा र आर्थिक विवरण प्राप्त हुन नआएकोले देहायका साबिक गा.बि.स हरुले गरेका आर्थिक कारोबारको लेखापरीक्षण हुन सकेको छैन। जिम्मेबार व्यक्तिले लेखापरीक्षण गराउनु पर्दछ।

२. **एकीकृत आय-व्यय :** यस नगरपालिकाको कार्यालयले आफ्नो खर्चको शीर्षकगत आर्थिक विवरण छुट्टा छुट्टै तयार गरेकोमा सोको एकीकृत आय-व्यय विवरण तयार गरेको छैन। सो तयार नगरेकोले एकीकृत रुपमा आय, व्यय र बाँकीको स्थिति यकिन हुन सकेको छैन।

३. **मौज्दात :** कार्यालयको खर्चको शीर्षक गत आय-व्यय विवरण अनुसार यस वर्षको अम्दानी रु.६,१५,२१,८३२।- र खर्च रु.४,४७,७९,७२९।- भई रु.१,६७,४२,१०३।- बाँकी रहेकोमा बैंक स्टेटमेन्ट पेश नभएकोले बैंक मौज्दात भिडाउन सकिएको छैन। बैंक स्टेटमेन्ट लिई मौज्दात यकिन गर्नुपर्दछ।

४. **जिम्मेवारी :** यस कार्यालयले एकीकृत आय-व्यय विवरणमा अर्नाह गाउँ विकास समिति र मिर्जापुर गा.वि.सहरुबाट मौज्दात प्राप्त भएको देखाएकोमा उक्त गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन अनुसार फाल्गुण २७ मा समाहित हुँदा मौज्दात देखिएको रकमभन्दा नगरपालिका कार्यालयले रु.४,८४,४८५।- बढी रकम प्राप्त देखाएकोले सो फरक रकमको सम्वन्धमा स्पष्ट प्रमाण पेश गर्नुपर्दछ।

५. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका १० वटै गाउँ विकास समितिहरुमध्ये ९ ले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन। जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन। यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

६. **आन्तरिक आय :** यस वर्ष कार्यालयले प्रस्तुत गरेको स्रेस्ता अनुसार आन्तरिक आय, राजस्व र धरौटीको कारोबार भएको देखिएन। गाउँ विकास समितिहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार मालपोत दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, ठेक्का र अन्य आय शीर्षकमा आन्तरिक आय भई रहेको देखिएकोमा यस नगरपालिकामा समायोजन भए पश्चात कुनै आन्तरिक आय आर्जन गरेको देखाएको छैन। तसर्थ गाउँ विकास समितिहरु यस नगरपालिकाको वडामा परिवर्तन भएकोले सम्बन्धित वडाहरुबाट सवै प्रकारका आम्दानी रसिद प्राप्त गरी आम्दानी भए नभएको यकिन गरी लेखापरीक्षण गराउनुपर्दछ।

७. **हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गतेदेखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साविकका ६ गाउँ विकास समितिमा बैंक मौज्दाततर्फ रु.३०,२१,९०८।- र आन्तरिक स्रोततर्फ रु.४४,२८८।- समेत बाँकी रहेको रकम रु.३०,६६,१९३।- नगरपालिकाको खातामा दाखिला गर्नुपर्दछ।

८. **आन्तरिक नियन्त्रण :** नगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, भ्रमण अभिलेख नराखेको, खर्चको बजेट हिसाब तयार नगरेको,

नगरपालिका अन्तर्गत गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो गरेको छैन । नगरपालिकाले जिन्सी दाखिला प्रतिवेदनमा सिलसिलेवार दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह प्रक्रिया बृद्ध तथा अपाङ्गमैत्री नरहेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभबेसको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, जस्ता कैफियत देखिएका छन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना आन्तरिक नियन्त्रण सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

९. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनअनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन । यस वर्ष विविध कारणले आन्तरिक लेखापरीक्षण गर्न नसकिएको व्यहोरा कार्यालयले जनाएको छ । आगामी आर्थिक वर्षदेखि नियमानुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार भुक्तानी दिएको रकममा अग्रिम कर कट्टी गर्नुपर्ने व्यबस्था छ । कार्यालयले कार्यालय सामान खरिद गरेबापत बिक्की टेडर्सलाई रु.४,३२,३००।- भुक्तानी गरेकोमा अग्रिम कर रु.६,४८४।- कट्टी गर्नुपर्नेमा रु.६११६।- मात्र कट्टी गरेकोले नपुग कर रु.३६८।- असुल गरी दाखिला गर्नुपर्दछ ।

११. **भाडा कर :** आयकर ऐन, २०५८ अनुसार सबारी साधन भाडामा लिएबापत भाडाकर कट्टी गर्नुपर्दछ । कार्यालयका कार्यकारी अधिकृत बिष्णु प्र सुबेदिले कार्यालयसामान ढुवानी बापत गाडीभाडामा लिई रु.१०,०००।- खर्च लेख्दा आयकर ऐन, २०५८ अनुसार सो को १० प्रतिशतले रु.१,०००।- भाडा कर कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१२. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ । जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका ८ गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई रु.१,४५,१५३।- लेखापरीक्षण पारिश्रमिक भुक्तानी गरेको देखियो । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गर्नुपर्दछ ।

१३. **भत्ता भुक्तानी :** स्थानीय तह पुर्नसँरचना हुँदा साविकका गाउँ विकास समितिहरु २०७३।११।१७ देखि नगरपालिका तथा गाउँपालिकामा गाभिएका छन । यसरी गाभिएपछिको अबधिका साबिकका ६ गा.बि.स.को सचिबले भुक्तानी लिँदै आएका अध्यक्ष भत्ता तथा दैनिक भ्रमण भत्ता पाउन मिल्ने आधार देखिँदैन । तसर्थ उक्त भत्ता बापतको रु.३६,५००।- असुल उपर गर्नुपर्दछ ।

१४. **फाँटबारी :** कार्यालयले कर्मचारीहरुलाई तलब भत्ता भुक्तानी गर्दा कट्टा गरेको क.सं कोष र ना.ल. कोष बापतको रकम सम्बन्धित निकायहरुलाई पठाउँदा क.सं कोष र ना.ल.कोषको फाँटबारी विवरण, सम्बन्धित निकायलाई रकम दाखिला गरेको बैंक भौचर आदि आधारभूत प्रमाणहरु खर्चको भौचरसाथ सँलग्न गरी राख्नुपर्दछ । कार्यालयले क.सं कोष तथा ना.ल. कोषको रकम खर्च लेख्दा उक्त प्रमाण सँलग्न नगरी गोश्बारा भौचर मात्र सँलग्न गरेकोले खर्चको पुष्ट्याई खुल्न आएन ।

१५. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेटबाट खर्च लेख्दा बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्दछ । कार्यालयले विभिन्न ५ भौ.नं. र मितिमा खर्चको बिल भरपाई सँलग्न नगरी रु.२,९१,७९०।- खर्च लेखेकोले सो खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **होर्डिङ बोर्ड :** अँशु ईन्टरप्राईजेजको बिल अनुसार १२ थान होर्डिङ बोर्ड खरिद बापत रु.१,३५,६००।- खर्च लेखेकोमा उक्त होर्डिङ बोर्ड जिन्सीमा आम्दानी नबाँधेको र होर्डिङ बोर्ड बुझेको, बुझाएको पनि नदेखिएकोले उक्त खर्चको पुष्ट्याई पेश गर्नुपर्दछ ।

१७. **मूल्य अभिबृदि कर :** मु.अ.कर ऐन २०५२ तथा नियमावली, २०५३ अनुसार दर्ता भएको व्यक्तीले कारोबार गर्दा रितपुर्बकको कर वीजक जारी गरी बिल अँकको १३ प्रतिशतभन्दा बढि मू.अ.कर दाबी गर्न मिल्दैन। बलरा न.पा.९ को सडक मर्मत तथा ग्राभेलेको कार्य गर्ने निर्माण व्यबसायी कमलेश निर्माण सेवाले

वीजक नं ५ मिति २०७४।३।२५ मा जारी गरेको वीजकको मूल्य रु.३,५०,०६४।- को १३ प्रतिशतले रु.४५,५०८।- मात्र मू.अ.कर दाबी गर्नुपर्नेमा रु.५७,३८४।- मू.अ.कर दाबी गरेकोले बढि दाबी गरेको गरी लिएको मू.अ.कर रु.११,८७६।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **लागत अनुमान :** सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार योजनाको रकम खर्च लेख्दा स्वीकृत लागत अनुमान नापी किताब, कार्यसम्पन्न प्रतिवेदन, बिल भरपाई आदि सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँ विकास समिति मा सञ्चालित १४ योजनाहरुको लगत इस्टिमेट स्वीकृत नभएको र कार्यसम्पन्न प्रतिवेदन पनि संलग्न नगरेकोले यसरी रु.७०,२१,३८२।- खर्च लेखिएको रकम नियमित देखिएन । तसर्थ ती योजनाहरुको स्वीकृत लागत अनुमान नापी किताब, कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

१९. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो बर्ष कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्ने कामको रकम खुलाई सम्झौता गर्ने गरेको पाईएन । साथै उपभोक्ता समितिबाट कम्तीमा १० भन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले २३ वटा योजनामा भएको बढी भुक्तानी रु.७,९०,१६०।- असुल गर्नुपर्दछ ।

२०. **सोझै** खरिद **:** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.५ लाखसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने र सोभन्दा बढि रु.२० लाखसम्मको मालसामान वा सेवा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यबस्था छ । कार्यालयले यस बर्ष विभिन्न ४ भौ.नं. र मितिमा रु.१८,२२,०९०।- माल सामान खरिद गर्दा सिलबन्दी प्रकृयाबाट खरिद नगरी सिधै पटक पटक गरी खरिद गरेको हुँदा उक्त कार्य नियमसम्मत् देखिन आएन ।

२१. **कर वीजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले ३ आपूर्तिकर्ताबाट बिभिन्न पूँजीगत सामान खरिद गरेकोमा आपूर्तिकर्ताको कर वीजक केरमेट तथा हातले लेखेको पाईएकोले मू.अ.कर समायोजन भए नभएको यकिन हुन सकेन । तसर्थ रु.१,१०,४४२।- को मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ ।

२२. **सम्पत्ति हस्तान्तरण** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.७७ मा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साविकका गाउँ विकास समितिहरुको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख, त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने तथा उक्त जिन्सी लगत खाता २०७४ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने छ भनी उल्लेख गरेकोछ । नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार यस बलरा नगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा उक्त गाउँ विकास समिति को खर्चहुने र नहुने जिन्सी कितावमा उल्लेखित घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा जस्ता पूँजीगत सामान र मसलन्द, फर्निसिंग लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाउँको देखिएन । जिम्मेवार कर्मचारीबाट अविलम्ब यस नगरपालिकामा दाखिला गर्नुपर्ने देखिन्छ।

२३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कर्मचारी एवं संस्थालाई विभिन्न कामको निमित्त गत विगतमा दिएको पेश्की रु.१,९२,९४,०३९।- तथा यस वर्ष दिएको पेश्की रु.२५,३३,२००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

२४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को वूँदा नं.५९ मा नगरपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनअनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने व्यवस्था गरेको छ। गाउँ विकास समितिहरुको २०७३ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको

पाइयो । उक्त प्रतिवेदनमा उल्लेख भएको व्यहोराहरु उपर कुनै कारबाही भएको पाइएन । तसर्थ सो प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ ।

२५. **गत विगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । यस नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएकोमध्ये फछ्र्यौट गर्न बाँकी बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ ।

**वलरा गाउँ विकास समिति**

२६. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । कार्यालयमा आम्दानी भएको मालपोत रकम मध्ये २५ प्रतिशतले हुने रु.७,७६६।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

२७. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न कर्मचारीवाट सामाजिक सुरक्षा कर, वैठक भत्ता तथा विभिन्न सप्लायर्सवाट भुक्तानीमा कट्टी गरेको आर्थिक वर्ष २०७२।०७३ को रु.११९०।- र यस वर्षको रु.१८,७१५।९३ समेत रु.१९,९०६।- राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२८. **कार्यसम्पन्न प्रतिबेदन :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सो को कार्यसम्पन्न प्रतिबेदन वा कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले २ योजनाहरुको रु.३,००,०००।- को कार्यसम्पन्न प्रतिबेदन तयार नगरी भुक्तानी दिएको देखिएकोले नियमानुसार कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

२९. **दाखिला :** कर्मचारीहरुको तलव भुक्तानीमा कट्टी गरेका संचय कोष रु.२५,३८४।- र आयकर कट्टी रु.५,८३७।- समेत रु.३१,२२१।- सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

**हथिऔल गाउँ विकास समिति**

३०. **मालपोत :** कार्यालयमा आम्दानी भएको मालपोत रकममध्ये २५ प्रतिशतले रु.२९,६२८।- जि.वि.स.मा पठाएको पाइएन । उक्त रकममध्ये रु.८,६८१।- प्रा.स. मनोज कुमार जिम्मा रहेकाले निजबाट असुल गरी नियमानुसार समयमै जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३१. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न कर्मचारीबाट सामाजिक सुरक्षा कर, वैठक भत्ता तथा विभिन्न सप्लायर्सवाट भुक्तानीमा कट्टी गरेको २०७१।७२ को रु.१८,२३४।- र यस वर्षको रु.७,६८३।- समेत रु.२५,९१७।- राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३२. **गत विगतको बेरुजू :** कार्यालयले ६ जना कर्मचारीको गत विगतको बेरुजू रु.७,७७५।- हालसम्म पनि असुल गरेको पाइएन । तसर्थ उक्त रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

३३. **कर्मचारी संञ्चय कोक्ष :** प्रा.स. मनोज कुमार श्रीवास्तवको तलबवाट सञ्चय कोष कट्टी गरेको रु.४३,४२३।- संञ्चय कोष खातामा दाखिला गर्नुपर्दछ ।

**छतौना गाउँ विकास समिति**

३४. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । कार्यालयमा आम्दानी भएको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१,०२२।- जि.वि.स.मा पठाएको पाइएन । उक्त रकम नियमानुसार समयमै जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३५. **कर्मचारी सञ्चय कोष :** सञ्चय कोष कट्टी गरेको रु.७,९०७।- सञ्चय कोष खातामा दाखिला दाखिला गर्नुपर्दछ ।

३६. **अग्रिम कर :** विभिन्न कर्मचारीहरुबाट कर कट्टी गरेको रु.३५५।- हालसम्म पनि राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३७. **भुक्तानी बाँकी :** आय-व्यय विवरण अनुसार विभिन्न व्यक्तिहरुलाई रु.७,६०,०००।- भुक्तानी बाँकी देखाएकोमा कार्यालयले वास्तविक विल भरपाई हेरी भुक्तानी गर्न मिल्ने भएमा मात्र नियमानुसार भुक्तानी गर्नुपर्दछ ।

**अचलगढ गाउँ विकास समिति**

३८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । कार्यालयमा आम्दानी भएको मालपोत रकम मध्ये २५ प्रतिशतले रु.२,०९३।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

३९. **कट्टी दाखिला :** कार्यालयले २ जना कर्मचारीको २०७३ फाल्गुणको तलव भत्ता खर्च लेखी क.सं.कोष ६,९७५।- र सामाजिक सुरक्षा कर रु.३१३।- कट्टी गरेकोमा पुनः बजेट खर्च घटाएकोले रु.७,२८९।- राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

**मिर्जापुर गाउँ विकास समिति**

४०. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। कार्यालयमा आम्दानी भएको मालपोत रकममध्ये २५ प्रतिशतले रु.१,६२६।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

**गडहिया गाउँ विकास समिति**

४१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। कार्यालयमा आम्दानी भएको मालपोत रकम मध्ये२५ प्रतिशतले रु.३७५।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

**डुमरिया गाउँ विकास समिति**

४२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ । कार्यालयमा आम्दानी भएको मालपोत रकम मध्ये २५ प्रतिशतले रु.२,०५६।- जिल्ला समन्वय समितिमा पठाउनु पर्दछ ।

४३. **गत विगतको बेरुजू :** कार्यालयको विवरण अनुसार विभिन्न व्यक्तिको नाममा गत विगतको बेरुजू रु.६,०६८।- हालसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

४४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम २५(३) (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । हे.पो.मा विद्युत जडानको लागि विद्युत कार्यालयमा रु.२५,०००।- जम्मा गरेको भनी खर्च लेखेकोमा रकम जम्मा गरेको प्रमाण नभएका, वडा नं.७ को नाला निर्माणको रकम आर एन निर्माण सेवा सलेमपुर ४ लाई भुक्तानी भनि रु.६०,२६८ खर्च लेखेकोमा विल, भरपाई लगायतका प्रमाण संलग्न नभएको, मन्दिर निर्माणको लागत अनुमान, नापी किताब तथा कार्यसम्पन्न प्रतिबेदन पेश नभएको रु.२९५,२५०।०० समेत रु.३,८०,५१८।- खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

४४.१ ओ.डि.एफ.को लागि सचिव श्री राम उजैन लाई पेश्की भनी रु.२,७६,९०७।- भुक्तानी दिएकोमा ओ.डि.एफ. काम नभएको भनि विविधमा रु.१०,०००।- खर्च लेखि रु.२,६६,९०७।- मात्र फिर्ता गरेकोमा विल भरपाई नभएको रु.१०,०००।- तथा कृषि सेवा केन्द्र गडहियाको प्रा.स. अजय कुमार सिंहलाई निःशुल्क औषधि वितरणको लागि भनि रु.२५,०००।- भुक्तानी दिइ खर्च लेखेकोमा औषधि खरिदको बिल तथा औषधि वितरण गरेको रु.२५,०००।- समेत रु ३५०००।-को भरपाई पेश गर्नुपर्दछ ।

४४.२ विभिन्न योजनाहरुको बाँकी रकम भुक्तानी दिनको लागि भनि खर्च लेखेकोमा विल भरपाई, प्रमाण वेगर रु.२,६२,१८०।- नगद निकाली नगदवाट विभिन्न ४ भौ.नं. र मितिमा रु.१,२७,३९४।- खर्च भएको देखिएकोमा रु.१,३४,७८६।- को प्रमाण संलग्न नभएको तथा २ वटा गोश्वरा भौचरवाट तलव, भत्ता लगायतका रु.१,५४,७३३।- खर्च लेखेकोमा विल भरपाई पेश गर्नुपर्दछ ।

४५. **अग्रिम कर :** शिव पार्वती मन्दिर निर्माण सामग्री खरिद गरेको २०७३।७।११ को बाँकी रकम भनी शुभ लक्ष्मी हार्डवयरको (प्यान नं समेत नखुलेको) नगद उधारो विल अनुसार रु.२,९५,२५०।- खर्च लेखेकोमा शुभ लक्ष्मी हार्डबेयरको बिल भुक्तानी गर्दा १.५ प्रतिशतले रु.४४२६।-, लक्ष्मी इन्जिनियर वर्कशपको रु.१,३१,२५०।- को ग्रिल खरिदको प्यान बिल अनुसार रु.१,३१,२५०।- खर्च लेखेकोमा बिल भुक्तानी गर्दा १.५ प्रतिशतले रु.१९६८।- अग्रिम कर कट्टी नभएकोले रु.२,३९४।- असुल गर्नुपर्दछ ।

४६. **कार्यसम्पन्न :** लक्ष्मी इन्जिनियर वर्कशपको रु.१,३१,२५० को ग्रिल खरिदको प्यान विल अनुसार रु.१,३१,२५०।- खर्च लेखेकोमा ग्रील खरिदको लागत अनुमान, नापी किताब तथा कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

४७. **आयकर :** कानूनी सल्लाह बापत भनी दिलिप कुमार झालाई रु.६,५००।- भुक्तानी खर्च लेखेकोमा सोको १५ प्रतिशतले रु.९७५।- कर कट्टी नगरेकोले सो असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

४८. **कार्यसम्पन्न प्रतिबेदन :** सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सो को कार्यसम्पन्न प्रतिबेदन वा कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ। कार्यालयले विभिन्न ७ योजनाहरुको कार्यसम्पन्न प्रतिबेदन तयार नगरी रु.१९,६६,५५७।- भुक्तानी दिएको देखिएकोले नियमानुसार कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने ।

४९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न ३ भौ.नं. र मितिमा भएको खर्चमा कर कट्टी गरी बाँकी रकम मात्र बजेट खर्च लेख्ने गरेको छ । उक्त कर कट्टी रकम रु.१६,२६४।- आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ ।

५०. **गत बर्षको रकम :** कार्यालयले भुक्तानी बाँकीको विवरण म.ले.प.फ.नं.१८ प्रमाणित नगरी विभिन्न ३ भौ.नं. र मितिमा ३ जना कर्मचारीको गत आर्थिक वर्षको तलव र भत्ता खर्च लेखेको रु.७१,९४२।- नियमसम्मत देखिएन ।

**मधुवनी गाउँ विकास समिति**

५१. **अग्रिम कर :** आर्थिक विवरण अनुसार पारिश्रमिक कर रु.५,२२७।- र अग्रिम आय कर रु.२२९।- राजस्व खातामा दाखिला गर्न बाँकी रहेको देखिएकोले रु.५,४५६।- राजस्व दाखिला गर्नुपर्दछ ।

५२. **मोवाइल खरिद :** पूँजीगततर्फबाट क्यानभास ट्रेडर्सको विजक अनुसार गाउँ विकास समिति सचिव श्री रामपुकार यादवबाट सामसुङ्ग जे११०एच मोवाइल खरिद गरेको विल अनुसार रु.९,२०७।- खर्च लेखेकोमा जिन्सी दाखिला प्रतिवेदन पेश भएन । उक्त मोवाइलको जिन्सी आम्दानी बाँधी प्रमाण पेश गर्नुपर्दछ ।

५३. **शौचालय निर्माण :** विभिन्न ३ भौ.नं. र मितिमा अर्चना रिंग निर्माण कम्पनी, गडहियालाई रु.९,४०,०००।- भुक्तानी भएको देखिन्छ । तर अर्चना सहकारी उपभोक्ता पसल, गडहिया (स्थायी लेखा नं.३०३२४१६०७) वाट शौचालय सामग्री खरिद गरेका प्रति विल रु.८,२४०।- ले ८३ थान विलको रु.६,८३,९२०।- वरावरको विल संलग्न भएको पाइयो । उक्त स्थायी लेखा दर्ता नं. बेभसाईट सर्च गर्दा आदर्श कृषी सहकारी संस्था लि. भएको पाइयो । शौचालय निर्माण सामग्रीको दर उल्लेख गरी अर्चना रिंग निर्माण कम्पनी, गडहियासंग सम्झौता भएकोमा कति थान तथा कति सेट कति रकम वरावरको खरिद गर्ने भन्ने उल्लेख भएको पाइएन । एक कम्पनीसंग सम्झौता गरी अर्को उपभोक्ता समितिको विल संलग्न रहेको, रिंग वुझेको ११७ घरको भरपाई भएकोमा ८३ थान मात्र विल भएको, २० हजार भन्दा वढिको खरिदमा मू.अ.कर मा दर्ता भएको फर्मवाट मात्र खरिद गर्नुपर्नेमा प्यान दर्तावाला सहकारी संस्थावाट खरिद भएकोमा नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुका साथै रु.९,४०,०००।- भुक्तानीको प्रमाण पेश गर्नुपर्दछ ।

५४. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । अर्चना सहकारी उपभोक्ता पसल, गडहिया (स्थायी लेखा नं.३०३२४१६०७) बाट रु.९,४०,०००।- को शौचालय सामग्री खरिद बापतको रकम भुक्तानी गरेकोमा नियमानुसार अग्रिम कर कट्टी नगरेको रु.१४,१००।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ८४ लाख ७२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५० लाख ५० हजार र पेश्की रु.२५ लाख ३३ हजार रहेको छ ।

# बागमती नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२० लाख ८६ हजार र यो वर्ष आय रु.९ करोड ८ लाख २० हजार समेत रु.९ करोड २९ लाख ६ हजार आम्दानी भएकोमा रु.९ करोड १८ लाख १२ हजार खर्च भई रु.१० लाख ९४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु अवस्थाका र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेकोछ । तर यस नगरपालिका स्थापना क्रममागाभिएका कर्मैया, ढुङ्गेखोला, राजघाट र शंकरपुरगाउँ विकास समितिहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेकाघर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत जिन्सी मालसामानहरुको बरबुझारथ गरी नगरपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखिएन ।

२. **पेश्की एकिकरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको पेश्की सम्बन्धी व्यवस्था अनुरुप २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह पुनरसंरचना अन्तर्गत गाउँ विकास समितिहरु गाभिई बागमती नगरपालिका स्थापना हुँदा गाउँ विकास समिति हरुमा कायम रहेको फछ्र्यौट गर्न बाँकी पेश्कीको फाँटवारी लिई एकीकृत बाँकी पेश्कीको विवरण तयार गर्नुपर्नेमा नगरपालिकाले ती गाउँ विकास समितिहरुको बाँकी पेश्की जिम्मेवारी सारी विवरण तयार गरेको पाइएन ।

३. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण नगरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित नगरेको, जिन्सी आम्दानीको संकेत प्रदान गर्ने नगरेको, मर्मत अभिलेख खाता नराखेको, जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न नगरेको, हेल्प डेस्क नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी नगरेको, वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको, मूल्य अभिबृद्धि कर नियमावली, २०५४ भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा नदिएको, जिन्सी निरीक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

४. **सवारी साधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को दफा ९ उपदफा २ बमोजिम सरकारी  सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने व्यवस्था भएको भए पनि नगरपालिकाले साविकका कर्मैया, ढुङ्गेखोला, राजघाट र शंकरपुर गाउँ विकास समितिहरुको नाममा कायम रहेका ४ थान मोटरसाइकलहरु निजी नम्बरप्लेट प्रयोगमा आइरहेकोदेखिएको हुँदा ऐनले तोकेबमोजिम नम्बरप्लेट परिवर्तन गरी नगरपालिकाको नाममा सवारी दर्ता नामसारी गर्न जरुरी देखिन्छ ।

५. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय  तहको  लेखा कानून  बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ । जिल्ला विकास समिति, मलंगवाले बाह्य लेखापरीक्षक नियुक्ति गरी ४ साविकका गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई लेखापरीक्षण पारिश्रमिक रु.८०७०५।- भुक्तानी गरेको नियमित मान्न सकिएन ।

६. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दाव्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँचप्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २ थान माउण्टेन बाइक खरिद गरी रु.१५०,०००।- (मू.अ.कर सहित) भुक्तानी गरेको र ताराबाबु खतिवडालाई ग्राभेल आपूर्तिबापत भुक्तानी

गरेको रु.९३,५००।- मा कर कट्टी नगरेको रु.३३९४।- सम्बन्धित आपूर्तिकर्तासँग असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

७. **कर वीजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ को नियम १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्तिगर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखिबाहेक प्रापकलाई अनुसूची-५ र ५क बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले ३ आपूर्तिकर्ताबाट मालसामान खरिद गर्दा मू.अ.कर वीजकमा वीजक नं. हातले लेखेको देखिन आएको हुँदा त्यस्ता शंकास्पद बिलबाट असुल गरेको मू.अ.कर राजस्व रु.८४६३२।- दाखिला गरे नगरेको यकिन गर्न नसकिने भएकोले आन्तरिक राजस्व कार्यालयबाट सो मू.अ.कर रकम दाखिला समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

८. **करमा दर्ता :** नगरपालिकाले शिव शक्ति मेशिनरी जनरल अर्डर एण्ड सप्लायर्सबाट अपाचे मोटरसाइकल खरिद गरी रु.२३७,९००।- (मू.अ.कर सहित) भुक्तानी गरेकोमा निज आपूर्तिकर्ताले प्रतिलिपि वीजक मात्र दिएको र निजको प्यान नं. (३०३८४७०२१) आन्तरिक राजस्व विभागको वेबसाइटमा सर्च गर्दा सो आपूर्तिकर्ता मू.अ. करमा दर्ता रहेको देखिएन । अतः सो आपूर्तिकर्तालाई भुक्तानी गरेको मू.अ.कर रु.२७,३६९।- रकम असुल उपर गरी राजस्व दाखिला गर्नुपर्दछ ।

९. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा नगरपालिका र साविकका गाउँ विकास समितिले गत विगतमा दिएको पेश्की देहायबमोजिमका पेश्की रु.४,३२,६००।- असुल वा फछ्र्यौट गरेको देखिएन। अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई यो वर्ष ६ जनालाई दिएको रु.१,८८,४३,३५०।- पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**कर्मैया गाउँ विकास समिति**

१०. **मोबाईल** खरिद : प्रचलित ऐन तथा नियमावलीमा गाउँ विकास समितिका कर्मचारीहरुको लागि मोबाइल सुविधा उपलब्ध गराउने व्यवस्था भएको देखिदैँन । गाउँ विकास समितिले जे ७०० एच सामसुङ्ग मोबाइल रु.२१,९००।- मा खरिद गरी खर्च लेखेको देखियो । खरिद गरेको मोबाइल जिन्सी दाखिला भएको देखिएन। जिन्सी दाखिला गरी साहायक जिन्सी खातामा अभिलेखन गर्नुपर्दछ ।

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दाव्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समिति ले १३ भुक्तानी गर्दा ऐनको उपरोक्त व्यवस्थाबमोजिम रु.३६,०२७।- कर कट्टी गरी राजस्व दाखिला नगरेकोले सम्बन्धित व्यक्ति वा फर्मबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१२. **वितरण भर्पाइ :** बालबालिका कार्यक्रमअन्तर्गत अजय वस्त्रालयबाट ४ थान कुर्था र सिंह एण्ड ब्रदर्शबाट २२० सल र स्वीटर हरिहर बनस्थली प्रा.लि.बाट खरिद गरी रु.११५,०००।- भुक्तानी गरी महेन्द्र जनता मा.वि. र जनजागृति नि.मा.वि.का छात्राहरुलाई वितरण गर्नको लागि खरिद गरिएका सामान वितरण गरेको परिमाण पेश नभएकोले तथा लक्षित वर्ग कार्यक्रमबाट २२ थान सौर्यटुकी खरिद गरी मनास्लु इनर्जी प्रा.लि. रु.१,४९,६००।- समेत रु.२,६४,०००।- भुक्तानी गरी खर्च लेखेकोमा सोको स्वीकृत लागत अनुमान र लक्षित समूहमा सौर्य टुकी वितरण गरेको गरेको देखिएन । वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ।

**ढुङ्गेखोला गाउँ विकास समिति**

१३. **कर वीजक :** सार्वजनिक खरिद नियमालवी, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ताप्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँ विकास समितिले ३ वटा छपाइ तथा स्टेसनरीबाट सामान खरिद गरी रु.२,९२,९४८।- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाबमोजिम मू.अ.करमा दर्ता भएको फर्मबाट खरिद गरेको देखिएन । नियमको पालना गरी खरिद गर्नुपर्दछ ।

१३.१ गाउँ विकास समिति विभिन्न ५ फर्मवाट छपाइ तथा स्टेसनरी सामान खरिद गरी रु.४,४०,८९१।- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाबमोजिम मू.अ.करमा दर्ता भएको फर्मबाट खरिद गरेको नदेखिएकोले खरिद प्रक्रिया नियमित मान्न सकिएन । नियमको परिपालना गरी खरिद कार्य गर्नुपर्दछ ।

१४. **कर्मचारी सञ्चयकोष :** कर्मचारीहरुबाट कट्टा गरेको रकम समयमै दाखिला गरी फाँटबारी पठाएपछि मात्र सम्बन्धित कर्मचारीहरुको खातामा जम्मा हुने व्यवस्था छ । गाउँ विकास समितिले कट्टा गरेको रु.६५,५३६।- कर्मचारी सञ्चयकोष दाखिला गरेको बैङ्क भौचर पेश नगरेको एवं फाँटबारी पठाएको नदेखिएकोले दाखिला भौचर पेश गरी फाँटबारी पठाउनु पर्दछ ।

१५. **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसूची-१ को उपदफा १ खण्ड (क) र उपदफा २ खण्ड (क) बमोजिम रोजगारीको आयमा निश्चित रकमसम्मको वार्षिक आयमा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा मेलमिलाम संयोजक मुकुन्द कुमार बुढाथोकीलाई २०७३ श्रावणदेखि फाल्गुणसम्मको तलबबापत रु.९०,०००।- भुक्तानी गरी खर्च लेखेकोमा सो कर कट्टा गरेको पाइएन । अतः करबापतको रु.९००।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१६. **चालु प्रकृतिको खर्च :** यस वर्ष पूँजीगत अनुदानमा रु.४२,८२,४८०।- बजेट निकासा भएकोमा रु.३७,६६,५८७।- पूँजीगत निर्माणमा र सो बजेटबाट रु.५,१२,४८०।- तलब भत्ता लगायतका प्रशासनिक कार्यमा खर्च गरेकोले बजेट खर्चको सिद्धान्त विपरीत खर्च गरेको नियमित देखिएन । नियमको परिपालना गरी बजेट खर्च गर्नुपर्दछ ।

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दाव्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँचप्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले विभिन्न भुक्तानी गर्दा ऐनको उपरोक्ता व्यवस्था बमोजिम रु.४४,६५८।- कर कट्टी गरी राजस्व दाखिला नगरेकोले सम्बन्धित व्यक्ति वा फर्मबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१८. **कर भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५४ अनुसार मू.अ.करमा दर्ता भएको व्यक्तीले बस्तु वा सेवा आपुर्ती गर्दा रितपूर्बकको वीजक जारी गर्नुपर्दछ । कार्यालयले बाटलालबन्दी ट्रेडलिङ्कबाट मोटरसाइकलको पार्टस् खरिद गरी खर्च लेखेकोमा तोकिएको ढाँचामा कर वीजक प्राप्त नगरी कोटेशन बिलको आधारमा मू.अ.करभुक्तानी गरेकोले रु.१०,५१८।- राजस्व दाखिला नहुने भएको हुँदा भुक्तानी गरेको मू.अ.कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**राजघाट गाउँ विकास समिति**

१९. **ठेक्का छुट :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७०(२) बमोजिम ठेकेदारले सम्झौताको समयमा ठेकअनुसारको सम्पूर्ण ठेक रकम एकमुष्टबुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था छ । गाउँ विकास समितिले गिट्टी बालुवा निकासी कर ठेक्का अन्तर्गत पोखराज उप्रेतीसँग रु.७८०,३००।- वार्षिक बुझाउने गरी सम्झौता भएकोमा निजले गरी चार किस्तामा रु.७,०७,०००।- बुझाएको देखिएको हुँदा नियमानुसार सम्झौताको समयमा ठेक रकम एकमुष्ट बुझाएमा मात्र बढीमा दश प्रतिशतसम्म छुट दिनुपर्नेमा किस्ताबन्दी रुपमा बुझाउँदा समेत रु.७३,३००।- छुट दिएकोले नियम विपरीत छुट दिएको रकम ठेकेदारबाट असुल गर्नुपर्दछ ।

२०. **कर वीजक :** सार्वजनिक खरिद नियमालवी, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले बीस हजार रुपैंयाभन्दा बढी मूल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ताप्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । विविध सामान खरिद गरी रु.९९,०००।- खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाबमोजिम मू.अ.करमा दर्ता भएको फर्मबाट खरिद गरेको नदेखिएकोले खरिद प्रक्रिया नियमित देखिएन । नियमको परिपालना गरी खरिद कार्य गर्नुपर्दछ।

२१. **कर्मचारी सञ्चयकोषः** कर्मचारीहरुबाट कट्टा गरेको रकम समयमै दाखिला गरी फाँटबारी पठाएपछि मात्र सम्बन्धित कर्मचारीहरुको खातामा जम्मा हुने व्यवस्था छ । गाउँ विकास समितिले कार्यालय सहायक राम बहादुर रानामगरको २०७३ श्रावणदेखि फाल्गुणसम्मको कर्मचारी सञ्चयकोष रु.२४,१९२।- दाखिला गरेको देखाएकोमा सोको बैङ्क भौचर पेश नगरेको एवं फाँटबारी पठाएको नदेखिएकोले दाखिला भौचर पेश गरी फाँटबारी पठाउनु पर्दछ ।

**शंकरपुर गाउँ विकास समिति**

२२. **जग्गा खरिद :** खानेपानी उपभोक्ता समितिलाई जग्गा खरिदको लागि विनियोजित रकम रु.४,००,०००।- भुक्तानी दिएकोमा उपभोक्ता समितिको २०७३।५।२८ को बैठकबाट प्रतिधुर रु.२२,५०० का दरले १० धुर जग्गा खरिद गर्ने निर्णय भएकोमा प्रतिधुर रु.४०,०००।- का दरले खरिद गरी भुक्तानी गरेकोले निर्णय गरेको रकमभन्दा रु.१,७५,००० ।- बढी भुक्तानी गरी खर्च लेखेको नियमसम्मत् देखिएन ।

२३. **बिल भर्पाइ :** गाउँ विकास समितिले विभिन्न सामग्री खरिद गरी १० फर्मलाई रु.७,५२,४९०।- बिल भर्पाइ वेगर तथा बिल भर्पाइभन्दा बढी खर्च लेखेको पाइयो । यसरी खर्च लेखिएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गरी वा नियमित गरी फछ्र्यौट गर्नुपर्दछ ।

२४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिमबासिन्दाव्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँचप्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिले ३ भुक्तानीमा ऐनको उपरोक्ता व्यवस्था बमोजिम रु.५,००५।- कर कट्टी गरी राजस्व दाखिला नगरेकोले सम्बन्धित व्यक्ति वा फर्मबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड २१ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.३ लाख ३९ हजार फछ्र्यौट गरेकोले रु.२ करोड १७ लाख ७८ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख, नियमित गर्नुपर्ने रु.२७ लाख ३५ हजार र पेश्की रु.१ करोड ८८ लाख ४३ हजार रहेको छ ।

# गोडैता नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.१५ लाख १० हजार र यो वर्ष आय रु.८ करोड ९ लाख ५० हजार समेत रु.८ करोड २४ लाख ६० हजार आम्दानी भएकोमा रु.८ करोड २ लाख ७८ हजार खर्च भई रु.२१ लाख ८२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ८ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बजेट निकासा समयमा नभएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त नगरेको, भ्रमण अभिलेख नराखेको, बजेट हिसाब तयार नगरेको, जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित नगरेको, गाउँ पालिकाले जिन्सी दाखिला प्रतिवेदनमा सिलसिलेवार दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह प्रक्रिया बृद्ध तथा अपाङ्गमैत्री नरहेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, आन्तरिक लेखापरीक्षण नगराएको, सञ्चालित योजनाहरुको खर्चको सामाजिक परीक्षण र सार्वजनिक लेखापरीक्षण नगराएको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

३. **कर दाखिला :** बडा सचिव श्री भिखारी राउतको नामा रहेको पेश्की फर्छौयटमा बिपन्न महिला, किसोरी शिक्षा तथा वैदेशिक रोजगार सम्बन्धी तिनदिने तालिममा प्रशिक्षकहरु ६ जनालाई भत्ता वितरण गर्दा रु ३४६३२।- को १५ प्रतिशत पारीश्रमिक कर कट्टी नगरेको रकम रु.५,०९४।- असुल गर्नुपर्दछ ।

४. **पेश्की :** प्रा.स. श्री गैरी शंकर राउतको नाममा बडा कार्यालय भवन सिसैटियामा भवन मर्मत पेश्की रु.१,००,०००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

### सिसौटिया गाउँ विकास समिति

५. **विगतको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की रजिष्टर उपलवध नभएकोले २०७१।७२ को लेखापरीक्षक प्रतिवेदन अनुसार अभिलेखिकरण भएको रु.१६,९६,६२६।- तथा यस कार्यालयतर्फ रु.१६,९६,६२६।- आर्थिक वर्षको अन्तसम्म पेश्की फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

### गोडैता गाउँ विकास समिति

६. **मालपोत :** कार्यालयले यो वर्ष रु.१८,८१५।- असुली भएकोमा यस वर्षमा रु.४,७०३।- तथा गत वर्षको बाँकी रु. २२८।- समेत रु.४,९३२।- जिल्ला समन्वय समितिमा दाखिला भएको देखिएन । उक्त रकम दाखिला गर्नुपर्दछ ।

७. **कर :** कार्यालयले खुसवु अपसेट प्रेशबाट चेक राईटर खरिद रु.१८,६४५।- को अग्रिम आय कर रु.१।५० ले हुने रकमरु २४७।- असुल गरेको देखिएन । उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

८. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । बासको लचका बनाउने कामकोलागि लागेको खर्च रु.१७,०००।- को भुक्तानीमा रु.७,०००।- को मात्र विल भएकोले विल भरपाई बेगरको बाँकी रु.१०,०००।- असुल गर्नुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। २५ व्यात्तिहरुले लिएको पेश्की रु.११,७५,०४९।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१०. **योजन सञ्चालन :** गाउँ विकास समितिबाट सञ्चालित क्रमागत योजनाहरु र यस कार्यालयबाट छनौट भएका योजनाहरु सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा उक्त योजनाहरु कुन अवस्थामा छन् सोको विवरण तयार गरेको देखिएन । जसले गर्दा आफ्नो क्षेत्रभित्र आगामी दिनमा योजना छनौट गर्दा दोहोरो पर्ने, दोहोरो भुक्तानी हुने र सञ्चालित योजनाको हालको स्थिति अवलोकन हुन सक्ने देखिदैन । तसर्थ सञ्चालित र सम्पन्न योजनाहरुको अभिलेख राख्नुपर्दछ ।

११. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ । गाउँ विकास समितिहरुको २०७४ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो । तसर्थ सो प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ ।

१२. **विगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ। चन्द्रनगर गाउँपालिकामा समाहित भएका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको र फछ्र्यौट गर्न बाँकी बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

### बगदह गाउँ विकास समिति

१३. **मालपोत :** गत आर्थिक वर्ष कोदाखिला गर्न बाँकी रु.२,१०४।- र यो वर्षको रु.१,३३०।- समेत रु.३,४३५।- रकम दाखिला गर्नुपर्दछ ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। सडक मर्मत कार्याकोलागि गा.वि.स. सचिव सत्यनारायण साहले लिएको रु.२०,०००।- पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१५. **कर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । रौनक ईन्टरप्राईजेजबाट मोटरसाईकल खरिद भुक्तानीगर्दा रु.१,८५,९००।- को अग्रिम आयकर रु.२,४६७।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ। ९१ कर्मचारीहरुले विभिन्न कार्यक्रम सञ्चालन गर्न दिएको गत वर्षसम्मको पेश्की फछ्र्यौट गर्न बाँकी रहेको रु.१८,९१,०००।- र यो वर्ष २ कर्मचारीको नाममा रहेको रु.४२,९००।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

### बहादुरपुर गाउँ विकास समिति

१७. **आयकर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानी रकममा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा करकट्टी गरेको रु.२,५१७।- राजस्व खातामा गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१८. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले जानकी मन्दिरको रु.१,५०,०००।- भुक्तानीको प्रमाण कागजात पेश गर्नुपर्दछ ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । विभिन्न कर्मचारीहरुले लिएको पेश्की रु.२०,९७,७६९।- मध्ये १ कर्मचारीले यो वर्ष लिएको रु.९,०७,८००।- पेश्की समेत आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

### रामवन गाउँ विकास समिति

२०. **मालपोत :** गाउँ विकास समितिले चालु आर्थिक वर्षमा मालपोत असुली रु.११,२९२।- को २५ प्रतिशतले जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने रु.२,८२३ ।- दाखिला गरेको पाईएन । उक्त रकम दाखिला गर्नुपर्दछ ।

२१. **आयकर :** पूँजीगततर्फ गो.भा.नं.४१ मिति २०७३।११।१७ मा विवरण पेश गरी फछ्र्यौट भएको रकममध्ये रु.३,०७,०००।- को १.५ प्रतिशत रु.४,०६५।- अग्रिम आय कर दाखिला गर्नुपर्दछ ।

२२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । विभिन्न ३४ व्याक्तिहरुले लिएको पेश्की रु.८,३२,१४०।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**रोहुवा गाउँ विकास समिति**

२३. **मालपोत :** चालु आ.व.मा मालपोत असुली रकम रु.४,८४३।२६ को २५ प्रतिशतले जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने रु.१,२१०।- र गत वर्षको बाँकी रकम रु.१,३५०।- समेत जम्मा रकम रु.२,५६१।- दाखिला गरेको पाइएन ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । गत विगतमा ३० कर्मचारीहरुले लिएको पेश्की रु.१४,९२,६३३।- तथा यस आर्थिक वर्षमा ६ जना कर्मचारीका नाममा रहेको रु.८,८४,०००।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**बेलवा जव्दी गाउँ विकास समिति**

२५. **मालपोत :** चालु आ.व.मा मालपोत असुली रकम रु.८,११९।- को २५ प्रतिशतले जिल्ला समन्वय समितिमा दाखिला गर्नु देखिएन । दाखिला गर्न बाँकी रु.२,०२९।- दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । ३६ कर्मचारीहरुले विगतमा लिएको पेश्की रु.१७,४२,८४२।- तथा २ कर्मचारीले यस वर्ष लिएको रु.६,४१,६१२।- पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**भगवतिपुर गाउँ विकास समिति**

२७. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनपर्ने व्यवस्था छ । २२ कर्मचारीहरुले लिएको पेश्की रु.८,२१,१९५।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३४ लाख १६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२२ हजार, नियमित गर्नुपर्ने रु.१ लाख ६८ हजार र पेश्की रु.३२ लाख २६ हजार रहेको छ ।

# चन्द्रनगर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३४ लाख ९४ हजार र यो वर्षको आय रु.६ करोड ९८ लाख ८ हजार समेत रु.७ करोड ३३ लाख २ हजार आम्दानी भएकोमा रु.५ करोड ७६ लाख १७ हजार खर्च भई रु.१ करोड ५६ लाख ८५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ४ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको ,खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

२. **आन्तरिक आय :** यस वर्ष कार्यालयले प्रस्तुत गरेको स्रेस्ता अनुसार आन्तरिक आय, राजस्व र धरौटीको कारोबार भएको देखिएन। गाउँ विकास समितिहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार मालपोत दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, ठेक्का र अन्य आय शीर्षकमा आन्तरिक आय भई रहेको देखिएकोमा यस गाउँपालिकामा समायोजन भएपश्चात कुनै आन्तरिक आय आर्जन गरेको देखाएको छैन। तसर्थ गाउँ विकास समितिहरु यस गाउँपालिकाको वडामा परिवर्तन भएकोले सम्बन्धित वडाहरुबाट सबै प्रकारका आम्दानी रसिद प्राप्त गरी आम्दानी भए नभएको यकिन गरी लेखापरीक्षण गराउनुपर्दछ।

३. **आर्थिक विवरण** : कार्यालयले पेश गरेको धरौटीको आर्थिक विवरण अनुसार कुल आम्दानी रु.४२,९६३।- देखिएकोमा उक्त कारोबारलाई एकीकृत आय-व्यय विवरणमा समेत समाबेश गरेको देखिएन।

४. **मौज्दात** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साविकको किशनपुर गा.वि.स र चन्द्रनगर गाउँ विकास समिति मा आन्तरिक स्रोततर्फ रु.५,२००।- समेत बाँकी रहेको रकम गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा उक्त रकम गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ।

५. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी अभिलेख राख्ने नगरेको, भ्रमण अभिलेख नराखेको, खर्चको बजेट हिसाब तयार नगरेको, जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य गर्ने नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, आपूर्तकको सूची तयार गरी विवरण तयार नगरेको, सेबाग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट कार्यालयले आफ्नो मूल्याँकन गर्ने नगरेको, आर्थिक कारोबारको सँक्षिप्त बार्षिक प्रतिबेदन तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरेको, नागरीक सहजताको लागि हेल्प डेक्स नराखेको,जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

६. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको छ । जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका बबरगँज, मोहनपुर, किशनपुरर चन्द्रनगर गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई रु.८८,३००।- लेखापरीक्षण पारीश्रमिक भुक्तानी गरेको देखियो। जिल्ला विकास समितिको

आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गरेको देखिएन ।

७. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन । आगामी आर्थिक वर्षदेखि नियमानुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

८. **सामाजिक सुरक्षा कर :** बबरगन्ज गाउँ विकास समितिका कर्मचारीहरुलाई २०७३ कार्तिकदेखि असारसम्मको तलब भत्ता बापत रु.३,६१,४४०।- खर्च लेखेकोमा सा.सु.कर बापत १ प्रतिशत कर कट्टी नगरी पुरै रकम भुक्तानी गरेको पाइयो । तसर्थ सम्बन्धित कर्मचारीबाट उक्त रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ ।

९. **योजना :** गाउँ विकास समितिबाट सञ्चालित क्रमागत योजनाहरु र यस कार्यालयवाट छनौट भएका योजनाहरु सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा उक्त योजनाहरु कुन अवस्थामा छन् सोको विवरण तयार गरेको देखिएन । जसले गर्दा आफ्नो क्षेत्रभित्र आगामी दिनमा योजना छनौट गर्दा दोहोरो पर्ने, दोहोरो भुक्तानी हुने र सञ्चालित योजनाको हालको स्थिति अवलोकन हुन सक्ने देखिदैन । सञ्चालित र सम्पन्न योजनाहरुको अभिलेख राख्नुपर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसारको भुक्तानी दिएको रकममा (मू.अ.कर बाहेक) अग्रिमकर कट्टी गर्नुपर्ने व्यबस्था छ । उपभोक्ता समिति मार्फत १८ योजनाहरुमा बिक्रेताहरुबाट बिभिन्न निर्माण सामग्रीहरु (सिमेन्ट,रड, ईटा आदि) बापत गाउँपालिकाले भुक्तानी गर्दा भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिम कर कट्टी नगरी भुक्तानी गरेकोले कर बापतको रु.६९,०९१।- सम्बन्धित जिम्मेबार कर्मचारीबाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

११. **सामान बितरण :** साबिक रोहनपुर गा.बि.स बडा नं १ देखि ९ सम्म शौचालय निर्माण गर्न उपभोक्ता समिति मार्फत शौचालय निर्माण बा सामग्रीहरु ग्यास, पाईप, प्यान, छत्री, टि सकेट आदी खरिद देखाई बितरण गरेको भनि कार्यालयबाट रु.१०,६०,०००।- खर्च लेखेको देखियो । खुल्ला दिशामुक्त क्षेत्र बनाउने उद्देश्य अनुरुप शौचालय निर्माणको लागी सामग्रीहरु बितरण मात्र गरेको देखिएको छ । तर ती बितरीत सामग्रीहरुको प्रयोग गरी सबैले शौचालय निर्माण गरेको प्राबिधिक प्रतिबेदन नभएकोले रु.१०,६०,०००।- अनुदानको सदुपयोग भएको छ भन्न सकिने स्थिति देखिएन ।

१२. **कार्यसम्पन्न प्रतिबेदन :** सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार उपभोक्ता समिति मार्फत योजना सञ्चालन गरी कार्यालयको अनुदान रकम भुक्तानी दिँदा कार्यसम्पन्न प्रतिबेदन लिएर मात्र सो आधारमा अनुदान रकम भुक्तानी दिनुपर्दछ । कार्यालयले गनिको घर देखि चक्रघट्टा सडक ग्राभेल बापत उपभोक्ता समितिलाई रकम भुक्तानी दिँदा कार्यसम्पन्न प्रतिबेदन बेगर भुक्तानी दिएकोले रु.२,३१,७५०।- को कार्यसम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

१३. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, ,२०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । यो बर्ष कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्नेभन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोल विभिन्न ८ योजनामा भएको बढी भुक्तानी रु.१,१८,९७८।- असुल गर्नुपर्दछ ।

१४. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.७७ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समितिहरुको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख, त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण व्यवस्था छ। गाउँ विकास समितिहरुले आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा उक्त गाउँ विकास समितिको खर्चहुने र नहुने जिन्सी कितावमा उल्लेखित घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा जस्ता पूँजीगत सामान र मसलन्द, फर्निसिंग लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाउँको देखिएन । सम्बन्धित जिम्मेवार कर्मचारीबाट यस गाउँपालिकामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१५. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की

नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतसम्ममा साविकका ४ गाउँ विकास समिति का विभिन्न कर्मचारी एवं संस्थालाई रु.७५,७५,७२८।- पेश्की दिएकोमा हालसम्म फछ्र्यौट गरेको देखिएन। उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ।

१६. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनअनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ। गाउँ विकास समितिहरुको २०७४ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो। प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ।

१७. **गतविगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ। गाउँपालिकामा समाहित भएका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको र फछ्र्यौट गर्न बाँकी बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ।

**मोहनपुर गाउँ विकास समिति**

१८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। कार्यालयमा आम्दानी भएको मालपोत रकम मध्ये जि.वि.स.लाई रु.१,७७९।- नपठाएकोले नियमानुसार सो रकम समयमै बाँडफाँड गरी पठाउनु पर्दछ।

१९. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ। कार्यालयले चालु खर्चतर्फ हिमालयन सप्लायर्सको रु.१,००,०००।- को फर्निचर खरिद गरेकोमा मू.अ.कर वाहेकको रकममा रु.१,३२७- अग्रिम कर असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

२०. **राजस्व दाखिला :** कार्यालयले नियमानुसार कर कट्टी गरेको रकममध्ये २०७२।७३ को रु.२,२७२।- र २०७३।७४ को रु.५,२३८।- समेत रु.७,५११।- राजस्व खातामा दाखिला गर्न बाँकी देखाएकोमा २०७३।७४ को रु.५,२३८।- आर्थिक विवरणमा देखाएको रकम गाउँपालिकामा ट्रान्सफर भएको देखिएको र २०७२।७३ को रु.२,२७२।- आर्थिक विवरणमा नदेखिएकोले सम्बन्धितबाट रु.७,५११।- असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**किशनपुर गाउँ विकास समिति**

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला विकास समितिलाई बुझाउनु पर्ने उल्लेख छ। कार्यालयमा आम्दानी भएको मालपोत रकममध्ये जिल्ला समन्वय समितिलाई रु.३८,८१९।- पठाउनुपर्दछ।

२२. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ अनुसार पारिश्रमिक भुक्तानीमा १ प्रतिशतले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्दछ। गा.बि.स सचिब सहित बिभिन्न ८ कर्मचारीको तलब भत्ता रकम भुक्तानी गर्दा १ प्रतिशतले सामाजिक सुरक्षा कर कट्टी गरेको नदेखिँदा उक्त कर बापतको रु.१,६१५।- असुल गर्नुपर्दछ।

२३. **भाडा कर :** आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भाडा भुक्तानी गर्दा १० प्रतिशतले भाडा कर असुल गर्नुपर्दछ। भैसीपाटी नदी कुलो मर्मत साबिक किशनपुर गा.बि.स ८ मा योजना सञ्चालन गर्दा डोजर प्रयोग गरी डोजर भाडा रु.३००००।- राज नन्दनी कन्टक्सन प्रा.लि.लाई दिएको भुक्तानीमा १० प्रतिशतका दरले भाडा कर बापत रु.३,०००।- कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा नगरेकोले सो रकम असुल गर्नुपर्दछ।

**चन्द्रनगर गाउँ विकास समिति**

२४. **मालपोत :** मालपोत आम्दानीको नगदी रसिद प्रस्तुत नभएकोले सोबाट प्राप्त आम्दानी यकिन हुन सकेको छैन। मालपोत सम्बन्धी आम्दानी भए, नभएको यकिन गर्नुपर्दछ।

२५. **मौज्दात :** चालु खर्चतर्फको आर्थिक विवरणमा बैंक मौज्दात रु.१५,९७२।- देखाइएकोमा संयुक्त आर्थिक विवरणमा परीक्षा खर्च उल्लेख गरेकोले सो खर्च यकिन गरी पेश गर्नुपर्दछ।

२६. **अनुदानको उपयोग :** गाउँ परिषद्को निर्णयअनुसार मरिचमान सिह मा.बि चन्द्र नगरलाई भवन निर्माण रकम रु.५,००,०००।- उपलब्ध गराएकोमा उक्त अनुदान रकम सदुपयोग भए नभएको यकिन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्दछ ।

२७. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यलयले उपभोत्ता समिति मार्फत सञ्चालित ३ योजनाहरुमा गरेको भुक्तानीमा अग्रिमकर रु.५,९४०।- कट्टी गरेको नदेखिएकोले कर बापतको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

२८. **कार्यसम्पन्न प्रतिबेदन :** सार्बजनिक खरिद ऐन, २०६२ तथा नियमावली, २०६३ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सो को कार्यसम्पन्न प्रतिबेदन वा कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले ३ योजनाहरुको कार्यसम्पन्न प्रतिबेदन तयार नगराई रु.११,२०,०००।- भुक्तानी दिएको देखिएकोले नियमानुसार रु.११,२०,०००।- को कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्दछ ।

२९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार दिएको भुक्तानीमा १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्दछ । कार्यालयले नाडी ताल मुद्दा खर्च बापत चन्द्रनगर ३ का अनिललाल कर्णको रु.१,२५,०००।- पे.फ. गरी रु.५०,०००।- भुक्तानी सहित जम्मा रु.१,७५,०००।- खर्च लेखेकोमा निजले बिभिन्न ३ जना अभिवक्तालाई बहस फि बापत दिएको रु.१,५९,०००।- मा १५ प्रतिशतले लाग्ने कर रु.२३,८५०।- कट्टी गरी भुक्तानी गर्नुपर्नेमा नगरेकोले उक्त कर बापतको रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

३०. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपभोक्ता समितिसँग गरेको सम्झौता अनुसार गर्नुपर्नेभन्दा कम काम भएको अवस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले विभिन्न २ योजनामा भएको बढी भुक्तानी रु.१,८३,९५४।- असुल गर्नुपर्दछ ।

३१. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम वाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिवाट यस्तो खर्च असुल गर्न सकिने व्यवस्था छ । कार्यालयले ईलाका प्रहरी कार्यालय भक्तिपुरको गाडी मर्मतको लागि मर्मत खर्च बापत रु.५०,०००।- भुक्तानी दिएको नियमसम्मत् देखिएन । नियममा भएको व्यवस्था बमोजिम तोकिएको काममा मात्र खर्च गर्नुपर्दछ ।

**ववरगन्ज गाउँ विकास समिति**

३२. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । कार्यालयमा आम्दानी भएको मालपोत रकममध्ये जिल्ला समन्वय समितिलाई रु.३४,०६०।- पठाउनु पर्दछ ।

३३. **आन्तरिक आय :** कार्यालयमा मालपोत तथा अन्य दस्तुर नगदै प्राप्त भएकोमा गाउँ विकास समितिको मूलकोषमा दाखिला नगरी विभिन्न ३ भौ.नं. र मितिमा चालु खातामा ट्रान्सफर गरी नगदै रु.४६,२४२।- खर्च गरेको देखिन्छ । गाउँ विकास समितिमा प्राप्त हुने सबै प्रकारको आम्दानी रकम मुल कोष खातामा आम्दानी बाँधेर बजेट विनियोजन अनुसार खर्च गर्नुपर्नेमा नदेखिएकोले नियमसम्मत् देखिएन ।

३४. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा भत्ता बापत निकासा भएको रकममध्ये रु.२००।- मौज्दात रहेकोले जि.वि.स.मार्फत राजस्व दाखिला हुनुपर्दछ ।

३५. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले ३ जना कर्मचारी र पदाधिकारीलाई चालुतर्फको तलव भत्ता भुक्तानीमा रु.१,६५८।- अग्रिम कर कट्टी गरेको नपाइएकोले सो रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३५ लाख ६२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख २२ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख ४० हजार रहेको छ ।

# धनकौल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ९४ हजार र यो वर्षको आय रु.७ करोड ४२ लाख १५ हजार समेत रु.७ करोड ४५ लाख ९ हजार आम्दानी भएकोमा रु.६ करोड ५० लाख २१ हजार खर्च भई रु.९४ लाख ८८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखापरीक्षण :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ अनुसार प्रत्येक कार्यलयले सबै प्रकारका आय-व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्दछ। यस गाउँपालिका र अन्तर्गतका साबिक गा.बि.सहरुको समेत लेखा र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराउन महालेखापरीक्षकको कार्यालयको २०७४।९।२१ को पत्रबाट अनुरोध गरिएकोमा तोकिएको समयभित्र गा.बि.स.हरुको लेखा र स्रेस्ता प्राप्त नभएपछि पुन: २०७४।११।२ को पत्रबाट लेखा र आर्थिक विवरण पेश गर्न आग्रह गर्दा समेत लेखा र आर्थिक विवरण प्राप्त हुन नआएकोले मानपुर गा.बि.स.ले गरेको आर्थिक कारोबारको यकिन हुन सकेको छैन। जिम्मेवार व्यक्तिले स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

२. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ६ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन। जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन। यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ।

३. **आन्तरिक आय :** यस वर्ष कार्यालयले प्रस्तुत गरेको स्रेस्ता अनुसार आन्तरिक आय, राजस्व र धरौटीको कारोबार भएको देखिएन। गाउँ विकास समितिहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार मालपोत दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, ठेक्का र अन्य आय शीर्षकमा आन्तरिक आय भई रहेको देखिएकोमा यस गाउँपालिकामा समायोजन भए पश्चात कुनै आन्तरिक आय आर्जन गरेको देखाएको छैन । तसर्थ गाउँ विकास समिति हरु यस गाउँपालिकाको वडामा परिवर्तन भएकोले सम्बन्धित वडाहरुवाट सवै प्रकारका आम्दानी रसिद प्राप्त गरी आम्दानी भए नभएको यकिन गरी लेखापरीक्षण गराउनु पर्दछ।

४. **मौज्दात हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साविकका ६ गाउँ विकास समितिमा बैंक मौज्दातर्फ रु.१,१७८।- र नगद मौज्दाततर्फ रु.१,१०,५४२।- समेत बाँकी रहेको रु.१,११,७२०।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ।

५. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सेवाग्राहीसंग अन्तरक्रिया कार्य नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरुको अभिलेख नराखेको, अनुसूची-१४ तयार नगरेको, असारको खर्च २० प्रतिशतभन्दा वढी भएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, बेरुजू फछ्र्यौट र बाँकीको अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, जिन्सी निरीक्षण नगरेको, गाउँपालिका अन्तर्गत गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, गाउँपालिकाले जिन्सी दाखिला प्रतिवेदनमा सिलसिलेवार दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, आन्तरिक लेखापरीक्षण नगराएको, खरिद इकाइ गठन नगरेको, खरिद योजना तयार नगरेको, जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो। प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

६. **आय-व्यय विवरण :** कार्यालयले मूल कोष खाताको आय-व्यय विवरण तयार गरेको छैन। सो नवनाएको कारणले कार्यालयको आन्तरिक आय, निकासा ट्रान्सफर जस्ता कारोबार देखिएको छैन। त्यस्तै प्रस्तुत आय-व्यय विवरणमा गाउँ विकास समितिको फाल्गुण २७ गतेको मौज्दात गाउँपालिकामा जिम्मेवारी देखिने गरी तयार गरेको देखिदैन। तसर्थ मूलकोष खाताको आय-व्यय विवरण र एकीकृत आय विवरण तयार गर्नुपर्दछ।

७. **बैंक मौज्दात :** कार्यालयले तयार गरेको आर्थिक विवरण अनुसार रु.९४,८०,५६५।- मौज्दात देखाएकोमा बैंक स्टेटमेन्ट अनुसार रु.९४,८७,५९९।- देखिएकोले स्रेस्तामाभन्दा बैंकमा रु.७,०३४।- बढी देखिएको सम्बन्धमा बैंक हिसाब मिलान गर्नुपर्दछ।

८. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र सो नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन।

९. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२७ मिति २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ। जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका भवानीपुर, धनकौल र मानपुर गाउँ विकास समिति हरुको लेखापरीक्षण गराई रु.५४,८२१।- लेखापरीक्षण पारीश्रमिक भुक्तानी गरेको देखियो। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गरेको देखिएन।

१०. **सोझै खरिद :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा बढी २० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। साथै एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म वा कम्पनी वा सँस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैयाभन्दा बढीको माल सामान सेवा वा कूनै निर्माण कार्य गराउँदा वोलपत्रको माध्यमबाट गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले यस बर्ष विभिन्न ७ माल सामान खरिद गर्दा सिलबन्दी प्रकृयाबाट खरिद नगरी सिधै पटक पटक गरी रु.११,६२,३३२।- को फर्निचर र रु.१४,५०,५५०।- को मेसिनरी औजार खरिद गरेको हुँदा उक्त कार्य नियमसम्मत् देखिएन।

११. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । भवानीपुर र मानपुर गाउँ विकास समिति को २०७३ श्रावण देखि फाल्गुण २७ गते सम्मको आर्थिक कारोबारको दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण गराई भुक्तानी दिएको रु.८०,२४०।- पारिश्रमिक भुक्तानीमा कट्टी गरेको कर रु.४,६८६।- राजस्व दाखिला नगरी नगदै बाँकी राखेको देखिएकोले उक्त कर बापतको राजस्व खातामा दाखिला गर्नुपर्दछ।

१२. **शौचालय निर्माण :** मानपुर गाउँ विकास समितिको वडा नं.१ देखि ९ सम्मका ६०० घर धुरीका शौचालय निर्माण गर्न ६०० थान रिंग र ६०० थान ढकनी वितरण गरी सो बापतको खर्च रु.१८,३७,२००।- मध्ये रु.३,८८,०००।- (कन्टिजेन्सी कटाई) र बाँकी रकम २०७३ फागुन २७ भन्दा पहिले गाउँ विकास समितिले व्यहोरेकोमा यसरी वितरण भएको सामग्रीहरुबाट सवै ६०० घर धुरीमा शौचलय निर्माण भएको रु.१८,३७,२००।- कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१२.१ धनगडा गाउँ विकास समितिको वडा नं.१ देखि ९ सम्मका १०४ घर धुरीका शौचालय निर्माण गर्न ४१६ थान रिंग र १०४ थान ढकनी वितरण गरी सो बापतको खर्च रु.४१६०००।- व्यहोरेकोमा यसरी वितरण भएको सामग्रीहरुबाट सवै १०४ घर धुरीमा शौचालय निर्माण भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१३. **आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने जनश्रमदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरी भुक्तानी दिनुपर्ने व्यबस्था छ। यो बर्ष कार्यालयले उपभोक्ता समितिसँग कम्तीमा १० प्रतिशतभन्दा कम काम भएको अबस्थामा समेत उपभोक्ता समितिलाई दिने अनुदानमा अनुपातिक कट्टी नगरी भुक्तानी गरेकोले ३ योजनामा भएको बढी भुक्तानी रु.४०,८१३।- असुल गर्नुपर्दछ।

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार भुक्तानी दिएको रकम (मू.अ.कर बाहेक) मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यबस्था छ । उपभोक्ता समिति मार्फत सञ्चालित विभिन्न ५ योजनाहरुमा बिक्रेताहरुबाट बिभिन्न निर्माण सामग्रीहरु (सिमेन्ट,रड, ईटा आदि) खरिद बापत गाँउपालिकाले भुक्तानी गर्दा

कट्टी गर्नुपर्ने अग्रिमकर कट्टी नगरी भुक्तानी गरेकोले कर बापतको रु.१३,४०५।- जिम्मेबार कर्मचारीबाट असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

१५. **वडागत स्रेस्ता :** गाउँ विकास समिति कार्यालयहरु गा.पा.मा समाहित भई गा.पा.को वडा कार्यालयको रुपमा परिवर्तन भए पछि पनि सो वडाहरुको छुट्टा छुट्टै स्रेस्ता राखेको पाइयो । कार्यालयले वडाहरुको छुट्टै लेखा नराखी गा.पा. कार्यालयकै रुपमा एकीकृत रुपमा स्रेस्ता राखी आय-व्यय विवरण तयार गर्नुपर्दछ ।

१६. **कार्यसम्पन्न प्रतिवेदन :** सार्बजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सो को कार्यसम्पन्न प्रतिबेदन कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ । प्रा.वि. धनकौलको कम्पाउण्डवाल निर्माण उ.स.लाई कार्यमूल्याङ्कन अनुसार कार्यालयबाट रु.१,७१,२०८।- भुक्तानी दिएकोमा सो को कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१७. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.७७ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समिति हरुको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख, त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने उल्लेख गरेकोछ । नेपाल सरकारले २०७३।११।२७ देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार यस धनकौल गाउँ पालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा उक्त गाउँ विकास समितिको खर्चहुने र नहुने जिन्सी कितावमा उल्लेखित घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा जस्ता पूँजीगत सामान र मसलन्द, फर्निसिंग लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन । सम्बन्धित जिम्मेवार कर्मचारीवाट यस गाउँपालिकामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतको रु.१,४६,८९,८५६।- र यस वर्ष विभिन्न १६ कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.४,७२,५००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

१९. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने व्यवस्था गरेको छ । गाउँ विकास समितिहरुको २०७३ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो। उक्त प्रतिवेदनमा व्यहोराहरु उल्लेख भएकोमा कारबाही भएको पाइएन । प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ ।

२०. **गतविगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

**धनगढा गाउँ विकास समिति**

२१. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.६,९२७- जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ ।

**भवानीपुर गाउँ विकास समिति**

२२. **दैनिक भ्रमण भत्ता :** कार्यालयले विभिन्न ३ जना कर्मचारीहरुलाई फर्केको दिनको एक चौथाई मात्र दैनिक भत्ता दिन मिल्नेमा पुरै दिनको दैनिक भत्ता खर्च लेखेकोले बढी भुक्तानी दिएको भनी आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा हालसम्म असुल गरेको नपाइएकोले बढी भुक्तानी भएको रु.५,७००।- असुल गर्नुपर्दछ ।

२३. **कन्टीजेन्सी :** पूँजीगत अनुदानमा रु.१०,१४,९००।- मात्र निकासा भएकोमा सो खर्चको ३ प्रतिशतले रु.३०,४४७- मात्र कन्टीजेन्सी बापत खर्च गर्न पाइनेमा रु.१,०७,०००।- चालु खातामा ट्रान्सफर गरेकाले बढी ट्रान्सफर गरेको रु.७६,५५३।- नियमसम्मत् देखिएन ।

२४. **मालपोत :** यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.४,०९३।- जिल्ला समन्वय समितिलाई पठाउनुपर्दछ ।

**महिनाथपुर गाउँ विकास समिति**

२५. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशतले रु.२,०८४।- जिल्ला समन्वय समितिलाई पठाउनुपर्दछ।

२६. **विल भरपाई :** ग्रामीण विद्युतीकरणको कार्य गरी रु.३,६५,८९५।- को ठेक्का बिल प्राप्त भएकोमा निर्माण व्यवसायी निखिल एण्ड अतुल कन्ट्रक्सनलाई कार्यसम्पन्न प्रतिबेदन, नापी किताब संलग्न नगरी भुक्तानी गरेकोले कार्यसम्पन्न प्रतिबेदन, नापी किताब संलग्न गर्नुपर्दछ ।

२७. **बढी भुक्तानी :** ग्रामीण विद्युतीकरणमा रु.३,६५,८९५।- को कार्यको कार्य मूल्याङ्कन प्रतिवेदन भएकोमा निर्माण व्यवसायी निखिल एण्ड अतुल कन्ट्रक्सनलाई रु.३,६५,८९५।- भुक्तानी गर्नुपर्नेमा रु.४,१३,४००।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.४७,५०४।- असुल गर्नुपर्दछ।

**हरकठवा गाउँ विकास समिति**

२८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकममध्ये २५ प्रतिशत रु.१,४०६।- जिल्ला समन्वय समितिलाई पठाउनु पर्दछ।

२९. **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार निर्माण कार्य गर्दा कार्यसम्पन्न भै अन्तिम बिल भुक्तानी भएपछि सोको कार्यसम्पन्न प्रतिबेदन कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गर्नुपर्दछ। सशस्त्र प्रहरी वेस क्याम्प भवन निर्माण गर्दा रु.७,३५,८६५।- भुक्तानी दिएकोमा सोको नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

३०. **भवन निर्माण :** गाउँ विकास समितिले अमानतबाट गाउँ विकास समिति कार्यालय भवन निर्माण बापत विभिन्न ३ भौ.नं. र मितिमा खर्च लेखेकोमा सोको कार्य सम्पन्न प्रतिवेदन विल भर्पाइ वेगर रु.८,९३,७३६।- खर्च लेखेकोमा विल भर्पाइ राखी नियमानुसार कार्य सम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्दछ ।

३१. **वैंक मौज्दात :** कार्यालयले गत विगतदेखि बैंक मौज्दात घटी देखिएको रु.१०,३०६।- को सम्वन्धमा आवश्यक छानबिन गरी कारबाही गर्नुपर्दछ।

**धनकौल गाउँ विकास समिति**

३२. **अग्रिम आयकर :** बैठक भत्ता बापत भुक्तानी भएको रकमको कट्टी गरेको कर रु.२,१६०।- राजस्व खातामा दाखिला नभएकोले उक्त रकम दाखिला गर्नुपर्दछ।

३३. **घर भाडा कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा रकममा भाडा कर असुल गर्नुपर्ने व्यवस्था छ। घरभाडा बापत घर धनी चन्द्रकला देवीलाई भुक्तानी दिएको भाडा रु.१६,०००।- मा १० प्रतिशतले हुने रु.१,६००।- कर दाखिला गर्नुपर्दछ।

३४. **विल भर्पाइ :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । गोश्वरा भौचर साथ खर्चका विल भर्पाइ संलग्न गर्नुपर्नेमा खर्चका विल भर्पाइ संलग्न नगरी खर्च लेखेको, तलवी प्रतिवेदन पारित नगरेको, मालपोत तथा अन्य आम्दानी नदेखाएको र जिन्सी खाताको प्रयोग नगरेकोले यसमा सुधार गर्नुपर्दछ।

३५. कार्यालयले आर्थिक सहयोग बापत रु.१२,८००।- खर्च लेखेकोमा सोको विल भर्पाइ नभएकोले प्रमाण पेश गर्नुपर्दछ ।

३६. **कर कट्टी :** आर्थिक ऐन, २०७३ अनुसार पारिश्रमिक भुक्तानीमा १ प्रतिशतले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्दछ। कार्यालयले कर्मचारीलाई तलव भुक्तानी गर्दा सामाजिक सुरक्षा कर कट्टी गर्ने नगरेकोले कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्दछ।

**मानपुर गाउँ विकास समिति**

३७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ। यस कार्यालयले असुल गरेको मालपोत रकम मध्ये २५ प्रतिशतले रु.२२,२३२।- जिल्ला समन्वय समितिलाई पठाउनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५२ लाख ६० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख १८ हजार र पेश्की रु.४ लाख ७३ हजार रहेको छ।

# चक्रघट्टा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१३ लाख ३६ हजार र यो वर्षको आय रु.१० करोड ८ लाख ४९ हजार समेत रु.१० करोड २२ लाख ८५ हजार आम्दानी भएकोमा रु.९ करोड ३७ लाख ६१ हजार खर्च भई रु.८५ लाख २४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ८ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी , पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **आन्तरिक आय :** यस वर्ष कार्यालयले प्रस्तुत गरेको स्रेस्ता अनुसार आन्तरिक आया, राजस्व र धरौटीको कारोबार भएको देखिएन । गाउँ विकास समितिहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार मालपोत दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, ठेक्का र अन्य आय शीर्षकमा आन्तरिक आय भई रहेको देखिएकोमा यस गाउँपालिकामा समायोजन भए पश्चात कुनै आन्तरिक आय आर्जन गरेको देखाएको छैन । तसर्थ गाउँ विकास समिति हरु यस गाउँपालिकाको वडामा परिवर्तन भएकोले सम्बन्धित वडाहरुवाट सवै प्रकारका आम्दानी रसिद प्राप्त गरी आम्दानी भए नभएको यकिन गरी लेखापरीक्षण गराउनु पर्दछ ।

३. **मौज्दात हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ । यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा साविकका ८ गाउँ विकास समिति मा केन्द्रीय अनुदान तर्फ रु.१५,७१,३३९।- र आन्तरिक स्रोततर्फ रु.४१,३४५।- समेत बाँकी रहेको रु.१६,१२,६८५।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको तर अभिलेख नराखेको, अनुसूची-१४ तयार नगरेको, बजेटको तुलनामा असारको खर्च २० प्रतिशतभन्दा वढी भएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, बेरुजू फछ्र्यौट र बाँकीको अभिलेख नराखेको, भ्रमण अभिलेख नराखेको, जिन्सी निरीक्षण नगरेको, गाउँपालिका अन्तर्गत गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, गाउँपालिकाले जिन्सी दाखिला प्रतिवेदनमा सिलसिलेवार दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह प्रक्रिया बृद्ध तथा अपाङ्गमैत्री नरहेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको, आन्तरिक लेखापरीक्षण नगराएको, खरिद इकाइ गठन नगरेको, खरिद योजना तयार नगरेको,जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

५. **आन्तरिक लेखापरीक्षण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकवाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण भएको पाइएन। यस वर्ष विविध कारणले आन्तरिक लेखापरीक्षण गर्न नसकिएको व्यहोरा कार्यालयले जनाएको छ । आगामी आर्थिक वर्षदेखि नियमानुसार आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

६. **दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम आफूले कट्टी गरेको अग्रिम कर रकम अर्को महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट विभिन्न भौ.नं. र मितिमा भएको भुक्तानीमा क.सं.कोष कट्टी रु.२,१५,५०८।-, सामाजिक सुरक्षा कर रु.११,५४२।- र अग्रिम कर रु.१६,३७५।- कट्टी गरिएकोमा सम्बन्धित खातामा रकम दाखिला गरेको प्रमाण पेश नभएकोले जम्मा कट्टी रकम रु.२,४३,४२६।- दाखिला गर्नुपर्दछ ।

७. **बढी खर्च :** स्थानीय निकाय आर्थिक प्रसासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्चको विलभरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । जिल्ला समन्वय समितिको सिफारिस पत्र अनुसार सोहडवा गाउँ विकास समितिको २०७२।७३ र २०७३।७४ को लेखापरीक्षण शुल्क दैनिक भत्ता, सहायक भत्ता र विविध समेत रु.३५,५५०।- खर्च लेख्नुपर्नेमा रु.३८,५५०।- खर्च लेखि भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु.३,०००।- असुल गर्नुपर्दछ ।

८. **योजन सञ्चालन :** गाउँ विकास समितिबाट सञ्चालित क्रमागत योजनाहरु र यस कार्यालयवाट छनौट भएका योजनाहरु सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा उक्त योजनाहरु कुन अवस्थामा छन सोको विवरण तयार गरेको देखिएन । जसले गर्दा आफ्नो क्षेत्रभित्र आगामी दिनमा योजना छनौट गर्दा दोहोरो पर्ने, दोहोरो भुक्तानी हुने र सञ्चालित योजनाको हालको स्थिति अवलोकन हुन सक्ने देखिदैन । तसर्थ सञ्चालित र सम्पन्न योजनाहरुको अभिलेख राख्नुपर्दछ ।

९. **कार्यसम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा १५५(५) (घ) अनुसार निर्माण सुधार कार्यको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.२८,९६,९२०।- भएको सोहडवा गाउँ विकास समिति भवन निर्माणमा उ.स.लाई हालसम्म नापी किताव र संलग्न विल भरपाईको आधारमा विभिन्न भौ.नं. र मितिमा रु.१९,८३,५८१।- भुक्तानी भएकोमा उ.स.संग भएको जनसहभागिता समेतको संझौता, ठेक्का विल र कार्यसम्पन्न प्रतिवेदन संलग्न भएको नपाइएकोले सोको प्रमाण पेश गरी फरफारक गर्नु पर्दछ ।

१०. **लेखापरीक्षण खर्च :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाह्य लेखापरीक्षक नियुक्ति गरी साविकका ८ गाउँ विकास समिति हरुको लेखापरीक्षण गराई लेखापरीक्षण पारीश्रमिक भुक्तानी गरेको देखियो । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउँदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गरेको नदेखिएको र स्थानीय निकायको लेखापरीक्षण आफ्नै आन्तरिक लेखापरीक्षण शाखाबाट गराउने व्यवस्था भएकोमा साविकका ८ गाउँ विकास समितिहरुको लेखापरीक्षण गराई लेखापरीक्षण शुल्क र अन्य भत्ता रु.१२,२५०।- भुक्तानी गरेकेमा गाउँपालिकालाई रु.३,०३,६५०।- बढि आर्थिक व्ययभार परेको छ । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समिति को आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराँउदा तालुक मन्त्रालयबाट भएको निर्देशनको पालना गर्नुपर्दछ ।

११. **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को बूँदा नं.७७ मा गाउँपालिका कायम हुँदा सोभित्र समाहित भएका साविकका गाउँ विकास समितिहरुको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख, त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने उल्लेख गरेकोछ । नेपाल सरकारले २०७३।११।२७ देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार यस चक्रघट्टा गाउँ पालिकामा गाउँ विकास समिति गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा उक्त गाउँ विकास समिति को खर्चहुने र नहुने जिन्सी कितावमा उल्लेखित घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा जस्ता पूँजीगत सामान र मसलन्द, फर्निसिंग लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन । सम्बन्धित जिम्मेवार कर्मचारीबाट यस गाउँ पालिकामा दाखिला गर्नुपर्ने देखिन्छ ।

१२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा रु.७७,४७,५११।- र यस वर्ष विभिन्न ९ कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.३२,७९,८००।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की रु.३२,७९,८००।- नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

१३. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून अनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ । गाउँ विकास समितिहरुको २०७४ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुवाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो । उक्त प्रतिवेदनमा उल्लेख भएको व्यहोराहरुमा कुनै कारबाही भएको पाइएन ।

१४. **गतविगतको बेरुजू:** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नु पर्दछ । यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

**सुन्दरपुर गाउँ विकास समिति**

१५. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न ९ जना कर्मचारीहरु र १ सप्लायर्सबाट अग्रिम कर कट्टी गरेको रु.५,३०७।- बजेट खर्च नलेखेको र उक्त कर दाखिला नगरेकोले कार्यालयबाट खर्च लेखि राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

**सलेमपुर गाउँ विकास समिति**

१६. **अन्तिम लेखापरीक्षण :** अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश भएकोमा बैंक नगदी किताव पेश हुन सकेन । त्यस्तै गोश्वरा भौचरसाथ विल,भरपाई र प्रमाण राखी स्रेस्ता अध्यावधिक पेश नभएकोले अन्तिम लेखापरीक्षण कार्य सम्पन्न गर्न सकिएको छैन । स्रेस्ता अध्यावधिक गरी लेखापरीक्षणको लागि पेश हुनुपर्दछ।

**सोहडवा गाउँ विकास समिति**

१७. **सामाजिक सुरक्षा कर :** आर्थिक ऐन, २०७३ अनुसार कर्मचारीहरुलाई पारिश्रमिक भुक्तानी गर्दा १ प्रतिशतले सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्दछ । कार्यालयले ३ जना कर्मचारीलाई भुक्तानी दिएको पारिश्रमिक रकममा सामाजिक सुरक्षा कर रु.१,९७४।- असुल गर्नुपर्दछ ।

१८. **भत्ता भुक्तानी :** गाउँ विकास समिति सचिव श्री आस महम्द अन्सारीलाई मारिक रु.१,५००।- का दरले २०७३ श्रावणदेखि फाल्गुणसम्मको भत्ता बापत रु.१२,०००।- मात्र भुक्तानी दिनु पर्नेमा रु.३०,०००।- भुक्तानी दिनु पर्नेमा बढी भुक्तानी दिएको रु.१८,०००।- निजबाट असुल गर्नुपर्दछ ।

१९. **लागत अनुमान :** सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार योजनाको रकम खर्च लेख्दा स्वीकृत लागत अनुमान नापी किताब, कार्यसम्पन्न प्रतिबेदन, बिल भरपाई आदि सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । कार्यालयले पूँजीगत खर्च लेख्दा सम्बन्धित योजनाको लागत अनमान तथा कार्यसम्पन्न प्रतिबेदन संलग्न गरेर मात्र खर्च गर्नुपर्नेमा सोहडबा गा.बि.स.को सडक मर्मम बापत रु.१,००,०००।- बजेट खर्च लेखी उ.स लाई भुक्तानी दिएकोमा सो को लागत अनुमान तथा कार्यसम्पन्न प्रतिबेदन तयार नगरी रु.१,००,०००।- खर्च लेखेकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

**औराही गाउँ विकास समिति**

२०. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न ८ कर्मचारी र पदाधिकारीवाट गतवर्ष र यस वर्ष अग्रिम कर कट्टी नगरेको रकम र अन्य असुल गर्नुपर्ने रकम समेत असुल भएको नपाइएकोले रु.१५,५७०।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२१. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च लेख्नु पूर्व विलभरपाई संलग्न गरी चेक जांच गराएर मात्र खर्च लेख्नु पर्दछ । तर कार्यालयले विमिन्न ७ भौ.नं. र मितिमा रु.३,२७,५००।- खर्च लेखेकोमा विल भरपाई संलग्न नभएकोले पेश गर्नुपर्दछ ।

२१.१ प्रा.स. राम कैलाश रायलाई ल्यापटप खरिद पेश्की दिएको रु.८०,०००।- उपलव्ध गराएकोमा पेश्की जनाएको पाइएन र खर्चको विल भरपाई समेत पेश नभएकोले पेश गर्नुपर्दछ ।

२१.२ प्रा.स.राम कैलाश रायलाई मोटरसाइकल नामसारी को लागि पेश्की दिएको भनि रु.५०,०००।- उपलव्ध गराएकोमा पेश्की जनाएको पाइएन र खर्चको विल भरपाई समेत पेश नभएकोले पेश गर्नुपर्दछ ।

२१.३ कार्यालयले खर्च लेख्नु पूर्व विलभरपाई संलग्न गरी चेक जांच गरेर मात्र खर्च लेख्नु पर्दछ । विभिन्न ५ भौ.नं. र मितिमा रु.३,०८,१७०।- खर्च लेखेकोमा विल भरपाई संलग्न भएको नपाइएकाले बिल भरपाई पेश हुनपर्दछ ।

२२. **गतको भुक्तानी :** प्रा.स. राम कैलाश रायलाई गत वर्षको तलव भनि करकट्टी वेगर एकमुष्ठ रु.६०,०००।- भुक्तानी खर्च लेखेकोमा भुक्तानी बाँकीको म.ले.प.फा.नं.१८ संलग्न गरेको छैन । भुक्तानी दिन बाँकीको कच्चावारी बेगर भुक्तानी गरेको नियमसम्मत् देखिएन ।

२३. **बढी भुक्तानी :** आर्थिक वर्ष २०७१।७२ को लेखापरीक्षण शुल्क भनि हरिचन ठाकुर एण्ड एसोसियट्सलाई रु.४६,५००।- भुक्तानी दिई खर्च लेखेकोमा जिल्ला समन्वय समितिको २०७३।४।१४ को पत्र अनुसार रु.१९,२५०।- मात्र खर्च लेख्नुपर्नेमा बढी खर्च लेखेको रु.२७,२५०।- असुल गरी कार्यालयको खातामा दाखिला गर्नुपर्दछ ।

२४. **जग्गा खरिद :** परिषद्को २०७३।९।२८ को निर्णय र रु.१२,५०,०००।- थैली कायम भएको औराही वडा नं.३क कि.नं.९९८ क्षेत्रफल २ कट्ठा उप-स्वास्थ्य चौकी औराहीको लागि स्थानीय विनोद कुमार महतोबाट खरिद गरिएको छ। अन्य कार्यालयको लागि जग्गा खरिद गर्दा सम्बन्धित तालुक विभाग तथा मन्त्रालयको पत्र र सम्बन्धित कार्यालयबाट खर्च नभएको प्रमाण लिएको पाइएन । तसर्थ दोहोरो खर्च नभएको प्रमाण पेश हुनुपर्दछ ।

### वेल्ही गाउँ विकास समिति

२५. **लेखापरीक्षण शुल्क :** लेखापरीक्षण शुल्क भनी रु.१७,८७०।- खर्च लेखी रु.८४३।- कर कट्टी गरेकोमा जिल्ला समन्वय समितिको लेखापरीक्षण शुल्क निर्धारण गरेको पत्र र लेखापरीक्षण प्रतिवेदन पेश नहुनाको साथ कर कट्टी रकम राजस्व दाखिला प्रमाण संलग्न नभएको, २०७२।७३ र २०७३।७४ को लेखापरीक्षण शुल्क चक्रघट्ट गा.पा.को गो.भौ.नं.८८।०७४।३।२२ बाट रु.३६,८००।- खर्च लेखेकोले दोहोरो खर्च भएको छैन भन्न सकिने आधार पेश नभएकोले रु.१७,८७०।- को प्रमाण पेश गर्नुपर्दछ ।

२६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले विभिन्न ४ जना कर्मचारीहरुवाट अग्रिम कर कट्टी गरेको रु.२,२७८।- बजेट खर्च नलेखेको र उक्त कर राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२७. **पोशाक खर्च :** पोशाक खरिद भनी विना विल, भरपाई रु.२०,०००।- खर्च लेखेकोमा गाउँ विकास समितितर्फ प्रा.स. श्री रामकृत राय र का.स. श्री छट्टु राय मात्र दुइ जना कर्मचारी कार्यरत रहेको देखिएकोमा निजहरुले रकम बुझेको भरपाई नहुनाको साथै पोशाक बापत दुई कर्मचारीहरुको लागि प्रतिकर्मचारी रु.७,५००।- ले रु.१५,०००।- मात्र खर्च लेख्न पाउने देखिएकोले रु.५,०००।- बढी खर्च लेखेको र लुगा भत्ता बापतको रु.१५,०००।- भुक्तानीमा १ प्रतिशतले रु.१५०।- सामाजिक सुरक्षा कर कट्टी नभएको रु.१५० समेत रु.५,१५०।- राजस्व खातामा दाखिला हुनुपर्दछ ।

### मेतिपुरगाउँ विकास समिति

२८. **अग्रिम कर** - आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ । कार्यालयले ३ जना कर्मचारीहरुवाट अग्रिम कर कट्टी गरेको रु.२,६६०।- बजेट खर्च नलेखेको र उक्त कर दाखिला नगरेकोले कार्यालयवाट खर्च लेखि राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२९. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई अनुसार हुने रकम मात्र खर्च लेख्नुपर्दछ । गाउँ परिषद्को खर्च बापत संलग्न विल भरपाई अनुसार रु.१४,७००।- मात्र खर्च लेख्नुपर्नेमा रु.२२,७००।- खर्च लेखेकोले संलग्न विल भरपाईभन्दा बढी खर्च लेखेको रु.८,०००।- सोधभर्ना भुक्तानी समेत तत्कालिन सचिव श्री विनिता शर्मावाट असुल गर्नुपर्दछ ।

३०. **सामाजिक सुरक्षा करः** आर्थिक ऐन, २०७३ अनुसार पारिश्रमिक भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ । कार्यालयले पारिश्रमिक भुक्तानी बापत कर्मचारी शंकर पासवान र राजेन्द्र रायको कट्टी गरेको सा.सु. कर क्रमसः रु.६६०।- र रु.१,६०६।- गरी जम्मा रु.२,२६६।- सम्बन्धित राजस्व खातामा दाखिला नगरी खातामै रहेकोले राजस्व खातमा दाखिला गर्नुपर्दछ ।

### कौडेना गाउँ विकास समिति

३१. **परिषद्को निर्णय :** बजार सटर निर्माणमा परिषद्को निर्णय वेगर रु.१,२०,०००।- बढी खर्च लेखेको नियमसम्मत् देखिएन ।

३२. **अग्रिम कर** : आय कर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार कट्टा गरेको अग्रिम आयकर सञ्चित कोष दाखिला गर्नुपर्दछ। कार्यालयले ४ जना कर्मचारीहरुबाट अग्रिम कर कट्टी गरेको रु.२,०२७- बजेट खर्च नलेखेको र उक्त कर राजस्व खातामा दाखिला गर्नुपर्दछ।

**खोरिया गाउँ विकास समिति**

३३. **अनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनसार उपभोक्ता समितिमार्फत स्थानीय तहका योजनाहरु सञ्चालन गर्दा उपभोत्ता समितिले कम्तीमा १० प्रतिशत जनश्रमदान गर्नुपर्ने साथै कुल सम्पन्न भएको कामको १० प्रतिशत जनश्रमदान कटाई कार्यालयबाट दिईने भनि छुट्याईएको अनुदानको ९० प्रतिशत मात्र भुक्तानी दिनुपर्दछ। अधुरो धर्मशाला भबन निर्माण खोरिया ३ को प्रेसित लागत अनुमान एबं कार्यसम्पन्न प्रतिबेदन अनुसार जम्मा रु.१,४४,४०५।- को मात्र कार्य भएकोमा सोको १० प्रतिशतले कटाई रु.१,२९,९६४।- मात्र कार्यालयले अनुदान खर्च लेख्नुपर्नेमा रु.१,४०,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.१०,०३५।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ।

३४. **कर कट्टी :** नियमानुसार कर कट्टी भएको रकममध्ये रु.३,२०४।- सम्बन्धित राजस्व खातामा दाखिला गर्न बाँकी देखिएको रकम गाउँपालिकामा ट्रान्सफर भएको देखिएकोले गाउँपालिकाबाट राजस्व दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८५ लाख ९१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.५२ लाख २७ हजार र पेश्की रु.३२ लाख ८० हजार रहेको छ।

# विष्णु गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६ लाख २९ हजार र यो वर्ष आय रु.९ करोड २ लाख ७८ हजार समेत रु.९ करोड ९ लाख ७ हजार आम्दानी भएकोमा रु.६ करोड ९८ लाख ७९ हजार खर्च भई रु.१ करोड ३ लाख ९९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **मौज्दात रकम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका ६ गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाभी विष्णु गाउँपालिका स्थापना गर्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाउँकोमा सिमरा, मधुवनगोठ र फुलपरासी गाउँ विकास समितिको नाममा रहेकोबैङ्क तथा नगद मौज्दात क्रमशः रु.६०४०।-, रु.५५०८।- र रु.७५,०००।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिएकोले सो रकम रु.८६५४८।- गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ।

२. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु अवस्था र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था रहेको छ। तर यस गाउँपालिका स्थापना क्रममा गाभिएका सिमरा, बत्रौल, सक्रौल, लक्ष्मीपुर सुखचैना, मधुवनगोठ, फुलपरासी र बारा उद्धोरण गाउँ विकास समितिहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेका घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत जिन्सी मालसामानहरुको बरबुझारथ गरी गाउँपालिकाको जिन्सी खातामा आम्दानी गरेको देखिएन।

३. **सवारी साधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को दफा ९(१) बमोजिम कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ र सोही दफाको उपदफा २ बमोजिम सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने व्यवस्था भएको भए पनि गाउँपालिकाले साविकका गाउँ विकास समितिहरुको नाममा कायम रहेका २ थान मोटरसाइकलहरु निजी नम्बरप्लेट प्रयोगमा आइरहेकोदेखिएको हुँदा ऐनले तोकेबमोजिम नम्बरप्लेट परिवर्तन गरी गाउँपालिकाको नाममा सवारी दर्ता नामसारी गर्न जरुरी देखिन्छ।

४. **पेश्की एकीकरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको पेश्की सम्बन्धी व्यवस्था अनुरुप २०७३ फाल्गुन २७ गतेबाट स्थानीय तह पुनरसंरचना अन्तर्गत गाउँ विकास समितिहरु गाभिई विष्णु गाउँपालिका स्थापना हुँदा गाउँ विकास समितिहरुमा कायम रहेको फछ्र्यौट गर्न बाँकी पेश्कीको फाँटवारी लिई एकीकृत बाँकी पेश्कीको विवरण तयार गर्नुपर्नेमा गाउँपालिकाले ती गाउँ विकास समितिहरुको बाँकी पेश्कीको जिम्मेवारी सारी र गाउँपालिकाको समेत एकीकृत पेश्की खाता तयार गर्नुपर्नेमा गाउँपालिकाले पेश्की खाता नै राखेको पाइएन।

५. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा गुनासो पेटीकाको प्रयोग नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण नगरेको, आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, मर्मत अभिलेख खाता नराखेको, जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न नगरेको, हेल्प डेस्क नराखेको, वार्षिक खरिद योजना तयार नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी नगरेको, वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ,मूल्य अभिबृद्धि कर नियमावली, २०५४ भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा नदिएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन माथि कारबाही नभएको, जिन्सीको मूल्य नखुलाएको जस्ता कैफियत देखिएका छन्। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

६. **लेखापरीक्षण :** नेपालको संविधान, २०७२ को धारा २४१ को उपधारा १ बमोजिम स्थानीय तहको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी

महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। राज्यको पुनरसंरचना गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।१ को पत्रको बूँदा नं.५ अनुसार २०७३।११।२७ सम्म कायम रहेको स्रेस्ता तथा आर्थिक कारोबारको बमोजिमकै आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी अन्तिम लेखापरीक्षणको लागि तयारीमा राख्ने व्यवस्था मिलाउनको लागि परिपत्र भएको देखिन्छ। जिल्ला विकास समिति, मलंगवाले २०७३।१२।२९ मा बाहृय लेखापरीक्षक नियुक्ति गरी ७ साविकका गाउँ विकास समिति हरुको लेखापरीक्षण गराई लेखापरीक्षण पारीश्रमिक भुक्तानी गरेको देखियो । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट गर्नुपर्ने गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण बाहृय लेखापरीक्षकबाट गराएको र सोको पारिश्रमिक रु.१२८९३१।- भुक्तानी गरेको नियमसम्मत् देखिएन ।

७. **बिल भर्पाइ :** स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी एकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा खानेपानी तथा सरसफाइ कार्यक्रमअन्तर्गत म्याचिङ्ग फण्ड बापत खानेपानी तथा सरसफाइ स्वच्छता तथा समन्वय समितिलाई रु.७५,०००।- भुक्तानी गरेकोमा सोको बिल भर्पाइ संलग्न गरेको पाइएन । अतः खर्च लेखेको रु.७५,०००।- बराबरको बिल भर्पाइ संलग्न गरी नियमित हुनुपर्ने देखिन्छ ।

७.१ स्रेस्तासँग संलग्न बिल भर्पाइ जोड जम्मा गरी एकिन भएपछि मात्र खर्च लेख्नुपर्नेमा खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत म्याचिङ्ग फण्ड बापत खानेपानी तथा सरसफाइ स्वच्छता तथा समन्वय समितिलाई रु.७५,०००।- का दरले भुक्तानी गरेकोमा सोको बिल भर्पाइ संलग्न गरेको पाइएन । अतः खर्च लेखेको रु.१,५०,०००।- रकम बराबरको बिल भर्पाइ संलग्न गरी नियमित हुनुपर्ने देखिन्छ ।

८. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकम अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा गाउँपालिका यो वर्ष रु.१,९०,५४,४००।- र साविकका गाउँ विकास समितिले गत विगतमा दिएको पेश्की रु.५२,८६,२३६।- असुल वा फछ्र्यौट गरेको देखिएन। अतः नियमावलीमा तोकिएको प्रक्रिया अपनाई उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ।

**सिमरा गाउँ विकास समिति**

९. **आन्तरिक आय :** यस वर्ष बजार ठेक्काबाट रु.७०,४००।- र पोखरी ठेक्काबाट रु.१,५९,८५०।- आम्दानी देखाएकोमा सोको ठेक्का फाइल पेश हुन नआएकोले ठेक्काबाट प्राप्त आयलाई यकिन गर्न सकिएन ।

१०. **स्रेस्ता पेश नभएको :** समाज कल्याण युवा केन्द्रका नाममा रु.१,४८,०००।- खर्च लेखी सो केन्द्रको नामको खातामाा जम्मा गरेकोमा सो खर्चसँग सम्बन्धित बिल भर्पाइ लगायतका प्रमाणहरु पेश नभएकोले सोको रु.१,४८,०००।- को स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

**बत्रौल गाउँ विकास समिति**

११. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम बासिन्दाव्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिंदा भुक्तानीको कुल रकममा एक दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिले रौनक इन्टरप्राइजेजबाट मू.अ. करबाहेक रु.१,८७,५२२।- मूल्यको मोटरसाइकल खरिद गरी भुक्तानी गरेकोमा उपरोक्त बमोजिमको कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर कट्टा नगरी भुक्तानी गरिएकोले रु.२८१३।- कर बापतको रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

**सक्रौल गाउँ विकास समिति**

१२. **आन्तरिक आय :** यस वर्ष पोखरी ठेक्काबाट रु.५८,०००।- आम्दानी देखाएकोमा ठेक्का फाइल पेश हुन नआएकोले ठेक्काबाट प्राप्त आयलाई यकिन गर्न सकिएन ।

**फुलपरासी गाउँ विकास समिति**

१३. **राजस्व असुली :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९(१) को खण्ड (ञ) बमोजिम आन्तरिक आयतर्फ असुल उपर गर्न बाँकी रकमको लगत अनुसूची-१४ को ढाँचामा अभिलेख गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँ विकास समितिले पोखरी ठेक्का सकार गर्ने ठे. राम पुकार बिन, लक्ष्मीपुर सुखचैना ४ बाट यस वर्ष प्राप्त हुनुपर्ने ठेक रकम रु.५२,६००।-असुल उपर गर्न बाँकी देखिएकोले नियमावली, बमोजिम अभिलेख राखी सो रकम असुल गरेको नदेखिएकोले ठेक्का बापतको रु.५४,६००।- असुल गर्नुपर्दछ।

**बाराउद्धोरण गाउँ विकास समिति**

१४. **खर्च प्रमाण :** गाउँ विकास समितिले विभिन्न ५ निर्माण कार्य गरी बजेट खर्च लेखेकोमा सो खर्चको स्वीकृत लागत अनुमान, प्राविधिक मूल्याङ्कन, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र बिल भर्पाइ वेगर रु.६,००,४००।- खर्च लेखेको हुँदा सो खर्चसँग सम्बन्धित प्राविधिक प्रतिवेदन र बिल भर्पाइ पेश गर्नुपर्दछ ।

१५. **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने व्यक्तिले आफूले कट्टी गरेको कर अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्ने प्रावधान रहेको छ । गाउँ विकास समितिले कर्मचारीको तलब भत्तामा कट्टी गरेको सामाजिक सुरक्षा कर रु.२,१७३।- राजस्व दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड १ लाख ५२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ९८ हजार र पेश्की रु.१ करोड ९० लाख ५४ हजार रहेको छ ।

# ब्रहम्पुरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५ लाख १६ हजार र यो वर्ष आय रु.६ करोड ८२ लाख ५३ हजार समेत रु.६ करोड ८७ लाख ६९ हजार आम्दानी भएकोमा रु.६ करोड १६ लाख ३५ हजार खर्च भई रु.८२ लाख ४४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयको सूचना वेभसाइटमा प्रवाह नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन नलिएको, सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्ग मैत्री र लैंगिक समतामूलक नरहेको, सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गरेको तलवी प्रतिवेदन पारित नगरेको, भ्रमण अभिलेख नराखेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **जिन्सी हस्तान्तरण :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ५३ मा कार्यालयहरु गाभिएको अवस्थामा गाभिने कार्यालयले चालु आवस्थाका र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले पैंतीस दिनभित्र प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने भन्ने व्यवस्था रहेको छ । तर यस गाउँपालिका स्थापनाको क्रमका गाभिएका साविकका ३ वटा गाविस औरही, श्रीपुर, सोनामाइ गाविसहरुले हालसम्म पनि आफ्नो जिम्मामा रहेका घर, जग्गा, मोटरसाइकल, दराज, लगायतका जिन्सी मालसामानहरुको बरबुझारथ गरी गाउँपालिकाको जिन्सी खातामा आम्दानी बाँधिएको देखिएन ।

३. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले गाउँपालिकाको भवन निर्माणको रनिङ्ग विलको रकम रु.८,१५,६१५।- उपभोक्ता समितिलाई भुक्तानी दिदा रु.६,९८,८२३।- बरावरको रकम मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवा प्रदायकलाई भक्तानी भएको देखिएकाले अग्रिम कर कट्टी गर्नुपर्ने रकम रु.१०४८२।- छुट भएकाले असुल गर्नुपर्दछ ।

४. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा ६ फर्मबाट कार्यालय सामान खरिद गरेको छ । सो खरिद गर्दा रु.१,९५,६२४।- मूल्य अभिवृद्धि कर भुक्तानी भएकोले सो भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिनुपर्दछ ।

५. **बेरुजु अभिलेख :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ ।

**भेल्ही गाउँ विकास समिति**

६. **विल भपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले मोटरसाईकल खरिद गरी भुक्तानी दिदा खर्चको बिलभन्दा भौचरबाट रु.१२७७।- खर्च लेखेको छ । उक्त विल भरपाईभन्दा बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

७. **कट्टी दाखिला :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ब्याज, प्राकृतिक स्रोत, रोयल्टी सेवा शुल्क, कमिशन बोनसको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा २ खरिद भुक्तानीमा कर कट्टी नगरेको रु.**२८१०**।- असुल गरी दाखिला हुनुपर्दछ।

८. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा प्रतिफलको भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने कानूनी व्यवस्था छ। यस कार्यालयका २ कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु.८०२११।- भुक्तानी भएकोमा उक्त भुक्तानीमा कर कट्टी गर्नुपर्ने कर रु.१७५५०।- असुल गरी दाखिला गर्नुपर्दछ ।

९. **नगदी रसिद व्यवस्थापन :** आर्थिक कार्यविधिनियमावली, २०६४ को नियम ९२(१) बमोजिम प्रत्येक कार्यालयले विनियोजन राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने कानूनी व्यवस्था छ। लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने कानूनी व्यवस्था छ। तर कार्यालयले यस आर्थिक वर्षमा मालपोत असूली नभएको भनि आम्दानी देखाएको छैन।

१०. **विविध खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले विविध खर्च भनी फोटोकपी बिल भरपाईका आधारमा खर्च लेखेको साथै सञ्चालन खर्च बढ्ने गरी खर्च गर्ने प्रवृतिलाई नियन्त्रण गर्नुपर्दछ।

११. **मोटरसाईकल :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५६ को नियम ९(१)मा कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकारको स्वामित्व भएको सवारीलाई सरकारी सवारी भनिनेछ र सोही दफाको उपदफा २ बमोजिम सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची-२ को खण्ड (घ) मा लेखिए बमोजिम सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनुपर्ने व्यवस्था छ। यस गाविसले २०७२।७३ मा खरिद गरेको बा.४० प.२३०५ नम्बरको मोटरसाईकल कार्यालयको नाममा नामसारी नगरी प्रयोग गरेको देखिन्छ। उक्त मोटरसाईकल तत्काल नामसामरी गरी गाउँपालिकाको जिन्सी खातामा आम्दानी बाँध्नुपर्दछ।

१२. **पेश्की बाँकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने कानूनी व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको पेश्की अभिलेख समेत दुरुस्त राखेको देखिदैन। विगतका लेखापरीक्षणले औंल्याएको पेश्की रु.८,८७,१८१।- र यस आर्थिक वर्षमा ५ व्यक्तिलाई दिएको पेश्की रु.१,१५,८००।- समेत गरी जम्मा रु.१०,०२,९८१।- पेश्की बाँकी रहेको देखिन्छ। उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

**पर्सा गाउँ विकास समिति**

१३. **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले उपस्वास्थ्य चौकी पर्साको घर भाडा रु.२४,०००।- भुक्तानी दिंदा भाडा बापतको १० प्रतिशत कर कट्टी नगरेको रु.२,४००।- तथा सचिव कुमार यादवलाई भत्ता बापत रु.१५,०००।- भुक्तानी दिंदा कर कट्टी नगरेको रु.२,२५०।- समेत रु४,६५०।- असुल गर्नुपर्दछ ।

१४. **नगद मौज्दात :** आय-व्यय विवरण अनुसार साविकको गाविसतर्फ रु.१४,०१८।- नगद मौज्दात रहेको देखिएको हुँदा उक्त रकम बैंक दाखिला गर्नुपर्दछ ।

१५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने कानूनी व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको पेश्की रु.२८,२१,६००।- जम्मेवारी सारेको र यस आर्थिक वर्षको २ व्यक्तिहरुको रु.८८,०००।- समेत गरीरु.२९,०६,०००।- नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**त्रिभुवननगर गाउँ विकास समिति**

१६. **नगद मौज्दात :** आय-व्यय विवरण अनुसार साविकको गाविसतर्फ रु.७०६।- नगद मौज्दात रहेको देखिएको हुँदा उक्त रकम अविलम्बन बैंक दाखिला गर्नुपर्दछ ।

१७. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार स्रोतमा कर कट्टी गनुपर्ने व्यवस्था छ। कार्यालयले २ कर्मचारीलाई भुक्तानी दिंदा कर कट्टी नगरिएको रु.२,८५०।- निज कर्मचारीहरुबाट असुल हुनुपर्दछ।

१८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने कानूनी व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको पेश्की रु.२६,७३,१५५।- जिम्मेवारी सारेकोमा उक्त पेश्की नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**नोकेल्वा गाउँ विकास समिति**

१९. **कर कट्टी :** आयकर ऐन, २०५८ को दफा ८८(१) मा प्रतिफलको भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने कानूनी व्यवस्था छ। यस कार्यालयका २ कर्मचारीहरुलाई प्रोत्साहन भत्ता भुक्तानी भएकोमा उक्त भुक्तानीमा  कर कट्टी गर्नुपर्ने कर रु.२०,४००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

२०. **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा प्रतिफलको भुक्तानी गर्दा १ प्रतिशत सामजिक सुरक्षा कर कट्टी गर्नुपर्ने कानूनी व्यवस्था छ। यस कार्यालयका कार्यालय सहयोगी श्री रामकैलाश रायलाई रु.२,११,६२५।- तलब भत्ता भुक्तानी गर्दा नियमानुसार सामाजिक सुरक्षा कर कट्टी नगरेको रु.२,११७।- निज कर्मचारीबाट असुल गर्नुपर्दछ ।

२१. **तालिम खर्च :** तालिममा सिफारिस गरेको पत्र समेत समावेश नगरी यस कार्यालयका गाविस सचिव गजेन्द्र मिश्रले क्षमता विकास भनी रु.३५,०००।- खर्च लेखेको देखिन्छ। के कस्तो तालिम सहभागी हुँदा के कति सुविधा प्राप्त हुने हो सोको आधार विना खर्च लेखेको छ। तालिममा सिफारिस गरेको पत्र र पाउने सेवा सुविधाको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्दछ ।

२२. **भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३ मा खर्च गर्दा खर्चको बिल भपाई सहितको लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ। कार्यालयले लक्षित वर्ग समूह समूहतर्फ विपन्न महिला सिलाई कार्यक्रम सञ्चालन गर्ने भनी भौचरसाथ लक्षित समूहसँग भएको सम्झौता र बैंकमा रकम जम्मा गरेको भौचर समेत संलग्न नगरी रु.२,००,०००।- तथा सडक मर्मत भनी रु.७५,३८२।- लागत अनुमान तयार गरी रु.६८,०००।- खर्च लेखेका खर्च लेखेको छ। खर्च खुल्ने विल भरपाई पेश गर्नुपर्दछ ।

२३. **नगद मौज्दात :** आय-व्यय विवरण अनुसार साविकको गाविसतर्फ रु.१६,७१८।- नगद मौज्दात रहेको देखिएको हुँदा उक्त रकम बैंक दाखिला गर्नुपर्दछ ।

२४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्र्यौट गर्ने कानूनी व्यवस्था छ। यस गाउँ विकास समितिले गत विगत वर्षको पेश्की अभिलेख समेत दुरुस्त राखेको देखिदैन। विगतका लेखापरीक्षणले औंल्याएको पेश्की रु.२३,०६,०००।- र यस आर्थिक वर्षमा ६ व्यक्तिलाई दिएको पेश्की रु.१७,०६,०००।- समेत गरी जम्मा रु.४०,१२,०००।- पेश्की बाँकी रहेको देखिन्छ। उक्त पेश्की नियमानुसार फछ्र्योट गर्नुपर्दछ।

२५. **ब्रहम्पुरी गाविसतर्फ :** लेखापरीक्षणका लागि पटक पटक ताकेता गर्दा समेत कार्यालयले आर्थिक विवरणका साथै स्रेस्ता लेखापरीक्षण डोर समक्ष पेश गर्न नसकेकोले यस गाविसको २०७३।७४ को रु.१,१९,१३,८९७।- लेखापरीक्षण गरिएको छैन्।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ४२ लाख १७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २२ लाख ५१ हजार र पेश्की रु.१९ लाख १० हजार रहेको छ।

# रामनगर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४ लाख ४४ हजार र यो वर्षको आय रु.९ करोड ४५ लाख ९३ हजार समेत रु.९ करोड ५० लाख ३७ हजार आम्दानी भएकोमा रु.८ करोड ७१ लाख ५ हजार खर्च भई रु.७९ लाख ३२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ६बटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, अख्तियारी तथा कार्यक्रम स्वीकृतिको जानकारी समयमा प्राप्त नभएको, बजेट निकासा समयमा नभएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त नगरेको, भ्रमण अभिलेख नराखेको, खर्चको बजेट हिसाब तयार नगरेको, जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, आन्तरिक लेखापरीक्षण नगराएको,तलवी प्रतिवेदन पारित नगरेको,सञ्चालित योजनाहरुको खर्चको सामाजिक परीक्षण र सार्वजनिक लेखापरीक्षण नगराएको, जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

३. **जिन्सी :** मिति २०७४।३।३ मा सोलार समाग्री खरिद गरी भुक्तानी गरेकोमा जिन्सी आम्दानी नबाँधी खर्च लेखिएको रकम रु.२९,०००।- को दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

४. **पूँजीगततर्फ :** सामाजिक परिचालक रामसिंह यादवले झोला तथा अन्य कार्य समेतको लागी रु.२,९५,०००।- का भुक्तानीमा गा.वि.स छटौल हाल बडा नं.५ र ६ मा वितरण गरेको भरपाई तथा सम्बन्धित संस्थालाई बुझाएको प्रमाण नदेखिएको रु.२,९५,०००।- वितरण भरपाई पेश हुनुपर्दछ ।

### खैरवा गाउँ विकास समिति

५. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । आ.व. २०७३।७४ मा रु.१२,६४१।- असुली भएकोमा यस वर्षमा २५% ले हुने रु.३,१५२।- जिल्ला समन्वय कोषमा दाखिला भएको प्रमाण गर्नुपर्दछ ।

६. **पूँजीगततर्फ :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ । हिमालयण सप्लायर्सको भुक्तानीमा रु.५०,००२।- को १.५ प्रतिशतले अग्रिम आय कर रु.६३४।- दाखिला गर्नुपर्दछ ।

७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कर्मचारी एवं संस्थालाई विभिन्न कामको निमित्त गत विगतमा दिएको पेश्की रु.७८,८४,०५४।- तथा यस वर्ष एक संस्थालाई दिएको पेश्की रु.१,८५,५००।-समेत रु.८०,६९,५५४।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ।

### सेखौना गाउँ विकास समिति

८. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख

छ। २०७३।७४ मा रु.६,४२०।- असुली भएकोमा यस वर्षमा २५% ले हुने रु.१६०५।- जि.स.स. कोषमा दाखिला नभएकोले सोको दाखिला प्रमाण पेश गर्नुपर्दछ।

९. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। गोविन्द मलिकले लिएको भुक्तानीमा भरपाई संलग्न नभएको रु.३४,१६०।- भरपाई पेश गर्नुपर्दछ ।

१०. **पूँजीगततर्फ :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(३) (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । नि.मा.वि.धोविनियाका प्र.अ.श्री महादेव महतोले बालबालिका कार्यक्रमबाट लिएको रु.५०,०००।- पेश्कीमा रु.४,९९०।- को मात्र विल राखी पेश्की फछ्र्यौट गरेकोले नपुग रु.४०,५१०।- असुल गर्नुपर्दछ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगतको पेश्की रु.१०,६६,७२१।- हालसम्म पनि फछ्र्यौट नगरेकोले नियम अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ।

१२. **योजना सञ्चालन :** गाउँ विकास समितिबाट सञ्चालित क्रमागत योजनाहरु र यस कार्यालयबाट छनौट भएका योजनाहरु सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा उक्त योजनाहरु कुन अवस्थामा छन् सोको विवरण तयार गरेको देखिएन। जसले गर्दा आफ्नो क्षेत्रभित्र आगामी दिनमा योजना छनौट गर्दा दोहोरो पर्ने, दोहोरो भुक्तानी हुने र सञ्चालित योजनाको हालको स्थिति अवलोकन हुन सक्ने देखिदैन। तसर्थ सञ्चालित र सम्पन्न योजनाहरुको अभिलेख राख्नुपर्दछ।

१३. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बूँदा नं.५९ मा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रचलित कानूनअनुसार आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने र नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था गरेको छ। गाउँ विकास समितिहरुको २०७४ श्रावणदेखि २०७३ फाल्गुण २७ सम्मको स्रेस्ता जि.वि.स.को निर्णय अनुसार गत आर्थिक वर्षका लेखापरीक्षकहरुबाट लेखापरीक्षण गराई प्रतिवेदन लिएको पाइयो। तसर्थ सो प्रतिवेदनमा उल्लेखित व्यहोराहरु उपर कारबाही गर्नुपर्दछ।

१४. **गतविगतको बेरुजू :** कार्यालयहरुले गतविगतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजूहरुको लगत राखी नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ । रामनगर गाउँपालिकामा समाहित भएका गाउँ विकास समितिहरुको गत विगत वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजूहरुको लगत राखी फछ्र्यौट गर्नुपर्दछ।

**रामनगर बहुअर्वा गाउँ विकास समिति**

१५. **जिन्सी :** मिति २०७३/११/०२ गतेमा खरिद भएको रु.१२,५००।- सामानको जिन्सी दाखिला नभएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्दछ।

१६. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। विभिन्न कर्मचारीहरुले लिएको पेश्की रु.१३,८३,६१९।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**छोटौल गाउँ विकास समिति**

१७. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यस वर्ष कार्यालयमा उठेको मालपोत रकम रु.६,२१४।- को २५% को रकम जिल्ला समन्वय समितिमा पठाउनु पर्ने भएकोले रु.१,२१४।- दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

१८. **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ। रोहित अटो सेन्टर मलंगवाबाट मोटरसाइकल खरिद भुक्तानी रु.१८,९०,०००।- को अग्रिम आयकर रु.२,५०८।- दाखिला गर्नुपर्दछ ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की

नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयको नाममा रहेको गत वर्षको रु.५,६३,६००।- र यस वर्षको बाँकी पेश्की रु.७०,०००।- समेत रु.६,३३,६००।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**सिसौट गाउँ विकास समिति**

२०. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। रामउजयन रायले विभिन्न कार्यको लागि लिएको पेश्की रु.७५,०००।- नियमानुसार फछ्र्यौट गरिनुपर्दछ।

२०.१ यस कार्यालयका ४० व्यक्तिगत/कर्मचारीहरुको नाममा रहेको पेश्की १३,४९,२२२।- तथा यस वर्षको रु.१,००,०००।- आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

२१. **अग्रिम आयकर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयल रौनक ईन्टरप्राईजेजसँग मोटरसाइकल खरिदको भुक्तानी रु.२,११,९००।- को अग्रिम कर रु.२,८१२।-, रिसिका सप्लायर्सलाई भुक्तानी गरेको मेसिनरी समानको रु.१,२५,२०४।- को अग्रिम कर रु.१,६६२।- र, फर्निचर खरिद गर्दा रु.८०,४००।- को अग्रिम आयकर रु.१,२०६।- दाखिला नगरेकोले रु.५,६८०।- राजस्व दाखिला गर्नुपर्दछ ।

**गडहिया गाउँ विकास समिति**

२२. **मालपोत :** यो वर्ष मालपोत असुली रकम रु.१,५००।- को २५ प्रतिशतले जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने रु.३७५।- र गत वर्षको बाँकी रकम रु.१,३५०।- समेत रु.२५६१।- दाखिला गरेको पाइएन। दाखिला प्रमाण पेश गर्नुपर्दछ ।

२३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयका २८ व्यक्तिगत/कर्मचारीहरुको नाममा रहेको पेश्की रु.१५,०९,३५०।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३७ लाख ६४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५१ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ८ हजार र पेश्की रु.३३ लाख २४ हजार रहेको छ।

# कविलासी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७१ हजार र यो वर्षको आय रु.७ करोड १८ लाख ५४ हजार समेत रु.७ करोड १९ लाख २५ हजार आम्दानी भएकोमा रु.६ करोड ३८ लाख ३३ हजार खर्च भई रु.८० लाख ९२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कारोबारको लेखा** : प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ४ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी, पेश्की बाँकीको विवरण नबनाएको साथै बैंक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्बन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, अख्तियारी तथा कार्यक्रम स्वीकृतिको जानकारी समयमा प्राप्त नभएको, बजेट निकासा समयमा नभएको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त नगरेको, भ्रमण अभिलेख नराखेको, खर्चको बजेट हिसाब तयार नगरेको, गाउँपालिका अन्तर्गत गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो नगरेको, गाउँपालिकाले जिन्सी दाखिला प्रतिवेदनमा सिलसिलेवार दाखिला संख्या राखी दाखिला प्रतिवेदन व्यवस्थित नगरेको, सेवा प्रवाह प्रक्रिया बृद्ध तथा अपाङ्गमैत्री रहेको छैन, सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट बैंकल्पिक व्यवस्था नअपनाएको, आन्तरिक लेखापरीक्षण नगराएको, सञ्चालित योजनाहरुको खर्चको सामाजिक परीक्षण र सार्वजनिक लेखापरीक्षण नगराएको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

३. **इन्टरनेट** : कार्यालयले वाई म्याक्स इन्टरनेट जडान गरेको भुक्तानी खर्च रकम रु.३३,०९९।- लेखिएको देखियो । तर वाई म्याक्स सेवा सञ्चालनमा नआएकोले सोको सुधार गर्ने प्रयास गाउँपालिकाबाट भएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

### जमुनिया गाउँ विकास समिति

४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न ८३ कर्मचारी, व्यक्ति, पदाधिकारी एवं संस्थालाई दिएको पेश्की रु.८१,०७,७५०।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

५. **अग्रिम कर :** गृह सोभा फर्निचर बरहथवा, सर्लाहीको २०७३।११।२५ गतेको विल अनुसार खरिद भुक्तानी रु.६०,०००।- को १.५० प्रतिशतले हुने अग्रिम आयकर रु.७९७।- असुल गरी दाखिला गर्नुपर्दछ ।

### हेमपुर गाउँ विकास समिति

६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। प्रा.स. शिवनाथ चौधरीले समाजिक सुरक्षा भत्ता वितरण गर्न लिएको पेश्की रकम रु.३०,२०,८००।- र विभिन्न ३२ कर्मचारीहरुबाट फछ्र्यौट हुन बाँकी पेश्की रु.३८,०२,०३०।- समेत रु.६८,२२,८३०।- नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

### कविलासी गाउँ विकास समिति

७. **जिन्सी :** लालवन्दी अपसेट प्रेसलाई रु.२५,०००।- भुक्तानी गरेको समानको जिन्सी आम्दानी बाँधेको देखिएन । कार्यालयले मालसामानको आम्दानी बाँधी प्रमाण पेश गर्नुपर्दछ ।

८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसारको भुक्तानीमा भुक्तानी रकमको १.५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । काफले ब्रदर्स एण्ड सिटिल दराज उद्योग, वर्दिवासलाई रु.६९,४७७।- भुक्तानी गरेकोमा अग्रिम आयकर १.५० ले कर कट्टा नगरेकोले रु.९२५।- असुल गरी दाखिला गर्नुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयतर्फ रु.२,५०,५०४।- आर्थिक वर्षको अन्तसम्म पेश्की फछ्र्यौट नभएकोले नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**पररिया गाउँ विकास समिति**

१०. **मालपोत :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा गाउँ विकास क्षेत्रभित्रको जग्गामा मालपोत वा भूमिकरबाट उठेको राजस्वको पच्चीस प्रतिशत रकम जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने उल्लेख छ । यो वर्ष मालपोत असुली रकम रु.८,८१४।- को २५ प्रतिशतले जिल्ला समन्वय समितिमा दाखिला गर्नुपर्ने रु.२,२०३।- र गत वर्षको बाँकी रु.९९८।- गरी जम्मा रु.३,२०१।- दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी, व्यक्ति, पदाधिकारी एवं संस्थालाई दिएको पेश्की रु.१२,९७,४५६।- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारबाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७१ लाख ३६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ हजार, नियमित गर्नुपर्ने रु.६१ हजार र पेश्की रु.७० लाख ७३ हजार रहेको छ ।

# गौर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.९९ हजार र यो वर्ष आय रु.२९ करोड ४९ लाख १८ हजार समेत रु.२९ करोड ५० लाख १८ हजार आम्दानी भएकोमा रु.२४ करोड ६८ लाख ६३ हजार खर्च भई रु.४ करोड ५६ लाख १९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी :** गाउँ विकास समितिहरुको २०७३ फाल्गुण मसान्तको मौज्दात कायम भएको गाउँपालिका वा नगरपालिकामा जिम्मेवारी सार्नुपर्नेमा कार्यालयले गाउँ विकास समितिहरुबाट सार्नुपर्ने जिम्मेवारी एकमुष्ठ देखाएकोले यकिन हुन सक्ने अवस्था नरहेकोले गाउँ विकास समितिहरुबाट रकम रु.२५,३४,४१३।-सारेको वा नसारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्याङ्कन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

३. **सिमा नघाई खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन वमोजिम कर,शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैंया सम्म आम्दानी हुने जिल्ला विकास समिति वा नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस लाख देखि पचास लाख रुपैंया सम्म आम्दानी हुनेले अधिकतम चालीस प्रतिशत, पचास लाखदेखि एक करोड रुपैंयासम्म आम्दानी हुनेले तीस प्रतिशत र एक करोड रुपैंयाभन्दा बढि आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशत भन्दा बढि रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ। नगरपालिकाले यो वर्ष आन्तरिक आय रु.९८,४१,१८०।- गरेकोमा तीस प्रतिशतले हुन आउने रकम रु.२९,५२,३५४।- खर्च गर्न मिल्नेमा प्रशासनिक खर्च रु.९१,०२,४५६।- गरेको देखिन आएकोले तोकिएको सीमाभन्दा रु.६१,५०,१०२।- बढी खर्च गरेको देखियो। अतः निर्देशिकाको अनुसरण गरी प्रशासनिक खर्च तोकिएको सिमाभित्र खर्च गरी विकासात्मक गतिविधि अगाडी बढाउनतर्फ ध्यान दिनु पर्दछ।

४. **शीर्षक फरक:**स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयलेविभिन्न कार्यक्रम वापत रु.१८४४०२।- चालु प्रकृतिका खर्चहरु पूँजीगत शीर्षकबाट भुक्तानी गरेको देखियो। अतः शिर्षकगत खर्च रकममा ध्यान दिनुपर्दछ।

५. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एक लाख रुपैंयाभन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम १(क) मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्दछ भने सम्बन्धमा विचार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले नगर यातायातको गुरुयोजना तथा ढल निकासको गुरुयोजनाको प्रतिवेदन तयारी कार्यको लागि लागत अनुमान वेगर सम्पूर्ण काम एउटै सम्झौताबाट हुन सक्नेमा एउटै कार्यलाई चार टुक्रा पारी रु.१७३००३०।- भुक्तानी दिएकोले अनियमित देखियो। अतः खरिद कार्य सम्पादन गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कारवाही गर्नुपर्दछ।

६. **सहरी योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७ मा सहरी योजना जस्ता विषयको डिजाईन खरिद गर्नु पर्दा त्यस्तो डिजाईनसम्बन्धी विस्तृत विवरणसहितको कागजात तयार गरी त्यस्तो कागजात अनुरुप डिजाईन प्रतियोगिता गराई उपयुक्त डिजाइन खरिद गर्न सक्ने व्यवस्था छ। कार्यालयले नगर यातायात तथा ढल निकासको गुरुयोजना तयार गर्दा सहरी विकासको लागि उपयुक्त डिजाइनको लागि प्रतियोगिता गराई डिजाइन खरिद गर्न उपयुक्त देखिन्छ।

७. **खर्च प्रमाण:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिदां रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।कार्यालयले शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाहरुको लागि सचेतना

कार्यक्रम सम्पन्न भएको तथा खर्चको पुष्ट्याई वेगर तराई एक गैह्र सरकारी संस्थालाई रु.२००,०००।- भुक्तानी गरेकोले कार्यक्रमसँग सम्बन्धीत खर्चहरुको पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्ने देखियो ।

८. **नर्म्सको आधार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने तथा सोही नियमावलीको नियम ९(२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण वापतका खर्चहरु छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गुणस्तर परीक्षणको खर्च रु.१५९,३३३।- समावेश गरी लागत अनुमान तयार पारेकोमा त्यसको स्पष्ट आधार पेश भएन ।

९. **सोभ्कै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोभ्कै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खुला दिशामुक्त कार्यक्रमको लागि एक गैरसरकारी संस्थासँग सेवा सोभ्कै खरिद गरी रु.४०,३५,०००।- भुक्तानी दिएकोले अनियमित देखियो । अतः खरिद कार्य प्रतिस्पर्धा एवं पारदर्शी हुनुपर्दछ ।

१०. **कर बिजक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२(१) मा कुनै पनि आपूर्तिकर्ताले भुक्तानीको लागि बिल वा बिजकको मिति सहित आपूर्तिकर्ताको नाम, ठेगाना, आपूर्ति गरिएको मालसामानको परिमाण र मूल्य समेत खुलिएको बिल बिजक पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक सौर्य बत्ती आपूर्ति गर्न एक जे.भि.सँग खरिद सम्झौता गरेकोमा सोहि जे.भि.को कर विजक नलिई सो जे.भीमा आवद्ध कम्पनीको कर बिजकबाट कर योग्य रकम रु.६७,९५,६१०।- को मूल्य अभिवृद्धी कर रु.८,८३,४३०।- भुक्तानी गरेकोले देखियो। अतः उक्त जे.भि.को नाममा मूल्य अभिवृद्धी कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

११. **मूल्य अभिवृद्धी कर:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ अनुसार मु.अ.करमा दर्ता भएका करदाताले अनूसुची-१० बमोजिम महिना भूक्तान भएको पच्चीस दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई विभिन्न मितिमा रु.६७,८०,७०१।-(मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले रु.७,८०,०८१।- को मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो ।

१२. **आय ठेक्का :** मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १५(३) बमोजिम ठेक्कामा मूल्य अभिवृद्धी कर असुल गरी राजश्व शिर्षक नं. ११४१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष ४ वटा आन्तरिक आय ठेक्का वापत रु.४४,३९,३४२।- प्राप्त गरेकोमा सोमा लाग्ने तेह्र प्रतिशत मूल्य अभिवृद्धी कर वापतको रकम रु.५,७७,११६।- असुल नगरेकोले उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखियो ।

१३. **कन्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा लागत अनुमानमा रहेको ओभरहेड कन्टिन्जेन्सी रकमको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा योजनाहरु उपभोक्ता समितिबाट निर्माण कार्य गराई रु.१४७१०३७।- भुक्तानी दिंदा कन्टिन्जेन्सी वापतको रकम रु.६५३८६।- कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१४. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको पेश्की बेरुजू रु.६,१४,०४३।२३ देखिएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट गराउने कारवाही चलाउनु पर्दछ ।

१५. **अभिलेख:**स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५(५.१२) मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजू संपरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गतको साविकका सात वटा गाउँ विकास समितिका कार्यालयहरु हाल राजदेवी नगरपालिकामा समाहित भएकोले उक्त गाउँ विकास समिति तथा वडा कार्यालयहरुको पेश्की तथा बेरुजूको अभिलेख राजदेवी नगरपालिकामा खडा गरी राख्नुपर्दछ ।

**लक्ष्मीपुर वेलविछवा गाउँ विकास समिति**

१६. **बील भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले सडक मर्मतको बील भरपाई वेगर रु.२४०००।- खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१७. **अग्रिम आय कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको आपूतिकर्ता बासिन्दा व्यक्ति/निकायलाई भुक्तानी गर्दा १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने तथा पारिश्रमिक भुक्तानीमा पन्ध्र प्रतिशतले अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले वस्तु तथा सेवा प्रदायकलाई रु.२५५५३०।- भुक्तानी गर्दा अग्रिम कर वापत रु.९९०८।- कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

**ब्रहमपूरी गाउँ विकास समिति**

१८. **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको कुनै भुक्तानी गरेकोमा तोकिए अनुसार करकट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न भूक्तागी गर्दा रु.८००२।- करकट्टी नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१९. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) मा बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। वडा कार्यालयको नगदी किताबभन्दा बढी रु.९८००।- ले बैंक विवरणमा बढी खर्च लेखेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२०. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.४०००००।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

**मूडवलवा गाउँ विकास समिति**

२१. **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पिछडा वर्गको भ्रमणको लागि गाडी तथा कोठा भाडा वापत रु.५००००।- भुक्तानी गरेकोमा दश प्रतिशतले हुन आउने रु.५०००।- करकट्टी नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२२. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले पिछडा वर्गको भ्रमण र विपन्न वर्गलाई शैक्षिक सामग्री वितरण कार्यक्रमको लागि बील वेगर रु.८०००।- तथा गर्भवती महिलाको तथ्यांक संकलन, पोषण तथा खोप कार्यक्रमको लागि चौध जनाको ४००।- को दरले रु.५६००।- समेत रु.१३६००।- बिल भरपाई वेगर खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२३. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.४२,८०,२५४।४३ बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

**राजदेवी गाउँ विकास समिति**

२४. **बढी निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले राजदेवी मन्दिर रंग रोगन गर्नको लागि मिति २०७३ माघ २३ गतेको परिषद निर्णयबाट रु.१५००००।- बजेट विनियोजन भएकोमा सो योजनाहरुको लागि रु.२०००००।- खर्च लेखेकोले रु.५००००।- बढी खर्च अनियमित देखियो।

२५. **अग्रिम आयकर :** आयकर ऐन, २०५८ को दफा ८९ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको आपूतिकर्ता बासिन्दा व्यक्ति/निकायलाई भुक्तानी गर्दा १.५ प्रतिशतका दरले कर कट्टा गर्नपर्ने तथा भाडा वापतको भुक्तानीमा दश

प्रतिशतले अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले वस्तु तथा सेवा प्रदायकलाई रु.२८८४३४।- (मू.अ.कर बाहेक) भुक्तानी गर्दा अग्रिम कर वापत रु.५३०६।- कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२६. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.६,६१,४४१।६२ बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२७. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले एक उपभोक्त समितिलाई डुगां निर्माण वापत रु.१५००००।- पेश्की दिएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**हजमिनिया गाउँ विकास समिति**

२८. **गत विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.२२,१७,१५४।०३ बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२९. **बढी निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ५ योजनाहरुको लागि मिति २०७३ पौष ९ गतेको परिषद निर्णयबाट रु.११९००००।- बजेट विनियोजन भएकोमा सो योजनाहरुको लागि रु.१८३२३३।५६ बढी खर्च लेखेकोले अनियमित देखियो ।

**बसतपुर गाउँ विकास समिति**

३०. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१२,८१,५१२ ।-बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

३१. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले खानेपानी (ब्रहमस्थान) तथा सरसफाई योजनाको लागि रु.२७४०००।- पेश्की दिएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**झुमखुनवा गाउँ विकास समिति**

३२. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.८०२८५०।-बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

३३. **नगदी दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवाना समेत असुली गर्नुपर्ने व्यवस्था छ । कार्यालयको सचिवले आन्तरिक आयवापतको रकम रु.११००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत दाखिला नगरेकोले पच्चिस प्रतिशत जरिवाना रु.२७५।- समेत रु.१३७५।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

३४. **कच्चावारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेको खर्च अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकिए बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले महिला स्वमं सेविकाहरुको आ.व. २०७२।७३ को भत्ता वापत भुक्तानी दिन बाँकीको कच्चावारी वेगर रकम रु.६४८००।- भुक्तानी दिएकोले नियमसम्मत देखिएन ।

३५. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी गरिएको कर रकम प्रत्येक महिना समाप्त भएका पच्चिस दिनभित्र आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा कर कट्टा गरी राखिएको रकम रु.४०७२१।- लेखापरीक्षण अवधि सम्म समेत दाखिला नगरेकोले उक्त करको रकम दाखिला गर्नुपर्दछ ।

३६. **मूल्य अभिवृद्धी कर:** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ अनुसार मु.अ.करमा दर्ता भएका करदाताले अनूसुची-१० बमोजिम महिना भूक्तान भएको पच्चिस दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई विभिन्न मितिमा रु.१८०६०७।-(मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले रु.२०७७८।- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति :

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ८४ लाख ४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख १५ हजार र पेश्की रु.४ लाख २४ हजार रहेको छ ।

# गरुडा नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३३ लाख २२ हजार र यो वर्ष आय रु.१५ करोड ३२ लाख ८१ हजार समेत रु.१५ करोड ६२ लाख १२ हजार आम्दानी भएकोमा रु.१४ करोड ३७ लाख ६० हजार खर्च भई रु.१ करोड २३ लाख ६० हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी :** गाउँ विकास समितिहरुको संवत २०७३ फाल्गुण मसान्तको मौज्दात कायम भएको गाउँपालिका वा नगरपालिकामा जिम्मेवारी सार्नुपर्नेमा कार्यालयले गाउँ विकास समितिहरुको कार्यालय पिपरीया दोस्तियाबाट सार्नुपर्ने जिम्मेवारी एकमुष्ठ देखाएकोले यकिन हुन सक्ने अवस्था नरहेकोले गाउँ विकास समितिबाट रु.११०४७८।४१ जिम्मेवारी सारेको वा नसारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गर्दा खरिद योजना तयार नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्याकंन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

३. **विकास योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि कुनै प्रकारका योजनाहरु तयार गरेको नपाईएकोले कार्यालयले प्रचलित ऐन कानूनको परिपालनामा ध्यान दिनुपर्दछ।

४. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यन्यन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदाँ नं. ६.३ मा गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र सथानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गाउँ विकास समितबाट के कति सम्पत्ति हस्तान्तरण भएको हो सो सम्बन्धमा लगत तयार गरेको देखिएन। अतः कार्यालयले गाउँ विकास समितिबाट हस्तान्तरण भई आएको सम्पत्तिको लगत तयार गरी सार्वजनिक गर्नुपर्दछ।

५. **अभिलेख:**स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजू संपरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गतको साविकका दुई वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजूको अभिलेख गाउँपालिका/नगरपालिकामा खडा गरी राख्नुपर्दछ।

६. **फरक शीर्षक: स्**थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालुप्रकृतिको कार्यको लागि रु.६२८२९३।-पूँजीगत शीर्षकबाट भुक्तानी गरेको देखिन आएकोले नियमित भएको देखिएन।

७. **असम्बन्धित खर्च :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयसँग असम्बन्धित खर्च ईलाका प्रशासन कार्यालय गरुडाको गाडी मर्मत सम्भार गरे वापतको खर्च रु.५००००।- भुक्तानी दिएकोले उक्त रकम रु.५००००।- असुल गर्नुपर्दछ।

८. **विल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले नयाँ सडक गेडाही निर्माण तथा ग्राभेल गर्ने कार्यको लागि रु.१२००००।- खर्चको भरपाई राखी रु.१४००००।- खर्च लेखेको देखिन आएकोले भरपाई वेगर रु.२००००।- भुक्तानी गरेकोले उक्त रकम रु.२००००।- असुल गर्नुपर्दछ।

९. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ४ कार्यक्रमको लागि विभिन्न गैरसरकारी संस्थासँग सेवा सोझै खरिद गरी रु.९८२५९२।- भुक्तानी दिएकोले अनियमित देखियो।

१०. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पन्ध्र किलोमिटरभित्र भ्रमण गर्दा भ्रमण खर्च दिन नहुने व्यवस्था छ। कार्यालयले तिन कर्मचारीहरुलाई पूर्ण खोप कार्यक्रम संचालन गर्दा महम्मदपुर भ्रमण गरेको भनि रु.२८२८०।- खर्च लेखेकोले असुल हुनुपर्दछ।

११. **कन्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिंदा लागत अनुमानमा रहेको ओभरहेड कन्टिन्जेन्सीको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले ६ वटा योजनाहरु निर्माण कार्य गरेवापत भुक्तानी गर्दा लागत अनुमान(सम्झौता मूल्य) मा समावेश रहेको ओभरहेड कन्टिन्जेन्सीको रकम रु.५१६४००।७० उपभोक्ता समितिलाई भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१२. **आनुपातिक कट्टी:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिंदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले ३ योजनाहरु निर्माण कार्य गरेवापत भुक्तानी गर्दा लागत अनुमान(सम्झौता मूल्य) मा समावेश रहेको जनसहभागिताको अंश रु.२२३७५।- उपभोक्ता समितिलाई भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(५) मा बासिनदा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामान ढुवानी गर्दा सेवा प्रदायककलाई रु.७२५००।- भुक्तानी गर्दा रु.७२५०।- अग्रिम आयकर कट्टा नगरेकोले उक्त रकम असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ।

१४. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम आयकर वापतको रकम महिना समाप्त भएको मितिले पच्चिस दिनभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कर्यालयले अग्रिम आयकर वापत कट्टा गरी राखेको रु.८३६२।- लेखापरीक्षण अवधिसम्म समेत दाखिला गरेको नदेखिएकोले उक्त कर वापतको रकम राजश्वमा दाखिला हुनुपर्दछ।

१५. **कच्चावारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेको खर्च अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकिए बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले भुक्तानी दिन बाँकीको कच्चावारी वेगर ३ योजनाहरु वापतको रकम रु.१४३८११५।- भुक्तानी दिएकोले अनियमित देखियो।

१६. **स्विकृत कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२क) मा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र कुनै रकम खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले स्वीकृत बजेट वेगर असम्बन्धित शीर्षकबाट रु.४३७५९२।- सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा लैंगिक बजेट परीक्षण खर्च वापत एक सेवा प्रदायकलाई भुक्तानी गरेकोले अनियमित देखियो।

१७. **फ्रिज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा फ्रिज नहुने बजेट उपशीर्षक बाहेक बाँकी रहेको रकम सम्बन्धित कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वैदेशिक श्रोतबाट प्राप्त रकम रु.१२०६०००।- मध्ये रु.६९४०००।- खर्च गरेकोमा बाँकी रकम रु.५१२०००।- फ्रिज गर्नुपर्ने देखियो।

१८. **मूल्य अभिवृद्धी कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई रु.२८९७२९८।- (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filer देखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भुक्तानी दिएको रु.३३३३१७- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो।

१९. **आय ठेक्का :** मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १५(३) बमोजिम ठेक्कामा मूल्य अभिवृद्धी कर असुल गरी राजश्व शिर्षक नं. ११४१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष पटके सवारी करको आन्तरिक

आय ठेक्का वापत रु.१५४१६७- प्राप्त गरेकोमा सोमा लाग्ने तेह्र प्रतिशत मूल्य अभिवृद्धी कर वापतको रकम रु.२००४२।- असुल नगरेकोले उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखियो ।

२०. **स्वीकृत लेखाढाँचा:** आर्थिक कार्यविधि ऐन २०५५को दफा १०(१) मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले रसिद नियन्त्रण खाता राखेको देखिएन। त्यसैगरी कार्यालयले गर्ने दैनिक आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०८), आम्दानीको दैनिक नगद प्राप्ती खाता ( म.ले.प.फा.नं.१०८क), आम्दानीको दैनिक वैंक भौचर प्राप्ती खाता (म.ले.प.फा.नं.१०८ख) पाइएन । यसबाट कार्यालयले प्राप्त गरेको आम्दानी र दाखिला सहि र यथार्थ भए नभएको नगदबाट प्राप्त संपूर्ण रकम समयमा दाखिला भए नभएको एकिन गर्न सकिएन। तसर्थ कार्यालयले स्वीकृत ढाँचाका म.ले.प. फारम प्रयोगमा ल्याउन ध्यान दिनुपर्छ।

२१. **धरौटी :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७३(१) मा स्थानीय निकायमा राख्नु पर्ने धरौटी रकम सम्बन्धित स्थानीय निकायले तोकेको बैङ्कमा छुट्टै खाता खोली राख्नु पर्ने, नियम १८०(१) धरौटीवापत प्राप्त भएको रकम अन्य काममा खर्च गर्न नहुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(६) मा स्थानीय तहको आय व्ययको लेखा राख्ने जिम्मेवारी पाएको कर्मचारीले ठीकसँग लेखा नराखेको कारणबाट स्थानीय तहलाई कुनै किसिमको नोक्सानी हुन गएमा त्यसरी पर्न गएको नोक्सानी सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ। कार्यालयको मिति २०७३ पौष २२ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०७२।०७३ मा कट्टा गरी राखेको धरौटीवापतको रकम धरौटी खातामा नराखी कार्यालयको अन्य प्रयोजनमा खर्च भएको भनि आन्तरिक आयबाट यस वर्ष रु.७३०२२१।- रकमान्तर गरी धरौटी फिर्ता गरी खर्च लेखेको देखिएकोले धरौटी वापतको रकम रु.७३०२२१।- अन्य प्रयोजनमा खर्च गर्ने जिम्मेवार कर्मचारीबाट उक्त रकम असुल गर्नुपर्दछ।

२२. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएकोले गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१४९००००।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

२३. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.१८५५८३६६.८८ अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन।

२४. **लेखापरीक्षण**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९६ मा प्रत्येक कार्यालयले राजश्व, धरौटी तथा आय-व्ययको प्रचलित कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्ने तथा नियम ९७ मा कार्यालय प्रमुखले महालेखा परीक्षकको कार्यालयबाट तोकिएबमोजिम लेखा र आर्थिक विवरण पेस गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । रघुनाथपुर गाउँ विकास समितिको कार्यालयलाई जिल्ला विकास समितिको कार्यालय, गौरबाट रु.१९५३००५।- निकासा भएकोमा अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १६ बमोजिम विभागिय कारवाही हुनुपर्दछ।

**पिपरीया दोस्तिया गाउँ विकास समिति**

२५. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको समेत देखियो । गाउँ विकास समितिको कार्यालयले गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१३३१२६७- पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

२६. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफ ९० मा प्रत्येक महिना समाप्त भएको पच्चिस दिनभित्र कट्टा भएको करको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न भुक्तानी गर्दा स्रोतमा कर कट्टा गरेको अग्रिम आय कर वापतको रकम रु.४०९६२।- हालसम्म समेत दाखिला नगरकोले उक्त करको रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ।

२७. **मौज्दात :** कार्यालयको बैंकमा रु.८३०४२६।८०।- मौज्दात देखिएकोले उक्त रकम संचित कोषमा दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु.२ करोड ५७ लाख ४२ हजार बेरुजू रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ४८ हजार, नियमित गर्नुपर्ने रु.५८ लाख ३६ हजार र पेश्की रु.१ करोड ८५ लाख ५८ हजार रहेको छ।

# चन्द्रपुर नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.६७ लाख २० हजार र यो वर्ष आय रु.२५ करोड १५ लाख ३५ हजार समेत रु.२५ करोड ८२ लाख ५५ हजार आम्दानी भएकोमा रु.२१ करोड ७० लाख ७४ हजार खर्च भई रु.४ करोड ११ लाख ८१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **बैङ्क समायोजन:** कार्यालयका खर्च खाता २ खाताहरु रहेकोमा सोको स्रेस्ता अनुसारको मौज्दात रु.२३९६१२८०।- रहेको छ । साथै आषाढ मसान्तमा बैंक अनुसार रु.४४३६८५२४।-रहेको छ । कार्यालयले स्रेस्ता र बैंक विच फरक देखिएको रु.२०४०७२२४।-रकमको सम्बन्धित बैङ्कको हिसाब विवरण लिई बैङ्क हिसाब मिलान गरिएको नपाइएकोले उक्त रकमको बैङ्क समायोजन विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

२. **कोष संचालन र व्यवस्थापन :**स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४५(२) मा नगरपालिका नेपाल सरकारवाट प्राप्त हुने सवै प्रकारका निशर्त एवं सशर्त अनुपात (ख) समूहको खातामा निकाशा गरी (ख) समूहको खाताबाट (ग) समूहको खातामा अनुसुची २३ बमोजिमको नगरपालिका कोषको रकम प्रवाह तालिका अनुसार रकम स्थानान्तरण गरेरमात्र आर्थिक कारोवार गर्नु पर्ने तथा (ग) समूह खातामा स्थानान्तरण गर्दा चालू र पूजीगत शिर्षकमा छुट्टाई खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कार्यविधिको अनुसुची २३ वमोजिम रकम प्रवाह गरी खर्च गरेको देखिएन । अनुसुची बमोजिमको (ग) समूहका आम्दानी खाता, खर्च खाता र रकम ट्रान्सफरको हिसाव राखी खर्च गर्नु पर्दछ। स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ (ख) बमोजिम आर्थिक वर्षको अन्त्यमा आर्थिक कारोवार वन्द गरेपछि वांकी रहेको रकम मूल कोष खातामा फिर्ता गर्नु पर्नेमा कार्यलयले यस वर्षको अन्त्यमा चालु तथा पूंजीगत खर्च खातामा मौज्दात रहेको रु. २६९६१२८०.५१आर्थिक वर्षको अन्त्यमा संचितकोष खातामा फिर्ता गरेको देखिएन । तर्सथ आर्थिक वर्षको अन्त्यमा रहेको मौज्दात रकम संचितकोष खातामा फिर्ता गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गर्दा वजेट संकेतको प्रयोग नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्याकंन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको,वार्षिक प्रगति तयार नगरेको, सार्वजनिक परिक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो । प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ

४. **चौमासिक खर्च :**स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सो अनुसार कार्यक्रम संचालन गरी खर्च गर्न सकेको देखिएन । पूँजीगत कार्यक्रमतर्फ प्रथम चौमासिकका कार्यक्रम दोश्रो र तेस्रो चौमासिकमा, दोश्रो चौमासिकका केही कार्यक्रम तेश्रो चौमासिकमा संचालन भई खर्च भएको देखिन्छ । पूँजीगत कार्यक्रम संचालनतर्फ आषाढ महिनामा ३१.३२ प्रतिशत खर्च भएको छ ।

५. **तालिम सञ्चालन** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ । नगरपालीको बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धि निर्देशिका,कार्यबिधि वा नर्मस तयार नगरी खर्च गरेको पाइयो । नगरपालिका तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नु पर्ने देखिन्छ ।

६. **प्रशासनिक खर्च:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ अनुसारऐनको दफा १२६ को उपदफा (६) को प्रयोजनको लागि नगरपालिकाले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसलाख रुपैयाँसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चीस देखि पचासलाख रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालीस प्रतिशत, पचासलाख देखि एककरोड रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम

तीस प्रतिशत र एककरोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिको पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन । कार्यालयले यो वर्ष आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु.६२११३०४।-बढी खर्च गरेकोले नियमको पालना गर्नुपर्दछ ।

७. **असुल गर्न वांकी** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६० बमोजिम आन्तरिक आय रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने ब्यवस्था छ । यस कार्यालयमा १ निर्माण व्यवसायीबाट आन्तरिक आय बक्यौता देखाएको रु.१ लाख १६ हजार १ असुल गर्नुपर्दछ ।

८. **मूल्यअभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा कर असुल उपर गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले २०७३।७४ मा आर्जन गरेको राजश्व रु.४९१६२२२।- ठेक्काहरु आम्दानी मध्ये १३ प्रतिशतले हुने मु.अ.कर रु.६ लाख ३९ हजार १०९ असुल गर्ने गरी ठेक्का नभएको र असुल समेत नगरेको पाइयो । यसमा कर असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनपर्ने देखिएको छ ।

९. **विजकको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम गर्नु पर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण सेवा प्रोभेजिनल समको रु.२ लाख ९१ हजार ७२९ भुक्तानी भएको हुदाँ सोको विल तथा प्रमाण स्रेस्तासँग राखेको देखिएन । तर्सथ भुक्तानी भएको रु.२ लाख ९१ हजार ७२९ निर्माण व्यवसायीबाट विल पेश गर्नु पर्ने असुल गर्नु पर्दछ ।

१०. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार सार्वजनिक निकायले रनिङ्ग विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीलाई प्रोभिजनल समको मू.अ.कर समेत रु.५१ हजार ९९३ बढी भुक्तानी भएको देखियो । तर्सथ दोहोरो मू.अ.कर बढी भुक्तानी भएको निजबाट ५१ हजार ९९३ असुल गरी संचितकोषमा दाखिला गर्नु पर्दछ ।

११. **मु.अ.कर भुक्तानीको जानकारी** :मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क बमोजिम ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का संझौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई मू.अ.कर वापत भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व नदिई करदाता सेवा कार्यालयलाई ढिलो गरि च.नं.३५२ मिति २०७४।६।९ पत्रमा मात्र दिएको देखियो । ढिलो गरि नियमावलीको व्यवस्था अनुसार मू.अ.कर भुक्तानीको जानकारी दिदाँ दाखिला एवं समायोजन गर्न सहज हुने भएकोले जानकारी समयमा दिनु पर्दछ ।

१२. **कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । स्थानीय तह कर्मचारी सूचना प्रणाली कार्यान्वयन गर्न एक कम्पनीसँग सम्भौता भई रु.२५००००।- (मू.अ.कर रु.२८७६१।-) भुक्तानी भएको सक्कल विल स्रेस्तामा राखेको देखिएन । साथै लेखापरीक्षण अवधिसम्म उक्त फर्मको नन् फाइलर समेत देखिएको हुदाँ नियम अनुसार रीतपुर्वकको कर विजक जारी नगरेकोले रु.२८७६१।- मू.अ.कर दाखिला नहुन सक्ने हुदाँ सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट कर दाखिला भएको प्रमाण अन्यथा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१३. **कार्य सम्पन्न प्रतिवेदन :**स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(५) ध मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ । कार्यालयले एक योजना संचालन गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएन । अतः नियमावलीको नियम १५५(५)घ बमोजिम कार्यालयबाट रु.१६ लाख ३६ हजार ६५३ कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

१४. **कर कट्टी** : आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवाशुल्क भुक्तानी गर्दा १५ प्रतिशत कट्टा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले एक कार्यक्रमको लागि रु.५००००।- भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले रु.७५००।- दाखिला गर्नुपर्नेमा दाखिला छुट भएकोले उक्त रकम असुल गरी संचितकोषमा दाखिला गर्नुपर्दछ ।

१५. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको लागि रु.२१००००।- यस कार्यालयले व्यहोरेको छ। नियम अनुसार यस्ता खर्च वन्द हुनु पर्दछ।

१६. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गर्दा विभिन्न ३४ जना दरवन्दी रहेकोमा २९ कर्मचारी कार्यरत रहेकोमा प्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, लागत अनुमान तयार नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी निराकरणको प्रयास नगरेको, तलवी प्रतिवेदन पारित नगरेको, आदि अवस्था रहेको छ। कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ।

१७. **बेरुजू अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ। नगरपालिका गत विगतका बेरुजू अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन।

## बेरुजू स्थिति

यो वर्ष नगरपालीकाको लेखापरीक्षणबाट रु.२ करोड ९६ लाख१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख ७ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८४ लाख९४ हजार रहेको छ।

# माधब नारायण नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.८ लाख ५८ हजार र यो वर्ष आय रु.५ करोड ४ लाख ४३ हजार समेत रु.५ करोड १३ लाख १ हजार आम्दानी भएकोमा रु.४ करोड २ लाख ४ हजार खर्च भई रु.४९ लाख २१ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउँ विकास समितिको जिम्मेवारी हस्तान्तरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परिक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **टुक्रा पारी खरिद:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.२१८१९५०।- मूल्यको फर्निचर तथा मेसिनरी सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### दिपही गाउँ विकास समिति

३. **गत विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१३८९८१७।- देखाएकोमा असुल फछयौट गराएको छैन । नियमको पालना गरी फछयौट गर्नु गराउनु पर्दछ ।

४. **नगद मौज्दात :** कार्यालयले नगद मौज्दात देखाएको रकम समयमै दाखिला गरेको हुनुपर्दछ। कार्यालयले २०७३ फाल्गुण मसान्तमा बांकी देखाएको रु.१२५९।- एक कर्मचारीको नाममा रहेकोले उक्त रकम हाल सम्म पनि दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

५. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले इन्जिनीयरको पारिश्रमिक भुक्तानी रु.६००००।– भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु.९०००।- अग्रिम कर कट्टा गरेको छैन । कर कट्टा नभएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

६. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.१९२६१।- बांकी देखिएको छ । उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

७. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले लक्षित वर्गकार्यक्रमको राज पिन्टर्स गौरलाइ बिलरकम रु.८६०००।- भुक्तानी गरेकोमा सोको १.५ अग्रिम कर लाग्ने रु.१२९०।- कट्टा गरेको छैन । कर कट्टा नभएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

### खेसरहिया गाउँ विकास समिति

८. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१०१८०५९।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले खेसरहिया वडा नं १ देखि ९ सम्म विद्युतिकरण कार्यका लागि नेपाल विद्युत प्राधिकरणलाई रु.८०००००।- पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

### सखुअवा गाउँ विकास समिति

१०. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विवरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१५७८९९७।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

**जेठरहिया गाउँ विकास समिति**

११. **गविगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.३९५२५८७।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१२. **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जांच गरी भुक्तानी गर्नुपर्दछ। कार्यालयले ३ योजनाको लागि परिषदको निर्णय अनुसार रु.७०००००।- बजेट व्यवस्थापन गरेकोमा रु.७१०६५८।- भुक्तानी गरेकोले बढि भुक्तानी गरेको रु.१०६५८।-दाखिला गर्नुपर्दछ।

**मिठुअवा विकास समिति**

१३. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.३४०४२०१।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१४. **दोहोरो भत्ता :** कार्य सञ्चालन निर्देशिका २०७३ छैटौं संस्करण ७.१.४.६ अनुसार प्रोत्साहन भत्ता लागु भएका कार्यालयहरुमा कुनै पनि प्रकारको रकम उपलब्ध नगराइने तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ग्रामिण विकास समन्वय शाखाको मिति २०७३।३।२२ पत्र अनुसार प्रोत्साहन भत्ता दिने व्यवस्था गरेको तथा स्थानीय विकास मन्त्रालय प्रशासन च.नं. ३६०५ मिति २०६७।११।०८ को पत्रमा कुनै पनि सुविधा लिन नपाइने व्यवस्था छ। कार्य सम्पादनमा आधरित प्रोत्साहन भत्ता लागु भए पछि अन्य भत्ता भुक्तानी दिन नमिल्ने ब्यबस्था रहेको छ । कार्यालयले भौ नं ५ ०७३।६।१६ मा परीषदको निर्णय आधार देखाई तलबको ५० प्रतिशत भत्ता रु.२३५००।- को ५० प्रतिशतले हुने ३ महिनाको रु.३५२५०।- भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरी दाखिल गर्नुपर्दछ ।

**बिसनपुर्वा मानपुर गाउँ विकास समिति**

१५. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विवरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१६११४५२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१६. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलेसडक मर्मत पेश्की रु.२५००००।- भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१७. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.७२०।- बांकी देखिएको छ। उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

१८. **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जांच गरी भुक्तानी गर्नुपर्दछ। कार्यालयले सामुदायिक विद्यालय उदघाटन तथा कार्यालय सम्बन्धि खर्च भुक्तानी गरेकोमा बढि भुक्तानी गरेको देखिएकोले असुल गरी रु.४८९७२।- दाखिला गर्नुपर्दछ ।

**माधोपुर गाउँ विकास समिति**

१९. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले

देखाएको आर्थिक विवरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु२२९९६७२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

**पिप्रा राजबडा गाउँ विकास समिति**

२०. **नगद मौज्दात :** कार्यालयले नगद मौज्दात देखाएको रकम समयमै दाखिला गरेको हुनु पर्दछ । कार्यालयले २०७३ फाल्गुण मसान्तमा बांकी देखाएको रु.६९७७००।- नगद मौज्दात देखिएकोले उक्त रकम हालसम्म पनि दाखिला नगरेकोले बार्षिक १० प्रतिशत ब्याज रु.१३९५४०।- समेत रु.८३७२४०।- असुल बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

२१. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.५९९७७१२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

२२. **कर्मचारी कल्याण कोषः** कार्यालयको समितितर्फका कर्मचारीहरुलाई भविश्यमा उपदान दिने उदेश्यले कार्यालयले कर्मचारी कल्याण कोष स्थापना गरी यस बर्ष रु.२०,०००।- बैंकमा जम्मा गरी राखेको छ । उक्त रकम नगर पालिका मुलखातामा दाखिल गर्नु पर्दछ ।

**गढो गाउँ विकास समिति**

२३. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.२७९७२७।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

२४. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.८००३८।- बांकी देखिएको छ । उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४२ लाख ९५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.३१ लाख ४० हजार र पेश्की रु.१० लाख ५० हजार हजार रहेको छ ।

# कटहरिया गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१३ लाख रु.९२ हजार र यो वर्ष आय रु.४ करोड ४० लाख ७७ हजार समेत रु.४ करोड ५४ लाख ६९ हजार आम्दानी भएकोमा रु.३ करोड ७१ लाख ५५ हजार खर्च भई रु.६६ लाख ४८ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक लेखापरीक्षण :**स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ५९ बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने व्यवस्था छ। गाउं विकास समितिहरुले २०७३ फाल्गुण मसान्तसम्म लेखापरीक्षण गराएको भएतापनि गाउँ पालिकातर्फ २०७३ चैत्र देखि २०७४ आषाढ मसान्तसम्म सम्पूर्ण कारोवारहरुको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई जबुत तुल्याउन आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ।

२. **जिम्मेवारी :** गाउँ विकास समितिहरुको संवत २०७३ फाल्गुण मसान्तको मौज्दात कायम भएको गाउँपालिका वा नगरपालिकामा जिम्मेवारी सार्नुपर्नेमा कार्यालयले विभिन्न गाउँ विकास समितिहरुबाट सार्नुपर्ने जिम्मेवारी एकमुष्ठ देखाएकोले यकिन हुन सक्ने अवस्था नरहेकोले गाउँ विकास समितिहरुबाट निम्नानुसारको रकम रु.१६५५८५७- सारेको वा नसारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

३. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यन्यन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदाँ नं. ६.३ मा गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र सथानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गाउँ विकास समितबाट के कति सम्पत्ति हस्तान्तरण भएको हो सो सम्बन्धमा लगत तयार गरेको देखिएन। अतः कार्यालयले गाउँ विकास समितिबाट हस्तान्तरण भई आएको सम्पत्तिको लगत तयार गरी सार्वजनिक गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा खरिद योजना तयार नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्यांकन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

५. **अभिलेखः** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजू संपरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गतको साविकका छ वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजूको अभिलेख गाउँपालिका/नगरपालिकामा खडा गरी राख्नुपर्दछ।

६. **जिन्सी दाखिलाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ, साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिद कार्यलाई टुक्रा पारी पटक पटक रु.२१७५६८०।- मा मेसिनरी औजार, फर्निचर, फिक्चर्स तथा सवारी साधन लगायतका सामानहरु खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिएकोले उक्त सामानहरुको जिन्सी दाखिलाको प्रतिवेदन पेश हुनुपर्दछ।

७. **मूल्य अभिवृद्धि करः**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई रु.१९३७७८०।- (मू.अ.कर समेत) भुक्तानी

दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भुक्तानी दिएको रु.२२२९३०।- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो ।

८. **विल भरपाई:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा खर्चका कलमहरुको प्रमाण यथेष्ठ छन्, बेमुनासिव तरिकाले खर्च भएको छैन तथा खर्च औचित्यपूर्ण छन् भन्ने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न खर्चहरुको पुष्ट्याई गर्ने प्रमाण वेगर बेमुनासिव तरिकाले खर्च गरेको देखिन आएकोले उक्त रकमहरु रु.४९४३६५।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

९. **मौज्दात:**कार्यालयबाट प्राप्त बैंक विवरण अनुसार चालु खातामा रु.५२०५३९।- तथा पूँजीगत खातामा रु.३२७८६७- समेत रु.८४८४०६।- बैंक मौज्दात देखिएकोले उक्त रकम स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने देखियो ।

१०. **पेश्की:**कार्यालयले पेश्की खाता नराखेको तथा म.ले.प.फा. नं. १४ समेत तयार नगरेकोले पेश्कीको सम्बन्धमा यकिन हुन नसकेकोले कार्यालयले पेश्कीको विवरण तयार गर्नुपर्ने देखियो ।

**भसेढवा गाउँ विकास समिति**

११. **गत विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.३२,२९,८९५।- देखिएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

१२. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा भ्रमणबाट फर्केको दिनको पाउने दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत मात्र पाउने व्यवस्था छ । कार्यालय सचिवलाई भ्रमणबाट फर्केको दिनको पचास प्रतिशत दैखिक भ्रमण भत्ता दिएकोले बढी भुक्तानी भएको रु.३३००।- असुल गर्नुपर्ने देखियो ।

१३. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको कार्यालयले शैक्षिक विकास कार्यक्रमको लागि बिल भरपाई वेगर रु.३०००००।- खर्च लेखेकोले खर्चको फाँटबारी पेश गर्नुपर्ने देखियो ।

१४. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु गराउनु दुवै थरीको कर्तव्यव हुने व्यवस्था छ । कार्यालयले उपस्वास्थ्य चौकीलाई दिएको पेश्की रु.२६१४४३।- तथा खुला दिशामुक्त कार्यक्रमको लागि रु.३८२४००।- समेत रु.६४३८४३।- पेश्की दिईएकोमा रकम अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट नगराएकोले उक्त पेश्की फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१५. **मौज्दात :** २०७४ आषाढ मसान्तमा बैंक मौज्दात देखिएको रु.१०७९।४३ संचित कोषमा दाखिला हुनुपर्दछ ।

**हथियाही गाउँ विकास समिति**

१६. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.३७,१८,५६०।- देखिएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा नेपालमा स्रोत भएका बासिन्दा व्यत्ति/निकायलाई भुक्तानी गर्दा तोकिएको दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सेवा प्रदायककलाई भुक्तानी गर्दा रु.१६५६१।- अग्रिम आयकर कट्टा नगरेकोले उक्त रकम असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

१८. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक मर्मत तथा ग्राभेल कार्यको लागि कार्य सम्पादन मूल्यांकन रु.१०३११४।- भएकोमा रु.१२००००।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१६८८६।- असुल गर्नुपर्दछ ।

१९. **कच्चावारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेको खर्च अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकिए बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्नुपर्ने

व्यवस्था छ। कार्यालयले भुक्तानी दिन बाँकीको कच्चावारी वेगर आर्थिक वर्ष २०७२।७३ मा भुक्तानी गर्न बाँकी रहेको भनी महिला स्वमं सेविकाहरुको भत्ता रु.५४०००।- भुक्तानी दिएकोले अनियमित देखियो।

२०. **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले रु.८०००४।- मा टेवल, स्टिल दराज, प्लाष्टिक कुर्सी तथा ल्यापटप लगायतका सामानहरु खरिद गरेकोमा जिन्सी दाखिला गरेको नदेखिएकोले सामानहरु जिन्सी दाखिलाको प्रतिवेदन पेश हुनुपर्दछ।

२१. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु गराउनु दुवै थरीको कर्तव्यव हुने व्यवस्था छ। कार्यालयले खेलकुद तथा पार्क निर्माणको लागि एक व्यक्तिलाई रु.३७८०००।- पेश्की दिईएकोमा रकम अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट नगराएकोले उक्त पेश्की फछ्र्यौट गर्नु गराउनु पर्दछ।

**विर्ती प्रस्टोका गाउँ विकास समिति**

२२. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१५५८३७८।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

२३. **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) आफ्नो जिम्मामा रहेको नगद मौज्दात दाखिला गर्न पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवाना समेत नगद दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयको सचिव श्री उमेश प्रसाद सोनीले आर्थिक वर्ष २०७२।७३ को नगद मौज्दात रु.२५४७२।६० हालसम्म समेत बैंक दाखिला नगरेकोले पच्चिस प्रतिशत जरिवाना रु.६३६८।१५ समेत रु.३१८४०।७५ नीजबाट असुल गरि स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

२४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको बासिन्दा व्यक्ति/निकायलाई भुक्तानी गर्दा १.५ प्रतिशतको दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न सामान खरिद गर्दा रु.२०८७६१।- भुक्तानी गर्दा स्रोतमा कर कट्टा नगरी भुक्तानी दिएकोले अग्रिम आयकर वापतको रकम रु.३१३२।- असुल गर्नुपर्दछ।

२५. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको कार्यालयले सडक मर्मतको लागि बिल भरापाई वेगर रु.१०००००।- खर्च लेखेकोले असुल गर्नुपर्ने देखियो।

२६. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.५५५०००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन।

२७. **मौज्दात :** २०७४ आषाढ मसान्तमा बैंक मौज्दात देखिएको रु.४५१।- संचित कोषमा दाखिला हुनुपर्दछ।

**कटहरिया गाउँ विकास समिति**

२८. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१९०४२३१।९२ बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

२९. **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) आफ्नो जिम्मामा रहेको नगद मौज्दात दाखिला गर्न पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवाना समेत नगद दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयको सचिव श्री राजदेव मुखियाले नगद मौज्दात रु.४९०११।- हालसम्म समेत बैंक दाखिला नगरेकोले पच्चिस प्रतिशत जरिवाना रु.१२२५३।- समेत रु.६१२६४ नीजबाट असुल गरि स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

३०. **आय ठेक्का :** मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १५(३) बमोजिम ठेक्कामा मूल्य अभिवृद्धी कर असुल गरी राजश्व शिर्षक नं.११४१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष आन्तरिक आय ठेक्का वापत रु.१२,६०,०००।- प्राप्त गरेकोमा सोमा लाग्ने तेह्र प्रतिशत मूल्य अभिवृद्धी कर वापतको रकम रु.१,६३,८००।- असुल नगरेकोले उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखियो ।

३१. **मौज्दात :** २०७४ आषाढ मसान्तमा बैंक मौज्दात देखिएको रु.१४०५०।५३ संचित कोषमा दाखिला हुनुपर्दछ ।

**बगही गाउँ विकास समिति**

३२. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा गत विगत वर्षदेखिको फछ्यौट हुन बाँकी रु.२१,३२,५५५।- देखिएकोले उक्त पेश्कीबेरुजू फछ्यौट हुनुपर्दछ ।

३३. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ तथा ८९ मा नेपालमा स्रोत भएका बासिन्दा व्यत्ति/निकायलाई भुक्तानी गर्दा तोकिएको दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार सेवा प्रदायककलाई भुक्तानी गर्दा रु.८१६७।- अग्रिम आयकर कट्टा नगरेकोले उक्त रकम असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

३४. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा भ्रमणबाट फर्केको दिनको पाउने दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत मात्र पाउने व्यवस्था छ। कार्यालयले एक कर्मचारीलाई भ्रमणबाट फर्केको दिनको पचास प्रतिशत दैखिक भ्रमण भत्ता दिएकोले बढी भुक्तानी भएको रु.१८००।- असुल गर्नुपर्ने देखियो ।

३५. **मौज्दात :** २०७४ आषाढ मसान्तमा बैंक मौज्दात देखिएको रु.१५६४०७।३५ संचित कोषमा दाखिला हुनुपर्दछ ।

३६. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले स्वास्थ्य व्यवस्थापन समितिलाई दिएको पेश्की रु.१४९८००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**पिपरा पोखरिया गाउँ विकास समिति**

३७. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्यौट हुन बाँकी रु.४१००००।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्यौट हुनुपर्दछ ।

३८. **उपदान कोष :** खरिदार श्री बैजु ठाकुर यस गाउँ विकास समतिको कार्यालयबाट जिल्ला समन्वय समितिको कार्यालयमा सरुवा भई जादा उपदान वापत रु.४०५६२५।- लिनुपर्ने देखिएकोमा यस वर्ष रु.३०००००।- गाउँ विकास समितिको कार्यालयबाट भुक्तानी दिएकोले बाँकी रु.१०५६२५।- जिल्ला समन्वय समितिको कार्यालयमा जिम्मेवारी सार्नुपर्ने देखियो।

३९. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले लक्षित समूह तथा बालबालिका कार्यक्रमको लागि एक गैर सरकारी संस्थालाई रु.३०००००।- भुक्तानी दिएकोमा रु.२६७१९०।- को मात्र बील भरपाई पेश गरेको देखिन आएकोले बढी भुक्तानी भएको रकम रु.३२८१०।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

४०. **मूल्य अभिवृद्धि कर:**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि एक फर्मलाई रु.५०३६९४।- (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भुक्तानी दिएको रु.५७९४७।- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.८१ लाख ३२ हजार बेरुजू फछ्र्यौट गर्न वाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.५४ लाख ४६ हजार र पेश्की रु.१७ लाख २७ हजार रहेको छ ।

# ईशनाथ गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६ हजार र यो वर्ष आय रु.३ करोड ६५ लाख १८ हजार समेत रु.३ करोड ६५ लाख २४ हजार आम्दानी भएकोमा रु.२ करोड ५६ लाख १९ हजार खर्च भई रु.१ करोड ७१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिद:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक रु.१९९६९९२।- को मेसिनरी औजार तथा अन्य कार्यालय सामानहरुको खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन उपभोक्ता समितिले अनुगमन मूल्याकंन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, सम्पतिको हस्तानतरण तथा वरवुझारथ नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

३. **पेश्कीबरबुझारथ:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं.२०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ ।

४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले कर्मचारीको नाममा रहेको पेश्की हाल सम्म पनि फछ्र्यौट नगरेकोले रु.१४५४४८०७- पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

५. **मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृदि कर नियमावली, २०५३ को नियम ६(क) मा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताहरुसंग कारोबार गर्दा मूल्य अभिबृदि कर समेत भुक्तानी गरी सो को जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयलाई दिनुपर्ने ब्यबस्था छ । कार्यालयले विभिन्न कारोबारहरुको मूल्य अभिबृद्धि कर भुक्तानी गरेकोमा आन्तरीक राजस्व कार्यालयमा जानकारी गराएको छैन । नियमको पालना गरी मूल्य अभिबृदि कर भुक्तानीका जानकारी दिनुपर्दछ ।

### बन्जरहा गाउँ विकास समिति

६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.९१८०००।-फछ्र्यौट गर्नुपर्दछ ।

७. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार कट्टी गरी राखेको अग्रिम कर राजस्व कार्यालयमा दाखिला गरेको हुनुपर्दछ । कार्यालयले कट्टी गरी राखेको तथा कट्टा नगरेको अग्रिम कर दाखिला नगरेकोले रु.४५९९।-असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **संचयकोष दाखिला** : कार्यालयले कर्मचारीहरुको तलब भत्ता खर्च लेखे पछि संचयकोष समयमै दाखिला गरेको हुनुपर्दछ । कार्यालयले कर्मचारीहरुको संचयको रकम दाखिला गर्न बांकी देखिएको अबिलम्ब रु.१०२४२४।- दाखिला गर्नुपर्दछ ।

**औरैया गाउँ विकास समिति**

९. **लेखापरीक्षण**: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ११६(२) मा आर्थिक कारोबारको जिम्मा लिने पदाधिकारीले आर्थिक बर्षको अन्तमा आर्थिक विबरण तयार गरी आन्तरिक लेखा परीक्षण गराएर मात्र सरुवा बढुवा भएमा सम्बन्धित मन्त्रालयको सचिवको स्वीकृतीमा मात्र रमाना दिनुपर्ने उल्लेख छ। इशनाथ गाउंपालिका अर्न्तगत औरैया गाउँ विकास समितिका सचिब श्री शम्भु कुमार यादवले २०७३ श्रावणदेखि फाल्गुणसम्मको चालु रु.३६२०००।- पुंजिगत निकासा रु.४४४१५००।- जम्मा रु.४८०३५००।- तथा खर्च गरेको रकमको र आम्दानी तर्फको समेत आर्थिक बिबरण तयार नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको र अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले आर्थिक कार्यबिधि ऐन २०५५को दफा १६(४) अनुसार प्रति कोलम रु.५० जरीवाना सहित लेखापरीक्षणको लागि स्रेस्ता पेश हुनुपर्दछ।

**मठिया गाउँ विकास समिति**

१०. **नगद मौज्दात :** कार्यालयले नगद मौज्दात देखाएको रकम समयमै दाखिला गरेको हुनुपर्दछ। कार्यालयले २०७३ फाल्गुण मसान्तमा बांकी देखाएको रु.४८०००।- हाल सम्म पनि दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ।

११. **पेश्की** :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयलले बाटो मर्मत पेश्की उ.स. अध्यक्षलाई रु.१५००००।– भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन। पेश्की फछ्र्यौट गर्नुपर्दछ।

१२. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले इन्जिनियरको पारीश्रमिक भुक्तानी रु.९५०००।- भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु.१४२५०।- अग्रिम कर कट्टा गरेको छैन। कर कट्टा नभएको रकम असुल गरी राजस्वा दाखिला हुनुपर्दछ।

**जटहरा गाउँ विकास समिति**

१३. **बैंक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ मसान्तमा रु.२९२११४।-देखिएकोमाउक्त रकम र गाउँपालिका फिर्ता पनि गरेको नदेखिएकोले उक्त रकम गाउँपालिका फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ।

१४. **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जांच गरी भुक्तानी गर्नुपर्दछ। कार्यालयले १०।०७४।३।१८ बाल पोषण कार्यक्रमको रु.३७५००।- भुक्तानी गर्दा विल भरपाई रु.२५०००।- मात्र देखिएकोले बिल भन्दा बढि भुक्तानी गरेको रकम रु.१२५००।- असुल गरी दाखिल गर्नुपर्दछ।

१५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले विभिन्न पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.२०४५०००।- फछ्र्यौट गर्नुपर्दछ।

१६. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले लक्षित बर्ग कार्यक्रम कियटिभ ग्रुप नेपाललाई रु.३०००००।-भुक्तानी गर्दा विल भरपाई बेगरको खर्च लेखेकोले असुल गरी दाखिला गर्नुपर्दछ।

१७. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कट्टी गरी राखेको अग्रिम कर राजस्व कार्यालयमा दाखिला गरेको हुनु पर्दछ। कार्यालयले कट्टी गरी राखेको तथा कट्टा नगरेको अग्रिम कर दाखिला नगरेकोले रु.९०००।-असुल गरी दाखिला गर्नुपर्दछ।

**डुमरीया गाउँ विकास समिति**

१८. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछयौंट हुन बांकी पेश्की रु.२४४८०००।- देखाएकोमा असुल फछयौट गराएको छैन। नियमको पालना गरी फछयौट गर्नु गराउनु पर्दछ।

**जोकाहा गाउँ विकास समिति**

१९. **लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ११६(२) मा आर्थिक कारोबारको जिम्मा लिने पदाधिकारीले आर्थिक बर्षको अन्तमा आर्थिक विबरण तयार गरी आन्तरीक लेखा परीक्षण गराएर मात्र सरुवा बढुवा भएमा सम्बन्धित मन्त्रालयको सचिबको स्वीकृतीमा मात्र रमाना दिनुपर्ने उल्लेख छ। इशनाथ गाउंपालिका अर्न्तगत जोकाहा गाउँ विकास समितिका कर्मचारी २०७३ श्रावण देखि फाल्गुण सम्मको चालु निकासा रु.३६२०००।- निकासा तथा खर्च गरेको रकमको र आम्दानी तर्फको समेत आर्थिक बिबरण तयार नगरेको, आन्तरीक लेखापरीक्षण नगराएको र अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले आर्थिक कार्यबिधि ऐन, २०५५को दफा १६(४) अनुसार प्रति कोलम रु.५० जरीवाना सहित लेखापरीक्षणको लागि स्रेस्ता पेश हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड५६ लाख ४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.७६ लाख ५ हजार र पेश्की रु.१ करोड ७६ लाख ५८ हजार रहेको छ।

# गुजरा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात १० लाख रु.६८ हजार र यो वर्ष आय रु.७ करोड १४ लाख ४ हजार समेत रु.७ करोड ४९ लाख ८६ हजार आम्दानी भएकोमा रु.७ करोड ३० लाख ५४ हजार खर्च भई रु.७४ लाख २३ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **लेखापरीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ अनुसार स्थानीय निकायले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण गराउने र सोको प्रतिवेदन उपर कार्वाहि समेत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष आर्थिक विवरणबाट केन्द्रिय अनुदान र अन्तरिक आय समेतरु.४३६८२९४३।-आम्दानी भएको देखिन्छ। साविका गाउँ विकास समितिहरुको आन्तरिक आय गरे पनि मुलखातामा देखाएको छैन। साथै गाविसहरुले आफै आम्दानी गरी वडा कार्यालय खतामा जम्मा गरी खर्च गरेको देखियो। गाविसहरुले गरेको आम्दानी आय व्यय विवरणमा समेत उल्लेख नगरेकोले सबै गाविस र हालका वडाको आन्तरिक आयको लेखापरीक्षण गरिएको छैन।

२. **बैङ्क समायोजन:** कार्यालयका खर्च खाता २ खाताहरु रहेकोमा सोको स्रेस्ता अनुसारको मौज्दात रु.२६२२८३१।- रहेको छ। साथै आषाढ मसान्तमा बैंकअनुसार रु.३५६३२६८।-रहेको छ। कार्यालयले स्रेस्ता र बैंकवीच फरक देखिएको रु.९४०४३७।-रकमको सम्बन्धित बैङ्कको हिसाब विवरण लिई बैङ्क हिसाब मिलान गरिएको नपाइएकोले उक्त रकमको बैङ्क समायोजन विवरण तयार गरी यकिन गर्नुपर्दछ।

३. **कोष सञ्चालन र व्यवस्थापन :**स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४५(२) मा नगरपालिका नेपाल सरकारबाट प्राप्त हुने सवै प्रकारका निशर्त एवं सशर्त अनुपात (ख) समूहको खातामा निकासा गरी (ख) समूहको खाताबाट (ग) समूहको खातामा अनुसूची २३ बमोजिमको नगरपालिका कोषको रकम प्रवाह तालिका अनुसार रकम स्थानान्तरण गरेरमात्र आर्थिक कारोवार गर्नु पर्ने तथा (ग) समूह खातामा स्थानान्तरण गर्दा चालू र पूजीगत शिर्षकमा छुट्टाई खर्च गर्नु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष कार्यविधिको अनुसुची २३ वमोजिम रकम प्रवाह गरी खर्च गरेको देखिएन। अनुसुची बमोजिमको (ग) समूहका आम्दानी खाता, खर्च खाता र रकम ट्रान्सफरको हिसाव राखी खर्च गर्नुपर्दछ। स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४७ (ख) बमोजिम आर्थिक वर्षको अन्त्यमा आर्थिक कारोवार वन्द गरेपछि वांकी रहेको रकम मूल कोष खातामा फिर्ता गर्नु पर्नेमा कार्यलयले यस वर्षको अन्त्यमा चालु तथा पूजीगत खर्च खातामा मौज्दात रहेको रु. २६२२८३१।- आर्थिक वर्षको अन्त्यमा संचितकोष खातामा फिर्ता गरेको देखिएन। तसर्थ आर्थिक वर्षको अन्त्यमा रहेको मौज्दात रकम संचितकोष खातामा फिर्ता गर्नुपर्दछ।

४. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्याङ्कन नगरेको, सञ्चालित आयोजनाको जाचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरेको,वजेट संकेतको प्रयोग नगरेको, सार्वजनिक परिक्षण नगरेको,जिन्सी, लेखा, नगद, कार्यक्रम खर्च, प्रशासनिक खर्च लगायतमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने व्यवस्था छ। कार्यालयले कार्यरत रप्रत्येक पदको कार्य विवरण बनाई कार्यान्वयन नगरेको, लागत अनुमान तयार नगरेको, भ्रमण अभिलेख व्यवस्थित नभएको, भ्रमण प्रतिवेदन तयार नगरेको, खरिद योजना नबनाएको, टुक्रा पारी खरिद गरेको जस्ता कैफियत देखिएका छन। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

५. **तालिम सञ्चालन** : कार्यालयबाट संचालन गरिने विभिन्न किसिमको तालिम तथा गोष्ठी संचालन गर्दा आवश्यक पर्ने प्रशिक्षक भत्ता, सहभागीको भत्ता, भ्रमण खर्च, स्टेशनरी खर्च, अन्य विविध खर्च उपलब्ध गराउने सम्बन्धमा कार्यालयलाई एकरुपता हुने गरी तालिम संचालन निर्देशिका वा कार्यविधि स्वीकृत हुनु पर्दछ। नगरपालीको बार्षिक कार्यक्रम अनुसार बिभिन्न तालिमहरु सञ्चालन गर्दा तालिम सञ्चालन सम्बन्धि निर्देशिका,कार्यबिधि वा नर्म्स तयार नगरी खर्च गरेको पाइयो। नगरपालिका तालिम सञ्चालन गर्न स्वीकृत नर्म्स तयार गरी खर्चमा एकरुपता कायम गर्नु पर्ने देखिन्छ।

६. **उपभोक्ता समिति:**गाउँ विकास विकास समितिद्धारा संचालित रु.१ करोडसम्मको काम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ नियमावलीको नियम २०५ मा कार्य गर्ने प्रयोजनका लागि गठित उपभोक्ता समिति स्थानीय निकायले विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष अधिकांस योजना उपभोक्ता समिति मार्फत गराएता पनि यसरी योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति मध्ये उपभोक्ता समितिहरुको वर्गीकरण र सूचीकृत गरी लगत राखेको देखिएन। यसरी गठित उपभोक्ता समिति कुन निकायमा दर्ता,नबीकरण समेतकोस्रेस्तामा खुल्न आएन । उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा पदाधिकारी हुने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैंक खाता बन्द हुने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समिति मार्फत गराउने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार र जिम्मेवारी कसले लिने भन्न नसकिने अवस्था रहन्छ । नियमावलीमा उल्लेख भएअनुसार आगामी दिनमा उपभोक्ता समितिहरुको दर्ता तथा विषयगत रुपमा बर्गीकरण गरी व्यवस्थित गराउनु पर्दछ।

७. **सम्पत्ति संरक्षण :** साविकका कुनै पनि गाउँ विकास समितिहरुले सम्पत्तिको अभिलेख व्यवस्थित गरेर जिन्सी हस्तान्तरण नगरपालिकामा गरेको देखिएन । जिन्सी र सम्पत्तिको अभिलेख व्यवस्थित गरी नगरपालिकामा सम्पत्ति हरुतान्तरण गरी  वडा कार्यालयहरुले सम्पत्तिको प्रयोग गर्नुपर्दछ।

**कनकपुर गाउँ विकास समिति**

८. **आयकर:**आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अन्य भत्ता भुक्तानी गर्दा १५ प्रतिशत करकट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सेवाप्रदायकलाई रु.७१८३००।- पारिश्रमिक भुक्तानीमा कर कट्टा नगरी भुक्तानी दिएकोले उक्त रकम रु.१४४८०।- असुल गर्नुपर्दछ।

९. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको लागि रु.३३२०००।- खर्च यस कार्यालयले व्यहोरेको छ। नियम विपरीत यस्ता खर्च लेख्न बन्द गर्नुपर्ने देखिन्छ।

**सिमरा भवानीपुर गाउँविकास समिति**

१०. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सीमाभित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको लागि रु.२००००।- खर्च यस कार्यालयले व्यहोरेको छ। नियम विपरीत यस्ता खर्च लेख्न बन्द गर्नुपर्ने देखिन्छ।

११. **अधिक पेश्की परिचालन:**स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ बमोजिम पेश्की दिँदा सार्वजनिक निकायले उपभोक्तासँग भएको खरीद सम्झौताको एक तिहाइं भन्दा बढी हुने गरी दिनु हुँदैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले पूजीगततर्फ नियममा तोकिएको एक तिहाइंको सिमा नाघी रु.१४३०००।- पेश्की परिचालन भएको देखियो। नियमको पालना नहुनु यसको कारण रहेको छ। यसबाट पेश्की दिएको रकम सोहि प्रयोजनमा खर्च नहुने, पेश्की फछ्यौट नहुने तथा पेश्कीको दुरुपयोग हुने संभावना रहन्छ। अतः नियममा उल्लेख भएकोभन्दा बढी रु.१४३०००।- पेश्की परिचालन भएको नियन्त्रण गर्नुपर्दछ।

१२. **आनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (ढ) मा खण्ड (ड) बमोजिम कायम भएको उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित ५ योजनाको सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाईएन ।कार्यविधिको व्यवस्था तथा सम्झौता विपरीत कम जनसहभागिताको रु.१८६२०७।- को कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउनु पर्दछ। अन्यथा असुल गर्नुपर्दछ।

**लक्ष्मीपुर दोस्तीया गाउँविकास समिति**

१३. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको लागि रु.१७२०००।- खर्च यस कार्यालयले व्यहोरेको छ । नियम विपरीत यस्ता खर्च लेख्न बन्द गर्नुपर्ने देखिन्छ ।

१४. **सार्वजनिक परीक्षण** :स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट अनुसार परीक्षण गरेका सवै योजनामा उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गरेकोमा नियमावलीले तोकेबमोजिमको विवरण नखुलाई केवल सार्वजनिक परीक्षणको नमूना फाराममा उपभोक्ता समितिको अध्यक्षले हस्ताक्षर गरी फाराम मात्र संलग्न गरेको छ । सवै विवरण खुलेको सार्वजनिक परीक्षण नगराई भुक्तानी गर्न मिल्दैन । नियममा भएको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ ।

१५. **पेश्की परिचालन :**स्थानीय निकाय आथिंक प्रशासन नियमावली, २०६४ बमोजिम पेश्की दिँदा सावंजनिक निकायले उपभोक्तासँग भएको खरीद सम्झौताको एक तिहाइं भन्दा बढी हुने गरी दिनु हुँदैन भन्ने व्यवस्था रहेको छ। कार्यालयले पूजीगततर्फ नियममा तोकिएको एक तिहाइंको सिमा नाघी निम्नानुसार पेश्की परिचालन भएको देखियो । नियमको पालना नहुनु यसको कारण रहेको छ। यसबाट पेश्की दिएको रकम सोहि प्रयोजनमा खर्च नहुने, पेश्की फछ्यौट नहुने तथा पेश्कीको दुरुपयोग हुने संभावना रहन्छ। अत : नियममा उल्लेख भएको भन्दा बढी रु.३०३०००।- पेश्की परिचालन भएको नियन्त्रण गर्नु पर्दछ ।

१६. **विलको भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(ढ) मा खण्ड (ड) बमोजिम कायम भएको उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ। यस वर्ष सञ्चालित ४ योजनाको सम्झौता रकमभन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाइएन । कार्यविधिको व्यवस्था तथा सम्झौता विपरीत कम जनसहभागिताको रु.१०५०७७।- को कार्य सम्बन्धित उपभोक्ता समितिबाट गराउनु पर्दछ ।

१७. **अग्रिम आयकर :** आयकर ऐन २०५८को दफा ८८ अनुसार लेखापरीक्षण शुल्क वापत भुक्तानी हुदाँ १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँ विकास समितिको अन्तीम लेखापरीक्षण गर्न उद्धव कुमार भट्टराई रु.२३३००।- भुक्तानी हुदाँ १५ प्रतिशत रु.३४९५।- कर कट्टा गर्नुपर्नेमा ११२५।- मात्र कट्टा गरेको देखियो । घटी असुल भएको रु.२३७०।- असुल गरी संचितकोषमा दाखिला गर्नुपर्दछ ।

**प्रतापुर पल्टुवा गाउँ विकास समिति**

१८. **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मा मातहत कार्यालयको लागि तालुक मन्त्रालय/विभागवाट रकम खर्च गर्ने अख्तियारी दिने र मातहतका कार्यालयले तालुक कार्यालयवाट प्राप्त अख्तियारीको सिमा भित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित अन्य कार्यालयको लागि रु.२००००।- खर्च यस कार्यालयले व्यहोरेको छ । नियम विपरीत यस्ता खर्च लेख्न बन्द गर्नुपर्ने देखिन्छ ।

१९. **सार्वजनिक परीक्षण** :स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २५(२६) मा उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट अनुसार परीक्षण गरेका सवै योजनामा उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गरेकोमा नियमावलीले तोकेबमोजिमको विवरण नखुलाई केवल सार्वजनिक परीक्षणको नमूना फाराममा उपभोक्ता समितिको अध्यक्षले हस्ताक्षर गरी फाराम मात्र संलग्न गरेको

छ। सवै विवरण खुलेको सार्वजनिक परीक्षण नगराई भुक्तानी गर्न मिल्दैन। नियममा भएको व्यवस्थाबमोजिम सार्वजनिक परीक्षण गराउनु पर्दछ।

२०. **कार्य सम्पन्न प्रतिवेदन:** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(५)(ध) मा उपभोक्ता समितिले गरेको निमाण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ। कार्यालयले जिविस कोष पूँजीगतबाट एक योजनाको कार्यसम्पन्न प्रतिवेदन पेश भएन। आवश्यक प्रमाणको आभावमा उक्त कार्यक्रमहरु तोकिए बमोजिम कार्य सम्पन्न भएको भन्ने आधार एकिन हुन नसक्ने र योजनाको लक्षित उद्देश्य हासिल हुन नसक्ने देखिन्छ। अतः नियमावलीको नियम १५५(५)(घ) बमोजिम कार्यालयबाट रु.११ लाख ७३ हजार १५० कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

२१. **अग्रिम आयकर :** आयकर ऐन, २०५८को दफा ८८ अनुसार लेखापरीक्षण शुल्क वापत भुक्तानी हुँदा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ। गाउँ विकास समितिको अन्तीम लेखापरीक्षण गर्न रु.२३३००।- भुक्तानी हुदाँ १५ प्रतिशत रु.३४९५।- कर कट्टा गर्नु पर्नेमा ११२५।- मात्र कट्टा गरेको देखियो। घटी असुल भएको रु.२३७०।- असुल गरी संचितकोषमा दाखिला गर्नु पर्दछ।

२२. **पेश्की जिम्मेवारी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९१(१) मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो फछ्र्यौट हुने बाँकी रहेको पेश्की रकमको नामनामेसी सहित के, वापत पेश्की गएको हो सो समेत खुलाइं अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नुपर्ने र यसरी जिम्मेवारी पेश्की रकम यस नियमावली, बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट पेश भएको विवरण अनुसार गा.वि.स.तर्फ गत वर्षको पेश्की जिम्मेवारी रु.७,७७४,७४८।-रहेको छ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ९७लाख १८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ९४ लाख ९ हजार रहेको छ।

# गढीमाई गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७ लाख रु.६५ हजार र यो वर्ष आय रु.४ करोड ८८ लाख ४३ हजार समेत रु.४ करोड ९६ लाख ८ हजार आम्दानी भएकोमा रु.४ करोड २१ लाख ३८ हजार खर्च भई रु.५२ लाख ६८ हजार मौज्दात रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी :** गाउँ विकास समितिहरुको २०७३ फाल्गुण मसान्तको मौज्दात कायम भएको गाउँपालिका वा नगरपालिकामा जिम्मेवारी सार्नुपर्नेमा कार्यालयले निम्नानुसार विभिन्न गाउँ विकास समितिहरुबाट सार्नुपर्ने जिम्मेवारी एकमुष्ठ देखाएकोले यकिन हुन सक्ने अवस्था नरहेकोले गाउँ विकास समितिहरुबाट रकम रु.२२००६२६।३८ जिम्मेवारी सारेको वा नसारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यन्यन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदाँ नं. ६.३ मा गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र सथानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँ विकास समितबाट के कति सम्पत्ति हस्तान्तरण भएको हो सो सम्बन्धमा लगत तयार गरेको देखिएन । अतः कार्यालयले गाउँ विकास समितिबाट हस्तान्तरण भई आएको सम्पत्तिको लगत तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

३. **अभिलेख:**स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजू संपरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गतको साविकका छ वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजूको अभिलेख गाउँपालिका/नगरपालिकामा खडा गरी राख्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गर्दा खरिद योजना तयार नगरेको, उपभोक्ता समितिले अनुगमन मूल्याङ्कन नगरेको, सञ्चालित आयोजनाको जाँचपास तथा फरफारक नगरेको, क्षेत्रगत खर्चको विवरण तयार नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

५ **लागत अनुमान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने तथा सोही ऐनको दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी रु.३५३७१२५।-को कार्यालय सम्बन्धि मालसामान टुक्रा टुक्रा पारी खरिद गरेको पाईएकोले अनियमित देखियो ।

६ **प्रोत्साहन भत्ता :** कर्मचारीहरुको सेवा सुविधा निजामति ऐन, नियमावली, तथा प्रचलित कानुन बमोजिम हुनुपर्दछ । कार्यालयमा कार्यरत विभिन्न कर्मचारीहरुलाई विशेष प्रोत्साहन भत्ता स्वरुप रु.२७४६१३।- दिएको देखियो । कर्मचारीहरुको दिएको उक्त प्रोत्साहन भत्ता प्रचलित ऐन कानुन विपरीत देखिएकोले उक्त खर्च समर्थन गर्ने पदाधिकारबाट रु.२७४६१३।- असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

७ **तलव:**कार्यालयको लागि आवश्यक जनशक्ति स्वीकृत दरबन्दी अनुसार नियुक्त गर्नुपर्दछ । कार्यालयले स्वीकृत दरबन्दी वेगर कानुनी सल्लाहकारको नियुक्त गरी तलब खर्च रु.३७५३०।- खर्च लेखेको पाईयो । दरबन्दी वेगर नियुक्त गर्ने पदाधिकारी तथा उक्त खर्च समर्थन गर्ने पदाधिकारीबाट उक्त रकम रु.३७५३०।- असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

८ **शीर्षक फरक:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलेचालुप्रकृतिको कार्यको लागि रु.३०२८३९.०० पूँजीगत शीर्षकबाट भुक्तानी गरेको देखिन आएकोले नियमित भएको देखिएन ।

९ **बिल वेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खाना खाजाको बील भरपाई वेगर रु.२४०००।- भुक्तानी दिई खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१० **मूल्य अभिवृद्धी कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई रु.२८३८३६८।- (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भुक्तानी दिएको रु.३२६५३८।- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो ।

११ **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले वडा कार्यालयहरुलाई दिएको पेश्की रु.३०६४२४१२।- फछ्र्यौट नगरको भनी आन्तरिक लेखापरीक्षणबाट औंल्याईएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**समनपुर गाउँ विकास समिति**

१२ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.११६५७००।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

१३ **नगद दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) आफ्नो जिम्मामा रहेको नगद मौज्दात दाखिला गर्न पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवाना समेत नगद दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको एक कर्मचारीको जिम्मामा रहेको नगद मौज्दात रु.१८८६३।- हालसम्म बैंक दाखिला नगरेकोले पच्चिस प्रतिशत जरिवाना रु.४७१५।- समेत रु.२३५७८।- नीजबाट असुल गरि स्थानीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

१४ **कार्यक्रम सञ्चालन:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा खर्चको कलमहरुको प्रमाण पुगेको छ भने कुरामा विश्वस्त हुने व्यवस्था छ । कार्यालयले खाना खर्च तथा गाडी भाडाका लागि रु.६२०७५५।- खर्च लेखेकोमा कुन कार्यक्रमको लागि कति जना सहभागिहरुको लागि खाना उपलब्ध गराएको, गाडी भाडा के वापत भुक्तानी गरेको तथा जनजागरण युवा क्लबको विभिन्न कार्यवापत भुक्तानी गरेकोमा जय शंकर स्टेसनरी(६०३८५६४७७) को विलबाट पेश्की फछ्र्यौट गरेको देखिएकोमा उक्त पान नं. सम्बन्धित फर्मको नदेखिएका तथा विविध वेरितको बिलहरु राखी पेश्की फछ्र्यौट गरको देखियो । अतः त्यस विषयमा छानविन गरी वास्तविकता यकिन गर्नुपर्ने देखियो ।

१५ **कच्चावारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेको खर्च अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकिए बमोजिम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानी दिन बाँकीको कच्चावारी वेगर सामाजिक परिचालक श्री शुभलक्ष्मी देवी साहलाई रु.२४०००।- तथा २०७२।७३ मा प्रतिक्षालय निर्माणको लागि बक्यौता रकम भनी रु.२९०५८७।- समेत रु.३१४५८७।- भुक्तानी दिएकोले नियमसम्मत् देखिएन ।

१६ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले समनपुर प्रतिक्षालय निर्माण कार्यको लागि कार्य सम्पादन मूल्यांकन रु.६१५४७०।- भएकोमा रु.७३७९९०।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.१२२५२०।- असुल गर्नुपर्दछ ।

१७ **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.२९२१०००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

१८ **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० मा प्रत्येक महिना भुक्तान भएको मितिले पच्चिस दिनभित्र कट्टा गरिएको कर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न्न भुक्तानीमा कट्टा गरेको कर वापतको रकम रु.१८७५०।- दाखिला नगरेकोले उक्त रकम दाखिला गर्नुपर्ने देखियो ।

**मदनपुर गाउँ विकास समिति**

१९ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.६७६६००।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२० **वजेट खर्च :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालु शिर्षकमा रु.३६२०००।- मात्र निकासा भएकोमा पूँजीगत शीर्षकबाट रु.३२३१८५।- चालु प्रकृतिको कार्यको लागि खर्च गरेको पाईयो । कार्यालयले निकासा भन्दा बढि खर्च पूँजीगतको बजेट चालु शिर्षकमा खर्च गरेकोले रु.३२३१८५।- अनियमित देखियो ।

**गम्हरिया पर्सा गाउँ विकास समिति**

२१ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.३७७३४१४।-बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२२ **बैंक मौज्दात :** २०७४ आषाढ मसान्तमा देखिएको बैंक मौजदात रु.३११०।- स्थानीय संचित कोषमा दाखिला नगरेकोले उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्दछ ।

**संग्रामपुर गाउँ विकास समिति**

२३ **अनुगमन प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले खुल्ला दिशामूक्त कार्यक्रमको अनुगमन गरेवापत खाना, खाजा खर्च वापत रु.२५८३४।- खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

२४ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.२११५००८।५९ बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२५ **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.७०००००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**बरियारपुर गाउँ विकास समिति**

२६ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएकोले गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.७७२६१०।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

२७ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा कार्यालयमा प्राप्त भई आएको मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले फर्निचर खरिद गरी जिन्सी दाखिला वेगर रु.१०७३५०।- भुक्तानी गरेकोले जिन्सी दाखिला प्रतिवेदन तथा मू.अ.कर समायोजन पत्र पेश हुनुपर्दछ ।

२८ **बिल वेगरको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्युत ट्रान्स्फर्मर खरिदको विल वेगर एक कम्पनीलाई रु.४२१४९०।- भुक्तानी गरेकोले विद्युत ट्रान्स्फर्मरको बील तथा उक्त ट्रान्स्फर्मर जडान गरे हो भन्ने सम्बन्धमा सार्वजनिक परीक्षण समेत पेश हुनुपर्दछ ।

२९ **शीर्षक फरकः** स्थानीयनिकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(१) तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले चालुप्रकृतिको कार्यको लागि रु.२७७२९९।- पूँजीगत शीर्षकबाट भुक्तानी गरेको देखिन आएकोले नियमित भएको देखिएन ।

३० **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा नेपालमा स्रोत भएको बासिन्दा व्यत्ति/निकायलाई भुक्तानी गर्दा तोकिएको दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने तथा दफा ९० मा प्रत्येक महिना समाप्त भएको पच्चिस दिनभित्र सम्बन्धित आन्तरिक राजशव कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानी गर्दा कर कट्टा नगरेको तथा कर कट्टा गरिएको रकम समेत दाखिला नगरेकोले रु.१४७८७।- अग्रिम आयकर वापतको रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३१ **कर्मचारी संचयकोष :** आर्थिक वर्ष २०७३।७४ मा कार्यालयमा कार्यरत कर्मचारी श्री राधेश्याम राय तथा फेकन पासवानको तलबबाट कर्मचारी संचय कोष वापत कट्टा गरिएको रकम रु.९८१८६।- संचय कोषमा दाखिला नगरकोले उक्त रकम सम्बन्धित कर्मचारीहरुको नाममा कर्मचारी संचय कोषमा दाखिला गर्नुपर्दछ ।

३२ **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.६५२०००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन ।

**धरमपुर गाउँ विकास समिति**

३३ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) मा वील भरपाई सहित लेखा राख्नुपर्ने तथा नियम ४७(१) मा कार्यालयमा प्राप्त भई आएको मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले मोटरसाईकल खरिदको वील भरपाई, बिल बुक तथा जिन्सी दाखिला वेगर रु.२५००००।- भुक्तानी गरेको देखिएकोले जिन्सी दाखिला, बिल बुक पेश हुनुपर्दछ।

३४ **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ९० मा महिना भूक्तान भएको मितिले पच्चिस दिनभित्र कर दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आ.व. ०७२।७३ को लेखा परीक्षण सेवा वापत रु.२३७००।- भुक्तानी गरेकोमा अग्रिम आयकर वापत रु.३५५५।- दाखिला नगरेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

३५ **अग्रिम आय कर :** आयकर ऐन, २०५८ को दफा ८९मा मूल्य अभिवृद्धी करमा दर्ता भएको नेपालमा स्रोत भएको बासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा एक दशमलब पाँच प्रतिशतले स्रोतमा अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सामानहरु खरिद गर्दा स्रोतमा कर कट्टा नगरी भुक्तानी गरेकोले रु.२६५६।- असुल गर्नुपर्दछ।

३६ **भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कुस्ती सम्बन्धि जनचेतना कार्यक्रमको लागि रु.५००००।- खर्च लेखेकोमा बिल भरापाई वेगर रु.१६०००।- खर्च लेखेकोले असुल गर्नुपर्ने देखियो ।

३७ **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा यस वर्षको आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.३४,५०,१३८।- बेरुजू औंल्याईएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ।

३८ **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ। कार्यालयले विभिन्न संस्था तथा कर्मचारीहरुलाई दिएको पेश्की रु.२६५०००।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत फछ्र्यौट गरेको देखिएन।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ४५ लाख २९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.८८ लाख ४३ हजार र पेश्की रु.३ करोड ५१ लाख ८० हजार रहेको छ।

# दुर्गा भगवति गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१२ लाख रु.६३ हजार र यो वर्ष आय रु.४ करोड ५६ लाख ९६ हजार समेत रु.४ करोड ६९ लाख ५९ हजार आम्दानी भएकोमा रु.३ करोड ८६ लाख ४६ हजार खर्च भई रु.४९ लाख ४४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले फर्निचर तथा मेसिनरी सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक गरी रु.२०४३६७३।- खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउँ विकास समितिको जिम्मेवारी हस्तानतरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परिक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले विभिन्न कर्मचारी तथा व्यक्तिहरुलाई दिएको पेश्की रु.२०६३१४३।- हालसम्म फछ्र्यौट नगरेकोले नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिबृदि कर नियमावली, २०५३ को नियम ६(क) मा मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताहरुसंग कारोबार गर्दा मूल्य अभिबृद्धि कर समेत भुक्तानी गरी सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने ब्यवस्था छ । कार्यालयले कारोबारहरुको मूल्य अभिबृदि कर भुक्तानी गरेकोमा आन्तरीक राजस्व कार्यालयमा जानकारी गराएको छैन । नियमको पालना गरी मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी दिनुपर्दछ ।

### भलोहिया गाउँ विकाससमिति

५. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१६०६६२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

६. **पेश्की:**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले एक फर्मलाई २ लाई १०८ वटा रिङको प्रतिगोटा रु.३५००।- दरले रु.३७८०००।- पेश्की रकम भुक्तानी गरेकोमा हालसम्म फछ्र्यौट नगरेकोले फछ्र्यौट गर्नुपर्दछ ।

७. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले शौचालय निर्माणको लागि भुक्तानी गरेको रु.६४७५३६।-बिल भरपाई नभएकोले विल भरपाई पेश गर्नुपर्दछ । विल भरपाई बेगरको खर्च असुल गरी दाखिला गर्नुपर्दछ ।

८. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले मोटर साइकल रु.२०३०००।- खरीद गरी भुक्तानी गरेकोमा १.५ प्रतिशतले हुने रु.२५५८।-अग्रिम कर कट्टा गरेको छैन । कर कट्टा नभएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

### गंगा पिप्रा गाउँ विकास समिति

९. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१४८४९८१।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१०. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले एक कर्मचारीलाई लक्षीत समुह कार्यक्रम रु.३२५०००।– उपलब्ध गराएकोमा रु.६३०००।– पेश्की फछ्र्यौट हुन बांकी देखिएकोले फछ्र्यौट गर्नुपर्दछ।

११. **भुक्तानी :** गाउँ विकास समितिमा कार्यरत सचिवलाई जिल्ला समन्बय समिति रौतहटबाट प्रोत्साहन भत्ता भनि तोकिएको मापदण्ड पुरा गरेकोहरुलाई तलबको ५० प्रतिशत भत्ता दिएको छ । कार्यालयले गांउ परिषद्को २०७३।५।२५ को निर्णय भनी गा.वि.स.अनुदानबाट ५० प्रतिशत कर्मचारीलाई तलब भनी प्रतिमहिना रु.११७५०। का दरले कर्मचारीलाई रु.५८७५०। भुक्तानी गरेको देखियो। दोहोरो भत्ता नपाउनुको साथै नेपाल सरकारको अनुदानबाट भत्ता खर्च लेख्न मिल्ने देखिदैन भने दोहोरो समेत भुक्तानी समेत हुने देखिएकोले नपाउने रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

**मत्सरी गाउँ विकास समिति**

१२. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.५११८००।-देखाएकोमा असुल फछ्र्यौट गराएको छैन। नियमको पालना गरी फछ्यौट गर्नु गराउनु पर्दछ।

१३. **बढि भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले कार्यालय सेवा तथा विविध भनि रु४९८७६।- भुक्तानी गरेकोमा विल रु.३१८७५।- मात्र देखिएकोले रु.१८००१।- बढि भुक्तानी भएको देखिएकोले भुक्तानी गर्नेबाट असुल गर्नुपर्दछ।

१४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यवस्था रहेको छ। कार्यालयले कर्मचारी पदपूर्ति समिति तथा लेखा परीक्षकको पारिश्रमिक रु.९३९७५।- भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु.१०६७५।-अग्रिम कर कट्टा गरेको छैन। कर कट्टा नभएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ।

**बडहर्वा गाउँ विकास समिति**

१५. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१३०५०५५।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन। नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ।

१६. **जग्गा खरीद :** उपभोक्ताले जग्गाखरीद गरी गा.वि.स.ले भवन तथा अन्य निमार्ण गर्नुपर्नेमा नयाँ प्राथमिक विद्यालय बडहर्वाका लागि रु.६०००००।- को जग्गा नै खरीदमा खर्च लेखेको देखियो। अनुदानको रकमबाट जग्गा खरीद गर्नु नियमसंगत् भएन।

**पचरुखी गाउँ विकास समिति**

१७. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.९५२५१०।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन। नियमको पालना गरी फछ्यौट गर्नु गराउनु पर्दछ।

१८. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रीम कट्टी गरी रकम भुक्तानी गर्नुपर्दछ। कार्यालयले एक अधिबक्तलाई रु.३००००।- बहस पैरबी पारीश्रमिक भुक्तानी गरेकोमा सो को १५ प्रतिशत कर रु.४५००।- कट्टा गरेको छैन। उक्त रकम असुल गरी राजस्व दाखिला नगरेकोले गर्नुपर्दछ।

**सरुअट्ठा गाउँ विकास समिति**

१९. **लेखापरीक्षण**: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ११६(२) मा आर्थिक कारोबारको जिम्मा लिने पदाधिकारीले आर्थिक बर्षको अन्तमा आर्थिक विबरण तयार गरी आन्तरिक लेखा परीक्षण गराएर मात्र सरुवा बढुवा भएमा सम्बन्धित मन्त्रालयको सचिबको स्वीकृतीमा मात्र रमाना दिनु पर्ने उल्लेख छ। दुर्गा भगवति गाउंपालिका अर्न्तगत सरुअठ्ठा गाउं विकास समितिका सचिब श्री नन्दकिशोर चौधरी २०७३ श्राबण देखि फाल्गुण सम्मको चालु रु.३६२०००।-पूँजीगत निकासा रु.१५३७२७५।- जम्मा रु.१८९९२७५।- खर्च गरेको रकमको र आम्दानी तर्फको समेत आर्थिक बिबरण तयार नगरेको, आन्तरीकलेखापरीक्षण

नगराएको र अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले आर्थिक कार्यबिधि ऐन, २०५५को दफा १६(४) अनुसार प्रतिकोलम रु.५० जरिवाना सहित लेखापरीक्षणको लागि स्रेस्ता पेश हुनुपर्दछ ।

**राजपुर तुलसी गाउँ विकास समिति**

२०. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.२६६३६४९।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

२१. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फाँटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले दिएको पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.१९५७०७।-फछ्र्यौट गर्नुपर्दछ ।

२२. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार लेखापरीक्षकलाई भुक्तानी दिने पारीश्रमिक १५ प्रतिशत अग्रीम कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले लेखापरीक्षक पारिश्रमिक भुक्तानी रु.२५०००।- गर्दा सो को १५ प्रतिशतले हुन रु.३७५०।- कर कट्टी नगरेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

**भेडियाही गाउँ विकास समिति**

२३. **गत विगतको पेश्की :** कार्यालयले गत विगतको पेश्की अल्या गरी बेरुजू अध्याबधिक गर्नुपर्दछ। कार्यालयले यस बर्षसम्म फछ्र्यौट गर्न बाँकी पेश्की बिबरण तयार गरी जिम्मेवारी सारेको देखिएन । पेश्कीको अध्याबधिक अभिलेख राख्नुपर्दछ ।

२४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ कुनै भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सनलाइट मोर्टस गौरबाट मोटर साइकल रु.२०१३२७– को खरिी गरेकोमा सोको १.५ प्रतिशतले हुने रु.३१२०।– कर कट्टी नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.७९ लाख ९० हजार बेरुजूफछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.४५ लाख ४३ हजार र पेश्की रु.२७ लाख रहेको छ ।

# देबाही गोनाही गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१६ लाख रु.८ हजार र यो वर्ष आय रु.३ करोड ९८ लाख ६६ हजार समेत रु.४ करोड १४ लाख ७४ हजार आम्दानी भएकोमा रु.३ करोड ५९ लाख ८३ हजार खर्च भई रु.४८ लाख ३२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउँ विकास समितिको जिम्मेवारी हस्तानतरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परीक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

**करुणीया लक्ष्मीनिया गाउँ विकास समिति**

२. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.३७४८९५।- देखाएकोमा असुल फछ्यौट गराएको छैन । नियमको पालना गरी फछ्यौट गर्नु गराउनु पर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयलले खानेपानी सरसफाई समन्बय समितिलाई खुल्ला दिसा मुक्त कार्यका लागि रु.१४००००।- पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **दोहोरो भत्ता :** कार्य सञ्चालन निर्देशिका, २०७३ छैटौं संस्करण ७.१.४.६ अनुसार प्रोत्साहन भत्ता लागू भएका कार्यालयहरुमाकुनै पनि प्रकारको रकम उपलब्ध नगराइने तथा संघीय मामिलातथा स्थानीयविकास मन्त्रालय ग्रामीण विकास समन्वयशाखाको २०७३।३।२२ पत्रअनुसार प्रोत्साहन भत्ता दिने व्यवस्था गरेको तथा स्थानीय विकास मन्त्रालय प्रशासनको मिति २०६७।११।८ पत्रकुनै पनि सुविधालिननपाइने व्यवस्था छ। कार्य सम्पादनमाआधरित प्रोत्साहन भत्तालागु भए पछि गाउँविकास समितिकागा.वि.स सचिवले शुरु तलवमानको ५० प्रतिशतका दरले तीनमहिनाको प्रोत्साहनभत्ताभुक्तानी रु.३० हजार भुक्तानीभएको देखियो। कानूनविपरीत प्रोत्साहनभत्ताखर्च लेखको रु.३० हजार ना.सु शोभाकान्त ठाकुरबाट असुल गरी संघीय संचितकोषमादाखिलागर्नुपर्दछ ।

५. **नगदवितरण:** स्थानीयनिकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा खर्च गर्न निषेध गरिएका विषयअन्तर्गत १(६) मा दामासाही वा भागवण्डाको हिसाबले रकम बाँडफाँड गर्न निषेध गरिएको छ । यस देवाहीगुनाहीको गाउँपालिकाको संयुक्त वडा कार्यालय वडा नं.१,२ लाई खुल्लादीसा मुक्त घोषणा गर्न प्रतिघर रु.२०००।- का दरले जम्मा रु.१४ लाखनगदै वितरण गरेको देखियो । कार्यविधिले निषेध गरेको कार्यमा खर्च गरी नगद रकम बाँडफाँड गर्नाले कार्यविधिको ठाडो उल्लंघन भएको देखियो । तसर्थ कार्यविधिविपरीत गरेको रु.१४ लाख नियमित देखिएन ।

६. **अन्यकार्यालयको खर्च :**आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ मामातहतकाकार्यालयको लागितालुक मन्त्रालय/विभागबाट रकमखर्च गर्ने अख्तियारी दिने र मातहतकाकार्यालयले तालुककार्यालयबाट प्राप्तअख्तियारीको सीमाभित्र रहेर खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्थाभएकाजिल्ला स्थित अन्य कार्यालयको ३ कार्यालयहरुलाई रु.१८००००।- खर्च यस कार्यालयले व्यहोरेको छ । नियमानुसार यस्तो खर्च लेख्न बन्दगर्नुपर्ने देखिन्छ ।

७. **अग्रिमआयकर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार पचास हजार रुपैयाँभन्दा बढीकोरकमभुक्तानीदिंदाभुक्तानीको कूल रकममा एक दशमलवपाँचप्रतिशतका दरले कर कट्टीगर्नुपर्ने व्यवस्था छ । विद्युत लाईन ट्रान्स्फर्मर खरिद वापत भुक्तानी रु.३७ लाख ८२ हजार २२९ भुक्तानी हुँदा अग्रिम कर वापत रु.४३ हजार ६४२ कर कट्टा गरेको देखिएन । नियमअनुसार रु.४३ हजार ६४२ अग्रिम कर दाखिलानगरेकोले दाखिला गरी संचित कोषमादाखिलागर्नुपर्दछ ।

८. **विल भरपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७६) उपभोक्ता समितिवालाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिकमूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्यकागजातत्यस्तो समितिवा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिकनिकायमा पेश

गर्नुपर्नेछ । कार्यालयबाट संचालित सम्पूर्ण निर्माण कार्यहरुको विल भरपाई कार्यालयमा पेश गरेको देखिएन्। यसरी विल भरपाई नहुँदा खर्चको यर्थाथताको परीक्षण गर्न नसकिने भएकोले नियमानुसार सम्पूर्ण योजनाको विल भरपाई पेश गरी लेखा राख्नुपर्दछ ।

९. **भुक्तानीको जानकारी** :मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) बमोजिम ठेक्कादिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धितआन्तरिक राजस्वकार्यालयमादिई कर भुक्तानी सम्बन्धित ठेकदारलाई गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न देहायका आपूर्तिकर्ता तथा निर्माण व्यवसायीलाई रु.५९०६००।- भुक्तानीहुँदा मू.अ.कर वापत रु.७६७८८।-भूक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । नियमावलीको व्यवस्था अनुसार जानकारी नदिँदा दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएको हुँदा रु.७६ हजार ७८८ को कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

**देवाही गाउँ विकास समिति**

१०. **नगद मौज्दात :** कार्यालयले नगद मौज्दात देखाएको रकम समयमै दाखिला गरेको हुनुपर्दछ । कार्यालयले २०७३ फाल्गुण मसान्तमा बाँकी देखाएको रु.४५००।- हालसम्म पनि दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ।

११. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विवरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१२२९५६५।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

**कर्कच कर्मैया गाउँ विकास समिति**

१२. **कर्मचारी संचयकोष** : प्रा.स. श्री अनुठा महतोको २०७३ श्राबणदेखि कार्तिकसम्म बढि संचय कोष दाखिला भएको देखिएकोले असुल गरी रु.५,३२०।- दाखिला गर्नुपर्दछ ।

१३. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विवरणमा गत विगतको फछ्र्यौट हुन बाँकी पेश्की रु. ३०५१५१६।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले एक सप्लायर्सलाई रु.२८४७२५।- भुक्तानी गरेकोमा अग्रिम कर कट्टा गरेको छैन । कर कट्टा नभएकोरु.४२७१।-असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

**प्रेमपुर गोनाही गाउँ विकास समिति**

१५. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१७५९९४०।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१६. **बैंक मौज्दात :** यस कार्यालयको बैक खातामा २०७४ आषाढ मसान्त पछि रु.३२५३८६।-देखिएकोमाउक्त रकम र गाउंपालिका फिर्ता गरेको नदेखिएकोले उक्त बाँकी रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ ।

१७. **आषाढ पछिको खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ अनुसारएक आर्थिक वर्षमा विनियोजन गरिएको बजेट सोहि वर्ष खर्च गर्नुपर्ने र बाँकी रहेको रकम फिर्ता गरी पुनः कार्यक्रम स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था छ । यस वडा कार्यालयमा २०७४ आषाढ मसान्तमा रु.९९६२८४।- मौज्दात देखिएकोमा उक्त रकम मध्ये रु.६७०८९८।- २०७४ श्रावणमा खर्च लेखेको देखियो । आर्थिक वर्ष २०७३।०७४ को लागि विनियोजन गरिएको रकम २०७४।७५ मा नयाँ कार्यक्रम नै स्वीकृति नगराई खर्च लेखेकोले उक्त रकम अनियमित देखियो ।

**धरहरी गाउँ विकास समिति**

१८. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ ।

कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.२००७५९७।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्यौट गर्नु गराउनु पर्दछ ।

१९. **बढि भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले कार्यालय समानको भुक्तानी रु.७०००।-गरेकोमाबिल बेगर खर्च लेखेको देखिएकोले असुल गरी रु.७०००।-दाखिला गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२७ लाख ७ हजार बेरुजूफछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९० हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ७७ हजार र पेश्की रु.१ लाख ४० हजार रहेको छ

# परोहा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ हजार र यो वर्ष आय रु.४ करोड ४४ लाख ४७ हजार समेत रु.४ करोड ४४ लाख ४८ हजार आम्दानी भएकोमा रु.३ करोड ७६ लाख ८० हजार खर्च भई रु.६७ लाख ६८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **जिम्मेवारी :** गाउँ विकास समितिहरुको २०७३ फाल्गुण मसान्तको मौज्दात कायम भएको गाउँपालिका वा नगरपालिकामा जिम्मेवारी सार्नुपर्नेमा कार्यालयले निम्नानुसार विभिन्न गाउँ विकास समितिहरुबाट सार्नुपर्ने जिम्मेवारी एकमुष्ठ देखाएकोले यकिन हुन सक्ने अवस्था नरहेकोले गाउँ विकास समितिहरुबाट रु.२४३९७१४।-जिम्मेवारीसारेको वा नसारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

२. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यन्यन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदाँ नं. ६.३ मा गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र सथानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गाउँ विकास समितबाट के कति सम्पत्ति हस्तान्तरण भएको हो सो सम्बन्धमा लगत तयार गरेको देखिएन । अत: कार्यालयले गाउँ विकास समितिबाट हस्तान्तरण भई आएको सम्पत्तिको लगत तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

३. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ९६२, मिति २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा ख र्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ । यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा गाउँपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरि छुट्टै खाता राखेको देखिएन । अत कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थीत गरिनु पर्दछ ।

४. **कारोबारको लेखा:**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको आम्दानी रकमको लेखा दोहोरो लेखांकन प्रणालीमा आधारित रही राख्नुपर्ने व्यवस्था रहेकोमा सात गाउँ विकास समिति तथा वर्तमान गाउँपालिकाले समेत प्राप्त हुन आएको आम्दानीको दोहोरो लेखा प्रणालीमा लेखांकन गरेको देखिएन । अत: गाउँपालिकालाई प्राप्त हुने आय रकमको दोहोरो लेखाप्रणालीको आधारमा अभिलेख राख्नुपर्दछ ।

५. **लागत अनुमान :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धीत कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धीत स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ। उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन। यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ, देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धीत निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ ।

७. **पेश्की:**स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजू संपरीक्षण गर्नुपर्ने व्यवस्था छ। यस

नगरपालिका अन्तर्गतको साविकका छ वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजूको अभिलेख गाउँपालिका/नगरपालिकामा खडा गरी राख्नुपर्दछ ।

८. **आयोजना जाँचपास :**स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३५ मा स्थानीय निकायले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि आवश्यक जाँचवुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्ने तथा आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्ने व्यवस्था छ । गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने गरेको नपाईएकोले नियमावलीको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।

९. **क्षेत्रगत खर्च :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८(३-क) मा अनुसूची-२५ बमोजिम क्षेत्रगत खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले क्षेत्रगत खर्चको विवरण तयार नगरेको कारणले चालु खर्च, लक्षित समूह, पूर्वाधार विकास, प्रवर्धनात्मक कार्य तथा कन्टिन्जेन्सी भएको खर्च सम्बन्धमा यकिन गर्न सक्ने अवस्था नभएकोले क्षेत्रगत खर्च विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०. **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५(१) मा एक लाख रुपैंयाँभन्दा बढीको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले रु.९९१२३६।- मूल्यको मेसिनरी, फर्निचर सामान तथा निर्माण कार्य गर्दा लागत अनुमान तयार नगरेको देखिएकोले नियमको पालना हुनुपर्दछ ।

११. **मूल्य अभिवृद्धि कर :**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा मु.अ.करमा दर्ता भएका करदाताले अनुसूची-१० बमोजिम महिना भूक्तान भएको कर विवरण पच्चिस दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न कार्यको लागि विभिन्न फर्महरुलाई रु.१०७१२६१।- (मू.अ.कर समेत) भुक्तानी दिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइट सर्च गरी हेर्दा नीज करदाताहरु Non-Filerदेखिएकोले आयकर तथा मूल्य अभिवृद्धि कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको नदेखिएकोले उक्त फर्महरुलाई भुक्तानी दिएको रु.१२३२४२।- को मूल्य अभिवृद्धी कर समायोजन पत्र पेश गर्नुपर्ने देखियो ।

**जिंगडवा वेलविछवा गाउँ विकास समिति**

१२. **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.३५,०००।- तथा यस वर्षको पेश्की फछ्र्यौट गर्न बाँकी देखिएको रु.६९००००।- फछ्र्यौट हुनुपर्दछ ।

१३. **बाल पोषण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा रीत पुगे नपुगेको भनी जाँच गर्नुपर्ने व्यवस्था छ । बाल पोषण भत्ता वितरणको लागि रु.२५०६४००।- निकासा भएकोमा रु.२४८३६००।- को फाँटवारी प्राप्त भएकोमा नपुग रकम रु.२२८००।- बैंक दाखिलाको प्रमाण वेगर पेश्की फछ्र्यौट भएकोले रु.२२८००।- बैंक दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

**तेजापापड गाउँ विकास समिति**

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा नेपालमा स्रोत भएको सेवाप्रदायक, आपूर्तिकर्तालाई भुक्तानी गर्दा तोकिएको दरले कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा गर्दा अग्रिम कर वापत रु.४०८९।- दाखिला नगरेको भनी आन्तरिक लेखापरीक्षणबाट औंल्याईएकोमा अन्तिम लेखापरीक्षणसम्म समेत दाखिला नभएकोले उक्त रकम रु.४०८९।- असुल गर्नुपर्दछ।

१५. **बील भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले VWASSकार्यक्रमको लागि रु.११५००००।- खर्च लेखेकोमा रु.२५०००।- को बील भरपाई वेगर खर्च लेखेको भनी आन्तरिक लेखापरीक्षणबाट औंल्याईएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

**लौकाहा गाउँ विकास समिति**

१६. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा आन्तरिक लेखापरीक्षणबाट समेत गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.१९०४६६२।- देखाएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

**बसन्तपट्टी गाउँ विकास समिति**

१७. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.९२४६१४।- देखिएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

१८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा मूल्य अभिवृद्धि करमा दर्ता नभएको सेवाप्रदायक बासिन्दा व्यत्ति/निकायलाई भुक्तानी गर्दा तोकिएको दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले बैठक भत्ता,हल भाडा लगायतको रकम रु.५६३००।- भुक्तानी गर्दा रु.७९७०।- अग्रिम आयकर कट्टा नगरेकोले उक्त रकम असुल गरी राजस्वमा दाखिला गर्नुपर्दछ ।

**रामपुर खाप गाउँ विकास समिति**

१९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(५) मा बासिन्दा व्यत्तिफले नेपालमा स्रोत भएको भाडा भुक्तानी गर्दा दश प्रतिशतका दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले वार्षिक घर भाडा वापतरु.४८०००।- भूत्तानी गर्दा अग्रिम आयकर कट्टा नगरेकोले दश प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम रु.४८००।- असुल गर्नुपर्दछ ।

२०. **विगतको पेश्की :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफ १८ मा कार्यालयले बेरुजू फछ्यौट गरी सोही ऐनको दफा १९ अनुसार सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गत विगत वर्षको बेरुजूको अभिलेख नराखेको, सम्परीक्षण नगराएको तथा गत विगत वर्षदेखिको फछ्र्यौट हुन बाँकी रु.२४११६००।- देखिएकोले उक्त पेश्कीबेरुजू फछ्र्यौट हुनुपर्दछ ।

**नरकटिया गाउँ विकास समिति**

२१. **नगदी दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी पन्ध्र दिनभन्दा बढी ढिलो गरेमा पच्चिस प्रतिशत जरिवान समेत असुली गर्नुपर्ने व्यवस्था छ । कार्यालयका प्राविधिक कर्मचारीले आन्तरिक आयवापतको रकम रु.३८४००।- तथा रु.२७५०।- अन्तिम लेखापरीक्षण अवधिसम्म समेत दाखिला नगरेकोले पच्चिस प्रतिशत जरिवाना रु.१०२८८।- समेत रु.५१४३८।- सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

२२. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९(५) मा बासिन्दा व्यत्तिफले नेपालमा स्रोत भएको भाडा भुक्तानी गर्दा दश प्रतिशतका दरले कर कट्टा गरि भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले ढुवानी भाडा वापत रु.४२५००।- भूत्तानी गर्दा अग्रिम आयकर कट्टा नगरेकोले दश प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम रु.४२५०।- असुल गर्नुपर्दछ ।

२३. **बील वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्राविधिक सहायक श्री जय किशोर महतोले बील भरपाई वेगर रु.२३८११।- फछ्र्यौट गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

२४. **असम्बन्धित खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गा.वि.स. सचिव श्री अब्दुल रब अन्सारीले व्यक्तिगत ना.३०प.नं.को मोटरसाईकलको कर वापतको रकम रु.४८०६।- खर्च लेखेकोले असुल गर्नुपर्ने देखियो ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४३ लाख ९३ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख ५४ हजार र पेश्की रु.६ लाख ९० हजार रहेको छ ।

# फतुवा बिजयपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ११ हजार र यो वर्ष आय रु.४ करोड २३ लाख २ हजार समेत रु.४ करोड २५ लाख १३ हजार आम्दानी भएकोमा रु.३ करोड ३० लाख ४२ हजार खर्च भई रु.१ करोड ९६ लाख ४० हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले रु.२०८५८१०।- मूल्यको फर्निचर तथा मेसिनरी सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो। कार्यालयले नियम पालना गर्नेतर्फध्यान दिनु पर्दछ।

२. **सार्वजनिक परीक्षण:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ। उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्यसम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन। यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ। देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन। उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धीत निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गराउनु पर्दछ।

३. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ।

४. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा खर्च गरेको रकमको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि विल भरपाई सहित दुरुषत राख्नु पर्ने ब्यबस्था रहेकोमा कार्यालयले खर्चको आन्तरीक लेखापरीक्षण गराएको छैन। नियमावलीको पालना गरी आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ।

५. **सम्पति हस्तान्तरण :** कार्यालयले सावीक गाउंविकास समितिहरुसंग रहेको चल अचल सम्पति कार्यालयको नाममा हस्तान्तरण गराइ सम्पतिको एकिकृत अभिलेख तयार गरेको हुनु पर्दछ। तर कार्यालयले गाउंविकास समितिका सम्पति आफनो नाममा ल्याई जिन्सीको एकिकृत विबरण तयार गरेको छैन। नियमको पालना गरी सम्पतिको हस्तान्तरण गर्नुपर्दछ।

६. **कानुनी सल्लाहकार** : कार्यालयमा स्वीकृत दरबन्दी अनुसारको कर्मचारी करारमा नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु पर्दछ। तर कार्यालयले दरबन्दीमा नरहेको कानूनी सल्लाकार भनि सम्झौता गरी मासिक रु.१२५००।-पर्ने गरी बार्षिक रु.१५००००।- मा सम्झौता गरी यो बर्ष रु.४२५००।- भुक्तानी गरेको छ। उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ।

७. **जिम्मेवारी :** गाउं पालिका कार्यालयले गाउं विकास समितिहरुबाट ०७३ फाल्गुण मसान्त सम्मको बांकी मौज्दात रकम जिम्वारी सारी चालु बर्षको आम्दानी र जम्मा आम्दानी देखाउनु पर्नेमा कार्यालयले यो बर्षको एक मुष्ट आम्दानी देखाएकोले जिम्मेवारी के कति सारेको हो एकिन हुन सकेन। जिम्मेवारी रकम देखाउनु पर्दछ।

८. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ। कार्यालयले दिएको रु.१४२२७६४३।- पेश्की बांकी देखिएकोमा हाल सम्म फछ्र्यौट नगरेकोले असुल फछ्र्यौट गर्नुपर्दछ।

**साबिक टेङ्ग्राहा गाउँ विकास समिति**

९. **बिगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको विबरण अनुसार गत विगत बर्षसम्मको फछ्र्यौट हुन बाँकी पेश्की रु.१४६२९१८।- देखिएकोले फछ्र्यौट गर्न पहल गर्नुपर्दछ।

**सन्तपुर दोस्तीया गाउँ विकास समिति**

१०. **बैक मौज्दात :** कार्यालयको बैक खातामा २०७४ आषाढ मसान्तमा रु.२५३१३।- हालको नगरपालिकाको मुल खातामा मिति २०७४।१०।९ मा दाखिला गरेको भौचर पेश भएको छ।

११. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३(४) मा राजस्व आम्दानी आजको भोली दाखिला गर्नुपर्ने र ७ दिन सम्म ढिलो गरेमा १० प्रतिशत जरीवान र १५ दिन भित्र ढिलो गरेमो १५ प्रतिशत र सोभन्दा बढि ढिलो भएमा २५ प्रतिशत जरीवाना सहित राजस्व दाखिला गर्नुपर्ने ब्यबस्था छ। कार्यालयको एक कर्मचारीले रु.११०११०।- हालसम्म पनि दाखिला गरेको नदेखिएकोले बार्षिक १० प्रतिशत ब्याज रु.११०११।-समेत रु.१२११२१।- असुल गर्नुपर्दछ।

१२. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। एक कर्मचारीको नाममा रहेको रु.८८२७५।- पेश्की बांकी देखिएकोले फछ्र्यौट गर्नुपर्दछ।

१३. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार कट्टी गरी राखेको अग्रिम कर राजस्व कार्यालयमा दाखिला गरेको हुनुपर्दछ। कार्यालयले कट्टी गरी राखेको तथा कट्टा नगरेको अग्रिम कर दाखिला नगरेकोले रु.४८८७-असुल गरी दाखिला गर्नुपर्दछ।

१४. **बिगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालययले पेश गरेको विवरण अनुसार गत विगत बर्षसम्मको फछ्र्यौट हुन बांकी पेश्की रु.३०७७०४१।- देखिएकोले फछ्र्यौट गर्न पहल गर्नुपर्दछ।

**साबिक फतुवा हर्षाहा गाउँ विकास समिति**

१५. **बैंक मौज्दात :** कार्यालयको बैक. खातामा ०७४ आषाढ मसान्तमा रु.१५६।-देखिएकोमा उक्त रकम र गाउँपालिका फिर्ता पनि गरेको नदेखिएकोले उक्त रकम गाउँपालिका फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ।

१६. **बिल भरपाई**: आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले ह्यूम पाइप खरीद भुक्तानी रु.११५४५२।- भुक्तानी गर्दा रु.८४७५०।-को विल प्रतिलिपी रहेको देखिएकोले असुल गरी दाखिला गर्नुपर्दछ।

**लक्ष्मीनीया दोस्तीया गाउँ विकास समिति**

१७. **नगद मौज्दात :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा राजस्व आम्दानी आजको भोली दाखिला गर्नुपर्ने र ७ दिनसम्म ढिलो गरेमा १० प्रतिशत जरीवान र १५ दिनभित्र ढिलो गरेमो १५ प्रतिशत र सोभन्दा बढि ढिलो भएमा २५ प्रतिशत जरीवाना सहित राजस्व दाखिला गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले पेश गरेको आय ब्यय विबरणमा नगद मौज्दातमा गत बर्षको जिम्मेवारी नगद भनि रु.१७१२१२।- देखाएकोमा हालसम्म बैक दाखिला गरेको छैन। उक्त रकम जिम्मा लिने कमचारी समेत उल्लेख भएको छैन। उक्त रकमको बार्षिक १० प्रतिशत जरीवाना रु.१७१२१।- समेत रु.१८८३३३।- समेत दाखिला हुनुपर्दछ।

१८. **गतबर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालययले पेश गरेको विबरण अनुसार गत विगत बर्षसम्मको फछ्र्यौट हुन बाँकी पेश्की रु.५८७२४९५।- देखिएकोले फछ्र्यौट गर्न पहल गर्नुपर्दछ।

१९. **नगद मौज्दात :**सचिव श्री गोविन्द भण्डारीको नाममा नगद मौज्दात रु.३००६६।– बांकी देखिएकोले असुल गरी गाउँपालिका मुलखातामा दाखिला गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ६८ लाख ७४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकीरहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.२२ लाख ७४ हजार र पेश्की रु.१ करोड ४३ लाख १६ हजार रहेको छ।

# बृन्दावन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३२ लाख १ हजार र यो वर्ष आय रु.५ करोड ९ लाख २० हजार समेत रु.५ करोड ४१ लाख २१ हजार आम्दानी भएकोमा रु.३ करोड ९५ लाख ७६ हजार खर्च भई रु.५१ लाख ८० हजार मौज्दात  रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउङ विकास समितिको जिम्मेवारी हस्तानतरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परिक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ ।

२. **सम्पति हस्तान्तरण :** कार्यालयले सावीक गाउंविकास समितिहरु संग रहेको चल अचल सम्पति कार्यालयको नाममा हस्तान्तरण  गराइ सम्पतिको एकिकृत अभिलेख तयार गरेको हुनु पर्दछ। तर कार्यालयले गाउंविकास समितिका सम्पति आफनो नाममा ल्याई जिन्सीको एकिकृत विबरण तयार गरेको छैन । नियमको पालना गरी सम्पतिको हस्तान्तरण गर्नुपर्दछ।

३. **आम्दानी :** कार्यालयले सबै प्रकारका आन्तरीक आम्दानी लाई देखाई आन्तरीक आय देखाई आय व्यय दखाउनु पर्दछ । कार्यालयले सिलबन्द दरभाउ गर्दा यस बर्ष रु.१०,०००।-आम्दानी गरेको देखियो । उक्त रकमलाई आन्तरीक आयमा समाबेश गरी आयमा देखाएको छैन । सबै आयलाई समाबेश गरी आन्तरीक आयमा देखाउनु पर्दछ ।

### रमौली बैरीया गाउँ विकास समिति

४. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१६८७०५५।– देखाएकोमा असुल फछ्यौट गराएको छैन । नियमको पालना गरी फछयौट गर्नु गराउनु पर्दछ ।

५. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.१९२७९।५० बांकी देखिएको छ । उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

६. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८७ अनुसार अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ ।  कार्यालयले सामान खरिद गरी रु.२९२०४०।- भुक्तानी गरेकोमा कर कट्टी गरेको छैन । कर कट्टा नभएको रकम रु.४३८०।- असुल गरी राजस्वा दाखिला हुनुपर्दछ ।

### विश्रामपुर गाउँ विकास समिति

७. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.४६६२१५३।- देखाएकोमा असुल फछयौट गराएको छैन । नियमको पालना गरी फछयौट गर्नु गराउनु पर्दछ ।

८. **पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले खानेपानी सरसफाई तथा एक कर्मचारीलाई रु.३०००००।- पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

९. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने ब्यबस्था छ । कार्यालयले विश्रामपुर प्रहरी चौकी भवन मर्मत कार्यको उपभोक्ता समितिका अध्यक्ष श्री रामहरी राउत पेश्की फछ्र्यौट रु.१४७०००।- गरेकोमा विल भरपाई पेश गरेको छैन । बिल भरपाई बेगरको रकम असुली गरी दाखिला गर्नुपर्दछ ।

**हर्दियागाउँ विकाससमिति**

१०. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.५८६३५३२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

११. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.३०००।- बांकी देखिएको छ । उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

१२. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले वडा स्तरीय खानेपानी सरसफाई समितिका अध्यक्षलाई भुक्तानी गरेको पेश्की रु.३९५३८८।- पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१३. **बिल भरपाइ** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यको लागि भुक्तानी गरेकोमा विल भरपाई बेगर खर्च लेखेको रु.४४६०००।- असुली गरी दाखिला गर्नुपर्दछ ।

**सखुअवा धमौरा गाउँ विकास समिति**

१४. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.३५८१००५।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१५. **बैक मौज्दात :** कार्यालयको बैंक खातामा ०७४ आषाढ महिनाको अन्तमा रु.१७०९८३।- बांकी देखिएको छ । उक्त रकम नगरपालिका मुल खातामा दाखिला गर्नुपर्दछ ।

**गम्हरीया बिर्ता गाउँ विकास समिति**

१६. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१९९३५१३।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१७. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कर लाग्ने विल रकममा अग्रिम कर कट्टा गरी भुक्तानी दिनुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले एक संस्थालाई कार्यक्रम खर्च वापत विल रकम रु.१०००००।- भुक्तानी गरेकोमा सोमा लाग्ने १.५ प्रतिशत ले हुने रु.१५००।– अग्रिम कर कट्टी गरेको छैन । कर कट्टा नभएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१० लाख ४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकीरहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ३ हजार र पेश्की रु.६ लाख ९५ हजार रहेको छ ।

# बौधीमाई गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१८ लाख ३३ हजार र यो वर्ष आय रु.३ करोड ५८ लाख ९७ हजार समेत रु.३ करोड ७७ लाख ३१ हजार आम्दानी भएकोमा रु.२ करोड ९६ लाख ३६ हजार खर्च भई रु.५६ लाख ८६ हजार मौज्दात रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिदः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.२४९११५५।- मूल्यको फर्निचर तथा मेसिनरी सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२. **सार्वजनिक परीक्षण :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धीत कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्बन्धीत स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ । उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजांच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । केहि योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिदैन । यसवाट निर्धारित समयमा पारदर्शी रुपमा गुणस्तरयुक्त कार्य सम्पन्न भएको छ,देखाएका खर्चका विल भरपाई सहि र यथार्थ छन् भनि विश्वस्त हुने आधार देखिदैन । उपभोक्ता समितिवाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना गराउनु पर्दछ।

३. **बरबुझारथः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ ।

४. **सम्पति हस्तान्तरण :** कार्यालयले गाउँ विकास समितिहरुसंग रहेको चल अचल सम्पत्ति कार्यालयको नाममा हस्तान्तरण गराइ सम्पतिको एकिकृत अभिलेख तयार गरेको हुनुपर्दछ । तर कार्यालयले गाउंविकास समितिका सम्पति आफ्नो नाममा ल्याई जिन्सीको एकिकृत विबरण तयार गरेको छैन । नियमको पालना गरी सम्पतिको हस्तान्तरण गर्नुपर्दछ ।

५. **जिम्मेवारी :** गाउँ पालिका कार्यालयले गाउं विकास समितिहरुबाट २०७३ फाल्गुण मसान्तसम्मको बाँकी मौज्दात रकम जिम्वारी सारी चालु बर्षको आम्दानी र जम्मा आम्दानी देखाउनु पर्नेमा कार्यालयले यो बर्षको एकमुष्ट आम्दानी देखाएकोले जिम्मेवारी के कति सारेको हो यकिन हुन सकेन । जिम्मेवारी रकम देखाउनु पर्दछ ।

६. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न गा.वि.स.हरुलाई रु.१६९६३०६५।-पेश्की भुक्तानी गरेकोमा पेश्की फछ्र्यौट गरेको छैन । नियमको पालना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

### अजगैवी गाउँ विकास समिति

७. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले पेश गरेको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१३०५०५५।- रहेकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

८. **गत बर्षको नगद :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा१३(४) मा कार्यालयमा प्राप्त नगद आजको रकम भोली पल्ट दाखिला गर्नुपर्ने ब्यबस्था रहेको छ । समयमै दाखिला नगरेकोमा १० दिनसम्म दिलो गरे १०प्रतिशत १५ दिन ढिलो गरेकोमा १५ प्रतिशत र १५ दिनभन्दा बढि ढिलो गरेकोमा २५ प्रतिशत जरीवाना समेत असुल गरी बिभागीय कारवाहि हुने ब्यबस्था रहेकोमा कार्यालयले गत बर्षको नगद जिम्मेवारी

रु.२९५३७२।- कार्यालयको एक कर्मचरीको जिम्ममा रहेकोमा हालसम्म दाखिला गरेको छैन । २५ प्रतिशतले हुने जरीवाना रु.७३८४३।-समेत रु.३६९२१५।-निजसंग असुल गरी दाखिला गर्नुपर्दछ ।

९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयलले एक उपभोक्ता समितिलाई बाटो ढलान पेश्की रु.३९००००।- भुक्तानी गरेकोमा हालसम्म फछ्र्यौट गरेको छैन । पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१०. **बैंक मौज्दात :** कार्यालयको बैक खातामा २०७४ आषाढ मसान्तमा बैकमा मौज्दात रहेको रु.७५४१।- गाउँपालिका दाखिला गर्नुपर्दछ ।उक्त रकम र गाउंपालिका फिर्ता पनि गरेको नदेखिएकोले उक्त रकम गाउंपालिका फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ ।

**इनर्वा गाउँ विकास समिति**

११. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.५७२२१२२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१२. **बैंक मौज्दात :** कार्यालयको बैक खातामा २०७४ आषाढ मसान्तमा बैकमा मौज्दात रहेको रु.३०००।- देखिएकोमा उक्त रकम गाउँपालिका फिर्ता पनि गरेको नदेखिएकोले उक्त रकम गाउंपालिका फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१३. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर लाग्ने माल सामान खरीदको भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ। कार्यालयले एक ईन्टरप्राइजेजबाट रु.१३०४३५।– मा मालसामान खरीद गरेकोमा सोको १.५ प्रतिशतले हुने अग्रिम कर रु.१९५६।- कर कट्टी गरेको छैन । उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयलले एक कर्मचारुलाई रु.२३१५०।– भुक्तानी गरेकोमा भौ नं ३८।०७४।४।१९ बाट रु.२०१०५।– बैक दाखिला गरी बांकी रु.३०४५।– हालसम्म पेश्की फछ्र्यौट गरेको छैन । पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

१५. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले खुला दिशा मुक्त कार्यक्रमको लागि रु.१२४००००।– भुक्तानी गरेकोमा विल भरपाई रु.९५००००।– को मात्र देखिएकोले नपुग रकम रु.२ लाख ९० हजार सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

**इनरबारी गाउँ विकास समिति**

१६. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले पेश गरेको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.४२३६५६६।- देखाएकोमा उक्त पेश्की असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ।

१७. **बैंक मौज्दात :** कार्यालयको बैक खातामा २०७४ आषाढ मसान्तमा रु.२२९।-देखिएकोमा उक्त रकम र गाउंपालिका फिर्ता गरेको नदेखिएकोले गाउंपालिकाको खातमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१८. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार कर लाग्ने माल सामान खरिदको भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नु पर्दछ । कार्यालयले एक ईन्टरप्राइजेजबाट रु.१६०८६३।– मा मोटर साइकल खरीद गरेकोमा सोको १.५ प्रतिशतले हुने अग्रिम कर रु.२४१३।– कट्टी गरेको छैन । उक्त रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१९. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले दिएको पेश्की रकम फछ्र्यौट नगरेकोले रु.९५५०००।- फछ्र्यौट गर्नुपर्दछ ।

२०. **अघिल्लो बर्षको भुक्तानी :** लेखाको सर्वमान्य सिद्धान्त अनुसार नगदमा आधारित लेखांकन प्रणालीमा एक अर्थिक वर्षको खर्च सोही आर्थिक वर्षभित्र लेखांकन गर्नुपर्ने तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(२) मा रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था छ ।

गाउँ विकास समितिको कार्यालयले २०७४ श्रावण देखि जारी गरिएको चेकहरु समेत आर्थिक वर्ष २०७३।७४ को आषाढ मसान्तमा रु.९४२७२९।- खर्च लेखेकोले आर्थिक वर्ष २०७४।७५ मा रु.८९२५००।- को चेक जारी गरी खर्च गरेको देखिन्छ तर सो रकम आर्थिक वर्ष २०७३।७४ मा नै खर्च लेखेको पाईयो । कारोबारको लेखांकन नगदमा आधारित सिद्धान्त विपरीत भएकोले उक्त खर्च अनियमित देखियो ।

२१. **संचयकोष :** प्राबिधिक सहायक श्री बालमिकी प्रसाद चन्द्र बंशीको २०७३ श्राबणदेखि २०७४ आषाढ महिनासम्मको संचयकोष दाखिला गर्न बांकी रु.४३८८६।- देखाएको छ । उक्त रकम खाखिला गर्नुपर्ने देखियो ।

**सरमुजवा गाउँ विकास समिति**

२२. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.१३११२८२।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

**पिपरीया गाउँ विकास समिति**

२३. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.४९७०६९६।– देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

२४. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले २ योजनाको लागि पेश्की दिएको रु.११५५७४९।-फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ३५ लाख ६४ हजार बेरुजू फछ्र्यौट गर्न वाँकीरहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.३४ लाख ३४ हजार र पेश्की रु.१ करोड ९४ लाख ६४ हजार रहेको छ ।

# मौलापुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४३ हजार र यो वर्ष आय रु.२ करोड ८९ लाख ८० हजार समेत रु.२ करोड ९० लाख २३ हजार आम्दानी भएकोमा रु.२ करोड ६० लाख ५७ हजार खर्च भई रु.८० लाख ७७ हजार मौज्दात  रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **टुक्रा पारी खरिद:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.१९८२९९७- मूल्यको मेसिनरी तथा फर्निचर सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी देहया अनुसार पटक पटक खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउँ विकास समितिको जिम्मेवारी हस्तानतरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परिक्षण नगरेको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ

३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले वडा नं.४ र ५ लाई दिएको पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.४३५४४०३।- फछ्र्यौट गर्नुपर्दछ ।

### शितलपुर गाउँ विकास समिति

४. **गत बिगत बर्षको पेश्की बांकी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालययले पेश गरेको विबरण अनुसार गत विगत बर्ष सम्मको फछ्र्यौट हुन बांकी पेश्की रु.३२४६३७०।- देखिएकोले फछ्र्यौट  गर्नुपर्दछ।

५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले दिएको पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.१३००००।– फछ्र्यौट गर्नुपर्दछ ।

६. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार कट्टी गरी राखेको अग्रिम कर राजस्व कार्यालयमा दाखिला गरेको हुनु पर्दछ । कार्यालयले कट्टी गरी राखेको तथा कट्टा नगरेको अग्रिम कर दाखिला नगरेकोले रु.१००६०।-असुल गरी दाखिला गर्नुपर्दछ ।

### सोनरनीय गाउँ विकास समिति

७. **बिगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालययले पेश गरेको विबरण अनुसार गत विगत बर्ष सम्मको फछ्र्यौट हुन बांकी पेश्की रु.१२८३००।- देखिएकोले फछ्र्यौट गर्न पहल  गर्नुपर्दछ।

८. **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ अनुसार कट्टी गरी राखेको अग्रिम कर राजस्व कार्यालयमा दाखिला गरेको हुनु पर्दछ । कार्यालयले कट्टी गरी राखेको देहायका कर रु.३९९५२।-राजस्व दाखिला गरेको प्रमाण पेश नभएकोले दाखिला गरेका प्रमाण पेश हुनु पर्दछ ।

९. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२(३) पेश्की लिएको रकम फाँटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले खेलकुद पेश्की रु.५००००।- भुक्तानी गरेकोमा हाल सम्म फछ्र्यौट नगरेकोले फर्छयोट गर्नुपर्दछ ।

### मर्यादापुर गाउँ विकास समिति

१०. **बिगत बर्षको पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ।

कार्यालययले पेश गरेको विबरण अनुसार गत विगत बर्षसम्मको फछ्र्यौट हुन बांकी पेश्की रु.८०००६४।- देखिएकोले फछ्र्यौट गर्न पहल गर्नुपर्दछ।

११. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले सडक मर्मत पेश्की गत वर्ष रु.४५०००।-फछ्र्यौट गरेकोमा विल भरपाई पेश गरेको छैन। विल भरपाई बेगरको खर्च असुल गरी दाखिला गर्नुपर्दछ ।

**गाउँ पतौरा विकास समिति**

१२. **लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ११६(२) मा आर्थिक कारोबारको जिम्मा लिने पदाधिकारीले आर्थिक बर्षको अन्तमा आर्थिक विबरण तयार गरी आन्तरीक लेखा परीक्षण गराएर मात्र सरुवा बढुवा भएमा सम्बन्धित मन्त्रालयको सचिबको स्वीकृतीमा मात्र रमाना दिनु पर्ने उल्लेख छ । मौलापुर गाउंपालिका अर्न्तगत पतौरा गाउं विकास समितिका सचिब श्री नन्द किशोर चौधरी २०७३ श्रावणदेखि फाल्गुण सम्मको चालु रु.३६२०००।- पुंजिगत निकासा रु.१६४२७४५।– जम्मा रु.२००४७४५।- तथा खर्च गरेको रकमको र आम्दानी तर्फको समेत आर्थिक बिबरण तयार नगरेको, आन्तरीक लेखापरीक्षण नगराएको र अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता पेश नगरेकोले आर्थिक कार्यबिधि ऐन, २०५५को दफा १६(४) अनुसार प्रतिकोलम रु.५० जरीवाना सहित लेखापरीक्षणको लागि स्रेस्ता पेश हुनुपर्दछ ।

**पथरा बुधराम गाउँ विकास समिति**

१३. **बिगत बर्षको पेश्की:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालययले पेश गरेको विबरण अनुसार गत विगत बर्षसम्मको फछ्र्यौट हुन बांकी पेश्की रु.२९२३८३९।- देखिएकोले फछ्र्यौट गर्न पहल गर्नुपर्दछ ।

१४. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार कर लाग्ने बिजक रकममा अग्रिम कर कट्टी राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले नेपाल इकरात इन्जिनियरीङ प्रा.लि. हेटौडाबाट रु.५९०६००।-मा ट्रान्सफरमर खरीद गरेकोमा सो को १.५ प्रतिशतले हुने कर रु.८८५९।– कट्टा गरेको छैन् । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१५. **बिजक बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ३६(३)मा खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले विभिन्न कार्यको खर्च भुक्तानीमा बिल भरपाई बेगर भुक्तानी गरेको देखियो । विलबेगरको खर्च रकम १९२४६६।- असुल गरी दाखिला गर्नुपर्दछ ।

१६. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले १२ योजनाको पेश्की रकम फछ्र्यौट नगरेकोले पेश्की रु.१८६६८००।- फछ्र्यौट गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ६ लाख ८० हजार बेरुजूफछ्र्यौट गर्न वाँकीरहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.४० लाख २८ हजार र पेश्की रु.६४ लाख १हजार रहेको छ ।

# राजापुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.११ हजार र यो वर्ष आय रु.४ करोड ४४ लाख ३७ हजार समेत रु.४ करोड ४४ लाख ४८ हजार आम्दानी भएकोमा रु.३ करोड ४८ लाख २ हजार खर्च भई रु.५६ लाख ६२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ ।कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको सम्पत्ति हस्तानतरण नगरेको, पेश्की तथा वेरुजुको अभिलेख हस्तानतरण नगरेको, साविकका गाउँ विकास समितिको जिम्मेवारी हस्तानतरण नभएको, सञ्चालित योजनाको सार्वजनिक परिक्षण नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको जस्ता कैफियत देखिएका छन । जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो ।प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **जिम्मेवारी :** गाउँपालिका कार्यालयले गाउँविकास समितिहरुबाट ०७३ फाल्गुण मसान्त सम्मको बांकी मौज्दात रकम जिम्वारी सारी चालु बर्षको आम्दानी र जम्मा आम्दानी देखाउनु पर्नेमा कार्यालयले यो बर्षको एक मुष्ठ आम्दानी देखाएकोले जिम्मेवारी के कति सारेको हो एकिन हुन सकेन । जिम्मेवारी रकम देखाउनु पर्दछ ।

३. **टुक्रा पारी खरिद :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले रु.१९७७४९९।- मूल्यको मेसिनरी तथा फर्निचर सामानहरु प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक गरी खरिद गरेको देखियो । कार्यालयले नियम पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### पिप्रा भगवानपुर गाउँ विकास समिति

४. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.३१६०२९६।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

५. **नगद मौज्दात :** कार्यालयले नगद मौज्दात देखाएको रकम समयमै दाखिला गरेको हुनु पर्दछ । कार्यालयले २०७३ फाल्गुण मसान्तमा बांकी देखाएको रु.१३१६३।- एक कर्मचारीको नाममा रहेकोले उक्त रकम हालसम्म पनि दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ ।

६. **कर्मचारी कल्याण कोष :** कार्यालयले कर्मचारी कल्याणकोषमा यो बर्ष रु.२२१७०।- दाखिला गरेको देखिएकोले हालसम्म के कति रकम जम्मा रहेको छ एकिन गरी गाउंपालिका दाखिला गर्नुपर्दछ ।

### फतुवा महेशपुर गाउँ विकास समिति

७. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.२४९०००।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

८. **पेश्की :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले ईटा सोलिङ तथा सडक मर्मचको लागि दिएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले पेश्की रु.५००००।- फछ्र्यौट गर्नुपर्दछ ।

९. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार अग्रीम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले मोटरसाईकल खरिद तथा कार्यालय खरिद गर्दा रु.२३९६७०।- भुक्तानी गरेकोमा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेकोले आय कर असुल गरी रु.३ हजार ५९५ राजस्व दाखिला गर्नुपर्दछ।

### राजपुर फरदवा गाउँ विकास समिति

१०. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ ।

कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.८७५१०९।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

११. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालय सडक पि सि सी ढलान का लागि जग देब सहनी मलाहा पेश्कीरु १०००००।- भुक्तानी गरेकोमा हालसम्म पेश्की फछ्र्यौट गरेको छैन । पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

**अकोलवा गाउँ विकास समिति**

१२. **विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.६१३४७१।- देखाएकोमा असुल फछयौट गराएको छैन । नियमको पालना गरी फछयौट गर्नु गराउनु पर्दछ ।

१३. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अग्रीम कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले विभिन्न कार्यक्रम, घर भाडा लगायत अन्य भत्ता वापत रु.२८९००।- भुक्तानी गर्दा अग्रिम कर कट्टा नगरी भुक्तानी गरेकोले असुल गरी रु.४२३५।-राजस्व दाखिला गर्नुपर्दछ ।

**बैरीया गाउँ विकास समिति**

१४. **गत विगतको पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८२(३) पेश्की लिएको रकम फांटवारी सहित तोकिएको अवधिमा विल भरपाई सहित फछ्र्यौट गर्नुपर्ने ब्यबस्था रहेको छ। कार्यालयले देखाएको आर्थिक विबरणमा गत विगतको फछ्र्यौट हुन बांकी पेश्की रु.८०६५५०।- देखाएकोमा असुल फछ्र्यौट गराएको छैन । नियमको पालना गरी फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१५. **जग्गा खरीद :** खरिद गरी गा.वि.स.ले टयांकी निर्माण गर्नुपर्नेमा जग्गा नै खरीद गरेको देखियो । अनुदानको रकमबाट जग्गा खरीद गर्नु नियमसंगत भएन । गाउँ विकास समिति बैरीया विर्ताले बैरीया खानेपानी सरसफाइ समितिको नाममा रु.१२०००००।-को जग्गा खरीद गरेको देखियो । उपभोक्ता समितिले जग्गा खरीद गरे पछि गाउंपालिका तथा नगरपालिकाले निमार्ण कार्य गर्नुपर्नेमा जग्गा खरीदमा रकम खर्च गर्नु उचित भएन ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३३ लाख ७१ हजार बेरुजू रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२१ हजार, नियमित गर्नुपर्ने रु.३२ लाख र पेश्की रु.१ लाख ५० हजार रहेको छ ।

# कलैया उप-महानगरपालिका
## लेखापरीक्षण प्रतिवेदन

उप-महानगरपालिकाको गत वर्षको मौज्दात रु.१४ लाख ९४ हजार र यो वर्षको आय रु.२९ करोड ३० लाख ३३ हजार समेत रु.२९ करोड ४५ लाख २७ हजार आम्दानी भएकोमा रु.२८ करोड १७ लाख ४ हजार खर्च भई रु.१ करोड २८ लाख २३ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस उप-महानगपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन। गठन आदेश वमोजिम गाउँ विकास समितिको नाममा रहेका जिन्सी सामानहरु यकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस उप महानगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा तोकेता पनि आन्तरिक लेखापरीक्षणको प्रभावकारीता देखिएन । आगामी आर्थिक वर्ष देखी प्रभावकारीरुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ।

३. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। यस उप-महानगरपालिकाले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख राख्ने गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम भ्रमण अभिलेख राख्नुपर्दछ।

४. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस उप महानगरपालिका अन्तर्गत साविकका गाउँ विकास समितिहरु मार्फत भएका निर्माण कार्यको लागत अनुमान र प्राविधिक मूल्याङ्कन जिल्ला विकास समिति योजना शाखाका ईन्जिनियरबाट हुने गरेकोमा त्यस्ता निर्माणकार्यहरुको कार्य सम्पन्न प्रतिवेदन पेश नगरी अन्तिम बिल भुक्तानी गरेको देखियो। निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ।

५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस उप महानगरपालिका र साविक गाउँ विकास समितिको समेत गत विगत वर्षको रु.३,९४,३३८६८।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन । यस वर्ष रु.२४,६३,०००।- फछ्र्यौट हुन बाँकी पेश्की रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा उप-महानगरपालिकाले सक्रियता देखाउनु पर्दछ।

६. **चालु खर्च :** अर्थ मन्त्रालयको वजेट कार्यान्वयन निर्देशिका अनुसार पूँजीगत वजेटवाट चालु खर्च (उपभोग खर्च) लेख्न नमिल्ने व्यवस्था छ। यस नगरपालिकाले पूँजीगत अनुदानबाट रु.९१,३६,४३६।- कर्मचारीको तलब भत्तामा खर्च लेखेको छ। निर्देशिका विपरीत खर्च लेखेको रकम नियमसम्मत् देखिएन।

७. **सीमा नाघी खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(क) मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न वा निकासा दिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले चालु बजेट तर्फ स्वीकृत बजेट भन्दा रु.२,९५,९८,७३१।- बढी खर्च लेखेको देखियो। तोकिएको बजेट सीमाभन्दा बढी खर्च लेखेको नियमसम्मत् देखिएन।

८. **कर दाखिला :** आयकर ऐन, २०५८ बमोजिम कट्टी गरिएको कर रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला हुनुपर्दछ । साविक गाउँ विकास समिति समेत यस उप-महानगरपालिकाले यस वर्ष कट्टी गरेको रु.१५,६७,३०७।- कर रकम संचित कोष दाखिला भएको देखिएन । कट्टी गरिएको कर रकम संचितकोष दाखिला हुनु पर्दछ ।

९. **बीमा :** कर्मचारीहरुको मासिक तलब भुक्तानी गर्दा कट्टी गरिएको कर्मचारी सञ्चयकोष, बीमा, नागरिक लगानी कोष लगायतका दायित्वहरु समयमै सम्बन्धित खातामा दाखिला हुनु पर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०७३/७४ मा कट्टी गरेको बीमा वापतको रु.१९,६५,११९।- हालसम्म सम्बन्धित खातामा दाखिला गरेको देखिएन । कट्टी गरिएको बीमा रकम दाखिला हुनु पर्दछ ।

१०. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६३ बमोजिमको अवस्थामा जम्मा गरिएको धरौटी रकम सम्बन्धित व्यक्ति/फर्मको नामबाट तोकिएको धरौटी खातामा जम्मा हुनुपर्दछ । यस नगरपालिकाले धरौटी वापत राखेको रु.५७,०२,२५७।- मध्ये रु.२२,१९,७५७।- को मात्र आर्थिक विवरण तयार पारेको देखियो। बाँकी धरौटी रकम रु.३४,८२,५००।- धरौटी खातामा नराखी सोधभर्ना सापटी फिर्ता शीर्षकमा भुक्तानी दिएको देखियो । उक्त रकमको विवरण समेत पेश हुन नआएकाले नपुग धरौटी रकम सम्बन्धित व्यक्ति/फर्मको नामबाट धरौटी खातामा दाखिला हुनुपर्दछ ।

११. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २२० थान कम्बल खरिद गरी वितरण गरेको भनी रु.१,४९,१६०।- खर्च लेखेकोमा कम्बल वितरण गरेको भरपाई पेश भएन । खर्च प्रमाणित गर्ने पर्याप्त प्रमाण पेश हुनु पर्दछ ।

११.१ कार्यालयले शहरी सामुदायिक सहयोग कोष कलैयालाई रु.१०,००,०००।- ऋण उपलब्ध गराएकोमा ऋण सम्झौता बमोजिम पेश गर्नुपर्ने मासिक प्रगती प्रतिवेदन र वार्षिक प्रतिवेदन पेश गरेको देखिएन । सम्झौता बमोजिम प्रतिवेदन पेश हुनुपर्दछ ।

११.२ कार्यालयलले यो वर्ष विभिन्न शीर्षकबाट विभिन्न खर्चको बिल भरपाई वेगर रु.८,२४,०००।- खर्च लेखेको छ । खर्च प्रमाणित गर्ने कागज प्रमाण पेश हुनुपर्दछ ।

१२. **नगद मौज्दात :** सरकारी रकमको आम्दानी खर्च बैंक कारोबारबाट मात्र गर्नुपर्दछ । कार्यालयबाट पेश भएको आय व्यय विवरणमा रु.२०,४१,९२६।- नगद मौज्दात देखाएको छ । उक्त नगद मौज्दात सम्बन्धित व्यक्तिबाट असुल गरी उप महानगरपालिकाको खातामा जम्मा गरिनु पर्दछ ।

१३. **हिसाब मिलान :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम कार्यालयले आफ्नो आम्दानी मध्ये खर्च नभई बाँकी रहेको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नु पर्दछ । यस वर्ष कार्यालयले घटि मौज्दात देखिएको रु.३,०७,०२७।- हिसाब मिलान भनी देखाएको छ । उक्त रकमको पुष्ट्याई गर्ने प्रमाण पेश हुनुपर्दछ ।

१४. **आन्तरिक आय :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा व्यवस्था भए अनुसार नगरपालिकाले आफ्नो क्षेत्रमा तोकिएको दरमा नबढ्ने गरी नगरपरिषद्बाट पारित दरमा विभिन्न प्रकारको करहरु लगाई आर्थिक अवस्था सवल बनाउन सक्ने र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को अनुसूची ४, ५ र ६ मा करका दरको व्यवस्था गरेको छ । आम्दानी सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन् ।

१४.१. आन्तरिक आयतर्फ संगठित संस्था तथा फमहरुबाट तोकिएको दरमा व्यवसाय कर र वहाल कर उठाउने गरेको देखिएन । उपमहानगरपालिकाको आन्तरिक आय वृद्धि गर्नका लागि व्यवसाय कर र वहाल कर उठाउनु पर्दछ ।

१४.२. पोखरी ठेक्का, बजार ठेक्का, शौचालय शुल्क, पार्किङ्ग शुल्क वापत १३ जनाव्यक्तिबाट रु.१,१७,८४,७८३।- वक्यौता असुल गर्न बाँकी देखिएको छ । वक्यौता रकम असुल गरी आन्तरिक श्रोत वृद्धि गर्नुपर्दछ ।

१४.३. उपमहानगरपालिकाले नगरको सरसफाई कार्यका लागि बिभिन्न संस्थाहरुसँग सम्झौता गरको पाइयो । नगरपालिका र संस्थाहरुबीच भएको सम्झौताको शर्त बमोजिम ती सँस्थाहरुले सरसफाई शुल्क असुल गरी नगरपालिकाको खातामा दाखिला गर्नु पर्दछ ।

१४.४. यस उपमहानगरपालिकाको स्वामित्वमा रहेका १२८ वटा सटरहरुको प्रति सटर मासिक भाडा १,५००।- कादरले संकलन गर्ने गरेको देखिन्छ । जुन चलनचल्तीको भाडा दर रु.७,५००।- भन्दा अत्यन्तै न्यून देखिन्छ। समय सापेक्ष बहाल दरमा पुनरावलोकन गरी नगरपालिकाको आय वृद्धि गर्नेतर्फ ध्यान जानु पर्दछ ।

१४.५. यस उपमहानगरपालिकामा हाल समावेश भएका १५ गाउँ विकास समितिहरुमा एकिकृत सम्पत्ति कर लागू गरेको देखिएन । उपमहानगरपालिकाका सबै वडाहरुमा एकिकृत सम्पत्ति कर अबिलम्ब कार्यान्वयन गरिनुपर्दछ ।

१४.६. यस उपमहानगरपालिकामा समावेश भएका १५ गाउँ विकास समितिहरुमा जारी गरिएका मालपोत रसिदहरुका लागि रसिद नियन्त्रण खाता राख्ने गरेको देखिएन । मालपोत असुल गर्ने सबै वडा कार्यालयहरुमा रसिद नियन्त्रण खाता राख्ने व्यवस्था गर्नु पर्दछ ।

१५. **आर्थिक सहायता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सम्बन्धित स्थानीय निकायको परिषद्‌बाट स्वीकृत कार्यक्रमभन्दा अन्य कार्यमा खर्च गर्न मिल्दैन । यस उपमहानगरपालिकाले यो वर्ष बिभिन्न राजनैतिक दलहरुलाई आर्थिक सहायता वापत रु.४,८६,०००।- खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रम बेगर राजनैतिक दलहरुलाई आर्थिक सहायता दिने कार्य नियन्त्रण हुनुपर्दछ ।

१६. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बिभिन्न ११ जना व्यक्तिसँग पारिश्रमिक कर वापत रु.६८,०९३।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम पारिश्रमिक कर असुल हुनु पर्दछ ।

१७. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बिभिन्न ६ वटा फर्मसँग खरिद कार्य गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.१,५३,६११।- कट्टी गरेको देखिएन। नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ ।

१८. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ३ जना व्यक्तिलाई भाडा वापतको रकम भुक्तानी गर्दा भाडा कर वापत रु.९०३१८।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

१९. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले नगर सरसफाई कार्यक्रमका लागि ३ वटा सँस्थासँग खरिद सम्झौता गरी रु.५४,८६,४००।- भुक्तानी गरेकोमा बोलपत्र आह्वान नगरी सोझै खरिद गरेको देखियो । खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजारभन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस कार्यक्रम अन्तर्गत ३ वटा सँस्थालाई रु.५४,८६,४००।- भुक्तानी गरेकोमा नियमानुसार लाग्ने १.५% अग्रिम कर वापत रु.८२,४७६।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनु पर्दछ ।

**रघुनाथपुर गाउँ विकास समिति**

२१. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले महिला लक्षित कार्यक्रम गर्दा खर्चको बिल भरपाई बेगर रु.५५,१३५।- खर्च लेखेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

२२. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्‌को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१८,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनु पर्दछ ।

२३. **असम्बन्धित खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सम्बन्धित स्थानीय निकायको परिषद्‌बाट स्वीकृत कार्यक्रम बाहेक अन्य कार्यमा खर्च गर्न मिल्दैन । गाउँ विकास समितिको कार्यालयले सम्बन्धित गाउँ विकास समिति बाहेक अन्य गाउँ विकास समितिको खर्च वापत रु.२६,७७५।- भुक्तानी गरेको देखियो । यसरी खर्च लेखिएको असम्बन्धित खर्च वापतको रकम असुल हुनु पर्दछ ।

२४. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बिभिन्न ४ जना व्यक्तिसँग पारिश्रमिक कर वापत रु.३४,१२५।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरेको पारिश्रमिक कर असुल हुनु पर्दछ ।

२५. **अग्रिम कर :**आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बिभिन्न ३ वटा फर्मसँग खरिद कार्य गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.३४,४५०।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ ।

२६. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष २ जना व्यक्तिलाई भाडा वापतको रकम भुक्तानी गर्दा भाडा कर वापत रु.४,६००।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

**भोडाहा गाउँ विकास समिति**

२७. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष बिभिन्न व्यक्तिलाई पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु.५,६२५।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरेको पारिश्रमिक कर असुल हुनु पर्दछ ।

२८. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मोटरसाइकल खरिद र पोलतार खरिद वापत २ आपुर्तिकर्तालाई बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.६,१९४।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनु पर्दछ ।

२९. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सामान ढुवानी वापत ट्रयाक्टर भाडा भुक्तानी गर्दा भाडा कर वापत रु.२०,५००।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

३०. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.४०,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**मटिअर्वा गाउँ विकास समिति**

३१. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

३२. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न ३ वटा कार्यक्रम वापत रु.२,१२,९७५।- को बिल भुक्तानी गरेकोमा खर्च प्रमाणित गर्ने बिल भरपाई पेश गरेको छैन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनु पर्दछ ।

३३. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष १ कार्यक्रम सञ्चालन गरे वापत पारिश्रमिक रकम भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु.१८,०००।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको पारिश्रमिक कर असुल हुनु पर्दछ ।

३४. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष सामान ढुवानी वापत ट्र्याक्टर भाडा भुक्तानी गर्दा भाडा कर वापत रु.४४,९३५।- कट्टी गरेको देखिएन। नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनु पर्दछ।

३५. **लेखापरीक्षण :**स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ५८ (छ) बमोजिम आन्तरिक लेखापरीक्षण शाखाले अन्तिम लेखापरीक्षणका लागि स्रेस्ता तयार पारी राख्नु पर्ने व्यवस्था छ। यस उप महानगरपालिकामा संलग्न हुन आएका साविक बसन्तपुर र महेशपुर गाउँ विकास समितिको लेखा स्रेस्ता लेखापरीक्षणमा पेश हुन आएन। लेखा स्रेस्ता पेश हुन नआएकाले उक्त गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण हुन सकेन। लेखास्रेस्ता पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष उपमहानगरपालिकाको लेखापरीक्षणबाट रु.७ करोड १२ लाख २१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ४७ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ४० लाख २ हजार र पेश्की रु.२४ लाख ६३ हजार रहेको छ।

# जितपुर सिमरा उप-महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

उपमहानगरपालिकाको गत वर्षको मौज्दात रु.३ करोड २६ लाख १५ हजार र यो वर्षको आय रु.१९ करोड ३६ लाख ८२ हजार समेत रु.२२ करोड ६२ लाख ९७ हजार आम्दानी भएकोमा रु.२० करोड ४३ लाख ४ हजार खर्च भई रु.२ करोड १९ लाख ९३ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कर्मचारीले पालना गर्नुपर्ने पदीय र पेशागत आचरण तयार गरी लागू नगरेको, कार्यालयको निरीक्षण पुस्तिकामा सुधार गर्नुपर्ने गरी उल्लेखित व्यहोरा नखुलाएको, मानव संसाधन व्यवस्थापन सम्बन्धी गुरूयोजना तथा नीति तयार नगरेको, निकायले उदेश्य प्राप्तिमा देखा परेका र आइपर्ने सम्भावित जोखिमहरू पहिचान नगरेको, पहिचान भएका जोखिमहरूको मूल्याङ्कन नगरेको, जोखिमको अभिलेख अद्यावधिक नगरेको, जोखिम रोकथाम तथा निराकरणको व्यवस्था नगरेको, जोखिम पहिचान, मूल्याङ्कन र अभिलेखको जिम्मेवारी बाँडफाँड र कार्यान्वयनमा नल्याएको, अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरूजू फछ्र्यौट नगरेको, बेरूजू फछ्र्यौट गर्ने गरी आन्तरिक रणनीति तयार गरी कार्यान्वयनमा नल्याएको, असार महिनामा थप कार्यक्रम स्वीकृत गरी खर्च गरेको, कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी दिने नगरेको, असार महिनामा भएको पूँजीगत खर्च बजेटको तुलनामा २० प्रतिशतभन्दा बढी रहेको, खरिद योजना तयार नगरेको जस्ता कैफियत देखिएका छन्। जसले गर्दा कार्यालयलको आन्तरिक नियन्त्रण प्रर्णाली कमजोर रहेको देखियो। प्रतलित ऐन, नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ बनाउनु पर्दछ।

२. **बैंक समायोजन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। उपनगरपालिकाले २०७४ असार मसान्तमा स्रेस्ता र बैंक फरक देखिएकोमा बैंक समायोजन हिसाब (म.ले.प.फा.नं.१५) तयार गरेको छैन। २०७३ फागुन मसान्तमा साविक गढीमाई नगरपालिकाबाट रु.१,९१,३५,६२२।- जीतपुरसिमरा उपमहानगरपालिकाको खातामा स्रेस्ता अनुसार ट्रान्सफर भई आउनु पर्नेमा रु.१३,०७,११२।- मात्र आएकोले स्रेस्ताभन्दा रु.१,७८,२८,५१०।- घटी आएकोले सो अवधिको बैंक हिसाव मिलान गरेको पाइएन।

३. **प्रशासनिक खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन वमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशत भन्दा बढि रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ। कार्यालयले यो वर्ष आन्तरिक आयबाट रु.२,७३,८०,२२९।- असुल गरेकोमा प्रशासनिक रु.१,४८,८५,२९५।- गरेकोले तोकिएको सीमाभन्दा रु.८०,४०,२३९।- बढी खर्च गरेकोले नियमको पालना गरेको देखिएन।

४. **राजस्व दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा ४ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत र १५ दिन ढिलासम्म ढिलो गरेको भए १५ प्रतिशत र १५ दिनभन्दा बढी ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कानून बमोजिम विभागीय कारबाही समेत गर्ने व्यवस्था छ। कार्यालयले असुल गरेको राजस्व तोकिएको अवधिभित्र दाखिला गर्ने गरेको छैन। अतः नियमानुसार समयमै राजस्व रकम दाखिला गर्न ध्यान दिनुपर्दछ।

५. **धरौटी जफत :** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाताले तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा निजको धरौटी जफत गरी दोश्रो घटीबालालाई सम्झौता गर्न आउन आह्वान गर्नु पर्दछ। उपमहानगरपालिकाले रु.१५,०२,०००।- को कबोल अंक सहित सम्झौता गर्न आह्वान गर्दा सम्झौता गर्न नआएकोमा उक्त बोलपत्रदाताले राखेको धरौटी रु.१,००,०००।- जफत नगरी दोश्रो घटी कवोल गर्नेसँग सम्झौता गरेकोमा पहिलो घटीबालाको धरौटी जफत गरेको देखिएन। छनौट भई सम्झौता गर्न नआएको उक्त निर्माण व्यवसायीको धरौटी जफत गर्नुपर्दछ।

६. **छुट नलिएको :** सरकारी कार्यालयको विज्ञापन तथा सूचना प्रकासन गर्दा गोरखापत्र दैनिकले २५ प्रतिशत र अन्य राष्ट्रिय दैनिकले १५ प्रतिशत कर्पोरेट रिवेट प्रदान गर्ने नीति रहेको छ। कार्यालयले अनुसारका पत्रिकामा विज्ञापन प्रकाशन गर्दा कुनै छुट लिएको पाइएन। कार्यालयले नियमानुसार छुट लिएर मात्र विज्ञापन प्रकाशन गर्नेतर्फ पहल गर्नुपर्दछ।

७. **सार्वजनिक परीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५६(प) मा उपभोक्ता समितिले गरेका कामको लागत मूल्य, कार्यस्थल, लागेको रकम उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्य शुरु गर्ने, सम्पन्न गर्ने मिति समेत खुल्ने गरी सम्बन्धित कार्य स्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नु पर्ने व्यवस्था छ। उपभोक्ता समितिवाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक

नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति सबै योजनामा खोल्ने नगरेको, उपभोक्ता समितिवाट भएको कामको सवै योजना सार्वजनिक परीक्षण गरेको प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन। केही योजनामा सार्वजनीक परीक्षण प्रतिवेदन पेश गरेको भएता पनि त्यस प्रतिवेदनमा खुलाउनुपर्ने सवै व्यहोरा खुलाएको देखिंदैन। उपभोक्ता समितिबाट भएको सबै कार्यको सार्वजनिक परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत गर्ने तथा नियममा भएको व्यवस्थाको पूर्णरुपमा पालना गराउनु पर्दछ।

८. **बरबुझारथ :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ।

९. **जिन्सी हस्तान्तरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानिनोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका नगरपालिका, गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार उपमहानगरपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन। जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब साविक ४ गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको उपमहानगरपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ।

१०. **योजनाको लेखाङ्कन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा प्राविधिक नाप, जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने तथा नियम १२५(२) मा निर्माण कार्यको स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन अनुसार भए/नभएको जाँच बुझ गर्नु, गराउनु पर्ने उल्लेख छ। कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू मार्फत् गराएको कार्यको नापी किताब, रनिङ्ग बिल वा अन्तिम बिल कार्य सम्पन्न प्रतिवेदन लगायतका निर्माण अभिलेखांकन गर्ने अभिलेखहरूमा आयोजनाको स्किम नं., लोकेशन एवं चेनेज खुलाउने गरेको पाइएन। जसले गर्दा प्रारम्भ भएको धेरै वर्षपछि मात्र सम्पन्न हुने क्रमागत आयोजनाहरूमा गत विगतमा भएका कार्यहरू तथा हाल गरिने कार्यहरूबीच दोहोरोपना आउने अवस्था देखियो। तसर्थ यस्ता योजना सञ्चालन गर्दा गराउँदा सोको उचित अभिलेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

११. **फ्रिज** : महालेखा नियन्त्रक कार्यालयको २०७४।३।३० को पत्रानुसार स्थानीय तहमा निकासा भएको अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा निकासा फिर्ता नगरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख गरेकोमा केन्द्रीय बजेटका ४ वटा शीर्षकको रु.४४,११,१३६।- रकम निकासा फिर्ता गरेको देखिएन। उक्त रकम सञ्चित कोष खातामा दाखिला हुनुपर्दछ।

१२. **आन्तरिक लेखापरीक्षण :** स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. ५९ बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षकबाट गराउन सक्ने व्यवस्था छ। गाउँ विकास समितिहरुले २०७३ फालगुण मसान्तसम्म लेखापरीक्षण गराएको भए तापनि गाउँपालिकातर्फ २०७३ चैत्रदेखि २०७४ आषाढ मसान्तसम्म आफू अन्तर्गतका सम्पूर्ण कारोवारहरुको आन्तरिक लेखापरीक्षण गराएको देखिएन। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत तुल्याउन आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ।

१३. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई पछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ।कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षको रु.१,७२,९७,२९६।- पेश्की बाँकी देखिएको छ। यस वर्ष को पेश्की रु.५०,२५,६००।-आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट भएको देखिएन। नियमानुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

१३.१ वडा नं.१९ र २० तर्फ स्वास्थ्य चौकी इनर्वासिरालाई खोप कार्यक्रम सञ्चालन गर्नको लागि दिएको रु.१,१९,६००।- पेश्की हालसम्म फछ्र्यौट भएको देखिएन। नियमानुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

१४. **स्रेस्ता पेश नभएको :** आर्थिक कारोवार गर्ने पदाधिकारीले कानून अनुसार आर्थिक कारोवार गरी सो रकमको लेखापरीक्षण नगराउनु पर्नेमा अमलेखगञ्ज गाउँ विकास समितिको २०७३ श्रावण १ देखि फागुन २७ सम्म र सो पछि जीतपुर सीमरा उपमहानगरपालिकाबाट निकासा गएको रु.६७,८०,६६०।- तथा रामपुर टोकनी गाविसले बाल पोषण तथा सामाजिक सुरक्षा र पूँजीगत खर्च वापत निकासा दिएको रकम रु.९,१३,८७०।- को स्रेस्ता लेखापरीक्षणको लागि पेश भएन। स्रेस्ता पेश गरी लेखापरीक्षण गराउन कार्यालयले पहल गर्नुपर्दछ।

१५. **मूल्य अभिवृद्धि कर :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ अनुसार आम्दानी ठेक्का वापतको कवोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडी लिनु पर्ने

व्यवस्था छ । उप महानगरनगरपालिका भित्रका ४ स्थानमा ढुंगा, गिट्टी र ग्राभेल संकलनको लागि २०७३।७४ को ठेक्का अनुसार मू.अ.कर समेत रु.५४,५७,०२७- आय संकलन गरिएकोमा मू.अ.कर असुल गरेको रकम रु.४,४९,४१३।- राजस्व खातामा जम्मा गरेको नपाइएको उक्त रकम सर्वसञ्चित कोषमा दाखिला गर्नु पर्दछ ।

१६. **कर्मचारी सुविधा** - स्थानीय तहमा कार्यरत १५ जना कर्मचारीहरुलाई २० प्रतिशत प्रोत्साहन भत्ता स्वरुप रु.१,६६,६१५।- र वडा नं १९ र २० का ३ जना कर्मचारीलाई रु.४६,०००।- थप सुविधा परिषद्को निर्णयानुसार दिएको देखियो । यस्तो खर्च केन्द्रीय अनुदानबाट दिन नपाउने हुँदा खर्चमा नियन्त्रण अपनाउनु पर्दछ ।

१७. **जनसहभागीगता :** कार्यालयले देहाय अनुसारका आयोजनामा उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गर्दा उपभोक्ता समितिले कुल लागत अनुमानको ३० प्रतिशत सहभागिता वापतको रुकम नगदै कार्यालयमा राखेको धरौटी रकम रु.१४४७३१।- अन्तिम वील भुक्तानी गर्दा मूल्यांकन अनुसारको पुरै रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो । लागत अनुमान अनुसारको पुरै रकम भुक्तानी गरेपनि उपभोक्ताले नगद सहभागिता वापत धरौटी राखेको रकम कार्यालयको धरौटी खातामा नै रहेको पाइएकोले नगरपालिकाले व्यहोर्ने अंश भन्दा बढी भुक्तानी भएको रकम उपभोक्ताको धरौटी खाताबाट राजस्व खातामा जम्मा गर्नुपर्दछ ।

१८. **दर विश्लेषण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्दछ । साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययी हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा निश्चित दरको आधारमा सम्झौता गरी रकम भुक्तानी गर्ने गरेकोमा ४ वटा उपभोक्ता समितिलाई बढी दरमा भुक्तानी गरेको पाइयो । यसरी भुक्तानी गर्दा रु.१,९८,४७४।- बढी व्ययभार परेको छ ।

१९. **मूल्य अभिवृद्धि कर :** प्राथमिक स्वास्थ्य केन्द्र सिमराको अधुरो भवन रङ्गरोगन गर्ने कार्यको सुरु लागत अनुमान रु.४,२४,७९४।- गर्दा निर्माण सामग्रीको दर विश्लेषण गर्दा मू.अ.कर समेत समावेश गरेर लागत अनुमान तयार गरी त्यसरी आएको रकममा पुन मू.अ.कर समावेश गरी कुल लागत अनुमान तयार गरेको पाइयो । यसले गर्दा भवन निर्माणको लागत बढेको छ । यसरी कायम भएको मूल्यमा ठेक्का सकार गरेको निर्माण व्यवसायीले रु.४,२१,०७१।- मा ठेक्का सम्झौता गरेको छ । निर्माण सामग्रीमा दोहोरो मु.अ.कर समावेश गर्ने गरी लागत अनुमान तयार गरेकोले लागत अनुमान वास्तविकतामा आधारित छैन । यसरी लागत अनुमान तयार गर्ने प्राविधिकलाई सचेत गराउनु पर्दछ ।

१९.१ छटिमाई अधुरो पोखरीको शुरु लागत अनुमान रु.४,९९,८५७- तयार गर्दा निर्माण सामग्रीको दर विश्लेषणमा मू.अ.कर समेत समावेश गरेर दर विश्लेषण तयार गरी त्यसरी आएको रकममा पुन मू.अ.कर समावेश गरी कुल लागत अनुमान तयार गरेको पाइयो । यसले गर्दा भवन निर्माणको लागत बढेको छ । यसरी कायम भएको मूल्यमा ठेक्का सकार गरेको निर्माण व्यवसायीले रु.४,९९,२३८।- मा ठेक्का सम्झौता गरेको छ । निर्माण सामग्रीमा दोहोरो मू.अ.कर समावेश गर्ने गरी लागत अनुमान तयार गरेकोले लागत अनुमान वास्तविकतामा आधारित छैन । यसरी लागत अनुमान तयार गर्ने प्राविधिकलाई सचेत गराउनु पर्दछ । लागत अनुमान तयार गर्दा जिल्ला प्राविधिक कार्यालय, कलैयाले तयार गरेको मू.अ.कर बाहेकको दरको आधार रु.४४,३४४।- बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

२०. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार गरी सोही नियमावलीको नियम १४ बमोजिम त्यस्तो लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १४८ अनुसार गठित जिल्ला दररेट निर्धारण समितिबाट निर्धारण भएको दर समेतलाई आधार लिनुपर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालयले तयार गरेको फलामे डण्डी काट्ने बाध्ने र निर्माण स्थलमा राख्ने कार्यको लागि नेपाल सरकारको स्वीकृत नर्म्स र बारा जिल्लाको जिल्ला दररेट अनुसार फलामे डण्डीको जिल्ला दररेट अनुसारको मूल्यमा मू.अ.कर समेत थप गर्दा प्रति केजी रु.९८।२६ हुने गरी दर विश्लेषण स्वीकृत गरेको छ । कार्यालयले फलामे डण्डीको रु.१०३।६८ को दरले भुक्तानी दिने गरी लागत अनुमान स्वीकृत गरेकोले आयोजनामा रु.२,२६,५९०।- बढी व्ययभार परेको छ ।

२१. **बिल भरपाई :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्राथमिक स्वास्थ्य केन्द्र सिमराको अधुरो भवन रङ्गरोगन गर्ने कार्यको लागि कार्यालयबाट रु.४,२५,०००।- खर्च लेखेकोमा रु.४,२१,०७१।- को मात्र वील भपाई पेश भएकोमा बिल भरपाई बेगर खर्च लेखेको रु.३,९२८।- असुल हुनुपर्दछ ।

२१.१ वडा नं. १९ र २० अन्तर्गत स्वास्थ्य चौकी इनर्वासिरामा कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रति महिना रु.३००।- को दरले वितरण गर्ने गरी रु.४३,२००।- स्वास्थ्य चौकी इनर्वासिरालाई भुक्तानी दिएकोमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले रकम बुझेको भपाई पेश भएको देखिएन । यस्तो खर्च जिल्ला जनस्वास्थय कार्यालय मार्फत हुने हुँदा वडा कार्यालयबाट यस्तो खर्च गर्ने आधार समेत पेश भएन ।

२२. **मूल्य अभिवृद्धि कर समायोजन :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले प्राथमिक स्वास्थ्य केन्द्र सिमराको अधुरो भवन रङ्गरोगन गर्ने कार्य निर्माण व्यवसायी बब्लु कन्ट्रक्सनलाई रु.४,२१,०७१।- (मू.अ.कर समेत) भुक्तानी गर्दा फोटो कपी वीजकको आधारमा भुक्तानी दिएको पाइयो । मू.अ.कर वापत भुक्तानी गरेको रु.४८,४४१।- को सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजनको प्रमाण पेश हुनुपर्दछ ।

२३. **कर वीजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५(क) बमोजिमको ढाँचामा कर वीजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले जीतपुर क्षेत्रको फोहर व्यवस्थापन कार्य गरे वापत २०७२।२।२८ को ५ वर्षे सेवा करार सम्झौता (२०७२ बैशाख देखि २०७५ असारसम्म) अनुसार २ वटा फर्मलाई मासिक रु.१,६२,०००।- का दरले वार्षिक रु.१९,४४,०००।- मिति २०७३ श्रावणदेखि २०७४ असार मसान्तसम्मको मू.अ.कर वीजक वेगर अग्रिम कर १.५ प्रतिशतले कट्टी गरी भुक्तानी दिएको देखिन्छ । यस वर्ष ती संस्थालाई कर वीजक वेगर भुक्तानी दिएको रु.१९,४४,०००।- नियमसम्मत् देखिएन ।

२४. **दर विश्लेषण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्दछ । साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययी हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्दछ। कार्यालयले भवन निर्माणको लागि रु.१३७८६५९८।- लागत अनुमान तयार गरी स्वीकृत गरेको छ । कार्यालयले तयार गरेको लागत अनुमान, लागत अनुमान तयार गर्न लिएको आधार तथा सो सम्बन्धी नर्म्स तथा दर विश्लेषण फाइलमा समावेश नगरेकोले लागत अनुमानको यथार्थता सम्बन्धमायकिन हुन सकिएन । विस्तृत ड्रइङ्, डिजाइन, नक्शा र दर विश्लेषण लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।

२५. **बोलपत्र कागजात :** कार्यालय भवन निर्माणको लागि १ निर्माण व्यवसायीसँग रु.१,०२,८९,३०६।- (मू.अ.कर समेत) ६ महिनामा कार्यसम्पन्न गर्ने गरी २०७३।९।२९ मा सम्झौता भएकोमा भवन निर्माण कार्यको बोलपत्र सम्बन्धी कागजात लेखापरीक्षणमा पेश नभएकोले ठेक्का व्यवस्थापन सम्बन्धमा यकिन हुन सकिएन । बोलपत्र सम्बन्धी कागजात र सम्झौता लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।

२६. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने प्लाण्ट,मेशिन औजार एवं निर्माण कार्यको पूर्ण प्रतिस्थान खर्च समेतको बीमा गराउनु पर्ने व्यवस्था छ। कार्यालय भवन निर्माणको दोस्रो रनिङ्ग बिलबाट बीमा बापत रु.७७,४९०।- भुक्तानी भएकोमा बीमा पोलिसी तथा प्रिमियम लगायतका बीमा डकुमेण्ट्स पेश भएको देखिएन । बीमाको प्रमाण बेगर भुक्तानी भएको बीमा वापतको रकम असुल हुनुपर्दछ ।

२७. **नापी किताब :** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नापी किताब प्रयोजनको लागि लूज शीटमा आइटमवाइज परिमाण र दर खुल्ने विवरणलाई नापी किताबमा टाँस गरी पाँचौ रनिङ विलसम्म संकलन गर्ने गरेको पाइयो । सम्झौता अनुसारका केही आइटमको कार्य अघिल्लो रनिङ्ग बिलमा सम्पन्न भएको अवस्थामा पछिल्लो रनिङ्ग बिलमा संलग्न गरिने नापी शीटमा उक्त आइटम देखाउने गरेको समेत नपाइएकोले रनिङ्ग बिलमा अघिल्लो वीलबाट सम्पादित कार्यको परिमाण भिडान गर्न समेत नसकिने अवस्था रहेको छ । तसर्थ नापी किताबमा अभिलेख गर्नुपर्ने सबै तथ्याङ्क एवम् सूचना खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी किताब नियन्त्रण खाता समेतको अभिलेख राखी स्वीकृत ढाँचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।

२७.१ नेपाल सरकारको स्वीकृत दर विश्लेषण नर्म्सको सि.नं. ७ को ५ मा आर.सि.सि. को लागि फलामे डण्डी काट्ने, मोड्ने, नक्सा अनुसारका ठाउँमा राख्ने, डण्डी बाध्ने र ३० कि.मी.सम्म ढुवानी समेतको काममा प्रति मेट्रिक टन एम एस डण्डी १.०५० मेट्रिक टन र बाँध्ने तार १० के.जी आवश्यक पर्ने र यस कार्यको लागि नर्म्स अनुसार आवश्यक श्रमिक समेतको जिल्ला दररेटको मूल्यको आधारमा प्रतिमेट्रिक टन लागत अनुमान निर्धारण गर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यको डिटेल इस्टिमेट तयार गर्दा १० प्रतिशत फलामे डण्डी बेस्टेजको लागि थप गरेको पाइयो। आर.सि.सि. को लागि फलामे डण्डी काट्ने, मोड्ने, नक्सा अनुसारका ठाउँमा राख्ने, डण्डी बाध्ने तारको दर विश्लेषण गर्दा ५ प्रतिशन फलामे डण्डी र प्रति मेट्रिक टन १० केजी बाँध्ने तारको मूल्य समेत समावेश गरेपछि मात्र प्रतिके.जी. डण्डीको मू.अ.कर बाहेकको निर्धारण गरेकामा पुन: १० प्रतिशत वेस्टेज थप गरी लागत अनुमान तयार गरेकोले नेपाल सरकारलाई अतिरिक्त व्ययभार पेरेको छ । निर्माण व्यवसायीले पेश गरेको दर अनुसार रु.१,२९,९३०।- बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

२८. **भुक्तानी :** डिटेल इष्टिमेटमा समावेश भएका तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार निर्माण व्यवसायीलाई भुक्तानी गरेको तर स्थलगत रुपमा लेखापरीक्षणको क्रममा अवलोकन गर्दा रु.२०,८६६।- को कार्यहरु भएको नपाइएकोले BOQ

मा समावेश भएका कार्य निर्माण व्यवसायीलाई गर्न लगाउनु पर्दछ । साथै नभएको कार्य समेत नापी गरी नापी कितावमा चढाउने कर्मचारीलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

२८.१ कार्यालयको भवन निर्माण कार्यको निर्माण व्यवसायीसँग २०७३ पुष २९ मा भएको सम्झौता अनुसार मेन गेट निर्माण कार्यको लागि निर्माण व्यवसायीले विल अफ क्वान्टिटी अनुसार ०.२४ मेट्रिक टन TOR steel को लागि प्रति मेटिक्टन रु.७७,४९०।- मूल्यमा गर्ने गरी सम्झौता गरेको छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार मेनगेट निर्माणको कार्य नगरी कार्यसम्पन्न प्रतिवेदन तयार पारेको पाइयो । सोही कार्य संघीय संरचना तर्फको बजेटबाट भवन निर्माण कार्यका निर्माण व्यवसायीबाटै बढी दरमा गराई रु.१,४१,५१०।- भुक्तानी गरेको छ । भवन निर्माण सम्बन्धी सम्झौताभित्रको काम छुट्टै कोटेशनबाट गराई भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

२९. **दोहोरो ओभरहेड :** जिल्ला प्राविधिक कार्यालयले नेपाल सरकारको स्वीकत नर्म्स र २०७३।७४ को जिल्ला दररेट अनुसार तयार गरेको दरविश्लेषण अनुसार ४ वटा आइटमहरुमा ओभरहेड समेत समावेश गरेर मूल्य कायम गरेको छ । कार्यालय भवनको लागत अनुमान अनुसार आइटमगत दर तुलना गर्दा रु.१,३७,८६,५९८।- को लागत अनुमान तयार गर्दा आइटमगत मूल्यमा ओभरहेड समेत समावेश गरी मूल्य काम गरिएकोमा पुनः कुल मूल्यमा १५ प्रतिशत ओभरहेड भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरेको कारणले निर्माण व्यवसायीलाई आइटमगत मूल्यको कुल रकम रु.७९,१७,८९६।- मा समेत १५ प्रतिशत ओभरहेड वापत रु.११,८७,६८४।- भुक्तानी गर्ने गरी २०७३।९।२९ सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीले कबोल गरेको अङ्कमा नै उक्त ओभरहेड समेत समावेश भई दर निर्धारण भएको अवस्थामा सम्झौता गर्दा कुल अङ्कमा ओभरहेड जोडेको कारण नेपाल सरकारलाई मू.अ.कर समेत रु.१३,४२,०८३।- थप व्ययभार परेकोछ । यसरी बढी व्ययभार पर्ने गरी लागत तयार गर्ने तथा सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ साथै निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको रु.१३,४२,०८३।- असुल गर्नुपर्दछ ।

३०. **लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार गरी सोही नियमावलीको नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । ग्रीन पार्क गुरुयोजना निर्माण तयारको लागि एक प्रा.लि.सँग रु.१९,३२,३००।- रकमको ग्रीन पार्कको विस्तृत सर्वे डिजाइनको लागि सम्झौता भएकोमा नियमानुसार लागत अनुमान, सर्भे डिजाइन स्वीकृत गरेको पाइएन ।

३१. **डम्पिङ्ग साइड निर्माण :** उपमहानगरको फोहोर प्रशोधन केन्द्र निर्माणको लागि रु.५,९९,७४४।- को लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग २०७४।३।२५ सम्ममा काम सम्पन्न गर्ने गरी २०७३।२।१५ मा रु.५९,७६,९३३।- को ठेक्का सम्झौता भएको थियो । उक्त निर्माण कार्यको स्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा देहाय अनुसार छन् :

३१.१. निर्माण व्यवसायीले २०७४ असार १ (२०१७ जुन १५) सम्मको म्याद भएको बैंक ग्यारेन्टी पेश गरेको छ । उक्त बैक ग्यारेन्टको आधारमा मिति २०७४।२।१७ मा रु १०,५०,०००।- पेश्की भुक्तानी भएको छ । पेश्की लिनको लागि मात्र १५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गरेको सम्बन्धमा आवश्यक छानविन गरी पेश्की असुल फछ्यौटको लागि कार्यालयले पहल गर्नु पर्दछ ।

३१.२. ठेक्का सम्झौता भएपछि साइड विवादको कारणले सम्झौता भएको १८ महिनासम्म पनि निर्माण कार्य अगाडी बढेको छैन । फोहोर प्रशोधन केन्द्र निर्माण कार्य सुरु गरेपछि स्थानीय वासीको अवरोधका कारण निर्माण कार्य सुरु हुन सकेको छैन । निर्माण कार्य अगाडि बढाउन कार्यालयले पहल गर्नुपर्ने देखिन्छ ।

३१.३. कार्यालयले फोहोर प्रशोधन केन्द्र निर्माणको लागि रु.५,९९,७४४।- तयार गर्दा आइटमगत मूल्यमा ओभरहेड समेत समावेश गरी मूल्य कायम गरिएकोमा पुन कुल मूल्यमा १५ प्रतिशत ओभरहेड रु.६,८९,९११।- समेत भुक्तानी गर्ने गरी सम्झौता गरेको पाइयो । निर्माण व्यवसायीले कवोल अंकमा नै ओभरहेड समेत हुनेमा नेपाल सरकारलाई अतिरिक्त व्ययभार पर्ने गरी लागत अनुमान तथा सम्झौता गरेको कारण मू.अ.कर समेत रु.७,७९,६००।- बढी व्ययभार पर्ने गरी सम्झौता गरेको छ । यसरी बढी व्ययभार पर्ने गरी लागत अनुमान तथा सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

३२. **कर समायोजन :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरीतोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । २ वटा पार्टीहरुलाई बिल भुक्तानी गर्दा रु.६०,३८३।- मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेभसाइड उक्त पार्टीहरु ननफाइलर रहेको देखिन्छ । कार्यालय सामान, मेशिनरी औजार खरिद गर्दा भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३३. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले

इर्न्भटर र कम्प्युटर समेत रु.९०,०००।- खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन। प्राप्त सामान जिन्सी दाखिला गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ।

**मनर्हवा गाउँ विकास समिति**

३४. **जिन्सी स्रेस्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी, र अन्य आम्दानी खर्चको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खर्च भएर नजाने जिन्सी खाता म.ले.प.फा.नं.४७ खडा गरी राखेको पाइएन। लुज सिटमा जिन्सी आम्दानी बाधेर राखेको कारण जिन्सी मौज्दातको अवस्था यकीन गर्न सक्ने अवस्था छैन।

३५. **कर्मचारी सुविधा** : स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई देहायबमोजिम रु.१३०६८०।- थप सुविधा परिषद्को निर्णयानुसार दिएको देखियो। यस्तो खर्च केन्द्रीय अनुदानबाट दिन नपाउने हुँदा खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३६. **तहबिल खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४(२) मा गाउँ विकास समितिले आफूलाई प्राप्त भएको रकम गोश्वारा भौचर उठाई सम्बन्धित खातामा आम्दानी बाँधी नगद प्राप्त भएको भोलिपल्ट सम्ममा बैङ्क दाखिला गर्नपर्ने उल्लेख छ। आन्तरिक आम्दानीतर्फ मालपोत तथा दस्तुर वापतको रू.१०,९९२।- तहबिल आम्दानी बाँधी सोझै विविध खर्च लेखेको नियमसम्मत् देखिएन।

३७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार यस गाविसको नाममा गत विगत वर्षको रु.३३,७५,३३८।- पेश्की बाँकी रहेको देखिन्छ। गत विगत वर्षको पेश्की बाँकी रकम मिति २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिँदा खातामा रहेको रकम उपमहानगरपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ।

३८. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंलाएका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको पाइएन।

**इनर्वासिरा गाउँ विकास समिति**

३९. **कर बीजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गुप्ता मोटर्स, कलैयाबाट एक थान मोटरसाइकल रु.१,९९,०००।- खरिद गरेकोमा कर बीजक पेश गरेको छैन। कस्टोमर डेलिभरी स्लिपको आधारमा उक्त रकम भुक्तानी गरेको पाइएकोले मोटर साइकल खरिद गर्दा भुक्तानी गरेको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार जिन्सी आम्दानी बाँधेको प्रमाण समेत पेश गर्नुपर्दछ।

४०. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले सम्पूर्ण आदिवासी जनजाति समूहले पेश गरेको बिल अनुसार १९९ थान प्लाष्टिक कुर्सीको रु.१,४१,०००।- भुक्तानी गरेको छ। प्लाष्टिक कुर्सी समूहको उपस्थितिमा वितरण गरेको भनी गोश्वार भौचरमा उल्लेख भएकोमा उक्त कुर्सी बुझिलिनेको भपाई पेश भएको देखिएन। वितरण गरेको भरपाई बेगर खर्च लेखेको रकम नियमसम्मत् देखिएन।

४०.१ कार्यालयले दलित समुदायलाई पाइप पण्डाल वितरण गरेको भनी २२१२.४ मिटर कालो पाइप खरिद गरेको बिलको आधारमा रु.१,४१,०००।- भुक्तानी दिएको छ। पाइपको उपयोग तथा प्रयोजन नखुलेकोले कार्यालयले अनुगमन गरी पाइप प्रयोगको प्रतिवेदन प्राप्त गर्नुपर्दछ।

४०.२ कार्यालयले पीछडा वर्ग उपभोक्ता समितिले कुर्सी वितरण गरेको भनी बिल अनुसार ७० थान कुर्सीको रु.७०,०००।- भुक्तानी दिएको छ। समितिको बैठकको माइन्यूट अनुसार वडामा बस्ने प्रत्येक पिछडा वर्गका समुदायलाई कुर्सी खरिद गरी वितरण गर्ने भन्ने निर्णय पेश भएको छ। कुर्सी वितरणको भपाई पेश भएको देखिएन। वितरण गरेको भरपाई बेगर खर्च लेखेको रकम नियमसम्मत् देखिएन।

४१. **बढी भुक्तानी :** बसडिलवा गोठदेखि रमौली जानेबाटोमा माटोपुरी ग्राभेल गर्ने कार्यको लागि रु.२,३३,३६१।- को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग २०७३।१०।२३ मा सम्झौता भएको छ। उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार गाविसले रु.२,१०,०००।- भुक्तानी गरेकोमा मिक्स ग्राभेल वापत प्रति घनमिटर रु.१८३८।०१ को दरले कार्यालयले भुक्तानी गरेको पाइयो। जीतपुर सिमरा उपमहानगरपालिमा औराहीमा मिक्स ग्राभेल कार्य गर्दा प्रति

घनमिटर रु.९१०.६४ को दरले भुक्तानी गरेकोमा गाविसले प्रतिघनमिटर रु.१८३८।०१ को दरले ८९.२५ घनमिटरको रु.१६४०४२।- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.८२,७६७।- असुल गर्नुपर्दछ ।

४२. **कर्मचारी सुविधा** - स्थानीय तहमा कार्यरत २ कर्मचारीहरुलाई रु.८७,०००।- थप सुविधा परिषद्को निर्णयानुसार भुक्तानी दिएको देखियो । यस्तो खर्च केन्द्रीय अनुदानबाट दिन नपाउने हुँदा खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

४३. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याएका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको पाइएन ।

## बेरुजू स्थिति

यो वर्ष उपमहानगरपालिकाको लेखापरीक्षणबाट रु.७ करोड ५३ लाख ५३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.६ करोड १६ लाख ४१ हजार र पेश्की रु.१ करोड २८ लाख ४० लाख रहेको छ ।

## निजगढ नगरपालिका,बारा

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३७ लाख ६ हजार र यो वर्षको आय रु.१७ करोड १३ लाख २६ हजार समेत रु.१७ करोड ५० लाख ३२ हजार आम्दानी भएकोमा रु.१५ करोड ९७ लाख २७ हजार खर्च भई रु.१ करोड ५३ लाख ५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गदा गर्दा कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने नगरेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त नगरेको, सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको देखियो प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ।

२. **कन्टिन्जेन्सी खाता** : नेपाल सरकार अर्थ मन्त्रालयको २०७०।१।२४ गतेको परिपत्र अनुसार कार्यालयले निर्माण कार्यमा खर्च गर्ने रकमको ५ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च गर्न पाउने व्यवस्था छ। यसरी कन्टीनजेन्सी रकम खर्च गर्दा छुट्टै खाता राखी ३ प्रतिशत प्रशासनिक र २ प्रतिशत पुँजी निर्माणमा खर्च गर्न मिल्नेमा नगरपालिकाले कन्टीन्जेन्सी खर्च देखिने गरी छुट्टै खाता राखेको देखिएन। अतः कन्टीन्जेन्सी खाता राखी कन्टीन्जेन्सी रकम व्यवस्थित गरिनुपर्दछ।

३. **फ्रिज** : महालेखा नियन्त्रक कार्यालयको २०७४।३।३० को पत्रानुसार स्थानीय तहमा निकासा भएको अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा निकासा फिर्ता नगरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख गरेकोमा केन्द्रीय बजेटको स्थानीय स्वायत्त शासन विकास कार्यक्रम (३६५८०१९३) शीर्षकको रकम रु.३,९२,४९०।- समेत निकासा फिर्ता नगरेकोले उक्त रकम केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४. **योजना हस्तान्तरण :** स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २९(२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। उदाहरणको लागि नगरपालिकाबाट सञ्चालित निम्न आयोजनाहरुको रेखदेख तथा मर्मत संभार कार्यको लागि कुनै व्यवस्था गरेको नदेखिएकोले सम्बन्धित उपभोक्ता समितिलाई योजना हस्तान्तरण गरि आयोजनाहरुको दीगोपनाको व्यवस्था गर्नु पर्दछ।

५. **हिसाब मिलान :** महालेखा नियन्त्रक कार्यालयका २०७४।३।३० को पत्रानुसार स्थानीय तहमा निकासा भएको अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। आर्थिक वर्ष २०७३।७४ को असार मसान्तमा प्रभु बैकमा रु.५,२५,०००।- र कृषि विकास बैंकमा रु.१,८२,८५२।- समेत रु.७,०७,८५२।- बैंक मौज्दात रहेकोमा सो रकम निकासा फिर्ता गर्नु पर्नेमा उक्त रकम आ.व. २०७४।७५ मा सामाजिक सुरक्षा भत्ताको प्रथम किस्ता भुक्तानी गर्दा हिसाव मिलान गरेको पाइयो। सम्बन्धित आर्थिक वर्षमा खर्च नभई बाँकी रकम बेरुजू खातामा दाखिला गर्न पर्नेमा सो अनुसार नगरेकोले चालु आर्थिक वर्षमा निकासा भन्दा खर्च बढी हुने अवस्था छ। यसमा कार्यालयले सुधार गर्नुपर्दछ।

६. **वढि भुक्तानी :** माया योन्जनको घरदेखि लालि गुराँस प्रा.वि. जाने बाटो पीसीसी गर्ने कार्यको लागि लाली गुराँस टोल सुधार विकास समितिले कुल लागत अनुमान रु.९,५०,०००।- भएको निर्माण कार्य नगरपालिकाले ७० प्रतिशतले हुने रु.६,६५,०००।- र उपभोक्ता समितिले ३० प्रतिशतले हुने रु.२,८५,०००।- व्यहोर्ने गरी २०७३।५।७ मा निर्माण कार्य सुरु गरी २०७३।७।७ मा निर्माण सम्पन्न गरेको पाइयो। निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन अनुसार सुरु लागत अनुमान भन्दा रु.९१,३८१।- बढी मूल्याङ्कन गरी भुक्तानी गरेको देखिएकाले लागत अनुमान भन्दा बढी दरमा भुक्तानी गरेको असुल हुनु पर्दछ।

७. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार गरी सोही नियमावलीको नियम १४ बमोजिम त्यस्तो लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १४८ अनुसार गठित जिल्ला दररेट निर्धारण समितिबाट निर्धारण भएको दर समेतलाई आधार लिनुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा निश्चित दरको आधारमा सम्झौता गरी रकम भुक्तानी गर्ने गरेकोमा ८ वटा उपभोक्ता समितिसँग बढी दरमा बिभिन्न आइटमको भुक्तानी गरेको पाइयो। यसरी भुक्तानी गर्दा रु.५,१२,५३५।- बढी व्ययभार परेको छ। कार्यालयले एकै स्थानमा निर्माण कार्य गराउँदा तयार गरिने दर विश्लेषणमा एकरुपता कायम गरी आयोजनाको लागतमा मितव्ययीता कायम गर्नु पर्दछ।

८. **कर बिजक :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड वीजक जारी गर्नुपर्ने व्यवस्था रहेको रहेको छ। पीओपी कार्यक्रम सञ्चालनको लागि रु.३२५०००।- पेश्की फछ्र्यौट गर्दा १ आपूर्तिकर्ताबाट मू.अ.कर समेत रु.४,९७,१४३।- को यूएसजी पोर्टेवल अल्ट्रा सायण्ड मेशिन खरिद गरेको पाइयो। उक्त आपुर्तिकर्ताले हातले लेखेको वीजक नम्बरको

आधारमा भुक्तानी गरेको देखिएकोले निजलाई भुक्तानी दिएको मू.अ.कर रु.५७,१९३।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

९. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले ४ वटा परामर्शदाताबाट विस्तृत सर्वे कार्य गराई कार्यालयमा प्रतिवेदन प्राप्त गरेकोमा उक्त प्रतिवेदनहरु कार्यालयमा आम्दानी बाधेको पाइएन। नगर विकासको लागि महत्वपूर्ण हुने यस्ता सम्भाव्यता अध्ययन प्रतिवेदन उक्त आयोजनाको खर्च समेत भएकोले सम्बन्धित आयोजनाको नापी कितावमा रु.१५,९४,१३७।- खर्च उल्लेख गरी आम्दानी बाँध्नुपर्दछ।

१०. **अधुरो निर्माण कार्य :** खानेपानी तथा डिपबोरिङ्ग कार्य, निजगढ १, २, ७ र ९ को निर्माण कार्यको लागि प्रति आयोजना रु.९५६०००।- (मू.अ.कर बाहेक) मा निर्माण गर्ने गरी १ निर्माण व्यवसासीसँग २०७२।१२।१६ मा निर्माण सम्झौता भएकोमा ३ वटा आयोजना तोकिएको समयमा सम्पन्न गरेको पाइयो। कृषि डिप बोरिङ्ग गरी सिंचाई विस्तार निजगढ २ को कार्य २०७३।३।१५ मा सम्पन्नगर्ने गरी रु.१०१८२८०।- (मू.अ.कर समेत) मा सम्झौता भएकोमा उक्त कार्य हालसम्म सम्पन्न गरेको पाइएन। निर्माण कार्यको म्याद थप समेत नभएको अवस्थामा कानून अनुसार हर्जना असुल गरी कार्य सम्पन्न गराउने तर्फ कार्यालयले पहल गर्नु पर्दछ।

११. **कार्यालय भवन :** कार्यालय भवन निर्माणको लागि रु.४,८८,८७,१२४।- को लागत अनुमान तयार गरी १६ महिनामा कार्यसम्पन्न गर्ने गरी १ निर्माण व्यवसायीसँग २०७३।१।२ मा रु.४,१६,३१,०९०।- को सम्झौता भएकोमा उक्त खरिद सम्झौताको म्याद २०७४ माघ मसान्तसम्म थप गरेको पाइयो। उक्त निर्माण कार्यका लागि हालसम्म रु.८५ लाख ९ हजार भुक्तानी भएको छ।

१२. **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको त्रुटि सच्याउने अवधि समेत कभर हुने गरी बीमा गराउनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग बीमा वापत रु.६८,०६७।- भुक्तानी गर्ने गरी सम्झौता भएकोमा सम्झौता अनुसार बीमा गरेको प्रमाण पेश भएको छैन।

१३. **स्थलगत निरीक्षण :** लेखापरीक्षण टोली र कार्यालयका कर्मचारी सहित २०७४।१०।२० गते निर्माणाधिन कार्यालय भवनको स्थलगत निरीक्षण गर्दा उत्तर तर्फको ब्लकमा पहिलो तला ढलानको क्रममा रहेको, पश्चिम ब्लकमा टाइबिमको मात्र काम भएको, दक्षिण ब्लकमा दोस्रो तला र पूर्वी ब्लकमा पहिलो तलाको ढलान सकिएको, करिव ४० प्रतिशत भौतिक प्रगति हासिल भएको देखियो। निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि ९ दिन मात्र बाँकी रहेको अवस्थामा न्यून काम देखिएकोले समयमा काम सम्पन्न गर्न पहल गर्नुपर्दछ।

१४. **पिसिसि ढलान :** स्मतिनगर टोल सुधार समितिलाई कुल लागत अनुमान रु.५० लाख भएको नगरपालिका जाने सडक ढलान कार्य २०७४।४।३० गते सम्म सम्पन्न गर्ने गरी २०७३।११।९ गते कार्यादेश दिएकोमा उक्त निर्माण कार्यको हाल सम्म रु.३५ लाखको काम भएको मूल्यांकन गरिएको छ। लेखापरीक्षण डोर र कार्यालयका पदाधिकारी सहितको टोलीले ३०७४।१०।२० गते स्थलगत निरीक्षण गर्दा सडक ढलान कार्य सम्पन्न भएको तर साइड ड्रेनको कभर टुटफुट भई कतिपय काम नलाग्ने अवस्था रहेको छ। निर्माण कार्यमा प्रयोग भएको निर्माण सामग्रीको गुणस्तर परीक्षण प्रतिवेदन समेत पेश नभएको अवस्था भएकोले उपभोक्ता समितिले गुणस्रीय निर्माण कार्य गरेको छ भन्न सकिने अवस्था छैन। यो सडक निर्माणाधीन नगरपालिका भवनको प्रवेशद्वार समेत रहेकोले गुणस्तरीय कार्य गर्ने गराउने तर्फ कार्यालयले पहल गर्नु पर्दछ।

१५. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार नगरपालिकाको नाममा गत विगत वर्षको रु.२,४१,९५,९४७।- पेश्की बाँकी रहेको देखिन्छ। यस वर्षको पेश्की बाँकी रु.३०५८१५०।- रहेको छ। नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.६९ लाख ८६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.९१ हजार, नियमित गर्नुपर्ने रु.३८ लाख ३७ हजार, र पेश्की रु.३० लाख ५८ हजार रहेको छ।

# सिम्रौनगौढ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२ लाख ५५ हजार र यो वर्षको आय रु.१५ करोड १८ लाख ५० हजार समेत रु.१५ करोड २१ लाख ५ हजार आम्दानी भएकोमा रु.१३ करोड ८ लाख १ हजार खर्च भई रु.२ करोड १३ लाख ४ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा साविक गाउँ विकास समिति तथा गाउँपालिकाले आय व्ययको मौज्दात प्रगति तयार नगरेको, स्वीकृत कार्यक्रमहरु जाँचपास नगरेको, अनुगमन, उपयोग, उपलब्धी सम्बन्धमा मूल्याङ्कन नगरेको, कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन माथि कारवाहि नगरेको, राजस्व प्राप्ति वा आम्दानीको रसिद नियन्त्रण खाता नराखेको, तालुक कार्यालयले निरीक्षण गरी दिएको सुझावहरुलाई निरीक्षण पुस्तिकामा अभिलेख गरी सुझाव उपर उचित कारबाही नगरेको, मर्मत अभिलेख खाता नराखेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी नदिएको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, खरिद इकाई गठन नगरेको, मौजुदा सुचि तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरेको, आर्थिक कार्यविधि नियमावली, भुक्तानी गर्दा खर्चका बिल भर्पाईहरु सिलसिलेवार ढङ्गले राखि भुक्तानी जनाउने छाप लगाउनुपर्नेमा सो समेत गरेको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेछ भन्ने व्यवस्थालाई कार्यालयले पान विलमा २० हजारभन्दा माथिका समान विल टुक्राई खरिद गरेको देखिएकोले कार्यालयले ऐनमा तोकिएको कार्यबिधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एक प्रतितालुक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनको कैफियत महलमा उल्लेख भएका मर्मत हुन सक्ने मालसामान मर्मत गर्नुपर्ने र मर्मत हुन नसक्ने मालसमानहरु लिलाम विक्रिको कारवाहि अगाडी बढाई जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनु पर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा जिन्सी सम्पत्ति के कति र कस्तो अवस्थामा छन भनी यकिन गर्न सकिएन ।

४. **सामाजिक लेखापरीक्षण :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ५ बमोजिम गाउँपालिका एवं सम्बन्धित वडामा गएका सामान तथा अन्य अनुदान खर्च र साबिकका गा.वि.स. हरुको समेत सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन हुनुपर्ने देखियो । साथै सामाजिक परीक्षण कार्यबिधि, २०६७ र सार्वजनिक सुनुवाई कार्यबिधि, २०६७ को व्यवस्था अनुसार उ.स. तथा लाभग्राही समूह तथा अन्य संघ संस्थाहरुबाट भएका कामहरुको समेत सामाजिक लेखापरीक्षण पेश गर्नुपर्दछ ।

५. **फ्रिज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार वर्षान्तमा बाँकी रहेको रकम रु.८७,४८,४६८।- सर्वसंचितकोषमा दाखिला गर्नुपर्दछ ।

६. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ बमोजिम धरौटीको स्रेस्ता अद्यावधिक गरी राख्नुपर्नेमा धरौटी सम्बन्धी कुनै श्रेष्ता नरहेको र बैंक स्टेटमेन्टको आधारमा रु.१३,१४,२५७- धरौटी मौज्दात देखाइएको छ ।

७. **विल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम विश्वासनियता देखिने गरी खर्च गर्नुपर्नेमा सो बेगर सडगमा माटोले पुरे वापत रु.२०,२००।- खर्च लेखेकोमा आवश्यक पुष्ट्याइ पेश गर्नुपर्ने देखियो ।

८. **दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम जिन्सी सामानको दाखिला र संरक्षण हुनुपर्नेमा सोबेगर सिम्रौनगढ पशु स्वास्थ्य केन्द्रलाई कृत्रिम गर्भाधान सामग्री खरीद गर्न प्र.स्वा.प्रा. अन्सारु उल हकलाई रु.१,५९,९००।- पेश्की दिएकोमा दाखिलाको प्रमाण पेश गर्नुपर्दछ ।

८.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम आवश्यक बिल भरपाई राखी खर्च गर्नुपर्नेमा सुरेश प्रसाद यादवले रु.१७,९७०।- को बिल राखी रु.४८,७५०।- शोधभर्ना लिएकोले बढी लिएको रु.३०,७८०।- असूलउपर गर्नुपर्ने देखियो ।

९. **गुरुयोजना :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवाको लागत अनुमान र विवरण राख्नुपर्ने व्यवस्था छ। कुनै पनि प्रतिस्पर्धा नगराई सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७२ बमोजिम मौज्जुदा सूचीकृत एक परामर्शदाताबाट सिम्रौनगढको नगर पर्यटन प्रबर्द्धन गुरुयोजना तयार गरे वापत रु.८,९९,४८०।- भुक्तानी गरेको देखियो । परामर्श दाताबाट पेश भएको रिपोर्ट अध्ययन गर्दा सामान्य डाटा कलेक्शन गरिएको ३० पृष्ठको मूख्य प्रतिवेदन र १४ पृष्ठको सामान्य पुनःनिर्माण गर्नुपर्ने विवरण पेश गरेको छ। भविष्यमा नगर पर्यटन प्रवर्द्धनको मार्गदर्शन हुने गरी विशेष योजना तयार भएको नपाइएकोले खर्चको उपदेयता देखिएन।

१०. **कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुसार नर्म्स र खर्चको मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था छ । विभिन्न ४१ लक्षित कार्यक्रम सञ्चालन गर्न विभिन्न ल्कव तथा संस्थालाई रु.८२,६०,३५०।- पेश्की दिई कार्यक्रम सञ्चालन गरेको पाइयो। सबै कार्यक्रममा एकरुपता हुने गरी खर्चका मापदण्ड तोकेर रकम भुक्तानी गर्नुपर्नेमा प्रशिक्षण भत्तावापत प्रतिदिन रु.१२,०००।- सम्म तथा प्रतिवेदन लेखन रु.६,०००।- सम्मका बिल संस्थाले पेश गरी फछ्र्यौट गर्ने गरेको देखियो। ४१ कार्यक्रम १०० भन्दा बढी संस्थाबाट सञ्चालन गराई कार्यक्रम सम्पन्न देखाएकोमा उपयोग र उपलब्धीको मूल्यांकन एवम् अनुगमन हुनुपर्ने देखियो ।

११. **निर्माण कार्य :** ठूला पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कंकाली देवी मन्दिरदेखि रनिबाससम्मको सडक ढलान गर्न रु.८९,४६,५६१।- को लागत अनुमान तयार गरी बोलपत्र आह्वन भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

११.१. बोलपत्र दाखिलामध्ये सबैभन्दा कम ५८.७% घटेर रु.३६,९४,५००।- मा काम गर्ने गरी बोलपत्र पेश गर्ने निर्माणकर्ता रामजानकी कन्स्ट्रक्सनले सम्झौता गर्न नआएको र दोस्रो बोलकर्ता भूपेन्द्र कन्स्ट्रक्सनले ४६.७% घटी कबोल गरी रु.४७,६३,२१७।- कबोल गरेकोमा निजले पनि सम्झौता गर्न नआएकोले तेस्रो घटीवाल ३२.५०% घटी कबोल रु.६०,३८,९०८।- गर्ने सिंह कन्स्ट्रक्सनलाई २०७४।१।१० मा सम्झौता गरी काम दिएकोमा २०७४।३।१५ सम्पन्न गर्नुपर्ने काम हालसम्म सम्पन्न गरेको देखिएन भने निजको कार्यसम्पादन जमानतको म्याद समेत थप गरेको पाइएन। यसबाट समयमा काम नहुने र जोमिख वृद्धि हुने देखिएको छ। हालसम्म निजलाई चौथो रनिङ बिलसम्मबाट रु.५०,८६,५८२।- भुक्तानी भएको छ।

११.२. सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६३ अनुसार बोलपत्र पेश गरी सम्झौत गर्न नआउने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न नियमावलीको नियम १४१ अनुसार रामजानकी कन्स्ट्रक्सन र भूपेन्द्र कन्स्ट्रक्सनलाई सार्वजनिक खरीद अनुगमन कार्यालयमा लेखी पठाउनु पर्नेमा सो भएको छैन । शर्तको उल्लंघन गर्नेलाई कारबाही गर्नुपर्दछ।

११.३. उपरोक्त २ निर्माण व्यवसायीलाई कार्यालयले सम्झौता गर्न बोलाएको तथा निजहरुले सम्झौता गर्न नमानेको आधार प्रमाण वेगर तेस्रो घटीवाललाई काम दिँदा रु.२३,४४,४०८।- कार्यालयलाई बढी खर्च व्ययभार परेको देखियो ।

११.४. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ५३ बमोजिम बोलपत्र स्वीकार नगर्ने निर्माण व्यवसायीको कार्यसम्पादन जमानत जफत गर्नुपर्नेमा हालसम्म जफत नगरेकोले रामजानकी कन्स्ट्रक्सनले राखेको नगर जमानत रु.२,२५,०००।- तथा भूपेन्द्र कन्स्ट्रक्सनले २०७४।५।८ सम्म म्याद रहेको प्रभु बैंकको रु.२,२५०००।- जमानतको म्याद समाप्त हुँदासम्म कार्यालयले बेवास्ता गरी बसेको हुँदा सम्बन्धितलाई उत्तरदायी बनाई रु.४,५०,०००।- जमानत जफत गरी राजस्व दाखिला गर्नुपर्ने दखियो ।

१२. **पूर्वनिर्धारित क्षतिपूर्ति** : कार्यालय भवन निर्माणका लागि रु.१९,८४,१४०।- को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट मिति २०७४।३।१५ मा सम्पन्न गर्ने गरी रु.१९,४४,०८०।- मा एक कन्स्ट्रक्सनसँग २०७४।२।१० मा सम्झौता भएको छ। यस कामको लागि चौथो रनिङ बिलसम्म रु.१७,५५,०४५।- भुक्तानी भैसके पनि समयमा कार्य सम्पन्न भएको छैन । म्याद थपको प्रकृया समेत नरहेको उक्त निर्माण व्यवसायीलाई सार्वजनिक खरीद ऐन नियमावली, २०६४ को नियम १२० अनुसार म्याद थप नभएकोले नियम १२१ बमोजिम म्याद थप नभएको अवधिसम्म प्रतिदिन ०.०५% दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनु पर्ने देखियो ।

१३. **उपभोक्ता समिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम विश्वासनियता हुने गरी खर्च गर्नुपर्नेमा ७ निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोमा कार्य सम्पन्न नहुदै अधुरो काम राखी

फरफारक भएको देखिएकोले उक्त काममा भएको खर्चको उपादेयता रहेको भन्न सकिएन । सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७.६ अनुसार उपभोक्ता समितिबाट भएको कामको अनुमोदन प्रमाण समेत नराखी अधुरो काम गरे गराएकोमा काम पूरा गर्न लगाउनु पर्ने देखियो ।

१३.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार रितपुऱ्याइ रकम भुक्तानी गर्नुपर्नेमा ३ वटा निर्माण कार्य गरेबापत उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा सम्झौता भन्दा बढी रकम भुक्तानी भएको देखिएकोले काम सिफारिस तथा भुक्तानीको आदेश दिनेलाई उत्तरदायी बनाई रु.७०,१८०।- असुल हुनुपर्दछ ।

१३.२. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्यसम्पन्न गर्नु गराउनु पर्नेमा उपभोक्ता समितिबाट भएका कामको कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिएन । यसबाट भए गरेको कामको पुष्ट्याई हुन सकेन । यसरी पुष्ट्याई बेगर रु.६२,५५,९७७।- भुक्तानी गरेकोमा सम्बन्धित निकायले अनुगमन, मूल्याङ्कन गर्नुपर्ने देखियो ।

१४. **प्रोत्साहन भत्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार रीत पुगे नपुगेको यकिन गरेरमात्र खर्चको भुक्तानी गरी लेखा राख्नुपर्दछ । निमित्त कार्यकारीलाई मासिक रु.४५००।- प्रोत्साहन भत्ता दिने गरेकोमा रु.१३,५००।- भत्ता दिन मिल्ने आधार प्रमाण पेश गर्नुपर्दछ ।

१५. **परामर्श सेवा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च गर्दा मितव्ययीता तथा खर्चको औचित्यलाई समेत मध्येनजर राखेर खर्च गर्नुपर्दछ भन्ने व्यवस्था रहेकोमा कार्यालयले आवश्यकताको पहिचान नगरी अन्य सेवा शुल्क शीर्षकबाट पारिश्रमिक स्वरुप एक अधिबक्तालाई मासिक रु.१२,५००।- का दरले बर्षभरीमा कुल रु १५०,०००।- भुक्तानी गरेको देखियो । कार्यालयलाई पुरा बर्ष भरी कानूनी परामर्श लिन आवश्यक पर्ने हो या आवश्कता अनुसार पटके रुपमा लिन मितव्ययी र प्रभावकारी हुन्छ भन्ने कुरालाई पुष्ट्याँई गर्ने आधार बेगर यसरी अमितव्ययी ढंगबाट बर्षभरीको सम्झौता गरी खर्च लेखेको मनासिव नदेखिएको हुँदा आवश्यक पुष्ट्याई पेश गर्नुपर्दछ ।

१६. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अतिथि सत्कार वापत रु.९१,६५०।- खर्च लेखेकोमा आवश्यक बिल भरपाई पेश भएको देखिएन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१७. **परिषद् खर्च :** नगर परिषद्को निर्णय अनुसार रु.१,५०,०००।- परिषद् खर्चको सीमा रहेकोमा कार्यालयले रु.२,६८,२१७।- परिषद् खर्च लेखेको हुँदा परिषद्ले तोकेको वजेट सीमाभन्दा बढी खर्च गरेको रु.१,१८,२१७०।- नियमसम्मत् देखिएन ।

१७.१. नगर परिषद्को खाजा तथा खाना खर्च वापत पेश भएको रु.९१,०००।- को विलमा मिति उल्लेख नभएको हुँदा उक्त खर्चको यथार्थता एकिन गर्न सकिएन । भुक्तानी भएको बिल वास्तविक भएको प्रमाण पेश हुनुपर्दछ ।

१७.२. नगर परिषद्मा खटिएका २३ कर्मचारीलाई अन्य भत्ता शीर्षकबाट रु.१५०,०००।- भुक्तानी दिएकोमा खर्च लेख्न मिल्ने आधार प्रमाण पेश भएन । शीर्षक फरक पारी खर्च लेखेको रकम नियमसम्मत् देखिएन ।

१७.३. एकीकृत योजना तर्जुमा समितिका सदस्य ६ जना र २४ राजनितिक दलका प्रतिनिधिहरुलाई समेत रु.१,५०,०००।- भुक्तानी गरेकोमा खर्च लिनपाउने आधार पेश भएन ।

१८. **कर :** आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीको श्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्दछ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.२४,६१९।-, वडा नं.८ र ९ तर्फ ६,४३५।- र विसुनपुरतर्फ रु.१८,९००।- अग्रिम कर कट्टा गरी दाखिला गरेको देखिएन । नियमानुसार कट्टा गर्नुपर्ने कर राजस्व दाखिला गर्नुपर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले तोकेको अन्यथा स्वीकृत भएदेखि बाहेक खरिदकर्तालाई अनुसूची-५ र ५क (१८) बमोजिमको ढाँचामा कर वीजका जारी गर्नुपर्दछ । त्यसरी कर वीजक जारी गर्दा वीजक नं. प्रिन्टेड हुनपर्ने, केरमेट नभएको हुनुपर्ने उल्लेख छ । कार्यालयले इन्धन खरिद बापत एक आयल स्टोरलाई रु.१,३०,६६९।- मू.अ. कर भुक्तानी गरेकोमा कर वीजकमा मिति तथा वीजक नम्बर समेत उल्लेख नभएको हुँदा मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ । त्यसैगरी दलित जनजाति उत्थान केन्द्र संस्थाबाट जारी भएको मू.अ.कर वीजकमा वीजक नम्बर दोहोरो प्रीन्ट भएको हुँदा उक्त सँस्थालाई भुक्तानी गरेको मू.अ. कर रु.३९,०००।- को मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्दछ ।

२०. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको आइटम वाइज मूल्याङ्कन गरी सो अनुसारको विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न उपभोक्ता समितिमार्फत बिभिन्न कार्यहरु गराएकोमा उपभोक्ता समितिले गरेको खर्चको आंशिक विलभरपाई र एकमुष्ट मूल्यमात्र खुलेको प्राविधिक मूल्याङ्कन तथा सोही अनुरुपको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको पाइयो । नियमावलीको प्रावधान अनुसार कार्यालयवाट योजनाको मूल्याङ्कन गरी समय समयमा उपभोक्ता समितिको खर्चको विलभरपाईको अनुगमन गर्ने, समितिबाट खर्चको अनुमोदन गराई विवरण प्राप्त गर्ने, सार्वजनिक परीक्षण गराएर मात्र योजना फरफारक गर्नुपर्दछ ।

२१. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०६९ को अनुसूची ९,१०,११ र १२ अनुसार, कार्यालयले सामाजिक सुरक्षा वितरण कार्यलाई व्यवस्थित गर्नका लागि लाभग्राही मुल खाता तथा अन्य विवरणहरु तयार गर्नुपर्दछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता नगदमा वितरण गर्ने र प्राय सबै जसो भरपाई ल्याप्चे प्रयोग भएको देखियो । कार्यालयले सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गर्नका लागि तुरुन्त प्रक्रिया अघि बढाउनु पर्दछ ।

२२. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार नगरपालिकाको नाममा यस वर्षको पेश्की बाँकी रु.३,२९,२५,८३९।- र वडा नं.११ मा रु.१,५०,०००।- पेश्की बाँकी रहेको छ । नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२३. **राजस्वको स्रेस्ता :** स्थानीय स्वायत्त शासन नियमावली, २०६५ को भाग ६ को अनुसूची ४, नियम ७० संग सम्बन्धित मालपोत संकलन व्यवस्थालाई कार्यालयले प्रभावकारी कार्यान्वयन गरेको देखिएन । राजस्वको अभिलेख राख्दा म.ले.प.फा.नं. १०८, राजस्व आम्दानीको दैनिक गोश्वारा खाता १०८(क) राजस्व आम्दानीको दैनिक नगद प्राप्त खाता, १०८(ख) राजस्व आम्दानीको दैनिक बैक भौचर खाता, २३ राजस्व आम्दानी बैक नगदी किताब, १५(क) राजस्वको बैक हिसाब मिलान विवरणको ढाँचामा अभिलेख राख्नुपर्नेमा उल्लेखित कुनै अभिलेख राखेको पाइएन । कार्यालयले रसिद नियन्त्रण खाता तयार नगरेको हुँदा कति ठेली रसिद छपाएको हो, कति ठेली प्रयोग गरी कति बाँकी रहेको भनी यकिन गर्न सकिएन । राजस्वको अद्यावधिक स्रेस्ता राख्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२४. **धरौटी :** कार्यालयले धरौटी सम्बन्धी स्रेस्ता तयार नगरेको हुँदा बैंक स्टेटमेन्ट अनुसार यस कार्यालयको गत आ.व.बाट जिम्मेवारी सारेको रु.६,२९,९५०।- यस आ.ब.मा प्राप्त रु.१९,९६,९५६।- धरौटी फिर्ता रु.१३,१२,८११।- गरी आ.व.को अन्तमा रु १३,१४,०९५।- धरौटी बाँकी देखियो । कायालयले तोकिए बमोजिमको ढाँचामा धरौटीको स्रेस्ता तयार गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

२५. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि वडा नं.११ का सचिवले अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।-, वडा नं ८ र ९ का सचिवले रु.२५,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

२६. **सामाजिक परीक्षण :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ५ बमोजिम गाँउपालिका एवं सम्बन्धित वडामा गएका सामान तथा अन्य अनुदान खर्च र साबिकका गा.वि.स. हरुको समेत सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन हुनुपर्ने देखियो । साथै सामाजिक परीक्षण कार्यबिधि, २०६७ र सार्वजनिक सुनुवाई कार्यबिधि, २०६७ को व्यवस्था अनुसार उ.स. तथा लाभग्राही समूह तथा अन्य संघ संस्थाहरुबाट भएका कामहरुको समेत सामाजिक लेखापरीक्षण पेश गर्नुपर्दछ । वडामा गएका सामान तथा अन्य अनुदान खर्च र साबिकका गा.वि.स.ले सार्वजनिक निर्माण सम्बन्धी १३ वटा काम रु.२५,९६,६००।- मा गराएकोमा सामाजिक लेखापरीक्षण तथा कार्य सम्पन्न प्रतिवेदन पेश नगरी मूल्याङ्कन मात्र पेश भएको हुँदा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन गर्नुपर्ने देखियो । साथै विभिन्न ५ वटा गैर सरकारी संघ संस्थाहरुबाट भएको लक्षित बर्ग सम्बन्धित रु.८,७५,०२२।- को प्रर्वधनात्मक कार्यक्रमहरुको समेत प्रभावकारिता यकिन गर्नुपर्दछ ।

**देवापुर गाउँ विकास समिति**

२७. **भुक्तानी बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार भुक्तानी बाँकी कच्चावारी प्रमाणित गरेर मात्र गत वर्षको दायित्व भुक्तानी गर्नुपर्दछ। कार्यालयले १ विद्यालयलाईलाई २०७१ सालको रु.२,१७,०००।- भुक्तानी गरेकोमा भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरेको देखिएन। भुक्तानी बाँकीको कच्चावारी बेगर गत वर्षको खर्च चालु आर्थिक वर्षको बजेट भुक्तानी भएको नियमसम्मत् देखिएन।

२८. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट भएको कामको कार्यसम्पन्न प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन समेत पेश नगरी कलभर्ट निर्माण गरेको भनि १ उपभोक्ता समितिका अध्यक्षलाई रु.६०,०००।- भुक्तानी दिएको नियमसम्मत् देखिएन।

२९. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। बाल भेला खर्च गरेको भनी रु.१६,०००।- भुक्तानी गरेकोमा रु.६,६२५।- को मात्र विल पेश भएको हुँदा बढि भुक्तानी भएको रु.९,३७५।- असुल हुनुपर्दछ।

३०. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको आइटम वाइज मूल्याङ्कन गरी सो अनुसारको विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्दछ। निकायमा पेश गर्नुपर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन गरेको पाइएन। कार्यालयले बिभिन्न उपभोक्ता समितिमार्फत बिभिन्न कार्यहरु गराएकोमा उपभोक्ता समितिले गरेको खर्चको आंशिक विलभरपाई र एकमुष्ट मूल्यमात्र खुलेको प्राविधिक मूल्याङ्कन तथा सोही अनुरुपको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिएको पाईयो। नियममा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिले गरेको कामको विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई पेश गर्न लगाउनु पर्दछ।

३१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले खरिद गरेको रु.२,५०,०००।- को मोटरसाइकल र रु.२,००,०००।- को फर्निचर जिन्सी दाखिला गरेको देखिएन। खरिद गरिएका यस्ता जिन्सी सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

३२. **कर :** आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीको श्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नु पर्दछ। कार्यालयले बिभिन्न भुक्तानीमा रु.६३,१४५।- अग्रिम कर कट्टा गरी दाखिला गरेको देखिएन। नियमानुसार कट्टा गर्नुपर्ने कर राजस्व दाखिला गर्नुपर्दछ।

३३. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भएअनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१५,०००।- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ।

३४. **बिल भरपाई बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालय सामान खरिद वापत रु.२५,०००।- खर्च लेखि भुक्तानी दिएकोमा विल पेश नभएको हुँदा सो रकम असुल गर्नुपर्दछ।

३५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार नगरपालिकाको नाममा गत विगत वर्षको पेश्की बाँकी रु.२५५५४८९।- रहेको छ। यस वर्षको पेश्की बाँकी रु.१४,५०,०००।- रहेको छ। नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

**भगवानपुर गाउँ विकास समिति**

३६. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले खरिद गरेको रु.२२१५३१।- को पाइप र रु.२,०५,७००।- को कम्प्युटर जिन्सी दाखिला गरेको देखिएन। खरिद गरिएका यस्ता जिन्सी सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

३७. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार

प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१५,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

३८. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार गाउँ विकास समितिको नाममा गत विगत वर्षको पेश्की बाँकी रु.२३,०३,८८०।- रहेको छ । यस वर्षको पेश्की बाँकी रु.५,९२,०००।- रहेको छ । नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**कोचर्वा गाउँ विकास समिति**

३९. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रेस्ता तयार गरे वापत रु.१०,०००।- भुक्तानी दिएकोमा विल पेश भएको देखिएन । बिल भरपाई बेगर भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

४०. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२८,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

४१. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार गाउँ विकास समितिको नाममा गत विगत वर्षको पेश्की बाँकी रु.२१,५२,९००।- रहेको छ । यस वर्षको पेश्की बाँकी रु.१,६२,५००।- रहेको छ । नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**विसुनपुर गाउँ विकास समिति**

४२. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले खरिद गरेको रु.१५,०००।- को फर्निचर जिन्सी दाखिला गरेको देखिएन । खरिद गरिएका यस्ता जिन्सी सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

४३. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। पेश्की बाँकीको विवरण अनुसार गाउँ विकास समितिको नाममा यस वर्षको पेश्की बाँकी रु.३,१८,०००।- रहेको छ । नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.७ करोड १ लाख ३७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.७ लाख ७० हजार, नियमित गर्नुपर्ने रु.३करोड ३७ लाख ६८ हजार र पेश्की रु.३ करोड ५५ लाख ९९ हजार रहेको छ ।

# कोहल्वि नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.७ लाख ९१ हजार र यो वर्षको आय रु.१६ करोड ५२ लाख ७७ हजार समेत रु.१६ करोड ६० लाख ६८ हजार आम्दानी भएकोमा रु.१४ करोड ९१ लाख ९३ हजार खर्च भई रु.१ करोड ६८ लाख ७५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **सम्पत्ति हस्तान्तरण :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउपालिका वा नगरपालिका गठन हुदा सोभित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असारभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधि २०७४ कार्तिकभित्र यस गाउँपालिकाले साविक गाउँ विकास समितिमा रहेको जिन्सी सम्पत्ति गाउँपालिकाको नाममा हस्तान्तरण भएको पाइएन । सम्पत्ति हस्तान्तरण नहुँदा हराउने दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम गाउँपालिकाले साविक गाउँ विकास समितिले उपलव्ध गराएका विवरणबाट देखिएका जिन्सी सामानहरु र सो विवरण उल्लेख नभएका सम्पत्तिहरु समेत यकिन गरी स्वामित्वमा लिनुपर्ने देखिन्छ।

२. **विषयगत कार्य :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ८१ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायबाट सञ्चालन भई आएका स्थानीय स्तरका कार्यालयहरु संरचना चल अचल सम्पत्ति संरचना जस्ता विकास निर्माण आयोजनाहरु आदि गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुनेछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असारभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाहरुको लगत तयार गरी यस नगरपालिकाले सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम नगरपालिकाले यस्ता सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्दछ।

३. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ र नियम २१ अनुसार भ्रमण यथासम्भव कम खर्चिलो वाटो वा साधनबाट गर्नुपर्ने गरी कर्मचारीलाई काजमा खटाउनुपर्ने र अनुसूची-६ को ढाँचामा अभिलेख राख्नुपर्ने, चेक लिष्टबाट अनुगमन गर्नुपर्ने र भ्रमणमा खटाइएको कर्मचारीको दैनिक भत्ता तथा खर्च रकम भुक्तानी गर्नु अगाडि भ्रमणको कार्य प्रगति बारेमा भ्रमण प्रतिवेदन पेश हुनुपर्नेमा प्रतिवेदन वेगर खर्च लेख्ने गरेको छ। साथै अनुगमनमा जाँदा चेक लिष्ट समेत प्रयोगमा ल्याउनु पर्ने देखिन्छ। भ्रमण खर्च नियमावली, २०६४ अनुसूची-६ को ढांचामा कार्यालयले अभिलेख राख्ने नगरेको, कार्यक्रम र भ्रमणको उद्देश्यवीच तालमेल नमिलाउने तथा प्रतिवेदन नदिने गरेको समेत पाइयो। प्रतिवेदन र अभिलेख प्रणालीमा तत्काल सुधार हुनुपर्दछ।

४. **बेरुजू लगत :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउंपालिकामा बेरुजू अभिलेख, पेश्की वाँकीको अभिलेख राखेको छैन। साविकका गाउँ विकास समितिमा विगतमा दिएको पेश्की रु.५३,८६,४७९।- फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५. **कर दाखिला :** आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीको श्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नु पर्दछ। विभिन्न ४ गाविस तथा नगरपालिकाले भुक्तानीमा रु.११७१४।- कर कट्टी गरी दाखिला गरेको देखिएन। नियमानुसार कट्टी गर्नुपर्ने कर रकम असुल गरी दाखिला गर्नुपर्दछ।

६. **हिसाव मिलान :** यस नगरपालिकाले आर्थिक वर्षको आर्थिक विवरणमा देखाएको हिसाब मिलान रु.१,७२,३८,८२२।- खर्चको प्रमाण पेश गर्नुपर्दछ।

७. **बैंक मौज्दात** : यस न. पा. ले शिर्षगत रुपमा बैक नगदी बिनियोजन बजेट, ब.ख, पेस्कि बिबरण र बांकि बजेट खुल्ने गरी श्रेस्ता राखिएको पाइएन । जिम्मेवारी सरिआएको गत वर्षको मौजात, यस वर्षको आन्तरीक आय, बैंक स्टेटमेन्ट, जिन्सी खाता तथा निरीक्षण प्रतिबेदन आदि बिबरण पेश नभएकोले अल्या रकम र आन्तरीक आय यकिन गर्न नसकिएको र असाढ मसान्तको बैंक मौज्दात पनि बैंक भिडान गर्न नसकिएको अवस्था छ ।

८. **कार्यविधि तयारी** : यस नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न ८ कार्याविधि निर्माण गर्नको लागि रु.१७,२४,६१०।- खर्च गरेको देखियो। कार्याविधि प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले खर्चके यकिन गर्न सकिएन । कार्याविधि प्रतिवेदन पेश गर्नुपर्दछ ।

९. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलाई यो वर्ष विभिन्न ११ कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.१७,०३,३०७।- भुक्तानी गरेको छ । उक्त खर्चका सम्बन्धमा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१०. **आयकर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा तोकिएको भुक्तानीमा अग्रिम कर कट्टा गर्नेपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले विभिन्न सामग्री ढुवानी गरी भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर रु. ४५,०२०।- कट्टी गरेको पाइएन तसर्थ संबन्धित ब्यक्तिसंग असुल गरी अबिलम्व राजस्व दाखिला गर्नुपर्दछ ।

११. **विल भरपाई :** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख सहित सम्बन्धित व्यक्तिले बुझेको भरपाई पेश हुनुपर्नेमा सोको अभिलेख र सामाजिक सुरक्षा वितरण तर्फका कुनैपनी वितरण भरपाई पेश हुन नआएकोले उक्त रकम रु. २,७४,७६,०००।- वितरण भए नभएको यकिन गर्न साकिएन । उक्त अभिलेख र भरपाई पेश हुनुपर्दछ ।

११.१ कार्यालयले यो वर्ष विभिन्न शीर्षकबाट २ विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु ५२७५०।- भुक्तानी गरेको छ । उक्त खर्चका सम्बन्धमा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१२. **कर :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा तोकिएको भुक्तानीमा अग्रिम कर कट्टा गर्नेपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले २ भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिम आयकर रु.४७,२०० ।- कट्टी गरेको पाइएन । उक्त रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

## बछनपुर्वा गाउँ विकास समिति

१३. **प्रोत्साहन भत्ताः** मन्त्रिपरिषद्बाट २०७३।१।७ मा सबै गा.वि.स. सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार तलवको ५० प्रतिशतको भत्ताको अतिरिक्त साविक गा.वि.स.को निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गा.वि.स.मा कार्यरत गा.वि.स.सचिवले अध्यक्ष प्रोत्साहन भत्तारु ९,०००।- भुक्तानी लिइएको पाइयो । दोहोरो भत्ता सुविधा दिएको देखिएकेले असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

१४. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलयो वष)विभिन्न शीर्षकबाट निम्न वमोजिम विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.१४,५५३।- भुक्तानी गरेको छ । उक्त खर्चका सम्बन्धमा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

## रामपुर्वा गाउँ विकास समिति

१५. **प्रोत्साहन भत्ता :** मन्त्रिपरिषद्बाट २०७३।१।७ मा सबै गा.वि.स. सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार तलवको ५० प्रतिशतको भत्ताको अतिरिक्त साविक गा.वि.स.को निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गा.वि.स.मा कार्यरत गा.वि.स.सचिवले अध्यक्ष प्रोत्साहन भत्ता रु.१२,०००।- भुक्तानी लिइएको पाईयो । दोहोरो भत्ता सुविधा दिएको देखिएकेले असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

१६. **करः** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा तोकिएको भुक्तानीमा अग्रिम कर कट्टा गर्नेपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले ४ भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर रु.२४,६७४।– कट्टा गरेको पाइएन । उक्त रकम असुल गरि दाखिला गर्नु पर्दछ ।

## अबाम गाउँ विकास समिति

१७. **प्रोत्साहन भत्ताः** मन्त्रिपरिषद्बाट २०७३।१।७ मा सबै गा.वि.स. सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार तलवको ५० प्रतिशतको भत्ताको अतिरिक्त साविक गा.वि.स.को निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस

गा.वि.स.मा कार्यरत गा.वि.स.सचिवले अध्यक्ष प्रोत्साहन भत्तारु ९०००।- भुक्तानी लिइएको पाईयो। दोहोरो भत्ता सुविधा दिएको देखिएकेले असुल गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ।

१८. **आन्तरिक लेखापरीक्षण :** स्थानिय सरकार सन्चालन ऐन २०७४ कोदफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण आन्तरीक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथसाथै आ. ले. प. बाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस कार्यलय को आ.ले.प.शाखा तोकेतापनि प्रभाबकारी भएको देखिएन, तसर्थ यस आ.ब. मा आ.ले.प. भई आर्थिक कारोबार उपर टिप्पणि या सुझाब प्रस्तुत गरेको पाईएन।आन्तिरक लेखापरीक्षणवाट औल्याइएको रु.११०५७३४/- नियमानुसार फछ्यौट गर्नुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ८३ लाख ६९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१९ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ६४ लाख ४० हजार रहेको छ।

# महागडीमाई नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.११ लाख ६३ हजार र यो वर्षको आय रु.१३ करोड ५४ लाख १२ हजार समेत रु.१३ करोड ६५ लाख ७५ हजार आम्दानी भएकोमा रु.११ करोड ७८ लाख ८७ हजार खर्च भई रु.२ करोड ४६ लाख ८८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कंन गदा गर्दा साविक गाउँविकास समिति तथा गाउँपालिकाले आय व्ययको मौज्दात प्रगति तयार नगरेको, स्वीकृत कार्यक्रमहरु जाँचपास नगरेको, अनुगमन, उपयोग, उपलब्धी सम्बन्धमा मूल्याङ्कन नगरेको, कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन माथि कारवाहि नगरेको, राजस्व प्राप्ति वा आम्दानीको रसिद नियन्त्रण खाता नराखेको, तालुक कार्यालयले निरीक्षण गरी दिएको सुझावहरुलाई निरीक्षण पुस्तिकामा अभिलेख गरी सुझाव उपर उचित कारवाही नगरेको, मर्मत अभिलेख खाता नराखेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी नदिएको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको ,वजेट हिसाव तयार नगरेको, खरिद इकाई गठन नगरेको, मौजुदा सुचि तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरेको,आर्थिक कार्यविधि नियमावली, भुक्तानी गर्दा खर्चका बिल भर्पाईहरु सिलसिलेवार ढङ्गले राखि भुक्तानी जनाउने छाप लगाउनुपर्नेमा सो समेत गरेको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्नेछ भन्ने व्यवस्थालाई कार्यालयले पान विलमा २० हजारभन्दा माथिका समान विल टुक्राई खरिद गरेको देखिएकोले कार्यालयले ऐनमा तोकिएको कार्यबिधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एकप्रति तालुक कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनको कैफियत महलमा उल्लेख भएका मर्मत हुन सक्ने मालसामान मर्मत गुर्न पर्ने र मर्मत हुन नसक्ने मालसमानहरु लिलाम विक्रिको कारवाहि अगाडी बढाई जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनु पर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेको हुदा जिन्सी सम्पत्ति के कति र कस्तो अवस्थामा छन भनि एकिन गर्न सकिएन ।

४. **सामाजिक लेखापरीक्षण :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ५ बमोजिम नगरपालिका एंव सम्बन्धित वडामा गएका सामान तथा अन्य अनुदान खर्चको समेत सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन हुनुपर्ने देखियो । साथै सामाजिक परीक्षण कार्यबिधि, २०६७ र सार्वजनिक सुनुवाई कार्यबिधि, २०६७ को व्यवस्था अनुसार उपभोक्ता समिति तथा लाभग्राही समूह तथा अन्य संघ संस्थाहरुबाट भएका कामहरुको समेत सामाजिक लेखापरीक्षण पेश गर्नु पर्दछ ।

५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले खर्च लेखेको रु.५,४१,९५२।- को बिल भरपाई पेश गरेको देखिएन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनु पर्दछ ।

६. **रित बेगरको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम रित पुऱ्याई खर्च गर्नुपर्नेमा सो बेगर कार्यालयका स्थायी कर्मचारीहरुलाई खाईपाइ आएको २५% प्रोत्सहान भत्ता र कार्यालय प्रमुख तथा लेखा प्रमुखलाई मासिक रु.१०,०००।- का दरले परिषद्को निर्णयबाट बर्ष भरी रु.५,७२,४००। भत्ता खर्च लेखेको देखियो ।

७. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम जिन्सी सामानको आम्दानी तथा संरक्षण गर्नुपर्नेमा सो बेगर २ विद्यालयलाई रु.३,,९९,१६७- फर्निचर खरीद बापत अनुदान दिएकोमा तोकिएकै काममा खर्च भएको तथा जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको हुँदा प्रमाण पेश हुनु र्दछ ।

८. **सामग्रीको दररेट :** यस जिल्लामा भए गरेको काममा जिल्ला दर र बजार दरमा फरक परेको देखियो । जिल्ला दररेट अनुसार राम्रो इट्टाको दर रु.११।५० (मु.अ.कर बाहेक) राखी दर विश्लेषण गरिएको छ भने

बजारबाट हरेक निर्माण कार्यमा उपभोक्ताले रु.६।- देखि रु.८।- का दरले बिल पेश गरेको पाइएकोले सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

९. **सम्झौता**:सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिसँग सम्झौता गरी सो अनुसार काम गराई रकम भुक्तानी गर्नुपर्नेमा ५ वटा निर्माण कार्यका लागि उपभोक्ता समितिलाई रु.९,३२,७०९।- भुक्तानी गरेकोमा सम्झौता पेश भएन । सम्झौता बेगर खरिद गरिएको कार्य नियमसम्मत् देखिएन ।

१०. **बढी भुक्तानी :** वडा नं. २ छठीघाट निर्माणमा सम्झौता अनुसार उपभोक्ता समितिलाई रु.१,००,०००।- भुक्तानी हुनुपर्नेमा रु.१,५०,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५०,०००।- र वडा नं. ८ को सडक निर्माण कार्यका लागि सम्झौता बमोजिम रु.३,००,०००।- भुक्तानी गर्नुपर्नेमा रु.३,०५,०००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.५,०००।- समेत रु.५५,०००।- असुल हुनु पर्दछ ।

११. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले ६ वटा सँस्थासँग खरिद सम्झौता गरी रु.८४,६९,७६२।- भुक्तानी गरेकोमा बोलपत्र आह्वान नगरी सोझै खरिद गरेको देखियो । खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१२. **अनुगमन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुसार नर्म्स र खर्चको मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था छ । विभिन्न ८४ लक्षित कार्यक्रम सञ्चालन गर्न विभिन्न क्लव तथा संस्थालाई रु.६९,९८,५९४।- पेश्की दिई कार्यक्रम सञ्चालन गरेको पाइयो । सबै कार्यक्रममा एकरुपता हुने गरी खर्चका मापदण्ड तथा नर्म्स तोकेर रकम भुक्तानी गर्नुपर्नेमा प्रशिक्षण भत्ता वापत प्रतिदिन रु.१२,०००।- सम्म तथा प्रतिवेदन लेखन रु.६,४००।- सम्मका बिल संस्थाले पेश गरी फछ्र्यौट गर्ने गरेको देखियो । ८४ कार्यक्रम १०० भन्दा बढी संस्थाबाट सञ्चालन गराई कार्यक्रम सम्पन्न देखाएकोमा उपयोग र उपलब्धीको मूल्यांकन एवम् अनुगमन हुनुपर्ने देखियो ।

१३. **सर्भे प्रतिवेदन :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवाको लागि परामर्शदाता नियुक्त गर्दा गर्नुपर्ने कामको विवरण खुलाई सो बमोजिम प्रतिवेदन प्राप्त भएपछि रकम भुक्तानी हुनुपर्नेमा सो प्रकृया पूरा नगरी भुतही खोलामा बक्स ब्रिज निर्माणको विस्तृत सर्वेक्षण गरेको भनी १ कन्सल्टेन्सीलाई रु.४,९८,२१७।- र बरियारपुर बजारदेखि भुतहीखोलासम्मको बाटो निर्माणको विस्तृत सर्भेवापत १ कन्सल्टेन्टलाई रु.४,९६,०७०।- समेत रु.९,९४,२८७।- भुक्तानी गरेकोमा सर्भे प्रतिवेदन पेश भएन । विस्तृत सर्भेको प्रतिवेदन पेश हुनु पर्दछ ।

१४. **फ्रिज :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार वर्षान्तमा बाँकी रहेको रकम सरकारी खातामा फिर्ता हुनु पर्दछ । कार्यालयको बिभिन्न ३ वटा कार्यक्रमको बाँकी रहेको रु.३३,२७,१७४।- फ्रिज गरेको देखिएन ।

१५. **कार्य सम्पन्ने :** गढीमाई मन्दिरदेखि मलहनी जाने बाटो ढलान गर्न रु.१,००,०२,५६८।- को लागत अनुमान तयार गरी २०७४।३।१५ मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.५८,१७,१०७।- को सम्झौता भएको थियो । हालसम्म उक्त निर्माण कार्यका लागि हालसम्म रु.३०,३६,२८४।- भुक्तानी भएको छ । सम्झौताको म्याद समाप्त भएको लामो समयसम्म पनि निर्माण कार्य सम्पन्न भएको छैन । सम्बन्धित निकायबाट कार्य सम्पन्न गर्न गराउन पहल हुनु पर्दछ ।

१६. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ बमोजिम खरीद भएको सामान जिन्सी दाखिला गर्नुपर्नेमा कार्यालयले रु.२,६९,८९९।- मा खरिद गरेको १ थान मोटरसाइकल जिन्सी दाखिला गरेको देखिएन । जिन्सी दाखिला नगरी मोटरसाइकल खरिद वापत भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन ।

१७. **निर्माण कार्य** : कार्यालय बिमलदेवी कलवारनीको घरमा भाडामा बसेकोमा उक्त घरमा शौचालय निर्माण गरी रु.४,९१,५६०।- खर्च लेखेकोमा भाडाको घरमा शौचालय निर्माण निर्माण गरेको नियमसम्मत् देखिएन । वजेट खर्च गर्दा नियमको पालना गर्नुपर्दछ ।

१८. **खरिद :** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(३) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी खर्च गर्न नहुनेमा कार्यालयले रु.२२,१०,४५७।- को शौचालय निर्माण तथा फर्निचर खरिदको कार्य कोटेशनबाट गरेको देखियो । कोटेशनबाट खर्च गर्ने प्रकृयामा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१९. **अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को व्यवस्था अनुसार श्रोत तथा साधनहरुको उच्चतम सदुपयोग हने गरी काम गर्नु पर्दछ । कार्यालयले यस आर्थिक वर्षमा आन्तरिक

शीर्षकबाट रु.१६,५१,१०५।- को विभिन्न ९ वटा स साना टुक्रा सार्वजनिक निर्माण सम्बन्धी काम गरेकोमा यस्ता कार्यको सम्बन्धित निकायबाट अनुगमन भएको देखिएन ।

२०. **सामाजिक सुरक्षा भत्ता :** सामाजिक सुरक्षा सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०६९ को अनुसूची ९,१०,११ र १२ अनुसार, कार्यालयले सामाजिक सुरक्षा वितरण कार्यलाई व्यवस्थित गर्नका लागि लाभग्राही मुल खाता तथा अन्य विवरणहरु तयार नगरेको हुदा लाभग्राहीहरुको विवरण एकिन गर्न सकिएन । त्यसै गरी सम्पुर्ण सामाजिक सुरक्षा भत्ता नगदमा वितरण गर्ने र प्रायः सबैजसो भरपाईमा ल्याप्चे प्रयोग भएको देखियो । कार्यालयले सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गर्नका लागि तुरुन्त प्रक्रिया अघि बढाउनु पर्दछ ।

२१. **राजस्व :** स्थानीय स्वायत्त शासन नियमावली, २०६५ को भाग ६ को अनुसूची ४, नियम ७० संग सम्बन्धित मालपोत संकलन व्यवस्थालाई कार्यालयले प्रभावकारी कार्यान्वयन गरेको देखिएन । राजस्वको अभिलेख राख्दा म.ले.प.फा.नं. १०८, राजस्व आम्दानीको दैनिक गोश्वारा खाता, १०८(क) राजस्व आम्दानीको दैनिक नगद प्राप्त खाता, १०८(ख) राजस्व आम्दानीको दैनिक बैक भौचर खाता, २३ राजस्व आम्दानी बैक नगदी किताब, १५(क) राजस्वको बैक हिसाब मिलान बिबरण को ढांचामा अभिलेख राख्नु पर्नेमा उल्लेखित कुनै अभिलेख राखेको पाईएन । कार्यालयले रसिद नियन्त्रण खाता तयार नगरेको हुदा कति ठेली रसिद छपाएको हो, कति ठेली प्रयोग गरी कति बाँकी रहेको भनि एकिन गर्न सकिएन ।

२२. **धरौटी :** कार्यालयले धरौटी सम्बन्धी स्रेस्ता तयार नगरेको हुदा बैंक स्टेटमेन्ट अनुसार यस कार्यालयको गत आ.व. बाट जिम्मेवारी सारेको रु.१,०५,७९१।- यस आ.ब. मा प्राप्त रु.१२,२३,०५६।- धरौटी फिर्ता रु.१,४३,७२५।- गरी आ.व. को अन्तमा रु.११,८५,१२२।- धरौटी बाँकी देखियो । कायालयले तोकिए बमोजिमको ढाँचामा धरौटिको स्रेस्ता तयार गरी स्रेस्ता अध्याबधिक गर्नुपर्दछ ।

२३. **धरौटी फिर्ता :** सार्बजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । कार्यालयले एक निर्माण व्यवसायीको रु.१७,९९५।- धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्दछ।

२४. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार नगरपालिकाको नाममा यस वर्षको पेश्की बाँकी रु.२,०९,०००।- रहेको छ। नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**पिप्राविर्ता गाउँ विकास समिति**

२५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानी दिएको रु.४,६७,७००।- को खर्च प्रमाणित गर्ने प्रमाण पेश भएको देखिएन । त्यसैगरी स्रेस्ता मिलाइ दिए वापत भुक्तानी दिएको १७,०००।- को आधार प्रमाण पेश भएको देखिएन । खर्च प्रमाणित गर्ने कागज प्रमाण पेश हुनुपर्दछ ।

२६. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१०,५००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

२७. **तलब पेश्की :** १ वडा सचिवले तलब पेश्की रु.२,८६,२३८।- लिएकोमा हालसम्म फागुन र चैत्र महिनाको तलब रु.४७,३३२।- खर्च लेखी फछ्र्यौट गरिएकोमा बाँकी पेश्की रु.२,३८,९०६।- फछ्र्यौट हुन बाँकी देखिन्छ। तलब पेश्की वापत लगेको रकम असुल हुनुपर्दछ ।

**कवही जब्दी गाउँ विकास समिति**

२८. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार

प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनु पर्दछ ।

२९. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संसोधन) नियमावली, २०६४ को नियम ९(२) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले स्रेस्ता मिलाइ दिए वापत भुक्तानी दिएको रु.७,०००।- को आधार प्रमाण पेश भएको देखिएन । खर्च प्रमाणित गर्ने कागज प्रमाण पेश हुनुपर्दछ ।

३०. **कार्यक्रम अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को व्यवस्था अनुसार श्रोत तथा साधनहरुको उच्चतम सदुपयोग हने गरी काम गर्नु पर्दछ । कार्यालयले यस आन्तरिक श्रोतबाट रु.५,६७,४९६।- मा विभिन्न ४ वटा सार्वजनि निर्माण सम्बन्धी काम तथा विभिन्न गैर सरकारी संघ तथा संस्थाहरुबाट लक्षित वर्ग प्रर्वधनात्मक सम्बन्धी कार्यक्रम सञ्चालन काम गराएकोमा ती कार्यक्रमहरुको अनुगमन भएको देखिएन । सम्पन्न भएका कामहरुको सम्बन्धित निकायबाट अनुगमन हुनुपर्दछ ।

**मधुरी जब्दी गाउँ विकास समिति**

३१. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ बमोजिम खरीद भएको सामान जिन्सी दाखिला गर्नुपर्नेमा कार्यालयले रु.२,४८,९००।- मा खरिद गरेको १ थान मोटरसाइकल जिन्सी दाखिला गरेको देखिएन । जिन्सी दाखिला नगरी मोटरसाइकल खरिद वापत भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन ।

३२. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

३३. **कार्यक्रम अनुगमन :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को व्यवस्था अनुसार श्रोत तथा साधनहरुको उच्चतम सदुपयोग हने गरी काम गर्नु पर्दछ । कार्यालयले यस आन्तरिक श्रोतबाट रु.४,३३,०००।- मा विभिन्न ६ वटा सार्वजनिक निर्माण सम्बन्धी काम तथा विभिन्न गैर सरकारी सघं तथा संस्थाहरुबाट लक्षित वर्ग प्रर्वधनात्मक सम्बन्धी कार्यक्रम सञ्चालन काम गराएकोमा ती कार्यक्रमहरुको अनुगमन भएको देखिएन । सम्पन्न भएका कामहरुको सम्बन्धित निकायबाट अनुगमन हुनुपर्दछ ।

३४. **कर दाखिला :** आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीको श्रोतमा कट्टा गर्नुपर्ने अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नुपर्दछ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.७,११४।- कर कट्टी गरी दाखिला गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने कर रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

३५. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार नगरपालिकाको नाममा गत विगत वर्षको पेश्की रु.२१,९३,९७५।- बाँकी रहेको छ । यस वर्षको पेश्की बाँकी रु.१०,४००।- रहेको छ । नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.२ करोड ९५ लाख ४८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.६ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८४ लाख ५१ हजार र पेश्की रु.४ लाख ५८ हजार रहेको छ ।

# आदर्श कोतवाल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६० लाख ७० हजार र यो वर्षको आय रु.६ करोड ९६ लाख ६९ हजार समेत रु.७ करोड ५७ लाख ३९ हजार आम्दानी भएकोमा रु.६ करोड १४ लाख खर्च भई रु.१ करोड ४३ लाख ३९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन । सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु एकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याकंन गदा गर्दा आन्तरिक आय तर्फको तोकिए बमोजिमको अभिलेख नराखेको, करकट्टि रकम समयमा दाखिला नगरेको, पेश्की हिसाव अध्यावधिक नराखेको, भ्रमण अभिलेख नराखेको, सरकारी सम्पत्तिको लगत अधावधिक नगरेको जस्ता कैफियत देखिएका छन । कार्यालयको  प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनु पर्दछ ।

३. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश हुन आएन । आन्तरिक लेखापरीक्षण शाखालाई प्रभावकारी बनाई लेखापरीक्षण गराउनु पर्दछ ।

४. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिका मार्फत भएका निर्माण कार्यको लागत अनुमान र प्राविधिक मूल्याङ्कन जिल्ला विकास समिति योजना शाखाका ईन्जिनियरबाट हुने गरेकोमा त्यस्ता निर्माणकार्यहरुको कार्य सम्पन्न प्रतिवेदन पेश नगरी अन्तिम बिल भुक्तानी गरेको देखियो । निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

५. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिका र साविक गाउँ विकास समितिको समेत गत विगत वर्षको रु.१,००,१४,६५६।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन । यस वर्ष रु.२३,७७,१२७।- फछ्र्यौट हुन बाँकी पेश्की रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनु पर्दछ ।

६. **कर दाखिला :** आयकर ऐन, २०५८ बमोजिम कट्टी गरिएको कर रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला हुनु पर्दछ। साविक गाउँ विकास समिति समेत यस गाउँपालिकाले यस वर्ष कट्टी गरेको रु.६०,२९०।- कर रकम संचित कोष दाखिला भएको देखिएन। कट्टी गरिएको कर रकम यथाशिघ्र दाखिला हुनुपर्दछ ।

७. **नगद मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ बमोजिम साविक गाउँ विकास समितिहरुको जिम्मामा रहेको नगद मौज्दात सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी खर्च गर्नु पर्दछ । यस गाउँपालिका अन्तर्गत साविका महेन्द्र आदर्श र पटेवो गा.वि.स.को नाममा बाँकी

रहेको नगद मौज्दात रु.५२,८३२।- गाउँपालिकालाई फिर्ता गरेको देखिएन । साविक गाउँ विकास समितिहरुको नाममा रहेको नगद मौज्दात गाउँपालिकाको खातामा दाखिला गर्नुपर्दछ ।

**टेडाकट्टी गाउँ विकास समिति**

८. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।०१।०७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनु पर्दछ ।

९. **अग्रिम कर :**आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजारभन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मोटरसाइकल खरिद र सडक मर्मत खर्च वापत २ आपुर्तिकर्तालाई बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.८,८५९।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ।

१०. **उपभोक्ता समिति :** उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गराउँदा सम्झौतामा उल्लेख भएबमोजिमको रकम उपभोक्ता समिति मार्फत व्यहोर्न लगाउने र निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाई सार्वजनिक सुनुवाई समेत गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत इनर्वामाल र लक्ष्मिपुर कोतवाल गाउँ विकास समितिमार्फत भएका रु.१८,६९,७०३।- का ३ वटा निर्माण कार्यमा कार्य सम्पन्न प्रतिवेदन तयार नपारेको र सार्वजनिक सुनुवाई समेत भएको देखिएन । उपभोक्ता समिति मार्फत भएका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरी सार्वजनिक सुनुवाई गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**इनर्वामाल गाउँ विकास समिति**

११. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**लक्ष्मीपुर कोतवाल गाउँ विकास समिति**

१२. **बिल भरपाई :**स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न कार्यक्रम सञ्चालन गरे वापत रु.५६,४५८।- खर्च लेखेकोमा खर्च प्रमाणित गर्ने बिल भरपाई पेश गरेको छैन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४४ लाख ४८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८९ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ८२ हजार र पेश्की रु.२३ लाख ७७ हजार रहेको छ ।

# करैयामाई गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२१ लाख ३८ हजार र यो वर्षको आय रु.६ करोड ८५ लाख समेत रु.७ करोड ६ लाख ३८ हजार आम्दानी भएकोमा रु.५ करोड ८८ लाख ३४ हजार खर्च भई रु.१ करोड ४३ लाख ३९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन । सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु एकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाकाो मूल्याकंन गर्दा आन्तरिक आयतर्फको तोकिए बमोजिमको अभिलेख नराखेको, करकट्टि रकम समयमा दाखिला नगरेको, पेश्की हिसाव अध्यावधिक नराखेको, भ्रमण अभिलेख नराखेको, सरकारी सम्पत्तिको अभिलेख नराखेको जस्ता कैफियत देखिएका छन् । कार्यालयको प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनु पर्दछ ।

३. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिका र साविक गाउँ विकास समितिको समेत गत विगत वर्षको रु.१,५६,९२,६१८।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन। यस वर्ष रु.३,१३,०००।- फछ्र्यौट हुन बाँकी पेश्की रहेकोले नियममा भएको व्यवस्था बमोजिम तोकिएको समयमा नै पेश्की फछ्र्यौट गर्ने गराउने कार्यमा गाउँपालिकाले सक्रियता देखाउनु पर्दछ ।

४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश हुन आएन । आन्तरिक लेखापरीक्षण शाखालाई प्रभावकारी बनाई लेखापरीक्षण गराउनु पर्दछ ।

५. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ। यस गाउँपालिकाले २०७३।७४ मा कट्टी गरेको सञ्चयकोष वापतको रु.१८,४११।- र अग्रिम कर वापतको रु.२४,४९१।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन । कट्टी गरिएको कर र सञ्चय कोषको रकम यथाशीघ्र सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

६. **नगद मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ बमोजिम साविक गाउँ विकास समितिहरुको जिम्मामा रहेको नगद मौज्दात सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी खर्च गर्नुपर्दछ। बिभिन्न ६ वटा वडाहरुको जिम्मामा रहेको रु.६६,०२१।- हालसम्म गाउँपालिकाको जिम्मामा आएको देखिएन । वडाहरुको जिम्मामा रहेको नगद मौज्दात गाउँपालिकाको खातामा दाखिला हुनुपर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँभन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष फर्निचर तथा कम्प्युटर सम्बन्धी रु.११,७५,३२५।- को सामान सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने,

लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपूर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । यस गाउँपालिका अन्तर्गत देहायका वडा कार्यालयहरुले खर्च लेखेको रकमको बिल भरपाई पेश भएको देखिएन । यस गाउँपालिका अन्तर्गत वडा नं. २, ४, ६,७ र ८अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.६,०४,४९४।- भुक्तानी गरेको छ । खर्च प्रमाणित गर्ने कागज प्रमाण पेश हुनुपर्दछ ।

९. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं.१,३,४ र ६ अन्तर्गत संचालित कार्यक्रममा प्रशिक्षण भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु.१८,६१२।- कट्टी गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको पारिश्रमिक कर असुल हुनु पर्दछ ।

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानूनबमोजिम कर कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ५ आपूर्तिकर्तालाई बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.१८,९२६।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ ।

**नरही गाउँ विकास समिति**

११. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१२. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पारिश्रमिक भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु.१५,०००।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको पारिश्रमिक कर असुल हुनुपर्दछ ।

**हरैया गाउँ विकास समिति**

१३. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ । यस कार्यालयले भुक्तानीमा कट्टी गरेको अग्रिम कर रकम रु.२५,११७।- दाखिला गरेको देखिएन । कट्टी गरिएको कर रकम यथाशिघ्र सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

१४. **बढी भुक्तानी :** अर्थ मन्त्रालय, कार्यसञ्चालन निर्देशिका २०७० को ७.१.१५ अनुसार गाउँ स्तरमा सञ्चालन हुने कार्यक्रमको सहायक स्तरको कार्यपत्र र कक्षा सञ्चालनको लागि तोकिएको भन्दा बढी दरले भुक्तानी गरेको पाइयो । निर्देशिकाले तोकेको दर भन्दा बढी दरले ४ जनालाई भुक्तानी गरेको रु.२५,८००।- असुल गर्नुपर्दछ ।

१४.१ सोही कार्यक्रममा प्रशिक्षक, सहयोगी, कार्यक्रम व्यवस्थापन वापत विभिन्न व्यक्तिलाई रकम भुक्तानी दिई सकेको अवस्थामा संस्थाका १ पदाधिकारीलाईसंयोजक भत्ता वापत रु.३०,०००।- भुक्तानी दिएको देखियो । कार्यक्रम सञ्चालन सम्बन्धी सबै खर्च भुक्तानी दिई सकेको अवस्थामा पुनः यस प्रकारको भुक्तानी लिने आधार समेत पेश नभएकाले भुक्तानी दिनेबाट उक्त रकम असुल हुनुपर्दछ ।

१५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.७५०००।- भुक्तानी खर्च लेखेकोमा खर्चको विल भरपाई संलग्न रहेको पाईएन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१६. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफ १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा १९(१) मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने सो अवधिमा कर नबुझाउमा उपदफा (२) तथा (३) बमोजिम थप दस्तुर समेत बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयले १ आपूर्तिकर्तालाई

रु.६१,८००।- मू.अ.कर भुक्तानी गरेकोमा उक्त आपूर्तिकर्ता आन्तरिक राजस्व कार्यालयमा नन्फाइलर देखिएकाले भुक्तानी भएको मू.अ.कर सामायोजन गरे नगरेको यकिन हुन सकेन । मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

**सिहोर्वा गाउँ विकास समिति**

१३. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१८,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१४. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजारभन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानूनबमोजिम कर कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.३,६७४।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ ।

१५. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ। यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश हुन आएन । आन्तरिक लेखापरीक्षण शाखालाई प्रभावकारी बनाई लेखापरीक्षण गराउनु पर्दछ ।

**उमजन गाउँ विकास समिति**

१६. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।०१।०७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२४,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.२४ लाख ९२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ७ हजार र पेश्की रु.३ लाख १३ हजार रहेको छ ।

# देवताल गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.१ करोड १३ हजार र यो वर्षको आय रु.६ करोड ९ लाख ७९ हजार समेत रु.७ करोड ९ लाख ९२ हजार आम्दानी भएकोमा रु.५ करोड ६८ लाख ८३ हजार खर्च भई रु.१ करोड ४१ लाख ९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाकोा मूल्याङ्कन गर्दा आर्थिक विवरण तयार नगरेको, आन्तरिक आयतर्फको तोकिए बमोजिमको अभिलेख नराखेको, करकट्टि रकम दाखिला समयमानगरेको, पेश्की हिसाब अध्यावधिक नभएको, भ्रमण अभिलेख नराखेको, गाउँपालिकामा बेरुजू अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्यौटको अभिलेख नरहेको जस्ता कैफियत देखिएका छन। कार्यालयको प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ वनाउनु पर्दछ ।

२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका र साविक गाउँ विकास समितिको समेत गत विगत वर्षको रु.१,२६,७०,४१६।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन ।

३. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश हुन आएन । आन्तरिक लेखापरीक्षण शाखालाई प्रभावकारी बनाई लेखापरीक्षण गराउनु पर्दछ ।

४. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका मार्फत भएका निर्माण कार्यको लागत अनुमान र प्राविधिक मूल्याङ्कन जिल्ला विकास समिति योजना शाखाका ईन्जिनियरबाट हुने गरेकोमा त्यस्ता निर्माणकार्यहरुको कार्य सम्पन्न प्रतिवेदन पेश नगरी अन्तिम बिल भुक्तानी गरेको देखियो । निर्माण कार्यको अन्तिम बिल भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

५. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनु पर्दछ । यस गाउँपालिकाले २०७३।७४ मा कट्टी गरेको सञ्चयकोष वापतको रु.७२,९४९।- र अग्रिम कर वापतको रु.४०,१८२।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन । कट्टी गरिएको कर र सञ्चय कोषको रकम यथाशीघ्र सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

६. **मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ बमोजिम साविक गाउँ विकास समितिहरुको जिम्मामा रहेको मौज्दात रकम सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी खर्च गर्नुपर्दछ । साविकका ४ गाउँ विकास समितिहरुको जिम्मामा रहेको मौज्दात रु.१३,६२,३७७।- हालसम्म गाउँपालिकाको जिम्मामा आएको देखिएन । साविक गाउँ विकास समितिहरुको जिम्मामा रहेको मौज्दात गाउँपालिकाको खातामा दाखिला हुनुपर्दछ ।

७. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँभन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष फर्निचर तथा कम्प्युटर सम्बन्धी रु.१४,७३,४१४।- को सामान सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपूर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**दक्षिण भिटकैया गाउँ विकास समिति**

८. **उपभोक्ता समिति :** उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गराउँदा सम्झौतामा उल्लेख भए बमोजिम लागतको निश्चित प्रतिशत उपभोक्ता समितिले व्यहोर्नु पर्दछ । १ पक्की सडक निर्माण कार्यका लागि उपभोक्ता समितिसँग रु.१६,००,०००।- को सम्झौता भएको र उक्त सम्झौता बमोजिम लागतको १०% उपभोक्ता समितिको योगदान रहनु पर्ने व्यवस्था भएकोमा सम्झौता बमोजिमको काम सम्पन्न हुँदा उपभोक्ता समितिले रु.३०,०००।- मात्र व्यहोरेको देखिन्छ । सम्झौता विपरीत उपभोक्ता समितिले घटी व्यहोरेको रु.१,३०,०००।- असुल हुनुपर्दछ ।

९. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सामान ढुवानी खर्च भुक्तानी गर्दा भाडा कर वापत रु.५६,७००।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

**पिप्राढि गाउँ विकास समिति**

१०. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजार भन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.२७,४०५।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनु पर्दछ ।

११. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.१,४२,३८८।- भुक्तानी खर्च लेखेकोमा खर्चको विल भरपाई संलग्न रहेको पाईएन । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१२. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.३१,५००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**रौहाही गाउँ विकास समिति**

१३. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशिक्षक भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर वापत रु.४,०५०।- कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको पारिश्रमिक कर असुल हुनुपर्दछ ।

१४. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामान ढुवानी वापत ट्याक्टर भाडा भुक्तानी गर्दा भाडा कर रु.१४,१००।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

१५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत पचास हजारभन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कुल रकममा १.५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२७ मा निर्माण वा खरीद गर्दा वा सेवा प्राप्त गरेवापत भुक्तानी दिंदा प्रचलित कानून बमोजिम कर कटाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले बिल भुक्तानी गर्दा नियमानुसार लाग्ने अग्रिम कर रु.२२,४२५५।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने अग्रिम कर असुल हुनुपर्दछ ।

१६. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.९,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**बडकी फूलवरिया गाउँ विकास समिति**

१७. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२०,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

**पिपरपाती जब्दी गाउँ विकास समिति**

१८. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२४,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३५ लाख ५८ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.२८ लाख ७५ हजार रहेको छ।

# पचरौता गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६१ लाख ५६ हजार र यो वर्षको आय रु.८ करोड ४९ लाख ७० हजार समेत रु.९ करोड ११ लाख २६ हजार आम्दानी भएकोमा रु.७ करोड ९२ लाख ४९ हजार खर्च भई रु.१ करोड १८ लाख ७७ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रतलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारी पत्रमा तोकेबमोजिम साविक गाउँ विकास समिति तथा गाउँपालिकाले आय-व्ययको मौज्दात प्रगति तयार नगरेको, स्वीकृत कार्यक्रमहरु जाँचपास नगरेको, सञ्चालित कार्यक्रमहरुको अनुगमन, उपयोग, उपलव्धी सम्बन्धमा मूल्याङ्कन नगरेको, जिन्सी निरिक्षण प्रतिवेदन माथि कारबाही नगरेको, राजस्व प्राप्ति वा आम्दानीको रसिद नियन्त्रण खाता नराखेको, तालुक कार्यालयले निरीक्षण गरी दिएको सुझावहरुलाई निरीक्षण पुस्तिकामा अभिलेख गरी सुझाव उपर उचित कारवाही नगरेको, मर्मत अभिलेख खाता नराखेको, कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी नदिएको, आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, भुक्तानी गर्दा खर्चका बिल भर्पाईहरु सिलसिलेवार ढङ्गले राखि भुक्तानी छाप नलगाएको, खरिद इकाई गठन नगरेको, मौजुदा सूची तयार नगरेको जस्ता कैफियत देखिएका छन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रर्णाली सुदृढ वनाउनु पर्दछ।

२. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु.२० हजार रुपैयाँभन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले २० हजारभन्दा माथिका समान विल टुक्राई मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मसँग खरिद गरेको देखिएकोले कार्यालयले ऐनमा तोकिएको कार्यबिधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एकप्रति तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा जिन्सी सम्पत्ति के कति र कस्तो अवस्थामा छन भनी यकिन गर्न सकिएन।

४. **बढी भुक्तानी :** अर्थ मन्त्रालय, कार्यसञ्चालन निर्देशिका, २०७० को ७.१.१५ अनुसार गाउँ स्तरमा सञ्चालन हुने कार्यक्रमका लागि प्रतिवेदन खर्च रु.१,०००।-, प्रशिक्षक भत्ता प्रति कक्षा रु.२,०००।- र सहयोगी कर्मचारी खर्च रु.५,००।- का दरले भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले खुला दिशा मुक्तक्षेत्र घोषणा कार्यक्रम सञ्चालन खर्च भुक्तानी दिँदा निर्देशिकाले तोकेको दरभन्दा बढी दरले भुक्तानी दिएको छ। प्रतिवेदन तयारी खर्च वापत २ जनालाई २५,०००।-, प्रशिक्षक भत्ता  वापत २ जनालाई रु.३२,०००।- र सहयोगी कर्मचारी खर्च रु.१२,०००।-गरी जम्मा रु.६९,०००।- बढी भुक्तानी दिएको देखिएकाले सम्बन्धित व्यक्तिबाट असुल हुनुपर्दछ।

४.१ वडा नं.१ देखी ९ सम्म पक्की नाला निर्माण कार्यका लागि एक उपभोक्ता समिति र कार्यालयबीच भएको सम्झौता अनुसार रु.२०,७१,६७७।- कार्यालयका तर्फबाट भुक्तानी गर्ने सहमति भएकोमा कार्यालयले उक्त उपभोक्ता समितिलाई रु.७३,९५०।- कन्टिन्जेन्सी कट्टा गरी खुद रु.२१,१०,०१४।- भुक्तानी गरेको हुँदा सम्झौताभन्दा बढी भुक्तानी गरेको रकम रु.३८,३३६।- असुल गर्नुपर्दछ।

५. **नगद मौज्दात :** अमरपट्टी वडाका सचिवको जिम्मामा रहेको नगद रु.५७,०००।- हालसम्म पनि गाउँ पालिकाको खातामा दाखिला भएको देखिएन। लामो समयसम्म नगद दाखिला नगर्ने व्यक्तिसँग नियमानुसार बार्षिक १०% का दरले व्याज सहित असुल गर्नुपर्दछ।

६. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न ८ वटा कार्यक्रमका लागि खर्च लेखेको रु.५,९३,१६८।- र फर्निचर खदिर वापत भुक्तानी गरेको रु.५०,०००।-, वडा नं.तर्फ स्रेस्ता तयारी खर्च रु.१४,०००।- को बिल भरपाई संलग्न गरेको देखिएन। बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ।

६.१. वडा नं. २ श्रीनगर बैरवी अन्तर्गत जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरेको भनी रु.५१,९८०।- खर्च लेखेकोमा कार्यक्रम भएको प्रमाण खुल्ने कार्यक्रम प्रतिवेदन पेश गरेको देखिएन साथै रु.१०,४००।- को विल तथा भरपाई नपुगेको हुँदा उक्त रकम असुल गर्नुपर्दछ।

६.२. वडा नं. ३ श्रीनगर बैरवी अन्तर्गत बाटो मर्मत कार्यका लागि रु.२,००,०००।- भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन, सामाजिक लेखापरीक्षण, नापी किताब तथा उपभोक्ता समितिले कार्यसम्पन्न गरेको भनी गरेको निर्णय समेत पेश नगरी भुक्तानी गरेको हुँदा काम भएको प्रमाण पेश गर्नुपर्दछ।

६.३. सोही वडामा प्रहरी चौकी निर्माणका लागि प्रहरी चौकी भवन निर्माण उपभोक्ता समितिका अध्यक्षलाई रु.४,३८,७५०।- को मूल्याङकनका आधारमा रु.४,३०,०००।- भुक्तानी दिएकोमा कामको नापी किताब तथा सामाजिक लेखापरीक्षण र उपभोक्ता समितिले सम्फौता अनुसारको काम भएको भनी गरेको निर्णय समेत पेश नगरी भुक्तानी गरेको हुँदा काम भएको प्रमाण पेश गर्नुपर्दछ ।

६.४. त्यसैगरी सोही वडामा बाटोमा माटो पुर्ने कार्यका लागि रु.१,६०,०००। भुक्तानी गरेकोमा कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तथा सामाजिक लेखापरीक्षण र उपभोक्ता समितिले सम्फौता अनुसारको कार्य सम्पन्न भएको भनी गरेको निर्णय समेत पेश नगरी भुक्तानी गरेको हुँदा सोको प्रमाण पेश गर्नुपर्दछ ।

६.५. वडा नं.४ अर्न्तगत भएका सडक तथा नाली निर्माण सम्बन्धी रु.१६,२१,०००।- को कार्यको उपभोक्ता समितिबाट अनुगमन मूल्याङकन भएको देखिएन ।

६.६. सोही वडा अन्तर्गत राष्ट्रिय युवा महासंघले बृद्ध सम्मान कार्यक्रम भुल, छाता र भेस्ट वितरण गरेको भनी खर्च लेखेकोमा यस्ता कार्यक्रम गर्दा सार्वजनिक सुनुवाई गरेको देखिएन ।

७. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा तोकिएको दरले अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खुला दिशा मुक्त क्षेत्र घोषणा कार्यक्रममा प्रयोग गरेको साउण्ड सिस्टमको भाडा भुक्तानी गर्दा भाडा कर रु.३,०००।-, माछा पोखरी मर्मत गर्दा एक्साभेटरको भाडा भुक्तानी गर्दा रु.२९,७००।-, राष्ट्रिय युवा महासंघ नेपाल, बाराका अध्यक्षलाई पारिश्रमिक भुक्तानी गर्दा रु.६७,५००।-, प्रशिक्षण भत्ता भुक्तानी गर्दा रु.१६,५००।- , वडा नं. ७ तर्फ ढुवानी भाडा भुक्तानी गर्दा रु.७,९१५।-, वडा नं. १ तर्फ रु.५,९५०।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने कर असुल हुनुपर्दछ ।

७.१. वडा नं.२ श्रीनगर बैरवी अन्तर्गत प्राजेक्टर भाडा भुक्तानी गर्दा रु.४,५००।- र प्रशिक्षक भत्ता भुक्तानी गर्दा रु.२,४५०।- समेत रु.६,९५०।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने कर असुल हुनुपर्दछ ।

७.२. वडा नं. ३ अन्तर्गत बाटोमा माटो पुर्ने कार्यका लागि ढुवानी भाडा भुक्तानी गर्दा रु.३७,०००।- बहाल कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने कर असुल हुनुपर्दछ ।

८. **सोभै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोभै खरिद गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँभन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष रु.२६,६४,८४३।- को सामान सोभै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

९. **अन्य प्रयोजन खर्च :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यालय प्रमुख र लेखाप्रमुखको व्यक्तिगत प्रयोजनका लागि २ थान मोवाईल खरिद वापत रु.६४,०००।- भुक्तानी दिएको छ । व्यक्तिगत प्रयोजनका लागि खरिद गरिएको मोवाइल खर्च वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१०. **खर्च मितव्ययीता :** सरकारी खर्चमा मितव्ययीता निर्देशिका, २०६८ अनुसार सरकारी रकम खर्च गर्दा मितव्ययी ढङ्गले खर्च गर्नुपर्दछ । कार्यालयले गाउँपालिकाको भिलेज प्रोफाई तयार गर्नका लागि राष्ट्रिय युवा महासंघ नेपाल, बाराका अध्यक्षसँग रु.५,००,०००।- मा सम्फौता गरेकोमा निजले पेश गरेको भिलेज प्रोफाइलको भौतिक परीक्षण गर्दा सम्पूर्ण विवरण तंथ्याङ्क र सोको चार्टमात्र प्रस्तुती गरेको हुँदा लागत अनुसारको गुणस्तरीय प्रोफाइल तयार गरेको भन्न सक्ने देखिएन । उक्त कार्यमा मितव्ययीता कायम भएको भन्न सक्ने आधार नदेखिएकोले खर्च गरेको रकम नियमसम्मत् देखिएन ।

११. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले राष्ट्रिय युवा महासंघ नेपाल, बाराका अध्यक्षलाई पारिश्रमिक भुक्तानी गर्दा रु.६७,५००।- र पारिश्रमिक कर कट्टी गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको पारिश्रमिक कर असुल हुनुपर्दछ ।

१२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी

निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। अमरपट्टी वडाका सचिवले लिएको तलव पेश्की हालसम्म पनि फछ्र्यौट नगरेका कारण वार्षिक १० प्रतिशत व्याज समेत असुल हुनुपर्दछ।

१३. **बढी भुक्तानी :** श्रीगर बैरिवा वडा तर्फ कृषि सम्बन्धी दुई दिने कार्यक्रम गरेको भनी ३ जना व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिएको देखिन्छ। दोहोरो भुक्तानी लिएको रकम रु.११,०१०।- असुल हुनुपर्दछ।

**कुडहवा गाउँ विकास समिति**

१४. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले गाउँ विकास समिति अध्यक्षलाई अध्यक्षता भत्ता भुक्तानी गर्दा रु.२,९५०।- पारिश्रमिक कर कट्टी गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम पारिश्रमिक कर असुल हुनुपर्दछ।

१५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले गतवर्षको बिल राखी खाजा खर्च वापत रु.४०,०००।-, बिल भरपाई बेगर पशु भ्याक्सीन खरिद गरे वापत रु.४५,०००।- र सूचना प्रकाशन पावत रु.१०,०००।- समेत रु.९५,०००।- भुक्तानी दिएको छ। गत वर्षको बिल राखी तथा बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ।

१६. **भुक्तानी दिन बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुँदैन। विशेष कारण चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। कार्यालयले कृषि सेड निर्माण वापत गत आर्थिक वर्षको रु.१,४०,०००।- भुक्तानी बाँकीको कच्चाबारी बेगर भुक्तानी दिएको छ। भुक्तानी बाँकीको कच्चावारी बेगर भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन।

१७. **जिन्सी दाखिला :** कार्यालयले खरिद गरेको जिन्सी सामान भण्डार शाखामा दाखिला गरी मात्र बिल भुक्तानी दिनु पर्दछ। कार्यालयले यस वर्ष खरिद गरेको रु.८०,०००।- को फर्निचर र रु.२,५०,०००।- को मोटरसाइकल जिन्सी दाखिला गरेको देखिएन। जिन्सी दाखिला नगरी भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन।

१८. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१५,०००।- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ।

१९. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस साविक गाउँ विकास समितिको गत विगत वर्षको रु.३१,२३,१८४।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन। यो वर्षको पेश्की रु.८५,०००।- फछ्र्यौट हुन बाँकी देखिएको छ।

**पचरौता गाउँ विकास समिति**

२०. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफ १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिएबमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था छ। कार्यालयले १ आपूर्तिकर्तालाई ह्युमपाइप खरिद वापतको बिल भुक्तानी गर्दा ५,८५०।- मु.अ.कर भुक्तानी गरेकोमा वीजक नम्बर केरमेट गरी जारी गरेको हुदाँमु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

**अमरपट्टी गाउँ विकास समिति**

२१. **लेखापरीक्षण :** आर्थिक वर्ष २०७३।७४ को भाद्र मसान्तसम्म भएको खर्च रु.१०,६९,७१४।- को लेखा स्रेस्ता लेखापरीक्षणका लागि पेश हुन आएन।

२२. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष खरिद गरेको मोटरसाइकल थान १ जिन्सी दाखिला भएको देखिएन। खरिद गरिएको मोटरसाइकल जिन्सी दाखिला गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ।

२३. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले बाल मैत्री स्थानीय शासन सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गर्न रु.१,१९,७९०।- भुक्तानी गरेकोमा रु.१,०८,९००।- को मात्र बिल भरपाई पेश भएको छ। त्यसैगरी स्रेस्ता तयारी गर्नका लागि भनी रु.७,०००।- भुक्तानी गरेकोमा खर्च प्रमाणित गर्ने कागजात पेश गरेको देखिएन। बिल भरपाई बेगर खर्च लेखेको रु.१७,८९०।- असुल हुनुपर्दछ।

२४. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम तोकिएको दरमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बाल मैत्री स्थानीय शासन सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन वापत पारिश्रमिक भुक्तानी गर्दा रु.४,८००।-, गाउँ विकास समितिको अध्यक्षता भत्ता भुक्तानी गर्दा रु.६,२१६।-, भिलेज प्रोफाइल तयार पारे वापतको पारिश्रमिक भुक्तानी गर्दा रु.१०,५००।- र घर बहाल भुक्तानी गर्दा रु.१,६००।- गरी जम्मा रु.२३,११६।- कर कट्टी गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको कर असुल हुनुपर्दछ।

२५. **अनुगमन मूल्याङ्कन :** स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ५ बमोजिम गा.वि.स. मा ७ वटा कार्यक्रम सञ्चालनमा रु ६,००,७९०।- भुक्तानी गरेकोमा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन भएको देखिएन। संचालित कार्यक्रमको प्रभावकारी रुपमा अनुगमन मूल्याङ्कन गरिनु पर्दछ।

२६. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ।

२७. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस साविक गाउँ विकास समितिको गत विगत वर्षको रु.३७,१४,५८४।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन। यो वर्षको पेश्की रु.१४,९१,७८२।- फछ्र्यौट हुन बाँकी देखिएको छ।

**बेनौली गाउँ विकास समिति**

२८. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२९,०००।- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ।

२९. **जिन्सी दाखिला :** कार्यालयले खरिद गरेको जिन्सी सामान भण्डार शाखामा दाखिला गरी मात्र बिल भुक्तानी दिनु पर्दछ। कार्यालयले यस वर्ष खरिद गरेको रु.२,५०,०००।- को मोटरसाइकल जिन्सी दाखिला गरेको देखिएन। जिन्सी दाखिला नगरी भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन।

३०. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम तोकिएको दरमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले मोटरसाइकल खरिदको बिल भुक्तानीमा रु.३१५८।- र अध्यक्षता भत्ता भुक्तानी गर्दा रु.१६८०।- कर कट्टी गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम कट्टी नगरिएको कर असुल हुनुपर्दछ।

३१. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ। यस साविक गाउँ विकास समितिको गत विगत वर्षको रु.१२,४३,३००।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन।

**पिपरपाती पचरौता गाउँ विकास समिति**

३२. **बढी भुक्तानी :**आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट

यस्तो खर्च रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले १ जना कार्यालय सहायकलाई चाडपर्व भत्ताका अतिरिक्त विशेष पर्व भत्ता भनी रु.२४,६८०।- दिएको हुँदा उक्त रकम असुल गर्नुपर्दछ ।

३३. **कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समितिको सचिवले २०७३ श्रावणदेखि २०७३ फाल्गुनसम्मको अध्यक्षता भत्तामा १% सामाजिक सुरक्षा कर मात्र कट्टा गरेको हुँदा नपुग कर रु.१,६८०।- असुल हुनुपर्दछ ।

३४. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको गत विगत वर्षको रु.७,००,७५७- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन । यस वर्षको पेश्की बाँकी रु.५,१२,०००।- रहेको छ । समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**बेल्दारी गाउँ विकास समिति**

३५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । स्रेस्ता मिलाएको भनी रु.७,०००।-, ईन्धन वापत रु.७,०००।- र विविध खर्चबापत रु.२०,०००।-भुक्तानी दिएकोमा खर्च लेख्ने आधार प्रमाण पेश नभएको हुँदा उक्त रकम असुल हुनुपर्दछ ।

३६. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१३,५००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

३७. **बढी भुक्तानी :**दर्तावाला लेखापरीक्षकले जिल्ला समन्वय समितिबाट दशै खर्च लिइसकेपछि पुनः यस कार्यालयबाट दशै खर्चबापत रु.२५,३८७- र विविध खर्चवापत रु.८,०००।- समेत गरी जम्मा रु.३३,३८७- भुक्तानी लिएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

३८. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको गत विगत वर्षको रु.३०,४७,५००।- पेश्की बाँकी देखिएकोमा फछ्र्यौट गरेको छैन । यस वर्षको पेश्की बाँकी रु.९,३५७- रहेको छ । समयमा पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**श्रीनगर बैरवी गाउँ विकास समिति**

३९. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँ विकास समितिले कट्टी गरेको रु.२,४८५।- अग्रिम कर दाखिला गरेको देखिएन । कट्टि गरिएको कर रकम समयमै दाखिला हुनुपर्दछ ।

४०. **जिन्सी दाखिला :** कार्यालयले खरिद गरेको जिन्सी सामान भण्डार शाखामा दाखिला गरी मात्र बिल भुक्तानी दिनु पर्दछ। कार्यालयले यस वर्ष खरिद गरेको रु.८०,०००।- को स्टिल दराज जिन्सी दाखिला गरेको देखिएन । जिन्सी दाखिला नगरी भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन ।

४१. **बिल भरपाई :-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । माटो पुरेको भनी रु.१५,०००।- भुक्तानी दिएकोमा खर्च लेख्ने आधार प्रमाण पेश नभएको हुँदा उक्त रकम असुल हुनुपर्दछ ।

४२. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस

गाउँ विकास समितिको यस वर्षको पेश्की बाँकी रु.२९,६३,१२६।- रहेको छ । समयमा पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**पकडिया चिकनी गाउँ विकास समिति**

४३. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँ विकास समिति अध्यक्षको भत्ता भुक्तानी गर्दा रु.१,६८०।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

४४. **दोहोरो भत्ता :** नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।०१।०७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

४५. **जिन्सी दाखिला :** कार्यालयले खरिद गरेको जिन्सी सामान भण्डार शाखामा दाखिला गरी मात्र बिल भुक्तानी दिनु पर्दछ। कार्यालयले यस वर्ष खरिद गरेको रु.१,२१,६२०।- का बिभिन्न सामग्रीहरु जिन्सी दाखिला गरेको देखिएन । जिन्सी दाखिला नगरी भुक्तानी दिएको रकम नियमसम्मत् देखिएन ।

४६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० मा पेश्की लिने स्थानीय निकायका पदाधिकारी, कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई लिनुपर्ने तथा पेश्की फछ्र्यौट गर्न अटेर गरेमा कर्मचारीको हकमा तलब रोक्का गर्ने, बढुवा रोक्का गर्ने र पदाधिकारीको हकमा सार्वजनिक सुचना समेत जारी गरी निजले पाउने सुविधा रोक्का गरी सरकारी बाँकी सरह ब्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । यस गाउँ विकास समितिको यस वर्षको पेश्की बाँकी रु.२२,३८,९००।- रहेको छ । समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.१ करोड ६८ लाख २४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१२ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.८३ लाख ८ हजार र पेश्की रु.७३ लाख रहेको छ।

# परवानीपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६२ लाख ३७ हजार र यो वर्षको आय रु.८ करोड १४ लाख ७८ हजार समेत रु.८ करोड ७७ लाख १५ हजार आम्दानी भएकोमा रु.५ करोड ६५ लाख ९८ हजार खर्च भई रु.३ करोड ११ लाख १७ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन। सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु एकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिदा गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाख सम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष रु.९७१२३५।- को सामान सोझै खरिद गरेको देखिन्छ। खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

३. **गैर सरकारी सस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३३(१) मा ग्रैह सरकारी संस्था बाट काम गराउने सम्बन्धमा व्यवस्था गरेको छ। कामको आवश्यकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ति, कार्यसञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गर्नुपर्ने र २० हजारभन्दा माथिको काम गराउँदा मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थाबाट काम गराउनु पर्ने व्यवस्था छ। कार्यालयले अधिकाशं मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्ति, फर्म वा कम्पनि (ग्रैह सरकारी संस्था) बाट गराएको, काम गर्न सक्ने जनशक्ति भए नभएको मूल्याङ्कन नभएको, विना आधार तजविजि प्रक्रियाले ग्रैह सरकारी संस्था छनौट गरी काम बाडेको देखिन्छ। यस सम्वन्धमा तत्काल सुधार गरी प्रतिर्स्धाका आधारमा गैर सरकारी संस्थाको छनौट गर्ने र मूल्य अभिवृद्धि करमा दर्तावालसगँग मात्र काम गराउने तर्फ कार्यालयलको ध्यान जानु पर्दछ।

४. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँपालिकामा बेरुजू अभिलेख, पेश्की बांकीको अभिलेख राख्नुपर्दछ। साविक गाउँ विकास समितिको गत विगतको पेश्की रु.३,०३,६९,१९२।- रहेको छ।यस वर्षको पेश्की रु.७६९,०००।- बाँकी रहेको छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ। यस गाउँपालिकाले २०७३।७४ मा कट्टी गरेको सञ्चयकोष वापतको रु.१०९९०७।- र अग्रिम कर वापतको रु.२९,०१३।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन। कट्टी गरिएको कर र सञ्चय कोषको रकम यथाशीघ्र सम्बन्धित खातामा दाखिला हुनुपर्दछ।

६. **मौज्दात :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ बमोजिम साविक गाउँ विकास समितिहरुको जिम्मामा रहेको नगद मौज्दात सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरी खर्च गर्नुपर्दछ। यस गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिको नाममा बाँकी रहेको मौज्दात रु.१६,६९,६११।- गाउँपालिकालाई फिर्ता गरेको देखिएन। साविक गाउँ विकास समितिहरुको नाममा रहेको मौज्दात गाउँपालिकाको खातामा दाखिला गर्नु पर्दछ।

७. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ। वडा नं. ३, ४ र ६ बाट प्रशिक्षक भत्ता, ढुवानी भाडा, परामर्श सेवा आदीको भुक्तानी गर्दा रु.३९,१७६।- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

**लिप्नीमाल गाउँ विकास समिति**

८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयलेयो वर्ष ग्राभेल, पोखरी, मन्दिर निर्माण वापत रु.१५,०००।- भुक्तानी गरेकोमा खर्चको बिल भरपाई पेश गरेको छैन । बिल भरपाई बेगर खर्च लेखिएको रकम असूल हुनु पर्दछ ।

**बहुआरी गाउँ विकास समिति**

९. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ढुवानी भाडा, कृषि कार्यक्रम वापत भुक्तानी गर्दा रु.८,९५०।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**बुनियाद गाउँ विकास समिति**

१०. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**प्रस्टोक गाउँ विकास समिति**

११. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.९,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**वन्जरिया गाउँ विकास समिति**

१२. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१३. **पारिश्रमिक कर :** आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कुनै वासिन्दा व्यक्तिको पारिश्रमिक भुक्तानीमा नियमानुसार १५% पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रशिक्षक भत्ता भुक्तानी गर्दा रु.२,२५०।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**रामपुर टोकनी गाउँ विकास समिति**

१४. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२०,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१५. **बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम भाडा वापत रकम भुक्तानी गर्दा १० प्रतिशत बहाल कर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो ढुवानी भाडा भुक्तानी गर्दा भाडा कर वापत रु.४,६००।- कट्टी गरेको देखिएन । नियमानुसार कट्टी गर्नुपर्ने भाडा कर असुल हुनुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३६ लाख ७४ हजार बेरु फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.२६ लाख ४१ हजार र पेश्की रु ७ लाख ६९ हजार रहेको छ ।

# प्रसौनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७० लाख ६६ हजार र यो वर्षको आय रु.७ करोड ५ लाख २० हजार समेत रु.७ करोड ७५ लाख ८६ हजार आम्दानी भएकोमा रु.६ करोड ७८ लाख ७३ हजार खर्च भई रु.९७ लाख १३ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन । सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु एकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । यस उप महानगरपालिकाले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख राख्ने गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम भ्रमण अभिलेख राख्नुपर्दछ ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिदा गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँभन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष रु.९,७१,२३५।- को सामान सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपूर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपूर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४. **गैर सरकारी सस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३३(१) मा गैह्र सरकारी संस्थाबाट काम गराउने सम्बन्धमा व्यवस्था गरेको छ। कामको आवश्यकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ति, कार्यसञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गर्नुपर्ने र रु.२० हजारभन्दा माथिको काम गराउँदा मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थाबाट काम गराउनु पर्ने व्यवस्था छ। कार्यालयले अधिकाशं मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्ति, फर्म वा कम्पनि (ग्रैह सरकारी संस्था) बाट गराएको, काम गर्न सक्ने जनशक्ति भए नभएको मूल्याङ्कन नभएको, विना आधार तजविजि प्रक्रियाले ग्रैह सरकारी संस्था छनौट गरी काम बाडेको देखिन्छ। यस सम्वन्धमा तत्काल सुधार गरी प्रतिर्स्धाका आधारमा गैर सरकारी संस्थाको छनौट गर्ने र मूल्य अभिवृद्धि करमा दर्तावालसगँग मात्र काम गराउनेतर्फ कार्यालयलको ध्यान जानुपर्दछ ।

५. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँपालिकामा बेरुजू अभिलेख, पेश्की बांकीको अभिलेख राख्नुपर्दछ । साविक गाउँ विकास समितिको गत विगतको पेश्की रु.२,९१,९१,८६१।- रहेको छ । यस वर्षको पेश्की रु.२८,३१,८००।- बाँकी रहेको छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

६. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ । यस गाउँपालिकाले २०७३।७४ मा कट्टी गरेको सञ्चयकोष वापतको रु.७३,८७३।- र अग्रिम कर वापतको रु.४१,५२०।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन । कट्टी गरिएको कर र सञ्चय कोषको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

७. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेवडा नं. ५ र ६ तर्फ विभिन्न शीर्षकबाट

विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.८५,३५३।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

८. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । वडा नं.३ र ७ तर्फ बिभिन्न भुक्तानीमा रु.१३,६३४।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**विश्रामपुर गाउँ विकास समिति**

९. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१८,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१०. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.२८,७३१।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**पर्सौनी गाउँ विकास समिति**

११. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.६,८१५।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**खुटवा जब्दी गाउँ विकास समिति**

१२. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनु र्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४० लाख ८४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ८७ हजार र पेश्की रु.२८ लाख ३२ हजार रहेको छ ।

# फेटा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५१ लाख २७ हजार र यो वर्षको आय रु.६ करोड ३९ लाख ८१ हजार समेत रु.६ करोड ९१ लाख ८ हजार आम्दानी भएकोमा रु.५ करोड ४१ लाख ३९ हजार खर्च भई रु.१ करोड ४९ लाख ४९ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असारभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन। सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ। गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु यकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **लेखापरीक्षण :** स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको ओदश, २०७३ को दफा ३१ मा साविक गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिका खाताहरु बन्द गरी सो अवधिसम्म भएका आर्थिक कारोबारको विवरण तयार गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले २०७३ फागुन २७ सम्मको आर्थिक कारोवारको छुट्टै आर्थिक विवरण तयार गरी लेखापरीक्षण गरेको देखिएन।

३. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख राख्ने गरेको देखिएन। नियममा भएको व्यवस्था बमोजिम भ्रमण अभिलेख राख्नुपर्दछ।

४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिदा गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष रु.१७,४१,८९९।- को सामान सोझै खरिद गरेको देखिन्छ। खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपुर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ। गाउँपालिकामा बेरुजू अभिलेख, पेश्की बांकीको अभिलेख राख्नु पर्दछ। साविक गाउँ विकास समितिको गत विगतको पेश्की रु.२२,००,१८०।- रहेको छ। यस वर्षको पेश्की रु.७,२१,०००।- बाँकी रहेको छ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फर्छ्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

६. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनु पर्दछ। यस गाउँपालिकाले २०७३।७४ मा कट्टी गरेको सञ्चयकोष वापतको रु.१०,२००।- र अग्रिम कर वापतको रु.२९,२४२।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन। कट्टी गरिएको कर र सञ्चय कोषको रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ।

७. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले साविक वतरा, छतवा र पुरैनिँया गाउँ विकास समिति तर्फ बिभिन्न भुक्तानीमा रु.७९,६४१।- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले वडा नं.६ तर्फ विभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.३,१८,०००।- भुक्तानी गरेको छ। बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ।

**बैरनिँया गाउँ विकास समिति**

९. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१८,०००।- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

१०. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न भुक्तानीमा रु.११,८०३- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

**छतवा गाउँ विकास समिति**

११. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न भुक्तानीमा रु.४९,९००- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

**बतरा गाउँ विकास समिति**

१२. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२१,०००- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

१३. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.४,१०,०००- भुक्तानी गरेको छ। बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ।

१४. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न भुक्तानीमा रु.५७,९००- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

**पुरैनियाँ गाउँ विकास समिति**

१५. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि सावि‍क गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१०,०००- भुक्तानी लिएको देखियो। दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

१६. **बिल भरपाई बेगर खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.३,१९,९५०- भुक्तानी गरेको छ। बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनु पर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३८ लाख बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.१७ लाख ४२ हजार र पेश्की रु.७ लाख २१ हजार रहेको छ।

# बारागडी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२८ लाख ३९ हजार र यो वर्षको आय रु.६ करोड ६४ लाख ९७ हजार समेत रु.६ करोड ९३ लाख ३६ हजार आम्दानी भएकोमा रु.६ करोड ३० लाख २८ हजार खर्च भई रु.६३ लाख ८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **जिन्सी व्यवस्थापन :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ७९ मा गाउँपालिका वा नगरपालिका गठन हुँदा सो भित्र समाहित भएका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत हस्तान्तरण हुने र सो को अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले साविक गाउँ विकास समितिहरुको नाममा रहेको जिन्सी सम्पत्ति हालसम्म प्राप्त गरी जिन्सी लगत अद्यावधिक गरेको देखिएन । सम्पत्ति हस्तान्तरण नहुँदा हराउने वा दुरुपयोग हुनसक्ने देखिएको छ । गठन आदेश वमोजिम साविक गाउँविकास समितिको नाममा रहेका जिन्सी सामानहरु एकिन गरी स्वामित्वमा लिनुपर्दछ।

२. **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख राख्ने गरेको देखिएन । नियममा भएको व्यवस्था बमोजिम भ्रमण अभिलेख राख्नुपर्दछ ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिदा गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाखसम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष रु.१७,४१,८९९।- को सामान सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपूर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४. **गैर सरकारी संस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३३(१) मा ग्रैह सरकारी संस्था बाट काम गराउने सम्बन्धमा व्यवस्था गरेको छ। कामको आवश्यकता, किसिम, समयावधी, कामको गुणस्तर, जनशक्ति, कार्यसञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गर्नुपर्ने र रु.२० हजारभन्दा माथिको काम गराउँदा मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति फर्म वा संस्थाबाट काम गराउनु पर्ने व्यवस्था छ। कार्यालयले अधिकाशं मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यक्ति, फर्म वा कम्पनि (ग्रैह सरकारी संस्था) बाट गराएको, काम गर्न सक्ने जनशक्ति भए नभएको मूल्याङ्कन नभएको, विना आधार तजविजि प्रक्रियाले ग्रैह सरकारी संस्था छनौट गरी काम बाडेको देखिन्छ। यस सम्वन्धमा तत्काल सुधार गरी प्रतिस्र्धाका आधारमा गैर सरकारी संस्थाको छनौट गर्ने र मूल्य अभिवृद्धि करमा दर्तावालसगँग मात्र काम गराउनेतर्फ कार्यालयलको ध्यान जानुपर्दछ ।

५. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । साविक गाउँ विकास समितिको गत विगतको पेश्की रु.१,६८,०२,३४७।- रहेको छ । यस वर्षको पेश्की रु.४२,०४,९२३।- बाँकी रहेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६. **दाखिला :** भुक्तानी गर्दा कट्टी गरिएको दायित्व रकम समयमै सम्बन्धित खातामा दाखिला हुनुपर्दछ । यस गाउँपालिकाले २०७३।७४ मा साविका गाउँ विकास समितितर्फको कट्टी गरेको अग्रिम कर वापतको रु.३६,३५१।- सम्बन्धित खातामा दाखिला गरेको देखिएन । कट्टी गरिएको कर र सञ्चय कोषको रकमसम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

७. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले वडा नं.३, ५,६ तर्फको समेत

बिभिन्न भुक्तानीमा रु.१,५३,७९४।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.८४,४२०।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

**खोपवा गाउँ विकास समिति**

९. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.१,७५२।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

**गडहल गाउँ विकास समिति**

१०. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.९,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

११. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.२६,२४९।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

१२. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.३,१८,०००।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

**पथरा गाउँ विकास समिति**

१३. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.११,२५०।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

१४. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.१६,६४९।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

१५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.१,३७,०००।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

**विसुनपर्वा गाउँ विकास समिति**

१६. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ । यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ।

**पिप्राबसतपुर गाउँ विकास समिति**

१७. **लेखापरीक्षण :** स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को दफा ५८ (छ) बमोजिम आन्तरिक लेखापरीक्षण शाखाले अन्तिम लेखापरीक्षणका लागि स्रेस्ता तयार पारी राख्नु पर्ने व्यवस्था छ । यस गाउँ

विकास समितिको लेखा स्रेस्ता लेखापरीक्षणमा पेश हुन आएन। जिल्ला विकास समिति बाराबाट यस गाउँ विकास समितिको नाममा रु.३०,८९,९१०।- निकासा गएको देखिन्छ। लेखा स्रेस्ता पेश हुन नआएकाले उक्त गाउँ विकास समितिको आन्तरिक आय एकिन हुन सकेन। लेखास्रेस्ता पेश गरी अन्तिम लेखापरीक्षण गराउनु पर्दछ।

**सिंहासिनि गाउँ विकास समिति**

१८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.३०,९९९।- भुक्तानी गरेको छ। बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ।

१९. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बिभिन्न भुक्तानीमा रु.६,६००।- कर कट्टी गरेको देखिएन। नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.९८ लाख ८१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.८ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.४८ लाख ३२ हजार र पेश्की रु.४२ लाख ५ हजार रहेको छ।

# सुवर्ण गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५६ लाख ७० हजार र यो वर्षको आय रु.४ करोड ३ लाख ५ हजार समेत रु.४ करोड ५९ लाख ७५ हजार आम्दानी भएकोमा रु.३ करोड ८४ लाख ९४ हजार खर्च भई रु.७४ लाख ७१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । कार्यालयको आन्तरीक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गदा गर्दा साविक गाउँ विकास समिति तथा गाउँपालिकाले आय व्ययको मौज्दात प्रगति तयार नगरेको, स्वीकृत कार्यक्रमहरु जाँचपास नगरेको, अनुगमन, उपयोग, उपलब्धी सम्बन्धमा मूल्याङ्कन नगरेको, कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन माथि कारवाहि नगरेको, राजस्व प्राप्ति वा आम्दानीको रसिद नियन्त्रण खाता नराखेको, तालुक कार्यालयले निरीक्षण गरी दिएको सुझावहरुलाई निरीक्षण पुस्तिकामा अभिलेख गरी सुझाव उपर उचित कारवाही नगरेको, मर्मत अभिलेख खाता नराखेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी नदिएको ,आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको, खरिद इकाई गठन नगरेको, मौजुदा सूची तयार नगरेको, तलवी प्रतिवेदन पारित नगरेको, आर्थिक कार्यविधि नियमावली, भुक्तानी गर्दा खर्चका बिल भर्पाईहरु सिलसिलेवार ढङ्गले राखि भुक्तानी जनाउने छाप लगाउनुपर्नेमा सो समेत गरेको देखिएन । प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा सार्वजनिक निकायले रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २० हजार भन्दा माथिका समान विल टुक्राई मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मसँग खरिद गरेको देखिएकोले कार्यालयले ऐनमा तोकिएको कार्यबिधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एक प्रति तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा जिन्सी सम्पत्ति के कति र कस्तो अवस्थामा छन भनी यकिन गर्न सकिएन ।

४. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को अधिनमा रही पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिदा गर्न सकिने र सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी २० लाख सम्मको मालसामान सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष रु.१०,५२,५७१।- को सामान सोझै खरिद गरेको देखिन्छ । खरिद कार्यलाई प्रतिस्पर्धी बनाई मितव्ययी ढंगले सामान आपुर्ति गर्न खरिद योजना बनाउने, लागत अनुमान तयार गर्ने, सीमाभन्दा बढीको माल सामान सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट आपूर्ति गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

५. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.२,९५९।- कर कट्टी गरेको देखिएन । नियमानुसार कर रकम असुल हुनुपर्दछ ।

६. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँपालिकामा बेरुजू अभिलेख, पेश्की बांकीको अभिलेख राख्नुपर्दछ । गाउँ पालिकाको पेश्की रु.३,३३,३५,४७१।- बाँकी रहेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

**परशुराम गाउँ विकास समिति**

७. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ ।

८. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेविभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.३२,०८७।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनु पर्दछ ।

९. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.३,०००।- कर कट्टी गरेको देखिएन । नियमानुसार कट्टी नगरिएको कर रकम असुल हुनुपर्दछ ।

१०. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ पालिकाको गत विगतको पेश्की रु.१७,५०,२३४।- बाँकी रहेको छ । यस वर्षको पेश्की रु.१८,२५,६१६।- बाँकी देखिन्छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**हर्दिया गाउँ विकास समिति**

११. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.२७,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनु पर्दछ ।

**बगही गाउँ विकास समिति**

१२. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु.२३,२११।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

१३. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

**कबहीगोठ गाउँ विकास समिति**

१४. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१५. **बिल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयलेखाजा खर्चको बिल भरपाई वेगर रु.४०,०००।- भुक्तानी गरेको छ । बिल भरपाई बेगर खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

**मझरिया गाउँ विकास समिति**

१६. **दोहोरो भत्ता :** मन्त्रिपरिषद्को २०७३।१।७ को निर्णय अनुसार गाउँ विकास समितिका सचिवहरुलाई शुरु तलवमानको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार प्रोत्साहन भत्ता भुक्तानी लिए पछि साविक गाउँ विकास समितिको निर्णय अनुसारको अन्य सुविधा लिन नपाउने व्यवस्था रहेको छ। यस गाउँ विकास समितिका सचिवले प्रोत्साहन भत्ता भुक्तानी लिए पछि पनि अध्यक्षता भत्ता स्वरुप रु.१२,०००।- भुक्तानी लिएको देखियो । दोहोरो भत्ता वापत भुक्तानी दिएको रकम असुल हुनुपर्दछ ।

१७. **कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा नियमानुसार तोकिएको दरमा अग्रिम कर कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न भुक्तानीमा रु.३,२९३।- कर कट्टी गरेको देखिएन । नियमानुसार कर रकम असुल हुनुपर्दछ ।

१८. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले रु.२५,०००।- को कार्यालय सामानहरु खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन । जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१९. **पेश्की :** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्दछ । गाउँ विकास समितिको गत विगतको पेश्की रु.५,९९,६००।- बाँकी रहेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, बमोजिम समयमा पेश्की फछ्र्यौट गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ६४ लाख २९ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ७८ हजार र पेश्की रु.३ करोड ५१ लाख ६२ हजार रहेको छ ।

# वीरगंज महानगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

महानगरपालिकाको गत वर्षको मौज्दात रु.२ करोड ४२ लाख ९७ हजार र यो वर्ष आय रु.८४ करोड ११ लाख १४ हजार समेत रु.८६ करोड ५४ लाख ११ हजार आम्दानी भएकोमा रु.८४ करोड ७५ लाख ६५ हजार खर्च भई रु.१ करोड ७८ लाख ४६ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय विवरण :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र ११ अनुसार कारोबारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए बमोजिम हुने र कारोबारको लेखा महालेखापरीक्षकको विभागबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्नेछ। महालेखा नियन्त्रक कार्यालयले वैदेशिक अनुदान, ऋण सहायता, लगानी, विनियोजन, आम्दानी लगायत सबै प्रकारको कारोबारहरुको लेखा राखी त्यसको केन्द्रीय विवरण तयार गरी महालेखा परीक्षकसमक्ष पेश गर्नुपर्दछ। बजेटमा समावेश नभएका जुनसुकै प्रकारको सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्नेछ। तर नगरपालिकाले पेश गरेको आर्थिक विवरणमा देहायको कारोबार समावेश गरेको छैन। सबै कारोबार समावेश नगरी तयार गरेको वित्तिय विवरणले नगरपालिकाको आर्थिक कारोबारको यथार्थ चित्रण गर्दैन। आगामी वर्ष सबै कारोबार समावेश गरी आर्थिक विवरण तयार गरी सुधार गर्नुपर्दछ।

२. **एकीकृत आर्थिक विवरण :** आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४ बमोजिम स्थानीय तह गठन अघिको र पछिको एकीकृत आर्थिक विवरण तयार गरी पेश गर्नुपर्दछ। महानगरपालिकाले शहरी विकास आयोजना, एशियाली विकास बैंक, नेपाल सरकार तथा बीरगंज महानगरपालिकाको संयुक्त लगानीमा सञ्चालित मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजनामा महानगरपालिकाबाट दिइएको म्याचिङ्ग फण्डलाई मात्र खर्चको रुपमा लेखांकन गरेको र आयोजनाले गरेको खर्च समावेश गरी प्रतिवेदन तयार गरेको छैन। आयोजनाको कार्यप्रगति मात्र खुलाई नगरपरिषद्मा पेश गरेकोले कार्यप्रगतिको समीक्षाबाट आयोजनाको आर्थिक विवरण नगरपरिषद्बाट अनुमोदन भएको कानूनसम्मत् देखिएन।

३. **प्रशासनिक खर्च :** प्रस्तुत आर्थिक विवरणबाट केन्द्रिय अनुदानबाट रु.४२,१०,३९,०००।-, आन्तरिक आयबाट रु.१७,८९,७१,८५३।- अन्य रु.२४,१३,७३,०७५।– समेत गरी जम्मा रु.८४,१३,८३,९२८।- को आम्दानीमध्ये चालू खर्च रु.११,१७,४४,५५६।- तथा पूँजीगत खर्च रु.५९,०७,६४,२४१।– भएको देखिन्छ। उक्त खर्च मध्ये प्रशासनिक खर्चमा आन्तरिक आयको २५ प्रतिशतभन्दा बढी खर्च भएको छ। सरसफाईका कर्मचारी प्राविधिकतर्फको कर्मचारी र सरसफाइको लागि प्रयोग हुने ट्याक्टरका इन्धन खर्च पूँजीगत खर्चमा लेखाँकन गरिएको छ, जुन खर्च चालू प्रकृतिको खर्च रहेको छ। यस्ता खर्च समेत चालु खर्चमा लेखाङ्कन गर्दा चालु खर्च बढ्न गएको देखिन्छ।

४. **धरौटी :** धरौटीतर्फको गत वर्षवाट जिम्मेवारी सरेको रु.१,३९,५२,६१९।– चालु वर्षको श्रावणदेखि चैत्र १३ गतेसम्मको आम्दानी रु.९६,७८,८६४।– र चैत्र १४ देखि आषाढ मसान्तसम्मको रु.६७,९१,२३०।– कारोबारलाई एकीकृत आर्थिक विवरणमा समावेश गरेको छैन।

५. **बैंक मौज्दात :** मीना बजार कोष नगर विकास कोषको रु.८९,०६,२८८।– जिम्मेवारी सारेको छैन। कर्मचारी कल्याण कोषको जिम्मेवारी सार्दा रु.१,२२,९८५।– रकमले बढी रकम जिम्मेवारी सारेको छ।

५.१ नेपाल सरकारको २०७१ मंसिर १६ गतेको निर्णयबाट तत्कालीन बीरगंज उपमहानगरपालिकामा गाभिएका ११ वटा वडाहरुको बैंक मौज्दातको विवरण कारोबारमा समाबेश गरेको छैन। सबै वडाहरुको हिसाब जिम्मेवारी सारी सोको प्रमाण पेश गर्नुपर्दछ।

५.२ प्राइम बैंक बीरगंज शाखामा रहेको अक्षय कोषको मुद्धती खातामा रहेको रु.८,७१,६२५।– आर्थिक विवरणमा समावेश गरेको छैन। यसवाट महानगरपालिकाले पेश गरेको आय-व्यय विवरणले महानगरपालिकाको आर्थिक कारोवारको यथार्थ चित्रण गरेको छैन।

६. **आन्तरिक नियन्त्रण :** महानगरपालिकाले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। यस महानगरपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा समयमा आन्तरिक लेखापरीक्षण नगरेको, तलवी प्रतिवेदन पारित नगरि कर्मचारीको तलव खर्च लेखेको, सामाजिक लेखापरीक्षण नगराएको, कर्मचारीको सरुवा हुँदा बुझबुझारथ नभएको, खरिद योजना तयार नगरेको, जिन्सी खाता र अभिलेख व्यवस्थित नभएको तथा तत्कालीन गा.वि.स एवं गाउँपालिका महानगरपालिकामा गाभिंदा त्यसको दायित्व गाभिएको तर बैंक मौज्दात जिन्सी लगायतका सम्पूर्ण सम्पत्ति समेत हालसम्म गाभिएको एवं अधावधिक हुन नसकेको, कार्यविधि तयार गरी एवं जिन्सी सामानको संरक्षण एवं उपयोग गर्ने बातावरणको सुनिश्चित नगरेको जस्ता कमी कमजोरी देखिएका छन्। प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनुपर्दछ।

७. **लेखा व्यवस्था :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा महानगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी कारोबारमा राख्नुपर्ने उल्लेख छ। यस महानगरपालिकाले प्रोदभावी कारोबारमा लेखा नराखी नगद कारोबारमा आधारित कारोबारको लेखा राखेको देखियो। यसबाट

महानगरपालिकाको चल अचल सम्पत्ति तथा साहु र असामीको अवस्था यकिन गर्न सकिएन। प्रचलित नियमावलीमा भएको व्यवस्था बमोजिम प्रोदभावी कारोबारको आधारमा लेखा तयार गर्नुपर्दछ।

८. **विद्युतीय लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९(२)मा स्थानीय तहको श्रेस्ता विद्युतीय प्रणालीमा समेत राख्न सकिने उल्लेख । महानगरपालिकाले सांग्रिला माइक्रो सिस्टमको सफ्टवेयर प्रयोग गरी लेखा राखेको छ। सफ्टवेयरले आम्दानीको भौचरहरुमा नगद बाँकी वैक दाखिला गर्दा फरक रकम इन्टी गर्ने, खर्च लेखिएको रकमको चेक म्याद नाघेकोमा पुनः जारी गर्दा पुनः खर्च लेख्ने, भौचरहरु Modify, Delete/Back Dated Entry गर्न मिल्ने देखिएकोले विद्युतीय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन। सफ्टवेयरको विस्वासनियता परीक्षण गरी सम्बन्धित निकायवाट स्वीकृति समेत लिएको नदेखिएकोले महानगरपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनी विश्वस्त हुन सकिएन। यसमा छानबिन गरी आम्दानी तथा खर्चको यकिन हुनुपर्दछ।

९. **प्रशासनिक खर्च :** स्थानीय निकाय स्वायत्त शासन ऐनको दफा १२६ र नियमावलीको नियम ३४ मा १ करोड रुपैयाँभन्दा बढी आम्दानी हुने नगरपालिकाको २५ प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न नपाईने व्यवस्था छ । यस महानगरपालिकाको २०७३।७४ मा प्रशासनिक खर्च रु.८,६६,५७,६०९।– भएको जुन आन्तरिक आयको ४८.४२ प्रतिशत हुन आउँछ। सो आर्थिक वर्षमा २५ प्रतिशतको सिलिंगका आधारमा अधिकतम सीमा रु.४,४७,४२,९६३।– मात्र भएकोमा सीमाभन्दा रु.४,१९,१४,६४६।– बढी खर्च भएको देखिन्छ । जुन खर्च तोकिएको सीमाभन्दा करीब शतप्रतिशत बढी देखिन्छ। वर्षिक बजेट तर्जुमा गर्दा नै चालू खर्च अन्तर्गत प्रशासनिक खर्चको अधिकतम सीमाको अनिवार्य पालना गरी वित्तीय अनुशासन कायम गर्नुपर्ने एवं बजेटभन्दा बढी खर्च गर्ने जिम्मेवार पदाधिकारीलाई सो बमोजिम जिम्मेवार बनाउनु पर्दछ। नगरसभाबाट प्रस्ताव स्वीकृति गर्दा समेत बजेटको सीलिड, चालू खर्च, पूँजीगत खर्चको सीमा रु.४,१९,१४,६४६।– तथा प्रशासनिक खर्चको सीमा लगायतका तोकिएको सीमाभन्दा बढी स्वीकृत हुने कुरामा सचेत गराई सीमाभन्दा बढी खर्च गरेको नगरपरिषद्बाट अनुमोदन गराई नियमित गराउनु पर्दछ।

१०. **कन्टिन्जेन्सी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार कन्टिन्जेन्सी खर्च ठेक्कागत लागत अनुमानसँग सम्वन्धित हुने हुनाले ठेक्कागत रुपमा कन्टिन्जेन्सी खर्च खाता राख्नुपर्दछ। कार्यालयले विभिन्न ठेक्काको कन्टिजेन्सी रकम खर्च गर्दा कार्यालय सामान खरिद तथा भ्रमण खर्च जस्ता मात्र खर्च गरेको छ। तर कन्टिन्जेन्सी खर्च खाता नराखेकोले कुन कुन ठेक्काको के कति कन्टिन्जेन्सी व्यवस्था गरिएको हो र सो मध्ये के कति खर्च भएको छ यकिन गर्न नसकिएकोले ठेक्कागत रुपमा समेत कन्टिन्जेन्सी खाता राख्नुपर्दछ।

११. **लागत अनुमान :** निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्दछ तर महानगरपालिकाबाट निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेटभन्दा बढी दरमा तयार गरेको पाइयो । परीक्षण गर्दा बीरगंज महानगरपालिका वडा नं.६ भवन निर्माण, नगवा टोल निर्माण उपभोक्ता समितीसडक तथा नाला निर्माण उपभोक्ता समिती, बीरगंज बस टर्मिनल निर्माण कार्यमा जिल्ला दररेटभन्दा बढी दरमा लागत अनुमान तयार गरेको देखियो। बढी दरमा लागत अनुमान तयार गर्दा निर्माण कार्यको बढी लागत अनुमान भई सोही बढेको लागतमा प्रतिस्पर्धा भई बढी भुक्तानी हुन जाने र नगरपालिकामा बढी भार पर्न जाने देखिएकोले सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई लागत अनुमान यथार्थ परक तयार गरी खर्च नियन्त्रणको व्यवस्था गर्नुपर्दछ।

१२. **उपभोक्ता समिति :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ मा तोकिए अनुसार उपभोक्ता समितिबाट काम गराउनुपर्दछ। यसरी काम गराउदा काम गराउने प्रयोजनको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी उनीहरुको लगत अद्यावधिक गर्नुपर्ने, सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने उपभोक्ता समितिले निर्माण सम्बन्धी काम सम्पन्न गरिसकेपछि प्राविधिकबाट नापजाँच गराई उपभोक्ता समितिका बहुमत सदस्यबाट निर्णय गरेको प्रमाण राखी सार्वजनिक परीक्षण गराई भुक्तानी गर्नुपर्दछ । त्यस्तो भुक्तानी गरेपछि सम्पन्न भएको कार्यको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गरी भुक्तानी गर्नुपर्दछ । तर कार्यालयले यस वर्ष उपभोक्ता समिति मार्फत गरेका काममध्ये केही परीक्षण गर्दा नियमानुसार उपभोक्ता समिति दर्ता भएको प्रस्ताव माग नगरेको, सार्वजनिक परीक्षण नगरेको, उपभोक्ताको निर्णय र माइन्यूट पेश नगरेको र प्राविधिकवाट नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको एवं उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिवाट कार्य गराउँदा नियमको परिपालना गर्नुपर्दछ।

१३. **जिन्सी व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २१२ मा स्थानीय निकायमा रहेको र खरिद गरी वा हस्तान्तरण भई आएको सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको मालसमानको विवरण र मूल्यसमेत खुलाई मालसामान प्राप्त भएको मितिले सात दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत तयार गरी अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ।

१३.१ जिन्सी शाखामा सरुवा भई गएका कर्मचारीबाट समेत बरबुझारथ पूर्ण रुपमा गएको पाइएन । बरबुझारथ नगरी सरुवा हुँदा दायित्वबाट उन्मूक्ति नहुने भएकोले सम्पूर्ण रेकर्ड अधावधिक गर्नुपर्ने देखिन्छ। साबिकका गा.वि.स. तथा गाउँपालिका गाभिएकोमा सोको सम्पत्ति बरबुझारथ नगरी अन्यत्र सरुवा भई गएका कर्मचारीको सम्बन्धमा त्यस्ता

कर्मचारीलाई जिम्मेवार बनाई महानगरपालिका एवं तालुक मन्त्रायलयमा आवश्यक कारबाहीको लागि पहल गर्नुपर्ने देखिन्छ ।

१३.२ महानगरपालिकाको २०७३।७४ सम्मको जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको र लेखापरीक्षणवाट माग भएपछि २०७४।१०।११ मा तयार गरी पेश भएको छ । तर सो जिन्सी निरीक्षण प्रतिवेदनमा पूर्ण रुपले सम्पूर्ण विवरण अद्यावधिक गरेको पाइएन । गत वर्षबाट अल्या गरेको विवरण निरीक्षण प्रतिवेदनमा खुलाएको छैन ।

१३.३ महानगरपालिकाको जिन्सी सामानको अभिलेख राख्न Sangrilla को Inventory Management System प्रयोगमा ल्याएको भएपनि सो सफटवेयरमा जिन्सी सामानको लगत अद्यावधिक गरेको पाइएन । जिन्सी शाखाले खर्च भएर जाने सामानको लगत सिस्टममा राखेको छैन । परीक्षण गर्दा सफ्टवेयरको रेकर्डमा खर्च भएर जाने सामानको मौज्दात ऋृणात्मक देखिन्छ । जिन्सी शाखाले उपलब्ध गराएको केही लगतसँग विश्वस्त हुन सक्ने अवस्था नरहेकोले सो शाखाको लेखापरीक्षण प्रभावकारी रुपमा गर्न सकिएन । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २१४ को प्रावधान अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरे तापनि सो प्रतिवेदनप्रति विश्वस्त हुन सकिएन । महानगरपालिकाले जिन्सी खातामा सवारी साधन, ल्यापटप, कम्प्युटर, फर्निचर आदिको लेखा राखे तापनि कोडिङ गरेको पाइएन । कोडिङ नगरेसम्म कुन सामान कहाँ प्रयोग भइरहेको भन्ने यकिन गर्न सकिएन ।

१४. **सम्पत्तिको व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ अनुसार ऐन र नियमावलीको अधिनमा रही स्थानीय निकायको सम्बन्धित पारिषद्ले निर्णय गरे अनुसारको करको दर सेवा शुल्क दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सम्बन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने तर स्थानीय निकायको आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षसम्मको लागि ठेक्का वन्दोवस्त गर्न सकिने व्यवस्था छ । तर कार्यालयले नियमावली, विपरित २२ वर्षसम्मको लागि ठेक्का सम्झौता गरेको देखियो । नियमावली, विपरित ठेक्का सम्झौता गरेको औचित्य पेश हुन नआएकोले त्यस्ता सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई कारबाही गर्नुपर्दछ । ठेक्का सम्झौता गर्दा ठेक्का अङ्क र असुली कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन गरेको छैन । परीक्षणका क्रममा भाडामा लगाएका सम्पत्तिको जग्गाधनी प्रमाणपत्रको पूर्जाको अभिलेख तथा भाडा लिज वा स्थानीय नीजि साझेदारीमा भाडामा लगाइएको क्षेत्रफलको अभिलेख राजस्व तथा जिन्सी शाखामा भिडान गर्नसक्ने गरी आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्दछ ।

१५. **सम्पत्तिको संरक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा नगरपालिकाले हरेक वर्ष आफ्नो मातहतमा रहेको सम्पत्तिको विवरण बनाएर राख्नुपर्ने उल्लेख छ । यस आर्थिक वर्षमा सम्पत्तिको अधावधिक विवरण तयार गरेको पाइएन । जिन्सी निरीक्षण प्रतिवेदनमा समेत म.न.पा कार्यालयको स्वामित्वमा रहेको जग्गाहरुको विवरण उपलब्ध गराइएको तर धैरैजसो जग्गाको जग्गाधनी पूर्जा पेश नभएकोले यकिन गर्न सकिएन । त्यस्तै सम्पति विवरणमा विभिन्न पोखरी, मन्दिर र रंगशालाहरु, सार्वजनिक शौचालयहरु, भवनहरु, बजारहरु जस्ता कुरा उल्लेख भएको छ । कुन कुन पोखरी वा भण्डार आदि खुलाई यकिन गरेर अभिलेख राखी सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

१६. **सार्वजनिक स्थल :** साबिकमा रहेको नाला बीरगंज महानगरपालिकाको मुटुमा रहेको होटल मकालु तथा महालक्ष्मी विकास बैंकको बीचमा रहेको माईधिया पोखरी, हरिखेतान क्याम्पस, क्लासिक होटल, राधादेवी मेमोरियल स्कूल, गीता मन्दिर बाटो हुँदै बगेको साबिकको नालामा विभिन्न घरधनी, संस्था, मन्दिर, स्कूलको नाममा मालपोतबाट जग्गाधनी पूर्जा जारी गरी नापी कार्यालयबाट हालसाबिक समेत गरेकोमा सो नालामाथि रहेको एएमसी हस्पिटल, हरिखेतान क्याम्पस, क्लासिक होटल, राधादेवी मेमोरियल स्कूल, गीता मन्दिर लगायत रहेका घरहरुको सम्पूर्ण अवैध अतिक्रमण गरी भएको अवैध निर्माणको जग्गाधनी पूर्जा, भवनको नक्सा समेत छानबिन हुनुपर्ने तथा मालपोत, नापी कार्यालयका साथै भवनको नक्सा पास गर्ने कर्मचारीलाई समेत कारबाहीको दायरामा ल्याउनुपर्ने भनी स्थलगत अवलोकन र निरीक्षण गर्दा स्थानीय व्यक्तिहरुको गुनासो रहेकोले सार्वजनिक स्थलको उचित व्यवस्थापन गर्नुपर्दछ।

१७. **सम्पत्ति करको लगत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम १४४ को उप नियम २ अनुसार एकीकृत सम्पति कर लगाउने प्रयोजनको लागी नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवस्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका वासिन्दाको एकिकृत सम्पति विवरण छुट्टा छुट्टै रुपमा लगत कायम गरी अनुसूची १३ को ढाँचामा जग्गा धनीको नाम, पेशा, ठेगाना जग्गाको विवरण, भौतिक संरचनाको विवरण किसिम, भौतिक संरचना बनेको मिति, भौतिक संरचनाको लम्बाई चौडाई, उचाई, क्षेत्रफल, तला, भौतिक संरचनाको प्रयोग, प्रयोग कर्ता आदि खुलाई तयार गर्नुपर्दछ । तर महानगरपालिकाले त्यस्तो ढाँचामा लगत राखेको पाइएन । यसबाट राजस्व आर्जन नहुने, आम्दानी कम भई सेवा प्रवाह र विकास निर्माणमा रकम विनियोजन हुन नसक्ने हुँदा लगत अद्यावधिक गरी कर असुल गर्नुपर्दछ । सम्पत्तिकर दिने करदाताको संख्या करीब २८००० रहेको तर प्रत्येक आर्थिक वर्षको लगत कायम गरी असुल गर्ने गरिएको छैन । परीक्षण गरिएका ठूला ७ करदाताबाट मात्रै रु.२६,९७,१०,४१२।– असुल गर्न बाँकी रहेको देखिन्छ ।

१८. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सम्बन्धित कामको लागि आवस्यक पर्नेभन्दा बढि नहुने गरी पेश्की दिनुपर्ने र यस नियमावलीमा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यविधि र प्रक्रिया अपनाई

फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने ब्यबस्था छ। यस कार्यालयबाट विभिन्न प्रयोजनका लागि दिएको पेश्की आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट गरेको देखिएन। आर्थिक कार्यविधि नियमावलीको प्रकिया बमोजिम ताकिएको म्यादभित्र फछ्र्यौट नहुँदा नियमावलीको पालना नहुने र वास्तविक खर्च यकिन नहुने भएकोले नियमावलीमा तोकिए वमोजिम विभिन्न पदाधिकारी, कर्मचारी तथा संघ संस्थालाई दिएको पेश्की रु.९,१६,३२,४५३।– फछ्र्यौट गर्न बाँकी देखिएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ।

१९. **आन्तरिक आय :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० बमोजिम प्रत्येक कार्यालयले मन्त्रालयबाट स्वीकृत राजस्व बर्गीकरणको ब्याख्या अनुरुप लगती तथा हसवली राजस्व आम्दानी दाखिला गरी नियम ९ बमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणालीअनुसार राजस्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अधावधिक गरी राख्नुपर्ने उल्लेख छ।

१९.१ यस महानगरपालिकाबाट घर जग्गाकर, घर बहाल कर, ब्यवसाय करको करदाताको लगत अद्यावधिक गरी हरेक वर्ष सोही अनुसारको एकीकृत सम्पत्ति कर, घर बहाल कर, ब्यवसाय कर असुल गरेको छैन। गत वर्षका उठाउन बाँकी रकमको यकिन गरी लेखाङ्कन गरेको छैन। महानगरपालिकाले विगत वर्षहरु देखिएका मालपोत, घरजग्गा कर, ब्यवसाय कर पनि चालू आर्थिक वर्षमा सङ्कलन गरेको हुनाले उठ्नु पर्ने रकम यकिन गरी सोमध्ये गत वर्ष एवं यस आर्थिक वर्षको असुल भएको, व्याज, जरिवाना रकमको यकिन गर्न सकिएन।

२०. **धरौटी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७९ अनुसार स्थानीय निकायले धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अद्यावधिक गरी राख्नुपर्ने, धरौटीको मास्केवारी महिना भुक्तान भएको ७ दिनभित्र तयार गर्नुपर्ने र नियम १८० अनुसार धरौटी रकम अन्य काममा खर्च गर्न हुँदैन। धरौटी खाताको रकम व्यक्तिगत प्रयोगमा खर्च गरेको देखिएमा वा यस नियमावली, बमोजिम समयमा दाखिला नगरेमा विगो सरह हर्जाना समेतको रकम अधिकार प्राप्त अधिकारी र आर्थिक प्रशासन प्रमुखवाट दामासाहीले असुल उपर गर्ने व्यवस्था छ। नगरपालिकाको विवरण अनुसार १७ व्यक्ति तथा संस्थालाई धरौटी फिर्ता गर्दा ऋणात्मक अवस्था रहेको छ। दिनुपर्नेभन्दा बढी धरौटी फिर्ता दिएकोले ऋणात्मक भएको छ। बढी फिर्ता दिने पदाधिकारीलाई नियमानुसार जिम्मेवार बनाई रु.४३,७९,७६७– असुल गर्नुपर्दछ।

२१. **धरौटी फिर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार नियम १२३ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३२(२) बमोजिम कट्टी गरिएको रिटेन्सन मनि सम्बन्धित आपूर्तिकर्ताले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विबरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने र आन्तरिक राजस्व विभागको परिपत्रमा अनुसार मू.अ.कर समायोजन भएको प्रमाण समेत पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयबाट विभिन्न ९ निर्माण व्यवसायीलाई धरौटी बापतको रकम फिर्ता गर्दा मू.अ.कर चुक्ता प्रमाण बेगर फिर्ता दिएको देखियो। प्रमाण बेगर भुक्तानी भएको रु.१,८३,६१३।– अनियमित भएकोले प्रमाण माग गर्नुपर्दछ।

## मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना

२२. नगरपालिकाले प्रवाह गर्ने सेवा गुणस्तरीय प्रभावकारी र विश्वसनीय बनाउन नगरको बृहत्तर भौतिक पूर्वाधार विकास तथा वातावरणीय सुधार गरी एकीकृत सेवा प्रदान गर्नको लागि ढल व्यवस्थापन, फोहर मैला व्यवस्थापन, सडक लेनमा सुधार र स्वास्थ्य क्षेत्रमा सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिरहेको छ। आयोजना सम्पन्न भएपछि नगरको वृहत भौतिक ढल निकास व्यवस्थापन, सडक लेनको स्तरोन्नती, फोहोर मैला व्यवस्थापन, स्वास्थ्य तथा सीपमूलक विकास तथा सामाजिक सुधार आदिमा विकास हुने लक्ष्य रहेको छ। यो आयोजना एशियाली विकास बैंक र नेपाल सरकारको अनुदान र वीरगंज महानगरपालिकाको संयुक्त लगानीमा सञ्चालन भई रहेको छ। आयोजना २६ अक्टोबर २०१० देखि डिसेम्बर २०१९ मा सम्पन्न हुने अवधि रहेको छ। आयोजनाको कुल लागत आयोजनाले खर्च गरेको आधारमा सोधभर्ना दिनै जाने र हालसम्म २ अर्ब ६६ करोड १० लाख ३० हजार खर्च रहेको छ।

२३. **ठेक्का :** सडक, ढल, नाला, पानी फिल्टर प्लान्ट र पार्क जस्ता प्रथम प्याकेज कार्यको ठेक्का भई रु.२,८४,६६,५०,३०१।– मा २६ नोभेम्बर २०१७ मा निर्माण कार्यसम्पन्न गर्ने गरी सि.टि.सि.ई. कालिका जे.भी.संग २४ मार्च २०१४ मा सम्झौता गरेको छ। आर्थिक वर्षका अन्तसम्ममा ७८.४० प्रतिशत भौतिक प्रगती भई कुल खर्च रु.२,१५,९७,३१,७९३।– (मूल्य अभिवृद्धि कर सहित) भएको छ। ढुंगा, गिट्टी, निकासीमा अवरोध, विद्युत पोल हटाउन नसकिएको आदि कारणले अपेक्षित प्रगति हुन नसकेको जनाएको छ।

२४. **प्रगति** : फोहोर मैला व्यवस्थापनको लागि डम्पपिङ्ग साइट निर्माणको दोस्रो प्याकेज ठेक्का भई रु.४२,१३,९८,३०८।– (मू.अ.कर बाहेकमा) २९ मार्च २०१८ मा निर्माण कार्य सम्पन्न गर्ने गरी १२ जनवरी २०१६ मा सम्झौता गरेको छ। आर्थिक वर्षको अन्तसम्ममा २२.९६ प्रतिशत मात्र भौतिक प्रगती भई रु.५,०५,२५,२७८।– (मू.अ.कर सहित) खर्च भएको छ। नगरपालिकाले उपलब्ध गराउनुपर्ने योगदान (बजेट) समयमा उपलब्ध नगराएको, साइट रोडमा

विद्यालय रहेकोले बाटो खोल्न नसकिएको, ढल निकासको लागि पाइप पुर्ने स्थानमा अवरोध भएकोले अपेक्षित प्रगति हुन नसकेको जनाएको छ ।

२५. **मोविलाइजेशन पेश्की :** कार्यालयले दोस्रो प्याकेजका ठेकेदार जेड.आइ.इ.सी.लाई दिएको मोविलाइजेशन पेश्की रु.३,७९,२५,८४७– र ४२,१३,९८३।– समेत रु.४,२१,३९,८३०।– फछ्र्यौट भएको छैन । पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

२६. **कुल खर्च :** आयोजनाले शुरुदेखि २०७४ आषाढ मसान्तसम्म रु.२,६४,६५,६७,६९५।– खर्च भएको विवरण पेश गरेको छ । तर आर्थिक विवरण अनुसार रु.२,६६,१०,३०,५७९।– खर्च देखाएको छ । आयोजनाले दिएको विवरण भन्दा आर्थिक विवरणमा रु.१,४४,६२,८८४।– बढी खर्च देखिएको छ ।

२७. **बैंक मौज्दात :** आयोजनाले पेश गरेको आय विवरण अनुसार रु.१,०६,५५,९७,६१३।- आम्दानी देखाएको छ । त्यस्तै खर्चतर्फ रु.८६,५४,८६,८४१।- भई रु.२०,०१,१०,७७१।- मौज्दात देखिएकोमा नविल बैंक वीरगंजको खाता नं.५०१०५३ को बैंक प्रमाण अनुसार रु.९,८९,२१,८७३।- मात्र देखिन्छ । बैंक मौज्दात रु.१०,११,८८,८९८।- घटी देखिएकोमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ । यस सम्बन्धमा आ.ब.को अन्त्यमा बाँकी रकम आयोजनाको केन्द्रिय कार्यालयमा फिर्ता पठाएको भनि जनाएकोमा सोको प्रमाण पेश नभएकोले पेश गर्नुपर्दछ ।

२८. **अतिक्रमण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ को ६ अनुसार स्थानीय निकायको स्वामित्ववा हक भोग रहेको चल अचल सम्पत्तिको लगत तयार गरी अम्दानी बाँध्नुपर्दछ । यस्ता सम्पत्तिहरु स्थानीय निकायले उपयोग गर्ने गरी कसैवाट अतिक्रमण नहुने व्यवस्था हुनुपर्दछ । तर २०७४।१०।१९ गते महानगरपालिकाको विभिन्न स्थानमा स्थलगत निरीक्षण गर्दा देखिएको ब्यहोरा निम्न अनुसार रहेको छ :

२८.१ साबिकमा रहेको नाला बीरगंज महानगरपालिकाको मुटुमा रहेको भई होटल मकालु तथा महालक्ष्मी विकास बैंकको बीचमा रहेको माईधिया पोखरी, हरिखेतान क्याम्पस, क्लासिक होटल, राधादेवी मेमोरियल स्कूल, गीता मन्दिर बाटो हुँदै बगेको साबिकको नालामा विभिन्न घरधनी, संस्था, मन्दिर, स्कूलको नाममा मालपोतबाट जग्गाधनी पूर्जा जारी गरी नापी कार्यालयबाट हालसाबिक समेत गरेकोमा सो नालामाथि रहेको एएमसी हस्पिटल, हरिखेतान क्याम्पस, क्लासिक होटल, राधादेवी मेमोरियल स्कूल, गीता मन्दिर लगायत रहेका घरहरुको सम्पूर्ण अवैध अतिक्रमण गरी भएको अवैध निर्माणको जग्गाधनी पूर्जा, भवनको नक्सा समेत छानबिन हुनुपर्ने तथा मालपोत, नापी कार्यालयका साथै भवनको नक्सा पास गर्ने कर्मचारीलाई समेत कारबाहीको दायरामा ल्याउनुपर्ने भनी स्थानीय बासिन्दाहरुबाट माग एवं गुनासो रहेकोले यस सम्बन्धमा महानगरपालिकाले आवश्यक छानबिन गरी प्रतिवेदन लिनुपर्दछ । सार्वजनिक स्थलको जग्गाधनी प्रमाणपत्र पेश गर्दा कुन ब्यक्तिबाट कसरी कहिले खरिद भएर आएको सोको प्रमाण माग गरी जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला अदालत आदि सँग समन्वय गरी म.न.पा.ले आफ्नो स्वामित्वमा सम्पत्ति ल्याई संरक्षणको लागि उचित कदम चाल्नुपर्ने देखिन्छ ।

२८.२ बीरगंज घण्टाघर स्थित प्रस्तावित वि.पी.उद्यान घण्टाघरमा हाल बस बिसौनी, टेम्पो स्टेन्ड, हाट बजार तथा तरकारी बजार अब्यवस्थित रुपले अतिक्रमण गरेको छ ।

२९. **आन्तरिक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ मा आन्तरिक लेखापरीक्षणले औल्याएका व्यहोरा उपर कारबाही गरी अन्तिम लेखापरीक्षण हुँदाका बखत लेखा श्रेस्ता दुरुस्त बनाउनु पर्दछ । तर यस कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका कुनैपनि व्यहोरा उपरको कारबाही भए गरेको देखिन आएन । कार्यालयमा पेश भएको आन्तरिक लेखापरीक्षण प्रतिवेदन कहिले पेश भएको हो खुलाइएको छैन । अन्तिम लेखापरीक्षणको कारबाही हुँदासम्म समेत आन्तरीक लेखापरीक्षणले औल्याएका व्यहोरा कार्यान्वयन नहुँदा आन्तरिक नियन्त्रण प्रणाली फितलो हुनुको साथै वित्तिय सुशासन जोखिम न्यूनीकरणमा कार्यालय कमजोर रहन पुग्दछ । आन्तरिक लेखापरीक्षणले औँल्याएका बेरुजू नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

३०. **लागत अनुमान** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ उप नियम (५) (ग) बमोजिम उपभोक्ता समितिबाट कार्य गराउदा प्राविधिकले लागत अनुमान तयार गर्दा लागत अनुमानको रकममा मूल्य अभिवृद्धि कर, शिरोभार (ओभरहेड) तथा कन्टिजेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरी उपभोक्ता समितिलाई काम दिनुपर्ने छ भनी व्यवस्था रहेको छ तर प्राविधिकले उपभोक्ता समितिबाट हुने कामको लागत अनुमानमा शिरोभार (ओभरहेड) समावेश गरी लागत अनुमान तयार गरेको देखिन्छ । भुक्तानी गर्दा शिरोभार ( ओभारहेड) को रकम कट्टा गरी भुक्तानी भएको छ । ओभरहेड को अंश समेत समावेश गरी काम गराउदा र भुक्तानीमा उक्त रकम कट्टा गरी भुक्तानी गर्दा ओभरहेडको रकम कट्टा गर्न छुट्ने र उपभोक्ता समितिलाई बढी भुक्तानी हुन सक्ने सम्भावना बढी हुन सक्छ । प्राविधिकले लागत अनुमान तयार गर्दा नियमको पालना गरेको देखिएन ।

३०.१ स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुंदा ५२ (१) (घ) बमोजिम बैशाख मसान्त पछि कार्यक्रम वा आयोजना सम्झौता गर्न पाइने छैन । तर कार्यालयले आधिकांश योजना जेष्ठ र आषाढ महिनामा सम्झौता गरी सञ्चालन गरेको छ । आ.व.को अन्तमा कार्य गरेको कारण कार्यविधिको पालना भएको देखिएन ।

३०.२ सार्वजनिक निजि साझेदारी अवधारण अन्तर्गत नगर सभा गृहको सञ्चालनको जिम्मा श्री राहुल ट्रेडर्सलाई प्रतिवर्ष रु.३,५१,०००।– को किस्तामा ५ वर्षका लागि सञ्चालन गर्न जिम्मा दिइएको तथा प्रतिवर्ष किस्ता रकम रु.७,०५,०००।– मा प्रत्येक वर्ष ५% थप हुने गरी पुनः २२ वर्षको म्याद थप गरी ठेक्क अंक रु.२,७१,४६,१७६।– कायम गरी सञ्चालनको जिम्मा दिइएको छ। यस ठेक्का सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडामा उजुरी परी ताहाँबाट पटक पटक सम्झौता सम्बन्धी कागज मांग भई अनुसन्धान भई रहेको जानकारी प्राप्त भएको हुँदा लेखापरीक्षणमा पेश भएको छैन।

३१. **कर्मचारी कल्याण कोष :** गत विगतमा अवकाश पाएका कर्मचारीहरुको उपदान वापतको रकम किस्तामा भुक्तानी गरिएको छ तर भुक्तानी गर्न बाँकी रहेको भुक्तानी बाँकी विवरण तयार पारी राखिएको छैन। कुन कर्मचारीको उपदान वापतको रकम कति भुक्तानी गर्न बाँकी रहको छ। भुक्तानी भएको रकम सँग भिडान गर्न सकिएन। अवकाश प्राप्त कर्मचारीहरुको उपदानको रकम भुक्तानी गर्दा १% सामाजिक सुरक्षा करकट्टी गरिएको छैन। विभिन्न १९ कर्मचारीको कट्टी हुने रकम रु.१,४४,५९३।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

३२. **मर्मत सम्भार कोष :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१९ बमोजिम खरिद गरे वापत भुक्तानी दिंदा प्रचलित कानूनबमोजिम कर कटाएर मात्र भुक्तानी दिन व्यवस्था रहेको छ तर कार्यालयले उपभोक्ता समितिले पेश गरेको विलमा विभिन्न फर्मबाट खरिद गरेको मालसामान भुक्तानी गर्दा करकट्टी गरेको छैन। नियमानुसार कट्टी हुने १३ आपुर्तकवाट कर वापतको रकम राजस्व कार्यालयमा दाखिला भएको भए सोको प्रमाण पेश हुनुपर्ने अन्यथा निजहरुबाट रु.२१,८७६।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

३३. **पूँजीगत खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २४ उप नियम (२) (ख) बमोजिम खर्च गर्ने रकम आयोजना सम्बन्धमा भएमा सो आयोजना स्वीकृत भइसकेको भएमा तथा सोही नियमावलीको नियम २५ उपनियम (१) बमोजिम नगर परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ तर कार्यालयले २०७२।७३ का लागि स्वीकृत आयोजनाहरु २०७३ आषाढमा सम्झौता गरी विभिन्न १०९ आयोजनामा २०७३।७४ मा रु.४,५८,३५,३९५।– भुक्तानी गरेको देखिन्छ। २०७३।७४ मा उक्त आयोजना खर्च गर्ने बारे नगर परिषद्बाट भएको निर्णय पेश हुनुपर्दछ।

३४. **विल भरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५ बमोजिम रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले १७ योजानमा उपभोक्ता समितिलाई भुक्तानी गर्दा रु.४०,९६,६४८।– को विल भरपाई संलग्न छैन। विल भरपाई वेगरको खर्च अनियमित हुने भएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्दछ।

३५. **मूल्य अभिवृद्धि कर :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने व्यवस्था छ। तर निर्माण कार्य वापत निर्माण व्यवसायीलाई मू.अ.कर वापको रकम भुक्तानी भएकोमा विभिन्न ११ निर्माण कार्यमा मू.अ.कर विजक पेश भएको छैन। मू.अ.कर को रकम दाखिला गरेको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर वापतको रु.८,६०,०९४।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

३६. **विल भरपाई :** पूँजीगत शीर्षकतर्फ विभिन्न ३ योजना योजना सञ्चालन भई रु.८,६०,६८४।– खर्च लेखेको छ। तर गोश्वरा भौचर विल भरपाई संलग्न छैन। योजनासँग सम्बन्धित कागजात पेश गरी नियमित गर्नुपर्दछ।

३७. **सूचना प्रकासन :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा १४(१) बमोजिम बालेपत्रको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तथा उपदफा ४ बमोजिम राष्ट्रिय स्तरको प्रकाशनको सूचना कम्तीमा तीस दिनको अवधिमा सूचना प्रकाशन गर्नुपर्ने छ भनी व्यवस्था रहेको छ तर कार्यालयले सडकमा सौर्य बती जडान कार्यका लागि रु.५,४१,५२,२८०।– लागत अनुमान भएको बोलपत्रको सूचना प्रतिक दैनिक पत्रिकामा १० दिनको म्याद दिई सूचना प्रकाशन गरेको नियमसँगत देखिएन।

३८. **सौर्य सडक बत्ती :** सौर्य सडक बत्ती जडान कार्यका लागि उपभोक्ताबाट १५% लागत सहभागीतामा योजना सञ्चालन भई उभोक्ताबाट सम्झौता भई उपभोक्ताको माँग बमोजिम सौर्य सडक बत्ती जडान भईखर्च भएको देखिन्छ। २ उपभोक्ता समितिले सम्झौता बमोजिमको रकम रु.४,१६,९०३।– दाखिला नभएकोले उक्त रकम उपभोक्ता समितिबाट असुल उपर हुनुपर्दछ।

३९. **गतवर्षको भुक्तानी :** आर्थिक वर्ष २०७२।७३ मा कार्यालय सामान तथा इन्धन वापतको रु.३,८०,६८२।– खर्चको विल भुक्तानी गरिएकोमा कार्यालयबाट म.ले.प.१८ भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी भुक्तानी गरेको नदेखिएको नियमसंगत मान्न सकिएन। भुक्तानी बाँकीको विवरण पेश गरी नियमित गर्नुपर्दछ।

४०. **दैनिक भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ उपनियम (४) बमोजिम सरकारी काममा दैनिक भत्ताको पच्चीस प्रतिशत रकम पाउने छ भनी व्यवस्था रहेको छ तर निम्नानुसारको दैनिक भ्रमण खर्च भुक्तानी गर्दा फर्केको दिनको पुरा रकम खर्च लेखिएको छ। विभिन्न ४ कर्मचारीलाई ७ पटकमा नियमभन्दा बढी भुक्तानी रकम रु.९,०५०।– असुल हुनुपर्दछ।

४१. **जमानत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ उपनियम ५ बमोजिम बोलपत्रवा डाँक स्वीकृत भएपछि बोलपत्र दाता वा डाँकबालाबाट स्वीकृत ठेक अंकको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा ६ महिना म्याद भएको परफमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदार सँग कबुलियत गराई पट्टा दिनुपर्ने व्यवस्था छ तर कार्यालयले विभिन्न १० ठेक्का अंक रु.३,५०,२१,६७३।– को सम्झौता गर्दा बैंक ग्यारेन्टी बेगर नै सम्झौता गरेको देखिएकोले नियमको पालना हुनुपर्दछ ।

४२. **ठेक्का सम्झौता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ उपनियम ४(ग) बमोजिम कुनै आन्तरिक आय एक लाख पचास हजार रुपैया भन्दाकम उठ्ने भएमा सोझै वार्ताद्वारा र एक लाख पचास हजार रुपैयाभन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नुपर्नेछ भनी व्यवस्था रहेको छ । कार्यालयले ठेकका अवधि समाप्त भएपछि प्रतिस्पर्धा गराई ठेक्का बन्दोबस्त गर्नुपर्नेमा त्यसो नगरी वी.उ.म.न.पा.२० अलौं पोखरी ठेक्काको म्याद थप एक वर्ष तथा घण्टाघर सिटी शौचालय सञ्चालन ठेक्को म्याद थप ५ वर्ष थप गर्दा बार्षिक ५ देखि १० प्रतिशत रकम गत वर्षको ठेक्का अंकमा थप गरी म्याद थप गरेको नियमसम्मत् देखिएन ।

४३. **सभागृह सञ्चालन :** सार्वजनिक निजि साझेदारी अवधारण अन्तर्गत नगर सभा गृहको सञ्चालनको जिम्मा श्री राहुल ट्रेडर्सलाई प्रतिवर्ष रु.३,५१,०००।– को किस्तामा ५ वर्षका लागि सञ्चालन गर्न जिम्मा दिइएको तथा प्रतिवर्ष किस्ता रकम रु.७,०५,०००।– मा प्रत्येक वर्ष ५% थप हुने गरी पुनः २२ वर्षको म्याद थप गरी ठेक्क अंक रु.२७१४६१७६।– कायम गरी सञ्चालनको जिम्मा दिइएको छ । यस ठेक्का सम्बन्धी अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडामा उजुरी परी ताहाँबाट पटक पटक सम्झौता सम्बन्धी कागज मांग भई अनुसन्धान भई रहेको जानकारी स्रेस्ता अध्ययनको क्रममा कार्यालयबाट प्राप्त भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय बमोजिम हनुपर्ने देखिन्छ । साथै विभिन्न ३ निर्माण व्यवसायीले आषाढ मसान्तसम्मको ठेक्का किस्ता रकम रु.९४२८६९।– दाखिला गर्न बांकी रहेको देखिन्छ ।

४४. **एकीकृत सम्पत्ति कर :** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधन सहितको नियम १४४ उप नियम (२) बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाको बासिन्दाको एकीकृत सम्पतिको विवरण छुट्टा छुट्टै रुपमा लगत कायम तयार गर्नुपर्ने छ तथा सोही नियमको उपनियम (१३) बमोजिम कायम गरिएको करयोग्य सम्पतिको मूल्यांकन र सो बमोजिम लागेको एकीकृत सम्पति कर भुक्तानीको लागि नगरपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र विल पठाई सक्नुपर्ने छ तथा उपनियम (१४) बमोजिम सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र नगरापालिकामा बुझाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिए बमोजिमको लगत तयार गरी करदातालाई विल पठाउने गरेको छैन । एकीकृत कर संकलनमा घरको संरचनाको मूल्याङ्कन गर्दा वर्षौदेखि एकै किसिमको गरेको देखिन्छ । संरचना थप भएको वा नभएको सोका लागि प्राविधिक खटाई तोकिए बमाजिमको समयमा कर योग्य सम्पत्तिको मूल्याङ्कनमा थप संरचनाको मूल्याङ्कन समावेश भएको देखिदैन । गत विगतमा कर योग्य सम्पत्तिको मूल्याङ्कन भई विभिन्न संस्थाबाट असुल गर्न बाँकी रहेको एकीकृत कर असुलीका लागि आवश्यक कारबाही हुनुपर्दछ ।

४५. **कर्मचारी कल्याण कोष :** गत विगत आ.व.मा अवकाश प्राप्त कर्मचारीहरुको उपदानको रकम भुक्तानी बाँकी विवरण बेगर नै पटके टिप्पणीबाट बाँकी देखाई खर्च लेखिएको छ । भुक्तानी बाँकीको विवरण नभएकोले कुन कर्मचारीको कति उपदान भुक्तानी गर्न बाँकी छ यकिन गर्न सकिएन ।

४६. **कर :** आर्थिक ऐन, २०७३ को दफा २४ मा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिमको कर गणना गरी कर कट्टि गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयका १९ कर्मचारीहरुको उपदान वापतको रकम भुक्तानी गर्दा सामाजिक सुरक्षा कर कट्टी नगरिएकोले कट्टी हुने रकम रु.८०,९९९।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ ।

४७. **मर्मत सम्भार :** सडक बोर्डबाट १४ योजना सञ्चालनका लागि रु.९७,४८,०००।– निकासा प्राप्त भएको छ । स्वीकृत १४ योजनामध्ये घण्टाघरदेखि जिल्ला प्रशासन हुँदै अगेन्द्र यादवको घरसम्मको स्वीकृत रकम रु.२५,१८,६७२।– को योजना सञ्चालन भएको छैन । कार्यक्रम स्वीकृत बेगर नै गत वर्षको २ योजनामा रु.७,४०,०७०।– खर्च गरेको देखिन्छ ।

४८. **पूँजीगत खर्च खाता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २४ उप नियम (२)(ख) बमोजिम खर्च गर्ने रकम आयोजना सम्बन्धमा भएमा सो आयोजना स्वीकृत भइसकेको भएमा तथा सोही नियमावलीको नियम २५ उपनियम (१) बमोजिम नगर परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने छ भनी रहेको छ तर कार्यालयले २०७२।७३ का लागि स्वीकृत आयोजनाहरु २०७३ आषाढमा सम्झौता गरी उक्त आयोजनामा २०७३।७४ मा ४२ योजना सञ्चालन गरी रु.१,६५,७८,७३१।– भुक्तानी गरेको देखिन्छ । २०७३।७४ मा उक्त आयोजना खर्च गर्ने बारे परिषद्बाट भएको निर्णय पेश भएन ।

४९. **मूल्य अभिवृद्धि कर :** सार्वजनिक निर्माण सुधार शिर्षकमा निर्माण कार्य गरे वापत निर्माण व्यवसायीलाई भुक्तानी गर्दा मू.अ.कर रकम समेत भुक्तानी गरिएको छ। निर्माण व्यवसायीले मू.अ.कर विजक पेश गरेको छैन। विभिन्न ११ निर्माण व्यवसायीले मू.अ.कर वापतको रकम राजस्व खाताम दाखिला भई कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर वापतको रकम निर्माण व्यवसायीबाट रु.६,०५,६६९।– असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

४९.१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय निकायले आन्तरिक आयतर्फ वस्तु वा सेवा बिक्री गर्दा मू.अ.कर असुल उपर गर्नुपर्नेमा महानगरपालिकाले यस वर्ष गत वर्षबाट जिम्मेवारी सरी आएका ८ वटा ठेक्का तथा २०७३।७४ मा सम्झौता भएका १८ ठेक्कामध्ये विभिन्न १२ ठेक्कामा मू.अ.कर असुल गरेको छैन। नियमावली, अनुसार उक्त कर रु.१,३४,४५,९३४।– असुल गरी दाखिला गर्नुपर्दछ।

४९.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ उपनियम २ बमोजिम रु.२० हजार वा वीस हजारभन्दा बढीको मालसामान खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति फर्म वा कम्पनीसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ तर कार्यालयले प्यान मा मात्र दर्ता भएको पुरन मोटर वर्कशपबाट वीस हजारभन्दा बढी मालसामान पटक पटक गरी रु.१,२०,८७५।– भुक्तानी गरेको नियमसम्मत् देखिएन।

५०. **विल भरपाई :** सार्वजनिक निर्माण सुधारतर्फ उपभोक्ता समितिसँग स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सम्झैता गरी निर्माण कार्य गराई रु.१,२३,४१,४४३।– भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेका बिल भरपाईमा विभिन्न १४ निर्माण कार्यमा भएको विल भरपाई संलग्न छैन। विल भरपाई पेश गरी नियमित गर्नुपर्दछ।

५१. **बढी भुक्तानी :** वडा नं १ शान्ति टोलमा जगदीश सर्राफको घरदेखि पश्चिम हृदयनारायण पडितको घर हुदै घण्टाघरसम्म सडक निर्माण कार्यका लागि उपभोक्ता समिति सँगको सम्झौतामा नगरपालिकाले व्यहोर्ने अंश रु.१७,०१,६४१।- रहेको तर भुक्तानी रु.१८,५८,५६१।- भएको देखिएकोले सम्झौताभन्दा बढी भुक्तानी रु.१,५६,९१९।- उपभोक्ता समितिबाट असुल उपर हुनुपर्दछ।

५१.१ कर्मचारीहरुको तलबमान कायम गर्दा तहगत प्रणालीमा तलबभत्ता खाने कर्मचारीहरुको नेपाल सरकारले तलबमान कायम गर्दा अधिकृत सातौ तहको कर्मचारीको शुरु तलबमान रु.३२०९०।– कायम भएको देखिन्छ तर ३ कर्मचारीहरुलाई उपसचिव सरहको तलब रु.३४,२२०।– खर्च लेखि भुक्तानी गरिएकोमा बढी तलब रु.२,१३०।– प्रतिमहिनाका दरले रु.६३९००।–असुल हुनुपर्दछ।

५१.२ कर्मचारीहरुको तलबमान कायम गर्दा तहगत प्रणालीमा तलब भत्ता खाने कर्मचारीहरुको नेपाल सरकारले तलबमान कायम गर्दा अधिकत सातौ तहको कर्मचारीको शुर तलबमान रु.३२,०९०।– कायम भएको देखिन्छ तर ५ कर्मचारीहरुलाई उपसचिव सरहको तलब रु.३४,२२०।– खर्च लेखि भुक्तानी गरिएकोमा बढी तलब रु.२,१३०।– प्रति महिनाका दरले रु.३४,०८०।– असुल उपर हुनुपर्दछ।

५२. **फ्रिज :** सीमा क्षेत्र विकास कार्यक्रमतर्फ रु.२,७६,८१,०००।- निकासा प्राप्त भएको तथा लागत सहभागिता वापत रु.२२,५९,८१७- नगद दाखिला भई जम्मा रु.२,९९,४०,८१७- मध्ये कार्यक्रमतर्फ कुल रु.२,०६,३९,१९२।- खर्च भई रु.९३,०१,६२४।- मौज्दात रहेकोमा उक्त रकम नेपाल सरकारको बेरुजू खातामा दाखिला हुनुपर्दछ।

५३. **अग्रिम कर** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१९ बमोजिम खरिद गरे वापत भुक्तानी दिंदा प्रचलित कानूनबमोजिम कर कटाएर मात्र भुक्तानी दिन व्यवस्था रहेको छ। कार्यालयले उपभोक्ता समितिले पेश गरेको विलमा विभिन्न २४ फर्मबाट खरिद गरेको मालसामान तथा अन्य भुक्तानी गर्दा करकट्टी नगरेकोले नियमानुसार कट्टी हुने निम्नानुसारको कर वापतको रकम राजस्व कार्यालयमा दाखिला भएको भए सोको प्रमाण पेश हुनुपर्ने अन्यथा निजहरुबाट रु.१,५०,२७३।– असुल हुनुपर्दछ।

५३.१ कार्यालयले कर्मचारीको तलब भुक्तानी, उपभोक्ता समितिलाई भुक्तानी गर्दा, तथा मालसामान खरिदमा विभिन्न ३१ व्याक्ति तथा संस्थाले सम्बन्धित व्यक्ति वा फर्मले कर वापतको रकम राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गरेको देखिएन। कर कट्टी गर्न बाँकी रकम रु.१,९५,४१९।- असुल गरी राजस्व खातामा दाखिला हुनुपर्ने देखिन्छ। त्यसैगरी अनिवार्य कट्टी भएको कर रु.२८,१५,४०६।-, धरौटी रु.५६,६१,००३।-, अन्य कट्टी रु.४,०४,२९९।-, क.स.कोष कट्टी रु.५३,५१,९९३।- समेत रु.१,४२,३२,७०२।- दाखिला गर्न बाँकी रहेकोले सम्बन्धित खातामा दाखिला हुनुपर्दछ।

५३.२ कार्यालयले कर्मचारीको तलब भुक्तानी गर्दा सामाजिक सुरक्षा तथा भाडा करकट्टी गरेको छैन। विभिन्न ९ व्यक्ति वा फर्मले कर वापतको रकम रु.४९,०७२।- राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी दाखिला हुनुपर्दछ। त्यसैगरी अनिवार्य कट्टी भएका रकम दाखिला गर्न बाँकी कर्मचारी सञ्चयकोष रु.३१,४०,३७१।-, नागरिक लगानी कोष कट्टी रु.२१,२१६।–, बीमा रु.१,६००।–, करकट्टी रु.५,२०,७८२।–, अन्य करकट्टी रु.३,४४,०५६।– समेत कुल रु.३,४४,०५६।– सम्बन्धित खातामा दाखिला हुनुपर्दछ।

५३.३ कार्यालयले उपभोक्ता समितिले पेश गरेको विलमा विभिन्न ८ फर्मबाट खरिद गरेको मालसामान भुक्तानी गर्दा करकट्टी नगरेकोले नियमानुसार कट्टी हुने निम्नानुसारको कर वापतको रकम राजस्व कार्यालयमा दाखिला भएको भए सोको प्रमाण पेश हुनुपर्ने अन्यथा निजहरुबाट रु.२६,७०१।– असुल हुनुपर्दछ।

५३.४ सौर्य बत्ती जडान कार्यका लागि पि.एस.एस.सन.जे.भी लाई खर्च वापतको रकम रु.५५,७१,८२५।– भुक्तानी गर्दा अग्रिम कर वापत रु.८३,५७७।– कट्टा हुनुपर्नेमा रु.७९,०८७।– मात्र कट्टा भएकोले रु.४,४८९।– निजबाट असुल गरी दाखिला हुनुपर्दछ।

५४. **कर दाखिला :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१९ बमोजिम खरिद गरे वापत भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टाएर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले कर्मचारीको तलब भुक्तानी गर्दा सामाजिक सुरक्षा करकट्टी गरेको छैन । विभिन्न ६ कर्मचारी, व्यक्ति वा फर्मले कर वापतको रकम रु.१५७४०।– राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा कट्टी हुने रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष महानगरपालिकाको लेखापरीक्षणबाट रु.४९ करोड २२ लाख १७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड ४ लाख २ हजार, नियमित गर्नुपर्ने रु.३३ करोड ८० लाख ३८ हजार र पेश्की रु.१३ करोड ३७ लाख ७२ हजार रहेको छ।

# पर्सागढी नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.२४ लाख ६३ हजार र यो वर्ष आय रु.५ करोड ८४ लाख ८९ हजार समेत रु.६ करोड ९ लाख २२ हजार आम्दानी भएकोमा रु.५ करोड ६७ लाख ७१ हजार खर्च भई रु.४१ लाख ५१ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. आर्थिक विवरणःप्रस्तुत आर्थिक विवरणबाट केन्द्रिय अनुदानको रु.५८४५८,५५८– र गत वर्षको मौज्दात रु.२४६३,३५८– समेत आम्दानी रु.६,०९,२१,९१११– को आम्दानीमध्ये पुजिगत खर्च रु.२,८३,५८,३६०– चालु खर्च रु.२,८४१२,३७७– भएको देखिन्छ । उक्त खर्च मध्ये रु.५०८,८४,७८८– पेश्की बाँकी भएकोले बित्तिय विवरणको शुद्धता वा विश्वसनियता न्यून रहेको देखिन्छ ।साविक गा.वि.स.को सेस्ता लेखापरीक्षण हुन नसकेको कारणबाट कोष तथा लेखा नियन्त्रणक कार्यालयको पत्रको आधारमा एकीकृत आय व्यय विवरणमा मौज्दात देखाइएको छ ।

२. लेखापरीक्षण :स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गाउँ विकास समितिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष पर्सागढी गाउँपालिका अन्तर्गतका पचरुखी, विरुवागुठि, हरपुर,वगवाना र वागेश्वरी तित्रौना समेत ५ गाविस हरुले २०७३।४।१ देखि २०७४।११।२७ सम्मको श्रेस्ताको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि पेश गरेको छैन । लेखापरीक्षण हुन नसकेको कारणबाट आर्थिक कारोबारको अलावा स्रोत नक्साङ्कन, आन्तरिक आय, योजना कार्यान्वयन स्थिति, उपभोक्ता समितिबाट भएको खर्च एवं जिन्सी सामानहरुको जिम्मेवारी र मौजुदा स्थिति बारेमा समेत यकिन गर्न सकिएन।

३. पेश्की:स्थानीय निकाय आर्थिक प्रशासन पहिलो संसोधन नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्य विधि अपनाइ फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण २०७४।११।२९ सम्म ६ वडा कार्यालयहरुले पेश्की फछ्र्यौट गरेको नदेखिएकोले रु.५,०८,८४,७८८– नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० उपनियम (१) बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मालिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यस्तो प्रतिवेदन लिखित रुपमालिई राख्ने व्यवस्था गर्नुपर्दछ। साथै त्यस्ता मालसमानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्नेमा कार्यालयले जिन्सी निरीक्षण गराएको छैन। यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

५. **लागत अनुमान :** सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाइयो। कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६. **कर्मचारी कल्याण कोष :** यस नगरपालिकामा सम्मिलत नभएका गा.वि.स.हरुले कर्मचारी कल्याण कोषको लागि खोलेको खाताको विवरण लिई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

७. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ उपनियम (१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भ्रमण प्रतिवेदन साथविल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण प्रतिवेदन राखिएको छैन। अनिवार्य रुपमा दैनिक भ्रमण प्रतिवेदन राख्नुपर्दछ।

८. **बेरुजू लगत :** पर्सागढी नगरपालिकामा सम्मिलित नभएका गा.वि.स.हरुको लेखापरीक्षणबाट कायम भएको असुलउपर गर्नुपर्ने बेरुजू र पेश्की बेरुजू तथा अन्य बेरुजूको एकीकृत लगत खडा गरी असुल फछ्र्यौटका लागि आवश्यक कारबाही हुनुपनर्ने देखिन्छ।

९. **आन्तरिक आय :** नगरपालिका अन्तर्गतका वडाहरुमा मालपोत सिफारिस दस्तुर, पोखरी ठेक्कातथाअन्य ठेक्का पटा सम्बन्धी आम्दानी बाँधेको देखिएन। वडाहरुबाट आन्तरिक आयतर्फ विभिन्न राजस्व ठेक्का तथा दस्तुर र आम्दानी सम्बन्धी विवरण लिई प्राप्त भएका आम्दानी सञ्चित कोषमा दाखिलाका लागि आवश्यक कारबाही हुनुपर्ने देखिन्छ।

१०. **गाडी भाडा :** कार्यालयले मासिक रुपमा गाडी भाडा लिई रु.३,००,०००।– गाडी भाडा वापतखर्च लेखेको देखिन्छ।

**बेरुजू स्थिति –**यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.५ करोड ८ लाख ८४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये पेश्की रु.५ करोड ८ लाख ८४ हजार रहेको छ।

# पोखरिया नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.३० लाख ५ हजार र यो वर्ष आय रु.५ करोड ७२ लाख ८३ हजार समेत रु.६ करोड २ लाख ८८ हजार आम्दानी भएकोमा रु.४ करोड २६ लाख ७ हजार खर्च भई रु.१ करोड ७६ लाख ८१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **लेखा प्रणाली :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम नगरपालिकाको हकमा प्रोदभावी लेखाप्रणाली राख्नुपर्ने व्यवस्था भए तापनि प्रोदभावी लेखाप्रणाली राखेको पाइएन । तोकिएको ढाँचामा लेखा राख्नुपर्दछ ।

२. **अभिलेख :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ अनुसार नगरपालिकाहरुले राख्नु पर्ने भनी उल्लेख भएका अधिकांश खाता अभिलेखहरु प्रयोग भएको पाइएन । कार्यालयले आम्दानी आम्दानीको वर्गिकरणको र व्याख्या, खर्चको बर्गीकरणको र व्याख्या, दैनिक आय शिर्षकगत कर सङ्कलन खाता लगत आय खाता, सन्तुलन परीक्षण, सम्पत्ति विवरण, जिन्सी मौज्दातको वार्षिक विवरण लगायत विभिन्न १५ प्रकारका खाता तथा अभिलेखहरु प्रयोग भएको छैन भने प्रयोगमा ल्याइएको बैंक नगदी किताब समेत अद्यावधिक रहेको देखिएन । प्रस्तुत वैंक नगदी किताबहरुमा चेक नम्बहरु उल्लेख गरेको छैन भने अधिकांश ठाउँमा पुनरलेखन एवं सच्चाइएको अवस्था रहेको पाइयो । कानूनले तोकेको लेखा अभिलेख राखि अद्यावधिक गर्नुपर्दछ ।

३. **घटी आय :** सेस्ताको परीक्षणबाट निम्नानुसार रु.१६,९७,५३,२००।– आय कायम गर्नुपर्नेमा प्रस्तुत एकीकृत आय व्यय विवरण अनुसार १६,९२,३५,४९०।– मात्र आय कायम गरेकोले रु.५,१७,७१०।– घटी मौज्दात देखिएको हुँदा आधार सहित स्पष्ट हुनुपर्दछ ।

४. **सापटी :** कार्यालयले पूँजीगत खाता तथा युनिसेफ खातावाट राजस्व बाँडफाड खाता तथा चालु खातालाई सापटी कारोबार गरेको रु.१२,२५,५१४।– सोधभर्ना भई हिसाब मिलान गरेको देखिएन । सोधभर्ना लिई हिसाव मिलान गर्नुपर्दछ ।

५. **बढी खर्च :** प्राप्त आर्थिक विवरणहरुको जोड जम्मा अनुसार रु.१५,१४,९६,२६८।– मात्र खर्च कायम हुनुपर्नेमा एकीकृत आय व्यय विवरणमा रु.१५,१५,५४,८६१।– खर्च कायम गरेको कारणबाट रु.५८,५९२।– घटी मौज्दात देखिएको हुँदा आधार सहित स्पष्ट हुनुपर्ने अन्यथा असुल भई दाखिला हुनुपर्दछ ।

६. **फरक खर्च :** विभिन्न बजेट उपशिर्षकहरुको बैंक नगदी किताबमा उल्लेख भएको रकमभन्दा फरक रकम उल्लेख भएको आर्थिक विवरण पेश भएको छ । कार्यालयले विभिन्न ४ शिर्षकमा बैक नगदी किताव तथा आर्थिक विवरणमामा उल्लेख भएको खर्च रु.४,८२,८५५।– वढि खर्च लेखेको देखियो । फरक रकम सम्बन्धमा आधार सहित स्पष्ट गरी यकिन गर्नुपर्दछ ।

७. **प्रशासनिक खर्च :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ अनुसार ५०,००,०००।– सम्म आन्तरिक आय रु.८,००,९७१।- यस वर्षको आयको आधारमा आयको ६० प्रतिशत रु.४,८०,५८२।- सम्म मात्र खर्च गर्न पाउनमा १०,८९,३८१।- खर्च लेखेको पाइयो । प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८. लेखापरीक्षण :स्थानी निकाय आ र्थक प्रशासन नियमावली २०६४ को नियम २०३ मा प्रत्येक गाउँ वकास स मतिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको -ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष पोखरिया नगरपा लका अन्तर्गतका हरिहरपुर वर्ता, वरञ्चीवर्वा, भे डहारी, मुडली, पशुरामपुर वैरिया वर्ता समेत ६ गा व.स.हरुले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ताको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग पेश गरेको छैन ।लेखापरीक्षण हुन नसकेको कारणबाट आर्थिक कारोबारको अलावा स्रोत नक्साकंन, आन्तरिक आय, योजना कार्यान्वयन स्थिति, उपभोक्ता समितिबाट भएको खर्च एवं जिन्सी सामानहरुको जिम्मेवारी र मौजूदा स्थिति बारेमा समेत यकिन गर्न सकिएन ।

९. **आन्तरिक आय :** नगरपालिकाको बस विसौनी कर, व्यवसाय कर अचल सम्पति कर र विज्ञापन कर वर्ष भरीनै असुल हुन नसकेकोमा सो को कारण समेत स्पष्ट भएन ।

१०. **बक्यौता** : गत वर्षका लेखा परीक्षण प्रतिवेदन अनुसार गत वर्ष सम्मको रु.१,०३,१६९।– विभिन्न ठेक्का वापत असुल हुनुपर्ने देखिन्छ भने यस वर्ष विभिन्न ९ ठेक्काको रु.१,१५४,७००।– असुल हुन बाँकी देखिएकोले सम्झौताको दफा ३ अनुसार १० प्रतिशत विलम्व शुल्क समेत गणना गरी असुल गनुपर्दछ ।

११. **मूल्य अभिबृद्धि कर :** मूल्य अभिबृद्धि ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय निकायहरुले आफनो मातहतको क्षेत्रबाट माटो, ढुङ्गा, ग्राभेल, बालुवा लगायतको सामग्री बिक्री वितरण गर्दा व्यक्ति वा संस्थाबाट १३ प्रतिशत मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने उल्लेख भएकोमा विभिन्न १० व्यक्ति एवं ठेक्केदारहरुबाट ठेक्का वा कबोल अङ्कमा लाग्ने रु.५,३१,०३५।– मूल्य अभिवृद्धि कर असुल गरेको छैन ।

१२. **मालपोतको अभिलेख :** प्राप्त विवरण अनुसार क्रमशः मालपोत वापत रु.५,१६,९२०।– र राजस्व बाँडफाँड वापत रु.१५,२८,०२८।– आम्दानी देखाइएकोमा मालपोत सम्बन्धी अभिलेख रहेको छैन । रजिष्टेशन दस्तुर खुल्ने विवरण एव अभिलेख नरहेको कारणबाट आम्दानी यकिन गर्न सकिएन ।

१३. **स्रोत नक्साङ्कन** : स्थानीय स्वायत शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक, पुल खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा नगर प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।

१४. **बैक ग्यारेण्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९(५) बमोजिम बोलपत्र वा डांक स्वीकृत भएपछि त्यस्तो बोलपत्रदाता वा डांकवालाबाट स्वीकृत ठेक अंकको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैठकको कम्तीमा छ महिना म्याद भएको परफमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदार संग कबुलियत गराई पट्टा दिनुपर्ने व्यवस्था रहेको छ । विभिन्न २ पोखरी ठेक्काको ठेक्का अंक रु.१५५२५००।- रहेकोमा नियमानूसार सम्बन्धित ठेकेदारले बैंक ग्यारेन्टी पेश गरेको छैन । ठेकेदारबाट प्रथम किस्ता वापतको रकम दाखिला भएको देखिन्छ तर उक्त पोखरी ठेक्का सम्झौता भएको देखिएन ।

१५. **वार्षिक खरिद योजना :** सार्वजनिक नियकाले दस लाख रुपैयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष रु.६,३१,०५,०५४।– को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाइएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शीता र समयबद्धताका लागि खरिद योजना आवश्यक पर्ने भएकोले नियममा भएको व्यवस्था वमोजिम खरिद योजना तयार गर्नुपर्दछ ।

१६. **उपभोक्ता समिति :** उपभोक्ता समिति सम्बन्धी अभिलेख नरहेको कारणबाट कुल कति उपभोक्ता समितिबाट खर्च भएको हो यकीन गर्न सकिएन । स्रेस्ता परीक्षणबाट मुख्य रुपमा ब.उ.सि.न.३६५८०३३ निर्शत पूँजीगत अनुदान  र सडक बोर्ड नेपाल शीर्षकबाट वर्षभरीमा कुल रु.५९,१२,९०७।– को निर्माण कार्य उपभोक्ता समिति मार्फत गराइएकोमा अधिकांश उपभोक्ता समितिहरुसंग भएको सम्झौतामा काम शुरु र सम्पन्न गर्नुपर्ने अवधि उल्लेख छैन भने लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन र विल भरपाईहरुमा समेत मिति उल्लेख भएको छैन ।  कतिपय कार्यक्रमको लागि तयार भएको लागत अनुमान प्रमाणित छैन । कतिपय अवस्थामा खर्च रकमभन्दा बिल भरपाई नपुग रहेको देखियो भने कतिपय अवस्थामा खर्चभन्दा अत्याधीक बढी विल भरपाई पेश हुने गरेको समेत पाइयो । साथै अधिकांश उपभोक्त समितिहरु विधिवत रुपमा दर्ता भएको देखिदैन भने सार्वजनिक परीक्षण गराएको समेत देखिएन ।

१७. **कार्यसम्पन्न प्रतिवेदन :** यस वर्ष ठेक्का भएको कार्यहरुमध्ये रु.९०,९६,७२१।– विभिन्न २ निर्माण कार्यहरु आर्थिक वर्षको अन्तसम्ममा पनि सम्पन्न भएको देखिएन ।

१८. **कन्टीजेन्सी :** प्राप्त विवरण अनुसार रु.१४,१०,३२४।– कन्टीन्जेन्सी खर्च देखाइएकोमा सोको छुटै अभिलेख वा खाता रहेको पाइएन ।

१९. **लक्ष्य प्रगति :** कार्यालयले आफूलाई प्राप्त अख्तियारीको सीमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । वार्षिक लक्ष्य प्रगति विवरण र कार्य सम्पादन प्रतिवेदन अनुसूची २११ तयार भएको पाइएन । लक्ष्य प्रगति विवरण तयार गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ ।

२०. **कार्य सञ्चालन कोषः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२ को उपनियम ५ बमोजिम कार्य सञ्चालन खातामा आर्थिक वर्षको अन्तमा कुनै रकम बांकी रहे सो रकम शुन्य गरी मुल खातामा फिर्ता गर्नुपर्नेछ भनी व्यवस्था रहेकोमा कार्यालयले गत वर्ष र यस वर्ष समेत आन्तरिक कोष तर्फ कार्यसञ्चालन खातामा मौज्दात रहेको रकम मूल खातामा फिर्ता पठाएको छैन ।

२१. **बेरुजू लगत :** पोखरीया नगरपालिकामा सम्मिलन भएका साविकका गा.वि.स.हरुको लेखापरीक्षणबाट कायम भएको र पोखरीया नगरपालिकाको लेखापरीक्षणबाट कायम भएको असुल उपर गर्नुपर्ने बेरुजू र पेश्की बेरुजू तथा अन्य बेरुजूको एकीकृत लगत खडा गरी असुल फर्छ्यौटका लागि आवश्यक कारबाही हुनुपर्ने देखिन्छ ।

२२. **जिन्सी :** कार्यालयमा रहेको खर्च हुने तथा नहुने कतिपय जिन्सी खाताको पानाहरुमा प्रमाणित भएको देखिदैन । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० उपनियम (१) बमोजिम नियम ४६, ४७, ४८, बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षढा गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचरीा बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यस्तो प्रतिवेदन लिखित रुपमा लिई राख्ने व्यवस्था गर्नुपर्नेछ । त्यस्तो मालसमानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्नेछ तर कार्यालयले जिन्सी निरीक्षण गराएको छैन । यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

२३. **कर्मचारी कल्याणकोष :** यस नगरपालिकामा सम्मिलन भएका साविकका गा.वि.स.हरुले कर्मचारी कल्याण कोषको लागि खोलेको खाताको विवरण लिई व्यवस्थित गर्नुपर्दछ ।

२४. **पूजा खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद २ दफा १३ को उपदफा १ (क) बमोजिम पुजिगत रकमबाट चालु प्रकृतिको खर्च गर्न निषेध गरिएकोमा कार्यालयले पुजा खर्च बापत रु.५५०००।- खर्च लेखि भुक्तानी गरेको देखिन्छ । कार्यविधिको पालना गर्नुपर्दछ ।

२५. **पेश्की** : आर्थिक वर्षको अन्तमा विभिन्न १३ व्याक्तिको नाममा फछ्र्यौट गर्न बांकी पेश्की रु.८,९६,८४०।- रहेकोमा नियमानुसार फछ्र्यौटका लागि आवश्यक कारबाही हुनुपर्ने देखिन्छ ।

२६. **कर कट्टी :** कार्यालयले विभिन्न १५ तालिम तथा गोष्ठीमा सहभागीहरु र प्रशिक्षकहरुको भत्ता भुक्तानीको कर वापत रु.६,१२१।– तथा अर्चना कन्सट्रक्सनलाई ठेक्का विलको आइटम नं.४.१ अनुसार पम्प सेट भाडा वापत रु.१,९२,०८०।– खर्च लेखेकोमा १० प्रतिशतले लाग्ने रु.१९,२०८।– अग्रिम कर समेत रु.२५,३२९।– करकट्टी गरिएको छैन । नियमानुसार कट्टी हुने रकम असुल गरी राजस्व खातामा दाखिला हुनुपर्ने देखिन्छ ।

२७. **अधुरो निर्माण कार्य** : पोखरिया अस्पतालदेखि शिर्ववा चौक सडक पक्की ढलान कार्यको लागि मू.अ.कर रु.७,४१,६६५।– समेत रु.६४,४६,७८०।– को लागत अनुमान तयार भएको आधारमा २०७३।९।२५ मा सूचना प्रकाशन गरी प्राप्त १२ बोलपत्रमध्ये पिन्टु कन्सट्क्सनको मू.अ.कर समेत रु.४१,४६,०२०।– ( ३५.६९९ प्रतिशत घटी) को बोलपत्र २०७३।१०।२६ मा स्वीकृत गरी कार्य गराए पश्चात रु.३७,३९,१७८।– को मात्र कार्य भएको अवस्थामा नगरपालिकाले कार्य सम्पन्न भएको प्रतिवेदन तयार गरी उक्त रकम भुक्तानी भएको देखियो । सडक निर्माण कार्य गर्नुअघि सर्वे भएको छैन भने लागत अनुमान को साथमा दर विश्लेषण रहेको समेत पाइएन । विजक नं.०१० बाट रु.१,०४,९८६।– मू.अ.कर समेत रु.९,१२,५७२।१५ भुक्तानी हुँदाको उक्त वीजकको मिति सच्चाइएको अवस्थामा रहेको कारणबाट उक्त मू.अ.कर आन्तरिक राजस्व कार्यालयमा दाखिला भए नभएको यकिन गर्न नसकिएको साथै कुल गर्नुपर्ने कामको अनुपातमा करीब ४१ प्रतिशत घटी काम भएको अवस्थामा नगरपालिकाले कार्य स्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको अवस्थामा बाकी काम के कुन माध्यमबाट कहिले सम्पन्न गरिने हो स्पष्ट छैन भने काम अपुरै छोड्ने ठेक्केदार माथि नियमानुसार कारबाही नहुनको कारण समेत स्पष्ट भएन । निजको नाममा रहेको धरौटी र बैंक ग्यारेन्टी समेत जफत गरी नियमनुसारको बाँकी काम सम्पन्न गर्नुपर्ने देखिन्छ ।

२८. **वारुण यन्त्र :** कार्यालयले म्याम इन्टरपेनसर प्रा.लि.काठमाडौंको वीजक नं.०६४ अनुसार वारुण नियन्त्र खरिद वापत रु.५५,९४,०००।– खर्च लेखेकोमा आवश्यक जनशक्ति नभएको कारणले लेखापरीक्षण अवधिसम्म प्रयोगमा आएको देखिएन । नगरपालिकाले यथासक्य वारुण नियन्त्रक प्रयोगको लागि ध्यान दिनुपर्दछ ।

२९. **घटी कार्य :** कार्यालयले साविक वडा नं.१५ हाल वडा नं.९ रहरीया मन्दिरमा कलर्भट निर्माणको लागि मू.अ.कर समेत रु.२,३२,२६२।– को लागत अनुमान तयार भएको आधारमा प्राप्त दररेटमध्ये राधेकृष्ण निर्माण सेवाको रु.२,६१,२०२।– को ठेक्का मिति २०७४।१।३१ मा स्वीकृत गरी सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,७६,१३६।– को मात्र कार्य सम्पन्न भएको देखियो । उक्त निर्माण सेवाबाट जारी भएको विजक नं.०५ मिति २०७४।३।२५ मा मू.अ.कर रु.२२,८९७– र विल मूल्य रु.१,७६,१३६।– समेत कुल रु.१,९९,०७४।– को वीजक पेश भएकोमा मू.अ. कर बाहेक रु.१,७६,१३६।– मात्र भुक्तानी भएको पाइयो । खुद लागत अनुमानभन्दा बढी रकमको ठेक्का स्वीकृत गरेको, लागत अनुमानको तुलनामा ३२.५६ प्रतिशत घटी काम गरेको र वीजक अनुसारको रकम भुक्तानी समेत नभएको

अवस्थामा उक्त खर्च नियमित मान नसक्ने देखिएकोले मू.अ.कर दाखिला वा समायोजनको प्रमाण र खर्च पुष्टयाईको आधार पेश हुनुपर्दछ ।

३०. **कर कट्टी :** चालु अनुदानतर्फ नगरपालिकाले विभिन्न ४ कार्यक्रम खर्च भुक्तानी गर्दा अग्रिम करकट्टी नगरिएको रु.१,९०८।- असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

३१. **घटी प्रगति :** सडक बोर्ड नेपालको २०७४।१।१५ को पत्रानुसार ६ वटा सडकको लागि रु.६४,४५,८८०।– को लागत अनुमानमध्ये रु.४५,००,०००।– व्यहोर्ने उल्लेख भएकोमा आर्थिक वर्षको अन्तसम्म प्रगतिको आधारमा रु.२८,७९,८४३।- मात्र निकासा प्राप्त गरी खर्च गरेको पाइयो । ६ वटा सडकमध्ये रु.८,८३,०९६।– लागत अनुमानको पोखरिया पेट्रोल पम्प सिर्सिया सडकको कार्यमात्र सम्पन्न भएको देखाइएको छ भने रु.१४,३०,१४०।– लागत अनुमानको पावर हाउस चौक डमरापुर सडकको लागि यस वर्ष भुक्तानी भएको देखियो । कुल सडकहरुको आधारमा जम्मा ६६ प्रतिशत मात्र प्रगति देखाइएकोमा घटी प्रगतीको कारण स्पष्ट छैन ।

३२. **सम्झौता :** पोखरिया पेट्रोल पम्पदेखि सिर्सियासम्मको सडक मर्मतको लागि रु.८,३३,५५३।– को लागत अनुमान तयार भएकोमा उपभोक्ता समितितर्फ रु.२,५७,३७५।- र नगरपालिकातर्फ ६,००,०००।– समेत कुल ८,५७,३७५।–को कार्य गर्ने गरी २०७४।१।३१ मा सम्झौता भए अनुरुप भुक्तानी समेत भएकोमा यसरी लागत अनुमानभन्दा रु.२३,८२१।– को बढी सम्झौता गर्नको आधार स्पष्ट भएन ।

३३. **सामजिक सुरक्षा कार्यक्रम :** यस वर्ष विभिन्न गा.वि.स र नगरपालिकाको सामाजिक सुरक्षा वापत रु.२,२३,३४,८००।- र बाल संरक्षण भत्तातर्फ वापत रु.२०,०४,८००।- समेत रु.२,४३,३९,६००।- खर्च लेखिएकोमध्ये गोविन्दपुर वडा नं.१४ र १५ को लागि वैंक मार्फत रु.१२,९९,६००।- खर्च लेखेको सम्बन्धमा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको वैंक खाता नं. र जम्मा भएको रकम सहीतको विवरण चौमासिक पठाउनु पर्ने र यसै विवरणलाई वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा सो अनुसारको विवरण उपलब्ध भएन ।

३३.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को अनुसूची-५ र १० बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । निर्देशिकाले तोकेको ढांचामा अनुसूचीहरु अद्यावधिक गरेको नपाइएकोले भत्ता पाउने लाभग्राही व्यक्तिहरुको संख्या र नामनामेसी भिडान गर्ने आधार देखिएन । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

३३.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा १५(६) बमोजिम प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भरपाई प्रत्येक चौमासिक भित्रमा नै पेश्की फर्छौटका लागि सम्बन्धित कार्यालयमा पठाउनुपर्ने छ भनी उल्लेख छ। कार्यालयले चौमासिकरुपमा पेश्की दिएको छ। उक्त पेश्की रकम फर्छौट नभई हालसम्म पेश्की नै रहेको छ। यसतर्फ कार्यालयको ध्यानाकार्षण हुनुपर्दछ ।

३४. **सामाजिक सुरक्षा पेश्की :** आर्थिक वर्षको अन्तमा ५ कर्मचारीको नाममा फछ्र्यौट गर्न बाँकी पेश्की रु.२,१६,२०,६००।– तथा वडा समितितर्फ ३ कर्मचारीका नाममा रु.३१,५५,२००।– समेत रु.२,४७,७५,८००।– पेश्की असुल फछ्र्यौटका लागि आवश्यक कारबाही हुनुपर्दछ ।

३५. **पेश्की :** कार्यालयले पूँजीगत अनुदान साविकका गा.वि.स.आर्थिक वर्षको अन्तमा विभिन्न ६ वडा समितिहरुको नाममा फछ्र्यौट गर्न बाँकी पेश्की रु.१,९०,८९,९९३।– तथा चालु अनुदानतर्फ रु.११,५२,६७६।– समेत कुल रु.२,०२,४२,६६९।– रहेकोमा उक्त पेश्की रकम नियमानुसार फछ्र्यौट हुनुपर्दछ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ७७ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८६ लाख ५९ हजार फछ्र्यौट गरेकोले रु.२ करोड ९१ लाख ४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.३४ लाख ८७ हजार र पेश्की रु.२ करोड ५० लाख ५९ हजार रहेको छ।

# बहुदरमाई नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

नगरपालिकाको गत वर्षको मौज्दात रु.४० लाख ८ हजार र यो वर्ष आय रु.६ करोड ४८ लाख १२ हजार समेत रु.६ करोड ८८ लाख २० हजार आम्दानी भएकोमा रु.५ करोड ९८ लाख ८९ हजार खर्च भई रु. ८९ लाख ३१ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. आ थर्क ववरण : आ थर्क ववरणबाट केन्द्रिय अनुदानको रु.६,४८,११,०९७- र गत वर्षको मौज्दात रु.४०,०७,५१८।- समेत आम्दानी रु.६,८८,१८,७१५-,को आम्दानीमध्ये पुजिगत खर्च रु.२,३३,८१,९४१।-चालु खर्च रु.३,६५,०६,४१७- भएको दे खन्छ । उक्त खर्चमध्ये रु.५,५२,११,७३६।- पेश्की बाँकी भएकोले बित्तिय ववरणको शुद्धता वा वश्वसनियता न्यून रहेको दे खन्छ । सा वक गा. व.स.को सेस्ता लेखापरीक्षण हुन नसकेको कारणबाट कोष तथा लेखा नियन्त्रणक कार्यालयको पत्रको आधारमा एकीकृत आय व्यय ववरणमा मौज्दात देखाएको छ ।

१.१ संघीय संरचना पूर्वाधार वकास कार्यक्रम पुजिगततर्फ वैक नगदी कताब अनुसार रु.३४,३३,७३८।- खर्च दे खएकोमा रु ३३९७०३४।-को आ थर्क ववरण पेश भएको छ । रु ३६७०४।- फरक परेको सम्बन्धमा शपष्ट हुनु पर्ने दे खन्छ ।

२. लेखापरीक्षण : स्थानीय निकाय आ थर्क प्रशासन नियमावली २०६४ को नियम २०३ मा प्रत्येक गाउँ वकास स मतिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष पर्सागढी गाउँपा लका अन्तर्गतका बहुअरी पिडारी, भौराटार, गम्हरीया, बैरियाविर्ता, नगरदाहा, रामनगरी, विश्रामपुर समेत ७ गा व.स.हरुले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ताको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग पेश गरेको छैन । लेखा परीक्षण हुननसकेको कारणबाट आर्थिक कारोबारको अलावा स्रोत नक्साङ्कन, आन्तरिक आय, योजना कार्यान्वयन स्थिति, उपभोक्ता समितिबाट भएको खर्च एवजिन्सी सामानहरुको जिम्मेवारी र मौजुदा स्थिति बारेमा समेत यकिनगर्न सकिएन ।

३. पेश्की फछ्र्यौट : स्थानीय निकाय आ थर्क प्रशासन पहिलो संसोधन नियमावली, २०६४ को नियम १८२।३। मा दिएको पेश्की तो कएको म्याद भत्र तो कएको कार्य व ध अपनाइ फछ्र्यौट गर्नु वा गराउनु पेश्की लनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मति २०७४।१०।२९ सम्म ८ वडा कार्यालयहरुले रु.५,५२,११,७३६।– पेश्की फछ्र्यौट गरेको नदे खएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

४. **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० उपनियम (१) बमोजिमनियम ४६, ४७, ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमाकम्तीमा एक पटक आफैले निरीक्षण गरी वात्यस्तो मालसामान जिम्मालिने कर्मचारी बाहेक अन्यकर्मचारी वाप्राविधिक द्वारा निरीक्षण गर्न लगाई त्यस्तो प्रतिवेदन लिखित रुपमालिई राख्ने व्यवस्थागर्नुपर्दछ । साथै त्यस्ता मालसमानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्नेमा कार्यालयले जिन्सी निरीक्षण गराएको छैन । यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

५. **लागत अनुमान :** सार्वजनिक निकायले मालसामानको स्पोसिफिकेशनको अधीनमा रही लागतअनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६. **कर्मचारी कल्याणकोष :** यस नगरपालिकामा सम्मिलन भएका साविककागा.वि.स.हरुले कर्मचारी कल्याण कोषको लागि खोलेको खाताको विवरण लिई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

७. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ उपनियम (१) बमोजिम भ्रमणम खटिने पदाधिकारी वाकर्मचारीले भ्रमण समाप्तभए पछि नियमानुसार पाउने दैनिकभत्ता तथा भ्रमण खर्चको विल भ्रमण प्रतिवेदन साथविल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ भनी व्यवस्था रहेको छ । दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण प्रतिवेदन राखिएको छैन । अनिवार्य रुपमा दैनिक भ्रमण प्रतिवेदन राख्नुपर्ने देखिन्छ ।

८. **बेरुजू लगत :** पर्सागढी नगरपालिकामा सम्मिलन भएका साविककागा.वि.स.हरुको लेखापरीक्षणबाट कायमभएको असुलउपर गर्नुपर्ने बेरुजू र पेश्की बेरुजू तथाअन्य बेरुजूको एकीकृत लगत खडा गरी असुल फर्छ्यौटका लागि आवश्यक कारबाही हुनुपर्दछ ।

९. **आन्तरिक आय :** नगरपालिकाअन्तर्गतका वडाहरुमा मालपोत सिफारिस दस्तुर, पोखरी ठेक्कातथाअन्य ठेक्का पटा सम्बन्धी आम्दानी बांधेको देखिएन । वडाहरुबाट आन्तरिक आयतर्फ विभिन्न राजस्व ठेक्कातथा दस्तुर र आम्दानी सम्बन्धी विवरण लिई प्राप्त भएका आम्दानी सञ्चित कोषमा दाखिलाका लागि आवश्यक कारबाही हुनुपर्ने देखिन्छ ।

१०. **गाडी भाडा :** कार्यालयले मासिक रुपमा गाडी भाडा लिई रु.२,००,०००।– गाडी भाडा वापतखर्च लेखेको देखिन्छ ।

११. **कर दाखिला :** बैक नगदी किताब अनुसार आर्थिक वर्षको अन्तसम्म कर दाखिला बाकी देखिएको रु.१२००।- लेखा परीक्षण अवधिसम्म पनि दाखिला नभएकोले उक्त रकम सर्व सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिन्छ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.५ करोड ५२ लाख ५० हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.३७ हजार र पेश्की रु.५ करोड ५२ लाख १२ हजार रहेको छ ।

# ठोरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.२७ लाख ८९ हजार र यो वर्ष आय रु.५ करोड ५२ लाख ६० हजार समेत रु.५ करोड ८० लाख ४९ हजार आम्दानी भएकोमा रु.५ करोड १८ लाख ७० हजार खर्च भई रु.६१ लाख ७९ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. पेश्की : स्थानीय निकाय आ थर्क प्रशासन पहिलो संसोधन नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तो कएको म्याद भत्र तो कएको कार्य व ध अपनाइ फछ्र्यौट गर्नु वा गराउनु पेश्की लनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षणको अव धसम्म विभिन्न ७ वडा कार्यालयहरुको नाममा रहेको रु.४,५०,७३,७७४।– पेश्की फछ्र्यौट गरेको नदे खएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ ।

२. लेखापरीक्षण : स्थानीय निकाय आ थर्क प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गाउँ वकास स मतिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सुवर्णपुर गाउँपा लका (हाल ठोरी गाउँपा लका) अन्तर्गतका ठोरी, निर्मलवस्ती, सुर्वणपुर, महादेवपटी र सेढवा गा.व.स.हरुले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अ धकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लएकोमा सोभन्दा अगाडीका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष नगरपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ५० लाख ७४ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये पेश्की रु.४ करोड ५० लाख ७४ हजार रहेको छ।

# छिपरमाई गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.४६ लाख १३ हजार र यो वर्ष आय रु.५ करोड ७ लाख ३० हजार समेत रु.५ करोड ५३ लाख ४३ हजार आम्दानी भएकोमा रु.५ करोड १० लाख ८६ हजार खर्च भई रु.४२ लाख ५७ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. संचित कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.८११२९०६।- सर्वसंचित कोषमा दाखिला गरेको छैन ।

२. फ्रिज : सामाजिक सुरक्षा भत्ता वितरण नभई बाँकि रहेको रकम नेपाल सरकारको संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको पेश्की फरछयौंट गर्दा फर्ता भएको रु.४८,०००।- सर्व संचित कोषमा दाखिला गरेको छैन ।

३. धरौटी : यो वर्ष गाउँपालिकाले रु.१६,४६६।- धरौटी प्राप्त गरेको छ । उक्त रकमको दाखिलाको बैंक प्रमाण पेश भएको छैन ।

४. आन्तरिक **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा सरकारी कामको लागि पेश्कि दिनु पर्दा आवश्यक हो होइन यकिन गर्नुपर्दछ । यो वर्ष कार्यालयले संघीय संरचना सुधारकव लागि सम्पुर्ण कार्य गरी रकम मौज्दात रहेको अवस्थामा वडा नं ४ तुलसीबर्वाको नाममा आन्तरिक आयतर्फको रु.१,८७,०००।- पेश्की खर्च लेखेको छ । खास प्रयोजन विनाको पेश्की लेखापरीक्षण अवधि २०७४।१०।२४ सम्म फछर्यौट गरेको छैन ।

५. जिन्सी निरीक्षण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा लागत खडा गरी राखिएको जिन्सी माल सामान के कस्तो अवस्थामा छन् । कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले वा अन्य कर्मचारी वा प्राविधिकबाट निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले रु.४६,७१,२८३।- को सामान खरिद गरेकोमा जिन्सी बार्षिक निरीक्षण गरेको छैन ।

६. पेश्की : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ (३) मा स्वीकृत कामको लागि दिएको पेश्की म्याद भित्र फछ्यौट गर्न गराउनु पेश्कि लिने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपालिकाले विभिन्न कामको लागि वडा कार्यालयहरुलाई दिएको पेश्की रु.४३०२६९०९।-फछ्यौट भएको छैन ।

७. लेखापरीक्षण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गाउँ विकास समितिले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सुवर्णपुर गाउँपालिका (हाल ठोरी गाउँपालिका) अन्तर्गतका निम्न गा. वि.स. हरुले २०७३।४।१ देखि २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अधिकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लिएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गाविस सचिवले नियमानुसार बरबुझारथ नगरेको र श्रेस्ता कागजात साविक गाविस सचिव हाल वडा सचिव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नसकिएको जनाएको छ । साविक गाविस मर्जापुर, सम्भौता, जयमंगलापुर, भस्वा तुलसीबर्वा समेत ५ वडा सचिवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ।

## बेरुजू स्थिति

गाउँपालिकाको लेखापरीक्षणबाट रु.५ करोड १३ लाख ९१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये नियमित गर्नुपर्ने रु.८१ लाख ७७ हजार र पेश्की रु.४ करोड ३२ लाख १४ हजार रहेको छ ।

# धोविनि गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३४ लाख ५२ हजार र यो वर्ष आय रु.४ करोड ७२ लाख ५७ हजार समेत रु.५ करोड ७ लाख ९ हजार आम्दानी भएकोमा रु.४ करोड ६५ लाख २ हजार खर्च भई रु.४२ लाख ७ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. सं चत कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आ र्थक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व सं चत कोषमा दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.४१,९६,०५३।- सर्व सं चत कोषमा दा खला गरेको छैन

२. करदा खला : आयकर ऐन, २०५८ को दफा ९५ (क)(६) मा तो कएको समयमा अ ग्रम करक ी रकम दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले क ी गरेको अ ग्रम कर रु.२,९१५।- आन्तरिक राजस्व कार्यालयमा पठाएको छैन।

३. पेश्की : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको ला ग दिएको पेश्की म्याद  भत्र फछ्यौट गर्न गराउनु पेश्कि  लने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपा लकाले  व भन्न कामको ला ग५ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.३,४४८२,१८२।- फछ्यौट भएको छैन ।

४.  वल भरपाई : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको  वल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । यो वर्ष गाउपा लकाले भौ नं २५  मति २०७।३।१९ मा कम्प्युटर मर्मत तथा जडान गरे वापत मा सक रु.३०,०००।- का दरले बैशाख जेष्ठ र अषाढको रु.९०,०००।- आरिया एजुकेशन प्रा. ल.लाई भुक्तानी गर्दा  वल भरपाई सहित आवश्यक कागजात पेश गरेको छैन।

५.१ यो वर्ष गाउपा लकाले सा वक वडानं.२ ले विभिन्न १० कार्यक्रम तथा वडा नं.४ ले विभिन्न ७ कार्यक्रमको पेश्की फछ्यौट गर्दा रु१८२८९३५।- को आवश्यक कागजातहरु पेश गरेको छैन ।

५. करक ी : आयकर ऐन, २०५८ को दफा ८८(१) मा भाडा भुक्तानी गर्दा १० प्रतिशत अ ग्रम करक ी गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाउँपा लकाले श्रवण कुमार महत्तोलाई सवारी भाडा रु.६३,०००।- भुक्तानी गर्दा १० प्रतिशत अ ग्रम कर रु.६,३००।- असुल गरेको छैन। असुल गरी राजस्व आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ।

६. करक ी दा खला : आयकर ऐन, २०५८ को दफा ९५ (क)(६) मा तो कएको समयमा अ ग्रम करक ी रकम दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले क ी गरेको अ ग्रम कर रु.८,०११।- आन्तरिक राजस्व कार्यालयमा पठाएको छैन ।

७. नगद दा खला : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ७४(२) अनुसार दिएको पेश्की खर्च नभई बाँकी रहेमा गत  वगत वर्षको भएमा बेरुजु खातामा र चालु वर्षको भएमा पेश्की दिने कार्यालयको बैंक खातामा जम्मा गर्नुपर्ने उल्लेख छ ।यो वर्ष गाउपा लकाले पेश्की फछ्यौट गर्दा  फर्ता आएको नगद रु.१३६०६४।- साविकका भिखमपुर तथा लंगडि गरी हालका २ वडा स मतिहरुको खातामा जम्मा गरेकोले उक्त रकम गाउपा लकाको खातामा जम्मा गर्नुपर्दछ ।

८. कोष क ी दा खलाः प्रच लत कानुनअनुसार कर्मचारीहरुको कोष क ी रकम समयमै दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष कर्माचारीहरुको तलबबाट क ी गरिएको संचयकोष रकम रु.२५,१४५।- दा खला गरेको छैन ।

९. लेखारीक्षणः स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा  व स ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सा वक गाउँ  वकास  स मतको कार्यालय घोड्दौडा  पप्रा  भखमपुर हरिहरपुर नैतज लंगडी र धोबिनीले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन ।यस सम्बन्धमा सम्बन्धित कार्यकारी अ धकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी  लएकोमा सोभन्दा अगाडीका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ७ लाख ७५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६ हजार, नियमित गर्नुपर्ने रु.६२ लाख ८७ हजार र पेश्की रु.३ करोड ४४ लाख ८२ हजार रहेको छ।

# जगरनाथपुर गाँउपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३८ लाख १ हजार र यो वर्ष आय रु.५ करोड ५१ लाखसमेत रु.५ करोड ८९ लाख १ हजार आम्दानी भएकोमा रु.५ करोड २३ लाख १६ हजार खर्च भई रु.६५ लाख ८५ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. आन्तरिक आय : यो वर्ष गाउपा लकाको कार्यालयले मालपोत आन्तरिक आय रु.१,१९२।– देखाएको छ । मालपोत आम्दानी सम्बन्धी कुनै पनि कागजात लेखापरीक्षणमा पेश भएको छैन ।

२. मौज्दात बढी : यो वर्ष गाउपा लकाले बैंक नगदी कताब अनुसार रु.६५,८४,८४१।– मौज्दात दे खएको छ। सं चत कोषको बैंक स्टेटमेन्ट अनुसार रु.६६,०६,००४।– दे खएकोले बैंक बढी दे खएको रु.२१,१६२।– य कन गरि आम्दानी जनाउनु पर्दछ ।

३. फ्रज : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ३३(क) मा फ्रज नहुने बजेट शर्षकको आ र्थक कारोबार बन्द गरे पछि निकासा र खर्चको लेखा अद्याव धक गरी बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फर्ता गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले सामाजिक सरक्षा र बाल संरक्षण भत्ता वतरण गर्न वडा कार्यालयहरुलाई दिएको पेश्की फछर्यौट गर्दा फर्ता प्राप्त भएको रु.७,३७,८०२।– जिल्ला समन्वय स मति मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको छेन । कोष तथा लेखा नियन्त्रक कार्यालयमा नपठाएको रकम नेपाल सरकारको सर्व सं चत कोषमा दा खला गर्नु पर्दछ ।

४. पेश्की : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको ला ग दिएको पेश्की म्याद भत्र फछ्यौट गर्न गराउनु पेश्कि लने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपा लकाले व भन्न कामको ला ग ६ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.३,५०,६५,४४८।– फछ्यौट भएको छैन ।

५. लेखारीक्षण : स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा. व.स.ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सा वक गाउँ वकास स मतको कार्यालय पडारिगुठी जानकीटोला वजवनिया जगरनाथपुर म सहानि र औराहाले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अ धकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष उपमहानगरपालिकाको लेखापरीक्षणबाट रु.३ करोड ५८ लाख २५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ६० हजार र पेश्की रु.३ करोड ५० लाख ६५ हजार रहेको छ ।

# पकहामैनपुर गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.६० लाख ७७ हजार र यो वर्ष आय रु.५ करोड ५२ लाख ५ हजार समेत रु.६ करोड १२ लाख ८२ हजार आम्दानी भएकोमा रु.५ करोड २८ लाख ४ हजार खर्च भई रु.८४ लाख ७८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. संचत कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.८४,७८,८११।– सर्व संचित कोषमा दाखिला गरेको छैन

२. पेश्की : आर्थिक कार्य विधि नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको लागि दिएको पेश्की म्याद भित्र फछ्यौट गर्न गराउनु पेश्कि लिने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ। यो वर्ष गाउँपालिकाले विभिन्न कामको लागि ५ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.३,६१,०३,२५३।– फछ्यौट भएको छैन ।

३. लेखारीक्षण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा. वि.स.ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष साविक गाउँ विकास समितको कार्यालयधोरे सुर्जाहा पकहामैनपुर लहावरथकरी र सबैठवाले २०७३।४।१ देखि २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन ।यस सम्बन्धमा सम्बन्धित कार्यकारी अधिकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लिएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गाविस सचिवले नियमानुसार बरबुझझारथ नगरेको र श्रेस्ता कागजात साविक गाविस सचिव हाल वडा सचिव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नसकिएको जनाएको छ । साविक गाविस तर्फका वडा सचिवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ४५ लाख ८१ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये नियमित गर्नुपर्ने रु.८४ लाख ७८ हजार र पेश्की रु.३ करोड ६१ लाख ३ हजार रहेको छ।

# पटेंवा सुगौली गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउपालिकाको गत वर्षको मौज्दात रु.३९ लाख ३९ हजार र यो वर्ष आय रु.५ करोड १४ लाख ६५ हजार समेत रु.५ करोड ५४ लाख ४ हजार आम्दानी भएकोमा रु.४ करोड ९९ लाख ४६ हजार खर्च भई रु.५४ लाख ५८ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **फ्रिज :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्य व ध, २०६९ को दफा १५ ४ मा सामाजिक सुरक्षा कार्यक्रमको ला ग निकासा भएको रकम सोही आ र्थक वर्षमा खर्च नभएमा फ्रज हुने उल्लेख भएको छ । यो वर्ष जिल्ला समन्वय स मति मार्फत निकासा भएको रकममध्ये सामाजिक सुरक्षातर्फ रु.४१६००।– र बाल संरक्षणतर्फ रु.८,८००।– समेत रु.५०,४००।– निकासा नभई बाँकी रहेकोमा नेपाल सरकारको सं चत कोषमा दा खला गरेको छैन ।

२. आन्तरिक आय : यो वर्ष गाउँपा लकाले पोखरी ठेक्का वापत रु.७६,०००।–,आम्दानी देखाएको छ । पोखरी ठेक्का सम्बन्धी कुनै पनि कागजात लेखापरीक्षणमा पेश भएको छैन ।

३. पेश्की : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको ला ग दिएको पेश्की म्याद भत्र फछ्यौट गर्न गराउनु पेश्कि लने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपा लकाले व भन्न कामको ला ग ७ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.५,०८,३७,०१४।– फछ्यौट भएको छैन ।

४. लेखारीक्षण : स्थानी निकाय आ र्थक प्रशासन नियमावली २०६४ को नियम २०३ मा प्रत्येक गा व स ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सा वक गाउँ वकास स मतको कार्यालय सुपौली जितपुर शंकर सरैया सोनर्षा गादी पटेर्वा सुगौलीर निचुटाले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन ।यस सम्बन्धमा सम्बन्धित कार्यकारी अ धकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.५ करोड ९ लाख ६३ हजार बेरुज फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये नियमित गर्नुपर्ने रु.१ लाख २६ हजार र पेश्की रु.५ करोड ८ लाख ३७ हजार रहेको छ।

# विन्दवासिनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.५७ लाख ६० हजार र यो वर्ष आय रु.४ करोड २८ लाख ५६ हजार समेत रु.४ करोड ८६ लाख १६ हजार आम्दानी भएकोमा रु.४ करोड ३४ लाख ४४ हजार खर्च भई ५१ लाख ७२ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. संचित कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व संचित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.४९,८१,९९१।- सर्व संचित कोषमा दाखिला गरेको छैन ।

२. आन्तरिक आय : यो वर्ष गाउँपालिकाले आन्तरिक आय रु.१,६६,०७४।- देखाएको छ । प्राप्त भएको आय के वापत कति हो सो सम्बन्धी कुनै पनि कागजात लेखापरीक्षणमा पेश भएको छैन । आन्तरिक आय विना प्रमाण र आवश्यकता बेगर नै वडा नं ५ प्रसौनी भाठालाई पेश्की दिएको छ ।

३. जिन्सी निरीक्षण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा लगत खडा गरी राखिएको जिन्सी माल सामान के कस्तो अवस्थामा छन् । कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले व अन्य कर्मचारी वा प्राविधिकबाट निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिनुपर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले रु.३३,८७,७६२।- को सामान खरिद गरेकोमा जिन्सीको बार्षिक रुपमा निरीक्षण गरी सोको प्रतिवेदन पेश भएको छैन ।

४. पेश्की : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको लागि दिएको पेश्की म्याद भित्र फछ्र्यौट गर्न गराउनु पेश्कि लिने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपालिकाले विभिन्न कामको लागि ५ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.३,८४,४९,८५८।- फछ्र्यौट भएको छैन ।

५. लेखारीक्षण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा.वि.स.ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष साविक गाउँ विकास समितिको कार्यालयबहुअर्वा भाठाझौवागुठी अमरपटी र प्रसौनी भाठाले २०७३।४।१ देखि २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अधिकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लिएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गाविस सचिवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात साविक गाविस सचिव हाल वडा सचिव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नसकिएको जनाएको छ । साविक गाविसतर्फका वडा सचिवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ६९ लाख ८५ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्य नियमित गर्नुपर्ने रु.८५ लाख ३६ हजार र पेश्की रु.३ करोड ८४ लाख ४९ हजार रहेको छ।

# बेल्वा गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.७१ लाख २८ हजार र यो वर्ष आय रु.५ करोड ४१ लाख ५४ हजार समेत रु.६ करोड १२ लाख ८२ हजार आम्दानी भएकोमा रु.५ करोड ५६ लाख ६८ हजार खर्च भई रु.५६ लाख १४ हजार मौज्दात रहेको छ। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. आन्तरिक आय : यो वर्ष गाउँपा लकाको नाममा रु.५२५५१-आन्तरिक आय जम्मा भएको छ । आन्तरिक आय सम्बन्धि कुनै पनि कागजात लेखापरीक्षणमा पेश भएको छैन ।

२. सं चत कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आ र्थक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व सं चत कोषमा दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.६,२०,३९३।- सर्व सं चत कोषमा दा खला गरेको छैन

३. करक ी दा खला : आयकर ऐन, २०५८ को दफा ९५(क)(६) मा तो कएको समयमा अ ग्रम करक ी रकम दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले क ी गरेको अ ग्रम कर रु.५,६४७- आन्तरिक राजस्व कार्यालयमा पठाएको छैन ।

४. अ ग्रम कर : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कर वजक पेश नगरेकोमा १५% अ ग्रम कर असुल गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले संघीय संरचना वकास चालु भौचर नं २६ मति २०७४।३।१८ बाट आर्या एजुकेशन वीरगंजलाई रु.९०,०००।- भुक्तानी गर्दा रु.९००।- मात्र अ ग्रम करक ी गरेकोले नपुग रु.१२,६००।- असुल गरी राजस्व खातामा दा खला गर्नुपर्दछ ।

५. पेश्की : आ र्थक कार्य व ध नियमावली २०६४ को नियम ७४(३) मा स्वीकृत कामको ला ग दिएको पेश्की म्याद भत्र फछ्यौट गर्न गराउनु पेश्कि लने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपा लकाले व भन्न कामको ला ग ७ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.४,६०,७८,०९५- फछ्यौट भएको छैन ।

६. वल भरपाई : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिदा रित पुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले बाल संरक्षण शषर्कहरुमा वल भरपाई बेगर नै रु.४,४००।- भुक्तानी गरेको छ । वल भरपाई बेगर भुक्तानी गरेको अनिय मत दे खएको छ ।

७. लेखारीक्षण : स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा. व.स.ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ । यो वर्ष सा वक गाउँ वकास स मतको कार्यालय बस डल्वा बगहि लालपर्सा बेल्वा र चोर्नीले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन ।फागुन २८ अगाडिका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चवसंग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नुपर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ६७ लाख २६ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१३ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ३५ हजार र पेश्की रु.४ करोड ६० लाख ७८ हजार रहेको छ।

# सखुवा प्रसौनी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गाउँपालिकाको गत वर्षको मौज्दात रु.३० लाख ८० हजार र यो वर्ष आय रु.५ करोड ३२ लाख २४ हजार समेत रु.५ करोड ५४ लाख ४ हजार आम्दानी भएकोमा रु. ५ करोड ४६ लाख १५ हजार खर्च भई रु.७ लाख १५ हजार मौज्दात रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. मौज्दात घटी : गाउँपा लकाले देखाएको मौज्दात रु.७८,९२,४८७- भएकोमा बैंक मौज्दात ववरण अनुसार रु.७८,८६,६२८।- मात्र भएकोले रु.५,८५६।- दा खला गर्नुपर्दछ ।

२. सं चत कोष : नेपाल सरकारले २०७४।२।१७ मा जारी गरेको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार आ र्थक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम स्थानीय सर्व सं चत कोषमा दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले पुजिगत र चालु खातामा खर्च नभई बाँकी रहेको रु.१८,९०,२६९।- सर्व सं चत कोषमा दा खला गरेको छैन ।

३. हिसाब फरक : संघीय संरचना वकास कार्यक्रम अन्तर्गत आ र्थक ववरण अनुसार पुजिगततर्फ रु.१७,८१,१९५-र चालुतर्फ रु.१५,२८,५३७- खर्च देखाएको छ । बैंक नगदी कताब अनुसार पुजिगततर्फ रु.१७,७५,३३८।- र चालुतर्फ रु.१५,२८,९६४।-खर्च दे खएको छ । बैक नगदी कताब र आ र्थक ववरणमा फरक परेको सम्बन्धमा हिसाब मलान गर्नुपर्दछ ।

४. करक ी दा खला : आयकर ऐन, २०५८ को दफा ९५ (क)(६) मा तो कएको समयमा अ ग्रम करक ी रकम दा खला गर्नुपर्ने उल्लेख छ । यो वर्ष गाउँपा लकाले क ी गरेको अ ग्रम कर रु.४२७- सँचित कोष दाखीला गर्नुपर्दछ ।

५. फ्रज : सामाजिक सुरक्षा भत्ता वतरण नभई बाँ क रहेको रकम नेपाल सरकारको सं चत कोषमा दा खला गर्नुपर्ने उल्लेख छ । गाउँपा लकाको पेश्की फरछर्यौट गर्दा फर्ता भएको नगद रु.४८,०००।- सर्व सं चत कोषमा दा खला गरेको छैन ।

६. पेश्की : आ र्थक कार्य व ध नियमावली, २०६४ को नियम ७४(३) मा स्वीकृत कामको ला ग दिएको पेश्की म्याद भत्र फछ्यौट गर्न गराउनु पेश्कि लने दिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ । यो वर्ष गाउँपा लकाले व भन्न कामको ला ग ६ वडा कार्यालयहरुलाई दिएको पेश्की रु.४,४२,०७,१११।- फछ्यौट भएको छैन ।

७. लेखारीक्षण : स्थानीय निकाय आ र्थक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा प्रत्येक गा. व.स.ले आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष सा वक गाउँ वकास स मतको कार्यालय मधुवन मथवल सखुवा प्रसौनि कौवाबन कटैया दउरबाना महुवन र लखनपुरले २०७३।४।१ दे ख २०७३।११।२७ सम्मको श्रेस्ता पेश गरेको छैन । यस सम्बन्धमा सम्बन्धित कार्यकारी अ धकृत संग छलफल गर्दा फागुन २८ पछि कार्यकारी भइ जिम्मेवारी लएकोमा सो भन्दा अगाडीका श्रेस्ता एवं कागजात गा वस स चवले नियमानुसार बरबुभझारथ नगरेको र श्रेस्ता कागजात सा वक गा वस स चव हाल वडा स चव संग नै रहेको निजहरुलाइ लेखापरीक्षणको ला ग श्रेस्ता पेश गर्न पत्राचार गर्दा पनि पेश नगरेकोले लेखापरीक्षण गराउन नस कएको जनाएको छ । सा वक गा वस तर्फका वडा स चवलाइ जिम्मेवार वनाइ श्रेस्ता पेश गर्नु गराउनु पर्दछ ।

## बेरुजू स्थिति

यो वर्ष गाउँपालिकाको लेखापरीक्षणबाट रु.४ करोड ६५ लाख ८३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ४९ हजार र पेश्की रु.४ करोड ४२ लाख ७ हजार रहेको छ।

# स्थानीय तह

## प्रदेश नं. २

## आय-व्यय विवरण र लेखापरीक्षण अङ्क

| क्र.सं. | जिल्ला | प्रदेश | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावण-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८अषाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीषण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | राज वराज नगरपा लका | ६५०१ | २४७६०४ | २५४१०५ | १७०१२ | २२६२८५ | २४३२९७ | १०८०८ | २५४१०५ | ४९०९०१ |
| २ | | कञ्चनरुप नगरपा लका | ३९१० | १६४८५० | १६८७६० | १०६६ | १५८८०४ | १५९८७० | ८८९० | १६८७६० | ३२४७२० |
| ३ | | डाक्नेश्वरी नगरपा लका | ६३ | १२००८१ | १२०१४४ | ३०५५६ | ८०४२४ | ११०९८० | ९१६४ | १२०१४४ | २३१०६१ |
| ४ | | बोदेबरसाईन नगरपा लका | २७१६ | ९९४०४ | १०२१२० | ४१०४७ | ५४२८३ | ९५३३० | ६७९० | १०२१२० | १९४७३४ |
| ५ | | खडक नगरपा लका | २७० | ११२६७५ | ११२९४५ | ३६४८६ | ६८८९७ | १०५३८३ | ७५६२ | ११२९४५ | २१८०५८ |
| ६ | | शम्भुनाथ नगरपा लका | ३६०८ | १३०८५० | १३४४५८ | ० | १२७६८४ | १२७६८४ | ६७७४ | १३४४५८ | २५८५३४ |
| ७ | | सुरुङ्गा नगरपा लका | १७५० | १०१०४६ | १०२७९६ | ३६१८६ | ६४५२५ | १००७११ | २०८५ | १०२७९६ | २०१७५७ |
| ८ | सप्तरी | हनुमाननगर कङ्का लनी नगरपा लका | १७९५ | १६२१२१ | १६३९१६ | १२२६८ | १३५२९९ | १४७५६७ | १६३४९ | १६३९१६ | ३०९६८८ |
| ९ | | कृष्णासवरन गाउँपा लका | २१९ | १०४९७२ | १०५१९१ | २१६२१ | ७५८७९ | ९७५०० | ७६९१ | १०५१९१ | २०२४७२ |
| १० | | छिन्नमस्ता गाउँपा लका | ३५ | ८३०९८ | ८३१३३ | २०५५८ | ५१४६४ | ७२०२२ | ११११ | ८३१३३ | १५५१२० |
| ११ | | महादेवा गाउँपा लका | १५४ | ६३९९० | ६४१४४ | १८५३७ | ३७००२ | ५५५३९ | ८६०५ | ६४१४४ | ११९५२९ |
| १२ | | सप्तकोशी गाउँपा लका | १८३७ | ११८४१२ | १२०२४९ | ० | ८७४८५ | ८७४८५ | ३२७६४ | १२०२४९ | २०५८९७ |
| १३ | | तिरहुत गाउँपा लका | १६१ | ६५०५८ | ६५२१९ | २२७७१ | ३७५७७ | ६०३४८ | ४८७१ | ६५२१९ | १२५४०६ |
| १४ | | तिलाठी कोईलाडी गाउँपा लका | १३७६ | १२०४२७ | १२१८०३ | ३२८९९ | ८४६०८ | ११७५०७ | ४२९६ | १२१८०३ | २३७९३४ |
| १५ | | रुपनी गाउँपा लका | ७४ | ६३७७६ | ६३८५० | १६४७१ | ४०६८५ | ५७१५६ | ६६९४ | ६३८५० | १२०९३२ |
| १६ | | बेल्ही चपेना गाउँपा लका | २४१२ | ९६०४० | ९८४५२ | १४९८७ | ७५१८१ | ९०१६८ | ८२८४ | ९८४५२ | १८६२०८ |
| १७ | | बिष्णुपुर गाउँपा लका | ३१ | ४००७२ | ४०१०३ | ९२५२ | २३५२८ | ३२७८० | ७३२३ | ४०१०३ | ७२८५२ |
| १८ | | लहान नगरपा लका | ८२८ | २२१२३९ | २२२०६७ | ८७७६ | १५०७९९ | १५९५७५ | ६२४९२ | २२२०६७ | ३८०८१४ |
| १९ | | धनगढीमाई नगरपा लका | २७१८ | २८४२०० | २८६९१८ | ० | २४९९५२ | २४९९५२ | ३६९६६ | २८६९१८ | ५३४१५२ |
| २० | | सरहा नगरपा लका | ३००६५ | २९५९३२ | ३२५९९७ | ८५४०९ | १८६९९३ | २७२४०२ | ५३५९५ | ३२५९९७ | ५६८३३४ |
| २१ | | गोलबजार नगरपा लका | १६३०० | १७९९५२ | १९६२५२ | ५३८४६ | १०७५२३ | १६१३६९ | ३४८८३ | १९६२५२ | ३४१३२१ |
| २२ | | रामनगर मर्चैयाँ नगरपा लका | १०२४९ | २२३२०७ | २३३४५६ | ६१८८१ | १५०७०७ | २१२५८८ | २०८६८ | २३३४५६ | ४३५७९५ |
| २३ | | कल्याणपुर नगरपा लका | ६१८० | १३९७७४ | १४५९५४ | ५५२०७ | ७२६०५ | १२७८१२ | १८१४२ | १४५९५४ | २६७५८६ |
| २४ | सिराहा | भगवानपुर गाउँपा लका | ३२९ | ५५५१३ | ५५८४२ | १६७६१ | २७४४२ | ४४२०३ | ११६३९ | ५५८४२ | ९९७१६ |
| २५ | | औरही गाउँपा लका | ७४४० | ५९३३१ | ६६७७१ | २१९२१ | ३५९३६ | ५७८५७ | ८९१४ | ६६७७१ | ११७१८८ |
| २६ | | वष्णुपुर गाउँपा लका | १४१० | ५६६७४ | ५८०८४ | १६३१६ | ३५०२६ | ५१३४२ | ६७४२ | ५८०८४ | १०८०१६ |
| २७ | | सुखीपुर नगरपा लका | ७८०७ | १४६६१९ | १५४४२६ | ० | १३२७१२ | १३२७१२ | २१७१४ | १५४४२६ | २७९३३१ |
| २८ | | कर्जन्हा नगरपा लका | २२५४ | ७५५७३ | ७७८२७ | ३८३३० | ३३६४८ | ७१९७८ | ५८४९ | ७७८२७ | १४७५५१ |
| २९ | | बरियारप ी गाउँपा लका | ३४४९ | ६३३८५ | ६६८३४ | २६१७५ | ३४२५७ | ६०४३२ | ६४०२ | ६६८३४ | १२३८१७ |
| ३० | | लक्ष्मीपुर पतारी गाउँपा लका | १२०५ | ७३३५० | ७४५५५ | २६९१६ | ४२८३९ | ६९७५५ | ४८०० | ७४५५५ | १४३१०५ |
| ३१ | | नरहा गाउँपा लका | ४०६ | ५४३४९ | ५४७५५ | १६९०५ | १९०६२ | ३५९६७ | १८७८८ | ५४७५५ | ९०३१६ |

| क.सं. | जिल्ला | प्रदेश | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावण-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८अषाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीषण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | | सखुवानान्कारक ी गाउँपा लका | १०१८ | ६१७३५ | ६२७५३ | २२९१३ | ३३९६७ | ५६८८० | ५८७३ | ६२७५३ | ११८६१५ |
| ३३ | | अर्नमा गाउँपा लका | ३७१२ | ६३२८९ | ६७००१ | १९८७३ | ४१५३० | ६१४०३ | ५५९८ | ६७००१ | १२४६९२ |
| ३४ | | नवराजपुर गाउँपा लका | ४१०१ | ५६८०८ | ६०९०९ | २३६३० | ३१२४८ | ५४८७८ | ६०३१ | ६०९०९ | ११११६८६ |
| ३५ | | जनकपुर उपमहानगरपा लका | ५५०४६ | ८३७९५७ | ८९३००३ | ३१२७९६ | ५०७९८९ | ८२०७८५ | ७२२१८ | ८९३००३ | १६५८७४२ |
| ३६ | | क्षरेश्वरनाथ नगरपा लका | १ | १६१४८८ | १६१४८९ | २२१९२ | ९३१६५ | ११५३५७ | ४६१३२ | १६१४८९ | २७६८४५ |
| ३७ | | गणेशमान चारनाथ नगरपा लका | १०२२१ | १३३४६५ | १४३६८६ | ३५१२८ | ५६२३८ | ९१३६६ | ५२३२० | १४३६८६ | २२४८३१ |
| ३८ | | धनुषाधाम नगरपा लका | ६०३१ | १६६३१९ | १७२३५० | २७१५१ | १२५०११ | १५२१६२ | २०१८८ | १७२३५० | ३१८४८१ |
| ३९ | | नगराइन नगरपा लका | ९०११ | ९६०५९ | १०५०७० | ३९०५० | ५०६९१ | ८९७४१ | १५३२९ | १०५०७० | १८५८०० |
| ४० | | वदेह नगरपा लका | ११३७९ | १००४६३ | १११८४२ | ४५४५३ | ४१५८६ | ८७०३९ | २४८०३ | १११८४२ | १८७५०२ |
| ४१ | | म थला नगरपा लका | २७३५ | १३७३७५ | १४०११० | २५८२९ | ८४७२५ | ११०५५४ | २९५५६ | १४०११० | २४७९२९ |
| ४२ | धनुषा | शहीदनगर नगरपा लका | ४७१४ | १५२९३१ | १५७६४५ | ३४१२५ | ८६८२४ | १२०९४९ | ३६६९६ | १५७६४५ | २७३८८० |
| ४३ | | सबैला नगरपा लका | ९६१६ | १६२२३३ | १७१८४९ | ३३२६६ | ११३५०९ | १४६७७५ | २५०७४ | १७१८४९ | ३०९००८ |
| ४४ | | कमला नगरपा लका | ४७१ | ९६८२६ | ९७२९७ | १६७५४ | ६१०६६ | ७७८२० | १९४७७ | ९७२९७ | १७४६४६ |
| ४५ | | जनकनन्दिनी गाउँपा लका | २३०१ | ७५२७६ | ७७५७७ | २२७१४ | ३१३११ | ५४०२५ | २३५५२ | ७७५७७ | १२९३०१ |
| ४६ | | बटेश्वर गाउँपा लका | २९३८ | ४१८५८ | ४४७९६ | १२४३२ | १७९५१ | ३०३८३ | १४४१३ | ४४७९६ | ७२२४१ |
| ४७ | | म थला बिहारी गाउँपा लका | १२१०५ | १०३०२९ | ११५१३४ | ३६०२७ | ३९५३१ | ७५५५८ | ३९५७६ | ११५१३४ | १७८५८७ |
| ४८ | | मु खयाप ी मुसहरनिया गाउँपा लका | २८५० | ४४३९३ | ४७२४३ | ६७३८ | ३२७२५ | ३९४६३ | ७७८० | ४७२४३ | ८३८५६ |
| ४९ | | लक्ष्मीनिया गाउँपा लका | ४३१२ | ४५०४९ | ४९३६१ | २२४९२ | १२६६२ | ३५१५४ | १४२०७ | ४९३६१ | ८०२०३ |
| ५० | | हंसपुर नगरपा लका | ५०६८ | १११४९५ | ११६५६३ | ४५९५१ | ३८९१२ | ८४८६३ | ३१७०० | ११६५६३ | १९६३५८ |
| ५१ | | औरही गाउंपा लका | १२९६ | ८८९०४ | ९०२०० | ३३६४४ | ३५०९५ | ६८७३९ | २१४६१ | ९०२०० | १५७६४३ |
| ५२ | | जलेश्वर नगरपा लका | ७१७२ | १८५३९० | १९२५६२ | ५४१३१ | १११४१० | १६५५४१ | २७०२१ | १९२५६२ | ३५०९३१ |
| ५३ | | बर्दिबास नगरपा लका | ४५७६ | २६२९३८ | २६७५१४ | ४७८७५ | १५४५०० | २०२३७५ | ६५१३९ | २६७५१४ | ४६५३१३ |
| ५४ | | एकडारा गाउँपा लका | २११३ | ७८८०७ | ८०९२० | २१२४२ | ५१८९० | ७३१३२ | ७७८८ | ८०९२० | १५१९३९ |
| ५५ | | सोनमा गाउँपा लका | ११८० | ७००१७ | ७११९७ | २२०४६ | ३६९४१ | ५८९८७ | १२२१० | ७११९७ | १२९००४ |
| ५६ | महोत्तरी | रामगोपालपुर गाउँपा लका | १९३३ | ६९९३५ | ७१८६८ | २९६३२ | ३६४३२ | ६६०६४ | ५८०४ | ७१८६८ | १३५९९९ |
| ५७ | | मटिहानी गाउँपा लका | १७५१ | ४१५४१ | ४३२९२ | ५८८४ | १८३८७ | २४२७१ | १९०२१ | ४३२९२ | ६५८१२ |
| ५८ | | भँगाहा गाउँपा लका | ४०५ | ९०७३८ | ९११४३ | २७४६४ | ३७८३२ | ६५२९६ | २५८४७ | ९११४३ | १५६०३४ |
| ५९ | | बलवा नगरपा लका | १६१३ | ९०३०० | ९१९१३ | २७५०९ | ५८४५९ | ८५९६८ | ५९४५ | ९१९१३ | १७६२६८ |
| ६० | | औरही गाउँपा लका | २७४७ | ५७२३९ | ५९९८६ | १३५२६ | ३९७६२ | ५३२८८ | ६६९८ | ५९९८६ | ११०५२७ |
| ६१ | | ईश्वरपुर नगरपा लका | ११२४५ | १७४८०१ | १८६०४६ | ४६६७२ | ११७८७९ | १६४५५१ | २१४९५ | १८६०४६ | ३३९३५२ |
| ६२ | | मलंगवा नगरपा लका | १२२४२ | १७३४२२ | १८५६६४ | ६०९८३ | १०९१४६ | १७०१२९ | १५५३५ | १८५६६४ | ३४३५५१ |
| ६३ | | लालबन्दी नगरपा लका | ५९५० | २०९६५५ | २१५६०५ | ८२९२९ | ११३२२२ | १९६१५१ | १९४५४ | २१५६०५ | ४०५८०६ |
| ६४ | | हरिपुर नगरपा लका | ९५५ | ८९६६१ | ९०६१६ | ३२७६९ | ४९७९८ | ८२५६७ | ८०४९ | ९०६१६ | १७२२२८ |
| ६५ | | हरिपुर्वा नगरपा लका | ३३२ | ९८१३५ | ९८४६७ | ३३३३८ | ५८३६७ | ९१७०५ | ६७६२ | ९८४६७ | १८९८४० |
| ६६ | सर्लाही | हरिवन नगरपा लका | १०५१३ | १८१८९९ | १९२४१२ | ३८५६९ | १२५६३२ | १६४२०१ | २८२११ | १९२४१२ | ३४६१०० |
| ६७ | | बरहथवा नगरपा लका | ५३१९ | २१८८१२ | २२४१३१ | ५०४१७ | १५२८०८ | २०३२२५ | २०९०६ | २२४१३१ | ४२२०३७ |
| ६८ | | बलरा नगरपा लका | २४३२ | ११७१७६ | ११९६०८ | ५६७१६ | ४४७१६ | १०१४३२ | १८१७६ | ११९६०८ | २१८६०८ |
| ६९ | | गोडैटा नगरपा लका | १५१० | ८०९५० | ८२४६० | ५०४९६ | २९७८२ | ८०२७८ | २१८२ | ८२४६० | १६१२२८ |
| ७० | | बागमती नगरपा लका | २०८६ | ९०८२० | ९२९०६ | ४३०७८ | ४८७३४ | ९१८१२ | १०९४ | ९२९०६ | १८२६३२ |
| ७१ | | क वलासी गाउँपा लका | ७१ | ७१८५४ | ७१९२५ | २५३५२ | ३८४८१ | ६३८३३ | ८०९२ | ७१९२५ | १३५६८७ |
| ७२ | | चक्रघ ा गाउँपा लका | १४३६ | १००८४९ | १०२२८५ | ४०८८१ | ५२८८० | ९३७६१ | ८५२४ | १०२२८५ | १९४६१० |

| क्र.सं. | जिल्ला | प्रदेश | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावण-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८असाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीषण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७३ | | चन्द्रनगर गाउँपा लका | ३४९४ | ६९८०८ | ७३३०२ | २४१६१ | ३३४५६ | ५७६१७ | १५६८५ | ७३३०२ | १२७४२५ |
| ७४ | | धनकौल गाउँपा लका | २९४ | ७४२१५ | ७४५०९ | ३२६२१ | ३२४०० | ६५०२१ | ९४८८ | ७४५०९ | १३९२३६ |
| ७५ | | ब्रह्मपुरी गाउँपा लका | ५१६ | ६८२५३ | ६८७६९ | २७९५३ | ३२५७२ | ६०५२५ | ८२४४ | ६८७६९ | १२८७७८ |
| ७६ | | रामनगर गाउँपा लका | ४४४ | ९४५९३ | ९५०३७ | ५१६६६ | ३५४३९ | ८७१०५ | ७९३२ | ९५०३७ | १८१६९८ |
| ७७ | | वष्णु गाउँपा लका | ६२९ | ९०२७८ | ९०९०७ | २९४८४ | ५१०२४ | ८०५०८ | १०३९९ | ९०९०७ | १७०७८६ |
| ७८ | | कलैया उपमहानगरपा लका | १४९४ | २९३०३३ | २९४५२७ | २०७४० | २६०९६४ | २८१७०४ | १२८२३ | २९४५२७ | ५७४७३७ |
| ७९ | | जीतपुर समरा उपमहानगरपा लका | ३२६१५ | १९३६८२ | २२६२९७ | ७४०८५ | १३०२१९ | २०४३०४ | २१९९३ | २२६२९७ | ३९७९८६ |
| ८० | | कोल्हवी नगरपा लका | ७९१ | १६५२७७ | १६६०६८ | ० | १४९१९३ | १४९१९३ | १६८७५ | १६६०६८ | ३१४४७० |
| ८१ | | निजगढ नगरपा लका | ३७०६ | १७१३२६ | १७५०३२ | ० | १५९७२७ | १५९७२७ | १५३०५ | १७५०३२ | ३३१०५३ |
| ८२ | | महागढीमाई नगरपा लका | ११६३ | १३५४१२ | १३६५७५ | ० | १११८८७ | १११८८७ | २४६८८ | १३६५७५ | २४७२९९ |
| ८३ | | सम्रौनगढ नगरपा लका | २५५ | १५१८५० | १५२१०५ | ० | १३०८०१ | १३०८०१ | २१३०४ | १५२१०५ | २८२६५१ |
| ८४ | बारा | आदर्श कोटवाल गाउँपा लका | ६०७० | ६९६६९ | ७५७३९ | ३१०९३ | ३०३०७ | ६१४०० | १४३३९ | ७५७३९ | १३१०६९ |
| ८५ | | करैयामाई गाउँपा लका | २१३८ | ६८५०० | ७०६३८ | ३०६३४ | २८२०० | ५८८३४ | ११८०४ | ७०६३८ | १२७३३४ |
| ८६ | | देवताल गाउँपा लका | १००१३ | ६०९७९ | ७०९९२ | ३०८०० | २६०८३ | ५६८८३ | १४१०९ | ७०९९२ | ११७८६२ |
| ८७ | | पचरौता नगरपा लका | ६१५६ | ८४९७० | ९११२६ | ३४१८५ | ४५०६४ | ७९२४९ | ११८७७ | ९११२६ | १६४२१९ |
| ८८ | | परवानीपुर गाउँपा लका | ६२३७ | ८१४७८ | ८७७१५ | २६७९४ | २९८०४ | ५६५९८ | ३१११७ | ८७७१५ | १३८०७६ |
| ८९ | | प्रसौनी गाउँपा लका | ७०६६ | ७०५२० | ७७५८६ | ३२३२४ | ३५५४९ | ६७८७३ | ९७१३ | ७७५८६ | १३८३९३ |
| ९० | | फेटा गाउँपा लका | ५१२७ | ६३९८१ | ६९१०८ | २४४५३ | २९७०६ | ५४१५९ | १४९४९ | ६९१०८ | ११८१४० |
| ९१ | | बारागढीगाउँपा लका | २८३९ | ६६४९७ | ६९३३६ | ३०५७५ | ३२४५३ | ६३०२८ | ६३०८ | ६९३३६ | १२९५२५ |
| ९२ | | सुवर्ण गाउँपा लका | ५६७० | ४०३०५ | ४५९७५ | २५२० | ० | २५२० | ४३४५५ | ४५९७५ | ४२८२५ |
| ९३ | | बिरगंज महानगरपा लका | २४२९७ | ८४१११४ | ८६५४११ | ५१७५६७ | ३२९९९८ | ८४७५६५ | १७८४६ | ८६५४११ | १६८८६७९ |
| ९४ | | पोखरिया नगरपा लका | ३००५ | ५७२८३ | ६०२८८ | ४२६०७ | ० | ४२६०७ | १७६८१ | ६०२८८ | ९९८९० |
| ९५ | | ठोरी गाउँपा लका | २७८९ | ५५२६० | ५८०४९ | ० | ५१८७० | ५१८७० | ६१७९ | ५८०४९ | १०७१३० |
| ९६ | | जगरनाथपुर गाउँपा लका | ३८०१ | ५५१०० | ५८९०१ | ० | ५२३१६ | ५२३१६ | ६५८५ | ५८९०१ | १०७४१६ |
| ९७ | | धोबीनी गाउँपा लका | ३४५२ | ४७२५७ | ५०७०९ | ० | ४६५०२ | ४६५०२ | ४२०७ | ५०७०९ | ९३७५९ |
| ९८ | | छिपहरमाई गाउँपा लका | ४६१३ | ५०७३० | ५५३४३ | ० | ५१०८६ | ५१०८६ | ४२५७ | ५५३४३ | १०१८१६ |
| ९९ | पर्सा | पकाहा मैनपुर गाउँपा लका | ६०७७ | ५५२०५ | ६१२८२ | ० | ५२८०४ | ५२८०४ | ८४७८ | ६१२८२ | १०८००९ |
| १०० | | बिन्दबा सनी गाउँपा लका | ५७६० | ४२८५६ | ४८६१६ | ० | ४३४४४ | ४३४४४ | ५१७२ | ४८६१६ | ८६३०० |
| १०१ | | बहुदरमाई गाउँपा लका | ४००८ | ६४८१२ | ६८८२० | २१२३८ | ३८६५१ | ५९८८९ | ८९३१ | ६८८२० | १२४७०१ |
| १०२ | | बेलवा गाउँपा लका | ७१२८ | ५४१५४ | ६१२८२ | ० | ५५६६८ | ५५६६८ | ५६१४ | ६१२८२ | १०९८२२ |
| १०३ | | पर्सागढी नगरपा लका | २४६३ | ५८४५९ | ६०९२२ | ० | ५६७७१ | ५६७७१ | ४१५१ | ६०९२२ | ११५२३० |
| १०४ | | सखुवा प्रसौनी गाउँपा लका | ३०८० | ५२३२४ | ५५४०४ | ० | ५४६१५ | ५४६१५ | ७८९ | ५५४०४ | १०६९३९ |
| १०५ | | पटेर्वा सुगौली गाउँपा लका | ३९३९ | ५१४६५ | ५५४०४ | | ४९९४६ | ४९९४६ | ५४५८ | ५५४०४ | १०१४११ |
| १०६ | | बौधिमाइ गाउंपालिका | १८३३ | ३३४८९ | ३५३२२ | ८३६० | २१२७६ | २९६३६ | ५६८६ | ३५३२२ | ६३१२५ |
| १०७ | | देवाही गोनाही गाउंपालिका | १६०८ | ३९२०७ | ४०८१५ | १३३६६ | २२६१७ | ३५९८३ | ४८३२ | ४०८१५ | ७५१९० |
| १०८ | | परोहा गाउंपालिका | १ | ४४४४७ | ४४४४८ | १४७१६ | २२९६४ | ३७६८० | ६७६८ | ४४४४८ | ८२१२७ |
| १०९ | रौतहट | कटहरीया गाउंपालिका | १३९२ | ४२४११ | ४३८०३ | ११८१५ | २५३४० | ३७१५५ | ६६४८ | ४३८०३ | ७९५६६ |
| ११० | | गढिमाइ गाउंपालिका | ७६५ | ४६६४१ | ४७४०६ | १५२१० | २६९२८ | ४२१३८ | ५२६८ | ४७४०६ | ८८७७९ |
| १११ | | मौलापुर गाउंपालिका | ४३ | ३४०९१ | ३४१३४ | ७०९० | १८९६७ | २६०५७ | ८०७७ | ३४१३४ | ६०१४८ |
| ११२ | | राजपुर नगरपालिका | ११ | ४०४५३ | ४०४६४ | १०७३३ | २४०६९ | ३४८०२ | ५६६२ | ४०४६४ | ७५२५५ |
| ११३ | | गरुडा नगरपालिका | ३३२२ | १५२७७९ | १५६१०१ | १७९ | १४३५८१ | १४३७६० | १२३४१ | १५६१०१ | २९६५३९ |

| क्र.सं. | जिल्ला | प्रदेश | गत वर्षको जिम्मेवारी | यो वर्षको आय | जम्मा | श्रावण-फाल्गुण २७ सम्मको खर्च | फल्गुण २८अषाढ मसान्तको खर्च | जम्मा खर्च | मौज्दात | जम्मा | लेखापरीषण अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११४ | | बृन्दवन नगरपालिका | ३२०१ | ४१५५५ | ४४७५६ | ७७५५ | ३१८२१ | ३९५७६ | ५१८० | ४४७५६ | ८११३१ |
| ११५ | | गुजरा नगरपालिका | १०६८ | ७९४०९ | ८०४७७ | ५४९१ | ६७५६३ | ७३०५४ | ७४२३ | ८०४७७ | १५२४६३ |
| ११६ | | दुर्गाभगवति नगरपालिका | १२६३ | ४२३२७ | ४३५९० | १२००२ | २६६४४ | ३८६४६ | ४९४४ | ४३५९० | ८०९७३ |
| ११७ | | माधव नारायण नगरपालिका | ८५८ | ४४२६७ | ४५१२५ | ७९७९ | ३२२२५ | ४०२०४ | ४९२१ | ४५१२५ | ८४४७१ |
| ११८ | | चन्द्रपुर नगरपालिका | ६७२० | २५१५३५ | २५८२५५ | ० | २१७०७४ | २१७०७४ | ४११८१ | २५८२५५ | ४६८६०९ |
| ११९ | | गौर नगरपालिका | ९९ | २९२३८३ | २९२४८२ | ९३५६ | २३७५०७ | २४६८६३ | ४५६१९ | २९२४८२ | ५३९२४६ |
| १२० | | फतुवा विजयपर गाउंपालिका | २११ | ५२४७१ | ५२६८२ | १९६४० | १३४०२ | ३३०४२ | १९६४० | ५२६८२ | ८५५१३ |
| १२१ | | ईशनाथ गाउंपालिका | ६ | ३५६८४ | ३५६९० | ३६३६ | २१९८३ | २५६१९ | १००७१ | ३५६९० | ६१३०३ |
| | | **जम्मा:** | **५३७५८९** | **१३९८९२५९** | **१४५२६८४८** | **३६४२६५५** | **८९५४३८५** | **१२५९७०४०** | **१९२९८०८** | **१४५२६८४८** | **२६५८६२९९** |

# स्थानीय तह
## प्रदेश नं. २
## बेरुजू बर्गीकरण

(रु.हजारमा)

| क्र.सं. | जिल्ला | कार्यालयको नाम | असुल गर्नुपर्ने | अनियमित भएको | पेश्की वाकी | जम्मा वेरूजु |
|---|---|---|---|---|---|---|
| १. | सप्तरी | राज वराज नगरपा लका | २०७७ | १५७१५ | २५०१७ | ४२८०९ |
| २. | सप्तरी | कञ्चनरुप नगरपा लका | ३१६५ | १७९२४ | १९५ | २१२८४ |
| ३. | सप्तरी | डाक्नेश्वरी नगरपा लका | ६३५ | ५१०९ | २७३४ | ८४७८ |
| ४. | सप्तरी | बोदेबरसाईन नगरपा लका | ४०८ | ६०६९ | ३२४१ | ९७१८ |
| ५. | सप्तरी | खडक नगरपा लका | १०४ | २९९१ | ३९६९ | ७०६४ |
| ६. | सप्तरी | शम्भुनाथ नगरपा लका | १७७ | २९८३२ | २३२४ | ३२३३३ |
| ७. | सप्तरी | सुरुङ्गा नगरपा लका | १४९ | ८९७१ | ३६४६ | १२७६६ |
| ८. | सप्तरी | हनुमाननगर कङ्का लनी नगरपा लका | १३८ | ३१२६६ | २०२० | ३३४२४ |
| ९. | सप्तरी | अग्नीसाइर कृष्णासवरन गाउँपा लका | ४० | १४६९ | ९३२ | २४४१ |
| १०. | सप्तरी | छिन्नमस्ता गाउँपा लका | १४९ | ५११६ | १०१७ | ६२८२ |
| ११. | सप्तरी | महादेवा गाउँपा लका | ४३ | २०१३ | १७८७ | ३८४३ |
| १२. | सप्तरी | सप्तकोशी गाउँपा लका | १६ | ६९३१ | ० | ६९४७ |
| १३. | सप्तरी | तिरहुत गाउँपा लका | २१७ | ७०७ | १९७ | ११२१ |
| १४. | सप्तरी | तिलाठी कोईलाडी गाउँपा लका | २६६ | १००४ | ४६७४ | ५९४४ |
| १५. | सप्तरी | रुपनी गाउँपा लका | ९१ | १२३५ | १९४५ | ३२७१ |
| १६. | सप्तरी | बेल्ही चपेना गाउँपा लका | ३१ | २५९७ | २४०० | ५०२८ |
| १७. | सप्तरी | बिष्णुपुर गाउँपा लका | १५ | २८०८ | ० | २८२३ |
| १८. | सिराहा | लहान नगरपा लका | ७९५ | ६६६९३ | १००६६ | ७७५५४ |
| १९. | सिराहा | धनगढीमाई नगरपा लका | १०४५ | १५६४९ | १६१० | १८३०४ |
| २०. | सिराहा | सरहा नगरपा लका | ३७६६ | ५९०६७ | ६३३२६ | १२६१५९ |
| २१. | सिराहा | गोलबजार नगरपा लका | ६६०० | ९८५८ | २२८८६ | ३९३४४ |
| २२. | सिराहा | रामनगर। मर्चैयाँ नगरपा लका | १३४ | ५८४५७ | २४१५४ | ८२७४५ |
| २३. | सिराहा | कल्याणपुर नगरपा लका | ९९ | १९५४५ | ० | १९६४४ |
| २४. | सिराहा | भगवानपुर गाउँपा लका | १५ | ४४४७ | ३६८६ | ८१४८ |
| २५. | सिराहा | औरही गाउँपा लका | ५०३ | ८५३६ | ५५८९ | १४६२८ |
| २६. | सिराहा | वष्णुपुर गाउँपा लका | ४६६ | ९९७४ | १६६७० | २७११० |
| २७. | सिराहा | सुखीपुर नगरपा लका | २०३ | १३४५७ | ० | १३६६० |
| २८. | सिराहा | कर्जन्हा नगरपा लका | २४ | ५१७५ | १४२७ | ६६२६ |
| २९. | सिराहा | बरियारप ी गाउँपा लका | २३७ | ११८८३ | २२१०९ | ३४२२९ |
| ३०. | सिराहा | लक्ष्मीपुर पतारी गाउँपा लका | ४७२ | २७३ | ६०८६ | ६८३१ |
| ३१. | सिराहा | नरहा गाउँपा लका | ४२ | ९५३५ | १०४०४ | १९९८१ |
| ३२. | सिराहा | सखुवानान्कारक ी गाउँपा लका | ४५ | १५९५ | ७७१ | २४११ |
| ३३. | सिराहा | अर्नमा गाउँपा लका | २२३ | २१३४२ | ३३१५२ | ५४७१७ |
| ३४. | सिराहा | नवराजपुर गाउँपा लका | ० | १२८३३ | २७००५ | ३९८३८ |
| ३५. | धनुषा | जनकपुर उपमहानगरपा लका | ३५५१४ | १३१३३५ | २६८७७ | १९३७२६ |
| ३६. | धनुषा | क्षरेश्वरनाथ नगरपा लका | ३७ | ३९१४ | ४६०५ | ८५५६ |
| ३७. | धनुषा | गणेशमान चारनाथ नगरपा लका | ६०२ | ९०९३ | १६४७४ | २६१६९ |
| ३८. | धनुषा | धनुषाधाम नगरपा लका | ३१० | ३४१८ | ६९५ | ४४२३ |
| ३९. | धनुषा | नगराइन नगरपा लका | ५१८ | १०१७ | २८१३४ | २९६६९ |
| ४०. | धनुषा | वदेह नगरपा लका | १३०३ | ९९०५ | २८६७२ | ३९८८० |
| ४१. | धनुषा | म थला नगरपा लका | २५७ | १२४०१ | १०९४ | १३७५२ |
| ४२. | धनुषा | शहीदनगर नगरपा लका | ४८ | ४४८० | २८८१२ | ३३३४० |
| ४३. | धनुषा | सबैला नगरपा लका | ३२०० | ६३७७ | ६२०३१ | ७१६०८ |
| ४४. | धनुषा | कमला नगरपा लका | ५०३ | १४०४२ | ४२२८८ | ५६८३३ |
| ४५. | धनुषा | जनकनन्दिनी गाउँपा लका | १६ | ३०७ | १६३८९ | १६७१२ |
| ४६. | धनुषा | बटेश्वर गाउँपा लका | ६३ | १३२० | ४२५ | १८०८ |
| ४७. | धनुषा | म थला बिहारी गाउँपा लका | २८५ | ४९७ | ३८८ | ११७० |
| ४८. | धनुषा | मु खयाप ी मुसहरनिया गाउँपा लका | ६६८ | ४५७० | ९५२१ | १४७५९ |

| क्र.सं. | जिल्ला | कार्यालयको नाम | असुल गर्नुपर्ने | अनियमित भएको | पेश्की वाकी | जम्मा वेरूजु |
|---|---|---|---|---|---|---|
| ४९. | धनुषा | लक्ष्मीनिया गाउँपा लका | ७१ | ११४७ | १३४८६ | १४७०४ |
| ५०. | धनुषा | हंसपुर नगरपा लका | १८२ | २४७८ | ३०५२४ | ३३१८४ |
| ५१. | धनुषा | औरही गाउंपा लका | १४९ | ३००४ | २३८५० | २७००३ |
| ५२. | महोत्तरी | जलेश्वर नगरपा लका | १११३ | ३०७४३ | २७२५४ | ५९११० |
| ५३. | महोत्तरी | बर्दिबास नगरपा लका | १७४ | २२०२ | २७१ | २६४७ |
| ५४. | महोत्तरी | एकडारा गाउँपा लका | २० | २०५३ | ५२११ | ७२८४ |
| ५५. | महोत्तरी | सोनमा गाउँपा लका | २२ | १५४१० | ४२० | १५८५२ |
| ५६. | महोत्तरी | रामगोपालपुर गाउँपा लका | ४ | २९९४ | ५२१८ | ८२१६ |
| ५७. | महोत्तरी | मटिहानी गाउँपा लका | ८७ | २९७९ | १७९५३ | २१०१९ |
| ५८. | महोत्तरी | भँगाहा गाउँपा लका | ५० | ५६१ | ३४७१ | ४०८२ |
| ५९. | महोत्तरी | बलवा नगरपा लका | ६९ | ३३८७ | ८४३५२ | ८७८०८ |
| ६०. | महोत्तरी | औरही गाउँपा लका | ७३ | २१० | १९८२२ | २०१०५ |
| ६१. | सर्लाही | ईश्वरपुर नगरपा लका | २३ | २७८ | ४३१ | ७३२ |
| ६२. | सर्लाही | मलंगवा नगरपा लका | ३१२९ | १८९७५ | ६५ | २२१६९ |
| ६३. | सर्लाही | लालबन्दी नगरपा लका | १४०५ | ८१७३ | ० | ९५७८ |
| ६४. | सर्लाही | हरिपुर नगरपा लका | २१० | १८३० | ६५० | २६९० |
| ६५. | सर्लाही | हरिपुर्वा नगरपा लका | ८९२ | ९४८२ | १८९० | १२२६४ |
| ६६. | सर्लाही | हरिवन नगरपा लका | २१३४ | ८७७ | १०२१ | ४०३२ |
| ६७. | सर्लाही | बरहथवा नगरपा लका | २४२९ | ७५१६ | २७७५६ | ३७७०१ |
| ६८. | सर्लाही | बलरा नगरपा लका | ८८९ | १५०५० | २५३३ | १८४७२ |
| ६९. | सर्लाही | गोडैटा नगरपा लका | २२ | १६८ | ३२२६ | ३४१६ |
| ७०. | सर्लाही | बागमती नगरपा लका | २०० | २७३५ | १८८४३ | २१७७८ |
| ७१. | सर्लाही | क वलासी गाउँपा लका | २ | ६१ | ७०७३ | ७१३६ |
| ७२. | सर्लाही | चक्रघ ा गाउँपा लका | १८४ | ५२२७ | ३२८० | ८६९१ |
| ७३. | सर्लाही | चन्द्रनगर गाउँपा लका | ४२२ | ३१४० | ० | ३५६२ |
| ७४. | सर्लाही | धनकौल गाउँपा लका | १६९ | ४७१८ | ४७३ | ५३६० |
| ७५. | सर्लाही | ब्रह्मपुरी गाउँपा लका | ३५६ | १२२५१ | १९१० | १४५१७ |
| ७६. | सर्लाही | रामनगर गाउँपा लका | ५१ | ३०८ | ३३२४ | ३६८३ |
| ७७. | ,सर्लाही | वष्णु गाउँपा लका | १५८ | १०९८ | १९०५४ | २०३१० |
| ७८. | रौतहट | गौर नगरपालिका | ९६५ | १७०१५ | ४२४ | १८४०४ |
| ७९. | रौतहट | गरुडा नगरपालिका | १३४८ | ५८३६ | १८५५८ | २५७४२ |
| ८०. | रौतहट | चन्द्रपुर नगरपालिका | ११०७ | २८४९४ | ० | २९६०१ |
| ८१. | रौतहट | माधव नारायण नगरपालिका | १०५ | ३१४० | १०५० | ४२९५ |
| ८२. | रौतहट | कटहरीया गाउंपालिका | ९३० | ५४४६ | १७२७ | ८१०३ |
| ८३. | रौतहट | ईशनाथ गाउंपालिका | ३४१ | ७६०५ | १७६५८ | २५६०४ |
| ८४. | रौतहट | गुजरा नगरपालिका | ३०९ | ४९४०९ | ० | ४९७१८ |
| ८५. | रौतहट | गढिमाइ गाउंपालिका | ५०६ | ८८४३ | ३५१८० | ४४५२९ |
| ८६. | रौतहट | दुर्गाभगवति नगरपालिका | ७४७ | ४५४३ | २७०० | ७९९० |
| ८७. | रौतहट | देवाही गोनाही गाउंपालिका | ९० | २४७७ | १४० | २७०७ |
| ८८. | रौतहट | परोहा गाउंपालिका | १४९ | ३५५४ | ६९० | ४३९३ |
| ८९. | रौतहट | फतुवा विजयपर गाउंपालिका | २८४ | २२७४ | १४३१६ | १६८७४ |
| ९०. | रौतहट | बृन्दवन नगरपालिका | ५९८ | २०३ | ६९५ | १४९६ |
| ९१. | रौतहट | वौधीमाई गाउपालिका | ६६६ | ३४३४ | १९४६४ | २३५६४ |
| ९२. | रौतहट | मौलापुर गाउंपालिका | २५१ | ४०२८ | ६४०१ | १०६८० |
| ९३. | रौतहट | राजपुर नगरपालिका | २१ | ३२०० | १५० | ३३७१ |
| ९४. | बारा | कलैया उपमहानगरपा लका | १४७५६ | ५४००२ | २४६३ | ७१२२१ |
| ९५. | बारा | जीतपुर समरा उपमहानगरपा लका | २८७२ | ६१६४१ | १२८४० | ७७३५३ |
| ९६. | बारा | कोल्हवी नगरपा लका | १९२९ | ४६४४० | ० | ४८३६९ |
| ९७. | बारा | निजगढ नगरपा लका | ९१ | ३८३७ | ३०५८ | ६९८६ |
| ९८. | बारा | महागढीमाई नगरपा लका | ६३९ | २८४५१ | ४५८ | २९५४८ |
| ९९. | बारा | सम्रौनगढ नगरपा लका | ७७० | ३३७६८ | ३५५९९ | ७०१३७ |
| १००. | बारा | आदर्श कोटवाल गाउँपा लका | ८९ | १९८२ | २३७७ | ४४४८ |
| १०१. | बारा | करैयामाई गाउँपा लका | २७२ | १९०७ | ३१३ | २४९२ |
| १०२. | बारा | देवताल गाउँपा लका | ६८३ | २८७५ | ० | ३५५८ |

| क्र.सं. | जिल्ला | कार्यालयको नाम | असुल गर्नुपर्ने | अनियमित भएको | पेश्की वाकी | जम्मा वेरूजु |
|---|---|---|---|---|---|---|
| १०३. | बारा | पचरौता नगरपा लका | १२१६ | ८३०८ | ७३०० | १६८२४ |
| १०४. | बारा | परवानीपुर गाउँपा लका | २६४ | २६४१ | ७६९ | ३६७४ |
| १०५. | बारा | प्रसौनी गाउँपा लका | १६५ | १०८७ | २८३२ | ४०८४ |
| १०६. | बारा | फेटा गाउँपा लका | १३३७ | १७४२ | ७२१ | ३८०० |
| १०७. | बारा | बारागढीगाउँपा लका | ८४४ | ४८३२ | ४२०५ | ९८८१ |
| १०८. | बारा | सुवर्ण गाउँपा लका | १८९ | १०७८ | ३५१६२ | ३६४२९ |
| १०९. | पर्सा | बिरगंज महानगरपा लका | ४०४०२ | ३३८०३८ | १३३७७२ | ५१२२१२ |
| ११०. | पर्सा | पोखरिया नगरपा लका | ५५८ | ३४८७ | २५०५९ | २९१०४ |
| १११. | पर्सा | ठोरी गाउँपा लका | ० | ० | ४५०७४ | ४५०७४ |
| ११२. | पर्सा | जगरनाथपुर गाउँपा लका | ७६० | ० | ३५०६५ | ३५८२५ |
| ११३. | पर्सा | धोबीनी गाउँपा लका | ६ | ६२८७ | ३४४८२ | ४०७७५ |
| ११४. | पर्सा | छिपहरमाई गाउँपा लका | ० | ८१७७ | ४३२१४ | ५१३९१ |
| ११५. | पर्सा | पकाहा मैनपुर गाउँपा लका | ० | ८४७८ | ३६१०३ | ४४५८१ |
| ११६. | पर्सा | बिन्दबा सनी गाउँपा लका | ० | ८५३६ | ३८४४९ | ४६९८५ |
| ११७. | पर्सा | बहुदरमाई गाउँपा लका | १ | ३७ | ५५२१२ | ५५२५० |
| ११८. | पर्सा | बेलवा गाउँपा लका | १३ | ६३५ | ४६०७८ | ४६७२६ |
| ११९. | पर्सा | पर्सागढी नगरपा लका | ० | ० | ५०८८४ | ५०८८४ |
| १२०. | पर्सा | सखुवा प्रसौनी गाउँपा लका | १ | १९४९ | ४४२०७ | ४६१५७ |
| १२१. | पर्सा | पटेर्वा सुगौली गाउँपा लका | ० | १२६ | ५०८३७ | ५०९६३ |
| | | **जम्मा:** | **१५६६७७** | **१६११६४९** | **१७६०४९१** | **३५२८८१७** |